

दृष्टिकोण

दृष्टिकोण

दृष्टिकोण

केपी शर्मा ओली

सम्पादनः
शार्दूल भट्टराई

आभारः
यस प्रकाशनमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न सबै

कभर/स्केचः
महेन्द्र श्रेष्ठ

ले-आउटः
किरण माली

मूल्यः
रू. ५५०/-

प्रकाशन मितिः
असार २०७६

मुद्रण व्यवस्थापनः
एमएस माउस, पुतलीसडक

प्रकाशकः
मदन भण्डारी फाउण्डेशन
काठमाडौँ, नेपाल

एउटा कालखण्डको अभिलेख

"अहिले म एउटा यस्तो बिन्दुमा छु र सोचिरहेको छु - म सफल हुनुपर्छ कि असफल ? म सफल हुँदा के हुन्छ र असफल हुँदा के हुन्छ ?.... मैले बुझेको छु- म असफल हुँदा म मात्रै असफल हुन्न, देशलाई नै ठूलो प्रतिकूल असर पर्छ । देशको अर्थतन्त्रलाई प्रतिकूल असर पर्छ । म असफल हुँदा देश विकास तथा समृद्धिको आकांक्षा असफल हुन्छ । त्यसकारण म अथवा मेरो नेतृत्वको सरकार असफल हुनुहुँदैन, तपाईँ हामी, हाम्रो देशका जनता र जनताका आकांक्षाहरू असफल हुनुहुँदैन ।"

- प्रधानमन्त्री केपी शर्मा ओली

सामान्यतया व्यक्ति आमराजनीतिक परिस्थितिको जगमा उभिएर केही कालका लागि मुलुकको नेतृत्वमा पुगेको हुन्छ । त्यस्तो परिस्थितिमा जन्मिएको र जिम्मेवारीमा रहेको नेतृत्व तदर्थतामा सीमित हुन्छ । त्यसले एउटा कालखण्डको काम चलाउँछ र अवकाश लिन्छ । उसका लागि जिम्मेवारी वहन गर्ने कुरा एउटा समयको अभिभारा मात्रै हुन्छ, जसमा जोखिम मोल्ने झन्झट रहँदैन । उसको कार्यकाल कुनै बहस, विवाद र चर्चा-परिचर्चाको विषय पनि बन्दैन । तर, त्यस्तो अवस्थामा मुलुक भने जहाँकोतहीँ रहन्छ, यथास्थितिबाट अगाडि बढ्दैन । मुलुकलाई कामचलाउ र तदर्थ अवस्थाबाट योजनाबद्ध विकासमा लैजाने प्रयास जसले गर्छ, उसैको बढी चर्चा हुन्छ । प्रशंसा, टिप्पणी, आलोचना, समर्थन र विरोध पनि उसैको हुनेगर्छ, जस्तो- अहिलेको सरकार र त्यसको नेतृत्व गरिरहनु भएका प्रधानमन्त्री केपी शर्मा ओलीलाई लिएर भइरहेको छ । आर्थिक

वर्षका हिसाबले सरकारको एकवर्ष समृद्धिको आधारवर्ष हो । यो वर्ष तदर्थ अवस्थामा रमाउन बानी परेकाहरूबाट सरकारमाथि सबैभन्दा बढी प्रहार भएको वर्ष हो ।

लामो समयदेखि मुलुक, राजनीतिक प्रणाली र नेतृत्व निरन्तर परिवर्तन भइरहने तर नेपाल र नेपाली जहाँकोतहीँ रहिरहने भुमरीमा फसेको थियो । २०७४ सालको आमनिर्वाचनमा प्रधानमन्त्री केपी शर्मा ओलीले नेतृत्व गर्नुभएको तत्कालीन प्रगतिशील लोकतान्त्रिक गठबन्धन भारी मतका साथ विजयी भएपछि राजनीतिमा रहेको त्यो तदर्थ अवस्थाको चक्र तोडियो । अघिल्लो कार्यकालमा मूर्च्छित सपनालाई जगाउने प्रयत्न गर्दा प्रधानमन्त्री ओलीले जसरी विविध प्रकृतिको अवरोध र लाञ्छनाको सामना गर्नुपरेको थियो, त्यसैगरी यस कार्यकालमा पनि नियमित दिनचर्याबाट माथि उठेर दूरगामी सकारात्मक परिणामका लागि शुरु भएका उहाँका प्रयासमाथि जिम्मेवारी सम्हालेको सय दिन पुग्दानपुग्दै केही खास पक्षबाट विरोध, आक्रमण र अवरोधको श्रृङ्खला शुरु गरियो ।

यस प्रकाशनले, उहाँको नेतृत्वमा अघि बढिरहेको विकास र समृद्धिको यात्रा, त्यसका विरुद्ध हुने गरेका अवरोध र उहाँले सामना गरिरहेको विरोध, जोखिम र झन्झटको झल्को दिन्छ । यस अर्थमा, यो पुस्तक समृद्धिको आधारवर्षको वैचारिक चित्र पनि हो ।

हाम्रो सन्दर्भमा राज्य र नागरिकबीच अप्रत्यक्ष संवाद कायम गर्ने व्यावसायिक संस्थाहरू परिपक्व भइसकेका देखिँदैनन् । जनताको आकांक्षा एकातिर छ, जनताको आवाज वहन गरी प्रसारण गर्नुपर्ने माध्यमहरूको अभियान भने त्यो भन्दा भिन्न छ । कतिपय अवस्थामा त प्रधानमन्त्रीका अभिव्यक्तिहरूलाई उल्टो अर्थमा ढालेर प्रचार गर्ने र अफवाहबाट अनुचित लाभ लिने प्रवृत्तिलाई समेत बल पुऱ्याएको पाइन्छ ।

यो पुस्तक विभिन्न कार्यक्रममार्फत प्रधानमन्त्रीले जनतासँग गर्नुभएका संवादहरुको संग्रह हो । यो प्रकाशन, नागरिक र सरकारबीच अप्रत्यक्ष संवादको दायित्व बोकेका अंगहरू बेग्लै मिसनमा रहँदा पनि प्रधानमन्त्रीले

नागरिकसँग जारी राख्नुभएको प्रत्यक्ष संवाद मार्फत देशलाई सहि बाटोमा डोहोऱ्याउने दृढ अभियानको दृष्टान्त हो ।

यस प्रकाशनमा संगृहीत विचारमा तीन महत्वपूर्ण पक्षहरू छन् । पहिलो- देशलाई पछौटेपनबाट विकासतिर लैजाने प्रधानमन्त्रीको विचार र संकल्प । दोश्रो- उहाँका शब्दमुद्रामार्फत प्रस्तुत दर्शक/श्रोताको मनस्थिति । तेश्रो- समाज, राजनीति र अर्थतन्त्रको समसामयिक चित्र । यसमा संगृहीत सामग्रीका दुई भिन्न आयामहरू पनि छन् । पहिलो- पछौटे, अविकसित र गरीबीले पिल्सिएको अवस्थामा रहेको देशलाई अग्रगामी, विकसित र समृद्ध बनाउने मार्गचित्र । दोश्रो- समृद्ध नेपाल, सुखी नेपालीको आधारभूत लक्ष्य प्राप्तिपछिको पुस्ताले समृद्धिको आधारभूमि अध्ययन गर्ने महत्वपूर्ण ऐतिहासिक दस्तावेज ।

यसरी अध्ययनको हिसाबले यस प्रकाशनका, दुई काल छन् र पाठकीय हिसाबले अनेकौं पुस्ता छन् ।

यस सँगालोमा विभिन्न कार्यक्रममा प्रस्तुत दृष्टिकोणहरू समावेश गरिएका छन् । तसर्थ, यसमा बहुविषय, बहुआयाम र बहुपरिस्थिति स्पष्ट अनुभूत गर्न सकिन्छ । भाषणहरूको सम्पादित संग्रह भए पनि राजनीतिक-वैचारिक दृष्टिकोणयुक्त प्रखर अभिव्यक्ति, राष्ट्रहित एवं विकासप्रतिको प्रतिबद्धता र परिवर्तन अनि नवनिर्माणका सोचहरूका कारण यो संग्रह एउटा कालखण्डको अभिलेख बन्नपुगेको छ ।

विकासको आकांक्षा आजको मूल सामाजिक प्रवृत्ति हो । पदबहाल गरेको नवौँ दिनमा उद्योग वाणिज्य महासंघका प्रतिनिधिहरूसँगको कुराकानीमा "म असफल हुँदा देश विकास तथा समृद्धिको आकांक्षा असफल हुन्छ । त्यसकारण मेरो नेतृत्वको सरकार असफल हुनुहुँदैन" भन्ने प्रधानमन्त्री केपी शर्मा ओलीको विचार नेपाललाई विकासमा अगाडि बढ्न दिनुहुन्न भन्ने प्रवृत्तिले फैलाएका झूटा प्रचारहरूलाई चिर्न सहयोगी सामग्री हुनेछ ।

तसर्थ, यस पुस्तकमा संगृहीत विचारहरू एउटा चुनावदेखि अर्को चुनावसम्मको राजनीतिक आयुमा सीमित भएका र क्षणिक रूपमा उठ्ने

र हराउने विषय हैनन् । नेपाललाई राजनीतिक एवं वैचारिक रूपमा दीर्घकालसम्म नेतृत्व दिने र विकासप्रति प्रतिबद्ध गराउने मार्गदर्शक धारणाहरूसमेत पुस्तकमा समेटिएका छन् ।

हाम्रो देश आज नयाँ संकल्पका साथ जुन ठाउँमा आइपुगेको छ, समस्या, संकट र अवरोधहरू पार गरेरै आएको हो । देशलाई समृद्ध बनाउने प्रधानमन्त्रीको अठोटकासामु पनि अनेकौं चुनौतीहरू छन्, कति कृत्रिम व्यवधानहरू खडा गरिएका छन् । भविष्यमा पनि त्यस्ता व्यवधानहरू खडा गरिने छन् । त्यस्ता व्यवधानहरूलाई परास्त गरेर संकल्पलाई निरन्तरता दिनु अहिलेको आवश्यकता हो । यस पुस्तकका विचारहरूले त्यस कुरामा पनि जोड दिएका छन् ।

'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाँक्षाका सन्दर्भमा यस पुस्तकले राजनीतिक एवं वैचारिक रूपमा दिशानिर्देश गर्ने काम गरेको छ । यति महत्वपूर्ण पुस्तक प्रकाशन गर्ने अवसर पाएकोमा मदन भण्डारी फाउण्डेशन गर्व गर्दछ ।

यस प्रकाशनको तयारीमा डा. कुन्दन अर्याल, वासुदेव अधिकारी, चेतन अधिकारी, रामशरण बजगाईं, किरण माली, महेन्द्र श्रेष्ठलगायत विभिन्न व्यक्तित्वहरूको उल्लेखनीय भूमिका रहेको छ । यसको सम्पादन गर्नुहुने शार्दूल भट्टराईप्रति फाउण्डेशन आभारी छ ।

मदन भण्डारी फाउण्डेशन
काठमाडौँ, नेपाल

असार १४, २०७६

विषयक्रम

अर्थ/विकास

- म प्रधानमन्त्री हुनुको उद्देश्य ३
- हाम्रो राष्ट्रिय संकल्प ९
- सुखी नेपाली-समृद्ध नेपाल ९
- औद्योगीकरणको आवश्यकता १५
- एक पाइला विकासतिर - हरेक पाइला समृद्धितिर २०
- अहिलेको आवश्यकता - आर्थिक समृद्धि २९
- अब तराईमा रेल कुद्छ ३५
- सहकारीको योगदान महत्वपूर्ण ४४
- हाम्रो ध्यान आन्तरिक पूँजीको अधिकतम परिचालनमा ५२
- हामी 'टर्निङ प्वाइन्ट'मा छौँ ६२
- सुशासनका लागि काम गरौँ ६७
- त्यसकारण हामीले गलत बाटो लिएनौँ ७३
- नचिन्दा झारपात, चिनेपछि औषधि ७९
- देशको सर्वोपरि हितका लागि सञ्चारमाध्यम ८५
- विकासको नयाँ मोडेल आवश्यक ९०
- परिवर्तनका लागि प्रतिबद्धता ९६
- मैले पौडी खेल्ने गरेका बिरिङ, कन्काई र देउमाई १०६
- सामाजिक सुरक्षाको अभियान ११०
- अब पुरस्कारमात्र होइन दण्ड पनि ११४
- हाम्रो आवश्यकता - आधारभूत कुरामा आत्मनिर्भरता १३३
- आधारभूत परिवर्तनको आवश्यकता १३८
- प्राण जानुअघि नै प्राणको रक्षा १५४

विचार/राजनीति

- देश बनाउने अभिभारा १५९
- मदानी घुम्छ, नेती वरपर सर्छ १६५
- सहमति र एकताको समय १७१

- मिलेर देश बनाऔं १७७
- समृद्ध नेपाल-सुखी नेपालीको नारा किन ? १८४
- जनप्रतिनिधि परिवर्तनका परिकल्पनाकार १८९
- हामी समाजवादउन्मुख छौं १९५
- देश बनाउने श्रमजीवी जनता २००
- जसले गुलाफ देखेको छैन, उसलाई गुलाफ मन पर्दैन २०७
- हामी कर्मीमौरीका हूल २१८
- पुष्पलालाले सोच्नुभयो, मदनले व्यावहारिक रूप दिनुभयो २२७
- अधिकारको प्रयोग, कर्तव्यको पालना २३१
- यो ऐतिहासिक मोड हो २३८
- नयाँ इतिहासको रचना २५४
- बोल्न पाइने तर खान नपाइने तन्त्र लोकतन्त्र होइन २६१
- जनताको आकांक्षा - राष्ट्रिय आकांक्षा २८४

व्यक्ति/व्यक्तित्व/इतिहास

- पदभन्दा ठूलो योगदान २९३
- राष्ट्र एकीकरणका उत्प्रेरक २९६
- राष्ट्रिय विभूति - पासाङ ल्हामु ३०१
- पुष्पलाल, मदन र मनमोहनलाई फ्याँकेर कम्युनिष्ट आन्दोलन बाँच्दैन ३०९
- राजनीतिक उतार-चढावको दस्तावेज ३१६
- सर्वाधिक प्रभावशाली दार्शनिक ३२३

शिक्षा/विज्ञान-प्रविधि/खेलकुद

- चौतर्फी विकासका लागि शिक्षा ३४१
- अब नेपाल अगाडि बढ्छ ३४५
- अब कोही निरक्षर रहनुहुन्न ३४९
- प्रमुख कुरा शान्ति ३५५
- ज्ञानी, ध्यानी र दानीहरूको भूमि ३६१
- विज्ञान प्रविधिको विकास - देशको विकास ३६५
- अनुसन्धानको केन्द्र - विश्वविद्यालय ३७१

राष्ट्र/राष्ट्रियता

- सबैभन्दा महत्वपूर्ण कुरा- देशभक्ति ३८१
- मैले हेपिएको महसूस गरेको छु ३८५
- हामीले सोभ्को भएर अधिकार र सुविधा बिर्सियौँ ३९३
- हामी कसैसँग हेपिन चाहँदैनौँ ३९८

परराष्ट्र/कूटनीति

- पारस्परिक लाभ र सम्मानका आधारमा छिमेक सम्बन्ध ४१३

स्वास्थ्य/वातावरण

- गुणस्तरमा कुनै सम्झौता हुँदैन ४२९
- स्वास्थ्यमा राजनीति गर्न र मुनाफा खोज्न पाइँदैन ४३७
- हरियाली बढाऔँ - वातावरण सपारौँ ४४३

कला/संस्कृति

- कला र ज्ञानको भूमि ४४९
- निरन्तर बगिरहेको नदीजस्तो ४५३



अर्थ / विकास

म प्रधानमन्त्री हुनुको उद्देश्य

मेरो जीवनका ६६ वर्ष पूरा गरेर ६७ वर्षमा लागेँ । म निकै कष्टकर पृष्ठभूमिबाट आएको हुँ । कहिले जेलमा, कहिले जनताको माझमा । यहाँहरूलाई थाहै छ - म किड्नी फेरेको मान्छे हुँ ।११ वर्षअगाडि किड्नी फेरेको थिएँ । कुनै रहरले त्यस्तो गर्नुपरेको होइन । मलाई धनसम्पति कमाउनु छैन । कुनै लोभलालचमा परेर अनैतिक कर्महरू गर्नका लागि म राजनीतिमा लागेको पनि होइन । मेरो अठोट छ - म आफू पनि गलत काम गर्दिनँ र अरूलाई पनि गर्न दिन्नँ ।

म यसअघि पनि एकपटक प्रधानमन्त्री भइसकेको हुँ । जतिपटक भएपनि पूर्वप्रधानमन्त्री नै हुने हो । मलाई धेरै पटकको पूर्वप्रधानमन्त्री हुने चाहना पनि होइन । मेरो चाहना त देश र जनताका लागि केही गराँ भन्ने नै हो । 'समृद्ध नेपाल - सुखी नेपाली' को सपनालाई साकार पाराँ भन्ने नै हो ।

अहिले देशप्रति गम्भीर, इमानदार र प्रतिबद्ध बनेर केही गर्नैपर्ने अवस्था बनेको छ । त्यस अवस्थामा म फेरि प्रधानमन्त्री भएको छु । म किन प्रधानमन्त्री भएको छु र मेरो प्रधानमन्त्री हुनुको उद्देश्य के हो भन्ने बारेमा पनि कतिपयमा जिज्ञासा हुनसक्छ ।

मैले शुरुमै पनि भनेँ - मेरो एकमात्र उद्देश्य हरतरहले 'समृद्ध नेपाल -सुखी नेपाली' का लागि काम गर्नु हो । देशको विकास गर्ने, नेपाली जनतालाई सुखी बनाउने र समृद्ध नेपालको निर्माण गर्नेबाहेक मेरो कुनै उद्देश्य छैन । त्यही उद्देश्य प्राप्तिका लागि मैले यो जिम्मेवारी बहन गरेको हुँ । कति मानिस अनेक उतारचढाव र रस्साकस्सी गरेर यस पदमा आइपुग्छन् । अघिल्लो पटक मैले प्रधानमन्त्रीबाट राजीनामा दिएपछि भनेको थिएँ - म झ्यालबाट, भेन्टिलेशनबाट, जस्केलाबाट लुसुक्क छिरेर सरकारमा आउने होइन, राजमार्गबाट आउने छु । नभन्दै नेपाली जनताले मेरो त्यस अभिव्यक्तिप्रति विश्वास देखाए । मेरो काँधमा जनताले दिएको त्यही जिम्मेवारी छ । जनताले दिएको त्यो विश्वासलाई तलमाथि हुन नदिने र त्यस विश्वासलाई सार्थक बनाउने जिम्मेवारी मेरो काँधमा छ । त्यो जिम्मेवारी पूरा गर्नु मेरो कर्तव्य हो ।

विकासलाई नियालेरै मैले धेरै देश घुमेको त छैन तर विकासका नमूना हेर्नका लागि केही देश घुमेको छु । विकास कसरी हुन्छ, विकासका पूर्वाधार के हुन्, शिक्षाको महत्व के छ, आधुनिकीकरणको महत्व के छ, विद्युतीकरण कसरी गर्न सकिन्छ, जनतामा सीपमूलक क्षमताको विकास कसरी गर्न सकिन्छ र देशको मानवीय संसाधनलाई सक्षम बनाउन के गर्नुपर्छ भन्ने कुरा मैले देखेको छु र बुझेको पनि छु । हामी ती सबै पक्षलाई ध्यानमा राखी काम गर्छौं । यो मेरो प्रतिबद्धता हो ।

मैले जहाँ जाँदा पनि नेपालीहरूमा असाधरण देशप्रेम पाएको छु । हामी नेपाली हौँ भन्ने कुरालाई कहिल्यै नबिर्सिने, हाम्रो देश नेपाल हो भन्ने कुरालाई पनि कहिल्यै नबिर्सने र नेपाल अनि नेपालीका लागि केही न केही गर्नुपर्छ भन्ने कुरालाई पनि कहिल्यै नबिर्सने बानी नेपालीमा छ । आफ्ना सांस्कृतिक पक्षहरू, भाषिक पक्षहरूदेखि अनेक पक्षहरूप्रति असाधारण स्नेह र माया-ममता नेपालीहरूमा पाइन्छ । गैरआवासीय नेपालीहरूले विश्वसमुदायका बीच तरङ्ग ल्याउनु भएको छ । कतिलाई राम्रैसित तरङ्गित पनि गर्नुभएको छ । तर त्यो तरङ्ग पर्याप्त छैन । नेपालीहरूले अझै धेरै काम गर्नुपर्छ । आफ्नो देशलाई के गर्न सकिन्छ त्यो अधिकतम मात्रामा गर्नुपर्छ ।

मैले आजकल सदुपयोग-सिद्धान्तको कुरा गर्दै आएको छु । त्यो सिद्धान्त हो - हामीसँग भएको सबै साधनश्रोत, ऊर्जा र क्षमताको सदुपयोग । यो बेला हामीले हाम्रो मिहिनेत, परिश्रम, वुद्धि सबै लगाउने बेला हो ।

बेलाबेलामा मैले 'थ्योरी अफ पोटेन्सियालिज्म' वा 'पोटेन्सियल थ्योरी'को चर्चा त्यसै गर्ने गरेको होइन । ठोस आधारमै उभिएर त्यसको चर्चा गर्ने गरेको छु । धर्तीमा असाधारण शक्ति छ । जमीनमा, जलमा, हावामा जेसुकैमा असाधरण शक्ति (पोटेन्सियल) छ । त्यसलाई हामीले चिन्नुपर्‍यो । साधारण कुरा, पानी लाग्ने समथर खेतीयोग्य जमीनमा जे पनि उत्पादन हुन्छ भन्न सकिँदैन । त्यहाँ के उत्पादन हुन्छ, त्यहाँको हावापानीसँग 'म्याचिङ' हुने बाली हुनुपर्‍यो । त्यहाँको 'पोटेन्सियल' के हो ? के हुनसक्छ ? एउटा खोलो छ भने त्यसबाट केके सदुपयोग हुनसक्छ ? बिजुली, पानी, जल यातायात, खानेपानी, सिँचाइ, मत्स्य पालनलगायत केके हुन सक्छन् ? खोलाको 'पोटेन्सियल' धेरै हुनसक्छ ।

त्यसैगरी धर्तीमा असाधारण 'पोटेन्सियल' छ, जसलाई हामीले सदुपयोग गर्न सक्नुपर्छ । मानव श्रोततर्फ हेर्दा त्यसको क्षमता चिन्न सक्नुपर्‍यो । कुन ठाउँमा के विशेषता छ चिन्नु र जान्नुपर्‍यो । प्रकृतिभित्र रहेको 'क्षमतालाई चिन्ने क्षमता' मानिसमा हुनुपर्‍यो । प्रकृतिभित्रको क्षमतालाई चिनेर त्यसलाई एक्सप्लोर गर्ने, बढाउने, अभिवृद्धि गर्ने क्षमता पनि मानिसमा हुनुपर्‍यो । त्यसलाई प्रयोग गर्ने क्षमता पनि हामीमा

हुनुपर्‍यो । विकास भनेकै धर्तीभित्र रहेको 'पोटेन्सियल' र मानवभित्र रहेको 'पोटेन्सियल' को विकसित संयोजन वा विकसित रूप हो । त्यसका लागि बच्चादेखि नै काउन्सिलिङ गर्नुपर्‍यो । विद्या पनि मान्छेको रुचिसँग मेल खानुपर्‍यो । मैले सधैँ बोल्दा भन्ने गर्छु - मलाई कसैले संगीत पढाउन खोज्यो भने मास्टर पनि असफल हुन्छ, अभिभावक पनि असफल हुन्छ, विद्यालय, विश्वविद्यालय सबै असफल हुन्छन् । त्यसकारण नभएको 'पोटेन्सियल' होइन, 'पोटेन्सियल' के मा छ त्यो चाहिँ निकाल्नुपर्‍यो । त्यसलाई पहिचान गरी बढाएर अधिकतम बनाउनुपर्‍यो । बाँसुरी बजाउँदा कुन औँला कति बेला थिच्दा कस्तो हुन्छ ? तर त्यो त विभेदकारी हुन्छ नि! मैले बजाउँदा बज्दैन । त्यही बाँसुरी त्यही प्वालमा फुक्छु भन्दैमा, त्यही प्वालमा औँला चलाउँछु भन्दैमा सही धुन नआउन सक्छ । अरू विषय पनि त्यस्तै हुन् । हामीले हाम्रा सम्भावनाहरूलाई उजागर गरी अत्यधिक प्रयोग गर्ने र समाजका कतिपय विकृतिजन्य पक्षहरूलाई नियन्त्रण गरेर भ्रष्टाचार, ढिलासुस्तीजस्ता कुराहरूलाई अन्त्य गर्नुपर्छ । 'भिजिनरी' ढंगले हामी अगाडि बढ्यौँ भने हामी केही गर्न सक्छौँ ।

तपाईँहरूले नेपाल बाहिरको संसार देख्नुभएको छ, काम गर्नुभएको छ, अनुभव गर्नुभएको छ र तपाईँहरूभित्र केही क्षमता पनि विकास भएको छ । तपाईँहरू अलिअलि 'इन्भेस्टमेन्ट' गर्नसक्ने पनि हुनु भएको छ । म आग्रह गर्न चाहन्छु - तपाईँहरू विशेष परियोजनामा सहकार्य गर्नुहोस् । सहकार्यबाट जलविद्युत, उद्योग, कृषि कुनै पनि क्षेत्रमा काम गर्न सकिन्छ । हामीसित त्यस्ता धेरै परियोजनाहरू छन् । अलिअलि लागानीले पनि धेरै काम गर्न सकिन्छ । त्यसलाई सरकारले रखवारी गर्छ । हाम्रो प्रतिबद्धता नै विकास हो भने हामीले गर्न नसक्ने भन्ने कुरा हुँदैन । प्राकृतिक हिसाबले यति समृद्ध र यति उर्बर देश छ । यहाँका हरेक श्रोत-सम्पदाको उपयुक्त किसिमले सदुपयोग गर्नसक्दा हामी विकासमा धेरै अगाडि बढ्न सक्छौँ ।

मैले गैरआवासीय नेपालीहरूका नागरिकताका समस्यादेखि लिएर अनेक विषय सुन्दै आएको छु । । एकपटक बेल्जियममा बोल्दा मैले नागरिकताका बारेमा सहज उपायको कुरा गरेको थिएँ । मैले भनेको थिएँ

- यो छुट्टै गैरआवासीय नागरिकता भन्ने चाहिँदैन । त्यो किन चाहियो ? नेपाली नागरिकता लिएको गैरआवासीय नेपाली, जो नेपाली नागरिक नै रहन्छ । उसलाई कानूनबमोजिम फर्किएर आएपछि राजनीतिक अधिकार फिर्ता दिने, अन्यथा आर्थिक तथा अरू अधिकार कायम रहिरहन्छ । नागरिक नै हो, नागरिक छँदैछ तर राजनीतिक अधिकारचाहिँ दुवैतिर हुँदैन । त्यहाँ पनि बस्ने, यहाँ पनि बस्ने, त्यहाँ पनि लड्ने, यहाँ पनि लड्ने, उहाँको प्रधानमन्त्री हुने अनि यहाँको वडा सदस्य हुन आउने ? त्यस्तो त अलि हुँदैन । गैरआवासीय नेपाली भएपछि दुवैतिर राजनीतिक अधिकार लिन-दिन अलि मिल्दैन । मेरो तपाईँहरूसित फरक मत के मा छ भने केही समयको लागि काम गर्न वा पढ्न गएको व्यक्तिचाहिँ देशमा फर्केर आउँछ, ऊ गैरआवासीय नेपाली होइन । ऊ त नेपालमा नबसिरहेको मात्र हो ।

म अरबका देशहरू कतार, दुबई पुगेको छु । कतार र दुबईमा रहेका नेपालीहरूमा नागरिकतासम्बन्धी गुनासो छैन । काम गर्न गएका नेपाली दुई वर्षमा फर्किन्छन् । केको नागरिकता ? त्यसमा तपाईँहरूले उनीहरूको कामको सुरक्षा, तलबभत्ताको सुनिश्चितता र फरक नपर्ने गरी कामको व्यवस्थाका लागि सहजीकरण गर्नुपर्छ । नागरिकता उनीहरूको समस्या होइन । नागरिकताको सवालमा हामीले कानूनी ढंगले नै यसको व्यवस्था गरिसकेको हुनाले त्यसका बारेमा धेरै केही भन्नुपर्ने छैन । त्यसलाई अब कार्यान्वयन गर्ने हो । त्यसमा समस्या छ जस्तो म ठान्दिनँ ।

मैले २०७३ सालमै एउटा घोषणा गरेको थिएँ - '२०७४ साल-एमालेमय नेपाल' भनेर । मलाई त एमालेमय बनाउनु नै थियो । म एमालेको अध्यक्ष । मैले एमालेले सरकार बनाउँछ भनेर भनेँ । अरू पार्टीले पनि आफूले जित्ने कुरा गर्नसक्थे । तर मैले त्यो मेरो निम्ति, मेरो पार्टीको निम्ति भनेको थिइनँ । त्यो त समयको कुरा थियो, समयको आवाज थियो । देशको आवश्यकताको कुरा थियो । जनताको माग र चाहना थियो । जुनजुन पार्टीप्रति आस्था राख्ने भएपनि देशको विकास चाहिएको छ, भ्रष्टाचार नियन्त्रण हुनुपरेको छ र लगानी बढाउनु परेको छ । त्यसका लागि अनुकूल वातावरण चाहिएको छ । त्यसैले सबैको भावनालाई बुझेर मैले भनेको हुँ - '२०७४ साल-एमालेमय नेपाल' । अहिले त्यही कुरा भएको छ ।

सरकारले जे काम गर्छ देश र जनताको हितमा गर्छ । यो देश समृद्ध बन्यो भने नै हामी पनि सुखी हुन्छौँ । त्यसैले अब हामी सबैले देशका लागि काम गर्नुपर्छ । हामी जहाँ छौँ, नेपाली हौँ । जहाँ भएपनि हामी नेपाली हौँ र नेपाललाई माया गर्छौँ । त्यसैले नेपालको विकासमा सबैको ध्यान जानुपर्छ । देश विकासमा सबैको योगदानको महत्व रहन्छ ।

पञ्चायती शासनकालमा इमानदार, सोझो, गणतन्त्रवादी, राजतन्त्रविरोधी, पञ्चायतविरोधीले जागिर खानुपर्‍यो भने संविधान मान्छु भनेर लेख्नै पर्दथ्यो । राजा र पञ्चायती व्यवस्था मान्छु भनेर लेख्नै पर्दथ्यो । पुलिसको रिर्पोटविना जागिर खान पाइँदैनथ्यो । पुलिसको रिपोर्टमा त्यही कुरा उल्लेख गरिएको हुन्थ्यो । त्यसको अर्थ त्यसरी जागिर खाने कर्मचारी पञ्चायती समर्थक पनि होइन, राजतन्त्र समर्थक पनि होइन । एउटा कानूनी प्रावधान थियो । कानूनी प्रावधानको पालनाको अर्थ शासनव्यवस्थाको समर्थन भन्ने होइन । इच्छा होइन, बाध्यता हो । त्यस्तै कामका लागि विदेश जाने बाध्यता । विदेशमा केहीकेहीले राम्रो अवसर पाए होलान् । एक-दुई वर्ष बसिहालौँ, कमाइ पनि राम्रै होला भन्ने लागेको हुनसक्छ । पटक्कैपिच्छे आइरहन-गइरहन पनि गाह्रो । दुई-तीन वर्ष बस्ने प्रबन्ध हुँदा सजिलै भएको हुनुपर्छ । तर त्यो ठूलो कुरा होइन । दुई-चार वर्ष बसेको भएपनि तपाईँहरू नेपाली हो । तपाईँहरूले आफ्नो मातृभूमिलाई सम्झिनै पर्छ । तपाईँहरू अब देश विकासमा सहभागी हुनुपर्छ ।

केहीबाहेक आम रूपमा हामी विदेशमा पसिना बेच्न गइराखेका छौँ । अब हामीले पसिना होइन बुद्धि बेच्नेतिर जानुपर्छ । हाम्रो मुद्राको भाउ कम, अरूको धेरै भएरमात्रै हो । यदि हामीले बुद्धि बेच्न सक्यौँ भने हामीले पनि धेरै पाउँछौँ । यी कुरामा हाम्रो ध्यान जानुपर्छ । आवासीय, गैरआवासीय सबै मिलेर देश बनाउनु पर्छ । सरकार तपाईँहरूलाई सहयोग गर्न तयार छ । तपाईँहरूले पनि देशको समृद्धिको यात्रामा सहयोग र सहभागिता जनाउने विश्वास मैले लिएको छु ।

●

फागुन १२, २०७४

सन्दर्भ : एनआरएन पदाधिकारीहरूसँगको भेटघाट

हाम्रो राष्ट्रिय संकल्प
सुखी नेपाली–समृद्ध नेपाल

आज म पद तथा गोपनीयताको शपथ ग्रहणपछि शहीदहरूप्रति श्रद्धाञ्जलि अर्पण गरेर पदबहाली गर्न आएको छु । २०७२ सालमा म प्रधानमन्त्री हुँदा दुई वर्षभित्र नेपालबाट तुइनहरू विस्थापित गर्ने र त्यसका ठाउँमा कम्तीमा झोलुङ्गे पुल हाल्ने निर्णय गरेको थिएँ । मैले दुर्गमभेग र ग्रामीणभेगका जनताका दुःखकष्टहरू देखेका कारण तुइन युग अन्त्य गर्ने भनेर निर्णय लिएको थिएँ । मैले नौ महीनामै सरकार छोडेको हुनाले त्यसमा अलिकति विलम्ब भयो होला तर अब त्यो काम पूरा हुने

अवस्थामा पुगेको छ । साँच्चै नै हामी तुइनको जमानाबाट माथि उठेका छौँ । आज पनि पदबहालीको सम्बन्धमा यो जिम्मेवारी लिइरहँदा हामीले पाँच बुँदामा केही निर्णय गरेका छौँ । ती पाँच बुँदाका अरू उपबुँदाहरू पनि छन् ः

१. हाम्रो उद्देश्य 'समृद्ध नेपाल - सुखी नेपाली' हो । यो राष्ट्रिय उद्देश्य प्राप्त गर्नका लागि नेपालको संविधान कार्यान्वयन गर्ने, यसका लागि जनमुखी, सवल र प्रभावकारी संघीय, प्रदेश र स्थानीय सरकार अर्थात तीनै तहका सरकारहरूलाई त्यस दिशामा लाने, त्यसका लागि कानूनी व्यवस्था, प्रशासनिक पुनसंरचना र जनशक्तिको परिचालन तथा क्षमता विकास गर्ने ।

२. आर्थिक समृद्धिका लागि कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्ने । उद्योगहरूको संरक्षण, स्थापना र विकास गर्ने । यातायात, सञ्चार, खानेपानीजस्ता जनसरोकारका विषय र विकासका शर्तहरूको प्रत्याभूति दिने, पर्यटन तथा सेवा विकासका क्षेत्रहरूको विकास, बृहत् रूपमा बाह्य तथा आन्तरिक लगानी वृद्धि गर्ने, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, बृहत तथा स्तरीय पूर्वाधार विकासमा जोड, उद्योग व्यवसाय र आर्थिक क्रियाकलापको विस्तारका लागि लगानीमैत्री वातावरण सृजना गर्ने, अर्थतन्त्रका सबै क्षेत्रलाई गतिशील बनाई राष्ट्रिय पूँजी निर्माणलाई प्राथमिकता दिने । यसभित्र आत्मनिर्भरतातर्फका हाम्रा प्रयास, उत्पादनमूलक रोजगारीको सृजना र अभिवृद्धि गर्ने खालका उद्योग, लगानी र आर्थिक क्रियाकलापलाई बढी जोड दिने ।

३. आमरूपमा रोजगारीका अवसरहरूको सृजना गर्ने ।

४. सामाजिक न्याय र समानतालाई हामीले संवैधानिक रूपमै व्यवस्था गरेका छौँ । त्यसलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्ने ।

५. शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण । भ्रष्टाचारप्रति बिल्कुलै सहिष्णु नहुने । यो भन्ने कुरा होइन, गर्ने काम हो । त्यसकारण त्यसमा उदारता अथवा कुनै प्रकारले भेदभाव वा संरक्षण हुनसक्दैन । कडाइका साथ भ्रष्टाचार नियन्त्रण गर्ने र निर्मूल गर्ने हाम्रो उद्देश्य हुन्छ । यी लगायतका प्रमुख राष्ट्रिय कार्य सूचीहरूमा उल्लेखनीय सफलता प्राप्त गर्न राज्यको समग्र श्रोत, साधन, सामर्थ्य, संयन्त्रलाई अभियानका रूपमा परिचालन गर्ने र हाम्रा अगाडि रहेका प्रचुर सम्भावनाहरूलाई साकार तुल्याउनको लागि हामीले नीतिगत निर्णय गरेका छौँ । आवश्यकता अनुसार अरू पनि गर्दै जाने छौँ ।

हामी दुई वर्षभित्र प्रत्येक गाउँपालिका र नगरपालिकामा सीटीईभीटीबाट मान्यता प्राप्त स्तरीय प्राविधिक शिक्षालयको स्थापना गर्छौँ । संघीय संसदको आफ्नो भवन छैन । यसका निम्ति दुई वर्षभित्रै तयार गर्ने गरी भोलिबाटै हामी आवश्यक कदम चाल्छौँ र निर्धारित अवधिभित्र तयार गर्छौँ । अहिले हाम्राबारे समाजमा केही भ्रम बाँडिएको छ । म साथीहरूलाई के भन्न चाहन्छु भने हामी लोकतन्त्रका लागि लडेका हौँ, फेरि पनि हामी त्यसको रक्षा, विकास, वास्तविक अर्थमा जनताले प्रयोग-उपयोग गर्ने र त्यसको अर्थअनुसार जनताको शासन जनताका निम्ति, जनताका प्रतिनिधिले जनताका निम्ति शासन गर्ने जनताको इच्छा, आवश्यकता र आकांक्षाअनुसार शासन गर्ने प्रणालीमा जान्छौँ । लोकतन्त्रका आधारभूत मान्यता, बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली, आवधिक निर्वाचन, प्रतिपक्षको अधिकार, शक्ति पृथकीकरणको सिद्धान्त, सन्तुलन र नियन्त्रण, स्वतन्त्र न्यायालयका लागि हामी प्रतिबद्ध छौँ । सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका

सम्बन्धमा हामी सचेत छौँ । सरकारी कामकाजमा रहेको व्यक्ति तथा निकाय जिम्मेवार हुनुपर्छ । सरकारी निकायमा राजनीतीकरण, राजनीतिक भेदभाव, राजनीतिक पक्षपात हुनुहुँदैन, गर्न दिइँदैन । आफ्नो कामप्रति व्यक्ति जिम्मेवार हुनुपर्छ, जिम्मेवारी लिनै पर्छ । म जिम्मेवार छु भनेरमात्र पुग्दैन । भ्रष्टाचारजन्य मात्रै होइन विभिन्न प्रकारका सामाजिक अपराध वा अरू कुनै प्रकारका अपराधमा कोही संलग्न हुनुहुँदैन, भएमा त्यो दण्दनीय विषय हुन्छ ।

हामी लोकतान्त्रिक प्रणालीलाई हाम्रा राष्ट्रिय मूल्य-मान्यता र राष्ट्रिय हितहरूमा खोज्छौँ । हामी स्वतन्त्र देशका स्वतन्त्र नागरिक हौँ । हामी आफैँ स्वतन्त्र निणर्य गर्छौँ । हाम्रो भौगोलिक अखण्डतामा हामी कुनै किसिमको तलमाथि हुन दिदैनौँ । हाम्रो असमानतायुक्त सामाजिक पृष्ठभूमि छ । राष्ट्रिय हितहरूको सम्बर्द्धन गर्दै र स्वाभिमानलाई माथि उठाउँदै हामी सामाजिक न्याय, समानता र उत्पादन वृद्धिको कुरा गरिरहेका छौँ । उत्पादन र उत्पादकत्व वृद्धिमात्रै होइन हामी वितरण पनि समुचित हुनुपर्छ भनिरहेका छौँ । अबको विकास समाजवादउन्मुख, न्यायोचित र समतामूलक हुनुपर्छ । साम्प्रदायिकता फैलाउने, सामाजिक सद्भाव खलबल पार्ने गतिविधि राष्ट्रिय हित र मानवीय हित अनुकूल हुँदैनन् । हामी सामाजिक सद्भावमा आधारित राष्ट्रिय हितको पक्षमा छौँ ।

हाम्रो देश विविधतायुक्त छ । हाम्रो यस विविधतालाई कसैले दुरुपयोग गरेर विभेद, कलह, वैमनयता र घृणा फिँजाउन खोजे राम्रो हुँदैन । यतिखेर हाम्रो आकांक्षा विकास भएको छ, हाम्रो लक्ष्य समृद्धि भएको छ । त्यसका लागि हामीलाई शान्ति र स्थिरता चाहिएको छ । शान्ति र स्थिरताविना ती कुराहरू सम्भव हुँदैनन् । त्यसकारण हामी शान्ति र स्थिरताको पक्षमा छौँ ।

अहिले हामी स्थायित्वको चरणमा प्रवेश गरेका छौँ । त्यसअनुसार नै हामी अगाडि बढ्छौँ । हाम्रो आजको आवश्यकता र नेपाली जनताको चाहना भनेकै आर्थिक विकास र समृद्धि हो । त्यसका लागि हामीले

आन्तरिक पूँजीको परिचालन गर्ने, बाह्य लगानी आमन्त्रण गर्ने, बाह्य लगानी गर्न कानूनी र व्यावहारिक रूपमा अनुकूल वातावरण आवश्यक पर्छ । त्यसका लागि हामी लगानीमैत्री वातावरण निर्माण गर्ने कामहरू गर्नेछौँ ।

वीचमा केही भ्रमपूर्ण कुराहरू प्रचारित भए । मैले कालो धनलाई प्रश्रय दिन खोजेको होइन । अझैपनि आन्तरिक पूँजी परिचालित नभएको विषय उठान गरेको हुँ । सानोसानो पूँजी जम्मा गरेर ठूलाठूला सहकारीहरू बनेका छन् र राम्रा कामहरू भएका छन् । हामीले साना जलविद्युत आयोजनाहरू पनि देखेका छौँ । विभिन्न क्षेत्रबाट तिनको शुरुआत भएको छ । त्यस्ता परियोजनालाई अन्य क्षेत्रबाट अर्थात् शिक्षक, कर्मचारी, प्रहरी आदिको सहयोगबाट पनि सम्पन्न गर्न सकिन्छ । स्वास्थ्य तथा शिक्षा क्षेत्रमा पनि त्यसरी नै लगानी हुन सक्छ । कृषिमा आधुनिकीकरणका कुरा अगाडि बढ्न सक्छन् । यसो भन्नुको अर्थ कालो धनलाई सेतो बनाउनु होइन । कानूनलाई नमान्ने र हामी पक्ष भएर गरिएका अन्तर्राष्ट्रिय सन्धिसम्झौतालाई नमान्ने भन्ने कुरै हुँदैन । मानव बेचबिखन, लागू औषधको कारोबार, हतियारको कारोबार वा अन्य अपराधिक गतिविधिबाट आयातित कालो धनलाई सेतो बनाउन खोजेको पनि होइन । लागू औषधको कारोबार बिल्कुलै कानून र मानवताविरोधी कुरा हो । त्यसमा कुनै सहनशीलता हुन सक्दैन । मानव तस्करी वा बेचबिखन अपराध हो । त्यसलाई कुनै हालतमा सहदैनौँ । हतियारको अवैध कारोबारजस्ता कुराहरूबाट अर्जित रकम समाजको शान्ति-सुव्यवस्था खल्बलाउने वा अवाञ्छित क्रियाकलाप गर्ने उद्देश्यमा प्रयोग हुने गरेको छ । तसर्थ त्यस्ता कुराहरूमा कुनै हातलमा पनि छुट दिन सकिँदैन । यस सन्दर्भमा कुनै भ्रममा पर्नु आवश्यक छैन । हामीले आफ्नै आन्तरिक पूँजी परिचालन गरी देशमा विकासको नयाँ उत्साह र आत्मविश्वास ल्याउनु पर्छ । हाम्रो युवाशक्ति जुन देशबाहिर गएको छ, त्यसलाई रोजगारीका थप अवसर सृजना गरेर देशमै फर्किन आकर्षित गर्नुपर्छ । त्यस काममा हामीले ध्यान दिनैपर्छ भन्ने कुरा मैले गरेको हुँ । त्यसलाई गलत ढंगले व्याख्या गर्ने प्रयास भयो ।

पूर्वाधार विकास र रोजगारीका अवसर सृजना गर्ने र उत्पादनमूलक क्षेत्रमा आन्तरिक र बाह्य दुवै लगानीलाई प्रोत्साहित गराउने हाम्रा नीतिहरू हुन् । म तपाईँहरूमार्फत सम्पूर्ण देशवासी दाजुभाइ दिदीबहिनीहरूलाई निश्चिन्त रहन र उत्साहपूर्ण ढंगले राष्ट्रनिर्माणको काममा अगाडि बढ्न आग्रह गर्न चाहन्छु । राजनीतिक हिसाबले म भन्न चाहन्छु - सरकारले कुनै प्रतिशोधी वा कुनै पूर्वाग्रही हिसाबले व्यवहार गर्न मिल्दैन । अबको सरकारले त्यसरी भेदभाव, पक्षपात र दमनकारी चरित्रका साथ काम गर्दैन । सरकारले कानूनको राज, पारदर्शिता र स्वच्छतामा कुनै सम्झौता नगरी काम गर्छ । अझै पनि समाजमा अशान्ति मच्चाउन गलत उद्देश्यका साथ कामहरू हुने गरेका छन् । ती कुराहरूलाई राज्यले सहन सक्दैन । त्यो कार्य समाजविरोधी र हानिकारक छ । सनकका भरमा अरूको सम्पत्ति वा राज्यको सम्पत्तिमाथि हमला गर्ने, आगजनी गर्ने, तोडफोड गर्ने, ध्वस्त पार्नेजस्ता कुराहरू गैरकानूनी हुन् । गैरकानूनी काम गर्ने छुट कसैलाई हुँदैन । राजनीतिक विचार वा आस्थाको आधारमा कसैमाथि भेदभाव र पक्षपात हुँदैन । सरकार सबै विचार र आस्थाहरूप्रति सद्भाव राख्छ । सबैलाई कानून बमोजिम सम्मान गर्छ र सबैको सुरक्षा हुन्छ । त्यसकारण म सबैलाई विश्वस्त भएर राष्ट्र निर्माणमा अगाडि बढ्न आग्रह गर्न चाहन्छु ।

●

फागुन ३, २०७४

सन्दर्भ : प्रधानमन्त्रीको पदबहाली कार्यक्रम

औद्योगीकरणको आवश्यकता

'देश अब औद्योगीकरणमा जानुपर्छ, व्यापार वृद्धि हुनुपर्छ, व्यापार सन्तुलन हुनुपर्छ र घाटा न्यून हुँदै क्रमशः नाफातिर जानुपर्छ ।' उद्योगी-व्यवसायीहरूले निरन्तर भन्दै आएका कुरा हुन् यी । तर यी आकांक्षा उद्योगी-व्यवसायीका मात्र होइनन्, सरकारका पनि आकांक्षा हुन् । त्यसकारण हाम्रा प्रयासहरू उत्पादन तथा उत्पादकत्व वृद्धिका साथै औद्योगीकरणतिर जानु अत्यावश्यक छ ।

हामीलाई आवश्यक सामग्री भरसक हामी आफैँले उत्पादन गर्न सक्नुपर्छ । आफूले खपत गर्न नसक्ने तर अरूलाई पनि चाहिने कुरा निर्यात गर्न सक्नुपर्छ । मौलिक उत्पादन वा उत्पादनलाई अलिकति परिष्कृत वा परिमार्जित गरेर निर्यात गरिन्छ । हामी जडीबुटीलाई औषधि बनाएर वा ढुंगालाई प्रिसियस बनाएर पनि निर्यात गर्न सक्छौँ । यस्ता धेरै काम हामी गर्न सक्छौँ ।

अहिले म एउटा यस्तो बिन्दुमा छु र सोचिरहेको छु - म सफल हुनुपर्छ कि असफल ? म सफल हुँदा के हुन्छ र असफल हुँदा के हुन्छ ? यस्ता प्रश्नमा म आफैँले उत्तर पनि खोज्ने गरेको छु । मैले बुझेको छु - म असफल हुँदा म मात्रै असफल हुन्न, देशलाई नै ठूलो प्रतिकूल असर पर्छ । देशको अर्थतन्त्रलाई प्रतिकूल असर पर्छ । म असफल हुँदा देश विकास तथा समृद्धिको आकांक्षा असफल हुन्छ । त्यसकारण म अथवा मेरो नेतृत्वको सरकार असफल हुनुहुँदैन, तपाईँ हामी, हाम्रो देशका जनता र जनताका आकांक्षाहरू असफल हुनुहुँदैन ।

जनताले स्थिर सरकार दिएका छन् । स्थायित्व सुन्दर अवसर हो । स्थिर सरकार असफल भयो भने लामो समय त्यसको नकारात्मक असर पर्छ । हामीले स्थिरता खोज्यौँ, स्थायित्व खोज्यौँ । अब पनि हामीले 'भिजिनरी' सरकार दिन सक्दैनौँ भने, 'प्रोग्राम' दिन सक्दैनौँ भने, 'डिटरमिनेशन'का साथ काम गर्दैनौँ भने, हामीमा स्वच्छता आउँदैन भने, भ्रष्टाचार 'कन्ट्रोल' गर्न सकिँदैन भने र हामी इमानदार प्रयास गर्न सक्दैनौँ भने स्थायित्व भएर पनि के हुँदो रहेछ र भन्ने असर जनतामा पर्छ । त्यसबाट केही भएपनि केही हुँदो रहेनछ, कसै गरे पनि केही हुँदो रहेनछ, यो देश त अभिशाप नै रहेछ भन्ने निष्कर्ष निस्किन्छ ।

अहिले हाम्रा करिब ४० लाख युवाहरू देशबाहिर छन् । सक्नेसम्म, भ्याउनेसम्म, काम पाउनेसम्म सबै पासपोर्ट बनाउने र भिसा आवेदन गर्ने गर्छन् । यसप्रति हामी गम्भीर हुनुपर्ने अवस्था छ । यसबाट जनसांख्यिक बनावटमा परिवर्तन आउँछ । केही वर्षपछाडि ज्येष्ठ नागरिकहरूको संख्या ठूलो हुनेछ । अहिले नै जनसंख्या वृद्धिदर कम हुन थालिसकेको छ ।

आमाबावु एकमात्र सन्तान भन्छन् । एउटा भएपछि भयो भन्छन् । बढी भए दुइटा । पहिले-पहिले साइँलो, काइँलो, अन्तरे, जन्तरे भनेको सुनिन्थ्यो । अब त न माइलो हुन्छ, न साइँलो । धेरै भए जेठो र कान्छो । बिस्तारै बिस्तारै एउटा परिवारको एउटैमात्र सन्तान हुन्छ । दाजु छ ? छैन । भाइ छ ? छैन । दिदी छ ? छैन । बहिनी छ ? छैन । एक्लै ? एक्लै । एउटामात्र सन्तान भएपछि त्यसले जनसंख्या वृद्धिलाई त घटाउँछ । जनसंख्या वृद्धिदरपट्टि चिन्ता गर्नुपर्ने अवस्था छैन । 'अवरनेस' यस्तो भैसक्यो कि जनसंख्या विस्फोटको समस्या विस्तारै त्यति ठूलो समस्याको रूपमा नरहला ।

एउटा परिवारमा हजुरबा, अजुरआमा, बाआमा र दुईओटा बच्चा छन् भने छ जना आश्रित हुन्छन् । दुईजना मात्रै कमाउने हुन्छन् । अहिले त वृद्धभत्ता पाउने उमेर ६५ वर्षमा आइसक्यो । यता ज्येष्ठ नागरिकको संख्या बढ्दै गएको छ, ज्येष्ठ नागरिकको मापदण्ड पनि परिवर्तन हुँदै गएको छ । उता हाम्रो युवापंक्तिको ठूलो संख्या देशबाहिर छ । त्यसलाई देशभित्र राख्न रोजगारीका अवसरहरू हामीले सृजना गर्न सक्नुपर्‍यो । सँगसँगै अर्को प्रश्न पनि छ - रोजगारीका अवसरहरूमात्र सिर्जना गरेर हाम्रा युवा देशभित्र बस्छन् ? अबको जमानामा भन्न सकिँदैन । किनभने रोजगारीको अवसर भएरमात्र हुँदैन, त्यो अवसर आकर्षक पनि हुनुपर्छ । अन्यथा अर्को ठाउँमा आकर्षक छ भने ऊ त्यतातिर लागिहाल्छ । जहाँ बढी आकर्षक छ, त्यतै लाग्छ । त्यसकारण हामीले उपलब्ध गराउने अवसर आकर्षक पनि हुनुपर्छ । त्यो काम सजिलो छैन, निकै गाह्रो छ । अवसर सिर्जना गर्नुभन्दा कठिन काम छ । तथापि हामीले त्यो काम पनि गर्नैपर्छ ।

विदेश जानेहरूमध्ये कतिपयको स्थिति अर्को पनि छ । उमेर छँदा विदेशमा रहने, बूढाबूढी भएपछि देशमा आउने अवस्था देखापरेको छ । कति देशमा बूढाबूढी बढी छन् भनिन्छ नि, तिनीहरू अन्त गएर बैंस सिध्याएर फर्किएका होइनन्, त्यहीँ बैंस सिध्याएर बसेका हुन् । तिनीहरूसँग त आधार छ । हामीसँग त सामाजिक सुरक्षामात्रै बाँकी रहन्छ । अन्त गएर सामाजिक सुरक्षा हुँदैन । त्यो सामाजिक सुरक्षाको जिम्मेवारी फेरि हाम्रो समाजलाई हुन्छ । अनि उमेर हुञ्जेल देशबाहिर, बुढेसकालमा देशभित्र ।

यो अवस्था आउन नदिनका निम्ति पनि हामीले ध्यान दिनुपर्नेछ । यसका निम्ति आधुनिक उद्योगहरूको स्थापना र सञ्चालनबाट देशको युवाशक्तिलाई रोजगारीका लागि बाहिर जानबाटै रोक्ने स्थिति बनाउनु आवश्यक छ । पौने तीन करोड जनसंख्या भनेको सानो संख्या होइन । हामीलाई आवश्यक जनशक्ति सजिलै उपलब्ध हुने संख्या हो ।

हाम्रो आयात ज्यादा छ । हामीले हाम्रा उत्पादनहरूको गुणस्तर, मूल्यजस्ता कुराहरूमा अलि ध्यान दियौँ भने आयातलाई कम गर्न सकिन्छ । एउटा आनीबानीमा परिवर्तन गऱ्यो भने, अर्को गुणस्तर राम्रो गऱ्यो भने आयात कम हुनसक्छ । त्यसको लागि मूल्य पनि प्रतिस्पर्धी हुनुपर्छ । हामी आन्तरिक वा राष्ट्रिय उत्पादनलाई कति संरक्षण दिन सक्छौँ ? कति बस्तुलाई डब्लु.टीओले संरक्षणभन्दा बाहिर धकेलिदिन्छ, त्यसलाई हामीले ध्यान दिनुपर्ने हुन्छ । अर्को, निर्यातको लागि त हाम्रा अगाडि ७ अर्ब जनसंख्या छँदैछ । उत्तरतिर त्यति ठूलो जनसंख्या छ । दक्षिणतिर पनि त्यति ठूलो जनसंख्या छ । संसारका सबैभन्दा ठूलाठूला जनसंख्या भएका देश दुईतिर छन् । दक्षिणतिर त बाटो छँदैथियो, अब झन् ६-६ लेनको बाटो बनाउँदैछौँ । पूर्व-पश्चिम सञ्जालको सवालमा त हामी एउटा क्रान्ति नै गर्दैछौँ । उत्तरतिर पनि हामीले बाटो खोलेका छौँ । त्यसकारण तपाईँहरूलाई अब बजारको समस्या हुँदैन । पर्याप्त बजार र ग्राहकहरू छन् । मूल्य लेख्नोस्, गुणस्तर लेख्नोस् र आकर्षक बस्तुको उत्पादन गर्नोस् । ग्राहकको रुचि जगाउनोस् । अरू केकेले आकर्षित गर्न सकिन्छ गर्नोस् । लगानीका निम्ति, लगानी अनुकूल, लगानीमैत्री वातावरण बनाउन सरकार तयार छ । उद्योग-व्यापारमा कानूनी र व्यावहारिक कठिनाइहरूलाई हटाउने कुरामा सरकारले सहयोग गर्छ । व्यवसायीका फाइल टेबलैपच्छि अल्झने स्थिति हुँदैन । टेबलैपिच्छे फाइल अल्झिने कानूनीबाहेकका गैरकानूनी कारणहरू अन्त्य हुन्छन् । कानूनी जटिलता र अलमलका पक्षहरूलाई सरलीकरण गरिन्छ र त्यसलाई छिटो कसरी गर्न सकिन्छ, ध्यान दिइन्छ ।

हामीले केही कानून पारित गरिसकेका छौँ । त्यसबाट मजदुर र लगानीकर्ता, व्यवस्थापन र मजदुरका बीचमा हुने तनावयुक्त सम्बन्धका

सम्भावनाहरू अत्यन्त न्यून भएका छन् । त्यसकारण काम गर्नका लागि वातावरण अनुकूल छ ।

हाम्रो परराष्ट्रसम्बन्ध सन्तुलित भएन, छिमेकी सम्बन्ध सन्तुलित भएन भन्ने कुरा पनि उद्योगी-व्यवसायीहरूले धेरै सुन्नुभयो होला । त्यसबाट डर पनि थियो होला । तर अब त्यो स्थिति छैन । अहिले हाम्रो परराष्ट्रसम्बन्ध एकदमै सन्तुलित छ । छिमेकसम्बन्ध एकदम सुमधुर छ । दुबैतिर राम्रो छ । कहींकतै समस्या छैन । समस्या उत्पन्न हुनसक्ने अवस्था र कारण पनि अब छैन । कदाचित समस्या भयो भने कूटनीतिक तवरबाट तत्काल समस्याको समाधान हुनेछ ।

'पब्लिक सेक्टर'सँग मिलेर वा 'प्राइभेट सेक्टर'सँग मिलेर कसैले संयुक्त लगानी गर्न खोज्छ भने सजिलो वा सुरक्षाको प्रत्याभूतिका लागि उद्योगपति र व्यवसायीहरूको सहयोगीको भूमिका सरकारले खेल्नसक्छ । त्यस्ता कुरामा सरकार असहयोगी बन्नुहुँदैन । सरकार सहयोगी नै बन्छ ।

मैले धेरै ठाउँमा भन्ने गरेको छु - 'काले-काले मिलेर खाऊँ भाले' भन्ने परम्परा र प्रचलनलाई अन्त्य गर्नुपर्छ । कमिशनखोरी, कमिशनको भरमा लाइसेन्स ठेक्कापट्टा दिने वा नदिने, नवीकरण गर्ने वा नगर्ने, कायम राख्ने वा खोस्ने, समय थप गर्ने वा नगर्ने, समयमा काम नसिध्याउने अनि समय थप माग्ने जस्ता काम भइरहेका छन् । त्यस्तो गर्न पाइँदैन । त्यस्ता कुराको पनि अब अन्त्य हुन्छ ।

सरकार, उद्यमी, व्यवसायी सबै मिलेर देश बनाउने समय आएको छ । त्यसका लागि अनुकूल वातावरण तयार भइसकेको छ । सरकार उद्योगी-व्यवसायीहरूसमेतको परामर्शमै अगाडि बढ्न चाहन्छ । म आह्वान गर्न चाहन्छु - देशको समृद्धिमा हामी सबै पारस्परिक सहयोगका साथ, विश्वासका साथ अगाडि बढौँ ।

●

फागुन १२, २०७४

सन्दर्भ : उद्योग वाणिज्य महासंघका पदाधिकारीको भेटघाट

एक पाइला विकासतिर – हरेक पाइला समृद्धितिर

हाम्रो अहिलेको संसदको बनावट विशेष प्रकारको छ र यस संसदको काँधमा विशेष प्रकारका अभिभारा छन् । विशेष परिस्थितिमै देश छ, गम्भीर र ठूला चुनौतीहरू छन् । ती चुनौतीहरूको सामना गर्नुपर्ने छ ।

सबै शक्तिको स्रोत सार्वभौमसत्ता सम्पन्न जनता हुन् । जनताको सार्वभौमसत्ता यस संघीय संसदले प्रतिनिधित्व गर्छ । यहींबाट सरकार उत्पत्ति हुन्छ, नीतिहरू उत्पत्ति हुन्छन् । कानून यहींबाट

उत्पत्ति हुन्छ । संविधानको संशोधन, कानूनको संशोधन सबै यहीँबाट हुन्छ ।

हामी आज पहिलोपटक संयुक्त बैठक गर्दैछौँ । हामी बैठक त पहिले पनि संयुक्त बस्ने गरेका हौँ, पहिले पनि विभिन्न समयमा संयुक्त बैठक बसेका पनि हौँ तर यो संयुक्त बैठकको अठोट अन्य समयको भन्दा पृथक र गहन छ । छलफलको पृष्ठभूमि पनि फरक छ । अहिलेको यथार्थ पनि फरक छ र यसले गर्ने भोलिको संकेत पनि फरक छ । हामी सबै गम्भीर परिस्थितिमा, गहन उत्तरदायित्वका साथ भेला भएका छौँ ।

हामी एउटै पार्टी, एउटै संसदीय दलको यात्राको क्रममा छौँ । त्यसको अभ्यासस्वरुप हामी संसदीय दलको संयुक्त बैठक बसिरहेका छौँ । यो दुइटा पार्टी, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को, दुइटा संसदीय दलको संयुक्त बैठक हो पनि, होइन पनि । अहिलेसम्म ठ्याक्कै मिलिनसकेको हुनाले दुइटा हो, तर मिलेर एउटै हुने क्रममा, विधि पुऱ्याउनमात्रै बाँकी छ । त्यसकारण दुइटा नभने पनि हुने हो, एउटैजस्तै हो ।

हाम्रो देश कस्तो हालतमा छ, धेरै कुरा गर्नु नै पर्दैन । भोलि हामी शपथग्रहण गर्छौँ - महेन्द्र राययादव दाइबाट । मैले सुनेको उहाँ ज्येष्ठ सदस्य हुँदै हुनुहुन्छ रे । कस्तो छ यो नेपाल ? अस्तिसम्म भाइ भन्दै थिएँ, अब दाइ ! अदालतमा जन्म मितिको लफडा, सडकमा जन्म मितिको लफडा, माइती घरमा जन्म मितिको लफडा हुँदैहुँदै, अब हेर्दाहेर्दै भाइले शपथग्रहण गराउने भए, ज्येष्ठ सांसद भएर । नेपाल कुन अवस्थामा छ भन्ने कुरा यसले पनि बताउँछ । नेपालमा जन्ममिति के भएको ? एउटै व्यक्तिको फरक-फरक जन्ममिति । न्यायाधीशको जन्ममिति फरक-फरक, डाक्टरको जन्ममिति फरक-फरक, सांसदको जन्ममिति फरक-फरक, मन्त्रीको जन्ममिति फरक-फरक ! धन्न म एकैदिनमात्र जन्मिएछु । मात्र एकपटक, २००८ साल फागुन ११ गते शनिबार, तद्अनुसार फेब्रुवरी २३ तारिख सन् १९५२ का दिन । यो उदाहरण दिएर मैले हाम्रो एउटा अवस्थाको चित्रणमात्र गर्न खोजेको हुँ । यसले एउटा नीतिको मात्रै कुरा गर्दैन, धेरै कुरातिर संकेत गर्छ ।

मेरो विश्वास छ - लोकतन्त्र मर्यादा, न्याय र इमानको व्यवस्था हो । हामीले त्यसैगरी चल्नु पर्छ । लोकतन्त्रमा न्यायालयको भूमिका गरिमामय, मर्यादित, निष्पक्ष र स्वतन्त्र रहन्छ । त्यो हामी सबैको चाहना हो । तानाशाही व्यवस्थामा तानाशाहहरूले राज्यका सबै अंगहरूलाई आफ्नो औजारको रूपमा, अस्त्रको रूपमा प्रयोग गर्छन् । लोकतन्त्रमा राज्यका कुनै पनि अंग सत्ताको अथवा कार्यकारिणीको अथवा शक्तिको वा राजनीतिक पक्षधरताको औजार बन्दैनन् । व्यवस्थापिका आफ्ना कामहरूमा हुन्छ । हेर्ने हो भने शक्ति पृथकीकरणको सिद्धान्तअनुसार ऊ पनि स्वतन्त्र हुन्छ । कार्यपालिकाले आफ्ना कामहरू दमनकारी रूपमा होइन, निर्वाध र स्वतन्त्र ढंगले गर्छ । सरकारले कानून बमोजिम जनताको हितको पक्षमा, कानूनी राजको हिसाबले सुशासन दिएर, जनताप्रति उत्तरदायी भएर काम गर्छ ।

हामी सबैलाई थाहा छ, चुनाव भएको दुई-अढाइ महीना भइसक्यो । हामीले झण्डैझण्डै बिर्सिन लागिसक्यौँ । चुनाव भएको त थियो, जनतामा गइएको पनि थियो, भोट पनि मागिएको थियो, चुनाव जितिएको पनि हो, हामीसित प्रमाणपत्र पनि छ । तर अहिलेसम्म परिणामको घोषणा नै भएको छैन, शपथग्रहणसमेत भएको छैन । यताबाट रोक्न खोजिएको छ, उताबाट रोक्न खोजिएको छ । यहाँ सदस्य पुगेन भन्या छ, उता नियम छैन, ऐन छैन भन्या छ । कहीँ नभएको कुरा नेपालमा भइरहेको छ । हामीले बुझेका छैनौँ भन्ने भ्रम कसैले नपाले हुन्छ । हामीले बुझेका छौँ, हामीले देखेका छौँ, हामीले हेरिराखेका छौँ, के गरेको हो भन्ने पनि थाहा पाएका छौँ ।

सिक्कामा गाई र त्रिशूल ! एकापट्टि गाई, अर्कापट्टि त्रिशूल । यो त्यस्तो खालको चुनाव होइन । गाई र त्रिशूल खेलेर हाम्रो यो संसदीय दल लगभग दुई तिहाइको मतमा पुगेको होइन । हामीले रगत बगाएका छौँ, पसिना बगाएका छौँ । हाम्रो काँधमा ठूलो अभिभारा छ । त्यो अभिभारा भनेको देश बनाउने हो । त्यसैले हामी देश बनाउने संकल्पसहित आएका हौँ । देश बनाएरै छोड्छौँ । संसदमा आएको भत्ता

लिन होइन, नाम कमाउन पनि होइन । संघर्षका मैदानमा हामी मछौँ कि बाँच्छौँ थाहा थिएन । नाम कमाउनु त तपसिलको कुरा । हाम्रा कति साथी गोली लागेर शहीद भए, कति घाइते भए, कति जेलनेलमा परे, कतिले कठोर यातना भोगे, कति निर्वासित भए । हामीले ती सबै स्थिति पार गरेर आएका छौँ । कुनै भवितव्यले हामी यहाँ आइपुगेका होइनौँ ।

देशको आर्थिक अवस्था कमजोर छ । अर्थतन्त्र कम विकसित अवस्थामा छ । प्रतिव्यक्ति आयमा आठसयको आसपासमा छौँ, जुन कम्तीमा पनि बाह्रसय भन्दा बढी हुनुपर्ने हो । हाम्रो जनसंख्याको परिवर्तन तीब्रताका साथ हुँदैछ । बढ्दो उमेरको जनसंख्या बढ्दै छ । युवा जनसंख्याको युवा उमेरजति विदेशमा गएर रेमिट्यान्सले चलाउनु पर्ने खालको दुःखद् स्थिति छ । त्यसलाई हामीले सल्ट्याउनु पर्ने छ । देशभित्र रोजगारीका अवसर सृजना गर्नुपर्ने छ । भन्नजस्तो गर्न सजिलो छैन । देशभित्र रोजगारीका अवसर सृजना गरेरमात्र हुँदैन, आकर्षक अवसर सृजना गर्नुपर्छ । आकर्षक नहुँदा त अर्को आकर्षणमा युवाहरू जानसक्छन् । यतिबेला देशको ढुकुटी लगभग रित्ताइएको अवस्थामा छ । अनियमिताका पहाड छन् । पूँजीगत खर्च भएको छैन । काममा जेजति तीब्रता आउनुपर्ने हो, त्यो हुन सकेको छैन । हाम्रो उत्पादन, उत्पादकत्व कम छ । देश अझै कृषिप्रधान छ । कृषिमा ६५ प्रतिशतभन्दा बढी जनसंख्या आधारित छ । तर कृषिको योगदान निकै कम छ । कृषिको उत्पादकत्व के छ, ढाँचा कस्तो छ भन्दा उही हलो, उही कोदालो, उही पुरानो विधि, टुक्राटुक्रा पारिएको जमीन । उत्पादनमा आधुनिकता र व्यावसायिकता छैन, जसले गर्दा हामी कमसेकम एकप्रकारको उत्पादन भएपनि निर्यात गर्न सक्छौँ भन्ने अवस्थासमेत छैन । खाने कुराहरू शुद्ध छैनन् । कस्तो हालतमा छौँ हामी ? जनता जाडोले मर्दैछ । जनता कठ्याङ्ग्रिएर मर्दैछ । कति अप्रिय स्थिति ?

हाम्रो सुन्दर देश छ, उर्वर जमीन छ, माटो छ, ढुंगा छ, सिमेन्ट बनाउने चीज पनि छ, बाँस पनि छ, काठ पनि छ, खर पनि छ, जस्तापाता बनाउने ठाउँ पनि छ । हामीसँग सबै चीज छन् । हामी झिँगटी बनाउन

सक्छौँ, टायल बनाउन सक्छौँ, इँटा बनाउन सक्छौँ तर घरचाहिँ छैन । हामीसँग फलामका खानी छन्, तर घर छैनन् । कस्तो विचित्र अवस्था ? घर बनाउन चाहिने यावत चीज हामीसँग छन् तर घर छैन । जमीन छ तर खाद्यान्न छैन । लगाउने कपडा छैन । दुःखद् तथ्य के छ भने हामीले लगाएका कुनै पनि चीज हाम्रा उत्पादन होइनन् । खान त हामीले नेपालको धान खाएका हौँला तर लगाएको कपडा नेपालको हैन । हामी जनप्रतिनिधि । भरसक राष्ट्रिय उत्पादनमा जोड दिने मन छ । जोड दिने मन भएर के गर्ने ? हामीले लगाएको वस्त्रको एक त्यान्द्रो पनि नेपाली छैन । हामी यस्तो ठाउँमा छौँ । यस ठाउँबाट हामीले नेपाललाई विकसित नेपाल, समृद्ध नेपाल बनाउन खोजेका छौँ । त्यसैकारण मैले भन्ने गरेको छु - 'हाम्रो हरेक पाइला विकासतिर, हरेक पाइला समृद्धितिर ।'

हामी जमीनका हरेक टुक्रा, पानीका हरेक थोपा, हावाका हरेक झोका, सूर्यका हरेक किरणलाई सदुपयोग गर्नसक्छौँ । हामीसँग भएको जनशक्ति सम्पूर्ण रूपमा सदुपयोग गर्नस्क्छौँ । जनशक्तिको सामर्थ्य विकास गर्नसक्छौँ । हामीसँग भएका प्राकृतिक श्रोतहरूको पनि हामी सामर्थ्य विकास गर्नसक्छौँ । बालवालिकादेखि वयस्कसम्मलाई औपचारिक शिक्षादेखि विभिन्न सीप, तालिम, व्यावसायिक ज्ञानसम्मका कुराहरू गर्नसक्छौँ । यी कुराहरू म यहाँ किन गर्दैछु भने सबैको उद्‌गम संसद हो । संसदलाई बाटो देखाउने सांसदहरूले हो । देश विकासका लागि महत्वपूर्ण निर्णयहरू लिने ठाउँ संसद हो ।

केहीलाई छटपटी छ । एमाले-माओवादी केन्द्रलाई पराजित गर्न सकिएन भन्ने छटपटी । यिनले देशको विकास गरे भने त हाम्रो भविष्य नै सकिन्छ भन्ने छटपटीमा छन् उनीहरू । त्यसैले विकास गर्न दिनुहुन्न भन्ने कुरामा लागेका छन् । पाएसम्मका ढुकुटी रित्याउनु पर्छ, आम्दानीका श्रोतहरू भत्काउनु पर्छ भनेर लागेका छन् । त्यस्तो बुद्धिका अगाडि हामीले देशको विकास गरेर देखाउनु छ । हामी सकारात्मक सोचका साथ अगाडि बढ्छौँ । फराकिलो सोचका साथ, उदारपनका साथ, जिम्मेवारी बोधका साथ अगाडि बढ्छौँ ।

हामी संकीर्ण छैनौं । प्रतिपक्षसँग पनि हाम्रो सम्बन्ध अत्यन्तै सुमधुर हुन्छ । प्रतिपक्षसँग मान-सम्मानको व्यवहार हुन्छ । नीतिनिर्माण, कानून निर्माण, विकास निर्माणजस्ता सबै कामहरूमा हामी प्रतिपक्षको साथ लिएर सँगसँगै अगाडि बढ्न चाहन्छौँ । हामीलाई आफ्ना मान्छे, हाम्रा मान्छे होइन राम्रा मान्छे, सक्षम, योग्य र देशलाई माया गर्ने मान्छे चाहिन्छ । हामी त्यस्तै राम्रा र योग्य मान्छेको साथ लिएर अगाडि बढ्छौँ ।

भारतकी एउटी कलाकारले हिजो एउटा अभिव्यक्ति दिइन् । उनको बिहे भएको रहेन छ । तपाईँ कस्तो प्रेमी चाहानु हुन्छ, कस्तो केटासँग विवाह गर्नुहुन्छ भनेर सोद्धा उनले भनिछन् 'मलाई अरू केही चाहिँदैन, मेरो लागि देशभक्त केटा हुनुपर्छ । देशलाई माया नगर्नेले अरूलाई के माया गर्छ ?' एउटा कलाकारको भावना त त्यस्तो छ । हामी त देश बनाउने मान्छे । हाम्रो पहिलो शर्त नै देश हो, देश बनाउने कुरो हो । सकारात्मक परिवर्तन ल्याउने हो । हामीले देश र जनतालाई माया गर्नुपर्छ । हरेक काम देश र जनताकै हितमा गर्नुपर्छ । हामी के गरिरहेका छौँ भन्ने कुरा जनतालाई बुझाउनु पनि पर्छ । हाम्रा कामकुरा नबुझेर कोही हामीसँग नकारात्मक छ भने उसलाई पनि बुझाउनु पर्छ ।

हामी सरकारी संयन्त्रहरूलाई संविधान र कानूनअन्तर्गत चलाउँछौँ, निष्पक्ष ढंगले चलाउँछौँ । हरेकले नियम-कानूनअनुसार काम गर्नुपर्छ । हाम्रो पाँच वर्षको कार्यकाल नेपालको इतिहासमै विकास-निर्माणको अभूतपूर्वकाल हुनेछ । अबको पाँच वर्ष - विकासको समय, समृद्धिको समय, अग्रगमनको समय, शान्ति-सुव्यवस्थाको समय, सुशासनको समय, अमनचयनको समय र भ्रष्टाचार नियन्त्रणको समय हुनेछ । हामी इ-गभर्नेन्सतिर जान्छौँ, आधुनिकीकरणतर्फ जान्छौँ । अबको पाँच वर्ष आधुनिकीकरणको पाँच वर्षका रूपमा रहने छ । अबको पाँच वर्ष नेपालको इतिहासमा ऐतिहासिक र उल्लेख्य पाँच वर्ष बन्ने छ ।

म सांसद साथीहरूलाई आग्रह गर्न चाहन्छु देश बनाउने महान् अभियानमा हामी छौँ । त्यसैले सानातिना कुरामा नअल्झिनोस् । कम्युनिष्ट आचरण र जीवनशैलीका दृष्टिले खान नमिल्ने कुरा नखानोस्, जान

नहुने ठाउँमा नजानोस् र गर्न नहुने काम नगर्नोस् । जनताका लागि काम गर्ने शपथ खाएर सांसदमा निर्वाचित हुनुभएको छ । त्यसैले जनताले मन नपराउने आचरण र व्यवहार गर्दै नगर्नोस् । कवि हरिभक्त कटुवालले एउटा कविता लेख्नुभएको छ - 'जूनलाई टाढैबाट हेरौँ, नजिकबाट हेऱ्यो भने दागी देखिनसक्छ । मलाई पनि टाढैबाट हेर प्रिय, नजिकबाट हेरियो भने दागी देखिनसक्छु ।' यस्तैयस्तै भावको कविता छ । मेरो भनाइ छ - हाम्रा नेताहरू, हाम्रा जनप्रतिनिधिहरू, हाम्रा मन्त्रीहरू, हाम्रा माननीयहरू जति नजिकबाट हेऱ्यो त्यति सुकिलो देखिनुपर्छ । दागहीन देखिनुपर्छ । नजिक आएपछि दागैदाग, फोहोरैफोहोर देखिनु हुँदैन । भ्रष्टाचारविरोधी कुरा गरेको सुन्दा मीठो लाग्ने तर नजिकै गएर हेर्दा आफैँ भ्रष्ट देखियो भने के हुन्छ ? टाढाबाट देख्दा सदाचार र नैतिकताका ठूलाठूला कुरा गरेको देखिने तर नजिक गएर हेर्दा अनैतिक देखियो भने के हुन्छ ? आफ्नै मानिसको समेत मन भाँचिन्छ । यस्तो हुनुहुँदैन । हामीलाई जनताले नजिकैबाट हेर्न पाउनुपर्छ । बिहान, दिउँसो, राति जुनसुकै बेला नजिकबाट हेर्न पाउनुपर्छ । जहाँबाट जतिबेला हेर्दा हामीमा दाग देखिनु हुन्न ।

तपाईँका वरिपरि व्यक्तिगत स्वार्थका अनेक मानिस हुनसक्छन् । ठेक्कापट्टा, सरुवा-बढुवा आदिका फाइलमा कसैले तपाईँका नाममा अनेक चीज गरिराखेको हुनसक्छ । त्यस्ता फाइल बोकेर नहिँड्नोस् । त्यस्ता फाइल बोकेर साध्य हुँदैन । तपाईँबाट काम लिनका निम्ति त्यो व्यक्ति तपाईँको हुन्छ । व्यक्तिगत फाइदाका लागि लाग्नेहरू केही समयका लागि तपाईँकै हुन्छन् । काम लिइसकेपछि उनीहरू तपाईँका हुँदैनन् । अरूकै भैसकेका हुन्छन् । त्यसैले त्यस्ता स्वार्थीहरूका पछि नलाग्नोस् । हर्दम जनताकै मात्र पछि लाग्नोस् । तपाईँलाई फाइल नै बोक्नु छ भने गाउँ विकास र देश विकासमा फाइल बोकेर हिँड्नोस् ।

हामी सांसद हौँ । संसदमा हाम्रो उपस्थिति हुनैपर्छ । हाम्रा सरकारी कार्यालयहरूभित्र एउटा भाषा छ 'हाटा' भन्ने । सरकारी कर्मचारीका बीच यो शब्द निकै प्रचलित छ । 'हाटा' भनेको 'हाजिर' गर्ने अनि 'टाप' कस्ने हो । हामी त्यसरी 'हाटा' गर्न आएका होइनौँ । त्यस्तो गर्नु नैतिक कुरा

पनि होइन । अनैतिक काम हामीले गर्नै हुन्न । हामी त काम गर्न आएका हौँ । आफ्ना विषयहरूमा हामी अध्ययन गर्छौँ । संसदमा समितिहरू हुन्छन् । जिम्मेवारीका विषयहरू छुट्याएर समितिहरू बनाइएका हुन्छन् । समितिका छलफलहरूमा आफ्नो भूमिकालाई गहन रूपमा प्रस्तुत गर्नुपर्ने हुन्छ किनभने हामी त्यही समितिमाथि भरपरेका हुन्छौँ । समितिको रिर्पोटमाथि नै भरपरेका हुन्छौँ । समितिमा सांसदहरूले गरेको अध्ययन र प्रतिवेदनहरूमाथि नै भरपरेका हुन्छौँ । त्यसकारण तपाईँहरू हरेक विषयमा गम्भीर भएर लाग्नुपर्छ । हामीले कुनै पनि विषयलाई हलुका रूपमा लिएर बेवास्ता गर्न मिल्दैन ।

हामीले अनुशासनको विषयमा पनि छलफल गर्नु छ । कहिलेकाहीँ मनलाग्छ - यो पो राम्रो, यो पो साँचोजस्तो । अर्को हाम्रो आन्दोलन 'हिरो' हो, हाम्रो पार्टी 'हिरो' हो । हाम्रो संसदीय दल 'हिरो' हो । पार्टीभन्दा जान्ने म, आन्दोलनभन्दा जान्ने म, संसदीय दलभन्दा जान्ने म भयो भने के हुन्छ ? त्यो 'पर्सनल हिरोइज्म' हुन्छ । हाम्रो पार्टीका नीति छन् । अरूका 'च्याप्टर क्लोज', मेरा विनासित्तिका 'च्याप्टर ओपन' भन्ने भ्रम राखेर चल्ने होइन । हरेकले अनुशासित ढंगले चल्ने काम गर्नुपर्छ ।

हामी नयाँ संकल्पका साथ, नयाँ उत्साहका साथ यहाँ आइपुगेका छौँ । अप्ठ्याराहरू छन्, कठिनाइहरू छन्, व्यवधानहरू छन् तर हामी जनतालाई निराश हुन दिदैनौँ, जनताको विश्वास घट्न दिदैनौँ । जनतामा आशावादिता जाग्नुपर्छ । 'भन्नेले भन्दै गर्छ । सुन्दासुन्दा मेरा कान त गोरूका जस्ता भैसके, गैँडाको छालाजस्ता भैसके; जसले जे भनेपनि केही मतलब छैन' भन्ने सोच्नु हुँदैन । कसैलाई केही भन्ने ठाउँ हामीले दिनुहुन्न । केही विषय नपाएपछि विरोधका लागि विरोध गर्ने त हुन्छन् नै । तर पनि हामीले यथार्थमा टिप्पणीयोग्य ठाउँ दिनुहुँदैन ।

तपाईँहरूलाई लागेको होला पार्टी एकता त हुन्छ ? म भन्छु - किन हुँदैन ? अवश्य हुन्छ । जनताको शक्तिलाई एकताबद्ध बनाउनु परेन ? जनतालाई एकजुट बनाउनु परेन ? जनतालाई एकजुट बनाउने भनेको के ? जनता दुई कम्युनिष्ट पाटी नेकपा (एमाले) र नेकपा (माओवादी

केन्द्रं) को पक्षमा छन् । अनि हामी नमिलीकन जनता एकजुट कसरी हुन्छन् ? जनतालाई एकजुट बनाउन पनि पार्टी एकताको विकल्प छैन । हामी एक हुन्छौँ । पार्टी एकताको काम प्रक्रियागत ढंगमा अगाडि बढिरहेको छ । हाम्रो एकतालाई टुटाउन कसैले पनि सक्दैन ।

हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध एकदमै राम्रो छ । हाम्रा छिमेकीहरूसँगको सम्बन्ध राम्रो छ । भारतसँगको सम्बन्ध राम्रो छ । अहिलेको निर्वाचनको परिणामलाई भारतले सकारात्मक ढंगले लिएको छ र सहकार्य गर्ने तत्परता देखाएको छ । चीनले तत्परता देखाएको छ । त्यस्तै, बंगलादेश, पाकिस्तानले पनि सहयोग गर्ने तत्परता देखाएका छन् । हामीलाई अमेरिका, बेलायत, जापान, कोरिया सबैले समर्थन गरेका छन् । हाम्रो विजयलाई स्वागत गरेका छन् । हामीसँग अपेक्षा पनि गरेका छन् । हामीसँग मिलेर काम गर्ने इच्छा जाहेर गरेका छन् ।

हाम्रा घुँडाहरूमा, कुइनाहरूमा घाउखत होलान् तर हामी घुँडा,कुइना घाउखत बनाएर भएपनि लडेर आएको इतिहास र अनुभव बोकेकै छौँ । हामीले आजको परिस्थितिअनुसारको मार्क्सवादी दर्शन, मार्क्सवादी लेनिनवादी सिद्धान्त, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक प्रणाली अपनाएका छौँ । आवधिक निर्वाचन, पृथकीकरणको सिद्धान्त, लोकतन्त्रका आधारभूत मूल्य-मान्यताहरू हामीले अपनाउँदै आएका कुराहरू हुन् । हामी सफल पनि भएका छौँ । सफलतामा अझै अगाडि बढ्नु छ । त्यसकारण साथीहरूलाई आग्रह गर्न चाहन्छु - आत्मविश्वासका साथ, उत्साहका साथ, दृढताका साथ, एकताबद्ध भएर हामी अगाडि बढौँ । नेपाल बनाउने संकल्प हाम्रो साझा संकल्प हो । नेपाल बनाउने संकल्प हाम्रालागि अपरिर्वतनीय संकल्प हो । यो कसैले असफल पार्न नसक्ने संकल्प हो । त्यही असाधारण संकल्प पूरा गर्ने काममा हामी सबै समर्पित होऔँ ।

●

फागुन १९, २०७४

सन्दर्भ : संसदीय दलको संयुक्त बैठक

अहिलेको आवश्यकता
– आर्थिक समृद्धि

हाम्रो आर्थिक अवस्था कस्तो छ भन्ने बारेमा बताउन धेरै कुराहरू गरिरहनु पर्दैन । एउटै उदाहरणले धेरै कुरा बताउँछ । हामी सय रुपैयाँको किन्छौँ र सात रुपैयाँको बेच्छौँ । त्यो ९३ रुपैयाँ मेकअप गर्न पर्यटन, रेमिट्यान्स, वैदेशिक सहयोग सबै मिलाउँदा पनि पुग्दैन । हामी घाटामा छौँ । यो घाटाचाहिँ एउटा क्षेत्रको घाटा होइन, समग्र घाटा हो ।

यस्तो अवस्थालाई हामीले तत्काल उल्टाउन सम्भव छैन तर पाँच वर्षभित्र हामी उल्लेख्य रूपमा सुधार गर्नेछौँ । यसमा हामी प्रतिबद्ध छौँ । आउदा पाँच वर्ष अर्थात् आधा दशक अवधिको हामी असाधारण रूपले सदुपयोग गर्नेछौँ । हामी क्यालेण्डर बनाएर काम गर्नेछौँ । आउँदो पाँच वर्षको अवधि सदुपयोगको अवधि, सफलताको अवधि, उपलब्धिको अवधि, परिवर्तनको अवधि हुनेछ । हामी अब यताउता लरबरिने छैनौ । आफ्नो लक्ष्यतिर सीधा जान्छौँ । भन्ने मात्रै होइन, काम गरेरै देखाउँछौँ ।

अहिलेको सरकार आफूलाई देश र जनताप्रति उत्तरदायी ठान्छ । सरकारमा पुग्नका लागि, सरकार गठन गर्नका लागि, पार्टीको जीतका लागि, नेताका साखको लागि मात्र यो सरकार बनेको होइन । यो सरकार देशका लागि हो, देशमा परिवर्तन ल्याउनका लागि हो, सुशासनका लागि हो, विकासका लागि हो, समृद्धिका लागि हो । यसर्थ यो सरकार भ्रष्टाचारका विरुद्धमा छ, भ्रष्टाचार बिरुद्ध निर्मम छ । यो 'भिजन'को पक्षमा छ, 'प्लानिङ'को पक्षमा छ, 'प्रोजेक्ट'को पक्षमा छ, कामको पक्षमा छ, उत्पादनको पक्षमा छ, रोजगारीको पक्षमा छ । त्यसकारण हाम्रा सम्पूर्ण तागत उत्पादन बृद्धिका निम्ति, रोजगारी सृजनाका निम्ति र रोजगारीका अवसरहरूका लागि हो । हाम्रा अवसरहरू पनि आकर्षक हुनु पर्छ । हामीले आकर्षक रोजगारीका थप अवसर सृजना गर्नैपर्छ । एकाइसौँ शताब्दीमा अहिले प्राप्त गरेको प्रविधि, विज्ञान प्रविधिले गरेका उपलब्धि, सञ्चारका क्षेत्रमा भएका उपलब्धिहरूको अधिकतम प्रयोग गर्नुपर्छ । आजको समय भनेको विज्ञान र प्रविधिको समय हो । हामी पुराना कागजका ढड्डा पल्टाएर बस्ने भन्दा ई-गभर्नेन्समा जान्छौँ । कतिपय साथीहरूलाई यो कुरा अहिले पत्यार नलाग्ला । हामी विद्यालयको पढाइमा पनि ई-लर्निङ, ई-टिचिङ विधिको उपयोग गर्नसक्छौँ । त्यसबाट एकैचोटि धेरैओटा विद्यालयमा पढाइ वा सिकाइ हुनसक्छ । आजको अत्याधुनिक प्रविधिलाई अपनाउन सक्छौँ । यसको अतिरिक्त हामी आफ्नैपनका अनेक कामहरू गर्नसक्छौँ । तपाईँहरूले 'एक्सपो'बाट एक-अर्काका अनुभवहरू सिक्नुहुनेछ, प्रविधिहरूका बारेमा जानकारी लिनुहुनेछ । 'एक्सपो'बाट नेपालले लाभ लिनसक्नु पर्छ ।

हामीले हाम्रो प्रविधिको प्रयोग कसरी भैरहेको छ, अरूको उत्पादन र उत्पादनको मोडेल कस्तो छ र हाम्रो कस्तो छ, हामी कसरी उन्नत ढंगले जान सक्छौँ भनी जान्नु आवश्यक छ । आजको जमाना प्रतिस्पर्धाको जमाना हो । हामी प्रतिस्पर्धामा जान चाहन्छौँ । हाम्रा उत्पादनहरूमा कमीकमजोरी छ भने अरूका सँग तुलना गरेर, हेरेर कहाँनिर के कमी छ पत्ता लगाई, कमजोरीलाई हटाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन सक्छौँ । प्रयत्न त अझ अरूको भन्दा धेरै गुणस्तरीय बनाउने गर्नुपर्छ । त्यसले हाम्रो निर्यात बढाउन सक्छ । व्यापार असन्तुलन न्यून गर्ने, सन्तुलनमा ल्याउने र अनुकूलतामा लाने तीन चरणका हाम्रा योजनाहरू हुन्छन् । पहिलो चरण असन्तुलन न्यूनीकरण, दोश्रो चरण अनुकूल वातावरणको सृजना गरेर सन्तुलन बढाउँदै लैजाने र तेश्रो, हाम्रा निम्ति अनुकूलतामा लैजाने । व्यापार अलिअलि त असन्तुलन त हुन्छ नै तर परिणाम हाम्रो पक्षमा हुनुपर्‍यो । हाम्रो धर्ती अत्यन्तै उपयोगी छ । त्यसका लागि हाम्रो व्यवस्थापन, हाम्रो संकल्प, हाम्रो योजना, हाम्रो प्रतिबद्धता र सोहीअनुसारको काम आवश्यक हुन्छ । यहाँ अन्तर्राष्ट्रिय प्रदर्शनीको कुरा पनि उठेको छ । अन्तर्राष्ट्रिय प्रर्दशनीका लागि उपयुक्त ठाउँ आवश्यक छ । चोभार उपयुक्त हुन्छ अथवा अरू कुन ठाउँ हुन्छ सरकारले यहाँहरूलाई उपलब्ध गराउँछ । त्यो कति उपयुक्त छ, हेर्छु । मैले किन यसो भनेको भन्दा जो अगाडि बढ्यो त्यसलाई राम्रो भन्ने चलन छ । कसैले केही भन्यो हुन्न नभन्ने हुन्छ भन्ने, जसो गरेपनि हुन्न नभन्ने तर गर्नचाहिँ नगर्ने । म भन्न चाहन्छु - पूर्वाधार पूरा नभएका, पूर्वशर्त नभएका त्यस्ता उद्योग प्रधानमन्त्रीले शिलन्यास गर्दैन । प्रधानमन्त्रीले शिलन्यास गरेपछि त्यो काम अगाडि बढेन भने त्यसलाई गम्भीरतासाथ लिनुपर्छ । हामी त्यसरी शिलन्यास गर्दै हिँड्ने तर काम नगर्ने भन्ने प्रचार भैराखेको छ । एउटा पुलको कतिपटक शिलन्यास भयो भन्ने मैले सुनेँ । धेरै नै पटक भयो । एउटै पुलको शिलान्यास धेरै प्रधानमन्त्रीले गर्नुभयो, सम्भवतः अरू मन्त्रीले पनि गर्नुभयो । एकपटक मैले पनि शिलन्यास गर्ने हो कि भन्ने कुरा आएको थियो । यो गिनिज बुकमा नाम लेखाउने कुरो हो र ? यस्तो तमासाको अर्थ छैन । हामीले काम गर्नुपर्‍यो, तयारी

गर्नुपर्‍यो । तयारी गरेपछि फटाफट ती कामहरू गर्नुपर्‍यो । भाउ घटाएर ठेक्का लिने अनि पछि ढिलो गर्ने चलन पनि छ । यो भएन भन्ने, त्यो भएन भन्ने त्यसपछि पैसा थप्ने प्रचलन छ । यस्ता तमासाहरू अब चल्दैनन् । चल्न दिइँदैन ।

हामीले आफ्नै निम्ति गरीबी नहटाई भएको छैन । औद्योगीकरण नगरी भएको छैन । हामी आफ्नै निम्ति देशलाई आधुनिकीकरण नगरी भएको छैन । हामीले दुई छिमेकी मुलुकबाट सहयोग समर्थन पनि प्राप्त गरेकै छौँ । हाम्रा छिमेकीहरू हामीसँग सहकार्य गर्न तयार छन् । हाम्रा मित्र राष्ट्रहरू हामीलाई सहयोग गर्न तयार छन् । यो ठाउँ लगानीका लागि अनुकूल छ । त्यसकारण यस पटकको मेलाबाट यहाँहरूले त्यो सन्देश अझ प्रभावकारी ढंगबाट सम्प्रेषण गर्नुहुनेछ भन्ने म ठान्छु ।

हाम्रो दिगो विकासको लक्ष्य पूरा हुनुपर्ने वा गर्नुपर्ने छ । सन् २०३० को डिसेम्बरसम्ममा ५ ओटा स्तम्भका १७ ओटा लक्ष्यहरू हासिल गर्न हामीले हस्ताक्षर गरेका छौँ । त्यसभित्र शिक्षा, स्वास्थ्य, रोजगारी, मानवअधिकार, सामाजिक चेतना, मानवविकास सूचकांकका कुराहरू छन् । यी लक्ष्यहरू हामीले सन् २०३० को डिसेम्बरसम्ममा गर्छौँ भनेर सन् २०१५ मा हस्ताक्षर गरिसकेका छौँ । त्यसलाई हामीले प्राप्त गर्नु छ । त्यो प्रतिबद्धता पूरा गर्नुभन्दा अगाडि नै हामीलाई चाहिएको छ - विकास । हामीलाई चाहिएको छ - समृद्धि ।

सरकार विकासका सवालमा निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्न चाहन्छ । हामी सहकारी क्षेत्रमार्फत कृषिको आधुनिकीकरण गर्नसक्छौँ, व्यावसायीकरण गर्न सक्छौँ । कृषिलाई आधुनिकीकरण र व्यावसायीकरण गर्दा साना र मझौला घरेलु उद्योगहरू औद्योगीकरणतर्फ, आधुनिकीकरणतर्फ जान्छन् । त्यसले रोजगारीका अवसरहरू सृजना गर्छ, आधुनिक प्रविधि पनि भित्र्याउँछ । परम्परागत पुरानो कृषिभन्दा पृथक औद्योगिक चेतना पनि जगाउँछ । त्यसले सानो लगानीमा ससाना ठाउँहरूमा देशभरि रोजगारीका अवसर सिर्जना गर्छ र उत्पादन पनि बढ्छ । सबैभन्दा महत्वपूर्ण कुरा उत्पादन वृद्धि र

रोजगारीका अवसरहरूको सृजना हो । हामी त्यस पक्षमा छौँ । कृषिको आधुनिकीकरण सानो 'स्केल'मा मात्र गर्नुपर्छ भन्ने छैन । कृषिका अन्य क्षेत्रहरू - फलफूल, पशुपालन, मत्स्यपालन, पोल्ट्री, दुग्ध उत्पादनजस्ता धेरै क्षेत्र छन् । हामी कृषिमा आधारित सबै क्षेत्रमा काम गर्न सक्छौँ । पर्यटन वातावरणमा पनि सुधार गर्छौँ । सडक यातायातलाई व्यवस्थित गर्छौँ । अहिलेकै अवस्थामा कुनै पर्यटक एकपटक टुरिस्ट बसबाट चन्द्रागिरी गयो भने फेरि अर्को पटक जान मान्ला ? कलंकीबाट पर पुग्दा उसको शरीर थिलथिलो भैसकेको हुन्छ, थकित भैसकेको हुन्छ । फर्किएर जाने अर्को बाटो छैन । अनि अर्को पटक ऊ किन जान्छ ? यस्ता कुरामा पनि हामीले ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

महिला दिवसको पूर्वसन्ध्यामा मैले हिजो बेलुका मात्रै महिला उद्यमी-व्यवसायी महासंघका पदाधिकारीहरूसँग भेटेको थिएँ । मलाई खुशी लाग्यो । उहाँहरूले केही महत्वपूर्ण कामहरू गरिराख्नु भएको रहेछ । उहाँहरूले आफ्ना उत्पादनहरू निर्यात गरिराख्नु भएको रहेछ । यो अझै खुशीको कुरा हो । सम्भवतः उहाँहरूले स्टलहरू पनि राख्नु भएको होला । यस्ता मेलाहरूबाट आफ्ना उत्पादनहरूलाई परिष्कृत गर्ने, परिमार्जन गर्ने, नयाँ ढाचाँमा लाने, आकर्षक बनाउने र निर्यातयोग्य बनाउने कामहरू गर्नु उपयुक्त हुन्छ ।

सन् २०२० मा दुबईमा इन्टरनेशनल एक्सपो हुँदैछ, २०२५ मा अन्त कतै । त्यसमा नेपालको तयारी राम्रो होस् । मेरो शुभकामना छ । हाम्रो सहभागिताले अरूलाई आकर्षित गरेको हुनुपर्छ । हामीसँग समय छ । सन् २०२० र २०२५ को 'एक्स्पो'मा हाम्रो तयारी स्तरीय हुनुपर्छ । मेला जहाँसुकै होस्, नेपालको 'पर्फर्मेन्स', नेपालको 'प्रिजेन्स' प्रभावकारी हुनुपर्छ । नेपालका स्टलहरूको कारोबार, भिजिटर र प्रशंसकको संख्या पनि ठूलो हुन सकोस् । त्यसले हाम्रा उत्पादनहरूको माग बढाएको हुनुपर्छ । सन् २०२० को 'एक्सपो'को उपस्थितिले यस दिशामा कामहरू गर्नुपर्छ । म त्यतापट्टि पनि ध्यान जाहोस् भन्ने आग्रह गर्न चाहन्छु ।

हाम्रो राजनीतिक अधिकार प्राप्तिको लडाईँ सकिएको छ । अब हाम्रो सम्पूर्ण 'फोकस' आर्थिक विकास र समृद्धितर्फ छ । त्यसका निम्ति हामीले आफ्ना सबै प्रयत्नहरू, प्रयासहरू, बुद्धिहरू, साधन श्रोतहरू सबै केन्द्रित गर्नुपरेको छ । त्यसका लागि सबै साधनश्रोतको पूर्णसदुपयोग गर्नु आवश्यक छ । हाम्रा हरेक पाइला विकासतिर, हाम्रा हरेक पाइला समृद्धितिर अगाडि बढाउनु परेको छ । हाम्रो सम्पूर्ण प्रयास समृद्धिका लागि । हाम्रो अन्तर्राष्ट्रियसम्बन्ध, शान्ति, स्थायित्व सबै समृद्धिका लागि । हाम्रो मित्रता, विदेशी लगानी सबै हाम्रो समृद्धिका लगि । हरेक चीज समृद्धिका लागि । हरेक चीज आजका लागि । आजभन्दा बढी भोलिका लागि । भोलिको नेपाल एउटा सुरक्षित, सम्मानित, स्वाभिमानी र विकसित समृद्ध नेपाल र सुखी नेपालीको - नेपाल । त्यसैकारण हामीले नारा दिएका हौँ 'समृद्ध नेपाल - सुखी नेपाली' । यसलाई साकार पार्न हामी सबै क्रियाशील होऔँ । मेरो सबैमा आग्रह र अनुरोध छ ।

●

फागुन २४, २०७४
सन्दर्भ : इन्टरनेशनल ट्रेड फेयर

अब तराईमा रेल कुद्छ

नेपालको बारा जिल्लाको सिमरामा नयाँ कामको थालनी भएको छ । विशेष औद्योगिक क्षेत्र निर्माणको सिलसिलामा आज गार्मेन्ट प्रशोधन ब्लकको शिलन्यास भएको छ । हामीले विशेष अठोटका साथ यो काम शुरु गरेका छौँ । विशेष औद्योगिक क्षेत्रअन्तर्गत यहाँ उद्योगका विभिन्न ब्लकहरू हुनेछन्, जसका उत्पादनको ठूलो अंश निर्यातकेन्द्रित हुनेछ ।

आजको यस आरम्भले धेरै कुराको संकेत गरेको छ । यहाँका जनताको विकासका आकांक्षाहरू पूरा गर्ने काम शुरु भएको छ । यहाँका जननिर्वाचित प्रतिनिधिहरू जसले जनताको चाहना पूरा गर्छौं भनेर निर्वाचनमा भोट मागेका थिए र जनताले पनि त्यही विश्वासमा उनीहरूलाई भोट दिएका थिए, त्यो विश्वास पूरा गर्ने कामको शुभारम्भ भएको छ । गार्मेन्ट प्रोसेसिङ इन्डस्ट्रिजको शिलान्यासबाट यहाँ विशेष औद्योगिक क्षेत्र निर्माण कार्यको आरम्भ भएको छ ।

विशेष औद्योगिक क्षेत्र भन्नुको अर्थ यहाँ औद्योगिक विकासका लागि विशेष प्रकारका सुविधा प्रदान गरिएका हुन्छन् । त्यसमा हामीले प्रतिबद्धता जनाएका छौं । जमीन, मेसिन आयात, कच्चा पदार्थ, ट्याक्स आदिमा सुविधा दिने काम सरकारले गर्छ । जमीनको भाडा बढी भयो भन्ने छ । यस सम्बन्धमा छलफल भइरहेको छ । औद्योगिक विकासका लागि सरकारले समस्या सुल्झाउँछ ।

सार्वभौमसत्ता नेपाली जनतामा छ । त्यसमा कुनै परिवर्तन हुदैन । सार्वभौम, सर्वाधिकार सम्पन्न जनता हुन् । लोकतन्त्रमा जनताको निर्णय नै सर्वोपरि हुन्छ । यसमा तलमाथि हुँदैन । बाँकी कुरा त हामी परिवर्तन गर्न सकिहाल्छौं । केही मिलेन भने मिलाइहाल्छौं ।

कहिलेकाहीँ मान्छेहरू भन्छन् - यो फेर्न मानेन, ऊ फेर्न मानेन, यो मान्दैन, त्यो मान्दैन । मैले अहिले भनेका बाहेक बाँकी कुरा फेर्न सकिन्छ । संविधान परिवर्तन हुनसक्छ, कानून परिवर्तन हुनसक्छ, नियमहरू परिवर्तन हुनसक्छन् । एकपटकका निर्णयहरू अर्कोपटक परिवर्तन हुनसक्छन् । देशलाई चाहियो भने, जनतालाई चाहियो भने, विकासका लागि चाहियो भने त्यस्ता कुराहरू किन परिवर्तन नहुनु, हुन्छन् ।

हामी नयाँ युगमा प्रवेश गरेका छौं । अब ठाउँठाउँमा, क्षेत्रक्षेत्रमा, जिल्लाजिल्लामा विशेष उद्योगधन्दा र विकासका कार्यक्रमहरू लागू हुन्छन् । कृषिको आधुनिकीकरण गर्ने योजना सरकारले बनाएको छ ।

त्यसैकारण बारामा विशेष कृषि कार्यक्रमअन्तर्गत मत्स्यपालनलाई राखिएको छ । यस्ता अनेक विशेष आयोजनाहरू हामी सञ्चालन गर्छौं । भैरहवामा विशेष औद्योगिक क्षेत्रको काम भइसकेको छ । अब यहाँ पनि शुरु भएको छ । प्रदेश-प्रदेशमा ठूला औद्योगिक क्षेत्र निर्माण गरिने छन् । कति परीक्षण 'बेसिस' मा छन् । अब सबै कार्यान्वयन 'बेसिस' हुन्छन् । सरकारले कृषिको आधुनिकीकरणसम्बन्धी कार्यक्रम अगाडि सारेको छ । कृषिको आधुनिकीकरणमा त्यसका धेरै पक्षहरू पर्छन् । भूमि ब्यवस्थापनदेखि नै कृषिको आधुनिकीकरण शुरु हुन्छ । जमीन टुक्रिँदै गएको छ । टुक्राटुक्रा जमीनबाट केही हुन सक्दैन । ठूलो मात्रामा एकै प्रकारको खेती कसरी गर्न सकिन्छ, त्यसले मात्रै कृषिको आधुनिकीकरण हुनसक्छ, व्यावसायीकरण हुनसक्छ । त्यसले मात्र ठूलो मात्रामा प्रतिफल दिनसक्छ । त्यसलाई हामीले अगाडि बढाएका छौं ।

म यस प्रदेशका मुख्यमन्त्रीज्यूलाई भन्न चाहन्छु - भर्खर घर बनाउँदै गर्दा तपाईंको कोठा अलि मिलेको हुँदैन, झ्यालको खापा मिल्या हुँदैन । घर बनाउदै गर्दा खाट बनिसक्या हुँदैन । मैले एउटा योजना बनाएको थिएँ पहिले । संघीयतामा जाने भएपछि यो चुनाव यसबेला गर्ने, अर्को चुनाव त्यसपछि गर्ने भनेर । चुनावको समय तोकेर सरकारले घोषणा नै गरेको थियो । तर म सरकारबाट हटेपछि त्यो घोषणा नै अलपत्र भयो । प्रदेशहरूमा हामीले सरकार बनायौं । सरकार बनाउँदा बस्ने ठाउँ नै छैन । सरकार बनाउनु छ तर बस्ने ठाउँ छैन । बनाउनु छ मन्त्री, तर मन्त्री चढ्ने गाडी नै छैन । यस्तो अवस्था बेहोर्‍यौं हामीले ।

संघीयतामा हामी गयौं । हाम्रा लागि यो नयाँ अभ्यास हो । हामीसँग ७ सय ६१ वटा सरकार छन् । संघीय सरकार एउटा, प्रदेश सरकार ७ वटा र ७ सय ५३ वटा स्थानीय तहका सरकार गर्दा ७ सय ६१ वटा सरकार । हामीमा एउटामात्र सरकार चलाइराख्नेको बानी छ । अरूको त तयारी नै छैन । यस अवस्थामा कतिपय कुराहरू मिलाउन बाँकी छन् । सबै कुरा मिल्दै जाने छन् । हामी मिलाउँदै जान्छौ ।

देश अब गरीबी, निरक्षरता र अभावमा बाँच्न सक्दैन । हाम्रो बुद्धिले नदिएर, नभ्याएर पनि धेरै कुरा बिग्रेका छन् । उदाहरणका निम्ति म दुई ठाउँको कुरा गर्न चाहन्छु । पहिले माछापुच्छे गाउँपालिकाको कुरा गरौँ । माछापुच्छ्रे गाउँपालिका कास्की जिल्लामा छ । माछापुच्छ्रे हिमालकै फेदमा त्यो गाउँपालिका छ । त्यहाँ सबै मान्छे साक्षर छन् । घर नजिक विद्यालय नभएपनि, हिँडेर टाढासम्म जानु पर्ने भएपनि त्यहाँका ९६ प्रतिशत बालबालिका विद्यालय भर्ना हुन्छन्, पढ्छन् । अर्को गौर नगरपालिकाको कुरा गरौँ । गौर नगरपालिका रौतहट जिल्लामा पर्छ । तराईको ठाउँ भएकाले यहाँ विद्यालय आवत-जावतमा धेरै समस्या छैन । विद्यालयहरू पनि घर छेउमै छन् । तर त्यहाँ कति विद्यार्थी विद्यालयमा भर्ना हुन्छन् ? माछापुच्छे गाउँपालिकाको भन्दा धेरै कम । अभाव र असुविधाभन्दा पनि चेतना नपुगेर त्यस्तो भएको हो । हामीले गाउँगाउँमा, टोलटोलमा र घरघरमा शिक्षाका बारेमा चेतना फैलाउनु जरुरी छ । यसमा स्थानीय सरकार र प्रदेश सरकारले पनि गहिरो गरी सोच्नु आवश्यक छ ।

हामीले त शिक्षाका लागि मरिमेट्नु पर्ने । तर हामी कुन ठाउँमा छौ थाहा छ ? हामी शिक्षाका लागि होइन, दाइजोका लागि मरिमेट्छौँ । बिहेमा गयो, सुन पुगेन भनेर बेहुला उठेर हिँड्छ । दुलही लिन गएको, मोटरसाइकल भएन भनेर फर्केर आउँछ । यसैबाट बुझिन्छ - कहाँ छ नेपाल । गाउँमा एउटी महिलाको अपमान भइरास्र्या छ । उनीमाथि कुटपिट भइरास्र्या छ । बोक्सीको आरोप लगाएर दिसापिसाब खुवाइरास्र्या छ । अनि धामीझाँक्री लगाउने काम भइरास्र्या छ । धामीहरूलाई भन्न चाहन्छु, बोक्सी लाग्यो भन्ने आरोप लगाउनेलाई भन्न चाहन्छु - मेरा विरुद्ध एक-दुई वटा मसान लगाउन । सबभन्दा खतरनाक कुन मसान छ त्यही लगाएर देखाऊ त । तर उनीहरू मलाई लगाउँदैनन् । किनभने म सचेत छु । मैले त्यस्ता मिथ्या र उडन्ते कुराहरूलाई बुझ्या छु । अनि गाउँमा एउटी निरक्षर,असचेत, निमुखा र निर्दोष महिलामाथि समाजलाई भाँड्नेहरू अमानवीय ढंगले तमासा मच्चाउँछन् । सचेतना कार्यक्रमहरू सञ्चालन गरेर त्यस्ता गतिविधिहरूलाई रोक्नुपर्छ । त्यसका लागि

स्थानीय तहबाट विशेष कार्यक्रमहरू सञ्चालन गर्नका लागि म विशेष आग्रह गर्दछु । हामीले समाजलाई परिवर्तन गर्नु छ । त्यसका लागि ससाना कामबाटै शुरु गर्नुपर्छ ।

हामीले देशलाई समृद्ध बनाउनु छ । यहाँ प्रसंगवश म चीनको कुरा गर्न चाहन्छु । चीन एउटा विशाल देश । ४० वर्षअगाडि चीन गरीब थियो । खान-लाउनै कठिन थियो । अहिले त्यहाँको जनसंख्या डेढ अर्ब छ । थोरै हो र भन्या, डेढ अर्ब । हाम्रो जनसंख्याभन्दा ५० गुना बढी । कसैले तिनीहरूलाई चिया खुवाउन पनि सक्दैन । अरू कुनै देशले एकछाक भात खुवाउने कुरा छोडिदिनोस् । तिनको बाटो कसले बनाइदिन्छ ? तिनका उद्योग कसले खोलिदिन्छ ? तिनलाई धनी कसले बनाइदिन्छ ? तिनलाई एकछाक भात खुवाउन दुनियाले सक्दैन भन्ने कुरा बुझेरै उनीहरूले आफ्नो देश आफैंले बनाउनुपर्छ भन्ने महसूस गरे । ४० वर्षअघिको त्यो गरीब देश आज कहाँ पुग्यो कहाँ । त्यो सबै आफैंले गरेर त हो । अहिले धनी र ठूला देश पनि पैसा चाहियो कि चीन जान्छन् । डलर त अमेरिकाको हो तर अहिले सबभन्दा बढी डलर चीनसँग छ । स्टर्लिङ पाउण्ड बेलायतको हो । तर सबैभन्दा बढी पाउण्ड चीनसँग छ । त्यस्तै, युरोपको युरो पनि सबैभन्दा बढी चीनसँग छ । त्यहाँको आर्थिक विकास आश्चर्यलाग्दो छ । यस्तो कसरी भयो ? आफ्नो काम आफैँले गर्नुपर्छ, आफ्नो देश आफैँले बनाउनुपर्छ भन्ने बोध भएपछि भयो ।

हामी नेपालीमा पनि अब त्यस्तो बोध हुनैपर्छ । आफ्नो देश बनाउन हामी आफैंले काम गर्नुपर्छ । यही कुरालाई बुझेर हामीले काम शुरु गरेका छौँ । पहिले भएन किनभने हामीले शुरु नै गरेनौ । तपाईंले पोखरी खन्नुभएको छैन, माछा पाल्नुभएको छैन भने माछा आउँछ कहाँबाट ? खेत खन्नुभएको छैन, धान रोप्नुभएको छैन भने फल्छ कहाँबाट ? गाईभैँसी पाल्नुभएको छैन भने दूध आउँछ कहाँबाट ? शुरुआत नै नगरीकन केही पनि हुँदैन । बल्ल शुरु भएको छ । आगामी दिनमा परिणामहरू देखिने छन् ।

यहाँका रुग्ण उद्योगहरू सञ्चालन गर्ने र विस्थापितहरूलाई पुनर्स्थापित गराउने कुरामा हामी छलफल गरिरहेका छौँ । विकासका लागि काम गर्ने र जनताको हितमा काम गर्ने सरकारले यस्ता समस्या समाधान गर्नुपर्छ । हामी यहाँका समस्या समाधान गर्ने कुरामा सकारात्मक छौँ ।

हिजो हामी राजनीतिक अधिकार प्राप्तिको संघर्षमा थियौं । मैले आधा शताब्दीभन्दा बढी लडाईँ लडेको छु । मैले संघर्ष थाल्दा जुँगाको रेखी बसेको थिएन । दाह्री पलाउन थालेको थिएन । ५० बर्षभन्दा बढी भयो राजनीतिक संघर्षमा जीवन बिताएको । जेलनेल,यातना, अपमान अनेक कुरा भोगियो । ती सबै राजनीतिक परिवर्तनकै लागि थिए । अब परिवर्तन गर्ने भनेको विकास र समृद्धिबाट हो । हामी त्यही अभियानमा लाग्नुपर्छ ।

हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा छौं । सार्वभौमसत्ता जनतामा छ । यसर्थ, जनताको अभिमत अनुसार सरकार चल्छ र जनताको अभिमतअनुसार बनेको सरकारले जनताको हितको निम्ति काम गर्छ । अहिलेको सरकार विकासका निम्ति हो, शान्ति र सुव्यवस्थाका निम्ति हो, सुशासनका निम्ति हो, राष्ट्रिय एकताका निम्ति हो र जनताको सुख अनि देशको समृद्धिका निम्ति हो । हामी एकपछि अर्को विकासका आयोजनाहरू ल्याउँछौ । यस्ता विशेष औद्योगिक क्षेत्रहरू, बाटाघाटा, अन्तर्राष्ट्रिय एयरपोर्ट, स्थानीय एयरपोर्ट, क्षेत्रीय एयरपोर्ट आदि निर्माणका कार्यहरू अगाडि बढ्छन् । काठमाडौँको एयरपोर्टमा प्लेन बस्न सकेन भने दिल्ली, लखनउ, पटना वा ढाका पुग्नुपर्छ । त्यस्तो किन गर्ने ? हाम्रो देशमा उत्रिनु पर्ने प्लेन अन्यत्र पुग्नुपर्ने स्थिति किन रहेको छ ? त्यस्तो स्थितिको अन्त्य गर्नु पर्दैन ? यस सिमरा एयरपोर्टको रनवे मात्रै अलिकति लामो बनाइदियो भने यहीँ बसिहाल्छ । हामीले त्यति पनि नगर्ने ? अब त्यस्ता कामहरू हुन्छन् ।

मैले रेलको कुरा गर्दा धेरैले ठट्टा-मजाकको विषय बनाए । रेल कुद्ने कहाँ ? हिमालको टुप्पामा रेल कुद्छ र ? रेल सबैभन्दा बढी

कुद्ने त तराईमा हो नि । यही मधेशमा हो नि । अब यही तराईमा कुद्छ रेल । काम भइरहेको छ । जनकपुर, महोत्तरीतिर चाँडै रेल कुद्दै छ । क्रमशः अरू ठाउँमा पनि रेल कुद्दै जानेछ । कतिले भने 'छुकछुक छुकछुक' गर्ने रेल भनेर । गीत गाउनेले पनि 'पूर्वपश्चिम छुकछुक गर्ने रेल' भनेर गीत गाए । त्यस्तो गर्नेले गरिरहुन् । नेपालमा रेल चलाउँछुभन्दा उडाउनेले उडाइरहुन् । तर अब रेल चल्छचल्छ । त्यो पनि तराईबाटै चल्छ । हिजोको जस्तो 'छुकछुक छुकछुक' गर्ने रेल होइन, सुलुलुलु कुद्ने रेल चल्छ । जमाना कहाँबाट कहाँ पुगिसक्यो । मान्छे फेरि पनि पछाडि फर्किर पुरानै छुकछुक गर्ने रेलको कुरा गर्छन् ।

हाम्रो देश बनाउनका लागि हामी नेपालीहरू एकजुट हुनुपर्छ । हामी एकजुट भएर विकासका काममा लाग्यौँ भने अरूले पनि साथ दिन्छन् । अहिलेको अवस्था आउँछ भनेर कतिले साचेकै थिएनन् । नेपाल-भारतसम्बन्ध यसरी नयाँ उचाईमा उठ्छ र सुमधुर भएर जान्छ भन्ने कुरा कतिको सोचाइमै थिएन । नेपाल-भारत सम्बन्ध नयाँ ढंगले नयाँ उचाइबाट अगाडि बढेको छ । चीनसँगको हाम्रो सम्बन्ध राम्रो छ । विश्वसँगको सम्बन्ध बराबरीको हैसियतमा, सार्वभौम समानताको हैसियतामा, पारस्परिक लाभ र सम्मानको हैसियतमा सुमधुर बनेको छ । हाम्रा सहकार्यहरू बढेका छन् । हाम्रो विकास र समृद्धिमा हामी सबैको सहयोग लिनसक्छौँ ।

मैले यहाँका उखु किसानका समस्यालाई बुझेको छु । किसानका अरू समस्याहरूलाई बुझेको छु । न्यूनमत मूल्य, समर्थन मूल्यदेखि किसानले पाउनुपर्ने उचित मूल्य निर्धारण गर्ने कुरामा सरकार किसानहरूको साथमा छ । किसानहरूले न्यायोचित मूल्य पाउन् र अर्कोतिर उद्यमीहरूको पनि व्यवसाय चलोस् भन्ने कुरामा सरकारले ध्यान दिएको छ । यस विषयमा एकपक्षीय ढंगले, एकातिरमात्रै ध्यान दिएर समस्याको समाधान हुनसक्दैन ।

हाम्रो समाज विविधतामा आधारित छ । यो विविधता हाम्रो समाजको विशेषता हो । समाजमा आपसी सहयोग, विश्वास, सद्भाव

र सहिष्णुतालाई कायम राखेर हामी बसेका छौँ । सामाजिक विविधता हाम्रो सम्पन्नता हो, हाम्रो सम्पदा हो । यसलाई हामीले हाम्रो सामाजिक सौन्दर्यको रूपमा अगाडि बढाउनुपर्छ । हाम्रो यस्तो समाजमा सामाजिक सद्भाव भड्काउने र वैमनश्यता फैलाउने गतिविधि हुन दिनुहुन्न । राजनीतिक आवरणमा हत्याहिंसा र आपराधिक काम गर्ने छुट कसैलाई हुनेछैन । अब नेपाली जनतालाई दुःखदिने काम कसैले नगरोस् ।

यो प्रदेश नं. २ पछाडि परेको छ । यो पछाडि पर्ने ठाउँ हो र ? तराईको यति उर्वर ठाउँ कसरी पछाडि पऱ्यो ? कतिपय सुगम ठाउँ समेत किन पछौटे अवस्थामा रहे ? किनभने विगतमा यस क्षेत्रको विकासका लागि कुनै योजनाबद्ध सोच नै बनाइएन । यस बारेमा हामीले सोच्नुपर्छ । हामीले सोचिसकेका छौँ । तराईको विकासका लागि भनेर सरकारले छुट्टै र विशेष किसिमले विकास योजनाहरू अगाडि सारेको छ । यस क्षेत्रमा शिक्षा, स्वास्थ्यसम्बन्धी सामाजिक चेतनाको विकासका लागि समेत सरकारले विशेष ध्यान दिएको छ । पहाडको तुलनामा यहाँ बाटो बनाउनुपऱ्यो भने सजिलो छ, सडक बनाउनुपऱ्यो भने सजिलो छ, नहर र पैनी बनाउनपऱ्यो भने सजिलो छ, खेतीपाती गर्न सजिलो, अन्य विकास निर्माणका लागि पनि यो ठाउँ सजिलो छ, तैपनि यो क्षेत्र पछाडि परेको छ । यति सुन्दर ठाउँ, यति उर्वर ठाउँ र यति सहज ठाउँको विकास नभए कुन ठाउँको विकास हुन्छ ? त्यसैले अब सरकारले विकास र समृद्धिका योजनाहरूलाई तराईमा लागू गर्छ । यहाँका रुग्ण उद्योगहरू राम्रोसँग सञ्चालनमा आउँछन् । यहाँको कृषिलाई आधुनिकीकरण गरिन्छ । रोजगारीका अवसरको सिर्जना हुन्छ । सीपहीनलाई सीप सिकाइन्छ ।

केही साथीले नागरिकताको कुरा उठाउँछन् । नागरिकताको प्रसंग कुनै समस्या नै होइन । नेपाली नागरिकका छोराछोरीले वंशजका आधारमा नागरिकता पाउँछन् । त्यसमा के चाहिँ समस्या भयो र ? जन्मसिद्धका छोराछोरीले वंशजका आधारमा नागरिकता पाउँछन् । यत्रो वर्षसम्म यो फलानाले गर्दा भएन, त्यो फलानाले गर्दा भएन भन्ने,

आफैँ सरकारमा बस्ने तर केही पनि नगर्ने अनि भएन भन्ने प्रवृत्तिलाई हामीले देखेकै छौं । अब म प्रधानमन्त्री भएर आएको छु, सबै काम हुन्छ । म कसैलाई दोष लगाउन, अपजस दिन आएको होइन । अपजस लगाउन आएको भए अरूजस्तै अपजस लगाएर बसिरहन्थे । अंगीकृत के जन्मसिद्ध, जन्मसिद्ध नागरिक होइन ? जन्मसिद्ध नागरिकताको प्रमाणपत्र लिएका आमाबाबुका छोराछोरी वंशजका आधारमा नागरिक त्यसै हुन्छन् । त्यसमा कानूनी हिसाबले, प्राविधिक हिसाबले कुनै झन्झट आयो भने त्यो झन्झटलाई समाधान गर्न सकिन्छ । कानूनमा कुनै समस्या छ भने हामी समाधान गर्छौं ।

मैले भर्खरै संसदबाट विश्वासको मत लिएँ । कसले मलाई भोट हाल्यो र कसले हालेन भन्ने कुरामा म ख्याल गर्दिनँ । तपाईँहरूले भोट नहाल्या भए म कसरी प्रधानमन्त्री बन्थेँ र ? मैले संसदमा ७८ प्रतिशत मत पाएँ । मधेशकेन्द्रित दलहरू - मधेशी जनअधिकार फोरम र राष्ट्रिय जनता पार्टी केपी ओलीको नाम नै सुन्न चाहँदैनन्, उनीहरूले कसरी भोट हाल्लान् र भनेर हल्ला गरिन्थ्यो । भोट हाल्दा त राजपा र फोरम दुवैले केपी ओलीकै पक्षमा हाले । केपी ओलीले पक्कै पनि केही काम गर्छ भन्ने सबैलाई थाहा छ । अनि काम गर्नेलाई भोट हाल्नु परेन ?

जे होस्, सबैले मलाई विश्वास गर्नुभएको छ । त्यस विश्वासमा कुनै तलमाथि हुँदैन । नेपालको विकास, समृद्धि, स्वाभिमान र स्वाधीनताका लागि म समर्पित रहने छु । अहिलेको सरकार जनताको सुखका लागि हो, नेपाली जनतालाई सुखी बनाउनका लागि हो । देशलाई समृद्ध बनाउनका लागि हो । यस अभियानमा म सबैको सहयोग चाहन्छु ।

●

चैत्र १८, २०७४

सन्दर्भ : बाराको सिमरामा गार्मेन्ट प्रशोधन उद्योगको शिलान्यास

सहकारीको योगदान महत्वपूर्ण

नेपालको सहकारी आन्दोलनले छ दशकभन्दा बढी समय पार गरिसकेको छ । यी छ दशकहरू वास्तवमा अप्ठ्यारा र प्रतिकूलताका दशक थिए, कठिनाइका र संघर्षका दशक थिए । त्यसका बाबजुद पछिल्लो दशक सहकारीका लागि सफलताको दशकको रूपमा रहेको अनुभव गर्न सकिन्छ ।

सहकारीको सिद्धान्तको बारेमा म धेरै चर्चा गर्न चाहन्न । विगतमा सहकारी कहिले भेलको रूपमा, कहिले आन्दोलनका रूपमा, कहिले

योजनाबद्ध अभियानको रूपमा र कहिले संगठित अभियानका रूपमा देखिने गरेको अनुभव हामीसँग छ । कहिलेकाहीँ सहकारीले आफ्ना अनुशासनलाई नबुझ्दा वा त्यसभित्रको दायरामा बस्न नसक्दा वा अभ्यासका कमीले कतिपय पक्षहरूमा आलोचनात्मक टिप्पणीहरू सुन्नु परेको पनि छ । तर सहकारी आन्दोलन आलोचनात्मक टिप्पणी गरेजस्तै मात्रैचाहिँ होइन । सहकारीको सम्बन्धमा भएका कतिपय कमजोरीलाई माध्यम बनाएर गरिएका टिप्पणी या प्रहार सहकारी आन्दोलनका नाममा भएका विकृत पक्षहरू होलान्, गलत चित्रणहरू वा गलत अभ्यासहरू होलान् तर त्यो नै सहकारी आन्दोलनचाहिँ होइन । हाम्रोजस्तो देश, जो पछाडि परेको छ, अल्पविकसित छ र जो विकासको आकांक्षा राख्छ, त्यसका लागि सहकारी आन्दोलन अपरिहार्य आन्दोलन हो ।

हामी अल्पविकसित अवस्थामा छौँ । हामीसँग पूँजीको अभाव छ । भएपनि कम छ । हामीले विकासका लागि आवश्यक पूँजी परिचालन गर्न सकिरहेका छैनौँ । हामीलाई विभिन्न आयोजनाहरू पूरा गर्नु छ, उद्योगहरू स्थापना गर्नु छ र व्यापार बढाउनु छ । हामीले मानवश्रोतको विकास गर्नु छ । त्यसको समुचित प्रयोग गर्नु छ । देशलाई विकास गर्दै समृद्धिको बाटोमा लानु छ । सहकार्य वा सहकारीको भावना अर्थात् स-साना पूँजीहरू जम्मा गरेर ठूलो पूँजी बनाउने काममा सहकारीको योगदान महत्वपूर्ण छ ।

हाम्रो देशमा दुई तिहाई जनसंख्या कृषिमा आधारित भएर पनि कृषिप्रणाली पछाडि परेको अवस्था छ । हामी कृषिसम्बन्धी खोज, अध्ययन, अनुसन्धान, प्रशोधन, बजार वा बीउबिजनको उत्पादनजस्ता अनेक पक्षहरूमा पछाडि छौँ । गार्हस्थ उत्पादनमा कृषिको योगदान एक तिहाइ तर कृषिमा संलग्न जनसख्या दुई तिहाइको अवस्थामा छ । हामीले कृषिमा अल्मलिएको अनावश्यक जनसंख्यालाई त्यहाँबाट अलग गर्नुछ, एक तिहाइको आधातिर ल्याउनु छ । साथै कृषितर्फको उत्पादन अझै दुई वा चार गुना बढाउनु परेको छ । झट्ट सुन्दा विपरीत लाग्ने खालका कामहरू हामीले गर्नु छ । कृषिमा आधारित बहुसंख्यक

जनसंख्या, पछाडि परेको कृषिको अतिरिक्त हाम्रो युवा जनसंख्या, ४०-५० लाख युवाहरू रोजगारीको खोजीमा बाहिर जाने अवस्था छ । देशमै रोजगारीका अवसर सिर्जना गर्ने अवस्थाको सिर्जना हामीले गर्नु छ । त्यसको लागि सहकारीको आवश्यकता छ । मैले भन्दै आएको छु - रोजगारीका सामान्य अवसर सिर्जना गर्दैमा हाम्रा युवाहरूको रोजगारीका लागि विदेश पलायन हुने प्रवृत्ति घट्छ वा रोकिन्छ भन्न सकिँदैन । रोजगारीका लागि आकर्षक अवसरहरू सिर्जना गर्नुपर्छ । रोजगारी आकर्षक भएन भने जहाँ बढी आकर्षण छ, युवाशक्ति फेरि पनि त्यतै जानसक्छ ।

नेपालमा कृषिको आधुनिकीकरण र कृषिको व्यावसायीकरणका सन्दर्भमा आधुनिक तथा वैज्ञानिक प्रविधिको प्रयोगलाई कसरी अगाडि बढाउन सकिन्छ ? कृषि क्षेत्रमा अनुसन्धानका कामलाई कसरी अगाडि बढाउन सकिन्छ ? यिनै कुरालाई ध्यानमा राख्वेर दुई बर्ष अगाडि म प्रधानमन्त्री भएको बेला कृषि क्षेत्रमा केही नयाँ कामहरू थालिएको थियो । हामीसँग जमीन टुक्रिएर स-साना टुक्रा जमीनमात्रै छ । जमीन व्यक्तिको निजी सम्पत्तिको पहुँचमा छ वा हुने गरेको छ । अधिकांश जमीन जो उपयोगी छ, अहिलेसम्म व्यक्तिको निजी सम्पत्तिका रूपमा छ । त्यो निजी सम्पत्ति टुक्राटुक्रामा विभाजित छ । टुक्राटुक्रा जमीनमा हलो जोत्न पुग्ने ठाउँ छैन । कुटो कोदालोले खोस्रनु पर्ने स्थिति छ । यसमा सुधार हुनुपर्छ ।

हामीले विभिन्न जिल्लालाई, विभिन्न प्रदेशलाई एकएक वटा 'सुपरजोन'का रूपमा, प्रयोगात्मक रूपमा खास बाली उत्पादन गर्ने 'सुपरजोन' बनाएका छौँ । कुनैमा धान, कुनैमा तरकारी, कुनैमा फलफूल, कुनैमा माछा उत्पादन गर्ने कुराको प्रारम्भ गरेका छौँ । यो त प्रारम्भमात्रै हो । यो नै अन्तिम प्रंयास, अन्तिम अभ्यास होइन । त्यसको प्रतिफल राम्रै देखिएको छ । यस सन्दर्भमा हामीले सहकारीको माध्यमबाट टुक्रिएको जमीनलाई ठूला चक्लाबन्दी गरी एकै प्रकारका बाली लगाउने, मेसिन र सिंचाइको प्रयोग गर्ने गरी अघि बढ्न जरुरी छ । सहकारीसम्बन्धी चेतना,

अभ्यास, आचरण तथा अनुशासनबारे व्यापक प्रचार हुनु पनि आवश्यक छ । सहकारीलाई कसरी सञ्चालन गर्ने भन्ने विषयमा हाम्रो ध्यान विशेष रूपमा जानु पर्दछ । सहकारी भन्ने बित्तिकै स्वतः लाभदायक हुन्छ भन्ने कुरा होइन । सहकारीलाई लाभदायी र फलदायी बनाउनुपर्छ र मात्र त्यो हुनसक्छ अन्यथा त्यो प्रतिकूलतामा पनि जान सक्छ । खासगरी वित्तीय अनुशासन, सांगठनिक अनुशासनका पक्षमा ध्यान दिनैपर्छ ।

सहकारी अभियान लोकतान्त्रिक मूल्य-मान्यता, समाजवादको अवधारणा र सामूहिकता आफ्नो निम्तिमात्र होइन सहयात्री, सहयोगी र सहकर्मीका निम्ति पनि हो भन्ने भावनाका साथ अघि बढ्नुपर्छ । त्यस लोकतान्त्रिक मूल्य-मान्यताका अवधारणालाई यदि हामीले अगाडि लान सकेनौँ वा त्यसमा हामी चुक्यौँ भने नोक्सान पनि हुनसक्छ । केही मानिसले भन्ने गरेका छन् - अहिलेको सरकार समाजवादको कुरा गर्छ, समाजवादतिर जाने कुरा गर्छ, वामपन्थी कुरा गर्छ । यसले उत्पादन र उत्पादकत्वको वृद्धिका मात्र कुरा गर्दैन सामाजिक न्याय र समानताको पनि कुरा गर्छ । त्यसैले अब लोकतन्त्र खतरामा पर्छ । सरकारले देशलाई अधिनायकवादतिर लान्छ । 'समाजवाद' भन्ने शब्द उच्चारण गर्नु भनेकै अधिनायकवादतिर जाने कुरा हो भन्ने जस्तो कस्तो बुझाइ ?

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाली जनताले आफैँले संघर्ष गरेर ल्याएको,आफैँले बलिदान दिएर ल्याएको, आफ्नै रोजाइको व्यवस्था हो । यो कसैले दिएको 'गिफ्ट' होइन । यस व्यवस्थाका लागि नेपाली जनताले गरेको संघर्षको लामो र बलिदानीपूर्ण इतिहास छ । नेपाली समाजलाई बीचमा तीन दशक जवर्जस्ती तवरले अधिनायकवादतर्फ लगियो । यहाँको सामाजिक विकासको इतिहास र नेपाली समाजको राज्यको उत्पत्तिबारे तपाईँहरूलाई थाहै छ । कुनै बेला नेपालमा विभिन्न ससाना गणतन्त्रहरू, ससाना रजौटाहरू थिए । त्यस क्रममा नेपालका राज्यहरूमा राजा पनि निर्वाचित हुन्थे । यो ऐतिहासिक पृष्ठभूमिले नेपाली समाजको लोकतान्त्रिक मूल्य र मान्यतालाई इंगित गर्दछ । झण्डै अढाइ सय वर्ष अघिसम्म गोरखामा दौडिएर राजा हुने

चलन थियो । अर्थात् त्यहाँ प्रतिस्पर्धा थियो । जन्मदै 'सुप्रिमेसी' हुँदैनथ्यो । जन्मिदै कुलीन (बाइबर्थ सुप्रिमेसी) को सिद्धान्त नेपालीले मानेको सिद्धान्त होइन । अहिले हामीले राजतन्त्र समाप्त पार्‍यौं । द्रव्य शाहले जालझेल गरेर आफैँलाई विजयी घोषणा गरेर, अब दौडिनुपर्दैन, अब मै राजा, अबदेखि मैरै छोराछोरी राजा भने । यो धेरै लामो समय भएको छैन । यो केवल दुई सय पचास वर्ष अगाडिको इतिहास हो ।

चाहे शाक्य गणतन्त्र होस् चाहे अरू गणतन्त्र, नेपालमा राजा पनि छानिले प्रचलन थियो । नेपाली समाजको नसा-नसामा लोकतन्त्र छ । त्यसै कारण नेपाली जनताले लडेर लोकतन्त्र ल्याएका हुन् । नेपाल सधैँ स्वतन्त्र रह्यो, स्वाधीन रह्यो । यो कुनै सम्झौताबाट बनेको देश होइन । यो इतिहासको क्रममा संघर्षबाटै बनेको देश हो । विभिन्न देशहरू सम्झौताबाट बनेका छन् । तर नेपाल संघर्षबाट बनेको छ । नेपालसँग स्वाभिमान र गौरवको परम्परा छ ।

नेपाल प्राकृतिक हिसाबले सुन्दरमात्र छैन, अत्यन्त समृद्ध पनि छ । यससँग अजस्र स्रोत छ । हामीसित हिमाल, ताल, नदीनाला, पहाड, तराई सबै छन् । हाम्रा पहाडहरू हरियामात्र छैनन्, सुन्दर छन् र जीवन्त छन् । यी वैंशालु छन्, उर्वर छन् र उत्पादक छन् । हाम्रा नदीहरूमा माछाहरू छन् । जीवनमय छ यो भूभाग । माछाले पनि सन्देश दिएको छ । कीरा फट्याङ्ग्राले पनि सन्देश दिएको छ । नेपालको कुनै पनि जमीन हेर्नोस्, जहाँ झार पलाएकै हुन्छ । झारतिर हेर्नुभयो भने त्यहाँ कीराफट्याङ्ग्रा उफ्रिरहेका हुन्छन् । त्यसैले यो जीवनमय देश हो ।

त्यत्तिमात्र होइन, यो औषधि उम्रिने देश हो । यहाँका ढुङ्गा शालिग्राम बन्छन् । ढुङ्गाहरूबाट शिलाजित निस्कन्छ । माटो सिम्रिक हुन्छ । हिमाली झारमा यार्सागुम्बा पाइन्छ । यस्तो देखेर दुनिया आश्चर्यचकित पर्छ । यो त्यस्तो देश हो । खालि हामीले हाम्रो ठाउँलाई चिन्नु, आफूलाई चिन्नु र अगाडि बढ्नु आवश्यक छ । यो देश अब विकासमा अगाडि नबढीकन रहनसक्दैन । श्वेतपत्रले साँचो कुरा गरेको छ । हालका लागि अर्थतन्त्र अप्ठ्यारोमा छ भन्दैमा अब विकास हुँदैन

भन्ने होइन । श्वेतपत्र निराशापत्र होइन । यो यथार्थको चित्रण हो । हामीलाई सजग गराउने, सजगताको खबरदारी पत्र हो । हामी आउँदो वर्षमै अर्थतन्त्रलाई सुदृढ बनाउँछौँ । हामी विकासमा अगाडि बढ्छौं ।

हामीले कतिपय कुरा हाम्रा पुर्खाबाट पनि सिक्नुपर्ने छ । हाम्रा पुर्खा अनुसन्धाता पनि थिए । उनीहरूले उहिल्यै कुन विष, कुन औषधि भनेर पत्ता लगाएका थिए । यार्सागुम्बा कस्ले पत्ता लगायो ? सम्भवतः हाम्रै पुर्खाले । टिम्बुर गज्जबको हुन्छ भनेर कसले पत्ता लगाए ? हाम्रै पुर्खाले । तीतो बेसार खानैपर्छ भनेर कसले सिकायो ? हाम्रै पुर्खाले । खाँदै पीरो हुने लसुन कसले खान सिकायो ? हाम्रै पुर्खाले । त्यस्तो खुर्सानी चटक्क खानामा राख्नुपर्छ भनेर कसले सिकायो ? हाम्रै पुर्खाले । त्यसकारण हाम्रा पुर्खाहरू खोजकर्ता थिए,अनुसन्धानदाता, अन्वेषक थिए । विष कसरी थाहा भयो ? ज्यान गएपछि त थाहा भयो होला । तर उनीहरूले प्रयोग गरे, हेरे । उनीहरू अत्यन्तै प्रयोगात्मक थिए । त्यस्तै, जतिबेला दुनिया अन्धकारमा थियो त्यतिबेला यहाँ गीत, संगीत, साहित्यको सिर्जना हुन्थ्यो । यहाँ नवरस, सप्तसुरजस्ता सबै तयार भइसकेका थिए । दुनियाँले अहिले सप्तसुरबाट आठवटा पनि बनाउन सकेको छैन, छ वटा पनि बनाउन सकेको छैन । सुर सप्त नै हो र यो सप्तसुर हाम्रा पुर्खाले हजारौँ वर्षअघि पत्ता लगाएका हुन् । साहित्यमा नवरसको सवाल त्यही हो । केही निचोरेर दशवटा रस निस्कनेवाला छैन । नवरस नै हुन्छ । त्यस्तै पुर्खाले नै ग्रह-नक्षत्रहरू पत्ता लगाए । यो शुक्र ग्रह हो, यो वृहस्पति हो भनेर पत्ता लगाउने पनि हाम्रै पुर्खा थिए । यति दिनमा यो यहाँ पुग्छ भनेर पनि उनीहरूले नै भने । यतिबेला यसले यसलाई छेक्छ, यतिबेला ग्रहण लाग्छ भनेर हजारौँ वर्ष पछिसम्मको ग्रहणलाई गनेर हाम्रै पुर्खाले हिसाब निकाले । उनीहरूले हजारौँ वर्षअगाडि धर्तीको मात्र होइन अन्तरिक्षको पनि गति र यति हिसाब गरेर निकालिदिए । त्यस्ता सिर्जनशील थिए हाम्रा पुर्खा । खोज, अध्ययन/अनुसन्धान गर्ने विद्वान् पुर्खाका सन्तान हौँ हामी । यो हाम्रो ऐतिहासिक गर्वको विषय हो ।

मैले सानै हुँदा 'चराको सवाई' भन्ने किताब पढेको थिएँ । सम्पूर्ण चराहरूका नाम थिए त्यसमा । सम्पूर्ण चराहरूको वर्णन थियो त्यसमा । त्यो खोज्ने मानिसलाई कति मिहिनेत पऱ्यो होला ? जे जसरी भएपनि हाम्रा पुर्खाले खोज-अनुसन्धानको काम त गरे नि । हाम्रा पुर्खाले यस्ता अनेक खोज-अनुसन्धान गरेका छन् । हामी त्यस्ता पुर्खाका सन्तान हौँ । त्यसैले हामी पनि केही गर्न सक्छौँ । देशको विकास गर्न हामी सक्षम छौँ ।

आज जनताले इच्छा गरेको व्यवस्था छ । जनताले चाहेकै सरकार छ । सरकारले सार्वजनिक रूपमै भ्रष्टाचार नगर्ने र गर्न नदिने कुराको प्रतिबद्धता जाहेर गरिरहेको छ । यो यथार्थ हो, बनावटी होइन । सरकार देश, जनता र विकासप्रति प्रतिबद्ध छ । त्यसै कारण 'समृद्ध नेपाल - सुखी नेपाली' नारा अघि सारिएको हो । त्यसका निम्ति विकास आवश्यक छ । सरकार छोटो समयमा मुलुकलाई अल्पविकसित अवस्थाबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने कुरामा प्रतिबद्ध छ । त्यस्तै हामी दिगो विकासको लक्ष्य - सन् २०३० हासिल गर्न पनि कटिबद्ध छौँ । हाम्रो राजनीतिक अधिकारको यात्रा सकिएको छ । हामी आर्थिक उन्नतिको नयाँ युगमा, नयाँ चरणमा प्रवेश गरेका छौँ । विकासका आधार परिपक्व हुँदै गएका छन् ।

हाम्रा छिमेकमा ठूला, साधनश्रोत सम्पन्न र बलिया मित्रहरू छन् । उनीहरू हामीसँग सहकार्य गर्ने र हामीलाई सहयोग गर्ने कुरामा तत्परता देखाइरहेका छन् । हामी देशको हितको पक्षमा स्वाभिमानपूर्वक उनीहरूको सहयोग लिएर अगाडि बढ्छौँ । छिमेकीमात्र होइन हाम्रा अरू मित्रराष्ट्रहरूसँग पनि हामी सहकार्य गर्छौँ ।

यो सरकार सबल सरकार हो । यसभन्दा अघिका सरकार जोडजाम गरेर बनाइएका हुन्थे । एउटा इँटा खुत्रुक्क खुस्किएपछि घरै ढलेजस्तो सरकार ढल्ने गर्थे । अहिलेको सरकारलाई सदनको ७७ दशमलब ६१ प्रतिशत विश्वासको मत प्राप्त छ । सरकार बलियो रहेकाले देश विकासमा यसले गर्ने कामहरू पनि प्रभावकारी हुनेछन् । विकासका

लागि हामीले हामीसँग भएका सबै कुराको सदुपयोग गर्नुपर्छ । हामी आफ्नो समयलाई सदुपयोग गरौँ । हाम्रो जमीनको सदुपयोग गरौँ । हाम्रो पानी, हावा सबैको सदुयोग गरौँ । म निश्चिन्त भएर भन्न चाहन्छु – देशको विकास हुन्छ, हुन्छ ।

सरकार सहकारी अभियानको साथमा छ । सहकारी अभियानलाई प्रभावकारी बनाउन के गर्नुपर्छ, सरकारले सहयोग गर्छ । तपाईँहरू आफ्नो 'भिजन' स्पष्ट गर्नोस्, योजनाहरू बनाउनोस्, सरकारले सहयोग पुऱ्याउँछ । कहिलेकाहीँ ठूल्ठूला विकासका कुरा गऱ्यो कि हामीसँग पैसा छैन जस्तो लाग्छ । कुनै पनि देश पैसा भएर धनी भएका होइनन् । पैसा हुँदैमा विकास भइहाल्छ भन्न सकिँदैन । सबै विकास गरेपछि नै धनी भएका हुन् । हामी पनि विकास गरेपछि धनी हुन्छौँ । यसमा सहकारी आन्दोलनको पनि योगदान रहन्छ । सरकार सहकारी यात्राको सहयात्री बन्न तयार छ । नेपाल सरकार सहकारी आन्दोलनलाई पूर्णरूपमा सहयोग गर्छ र साथ दिन्छ । सहकारिता फलोस्, फुलोस् ।

●

चैत्र २१, २०७४

सन्दर्भ : सहकारी महासंघको दोश्रो साधारणसभा

हाम्रो ध्यान आन्तरिक पूँजीको अधिकतम परिचालनमा

प्रधानमन्त्री बनेदेखि नै मैले बारम्बार भन्दै आएको छु - म भ्रष्टाचार गर्दिनँ, अरूलाई पनि भ्रष्टाचार गर्न दिन्नँ । मैले आफ्ना निम्ति सोच्नुपर्ने केही छैन । नेपाली जनताले मलाई दिनुपर्ने कुराहरू दिनुभयो । अब मैले जेजति दिने हो देश र जनताकै लागि हो । सोच्दा पनि देशका लागि सोच्ने हो, काम गर्दा पनि देशकै लागि गर्ने हो ।

साथीहरूले गम्भीरतासाथ सोच्नुभएको छ, समृद्धिको मार्गचित्र ल्याउनु भएको छ, सुझाबहरू

दिनुभएको छ । खुशीको कुरा हो । हामी त्यसलाई कार्यान्वयन गर्ने योजना बनाउँछौँ । त्यसका निम्ति साधनश्रोतहरू जुटाउँछौँ । हामी दृढ अठोटका साथ अगाडि बढ्छौँ । हामी विकासमा केन्द्रित हुन्छौँ । विकासका लागि हामी समग्रतामा नै अभियान चलाउँछौँ । विकासले समृद्धि हासिल हुन्छ । समृद्धिले नै जनतालाई खुशी बनाउँछ ।

केही दशकअघि भोजपुरका श्याम तमोटले गीत लेखेका थिए - 'गाउँगाउँबाट उठ, बस्तीबस्तीबाट उठ । हातमा कलम हुनेहरू कलम लिएर उठ, बाजा बजाउन जान्नेहरू बाजा लिएर उठ, औजार चलाउन जान्नेहरू औजार लिएर उठ, साथमा केही नहुनेहरू आवाज लिएर उठ ।' अर्थात् जे छ त्यही लिएर उठ । हामीले त्यसै गरी उठ्ने बेला भएको छ । हामी उद्योगको क्षेत्रमा उठ्नुपर्छ , कृषिको क्षेत्रमा उठ्नुपर्छ, व्यापारको क्षेत्रमा उठ्नुपर्छ , पर्यटनको क्षेत्रमा उठ्नुपर्छ, शिक्षाको क्षेत्रमा उठ्नुपर्छ, स्वास्थ्यको क्षेत्रमा उठ्नुपर्छ, पूर्वाधारको क्षेत्रमा उठ्नुपर्छ । अब एक ठाउँमात्रै उठेर हुँदैन । हामी सम्पूर्ण क्षेत्रमा उठ्नुपर्छ । हामी सानो छँदा गाउँघरमा देखेका थियौँ - बेहुली अन्माउने बेला पढ्नेहरूलाई, मन्त्र उच्चारण गर्नेहरूलाई, खाँडो जगाउनेहरूलाई र अन्माउनेहरूलाई 'तयार भएको हो ?' भनेर सोधिन्थ्यो । सबै तयार भएपछि 'शुभलगन भयो' भनिथ्यो । अहिले हामी ठीक त्यस्तै बेलामा छौँ । उद्यमीहरू तयार, बुद्धिजीवीहरू तयार, थिंकट्यांकहरू तयार, अरू पनि सबै तयार भएपछि देश विकासको बाटोमा दौडन शुरु हुन्छ । दौडिनुभन्दा अघि घण्टी बज्छ । हामी त्यही दौडको तयारी अवस्थामा छौँ ।

तपाईँहरूले भनेजस्तै जस्तो छ त्यस्तै अवस्थामा केही पनि रहँदैन, हिजो जस्तो थियो त्यस्तै अवस्थामा केही पनि रहँदैन । त्रिशूलीमा बगेको खोलो उही खोलो त हो नि जस्तो देखिन्छ तर खोलो त्यही भए पनि पानी त्यही होइन । अलिकति रङ हालेर हेर्नुहोस् हेर्दा अलि तल पुगेको हुन्छ खोलामा । जतिबेला तपाईँले छुनुहुन्छ, हात निकालेर फेरि छुनोस् अर्कै पानी छुनुहुन्छ तपाईँले । त्यही पानी छुनुहुन्न । तर तपाईँलाई लाग्छ त्यही पानी छोएँ । वास्तवमा अर्कै पानी छोइएको हुन्छ । मेरो

भनाइको आशय हो - समय हिँडेको हिँड्यै छ, कुदेको कुद्यै छ, खोलाको पानीजस्तै । अघि म यहाँ आएको समय, बार एउटै हो । दिन र गते पनि एउटै हो । तिथि पनि एउटै हुनसक्छ तर समय बदलिएको छ । अघि छ बजेर कति मिनेट गएको थियो, अहिले सात बजेर कति मिनेट गैसक्यो । अहिले मैले बोल्न थाल्दा सात बजेर पन्ध्र मिनेट गएको थियो, अहिले सात बजेर बीस मिनेट गैसक्यो । यसरी समय हिँडेको हिँड्यै छ । समय परिवर्तन भइरास्वेको छ । त्यसकारण हामीसँग समय छैन ।

अप्रिय कुरा बोल्नु राम्रो होइन तर हामी हाम्रो समयअनुसार कोही अप्रिय लाग्ने कुरातिर जाँदैछौँ । त्यसमा निराश हुनुचाहिँ पर्दैन । मैले संसदमा बोल्दा पनि भनेको छु - आयु, अवधि वा समयको सीमा हुन्छ, क्षमता र सामर्थ्यको पनि सीमा हुन्छ । ज्ञान, बौद्धिकता वा सीपको पनि सीमा हुन्छ । तर इमानलाई सीमाबद्ध गर्न आवश्यक छैन । हामी पूरा इमानका साथ काम गर्छौँ । यो अहिलेको सरकारको प्रतिबद्धता हो । हामी आफूले जानेको अतिरिक्त अरूबाट पनि ज्ञान लिन्छौँ । हामीले अरूबाट सुन्नुपर्छ, सिक्नुपर्छ, लिनुपर्छ । त्यो हामी गर्छौँ । हामीसित श्रोतसाधनको सीमा छ । हामी अरूसित साझेदारी वा सहकार्य किन गर्छौँ ? लगानी भित्र्याउन किन कोशिश गर्छौँ ? साधनश्रोत वा सामर्थ्यको सीमा भएरै हामी अरूसँग सहकार्य गर्न खोज्छौँ । तर इमानमा हामी आफैँ असीमित छौँ । हामी पूर्ण इमानदारिताका साथ काम गर्छौँ । इमानको सम्पूर्णताकै कारण हामी देशमा केही गर्छौँ ।

हाम्रो जनसंख्या कति छ भन्ने कुरा त हामीलाई थाहा छ । त्यो जनसंख्याअनुसार कुन-कुन विषयमा हामीलाई केकस्ता जनशक्तिहरू आवश्यक छन् भन्ने कुरामा हामीसँग कुनै प्रक्षेपण र तथ्यांक छैन । तपाईँकी छोरीले म डाक्टर हुन्छु भन्छे । तर राज्यको योजना छैन । तपाईँकी छोरीको जस्तै सबैलाई डाक्टर नै हुने इच्छा भैदियो भने के हुने होला ? देशमा डाक्टर नै डाक्टर भएपछि गर्ने के ? हामीलाई कतिजना डाक्टर आवश्यक छन्, कतिजना इन्जिनियर आवश्यक छन् भन्ने कुरामा अहिलेसम्म कुनै अध्ययन नै भएको छैन । अब हरेक क्षेत्रमा केकस्ता अनि

कति शिक्षित र दक्ष जनशक्ति आवश्यक पर्छ भन्ने विषयमा योजनाबद्ध ढंगले अगाडि बढ्नुपर्ने भएको छ ।

हाम्रो आवश्यकता जीवन उपयोगी शिक्षा हो । शिक्षाले व्यक्तिको जीवनलाई सरल, सहज र अनुकूल बनाउनु पर्छ । अर्को, शिक्षा समाज उपयोगी हुनुपर्छ । शिक्षाको मूल उद्देश्य त्यही हो । जीवन सरल, सहज बनाउनको निम्ति ज्ञान चाहियो । अरूका निम्ति पनि उपयोगी हुनका लागि उसमा गुण तथा आचरण चाहियो । त्यसका अतिरिक्त शिक्षित व्यक्तिमा शीलस्वभाव, मानवीयता लगायतका पक्ष चाहियो । शिक्षाले सक्षमता र गुण दुवै विकास गर्नुपर्‍यो । सक्षम मान्छे मात्र भएर पुग्दैन । दुष्ट भैदियो भने के गर्ने ? देश आज नभए भोलि सिरिया हुन्छ । त्यसकारण हामीले सक्षम र गुणवान व्यक्ति उत्पादन गर्नुपरेको छ । सबै मान्छे इमानदार र गुणवान हुन आवश्यक छ । पहिलाको शिक्षाले मान्छेलाई गुणवान हुने शिक्षा दिने गर्दथ्यो । त्यतिबेला गुणवत्ता र आचरणको पक्षमा बढी जोड दिइन्थ्यो । आजको शिक्षा त्यो भन्दा फरक छ । आजको शिक्षाले प्राविधिक पक्षमा जोड दिएपनि शीलस्वभाव र गुणको पक्षमा ज्ञान दिने गरेको देखिँदैन । अथवा हाम्रो शिक्षा सम्पूर्ण शिक्षा, जीवनका लागि उपयोगी शिक्षा, समाजका लागि उपयोगी शिक्षा हो भनेर खरो उत्रिन सकेको छैन । आफैँमात्र खाऊँ, आफैँ धेरै खाऊँ भन्ने कुरा पढाइरहनु त पर्दैन नि । यो त पशुवत् स्वभाव हो । बाख्रालाई टाटमा घासँ हाल्दिनोस् वा भैँसीलाई एउटा भाँडोमा कुँडो राखिदिनोस्, तिनलै त्यस्तै गर्छन् । हामी समाजलाई सुन्दर बनाउन चाहन्छौँ । हामीले मानवीय भावना, विवेकको भावना, न्यायको भावनासहित अगाडि बढ्ने कोशिश गरेनौँ भने भावी पुस्तामा उन्नत विचार र स्वभावको अभाव रहनसक्छ ।

हामीले खोजेको सुन्दर समाज बनाउन कस्तो जनशक्ति चाहिएला ? त्यसको प्रक्षेपण आवश्यक छ । जनशक्तिलाई देशको आवश्यकतासित जोडेर हेर्नुपर्छ । अहिलेसम्म देशमा यस कुराको यति आवश्यकता छ, त्यो काम शुरु गरौँ भनेर भएकै छैन । अलिकति पैसा

छ, लगानी कता गराँ भन्दा 'स्कोप' जहाँ छ त्यहीँ लगानी गर्ने भन्ने भएको छ । अब देशको आवश्यकता यो हो, यो ठाउँमा लगानी गराँ भन्ने योजनाका साथ जानुपर्छ । थिंकट्यांकतिर हेरेर भन्न चाहन्छु - देशका आजका आवश्यकता केके हुन् ? त्यस बारेमा तपाईँहरूको मार्गचित्र अझ स्पष्ट हुनुपर्छ । हामीले स्वास्थ्य र शिक्षाको न्यून गुणस्तरले मुलुकको मानवसंसाधनको उत्पादनमा पारेको नकारात्मक असरलाई कम गर्ने नीति ल्याउनु पर्छ । त्यो नीति सरल छ । ७० प्रतिशत प्राविधिक शिक्षा र ३० प्रतिशत अर्को 'एकेडेमिक' । हाम्रो कुनै पनि प्रकारको शिक्षा न्यून गुणस्तरको हुनुहुँदैन । विषय यो वा त्यो हुनसक्छ । विषय श्रेष्ठ वा कनिष्ठ हुन सक्दैन । एउटा विषयमा मात्र अधिकेन्द्रित हुनुहुँदैन । यस सम्बन्धमा ठोस योजना आवश्यक छ ।

मैले बारम्बार भन्ने गरेको छु - मेरा हरेक पाइला विकासका लागि । मुलुकको अहिलेको आवश्यकता उत्पादन वृद्धि र रोजगारी हो । हामीले उत्पादन वृद्धि गर्नु छ, परम्परागत उत्पादन प्रणालीलाई आधुनिकीकरण गर्नु छ । औद्योगीकरण पनि त्यसैसित जोडिएर आउँछ । यसबाट रोजगारीका अवसर सृजना हुन्छन् । संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यले पनि उत्पादन र गरीबी निवारण - दुई चीजमा ध्यान दिन सुझाएको छ । यी दुई लक्ष्य एकआपसमा अन्तर्सम्बन्धित छन् । उत्पादकत्व वृद्धिका लागि पर्याप्त लगानी आवश्यक छ । लगानी पनि रोजगारी सिर्जना हुने किसिमको हुनसक्यो भने 'समृद्ध नेपाल - सुखी नेपाली' को हाम्रो लक्ष्य व्यवहारमा रूपान्तरित हुनसक्छ ।

विकासको गतिविधि अघि बढाएर नै नेपाललाई समृद्ध बनाउने हो । त्यसका लागि उत्पादकत्व वृद्धि अनिवार्य शर्त हो । यसका साथै हामीले नयाँ प्रविधि भित्र्याउनु पर्‍यो । प्रविधि चलुञ्जेल चलाउने भनेर हुँदैन । प्रविधि भित्र्याउँदा अन्यत्र काम नलाग्ने भइसकेको प्रविधिचाहिँ भित्र्याउनु हुँदैन । हामीलाई त सबैभन्दा पछिल्लो प्रविधि नै चाहिन्छ । आफैँले विकसित नगरे पनि हामी 'आइफोन टेन' चलाउने जमानाका भाग्यमानी त हौँ नि । सामसुङको भर्सन पनि दश जति नै होला । जमाना निकै अघि बढिसकेको छ । हामीलाई उत्पादन र रोजगारीको

अवसर बढाई दिगो विकास गर्नुपरेको छ । म त भन्छु - हामीलाई दिगोले मात्र पुग्दैन, छिटो र दिगो विकास चाहिन्छ । अनिमात्र अरूलाई भेट्न सकिन्छ । त्यसको लागि तयारी र इच्छाशक्ति दुवै आवश्यक छ ।

हामी अनावश्यक कुरामा अल्झियौँ भने फेरि पनि पछाडि पर्छौँ । कोहीकोही यहाँ छिड्के लगाउन आउँछन्, साम्प्रदायिकता भड्काउन खोज्छन् । त्यसमा हामी सतर्क हुनुपर्छ । नेपाली बाहुन-क्षेत्रीहरूले छुवाछूत बिर्सिसके, उता विदेशतिरबाट त्यो राग अलाप्छन् । त्यस्तोमा हामी धेरै अल्झिनु हुँदैन । एकअर्कालाई समान अवसर, समानअधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मान गर्नुपर्छ र अगाडि बढ्नुपर्छ । हामी अब सामन्तीयुगका पुराना मान्छे होइनौँ । एक्काइसौँ शताब्दीको जमानाका मान्छे हौँ । त्यसैअनुसार व्यवहार गर्नुपर्छ ।

केहीकेही शब्दहरूको प्रयोग सावधानीसाथ गर्नुपर्छ भन्ने ठान्छु । आर्थिक तथा दिगो विकासलाई म दिगो आर्थिक विकास भन्न रुचाउँछु । उत्पादनमूलक उद्योगको विकास, पूर्वाधारको विकास, ऊर्जा, सडक, विमानस्थल, शहरीकरण, वन तथा वातावरण, गौरवका आयोजना, स्वास्थ्य सेवा, लगानीका विषय, वित्तीय औजार, अनुसन्धान केन्द्रहरू लगायतका विषय सान्दर्भिक छन् । यी विषयका सम्बन्धमा केही छलफल आवश्यक छ । हामी यसमा ध्यान दिन्छौँ । सरकार र निजी क्षेत्र सँगसँगै हिँड्ने हो । हामी सबै एउटै परिवार हौँ । हाम्रो भूमिका परिवारमा काम बाँढेर गरेको जस्तो नै हो । एउटा परिवारमा कति लयात्मक (रिदमिक) ढंगले काम बाँढेर गरेको हुन्छ । एउटाले एउटा काम गरेको हुन्छ, अर्कोले अर्को काम गरेको हुन्छ । हामीले त्यसै गरेर समाज चलाइराखेका हुन्छौँ ।

मैले सदुपयोग सिद्धान्तको चर्चा गर्ने गरेको छु । हामीले अब आफ्ना सबै सम्पदा, क्षमता, वुद्धि तथा समय सही तवरले उपयोग गर्नुपर्छ । हाम्रो समय खेर गइराखेको छ । हामीले समृद्धिका सपना देख्दादेख्दै दश वर्ष त्यसै बिताउन थाल्यौँ भने त्यसपछि मान्छेले समृद्धिका सपना देख्न पनि छोड्छ, पत्याउन पनि छोड्छ । सपना देख्ने कुरालाई वाहियात ठान्न थाल्छ । त्यसकारण सपना देखेपछि त त्यसलाई कार्यान्वयन गर्नुपर्‍यो नि ।

बाटो बनाउने कुरा गऱ्यो, बाटो कहिल्यै पनि बन्दैन । दुई वर्षभित्र राष्ट्रिय झण्डा गाडेर हाम्रो पानीजहाज चल्छ । दुई वर्षमा चल्ने गरी त्यसको तयारी गर्नोस् । यत्रो संसारको समुद्र भनेको हाम्रो पनि हो । बोर्डर एरियामात्र सम्बन्धित देशको हुन्छ । हामी बन्दरगाह भाडामा लिन्छौँ र पानीजहाज चलाउँछौँ । समुद्र हाम्रो पनि हो, आकाश हाम्रो पनि हो । संसारमा दुई तिहाइ भागमा पानी छ, त्यो सबैको हो । आकाश माथि डाँडामा बस्नेको मात्रै हुन्छ ? तल बस्नेको पनि हो नि आकाश भनेको त ।

हामीले दुई ओटा देशबाट बन्दरगाह उपयोग गर्न स्वीकृति लिएका छौँ । भारतमा अहिले पनि नेपाललाई चाहिने बन्दहगाह दिने बारे छलफल भइरहेको छ । बंगलादेशले मंगलापोट दिन सहमति जनाइसकेको छ । अरू पनि दिन तयार छ । संसार नयाँ ढंगले अगाडि बढिसक्यो । म तपाईँहरूलाई भन्न चाहन्छु - नेपालमा समग्र परिवर्तन भएको हो । यो समग्र परिवर्तनलाई विश्वले स्वीकार गऱ्यो । कतैकतै अलमल र द्विविधा देखियो । त्यो पनि अब सल्टिइसक्यो । संक्रमणकालमा अलिअलि त्यस्तो पनि हुन्छ ।

संसार गतिशील र परिवर्तनशील छ । हामीले आफ्नो मुलुकको स्वार्थ हेर्ने हो । मुलुकको स्वार्थ अन्तर्राष्ट्रिय मान्यता, विधि र युएन चार्टर अनुरूप पनि हुनुपर्छ । आज हाम्रो परिवर्तन संस्थागतमात्र भएको छैन, स्वीकार्य पनि भइसकेको छ । हामी पनि राष्ट्रिय स्वार्थ, न्याय र अन्तर्राष्ट्रिय दायित्व तीनै तत्वलाई लिएर अघि बढ्नुको विकल्प छैन । हामी स्पष्ट छौँ - हाम्रो छिमेकीका विरुद्ध कहीँ केही प्रयोग हुन दिदैनौँ । अरूका आन्तरिक मामिलामा हात हाल्दैनौँ । हाम्रो मामिलामा कसैले हात हालेको पनि राम्रो मान्दैनौँ । हामी आफ्नो समस्याको समाधान गर्न आफैँ सवल छौँ । कहिलेकाहीँ समस्या पैदा हुन्छन् तर हामी समाधान पनि गर्छौँ, गरेका छौँ । हामी हस्तक्षेपलाई मान्दैनौँ । यो यथार्थ अब स्वीकार्य भैसक्यो । नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध तथा छिमेकी नीतिलाई नयाँ शिरा तथा उचाइबाट अगाडि बढाएका छौँ । अब वाणिज्य क्षेत्रका समस्याहरू हिजोभन्दा सजिलोसँग समाधान हुन्छन्; कारण हाम्रो सार्वभौमिकता र समान राष्ट्रको मान्यता सबैले स्वीकार गरिसकेका

छन् । तपाईँहरूले यो कुरा विज्ञहरूका विश्लेषण, लेखन र मिडियाको सम्प्रेषणमार्फत अनुभव गरिरहनु भएकै छ ।

मुलुक एकजुट भएको छ र स्थायी सरकार समाजको आधुनिकीकरणका लागि, औद्योगीकरणका लागि, व्यावसायीकरणका लागि, व्यापारका लागि पनि अनुकूल छ । सरकार जनताको प्रतिनिधि हो । सरकारले जनताको भलो र अनुकूलताका लागि काम गर्छ । सरकारले विश्वलाई कसरी खुशी पार्ने भन्ने विषयलाई ध्यानमा राख्दैन । पहिले आफ्नो देश, आफ्ना जनता । टाउकोले टेकेर छिटो कुद्छु भन्ने कुरा बेकार हो, भ्रम हो । खुट्टाले टेकेर कुद्यो भने मात्रै छिटो पुगिन्छ । हामीले त्यही बाटो समातेका छौँ ।

नेपालको आधुनिकीकरणका लागि केके गर्नुपर्छ ? नेपालको औद्योगीकरणका लागि केके गर्नुपर्छ ? त्यसमा विश्वव्यापार संगठनको मान्यता पनि पालन होस् , हाम्रो व्यवसाय पनि संरक्षित होस् । जहाँपनि आफ्नो पक्षको संरक्षण त भइहाल्छ । कम्पाउण्ड वाल नलगाउने युरोपमा पनि व्यक्तिले आफ्नो सम्पत्ति रक्षाको लागि केही न केही उपाय लगाउँछ । हरेक देशले आफ्नो पक्षलाई संरक्षण गर्छ । हामी फेरि अन्तर्राष्ट्रिय सम्झौताबाट पनि बाँधिएका छौं । त्यो बाँधिएको सीमाभित्र पनि आफ्ना निम्ति संरक्षण गर्ने 'स्पेस' हुन्छ, अनावश्यक चीजमा हामी नजान सक्छौँ । हामी अत्यावश्यक वस्तु वा सेवामा आत्मनिर्भर हुने गरी अघि बढ्न सक्छौँ । यसलाई प्राथमिकीकरण गर्न आवश्यक छ । टेक्सटायल क्षेत्रमा हाम्रो खास काम भएको छैन । त्यस क्षेत्रमा हामीले गार्मेन्ट, कार्पेट, परिमना तीन ओटा वस्तुमा केही समय ध्यान दियौँ, निर्यात पनि गऱ्यौँ र पछि त्यो पनि छोड्यौँ । एकातिर हामीले अमेरिकासँग दशकौँ लडेर ६७ ओटा वस्तुमा कोटा हटाएका छौँ, कर हटाएका छौँ र केही सुविधा लिएका छौँ तर ती चीज निर्यात गर्ने हामीसँग सामर्थ्य छैन । म सन् २००६ मा अमेरिका गएर यी सम्बन्धमा कुरा गर्दाको विषय स्मरण गर्न चाहन्छु । त्यससम्बन्धी अमेरिकी विधेयकको मस्यौदाबारे, नेपाली उद्योगले पाउने सुविधाबारे त्यहाँका सिनेटरहरूसँग धेरै चरण छलफल भयो । सिनेटरहरूमध्ये धेरै कुराकानी लेहिस तथा

फाइनटाइनसँग भयो । यस सम्बन्धमा फाइनटाइनको दृष्टिकोण धेरै सकारात्मक थियो । त्यस ऐनमा उनीहरूले राम्रो सहयोग गरेका हुन् । म उद्यमी नभए पनि कोटा तथा कर हटाउनका लागि भूमिका खेलेको हुँ । त्यो त तपाईँहरूको भावनाको प्रतिनिधित्व गरेको हो । त्यतिबेला मैले स्टेट डिपार्टमेन्टमा पनि लामो छलफल गरेँ । उनीहरूले तपाईँको प्रस्ताव ठीक छ तर अहिले अलिकति बेला भएको छैन, हामी गर्छौँ भनेर भनेका थिए । फाइनटाइनहरू अर्थात् सिनेट तयार भयो सरकार तयार भएन । सरकारले अलि समय पर्खन भन्यो । हामीलाई तयारीको मौका थियो तर भनेजति उत्पादन एवम् निर्यातको तयारी गर्न सकिएन । निर्यातयोग्य केही पनि छैन भने हामी कसरी फाइदा लिन्छौ ? वातावरण बनाएर पनि हामीले अत्यधिक सुविधा लिन सकेका छैनौँ । त्यस्तो सुविधाजनक सम्झौता अरूसँग पनि गर्न सकिएला । चीनसँग हामी व्यापार सम्झौता गर्छौँ । सम्झौता गरेरमात्र निर्यात हुँदैन । निर्यातयोग्य वस्तु हुनुपर्‍यो ।

व्यापार घाटा बढिरहेको सन्दर्भमा आयात कसरी घटाउने ? यस बिन्दुबाट हामीले सोच्नुपर्ने भएको छ । यस वर्षबाट व्यापार घाटा बढ्ने होइन, व्यापार घाटा घट्दै जानुपर्छ । हामीले आफ्ना निम्ति उपभोग्य वस्तु उत्पादन गर्‍यौँ, उपभोग गर्‍यौँ, उपभोगका लागि अरूको वस्तु खरिद गर्न परेन भने अलिकति आयात केही घट्ला । त्यो एउटा बाटो हो । हाम्रो उपभोग्य आदत अलिकति परिवर्तन गर्‍यौँ र ठीक खालको बनायौँ भने पनि आयात केही घट्ला । निर्यातमूलक वस्तु उत्पादन गरेर बेच्यौँ भने व्यापार घाटा केही तल जान्छ । हाम्रा अगाडि विश्वको विशालतम बजार छ । सही वस्तु पहिचान गरी अलि धेरै निर्यात गर्‍यौँ र आयात कम गर्ने स्थिति बनायौँ भने अहिलेको अवस्थामा सुधार आउँछ । भारत, चीन, बंगलादेशजस्ता देश हाम्रो समीपमा छन् । छिमेकको उत्तर प्रदेश कति ठूलो छ ? भारत सिङ्गै युरोपभन्दा ठूलो छ । चीन सिङ्गै युरोपभन्दा ठूलो छ । उनीहरू सामान किन्नेमा हैन 'सपिङ' गर्नेमा गइसके । किन्ने र 'सपिङ' गर्नेमा फरक छ । किन्दा चाहिने कुरा किनिन्छ, 'सपिङ' गर्दा मनग्य पैसा भएपछि मन लागेको कुरा किनिन्छ । चिनियाँहरू 'सपिङ'तिर गइसके । बिहार तथा बंगालको यति धेरै जनसंख्या हाम्रो बजार हो । अर्कातिर नजिकै बंगलादेश छ । हामी

बीबीआइएन गर्दैछौँ । बीबीआइएनमा भुटानले अहिले संकोच माने पनि पछि आउला । त्यसको कार्यान्वयपछि व्यापारघाटा यति धेरै नबढ्ला । अहिले हामीले 'सेज' अर्थात् 'स्पेशल इकोनोमिक जोन' पनि बनाएका छौँ ।

अबको हाम्रो काम लगानीमैत्री वातावरण सिर्जना गर्ने हो, संयुक्त लगानीका पूँजी ल्याउने हो । हाम्रो ध्यान आन्तरिक पूँजीको अधिकतम परिचालन गर्नेतर्फ केन्द्रित हुनु आवश्यक छ । यतिखेर केही मान्छेमा अलिकति हिच्किचाहट छ । कसैकसैले भाषण गदै हिँडेको पनि सुनेँ, शायद सिएनआईको 'प्याटरोन' जस्तो कोही हुनुपर्छ । वामपन्थीहरूले खत्तम पार्छन्, अधिनायकवाद आउँछ, आदि आदि । त्यस्तो सोच्नु वा अनुभूत गर्नु आवश्यक छैन । म अलमलमा छु - अर्थतन्त्र नबोलेको हो कि व्यापारीलाई राजनीति बढी लागेको हो ? त्यस्तो हवाई कुराको पछाडि तपाईँहरू नकुद्नु भए हुन्छ । प्रजातन्त्रका लागि प्रजातन्त्रवादी भन्नेहरूले भन्दा बढी संघर्ष हामीले गरेका छौँ । ४५ वर्ष अगाडि पोलेको ठाउँमा तपाईँले अहिले हेर्नुभयो भने खत भेटिन्छ । यो खत प्रजातन्त्रका लागि लड्दा पाएको उपहार हो । कसैकसैले भनेको सुन्छु - वामपन्थीले लोकतन्त्र खाइदिन्छन् रे । चना-भुजिया हो लोकतन्त्र ? जनताले यति ठूलो बलिदान दिएर ल्याएको लोकतन्त्र राजाले त खान नसकेर आफैँ चट् भए । कसरी, कसले खान सक्छ लोकतन्त्र ? यस्तो वाहियात कुराहरूका पछाडि नलागौँ । सरकार बिलकुल सकारात्मक हुन्छ । तपाईँहरू योजनाबद्ध तवरले अगाडि बढ्नोस् । त्यसपछि केके गर्नुपर्छ हामी गर्छौँ । तपाईँहरूले एकदमै नजिकबाट बातावरणलाई अनुकूल बनाउन सक्नुहुन्छ । एउटा कुराचाहिँ सबैले बुझ्नुपर्छ - कर छल्न पाइने छैन, अनुचित र गैह्र कानुनी काम गर्न पाइने छैन । त्यही दृढताका साथ फेरि पनि मैले भन्नुपर्छ- बेठीक काम कसैले नगरौँ, गरेमा अइयाआत्था भन्न पाइने छैन ।

●

चैत्र १२, २०७४

सन्दर्भ : सिएनआई कार्यक्रममा सम्बोधन

हामी 'टर्निङ प्वाइन्ट'मा छौँ

नयाँ परिस्थिति र नयाँ परिवेशमा हामीले नयाँ ढंगले काम गर्न खोजिराखेका छौँ । हाम्रा आवश्यकताहरू परिवर्तन भएका छन् । यो 'प्याराडाइम सिफ्ट'को अवस्था हो । मुलुकमा साँच्चै धेरै कुरा परिवर्तन भएको छ । हामी पूरा इमानका साथ देशका निम्ति काम गर्छौँ, यो हाम्रो 'स्ट्रेन्थ' हो । हामीले सकारात्मक परिवर्तन ल्याउनै पर्छ, विकास गर्नैपर्छ र विकास भएकै हुनुपर्छ । हामी काम नभएका कारणहरू खोजी गरेर व्याख्या गर्न जान्दैनौँ । धान उत्पादनको कुरा गर्दा हामीलाई धान फलेको

हुनुपर्छ, भकारी भरिएको हुनुपर्छ । दूध वा औद्योगिक सन्दर्भमा पनि कुरा त्यही हो । अब हामीले सफलताको लागि काम गर्ने हो र सफल हुने नै हो । मलाई देखाउने भन्दा पनि काम गर्ने मन छ । त्यो देखाएरै छोड्छु ।

अरूले भत्काउन नसक्ने गरी तपाईँले एउटा राम्रो बाटो समाजमा, सिस्टममा विकसित गरिसकेपछि, त्यस बाटोमा समाजलाई हिँडाइसकेपछि त्यसबाट पछाडि फर्कन वा त्यसबाट 'डिरेल' गर्न गाह्रो हुन्छ । हामीले सही बाटो लगाउनु पर्‍यो । अहिलेको सरकार देशको एउटा 'टर्निङ प्वाइन्ट' हो । अहिले हामी 'टर्निङ प्वाइन्ट'मा छौँ । यो एउटा माइलस्टोन हो, पुरानो अवस्थाको अन्त्य र नयाँतर्फको प्रस्थानको नयाँबिन्दु हो । तसर्थ यो सामान्य सरकार परिवर्तनमात्र होइन । अन्यथा म यो कमजोर स्वास्थ्यका बाबजुद यहाँ आएर दुःख गर्ने थिइनँ । रातरातभरि बसेर काम गर्ने थिइनँ । यो एउटा युग परिवर्तन हो । हामीसँग धैर्य गरेर बस्ने समय अब छैन ।

अत्यन्तै चुनौतीपूर्ण र अप्ठ्यारो स्थितिमा छौँ हामी । हाम्रो युवा शक्ति छ तर त्यस शक्तिलाई हामी बाहिर पठाउँछौँ अनि जीर्ण भएर फर्केपछि सामाजिक सुरक्षालगायतको उत्तरदायित्व हामी बढाउँदै जान्छौँ । अलि पछाडि दुईजनाले कमाउने, आठ जना पालिने पाकाहरूको देश हुन्छ । जापान त विकसित भैसकेको छ र पाकाहरूको देश हुँदा ठीकै भो तर हामी त्यो चरणमा प्रवेश गर्दा कसरी पाल्न वा धान्न सक्छौँ ? हाम्रो हालत के हुन्छ ? सामाजिक सुरक्षा हामी कहाँबाट दिन्छौ ? मैले एउटा पक्षको मात्र कुरा गरेको हुँ । अब पन्ध्र बीस वर्षभन्दा उता यस देशमा साइँलो, काइँलो, अन्तरे भन्ने सम्बन्ध सुन्न पाउँछ हाम्रो पुस्ताले ? त्यो त गयो नि । साइँलो सुन्न पाउने हामी अन्तिम पुस्ता हौँ । अब यसपछि साइँलो, काइँलो, अन्तरे, जन्तरे भन्ने सुनिँदैन ।

हाम्रो विकासको ढाँचा औपचारिक छ । हामी अब औपचारिकता, सुविधा वा सम्मानभन्दा बढ्ता परिणाममुखी भएर जान्छौ । हामी हाम्रो आर्थिक अवस्थाको बारेमा श्वेतपत्र जारी गर्ने तयारी गरिरहेका छौँ । त्यो पत्र जारी हुँदा थाहा हुनेछ, हामी ऋणात्मक अवस्थामा छौँ भन्ने ।

अलिअलि गन्ध आइसकेको छ । त्यहाँबाट उठेर हामीले समग्र देशलाई वचतको स्थितिमा पुऱ्याउनुपर्छ । हामीले भन्ने गर्छौं नि व्यापार घाटा वा असन्तुलन छ भनेर । असन्तुलन धेरै क्षेत्रमा छ । धानचामल, कपडा सबैमा असन्तुलन छ । हामीले लगाएको कपडाको एउटा त्यान्द्रो नेपालमा बनेको छैन । बनेको सम्म छ मेरो टोपी । यो टोपीचाहिँ नेपालमा बनेको हो । यही पनि टेलरले सिएको छ तर धागो, त्यो फल्ने कपासको बोट केही पनि नेपालको छैन । हामी सम्पूर्ण कुरामा वचतमा जानुपर्छ - उत्पादनमा, मानवशक्तिमा, बौद्धिक सम्पत्तिको 'प्याटेन्ट राइट' आदिमा । हाम्रो बौद्धिक सम्पत्ति वचतमा रही बेच्ने स्थिति बनोस् । हामीसँगका विज्ञ जनशक्तिलाई अन्यत्र देशबाट समेत काम प्राप्त भई त्यसबाट मनग्य आर्जन गर्न सकौँ न । त्यसका लागि त्यस्ता विज्ञको वचत हुनुपर्‍यो नि । हाम्रोबाट के बिक्री भइराखेको छ भन्दा पसिना बिक्री भइरहेको छ, मसल बिक्री भइरहेको छ । चालीस-पचास लाखले विदेशमा काम गर्दा पनि उल्लेखनीय आम्दानी हुनसकेको छैन ।

केही वर्षअघि हाम्रा केही बैंकलाई सुधार गर्नुपर्‍यो । त्यसका लागि हामीले बाहिरबाट विज्ञ ल्याउनु पर्‍यो । हामी अझै आफ्नै बुताबाट सबै खालका व्यवस्थापन गर्नसक्ने भइसकेका छैनौँ । हामीले यहीँको योग्य व्यक्ति पनि निष्पक्ष रूपमा छनौट वा नियुक्त गर्न सक्तैनौँ । त्यसको लागि हामीलाई अर्को मान्छे चाहिन्छ । युरोपेली युनियनको एउटा रिपोर्ट हिजो सार्वजनिक भयो । उसले साम्प्रदायिक कुरा गरेको छ । त्यसबाट उसले हामीलाई हेप्ने काम गरेको छ । त्यसले हाम्रो देशको संविधानको अनादर गरेको छ, हाम्रो निर्वाचनको अनादार गरेको छ र साम्प्रदायिक विद्वेष भड्काएको छ । हाम्रो स्थानीय नियकायको निर्वाचनमा ८० प्रतिशत मत खसेको थियो, पछि संघ र प्रदेशको निर्वाचनमा पनि ७० प्रतिशतभन्दा बढीको सहभागिता छ । तर त्यो रिपोर्टमा हामीलाई हेपिएको छ, अनुचित शब्दहरू प्रयोग गरिएको छ । हामी त्यस्ता कुरालाई स्वीकार गर्दैनौं ।

अब हामी आफ्ना सम्पूर्ण सामर्थ्यलाई सुशासन, विकास र देशको समृद्धिका निम्ति प्रयोग गर्छौं । वास्तवमा सबैभन्दा अगाडि जो छ,

जसले बुझेको छ, जोसँग क्षमता छ, जसले देश दुनियाँ देखेको छ, विषय बुझेको छ त्यसले नै नेतृत्व गर्ने हो । त्यसकारण हाम्रो बौद्धिक जगत्ले नेतृत्व गर्नुपर्ने आवश्यकता यहाँ छ ।

यहाँ धेरै कुरा यस्ता छन् जहाँ हामीले गलत हो भनेर जान्दाजान्दै पनि 'कम्प्रोमाइज' गर्नुपर्छ । त्यो बाध्यता छ । यहाँहरूलाई थाहा नै छ हामी एउटा 'प्रोसेस'मा छौँ, 'स्पिड'मा कुदेको गाडीलाई एकैचोटि ब्रेक लगायो भने रोकिँदैन, दुर्घटना हुन्छ । त्यसकारण यहाँहरूले अलिकति अनुभूति गर्नुभएको होला भन्ने ठान्छु । मैले दाहिने खुट्टा 'ब्रेक'मा राखिसकेको छु तर 'ब्रेक' लगाएको छैन, झ्याप्प हानेको छैन किनभने झ्याप्प हान्यो भने कि देब्रेतिर, कि दाहिनेतिर कतै घुम्छ । तपाईँहरूले हेर्नुभएकै छ - नाकाबन्दीका बेला मैले 'ट्रान्जिट ट्रान्सपोर्ट' र केही पासहरू खोल्ने 'एग्रिमेन्ट' गरेँ । त्यो आकस्मात 'ब्रेक' हानिएको होइन । त्यो हल्का थिचिएको 'ब्रेक' हो । त्यसो गर्न आवश्यक थियो, त्यो समयको माग थियो । त्यो हस्ताक्षर गर्ने बेलामा मलाई थाहा त थियो गाडी अन्त जान्छ भन्ने कुरा, हस्ताक्षर गरेपछि के हुन्छ भन्ने कुरा ।

मैले संसदमा भनेको थिएँ मसँग काम गर्नलाई धेरै समय छैन भनेर । त्यसलाई कतिपयले मरिहाल्छु भन्यो भन्ने पनि बुझे होलान् । म त्यस्तो मरिहाल्ने कामना गरेर बसेको मान्छे होइन । केही गर्छु, केही गरेपछि प्रधानमन्त्रीको मिति पुग्छ भन्ने मलाई थाहा थियो । त्यसकारण मैले भनेको हुँ - मसँग काम गर्न धेरै समय छैन । बुझेर भनेको हुँ । बुझेर 'ब्रेक'मा खुट्टा राखेको हुँ । झण्डैझण्डै सबैलाई थाहा थियो, खस्छ खस्छ भन्ने । खस्यो-खस्यो भन्दाभन्दै खस्यो । त्यसबाट फेरि उठाएर ल्याउनको लागि क्रेन लगाएर बिस्तारै-बिस्तारै उठाएर यहाँ ल्याइएको छ । अहिले पहिले भन्दा 'पोजिशन' राम्रो छ ।

मुलुकमा हामीमात्र छैनौँ, अनेक प्रकारका शक्ति छन् । देश छ, देशबासी छौँ तर सबैको एउटै चिन्तन र उद्देश्य छैन । हामीले त्यस यर्थाथतर्फ पनि ध्यान दिनुपर्छ । हामीले बुझेर केही कुरा स्वीकार्छौँ, बाध्यतावश केही कुराहरू 'कम्प्रोमाइज' गर्छौँ । म प्रधानमन्त्रीको हिसाबले

पनि आलोचनाहरू सुन्न, सुझावहरू ग्रहण गर्न सबैको लागि एकदम खुल्ला छु । मेरा कान सुन्नका लागि बनेका हुन् । प्रकृतिले मलाई हेर्नको लागि आँखा दिएको हो । दुवै इन्द्रिय ठीक छन् । एकपटक महाधिवेशनताका, व्याङ्ककबाट फर्किएको बेला आँखा नदेख्ने अवस्थामा पुग्दा डर लागेको थियो । अप्रेशन गरेपछि ठीक भयो ।

अब हामी काम शुरु गर्छौं, काम अगाडि बढाउँछौं । म तपाईँहरूलाई पनि आजैबाट आफ्नो क्षेत्रमा के गर्न सकिन्छ त्यो सोच्न आग्रह गर्न चाहन्छु । विषय वा सन्दर्भ हेरी क्याविनेटबाट निर्णय गर्ने गरौँला, विधेयक बनाउने बनाउँला, पास गर्ने गरौँला तर काम शुरु गरौँ ।

नयाँ राजनीतिक ढाँचाको अभ्यास भैसक्यो, नयाँ प्रदेश सरकार बनिसक्यो तर सरकार राख्ने ठाउँ छैन । प्रदेशसभा बनाइयो, सभा गर्ने ठाउँ छैन । मन्त्रीहरू बनाइए, मन्त्रालय छैनन् । तर पनि काम शुरु गर्ने अभ्यास भैसक्यो । यहाँनेर म पोखरा क्याम्पस कसरी शुरु भएको थियो भनी जर्ज जोनसँग भेटेर गरेको कुराकानीलाई सम्झिरहेको छु । हाम्रो ठाउँमा हामीले पनि त्यसै गरेका हौँ । मैले नै पढाइ शुरु गर्दा पनि फल्याकमा रातो माटोले, धुलोमा सिमलका गेडीले लेख्वेको थिएँ । शुरुआत यसरी नै हुने हो । यसपटक पनि हामी त्यही स्तरबाट शुरु गर्छौं तर हामी देश बनाउँछौं । घर बनाउँदा पहिला जग खन्नुपर्छ, हामी धेरै कुरा जगैदेखि शुरु गर्छौं ।

●

चैत्र ८, २०७४

सन्दर्भ : बुद्धिजीवीसँगको भेटघाट

सुशासनका लागि काम गरौँ

हामी अहिले पनि संक्रमणकालीन अवस्थामा छौँ । अझै पनि संक्रमणकाल टुंगिएको छैन । एउटा संक्रमणकाल मोटामोटी टुङ्गियो । जनतामा रहेको सार्वभौमसत्ताको समुचित प्रयोग र उपभोग, जनताका निम्ति जनताले काम गर्ने लोकतान्त्रिक प्रणालीको समुचित स्थापना, सुदृढीकरण र परिचालन गर्न बाँकी छ । लोकतन्त्र जनतालाई सेवा दिने सरकार निर्माण हो, जनसहभागिता हो । त्यसका निम्ति सेवाका संरचनागत पक्षहरू निर्माण आवश्यक छ । हामीले स्थानीय तहमा स्थानीय

निकायलाई स्थानीय तहका सरकारको रूपमा, प्रदेशहरूलाई प्रदेशको सरकारको रूपमा र संघीय सरकारको रूपमा सञ्चालन गर्नका लागि कार्यपालिका, व्यवस्थापकीय र न्यायिकसमेतका आवश्यक व्यवस्थाहरू गरेका छौँ । जनताले निर्वाचित गरेर पठाउनु पर्ने प्रतिनिधिहरू, निर्माण गर्नुपर्ने संस्था र संरचनाहरूको व्यवस्था भैसक्यो । राजनीतिक संक्रमणको मूल संरचनागत परिपूर्णता निर्वाचित निकायहरू हुन् । व्यवस्थापिका पक्ष निर्वाचित भैसकेपछि त्यसले कार्यपालिका र अरू संरचनाहरू आफैँ तयार गर्छ । यी सबै हाम्रा निम्ति नयाँ कुरा हुन् । ती कुराहरू लगभग सबै टुङ्गिएका छन् ।

राज्यको पुनर्संरचना, त्यससँगै पुनःसमायोजनका कुरा पनि छन् । कर्मचारी समांयोजन पनि त्यसैभित्र पर्छ । हामीले नयाँ संविधान जारी गरेका छौँ, नयाँ व्यवस्था स्थापना गरेका छौँ । त्यसका निम्ति नयाँ अभ्यास गर्नु छ । हामीसँग यस उद्देश्यमा उपयुक्त हुने पुराना अनुभव, पुराना दृष्टान्त, पुराना नजीर, पुराना अभ्यासहरू छैनन् । अरूका अभ्यासहरू हामी जस्ताको तस्तै लिन सक्दैनौ । ती अभ्यास सन्दर्भसामग्री मात्र हुन सक्छन् । कारण हाम्रो समय-सन्दर्भ, परिस्थिति, भूगोल, इतिहास र उद्देश्य अरूको भन्दा पृथक छ । त्यसै अनुसार हामीले व्यवहार गर्नुपर्ने छ ।

शासनप्रणालीमा हामी अनुकरण गर्न सक्दैनौँ, अनुसरणसम्म गर्ने हो । अनुसरण गर्दा पनि जस्ताको तस्तै होइन, अरूका अनुभवलाई सन्दर्भसामग्रीका रूपमा उपयोग गर्ने हो । यसअघिको सरकारले किन र कसरी हो अनेक अभ्यासहरू गऱ्यो । खटाएका ठाउँमा जान्न भन्ने कर्मचारीलाई पुरस्कृत गर्नुपर्छ, गोल्डेन ह्यानसेक दिनुपर्छ, छ सात वर्षको एकमुष्ट तलब भत्ता दिनुपर्छ, पेन्सन दिने गरी घर पठाउनुपर्छ, काममा खटाएको ठाउँमा जान्न भन्यो भने पनि राम्ररी पुरस्कृत गरेर घर पठाउनु पर्छ र अरू फेरि त्यस्तै खटाएको ठाउँमा नजाने खालका नयाँ कर्मचारी भर्ना गर्नुपर्छ भन्ने नीति लियो । त्यतिबेला सरकारले किन त्यस्तो नीति लियो, कसरी लियो हामीले धेरै बुझेका छैनौँ । भर्खरै नयाँ प्रणाली स्थापना भएको छ, अनुभवीहरूलाई घर पठाउने र नयाँ कर्मचारीबाट सबै गर्न खोज्ने कुरा गरियो । हामीले जनतालाई सेवा दिने वातावरण बनाउनका

लागि सेवा शुरु गरेका बखतका सेवाका शर्तहरूभन्दा विपरीत गएर कुनै अवरोध गर्न नपाइने, देशभरि कर्मचारीले खटाएको स्थानमा जानुपर्ने व्यवस्था गऱ्यौँ । कर्मचारीहरू खटाएको स्थानमा जाने र उसले आफ्ना निम्ति त्यहीँ अवसर पाउने वातावरण सिर्जना गर्न थाल्यौँ । तर विरोधी शक्तिले कर्मचारीलाई उल्क्याई नगरपालिकामा गएपछि त्यसमै जिन्दगी बिताउनुपर्ने, गाउँपालिकामा गएपछि त्यसमै जिन्दगी बिताउपर्ने भन्ने अतिरिक्त स्वेच्छाचारी कुराको हल्ला मच्चाइदियो । प्रदेशमा गएपछि त्यो कर्मचरी प्रदेशको चौबन्दीबाट बाहिर निस्कन सक्दैन भन्ने हल्ला चलाइदियो । अर्थात्, एउटा सहसचिव प्रदेशमा गयो भने फेरि केन्द्रीय सचिव अथवा मुख्यसचिव जस्तो हुन पाउने रहेन, एउटा सेक्शन अफिसर त्यहाँ गयो भने त्यसको दायरा त्यहीँभित्र मात्र हुनसक्ने भन्नेजस्ता कुरा गरिदिएर वातावरण बिथोलिदियो । त्यसलाई हामीले अहिले अन्त्य गरिदिएका छौँ । कर्मचारीको वृत्ति विकासमा तलमाथि पर्दैन । निजामती कर्मचारीले आफ्नो वृत्ति विकास गर्न सक्छन् । पहिलेको शर्तबन्दीमा खटाएको ठाउँमा जानैपर्ने थियो । त्यसैमा सही गरेर जागिर खाएकोले खटाएको ठाउँमा जानुपर्छ । दुर्गम ठाउँमा खटाउँदा दुर्गम भत्तालगायतका सुविधा छँदैछन् । अतिरिक्त काम लगाएमा सोही बमोजिमको व्यवस्था गरिएको छ ।

कर्मचारी र सरकार शत्रु-शत्रु होइनन्, सहकर्मी हुन् । प्रशासनिक संरचनामा माथिल्लो कर्मचारीले मातहतका कर्मचारीलाई खटाउने गर्छ । तलको कर्मचारी भोलि माथि पुग्छ । आज माथि पुगेको कर्मचारी हिजो तलै थियो । काम तलैबाट शुरु गर्ने हो । मुख्यसचिवबाट कसैले काम शुरु गर्दैन, सचिवबाट कसैले काम शुरु गरेको हुँदैन । त्यसबारे 'कन्फ्युजन' हुन नपर्ने हो । यो अत्यन्त सैहार्द ढंगले, छलफल गरी टुङ्ग्याउनु पर्ने विषय हो । तर हामीमा आनीबानी र आदत अलि बिग्रिएको छ । बिग्रिएको व्यवस्थामा हामी थियौं, बिग्रिएका व्यवस्थामा आनीबानी राम्रो हुनु सम्भव थिएन । त्यस व्यवस्था र वातावरणमा धेरै सप्रिन पनि त्यति सम्भव थिएन । त्यस वातावरणमा सबैले त्यसै गरेका छन् त ठीकै छ नि भन्ने मनोविज्ञान पैदा हुन्छ । । त्यस्तो बेला मौका मिल्दा 'हाटा' गर्ने पनि चलन हुन्छ । एउटाले गर्छ, अर्काले गर्छ अनि धेरैले गर्छन् । हिजो

यस्तो पनि चल्यो । कसैमाथि रीस उठ्यो भने छड्के हान्ने पनि गरियो । प्रायः जसो 'हाटा' गर्नेले छड्के हान्ने पनि सुनियो । अब त्यस्तो गर्नु हुँदैन । म यहाँहरूलाई भन्न चाहन्छु - प्रधानमन्त्रीको हिसाबले देशको कार्यकारिणीको नेतृत्व गरिरँहदा बिल्कुल स्वच्छताका साथ पारदर्शी ढंगले गरौँ । 'नो करप्सन एट अल' - यस मान्यतालाई शिरोधार्य गरौँ । म तपाईँहरूतिर हेरेरै भनिराखेको छु, कोही न कोहीको मद्दत नलिई भ्रष्टाचार गर्न सकिँदैन । एक्लै बसेर भ्रष्टाचार कसरी हुन्छ र ? कि यताको सँग मिल्नु पर्‍यो, कि उताकोसँग मिल्नु पर्‍यो । कहीँ न कहीँ नमिली भ्रष्टाचार हुँदैन । यो स्थितिलाई हामीले तोड्नैपर्छ ।

हामीलाई दुनियामा लाज भैसक्यो । द्वन्द्वबाट भताभुङ्ग भएका देशहरू माथि उठिसके । अब हामीले विकास सिक्न अमेरिका गएर त्यति सिकिँदैन । इथियोपिया जानुपर्ने भयो । हिजो-अस्तिसम्म इथियोपियाको के हालत थियो ? त्यहाँ कसरी विकास भयो, यति छिटो कसरी गर्‍यौ, त्यस्तो गरीब हालतबाट कसरी उठ्यौ ? भनी सोध्नुपर्ने भयो । त्यस्तो ध्वस्त भएको मुलुक रुवाण्डा कसरी उठेर आयो ? त्यहाँ सिक्न जानुपर्ने भैसक्यो । कतिपय मुलुकमा गएका पनि छौँ । लडाईँ गरियुञ्जेल सर्वनाश भएका छन्, मिलेपछि एकजुट भएर बनाउन थालेका, पाँच वर्षमै बनाए । तर यहाँ त म क्षेत्री हुन्छु, उहाँ बाहुन हुनुहुन्छ, अर्को दलित, उहाँ मंगोल हुनुहुन्छ, उहाँ आर्य हुनुहुन्छ,उहाँ महिला हुनुहुन्छ, उहाँ तराईको हुनुहुन्छ, उहाँ मधेशको हुनुहुन्छ, उहाँ पहाडे, उहाँ थारू, उहाँ जनजाति आदि भनेर रडाको शुरु गर्छौ हामी । हामी एकताबद्ध हुँदैनौँ । मौका मिल्ने हो भने कर्मचारीभित्र पनि हामीले जातीय संगठन खोल्न बेर लगाउदैनौँ । धेरै नभनौँ, यो गरिखाने बाटो होइन । म पुगेका कतिपय देशमा यति धेरै संगठन सुनेको छैन । त्यहाँ जाँदा जातैपिच्छेका संगठन, एउटा जिल्लाको संगठन, जिल्लाको पनि खोला वारि र खोला पारिको संगठन, डाँडा गाउँले संगठन, भीर गाउँले संगठन, टारवारि संगठन, गैह्रीखेत संगठन आदि, आदि । यस्तो चालाले 'ग्रुपिङ' गर्नुबाहेक के गर्न सक्छ र ? हामी जसरी चल्न खोजेका छौँ, त्यो गलत छ । अब हामी देश बनाउन ढिला गर्न सक्दैनौँ । देश बनाउनको लागि उपयुक्त

कानूनको निर्माण, उपयुक्त व्यवहार, स्वच्छता, पारर्दशितासहित हामी हरेकले नयाँ ढंगले सोच्नुपर्‍यो । अब पुरानै तरिका, पुरानै ढाचाँ, पुरानै शैलीले होइन, केही 'इनोभेटिभ' पनि हुनुपर्‍यो । हामीले एउटा अभियान चलाउनु पर्‍यो । हामी विभिन्न गाउँबाट, शहरबाट आएका छौँ । हामी केही नयाँ गरौँ र त्यो आजैबाट शुरु गरौँ ।

मैले 'सदुपयोग' को कुरा गर्ने गरेको छु । यसलाई मैले सदुपयोग सिद्धान्त पनि भन्ने गरेको छु । हरेक उपयोगी चीजको सदुपयोग । सकेसम्म आजैबाट अफिस तथा घर दुबै ठाउँमा लागू गरौँ । त्यसअन्तर्गत आज नयाँ काम के गरियो, परिवारसँग सरसल्लाह गरौँ । तपाईँकोमा बरण्डा, कौसी, गमला जहाँ जे छ केही रोप्न सकिन्छ कि ? त्यहाँ खोर्सानी रोप्न सकियो भने खोर्सानी त किन्न नपर्ला, त्यो त आउला । तपाईँले आफूसँग भएको समय सधैँ खेर फाल्नुहुन्थ्यो भने सदुपयोग कसरी गर्नुहुन्छ ? हामीले हरेक समयको सदुपयोग गर्नुपर्ने छ, हरेक बुद्धि तथा तागतको सदुपयोग गर्नुपर्ने छ । हाम्रा हरेक मिहिनेत, परिश्रम, प्राकृतिक साधन , जनशक्ति आदिको सदुपयोग गर्नुपर्ने छ । आफ्ना निम्ति समय, साधन तथा अवसरको सदुपयोग गर्दा त्यो अन्ततोगत्वा देशका निम्ति सदुपयोग हुन्छ । देश बनाउने संकल्पमा कसरी चिन्ता गर्न सकिन्छ र कसरी नयाँ काम गर्न सकिन्छ ? देश बनाउन मैले 'पोटेन्सियल थ्योरी' आवश्यक छ भनेको छु । धर्ती तथा मानवभित्र असाधरण चीज छ अर्थात् 'पोटेन्सियालिटी' छ । धर्तीभित्र भएको सामर्थ्य पहिचान गर्नु, त्यसलाई उजागर गरी वृद्धि गर्नु र त्यसका निम्ति मानवभित्र भएको सम्भावनाको पहिचान गरी उजागर गर्नु, त्यसको वृद्धि गर्नु अहिलेको आवश्यकता हो । शिक्षा, तालिम वा सीप विकास भनेको त्यही हो ।

हामीभित्र प्रचुर सम्भावनाहरू छन् । एउटै मान्छेमा सबै प्रकारका सम्भावना हुन्छन् भन्ने छैन । कसैको केमा सम्भावना हुन्छ, कसैको केमा सम्भावना हुन्छ । कोही वैज्ञानिक होला, कोही गणितज्ञ होला, कोही संगीतकार होला, कोही खेलाडी होला । तसर्थ व्यक्तिमा एउटा-एउटा चीजको विशेषज्ञता हुनु आवश्यक छ । म प्रधानमन्त्री भएर पनि पारस

खड्का जति क्रिकेट खेन सक्दिनँ । मलाई उनको ठाउँमा पठाइदियो भने क्रिकेटको बेहाल हुन्छ । सबैले एउटै काम गर्न जान्दैन र सक्दैन पनि । त्यसकारण जसको जे क्षमता छ त्यो हामीले पहिचान गर्नुपर्छ । इन्जिनियरले विकास निर्माणको, कृषिविज्ञले कृषि क्षेत्रको सर्वपक्षीय अध्ययन गर्नुपर्‍यो । विद्यार्थीलाई हामीले 'काउन्सिलिङ' बाट कुन विद्यामा लगाउने र अगाडि बढाउने भन्ने सम्बन्धमा यी चीजहरू गर्नुपर्‍यो । 'थ्योरी अफ पोटेन्सियल'का विविध आयाम वा पक्षहरू छन् । मैले 'इन्टरनेशनल सेमिनार'हरूमा पनि भन्ने गरेको छु - 'मानव जातिभित्र र प्रकृतिमा रहेको क्षमताको अभिवृद्धि र त्यसको सम्मिश्रण नै विकास हो । त्यही प्रकटीकरण हो ।' आखिर म्याडम क्युरी र पारक क्युरीले पत्ता लगाउनु भन्दा अगाडि पनि त्यो थ्योरीमात्र पत्ता नलागेको हो नि । रेडियमको त छँदै थियो नि । जेम्सवाटले पत्ता लगाउनु भन्दा अगाडि पनि कित्लीको उम्लिएको पानीमा बाफ त उडेकै हुन्थ्यो नि ।

हाम्रो काम जनतालाई सेवा प्रदान गर्ने हो । मैले अघि विकासको कुरा गरेँ, तपाईँहरू अलिकति नयाँ तरीकाले सोच्नोस् । हामी जनताका सेवक हौ । हामीले सेवा प्रदानमार्फत् सुशासन दिन्छौँ, विकास गर्छौँ भन्ने कुरामा प्रतिबद्ध बनौँ । कर्मचारीलाई त स्थायी सरकार भनिन्छ, सरकारै हो त्यो । यसर्थ अहिलेको राजनीतिक नेतृत्व सरकारलाई विकासमुखी, राष्ट्रमुखी, जनमुखी, सेवामुखी, स्वच्छ, सुशासनमुखी बनाउन चाहन्छ । म यहाँहरूसँग त्यसका निम्ति सहयोगको अपेक्षा गर्छु । निजामती कर्मचारीको योगदान प्रशंसायोग्य मात्र होइन असाधारण पनि छ । आधिकारिक ट्रेड युनियनमा तपाईँहरूको विजय त्यसैको परिणाम हुनसक्छ । यो 'वाइचान्स' आइपरेको वा चिट्ठा परेको होइन । यो धेरै मिहिनेतबाट तपाईँहरूले आर्जन गर्नु भएको विश्वास हो । यो आर्जन फलोस् फुलोस, अगाडि बढोस्, शुभकामना छ ।

●

चैत्र ३, २०७४

सन्दर्भ : नेपाल निजामती कर्मचारी संगठनको कार्यक्रम

त्यसकारण हामीले गलत बाटो लिएनौँ

'समृद्ध नेपाल र सुखी नेपाल' बनाउने उद्देश्यका लागि के कस्ता नीति, योजना र कामको साथ अगाडि बढ्नु पर्दछ भनी साथीहरूले दिनुभएका सुझावहरू मैले प्राप्त गरेको छु । ती सुझावहरू मैले पढेँ पनि । यहाँहरूले खासगरी समृद्धिका निम्ति आर्थिक क्षेत्र - कृषि, उद्योग व्यापार, विकासका पूर्वाधारको निर्माणको सम्बन्धमा गर्नुपर्ने कामहरू र सामाजिक सद्भाव र एकताको सन्दर्भमा गर्नुपर्ने कामहरूका सम्बन्धमा अत्यन्त स्पष्ट धारणा राख्नुभएको छ । जबसम्म कुनै देशका नागरिक कुनै एउटा जात

विशेषको मात्र नागरिक ठान्दछन्, भूगोल विशेषमा मात्र सीमित राख्दछन् अथवा धर्म विशेषमा सम्बन्ध राख्दछन्, समग्र राष्ट्रिय भावनामा म यस देशको नागरिक हुँ भन्ने भावना राख्दैनन् तवसम्म त्यस देशको विकास सहज हुँदैन भनी तपाईँहरूले तोकेरे नै निष्कर्ष निकाल्नुभएको छ । यो अत्यन्तै सही कुरा हो । यो वैज्ञानिक र मानवीय कुरा हो । हाम्रो जस्तो विविधतायुक्त देशका लागि राष्ट्रिय एकताको भावना, सामाजिक न्याय र समानतामा आधारित, सामजिक सद्भावको जगमा उभिएको, राष्ट्रिय भावना र एकतामा तपाईँहरूले जोड दिनुभएको विषय अत्यन्तै सान्दर्भिक र महत्वपूर्ण छ । तपाईँहरूको निष्कर्ष वास्तवमै महत्वपूर्ण छ ।

हामीले सिरियाको समाचार चाल पाइरहेका छौँ । त्यहाँ आठ वर्षमा साढे तीन लाख मानिस मरिसके । दैनिक मान्छे मारिएका छन्, घाइते भएका छन्, आँसु बगेका छन् । टेलिभिजनका पर्दामा हेर्नुभयो भने सिरियामा ठूला खण्डहर भएका इटाढुंगाका चाङ थुप्रो देखिन्छ । मान्छे हुँदैनन्, रुवावासीमात्र देखिन्छ । जहाँ राष्ट्रिय एकता हुँदैन, त्यो ठाउँ त्यसरी नै खत्तम हुन्छ । जहाँ राष्ट्रिय एकता हुँदैन, त्यहाँ एक पक्षले अर्को पक्षलाई मद्दत दिन्छु भनेर हुँदैन । ध्वस्त पार्ने तत्वहरू मद्दत दिने नाममा आएका हुन्छन् । एकातिरबाट एकथरी, अर्को तिरबाट अर्कोथरी मद्दत गर्न भनेर आउँछन् । मद्दत गर्ने सही पक्षले आगो लागेको बेला बाल्टीमा पानी बोकेर आउँछन्, थप आगोको मुस्लो वोकेर आउँदैनन् । तर सिरियामा मद्दत गर्नेहरू आगो बलेको ठाउँमा झन् ठूलो मुस्लो बोकेर आएका छन् । त्यो देशका नागरिक आफैँ विभाजित हुनुको परिणाम हो । जब एउटा देशका नागरिकहरू धर्म-धर्मका नाममा, धर्मको पनि एउटा सम्प्रदाय र अर्को सम्प्रदायको नाममा, एउटा भूगोल र अर्को भूगोलको नाममा, एउटा जात र अर्को जातको नाममा, एउटा भाषा र अर्को भाषाको नाममा मारमार गर्न थाल्छन्, आफ्नै मित्र वा देशबन्धुलाई अकारण जब शत्रु घोषणा गरेर लड्न थाल्छन् , त्यसपछि त्यहाँ आपसमा लडाईँ मच्चिरहन्छ । अनि त्यस देशको विकास कसरी हुन्छ ?

यो कुरा ठूलो क्षति भएपछि रूवाण्डाले बुझ्यो । रूवाण्डा आज द्वन्द्व समाप्त पारेर धेरै अगाडि गइसक्यो । गरीबको नमूना दुनियाँमा

देखाउन पऱ्यो भने इथोपियालाई देखाइदिए हुन्थ्यो । करङमात्र भएको, बल्लतल्ल सास फेरिरहेको मानव देखाइन्थ्यो । तर आज इथोपिया अगाडि बढ्दै छ । हामीकहाँ पनि विद्वेषको बाली लगाउन खोजिएको थियो तर सम्भव भएन । जात, धर्म र क्षेत्रको नाममा नेपाललाई पनि रूवाण्डा, सिरिया र इथोपिया बनाउन खोजिएको थियो । तर नेपाली जनता आफैँ सम्हालिए । त्यो वाटो हाम्रो होइन, त्यस बाटोमा गएपछि सर्वनाश हुने रहेछ भन्ने कुरा नेपाली जनताले बुझे । त्यसकारण हामीले गतल बाटो लिएनौँ ।

बिगार्नकै लागि धेरै चीज के नै चाहिन्छ र ? सबभन्दा पहिले घृणाको खेती गरे पुग्छ । सामाजिक घृणा जात-जात, भूगोल-भूगोल, धर्म-धर्मका नाममा फैलाए पुग्छ । घृणाको खेती मौलाएपछि त्यसमा आधारित द्वन्द्व उद्योगको शुरुआत हुन्छ । द्वन्द्व उद्योग फस्टाएपछि मद्दतकारहरू आउँछन् । त्यसपछि द्वन्द्व व्यवस्थापनको व्यवसाय हुन्छ । फेरि उतैबाट अर्को टिम आउँछ । पहिले घृणाको खेती, त्यसपछि द्वन्द्वको उद्योग र अझै द्वन्द्व व्यवस्थापनको 'बिजनेस' । यसरी मद्दतकारहरू दाइ-भाइ, दिदी-बहिनीलाई सिध्याउने, देश ध्वस्त पार्ने उद्देश्यसहित आउन सक्छन् । हामी सचेत रहनुपर्छ ।

पूर्वसांसद मञ्च आफैँमा संघर्ष गरेर आएका, परिवर्तनका लागि लागेका व्यक्तिहरूको संस्था हो । जनताले पत्याएका, जनताबाट निर्वाचित भएका, परिवर्तन ल्याएका र परिवर्तन संस्थागत गर्ने संवैधानिक र कानूनी, रचनात्मक, संरचनात्मक र कार्यन्वयनको क्रमबाट गुज्रिएका अनुभवी साथीहरू रहेको संस्था हो । यस्तो सस्था स्वाभाविक रूपमा संसदको सल्लाहकार नै हो । यस्तो संस्था सरकारका निम्ति पनि अन्त्यन्त उपयोगी सल्लाहकारको रूपमा रहेको हुन्छ । आगामी दिनमा साथीहरूका समृद्ध अनुभवबाट सरकारलाई सही सुझाव प्राप्त हुने अपेक्षा गर्दछु ।

द्वन्द्वरत अवस्थामा कतिपयले सरकारका कामकारबाहीको आलोचना गर्नुपर्दथ्यो, सरकारलाई नराम्रो लाग्दथ्यो । कहिले विद्रोहीका

कामकारबाहीको आलोचना गर्नुपर्दथ्यो, विद्रोहीलाई नराम्रो लाग्थ्यो । त्यतिबेला यस संस्थाले गरेका कामहरू नराम्रो लाग्नेहरूलाई अहिले राम्रो लाग्ने गरेको छ । मलाई सम्झना छ - जतिबेला यहाँ साम्प्रदायिक विद्वेषको खेती गर्न खोजिएको थियो, त्यसबेला यहाँहरू दृढतापूर्वक राष्ट्रिय एकताको पक्षमा उभिनुभएको थियो । त्यसबेला पूर्वसांसदहरू वा पूर्वसांसद मञ्चका साथीहरू खुलेर कार्यक्रम गरेर असहमत व्यक्ति वा पक्षलाई पनि मञ्चमा वोलाएर कुरा राख्दा कहिलेकाही हाँसोका पात्र भएको जस्तो देखिए पनि आफ्ना कुरा आत्मविश्वासका साथ राखी सही विचारलाई स्थापित गर्ने कुरामा तपाईँहरूको महत्वपूर्ण योगदान रह्यो । यस हिसाबले तपाईँहरूले सरलमात्र होइन, कठिन बाटोसमेत हिँड्नु भएको थियो । म पनि पूर्वसांसद भई पुनः वर्तमान भएको हुँ ।

मैले अतिथिमात्र भएर आउँछु भनेर भनेको थिएँ । त्यतिबेला ठट्टामा भनेको थिएँ तर अहिले साँचो भएको छ । मलाई भूतपूर्व बन्ने मन थिएन । त्यसैकारण मैले नमानेको हो । तर फेरि भूतपूर्व नभई पनि हुँदैन । अब भूतपूर्व हुन मञ्जुर गर्दछु । तपाईँहरूले देशका लागि जे चिन्ता राख्नुभएको छ, देशका लागि जे सपना देख्नुभएको छ, देश जस्तो बनाउनुपर्दछ भन्ने ठान्नुभएको छ, त्यही 'भिजन' ग्रहण गर्न नै म यहाँ आएको हुँ । तपाईँहरूले देशलाई सुशासन चाहिन्छ, समृद्धिका लागि विकास चाहिन्छ भनेर भन्नुभएको छ । सुशासन चाहिन्छ भन्नु नै सुशासन हो । सुशासनका सन्दर्भमा मैले भन्ने गरेको छु -गाडीमा हिँड्दा तपाईँको गाडी हलिन्छ, खाल्डोमा पर्दछ अनि तपाईँ भन्नुहुन्छ - वाटो खराब छ । सरकारले बाटो पिच गरेकोले ठीक छ भनी तर्क गर्छ । तर्कले बाटो ठीक हुने होइन, गाडी कुददा सलल जानुपर्‍यो । तर्कले होइन,व्यवहारमा ठीक हुनुपर्‍यो । हामीले जनतालाई तपाईँको जीवनमा कत्रो परिवर्तन आइसक्यो कस्तो थाहा नपाएको ? तपाईँको जीवन बदलिइसक्यो कसरी थाहा नभएको ? भनेर हुँदैन । उसले अनुभव गर्नुपर्‍यो मेरो जीवनमा परिवर्तन आयो भनेर । उसले भन्नुपर्‍यो - मेरो छाप्रो थिएन मैले बास पाएँ, मसँग खाने प्रबन्ध थिएन मैले खान पाए, मसँग रोजगारी थिएन मैले रोजगारी पाएँ, केटाकेटी पढाउन सकेको

थिइनँ, केटाकेटी पढाउने अवसर पाएँ भनेर । तर्क होइन, उसको जीवन भोगाइमा परिवर्तन आउनुपर्‍यो । हो, त्यही परिवर्तन हामी ल्याउन चाहन्छौँ । हामी तर्कका पछि होइन, तथ्य र वास्तविकताको पछि लाग्नुपर्‍यो ।

अब मुलुकमा सुशासन र कानूनको राज हुन्छ । राजनीतिको आडमा अपराध गर्नेलाई छुट हुँदैन । अनेक नाम र बहानामा बम पड्काउने, मान्छे तर्साउने, मान्छे मार्ने अनि चन्दा असुल्ने कुराको अन्त्य हुन्छ । अनेक नामको लुटपाटलाई अन्त्य गरिनेछ । अब सामाजिक अपहरण र लुटमार चल्दैन । महिलामाथि हुने दुर्व्यवहार, बलात्कार जस्तामा अत्यन्तै कडाइका साथ व्यवहार गरिने छ । प्रहरीले बलात्कारी र बलात्कृतमाथि बलजफ्ती मिलापत्र गराउने काम गर्नेछैन । सरकारका सबै अंगले यथासम्भव न्याय प्रदान गर्दछन् । कर्मचारी राष्ट्रसेवक हुन् । अब भ्रष्टाचार जस्ता कुरा, रकम नदिईकन फाइल नसर्ने जस्ता कुरा वा ढिलासुस्तीका कुरा चल्दैनन् । राष्ट्रसेवक कर्मचारीले निष्ठापूर्वक काम गरेको हुनुपर्दछ, जनताको सेवा गरेको हुनुपर्दछ । कर्मचारीको वृत्ति विकासलगायतका कानूनी हक सुरक्षित गरिने छ । ठेक्कापट्टा कमिशनको भरमा अगाडि बढ्दैन । छिटो र पारदर्शी बाटोबाट काम अगाडि बढछ ।

सुशासन र स्वच्छता भनेको भ्रष्टाचार नहुने, प्रशासनको दुरुपयोग नहुने र राजनीतिको आडमा प्रशासन, पैसा वा पावरको आडमा कुनै पनि बेठीक निर्णय नहुने पद्धति हो । म त्यही पद्धति लागू गर्न कृतसंकल्पित छु । अहिलेका प्रधानमन्त्रीलाई हिजो राम्रो काम गर्न खोजेको भन्दै हटाइएको थियो । जनताले फेरि समातेर ल्याए । मलाई प्रधानमन्त्रीको नेतृत्व 'दृढतापूर्वक देश बनाउने कामको नेतृत्व गर' भनेर दिइएको हो । त्यसकारण हामी जनताको आदेशअनुसार चल्ने हो । तपाईँ ढुक्क हुनुहोस् - म अरू केही नहेरीकन जनताको आदेशअनुसार चल्छु । जनताले मलाई देश बनाउने अभिभारा र अधिकार दिएको छ । सरकारलाई संसदले ठूलो विश्वास व्यक्त गरेको छ । अहिलेको अवस्थामा वास्तवमा

देश एकजुट छ । यस अवस्थाको सदुपयोग हुन्छ । म त गाउँमा जन्मिएर, गाईभैँसी चराएर, हलो जोतेर, कोदालो खनेर, स्विमिङ पुलमा होइन खोलामा पौडी खेलेर आएको मान्छे । उताबाट आएर यहाँ मलाई कुनै दम्भ देखाउनु वा घमण्ड गर्नुछैन । मैले अत्यन्त शालीनताका साथ, अत्यन्त विनम्रतासाथ देश बनाउने कामको अगुवाई गर्नेछु ।

हामी विभिन्न ढंगले एउटै लक्ष्य लिएका साथीहरू हौँ । फेरि पनि हाम्रो अन्तिम लक्ष्य एउटै छ । त्यस लक्ष्यमा हामी एकसाथ अगाडि बढौँ ।

●

चैत्र ३, २०७४

सन्दर्भ : पूर्वसांसद मञ्चसँगको भेटघाट

नचिन्दा झारपात, चिनेपछि औषधि

कर्णाली-रारा पर्यटन वर्ष २०७५ शुभारम्भ भएको छ । आरम्भ भनेको कुनै पनि काम गर्न वा अगाडि बढ्नका लागि आरम्भ गरिने कार्य हो । हामीले पर्यटन वर्षको शुरुआत गरेका छौँ । उद्घाटन आफैँमा केही पनि होइन, बाँकी काम गर्ने घोषणा एवम् प्रतिबद्धता हो ।

कर्णाली प्राकृतिक हिसाबले अत्यन्त सुन्दर, खनिजहरूले भरिपूर्ण, औषधिमय, मिहिनेती जनता भएका, विभिन्न प्रकारका संस्कृतिहरूले भरिभराउ

भएको सांस्कृतिक हिसाबले पनि सम्पन्न क्षेत्र हो । यही क्षेत्रमा अजस्र जलश्रोत छन्, हिमालहरू छन्, तालहरू छन् । रारा र फोक्सुण्डोको महिमा आफ्नै छ । यस्तो सम्पदायुक्त जिल्लालाई विकास गर्न सकिन्छ । यसलाई नमूना प्रदेशको रूपमा अगाडि लान सकिन्छ । यहाँका हरेक जिल्लालाई बेग्लै विशेषताका साथ अगाडि विकास गर्न सकिन्छ । त्यही कुराको उद्घोष गर्न यहाँहरू जम्मा हुनुभएको छ । मलाई प्रदेश सरकारको तर्फबाट मुख्यमन्त्रीले आमन्त्रण गर्नुभयो । मैले भनेँ - म खुशीसाथ आउँछु, पर्यटन वर्षको पहिलो पर्यटक म नै हुन्छु ।

राराको सुन्दरता, राराको प्राकृतिक बनोट नेपालीहरूले देखे, दुनियाले देख्यो । यस राराको इतिहासजस्तो होस्, बनावट जहिलेबाट भएको होस् तर हाम्रा शास्त्रहरूले, हाम्रा मान्यताहरूले, हाम्रा अनेक प्रकारका धार्मिक र शास्त्रीय कथनहरूसँग, मिथकहरूसँग यसलाई जोडेका छन् । एउटा कथा छ : राम-रावण युद्ध भयो लङ्कामा । रामबाट रावण मारिए, ऋषिपुत्र मारिएको हुनाले राम बहुत शोकमग्न भए । त्यसबेलाको मान्यता र प्रचलनअनुसार ब्रह्महत्या लाग्नेभयो भनेर ऋषिहरूले उनलाई सुझाव दिए - हिमालयमा गएर तपस्या गर, तिमीलाई प्रायश्चित्त हुन्छ । राम प्रायश्चित्तको लागि यतातिर लागे । यस ठाउँमा आइपुग्दा पानी नपाएपछि, प्यासले छट्पटाए । उनले वाण हानी ताल उत्पन्न गराए र पानी खाए ।

यो भयो हाम्रा शास्त्रका कुरा । जसरी होस् यो ताल हाम्रा शास्त्रहरूसँग, हाम्रा परम्पराहरूसँग, हाम्रा आस्थाहरूसँग, हाम्रा विश्वासहरूसँग, हाम्रो भूगोलसँग, हाम्रो प्रकृतिसँग जोडिएको छ । यो ताल अरू कथामा शिवजीसँग जोडिएको छ, सतीदेवीसँग जोडिएको छ । अरू प्रसंगहरूसँग पनि यो ताल जोडिएको छ । स्वर्गकी रानी भनेर चिनिने राराताल एकपटक सबैले देख्नैपर्छ । यहाँसम्म जसोतसो सडकमार्ग आइपुगेको छ । यस सडकमार्गको स्तरोन्नति गरिने छ । सडकमार्गलाई अरू सहज बनाई पर्यटन प्रवर्द्धन गरिने छ ।

यस ठाउँमा विकासका धेरै सम्भावनाहरू छन् । म सरकारको तर्फबाट भन्न चाहन्छु राराताल र यसको सुन्दरता, यसको स्वच्छता र यसको पवित्रतालाई कायम राख्निनेछ । यसको किनारामा अझ सुन्दर बाटो र संरक्षणको व्यवस्था गरिने छ । रारालाई एउटा आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नेतर्फ सरकारको ध्यान जान्छ । मैले राराताल संरक्षण गर्छु भन्नुको तात्पर्य फोक्सुण्डो, छायानाथ, केदारनाथ, बद्रीनाथ, विश्वनाथ्, मुक्तिनाथ, पशुपतिनाथ आदिलाई केही नगर्ने भन्ने होइन, तिनको पनि संरक्षण गर्नुपर्छ । छायानाथ बलियाले मात्रै हेर्ने खालको छ । बुढेसकालमा गाह्रै हुने जस्तो लाग्यो । वर्षायाममा, गर्मीका बेला उमेर छँदै गएर हेर्नु ठीक छ । पछि हेरौँला भनेर साँच्यो भने छायानाथ हेर्न जान पाइँदैन ।

हाम्रो देश जडीबुटीको देश हो । त्यसमाथि यो कर्णाली प्रदेश जडीबुटी नै जडीबुटीको प्रदेश हो । यहाँको यार्सागुम्बा विश्वप्रसिद्ध छ । यार्सागुम्बाबाहेक पाचँऔलेलगायत अनेक जडीबुटी छन् । अनेक खालका झारपात छन् । झारपातभन्दा पनि औषधि । नचिन्दा झारपात, चिनेपछि औषधि । हामी यहाँ पशुपालनको विकास गर्नसक्छौँ । यहाँको चौँरीको दूध, चौरीको छुर्पी उत्पादन गरी बाहिर पठायौँ भने त्यसले राम्रो मूल्य पाउन सक्छ । किनभने यहाँका जीवजन्तु औषधिको वनमा चरेका छन्, स्वच्छ पानी पिएका छन्, स्वच्छ हावामा सास फेरेका छन् । यहाँको मासु तथा दुग्ध उत्पादन महँगोमा बिक्री हुन सक्छ । त्यसका लागि हामीले केही कामहरू गर्नुपर्छ । मैले सरकारको तर्फबाट प्रदेश सरकारलाई भनेको छु - यस्ता योजनाहरू ल्याउनोस्, कार्यक्रमहरू ल्याउनोस्, पैसा छैन भनेर चिन्ता नर्गनोस् । पैसाको कारणले विकास नहुने हुँदैन । धनी भएर, पैसा भएर कसैले विकास गरेको हुँदैन । विकास गर्छन् अनि धनी हुन्छन् । हामीले विकास गर्नुपर्छ । हाम्रा वस्तीहरूलाई, प्रदेश सरकार र त्यस मातहतका विभिन्न निकायहरूलाई पनि आग्रह गर्न चाहन्छु - हाम्रो बसोबास तथा उत्पादन क्षमतालाई पुनर्व्यवस्थित गर्नैपर्छ । अन्यथा हामी सामाजिक तथा आर्थिक जीवनमा परिवर्तन ल्याउन सक्दैनौँ । छरिएर बसेका गाउँगाउँमा सोलार पुऱ्याउन सकिन्छ तर घरैपिच्छे बिजुलीको तार

पुऱ्याउन कठिन हुन्छ । तर सघन बस्तीहरू भएभने तिनमा तार पुऱ्याउन सकिन्छ । टाढाटाढाको दूरीमा एक-दुई घर बनाउने भन्दा फरक ढंगले सोच्न आवश्यक छ । बस्ती विकास पनि सुरक्षित स्थानमा गर्नु आवश्यक छ ।

मैले समय-समयमा भन्ने गरेको छु - हामी ऋषिमुनिहरूका सन्तान हौँ, विद्वान्का सन्तान हौँ । बाँकी दुनियाँमा अन्धकार हुँदा, ज्ञानको ज्योति नहुँदा नेपालमा ऋषिमुनिहरू थिए । पाचँहजार वर्ष अगाडि, तीनहजार, चार हजार वर्ष अगाडि अक्षर भन्ने कुरा हुन्छ, अंक हुन्छ भन्ने कुरा विश्वलाई थाहा थिएन । त्यसबेला हाम्रा पुर्खाहरूले ती बौद्धिक सम्पदाको आविष्कार गरे । अरू संगीतप्रति सचेत नहुँदा हाम्रा पुर्खा संगीतका सप्तस्वर रचना गरेर बसेका थिए । अरू साहित्यसित बेखबर हुँदा साहित्यका नवरस हाम्रा पुर्खाहरूले रचना गरिसकेका थिए । जतिबेला मान्छे ओढारमा बस्थ्यो, जंगलमा बस्थ्यो, ढुंगाको चेपमा बस्थ्यो त्यहाँबाट हाम्रा पुर्खाले मान्छेलाई छाप्रामा ल्याए । छानामुनि ल्याउने कामको अगुवाइ हाम्रा चेतनशील पुर्खाले नै गरे ।

अहिले सबैभन्दा पहिले फलाम प्रयोग गर्ने नेपाली हुन् र उनी कपिलवस्तुका हुन् भन्ने विषयमा अध्ययन-अनुसन्धान भइरहेको छ । शिव त्रिशूल बोकेर हिँड्थे, जतिखेर अरू लौरोमात्र बोक्दथे । अरूले लौरो बोकेको बेला शिवसँग त्रिशूल हुनाले सबै थर्कमान । भनाइको अर्थ हो - नेपाल अनेक प्रकारका कुराहरूमा अगाडि थियो । ज्ञानभूमि, तपोभूमि, विद्वत्भूमि, पुण्यभूमि, देवभूमि भनेर चिनिने यो ठाउँ विकासमा केही वर्ष, केही शताब्दी पछाडि पऱ्यो । अब समय आएको छ । हामी बाटाहरू बनाउँछौँ, नाकाहरू खोल्छौँ । हुम्ला जिल्लालाई सडकमार्फत् अरू जिल्लासित जोड्न बाँकी छ । हुम्ला जिल्लालाई छिटै मोटर बाटोले जोड्छौँ । कर्णाली करिडोरबाट धेरै ठाउँलाई जोड्छौँ । यसमा अब विलम्ब गर्न सकिँदैन । कतिपय ठाउँमा केबलकारदेखि लिएर अरू कुराहरूको व्यवस्था गर्न सकिन्छ । कहीँ हाम्रा पेट्रोल खानीहरू छन् । जस्तो दैलेखमा पेट्रोल खानी छ, हामी त्यसको उपभोग गर्नसक्छौँ ।

यस क्षेत्रलाई अर्गानिक प्रदेशका रूपमा विकास गर्न सकिन्छ । कयौँ अनुभवहरूलाई लिएर हामीले कर्णालीलाई पहिलो अर्गानिक प्रदेशको रूपमा विकास गर्नसक्छौँ ।

यस प्रदेशको सिमाना जोडिने उत्तरतिर, छिमेकी मित्रराष्ट्र चीनसँग हो । हुम्लाको सिमाना जोडिनुपर्दछ र हामी जोड्छौँ । मुगुको सिमाना जोडिनुपर्दछ, हामी जोड्छौँ । डोल्पाको सिमाना जोडिनुपर्दछ, त्यो पनि उत्तरसँग जोड्छौँ । सिमिकोटको बाटो अलिकति मात्रै खोल्न बाँकी छ । त्यसलाई हामी छिटै खोल्छौँ । अहिलेको सरकार देशमा सकारात्मक परिवर्तनको लागि बनेको हो । अब यस देशमा कोही पनि भोको पर्न र भोकले मर्न पाउँदैन । सरकारले कमसेकम ती व्यवस्थाहरू गर्छ । हामीसँग ढुंगा छ, माटो छ, काठ छ, बाँस, खर पनि छ । जस्ता बनाउने सामान पनि छ । सिमेन्ट बनाउने ढुंगा पनि छ । हामीसँग घर बनाउने सबै चीजहरू छन् तर हामीसँग घर छैन । यही प्रदेशमा सिमेन्ट उद्योगका लागि पर्याप्त ढुंगा छ । हामी देशमा ठूलाठूला सिमेन्ट उद्योगहरू र जैविक मल उद्योगहरू खोल्न सक्छौँ जसले अर्थतन्त्रमा ठूलो परिवर्तन ल्याउन सक्छ ।

अब हामी नयाँ ढंगले अगाडि बढ्छौँ । नेपाल गरीब भइरहने कुरा अब हामीलाई मञ्जुर छैन । हामी अब नेपाललाई परिवर्तन गर्छौँ । हामी अग्रगामी परिवर्तनको दिशामा छौँ । देशमा अग्रगामी परिवर्तन गर्छौँ । अब विकासलाई बिस्तार होइन, तीव्र गतिमा अगाडि बढाउनु पर्छ । आज यहीँबाट, विद्यालय भर्ना अभियानको शुरुआत गर्दैछौँ । हामी कुरामात्रै होइन एउटा अभियान लिएर जादैँछौँ । यस हप्तालाई भर्ना हप्ताको रूपमा र खासगरी यही वैशाख ५ गतेलाई हामीले विद्यालय भर्ना दिवसको अभियान चलाइराखेका छौँ । स्कूल जाने उमेरका सबै बालवालिकालाई हाम्रा जनप्रतिनिधिहरू, सरकारका व्यक्तिहरू, हाम्रा राजनीतिक दलका कार्यकर्ताहरू, नेताहरू, सामाजिक कार्यकर्ताहरू, अभियन्ताहरू सबैले स्कूल पुऱ्याएकै हुनुपर्छ । स्कूल भर्नासम्बन्धी नारालाई व्यवहारमा परिणत गर्नका निम्ति उत्तरदायित्व लिन सक्नुहुन्न

भने प्रेरणा दिन सक्नुहुन्छ । एउटा बच्चाको हात समातेर विद्यालय पुऱ्याउन सक्नुहुन्छ र भर्ना गराउन सक्नुहुन्छ । भर्ना गराउनका लागि अभिभावकहरूलाई उत्प्रेरित गर्न सक्नुहुन्छ । यस पुनीत कार्यमा म सबैको सहयोगको अपेक्षा गर्दछु । विद्वान् पुर्खाका सन्तान अब पनि अनपढ, अशिक्षित भैरहन सक्दैनन् । त्यस कामको थालनी हामीले शिक्षाबाटै गर्नुपर्छ । हाम्रो शिक्षालाई आधुनिक र प्रतिस्पर्धी बनाउनै पर्छ ।

नयाँ वर्ष २०७५ आजबाट प्रारम्भ भएको छ । २०७४ सालले धेरै राम्रो उपलब्धि नेपाललाई दिएको छ । बीस वर्षदेखि स्थानीय निकायहरू खाली थिए, चुनाव भयो । यस सालले चुनाव गराएर तीनै तहका सरकारहरू बनायो । देशमा एकता, समझदारी र देश बनाउने संकल्पको एउटा अभियान चलायो । त्यसलाई जनताले अनुमोदन गऱ्यो । २०७४ सालमा देशका लागि, जनताका लागि, विकासका लागि, अग्रगमनका लागि, समृद्धितर्फको यात्रा तय गर्नका लागि तपाईँहरूले नै दृढ संकल्पित सरकार बनाउनु भएको हो । यस सरकारले २०७५ सालमा विकासको प्रारम्भ गर्ने र देशलाई नयाँ ढंगले अगाडि बढाउने आधारहरू तयार गर्ने छ । देशको विकास र समृद्धिमा हामी सबै एकजुट भएर अगाडि बढ्नु जरुरी छ । त्यसका लागि म सबैसँग आग्रह गर्दछु ।

●

वैशाख १, २०७५

सन्दर्भ : कर्णाली-रारा पर्यटन वर्ष

देशको सर्वोपरि हितका लागि सञ्चारमाध्यम

नेपालमा यस्तो समय पनि थियो जतिबेला सबै कुरामाथि प्रतिबन्ध थियो । अधिकारमाथि प्रतिबन्ध थियो, नागरिकका मौलिक हकअधिकारमाथि प्रतिबन्ध थियो । नेपालमा स्कूल खोल्न पाइँदैनथ्यो, कलेज खोल्न पाइँदैनथ्यो, पढ्न पाइँदैनथ्यो र पढाउन पनि पाइँदैनथ्यो । त्यसविरुद्ध जनताको चेतना र संघर्षले परिवर्तन ल्याउँदै गयो । नेपाल एउटा अँध्यारो समाजबाट आजको ठाउँसम्म आइपुगेको छ, संघीय लोकतान्त्रिक गणतन्त्रसम्म

आइपुगेको छ । जनता सार्वभौमसत्ता सम्पन्न भएको ठाउँसम्म आइपुगेको छ ।

सबै कुरा सोचेजस्तै नहोलान् । धेरै विकसित ठाउँहरूमा पनि भनेजस्तै नभएको होला । हामी त भर्खरै विकास गर्दैछौँ । हामीले भर्खरै राजनीतिक आन्दोलन, राजनीतिक अधिकार प्राप्तिको आन्दोलनको अवधि पार गरेका छौँ । लोकतन्त्रको स्थापनापछि सञ्चार जगत्मा बेग्लै परिवर्तनको श्रृंखला शुरु भयो । चाहे छापामा होस्, चाहे दृश्यमा, आज सञ्चार जगत् व्यापक भएको छ । सामाजिक सञ्जालहरू फैलिएका छन् । तैपनि कतैकतै अझै सञ्चार सुविधा पुग्न सकेको छैन । कहींकतै सञ्चार अनियन्त्रित र दिशाहीन भयो कि भन्ने कुरा पनि आइरास्वेको छ । कतैकतै अधिकार प्राप्त छ तर त्यो अधिकार उपयोग गर्ने अवसर प्राप्त छैन भन्ने अवस्था पनि छ । कहींकहीं अवसर छ तर त्यसको दुरुपयोग भएको अवस्था पनि छ । यस्तो 'ग्याप'लाई हामीले मेटाउनु छ । नपुगेका ठाउँहरूमा सञ्चारलाई पुऱ्याउनु छ, पुगेका ठाउँहरूलाई व्यवस्थित बनाउनु छ । सञ्चार माध्यमहरू आफैँमा जिम्मेवार हुनुपर्छ । जिम्मेवार सञ्चार माध्यमहरू देशको सर्वोपरि हितका लागि हुनुपर्दछ । सञ्चार माध्यमहरू नेपाली जनताका हितका लागि हुनुपर्दछ, मानवजातिको सर्वोपरि कल्याणका लागि हुनुपर्दछ र मानव गरिमाका लागि हुनुपर्दछ । सञ्चारको उपयोग मानवजातिलाई उत्तिकै अधिकार सम्पन्न बनाउन, उत्तिकै अवसरहरू उपलब्ध गराउन, उत्तिकै सुरक्षा प्रत्याभूत गराउन, उत्तिकै सम्मानित जीवन ज्यूँन दिनको निम्ति हुनुपर्दछ ।

सञ्चारका हिसाबले काठमाडौँमा जेजति सुविधा छ त्यो सुविधा डोल्पा, मुगु, कालिकोट, जुम्ला, जाजरकोट, बझाङ, ताप्लेजुङ, ओखलढुंगा वा अरू दुर्गम ठाउँका बासिन्दामा पुऱ्याउनुपर्छ । म साक्षरता अभियान सञ्चालन गर्न सिराहा गएँ । सिराहाजस्तो सुगम जिल्लामा ३९ प्रतिशत मान्छे मात्र साक्षर छन् । चेतनाको महत्व बुझेका कारण पहाडी जिल्ला इलामको साक्षरता प्रतिशत ९६.९७ रहेको छ । इलाम जिल्लाले ढुक्कले साक्षर जिल्ला घोषणा गर्नसक्छ । माछापुच्छे तथा

अन्नपूर्ण गाउँपालिकाहरू, जसलाई हामी नामैबाट बुझ्न सक्छौँ कति अप्ठ्यारो, कति कठिन छ त्यहाँको भौगोलिक स्थिति, त्यहाँको सारक्षरता ९५ प्रतिशत छ । स्कूल टाढा छन् तर भर्ना राम्रो छ । विद्यालयबाट बालबालिकाको 'ड्रप आउट' कम छ । भौगोलिक हिसाबले सिराहा अनुकूल छ तर साक्षरता ३९ प्रतिशत मात्रै छ । त्यहाँ चेतना कम छ । गरिबी त्यस्तै छ । हिमाली भेगमा जाडो हुन्छ तर त्यहाँ मान्छे कठ्यांग्रिएर मऱ्यो भन्ने त्यति आउँदैन । तराईमा एक महीना शीतलहर चल्दा यति जना मरे भन्ने दुखद् खवर हामीले सुन्नुपर्छ । सञ्चार जगत्ले यस्ता कुरामा सोच्नुपर्छ ।

हामीले सरकारी सामुदायिक विद्यालयमा पढाउने विषयमा छलफल गऱ्यौँ । गुणस्तरको विकास नगर्ने तर त्यहीँ पढाउन वाध्य गर्ने हो भने बालबाललिका माथि पनि अन्याय हुनसक्छ । त्यसकारण शिक्षाको गुणस्तर बढाउनुपर्छ । यसका लागि हामीले इ-एजुकेशन, दूर सिकाइ (डिस्ट्यान्ट लर्निङ) का तरिकाहरू बारे पनि सोच्नुपर्छ । एक ठाउँबाट एउटा दक्ष शिक्षकले पढाउँदा धेरै विद्यार्थीले पढ्नसक्ने तरिकाको अवलम्बन हामी गर्न सक्छौँ । म श्रव्य-दृश्य, छापालगायतका सबै सञ्चार माध्ममहरूलाई आग्रह गर्न चाहन्छु उनीहरूको अलिकति स्थान कृषिका लागि होओस्, अलिकति स्थान पर्यटनको निम्ति होओस्, अलिकति विज्ञानप्रविधिको अनुसन्धानमा होओस् । समुदाय मिलेर, संयुक्त प्रयासबाट हामीले साझा उपलब्धि के लिन सक्छौँ, के लिन सक्यौँ भन्ने कुराहरूलाई पनि सञ्चारमाध्यमहरूले ठाउँ दिए राम्रो हुन्थ्यो भन्ने मलाई लागेको छ ।

साधारणतया सञ्चार माध्यमहरूले अलिकति विकाउ पाराका समाचार खोज्छन् । तीन-चार दिनअगाडि मैले एउटा पत्रिकामा पत्याउनै गाह्रो समाचार पढेँ । शीर्षक थियो - घूस लिँदालिँदै लालबाबु पक्राउ । लालबाबु पण्डित पक्राउ भन्ने शीर्षक 'क्याची' भयो नि । लालबाबु पण्डित भनेका हाम्रा मन्त्रीको नाम । भ्रष्टाचारका विरुद्ध कठोर ढंगले लाग्ने मन्त्री । कुनै एउटा खरदारलाई घूस लिएको आरोप लागेछ र

कतै गिरफ्तार भएछ । तर शीर्षक राखियो अर्कै ढंगले । त्यस्ता पत्रिका पढुञ्जेलसम्म मात्रै हो, हेडलाइन पढिसकेपछि सकिन्छ । म भन्छु - मिडिया यति सस्तो हुनुहुन्न । यतिबेला हामी एउटा 'स्पेशल मिसन'मा छौँ । हाम्रो देश नै एउटा 'स्पेशल मिसन'मा छ । यो 'डेभलपमेन्ट'को 'मिसन' हो, परिवर्तनको 'मिसन' हो । हामीले अविकसित अवस्थाबाट विकसित देशमा 'ग्रयाजुएट' गर्नु छ । यसलाई हामीले गम्भरीतासाथ लिएनौँ भने संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य सन् २०३० सम्म पूरा गर्न सक्तैनौँ । त्यो लक्ष्य पूरा गर्न सकेनौँ भने देशको असफलता हुन्छ, हाम्रो पुस्ताको असफलता हुन्छ र आगामी पुस्ताका निम्ति हामी फेरि गरीब नेपाल, पछौटे नेपाल, अविकसित नेपालको अवस्थामै रहिरहन्छौँ, हामी सस्तो श्रमबजारकै रूपमा रहन्छौँ ।

गायक शिशिर योगीले 'म एउटा मान्छे खोजिरहेछु' भनेर गीत गाउनु भएछ । एकपटक हाम्रा वरिष्ठ नेता माधवकुमार नेपालले पनि आफ्नो मन्तव्यमा दोऱ्याएर त्यो 'थिम' उच्चारण गर्नुभयो । मचाहिँ मान्छे खोजिरहेको छैन । मचाहिँ खोजेका मान्छे भेटिरहेको छु भन्छु । मलाई मान्छे भेटिनँ भन्ने चिन्ता छैन । मेरै अगाडि बसेका मान्छेहरूले गर्ने हो । मैले तिनीहरूलाई देखिराखेको छु र उनीहरूले गर्न सक्छन् । गर्दैन भने त भिन्नै कुरा हो । तर नेपाल सुन्दर बनाउने मान्छे यदि तपाईँ पनि खोज्दै हुनुहुन्छ भने म तपाईँहरूलाई देखाइदिन्छु । तपाईँहरूको दाहिनेपट्टि हेर्नोस् नेपाल बनाउने मान्छे बसेको छ । देब्रेपट्टि हेर्नोस् नेपाल बनाउने मान्छे बसेको छ । पछाडि फर्किएर हेर्नोस् देश बनाउने मान्छे बसेको छ । अगाडि हेर्नोस् त्यहाँ पनि देश बनाउने मान्छे बसेको छ । जता हेर्नोस् देश बनाउने मान्छे तपाईँकै छेउमा छ । तपाईँ आफूले आफैँलाई विश्वास गर्नोस् र भन्नोस् - म बनाउन सक्छु, म गर्न सक्छु । तपाईँ नै हो देश बनाउने मान्छे । हाम्रो देशका हरेक नागरिक देश बनाउने मान्छे हुन् । प्रत्येक नेपाली नेपाल बनाउने मान्छे हुन् । त्यसकारण म एउटा मान्छे खोजिरहेछु कता छ भनेर खोज्ने होइन, म आफैँ देश बनाउँछु भनेर उठ्ने हो । हामी सबैले त्यही भावना बोक्यौँ भने देश बन्छ ।

हामीले निराशा परिकिने होइन, आशंका फैलाउने होइन, अविश्वास छर्ने होइन । हामीले आफैँप्रति हीनग्रन्थी लिने, आफ्नै क्षमतामा विश्वास नगर्ने गर्नुहुन्न । सकिन्न भनेपछि सकिन्न, सकिन्छ भनेपछि सकिन्छ । महाभारतमा लड्दिनँ भनेर अर्जुनले धनुवाण सबै फ्याँकिदिएका थिए । कृष्णले 'त्यस्तो पनि तरिका हुन्छ ? उठ तिमी सक्छौँ, फाँड्ने तिमी नै हौ, तिमीसँग कोही जित्नेवाला छैन, तिमी सबैलाई जित्छौँ, तिम्रो शत्रु तिम्रो अगाडि हतियार लिएर बसेको छ, त्यहाँ कोही आफन्त आइराखेका छैनन्' भनेपछि अर्जुन चुर्रिए र युद्ध जिते । हाम्रो अगाडि पछौटेपन छ, हाम्रो अगाडि गरीबी छ । नागरिकलाई लिएर उठौँ, 'रिपब्लिका' लिएर उठौँ गरीबीका विरुद्ध । हामी सक्छौँ । हामीलाई आत्मविश्वास चाहियो । मरुभूमिका देशहरू कहाँकहाँ पुगेका छन् जहाँ जीवन खोज्न हाम्रा युवाहरू गैरहेका छन् । मरुभूमिका देश जहाँ मच्छड बाँच्दैनन्, झिँगा बाँच्दैनन्, कीराफट्यांग्रा बाँच्दैनन्, त्यस्तो ठाउँमा जीवन खोज्न हाम्रा युवाहरू गइराखेका छन् । यस्तो जीवनमय देशमा झार पनि छ, झारमा कीरा पनि छ । यहाँ जीवन छ । यहाँ जीवनमा रङ्ग छ, रङ्गहरू छन् । यो त्यस्तो विशिष्ट भूमि हो । हाम्रो समस्या हो हामी किन हाम्रो धर्तीका त्यस क्षेत्रका रङ्गहरूलाई, सम्भावनाहरूलाई देख्न सक्दैनौँ ? किन हामीले हामी ऋषिमुनिहरूका सन्तान हौँ भन्ने बिर्सियौँ ? किन हामीले हाम्रा पुर्खा चिन्तनशील थिए भनेर बिर्सियौँ ? हामी बिर्सन सक्दैनौँ । हामी ऋषिमुनीहरूका सन्तान हौँ । हाम्रा पुर्खाहरू अत्यन्तै रचनात्मक अनुसन्धाता थिए । हाम्रो धर्ती यति जीवनमय छ, साधनयुक्त छ कि त्यसलाई हामी सिँगार्न सक्दैनौँ ? अवश्य सक्छौँ । तसर्थ सन्देह फैलाउने काम नगरौँ । अविश्वास फैलाउने काम नगरौँ । गर्न सकिन्छ र भनेर प्रश्न उठाउने काम नगरौँ । केहीकेहीले पत्याएनन् भने पनि आमजनताले पत्याउँछ । देश बन्छ, हामी सबै मिलेर देश बनाऔँ ।

●

वैशाख ११, २०७५

सन्दर्भ : रिपब्लिका मिडिया वार्षिकोत्सव

विकासको नयाँ मोडेल आवश्यक

सामान्य अवस्थामा योजना आयोगमा मान्छे नियुक्त हुन्छन्, जान्छन् । कतिवेला नियुक्ति भइयो, राम्ररी थाहा नभएजस्तो । कतिबेला हटियो, थाहा नभएजस्तो पनि भयो होला । अहिले भने विशेष जिम्मेवारीका साथ, विशेष परिस्थितिमा हामी यो जिम्मेवारी सम्हालिरहेका छौँ ।

देशमा यतिबेला परिवर्तन चाहिएको छ, सकारात्मक परिवर्तन चाहिएको छ । समग्र अर्थतन्त्रमा परिवर्तन चाहिएको छ । जनताले थाहा

पाउने, देख्ने, अनुभूत गर्ने परिवर्तन चाहिएको छ । तपाईँहरू सफल हुनैपर्छ । तर्क र तथ्यांक ठीकै छ भनिन्छ । हामी प्रतिव्यक्ति आयका कुरा गरौँला । तथ्यांकले सन् २०१८ मा नेपालीको प्रतिव्यक्ति आय महीनाको आठ हजार, प्रतिव्यक्ति खर्च गर्ने ल्याकत महीनाको आठ हजार देखाएको छ । कसैले मैले त वर्ष दिनमा पनि आठ हजार देखेको छैन भन्नसक्छ । त्यो प्रतिव्यक्ति आयले के गर्ने ? नेपालमा खाद्यान्न प्रशस्त छ भने पनि कसैले तीन दिन भयो हजुर मैले नखाएको भनेपछि त्यो खाद्यानन्नको पर्याप्तताको आँकडाले के गर्छ ? हामीले पुग्ने गरी औषधि उत्पादन वा आयात गरेका छौँ । कसैले सिटामोल खान नपाएको चार दिन भयो हजुर, मलाई त ज्वरो आइरहेको छ भन्यो भने ती आँकडाको अर्थ ? आँकडा महत्वपूर्ण हुन्छ तर आँकडामात्रै पर्याप्त छैन । किनभने आँकडाले न पेट भऱ्यो, आँकडाले न ज्वरो शान्त गऱ्यो, आँकडाले न खल्ती भऱ्यो । आँकडा तपाईँसँग जेसुकै होस् मसँग चाहिएको पैसा छ, मैले खान पाएको छु, बस्ने घर छ, मैले छोराछोरी पढाउन पाएको छु भनेर नागरिकले भन्यो भने त्यही हो लोकतन्त्र, त्यही हो राम्रो कुरा । तर अहिले जनता त्यसो भन्ने अवस्थामा छैन । हामीले त्यसो भन्ने अवस्थमा जनतालाई पुऱ्याउनु छ । अनि मात्रै आँकडाको महत्व हुन्छ । त्यसकारण हामीले जनताले अनुभूत गर्ने गरी, जनताको जीवनमा अनुभूत हुने गरी परिवर्तन ल्याउनु जरुरी छ ।

सरकार तथा शासनको स्वरुप एकात्मक वा एकीकृत रहनुहुन्न, त्यो सिंहदरबारमा मात्र भएर हुँदैन, अब गाउँगाउँमा पुऱ्याउनुपर्छ भनेर गाउँगाउँमा पुऱ्याइएको छ । हामीले ७ सय ६१ ओटा सरकार बनाइसक्यौँ । सात प्रदेश पनि बनाइसक्यौँ । हामीले सार्वभौमसत्ता सम्पन्न जनतालाई लोकतान्त्रिक प्रणाली भएपछि मात्रै सबै कुरा हुनसक्छ भन्यौँ । यी सबै कुरा भैसके । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा मात्रै समृद्धिको फूल फुल्छ भन्यौँ । त्यो मौसम आइसक्यो । त्यसकारण अब फूल त फुलाउनै पर्छ । हामी राजाका सवारीमा काउली फलाएझैँ फलाउन सक्दैनौँ । त्यस्तो विकासको कुनै अर्थ पनि छैन । हामीले राजाका सवारीको बेलाको जस्तो काउली फलाउने विकास गर्न खोजेको

पनि होइन । जनताको जीवनमा परिवर्तन ल्याउने विकास गर्न खोजेका हौँ ।

हाम्रो काधँमा अभिभारा छ । जनतामा आशावादिता चाहिने भन्दा बढ्ता छ भने त्यो स्थिति पनि हामीले नै बनाएको हो । काउली रोपेपछि यति समय हुर्किन लाग्छ, यति समय फल्न लाग्छ भनेर हामीले भन्नुपर्दथ्यो । मकै छरेपछि मकै फल्न कमसेकम दुई महीना लाग्छ भन्नुपर्दथ्यो । छरेपछि भैहाल्छ, पोलेर खाउँला, भुटेर खाउँला भनेर हामीले भन्यौँ भने त्यो हाम्रो कमजोरी हो । हामीले जनतामा आशा जगाएको हो । त्यस्तो आशावादितालाई हामी अन्यथा ठान्न सक्दैनौँ । जनताको आशावादिता सकारात्मक कुरा हो । तर जनता निराश हुनु डरलाग्दो हुन्छ । निराश हुनुभन्दा आशावादी हुनु राम्रो कुरा हो । हामीले जनतालाई कुन काम गर्न कति समय लाग्छ भन्ने कुरा सत्यतथ्यका साथ बताउनसक्यौँ भने त्यस्तो स्थिति नरहला ।

'भिजन'विना देश बन्दैन । 'भिजन'लाई त योजनामा ढाल्नुपर्‍यो, कार्यक्रममा ढाल्नुपर्‍यो । त्यसलाई सम्पन्न गर्न हामीसँग प्रतिबद्धता चाहियो । त्यसका निम्ति पनि श्रोत चाहियो । लगानी कहाँबाट जुटाउने सो को बन्दोबस्त गर्नुपर्‍यो । मलाई के लाग्छ भने हामीमा 'भिजन'को कमी होइन, योजनाकारिताको कमी हो । पहिले नेपाल किन गरीब भएको भन्दा 'भिजन'को कमी भन्दा पनि योजनमा कमी भएर हो जस्तो लाग्छ । बुद्धि केमा लगाइन्छ, केमा खर्च गरिन्छ भन्ने पनि हुन्छ । बुद्धि जति शासन प्राप्त गर्ने र शासन टिकाउनेमा घोप्ट्याएपछि, बाँकी केही रहँदै नरहेपछि विकास कहाँबाट हुन्छ ? कतिमा दरबार बनाउने बुद्धि आयो, कतिमा आफ्ना निम्ति गरगहना बनाउने बुद्धि आयो, कतिमा आफ्ना निम्ति महल बनाउने, ऐश-आराम गर्ने बुद्धि आयो । पुस्तौँपुस्तालाई थुपार्नु पर्छ है भन्ने बुद्धि पनि आयो । बुद्धि नै नभएको त हैन रहेछ नि । मूर्ख भएको भए त भाङभुङ गर्थ्यो होला । यो लोक होइन परलोकसम्मको निम्ति पनि जोहो गरे । बुद्धि उपयुक्त कुरातिर गएन, अनुपयुक्त बाटोतिर गयो ।

नेपालमा गलत शासकीय मनसाय, स्वार्थकेन्द्रित प्रवृत्ति, अव्यवस्था र योजनाहीनताले गर्दा विकास भएन । अब हामीले व्यवस्थित ढंगले विकासका कामलाई अगाडि बढाउनु पर्नेछ । यतिखेर तपाईँहरूको काँधमा योजनाको महत्वपूर्ण जिम्मेवारी आएको छ । योजना राष्ट्रिय विकासको अवधारणा हो । चौधौँ योजनालाई अन्तिम समयतिर भएपनि तपाईँहरूले कसरी व्यवस्थित गर्न सक्नुहुन्छ र त्यसको समापन सुखद हुनसक्छ ? यस वर्षको वार्षिक उत्पादन वृद्धिदर कसरी अत्यधिक बनाउन सकिन्छ ? सोच्नुपर्ने कुरा छ । यसपछि तपाईँहरू पन्ध्रौँ योजनाको तर्जुमामा केन्द्रित हुनुपर्ने छ ।

पन्ध्रौँ योजनालाई क्रमिकताको रूपमा नलिनु होला । यो पृथक हुनुपर्दछ, परिवर्तनकारी हुनुपर्दछ र छिटो परिवर्तन ल्याउने खालको हुनुपर्दछ । हामीले उच्च प्रतिफल वा 'हाई इल्ड' भन्ने सुनेका छौँ । हरेका क्षेत्रमा हामी त्यो 'हाई इल्ड' कसरी प्राप्त गर्न सक्छौँ त ? कृषि होस् कि उद्योग, पर्यटन होस् कि सेवा क्षेत्र अथवा शिक्षा क्षेत्रको कसरी विकास गर्ने ? मैले हिजो मात्रै शहरी विकास मन्त्रालयलाई भनेँ- कर्णालीको विकासमा त्यहाँको बसोबासको ढाँचा जुन छ त्यो बाधा हो । जबसम्म कर्णालीको बसोबासको तरिकमा परिवर्तन ल्याइँदैन तबसम्म विकास सम्भव छैन । एउटा डाँडामा एउटा घर छ, अर्को डाँडामा दुई ओटा घर छन् । त्यहाँबाट पानी लिन जान ३ घण्टा लाग्छ, स्कूल जान ४ घण्टा लाग्छ । अनि त्यो बालक ४ घण्टा हिँड्ने नभईकन स्कूल जान सक्दैन । चार घण्टा हिँड्ने भइसक्दा उसका भेडा च्याङग्रा आदि इत्यादिले उसलाई छोड्न नसक्ने स्थिति हुन्छ । तिनीहरूसँगको मित्रता यति गाढा भैसकेको हुन्छ, त्यहाँबाट उम्कनै सक्दैन । स्कूल जाने उमेर होइन उसको चौँरीहरूसँग खेल्ने उमेर भइसकेको हुन्छ । अनि ऊ स्कूल जान सक्दैन । उसको मानसिकता नै त्यता जाँदैन । त्यसकारण बसोबासलाई 'रिलोकेट' गर्ने, खासखास ठाँउमा बसोबासको व्यवस्था गर्नुपर्छ वा आवास कार्यक्रमलाई विस्तार गर्नुपर्छ । पहाडमा खासगरी दुर्गम ठाँउहरूमा, कर्णालीमा असुरक्षित वस्तीहरू र विकासका निम्ति वाधक बनेका बसाइलाई विकासका निम्ति अनुकूल बसाइमा परिणत गर्नैपर्छ ।

अब उत्पादनको ढाँचामा पनि परिवर्तन गर्नुपर्छ । कान्ला छ, भीर छ । कति ठाउँमा भीरैभीर छ । बारीको नाममा आठ-दश रोपनीको भीर छ । त्यसको टाउकामा दुई आना जमीन छ । त्यसैलाई हामी जमीन भन्छौँ । भिरालो पाखो खेर गैरहेको छ । हामीले त्यो भिरालोबाट उत्पादन लिन सकेका छैनौँ । तर लिनुपर्छ । त्यस्ता ठाउँमा लामालामा जरा भएका, उच्च आम्दानी दिने बाली लगाउनु पर्‍यो जसले पहिरो जानबाट पनि रोकोस् । दुनियामा काम नलाग्ने कुनै धर्ती हुँदैन । पहिले-पहिले पक्की घर नबनाउँदा खोलामा भएको बालुवाको महत्व कसलाई थाहा थियो र ? अहिले बालुवाका लागि मारामार छ, कतिको मिलोमतो छ । बालुवाको कारोबार गर्नेहरूलाई 'डन'को भूमिकाको बारेमा सोध्नुभयो भने तपाईँले रमाइलो जवाफ पाउनुहुन्छ । भूमिको मूल्य कहीँ न कहीँ छ । प्रकृतिले चीजहरू यत्तिकै बनाएको हुँदैन । कुन भूमिमा, कस्तो भूमिमा के गर्ने भन्ने विषयमा योजना हुनुपर्‍यो । हामीले विकासको नयाँ मोडेल प्रस्तुत गर्नु आवश्यक छ ।

म यहाँ सदुपयोग सिद्धान्तको स्मरण गराउन चाहन्छु । सबै चीजको सम्म्पूर्ण रूपमा सदुपयोग गर्ने सवाल । त्यसमा पानीको थोपादेखि ज्ञान, विवेक तथा क्षमता उपयोग गर्नेसम्म पर्छ । सबैभन्दा महत्वपूर्ण कुरा हाम्रो समय हो । हाम्रो समय त्यतिकै खेर गएको छ । अहिले चालीस वर्षको हुन पाए कस्तो हुन्थ्यो जस्तो लाग्छ, केके गर्थेँ जस्तो लाग्छ । चालीसको हुन पाइँदैन, फुत्किसक्यो । अब जति बल गरे पनि हामी सधैँका लागि रहदैनौँ । यति बुझौँ, हामीसँग समय थोरै छ । यो थोरै समयमा हामीले हरेक समयको सदुपयोग गर्नु छ । सदुपयोगको सिद्धान्तअनुसार हामीले हरेक चीजको सदुपयोग गरौँ, हरेक समयको, हरेक वस्तुको, हरेक बुद्धिको, हरेक क्षमताको, हरेक सामर्थ्यको । त्यो सदुपयोग गर्ने प्लानिङ के हो त मुलुकका लागि ? सदुपयोग गरेर हामीले जुन समस्या समाधान गर्ने भनेका छौँ त्यो समस्या समाधान गर्नका लागि जे गछौँ त्यसको योजना के हो ? त्यसमा अगाडि बढ्नुपर्छ । तपाईँहरूले दिनरात मिहिनेत गर्नुपर्ने छ । काममा कसरी खट्ने भन्ने कुराको चाल पाउन तपाईँहरूलाई दुईचार दिन मसँगै राख्नु पर्छ कि जस्तो पनि

लाग्छ । त्यसपछि थाहा हुन्छ बिहानदेखि राति दुई बजेसम्म कसरी काम गर्नुपर्छ भन्ने कुरा । कति मान्छेलाई नेताहरू बढी सुविधाभोगी छन् भन्ने परेको छ । सुविधाभोगी दुई चार जना होलान् तर धेरै सुविधाभोगी भए भन्नेहरूलाई मसँगै राखेर अलि समय काम गराउन पाए उनीहरूले थाहा पाउने थिए नेताहरू कतिसम्म सुविधाभोगी रहेछन् भन्ने कुरा । जे होस्, तपाईँहरूले रातदिन काम गरेर त्यसको सफल परिणाम देखाउनु पर्छ ।

काम गर्ने व्यक्तिमा एकाध कमजोरी हुन सक्छन् । एकातिर लागेपछि लाग्योलाग्यो, अरू काम छुट्ने । तर तपाईँहरू कार्यविभाजन गर्नुहुन्छ । कार्यविभाजन गरेर एकएक ओटा क्षेत्रका जिम्मेवारी लिनु हुन्छ । आफ्नो जिम्माको कामका पनि हाँगाहाँगा हुन्छन्, शाखा उपशाखा हुन्छन् । कुनै पनि छुट्नु हुँदैन । त्यतापट्टि होस् गर्नुपर्छ । सबै हाँगाहरूमा फलफूल फल्छ । तराईतिर लिची फल्छ । त्यसले कुनै पनि हाँगोँ बिर्सिदैन । कृषिको सन्दर्भमा हामीले केही चीज फलाउँदा मकै पनि बिर्सनु भएन, धान पनि बिर्सनु भएन, गहुँ पनि बिर्सनु भएन, जौ पनि बिर्सनु भएन, आलु पनि बिर्सनु भएन, अरू कुरा पनि बिर्सनु भएन । माछातिर लाग्यो भने पनि कुखुरालाई बिर्सनु भएन । कुखुरातिर लाग्दा गाईभैँसी पालनतिर बिर्सनु भएन, दुग्ध उत्पादनतिर बिर्सनु भएन, मासु उत्पादनतिर बिर्सनु भएन । सागसब्जी छुट्ला, त्यता पनि बिर्सनु भएन । हामीले सबै क्षेत्रबाट उत्पादनलाई लछप्प बनाउनु पर्छ र नेपाललाई एउटा आकर्षक नेपाल, चिटिक्कको नेपाल, समृद्ध नेपाल बनाउनु पर्छ । तपाईँहरू योजनाका साथ समन्वयकारी रूपमा अगाडि बढ्नुहुन्छ र सफल हुनुहुन्छ भन्ने विश्वास मैले लिएको छु ।

●

वैशाख १३, २०७५

सन्दर्भ : राष्ट्रिय योजना आयोगका पदाधिकारीको शपथ

परिवर्तनका लागि प्रतिबद्धता

हामी राष्ट्र निर्माणको अभियानमा सामेल भइरहेका छौँ । आजैमात्र हामीले झापाको बिरिङ खोलामा पुलको शिलन्यास गर्‍यौँ । चारपाने-राजगढ सडकको शिल्यान्यास गर्‍यौँ, खजुरगाजी सडकको शिलन्यास गर्‍यौँ । हामी सडकहरूको शिल्यान्यास गरिरहेका छौँ । सडकहरू पक्की बनाउने काममा लागेका छौँ । झापा जिल्लामा अब केही सडक कालोपत्र गर्न बाँकी छन् । केही खोलामा पुल बनाउन बाँकी छ । ती कामलाई पनि हामी छिटै अगाडि

बढाउँछौँ । तर हामीले गर्नुपर्ने यतिमात्रै काम छैनन्, हामीले कृषिको आधुनिकीकरण गर्नु छ, व्यावसायीकरण गर्नुछ, यन्त्रिकीकरण गर्नुछ । अब राँगा र गोरुले खेतबारी जोत्ने होइन, ट्याक्टर तथा मेशिनले जोत्नेतिर हाम्रो कृषिलाई लानु छ । अब ससाना टुक्राहरूमा होइन अलि ठूला चक्लाहरूमा व्यावसायिक खेती सञ्चालन गर्नु छ । पुरानो ढाँचाले होइन अब आधुनिक ढाँचाले,अहिलेको जस्तो होइन, चार गुना बढी उत्पादन गर्नुपर्ने छ ।

हाम्रो कृषिमा आधारित जनसंख्या दुई तिहाइ छ । कृषिको राष्ट्रिय उत्पादनमा योगदान एक तिहाइमात्र छ । कृषिमा आधारित दुई तिहाइ जनसंख्याई घटाएर पन्ध्र-बीस प्रतिशतमा झार्ने र केही वर्षभित्र कमसेकम २५ प्रतिशतभन्दा माथि रहन नदिने; त्यस्तै, कृषिको उपज चारगुना बढाउने र राष्ट्रिय आम्दानीमा कृषिको योगदानलाई बीस वा पञ्चीस प्रतिशतमा झार्ने; यो कुरा जटिल छ तर सम्भव छ । तर कृषिको आधुनिकीकरणबाट मात्रै यो सम्भव छ । उत्पादन वृद्धिबाट मात्र सम्भव छ । यसका निम्ति हामी यस जिल्ला वा यस ठाउँलाई मात्रै होइन, देशलाई नै राम्रा र चौडा पक्की सडकहरूको सञ्जालबाट जोड्छौँ । पूर्व-पश्चिम राजमार्गलाई हामी ६ लेनको चौडा बनाउँछौँ । उत्तर दक्षिण सदरमुकाम जोड्ने राजमार्ग बनाउँछौँ र सिमानासम्म जोड्ने सडकलाई ६ लेनको बनाउँछौँ । शहरीकरणको सन्दर्भमा हामीले एउटा सदरमुकामको लागि पचास करोड बजेट छुट्याउने गरेका छौँ । सदरमुकामका चक्रपथहरू, विराटनगर, जनकपुरजस्ता शहरहरूमा चक्रपथ निर्माणको काम अगाडि बढाएका छौँ । हामीले पूर्व-पश्चिम रेल चलाउने भनिराखेका छौँ र योजनाको काम भइरहेको छ । कतिपयलाई हाम्रा खेत पनि लछप्प बाला लागेको, भुस नलागेको धान फल्ने खेत हुन्छन् र ? भन्ने लागेको छ । हाम्रा गाईले पनि एक दुई पाथी दूध दिन्छन् र ? त्यस्तो लागेको छ । हाम्रा भैँसीले पनि दुई पाथी दूध दिन्छन् र ? भन्ने कुरा हुन्छ । आजकाल पाथी भन्न छोडिएको छ । लिटरमा हिसाब हुन्छ । १०, १५, २०, २५ लिटर हाम्रा भैँसीले दूध दिन्छन् । हाम्रा गाईले आठ, दश, पन्ध्र, बीस लिटर दूध दिन्छन् । तर मान्छेहरूलाई पत्याउन गाह्रो लाग्छ । हामी

नश्ल सुधार गर्छौँ र त्यसबाट अगाडि बढ्छौँ । रासायनिक मलहरूको प्रयोग होइन बिस्तारै अर्गानिक मल उत्पादनमा लाग्छौँ । फलफूल तथा तरकारी खेतीलाई प्राथमिकतामा राख्छौँ ।

दुनियामा आज अर्गानिक उत्पादनको आकर्षण बढिरहेको छ । खानेकुरालाई रासायनिक र कीटनाशक विषादीले विषाक्त बनाएको छ । त्यसबाट धेरै रोगहरू पैदा भएका छन् । उत्पादन गरेपछि त्यसका लागि बजार चाहिन्छ । बजारसम्म पुऱ्याउन र बजारबाट ल्याउन हामीलाई सडकहरू चाहिन्छन् । यी काम हामीले गर्नुपर्छ । यसका निम्ति हामी किसानलाई तालिमको व्यवस्था गर्छौँ, प्राविधिक सहयोग उपलब्ध गराउँछौँ र समयमै बीउविजन पनि उपलब्ध गराउँछौँ । कीटनाशक विषादीबाट बाली नष्ट नहोस् भन्नेतर्फ हामी किसानलाई सजग गराउँछौँ । कुनै बालीको ठूलो मात्रामा खेती गर्ने सन्दर्भमा 'सुपरजोन'का कुरा गरेका छौँ । १५ सय बिगाहाभन्दा माथि भएपछि 'सुपरजोन' हुन्छ । साढे सात सय बिगाहाभन्दा माथि भएपछि 'जोन' हुन्छ । त्यसमा एक प्रकारको खेती लगाएर अभ्यास थालिसकेका छौँ । त्यो अत्यन्त लाभदायी ढंगले चलिसकेको छ । अहिलेको समयअनुसार आफूलाई परिवर्तन गर्न आफ्नो खेती, आफ्ना बाटाघाटा, आफ्ना सिँचाइ, आफ्ना गाईभैँसी वा कुखुरापालन व्यवसाय आदिमा परिवर्तन गर्न सकेनौँ भने हामी पछाडि पर्छौँ ।

हाम्रो शिक्षालाई परिवर्तन गरी गुणस्तरीय बनाउन सक्नुपर्छ । बालवालिकालाई प्रतिस्पर्धा गर्नसक्ने खालको शिक्षा दिनुपर्छ । किसानलाई उत्पादन र उत्पादकत्व बढाउने खालको तालिम दिनुपर्छ । किसानलाई हामी स्कूल, कलेजमा लगेर तालिम दिन सक्दैनौँ । घरघरमा गएर, गाउँगाउँमा गएर तालिमका कक्षाहरू सञ्चालन गर्नुपर्ने हुन्छ । त्यतापट्टि सरकार लागेको छ । हामीसँग धार्मिक स्थलहरू छन्, ऐतिहासिक स्थलहरू छन्, पौराणिक स्थलहरू छन्, । द्वापर युगदेखिका, त्रेता युगदेखिका सन्दर्भहरू हामीसँग जोडिएका छन् । हामीसँग विशिष्ट र गौरवपूर्ण इतिहास जोडिएको छ । यो सभ्यता र संस्कृतिको प्रारम्भ भएको ठाउँ हो । बीचमा केही समय

हामीले ती चीजहरूलाई विकास गर्न सकेनौँ । अहिले सरकारको ध्यान देशलाई त्यस दिशामा अगाडि बढाउने रहेको छ ।

हाम्रो समाजमा रहेका सम्पूर्ण पछौटेपनहरूको अन्त्य गर्ने, असमानता र विभेदको अन्त्य गर्ने, सामाजिक न्याय र समानता उपलब्ध गराउने कामहरू सरकारले गर्छ । यसको योजना सरकारले बनाइसकेको छ । हामीलाई कति डाक्टर चाहिन्छ, कति इन्जिनियर चाहिन्छ, कति पाइलट चाहिन्छ, कति कृषि विशेषज्ञ चाहिन्छ, यस्ता सबै कुराको योजना हुनुपर्छ । मकै उत्पादन गर्नु छ भने मकै उत्पादनसम्बन्धी विशेषज्ञहरू नै चाहिन्छ । त्यसो भएमा नै हामी वास्तवमै मकै खेतीलाई अगाडि बढाउन सक्छौँ । हामी मकैसमेत आयात गरिरहेका छौँ । तथ्यांक सुन्नुभयो भने अचम्म लाग्ला । हामी प्रशस्तै मकै आयात गर्छौँ, धान आयात गर्छौँ । केही दशक अगाडिसम्म हामी निर्यात गर्थ्यौं, अहिले आयात गरिरहेका छौँ । आयात अब घटाउँदै जानुपर्छ र क्रमशः निर्यात गर्ने स्थितिमा पुग्नु पर्दछ ।

हामीले लगाएको कपडाको एउटा त्यान्द्रो धागो पनि मुलुकमा उत्पादन भएको छैन । हामीले सबै विदेशी कपडा लगाएका छौँ । मैले लगाएको टोपी नेपालमा बनेको हो । बनेको नेपालमा तर धागो विदेशी, सिउने सियो विदेशी । बाहिरपट्टि हामीले बनाएका छौँ, भित्रपट्टि बाहिरैबाट ल्याएको कपडा छ । बाहिरको कपडा नेपालमा बनेको छ, भित्री विदेशमा बनेको । अहिले हामीले खादाको अभियान चलाएका छौँ । यो हामीले बनाएका हौँ । तर धागो फेरि बाहिरकै हो । सिलाउने धागो र सियो बाहिरकै हो । नेपालको यस्तो अवस्थामा अब परिवर्तन गर्नुपर्छ । नेपालमा कपास खेती उहिले शुरु भएको थियो । अब त्यसलाई पनि अगाडि बढाउँछौँ । किमु खेतीलाई पनि अगाडि बढाउँछौँ । गर्मी ठाउँमा रेशम अत्यन्तै उपयोगी छ । रेशम शीतल हुन्छ । हामी रेशम उत्पादन गर्छौँ । रेशमी कपडा अर्थात् सिल्क, जुन रेशम जस्तै नरम हुन्छ । त्यसलाई थाइल्याण्डलगायतका गर्मी मुलुकमा बेच्न सक्छौँ । यति ठूलो हिमाली भेग छ । हामीहरू भेडा पालन गर्नसक्छौँ । त्यहाँबाट ऊन उत्पादन गर्नसक्छौँ । त्यो उनीका कपडा तथा पस्मिनाको कच्चा पदार्थ

हुनसक्छ । त्यसबाट निर्यात बढ्नसक्छ । हाम्रो देशमा आत्मनिर्भरता समाप्त भएको छ । हामीलाई हिजो खान पुग्थ्यो, आज नपुग्ने अवस्था छ । हिजो लगाउन पुग्थ्यो, आज नपुग्ने भएको छ । म सानो हुँदा आफ्नै बारीमा मकै,तोरी, आफ्नै खेतमा धान, आलीमा मास, गोठमा गाईभैँसी अनि टाट्नामा बाख्रा हुन्थे । घिउ चाहियो आफ्नो, दही चाहियो आफ्नो, मही चाहियो आफ्नो । मसला, खोर्सानी आदि इत्यादि पनि आफ्नै बारीको । अदुवा आफ्नै बारीको, लसुन आफ्नै बारीको, प्याज आफ्नै बारीको, टमाटर आफ्नै बारीको, अमिल्याएको गुन्द्रुक आफ्नै बारीको । सबै आफ्नै बारीको चल्थ्यो । कपडा सिलाउनको लागि आफ्नै बारीमा कपास हुन्थ्यो । त्यहीँबाट ँ काटिन्थ्यो, काटेर धागो बनाइन्थ्यो । अहिले हामी खाडीका कपडा भनेर एकदम महँगोमा किन्छौँ । त्यसबेला सबैभन्दा सस्तो त्यही मानिन्थ्यो । त्यहीँको कपासको बनाइन्थ्यो । त्यो पनि हामीले छोड्यौँ, झर्को लाग्न थाल्यो । अहिलेसम्म जेनतेन एकाध दिदीबहिनीहरूले यसो धानेका छन्, नत्र भने त्यो कपास पनि छैन । यस अवस्थाबाट हामीले आत्मनिर्भरतातर्फ देशलाई लानु छ ।

हामीसँग फलाम खानी छ । निकालेर खुरुखुरु चलाए हुने हो तर अहिलेसम्म चलाएको छैन । हामीसँग तामाखानी छ । हामी तामा निकालेर चलाउँदैनौँ । हामीसँग तेलखानी छ । त्यो पनि निकालेर चलाउदैनौँ । हामीलाई किन्नमात्रै आउँछ । यति धेरै किन्छौँ, तपाईँहरूले अंक सुन्नुभयो भने अचम्म मान्नु हुन्छ । धेरै अचम्म मान्नु हुन्छ । यहाँ चारवटा सडक बनाउने बजेटको कुरा हामीले सुन्यौँ । शायद त्यो भन्दा बढी एकदिनमा तेल किनेर गुडाउँछौँ । चारवटा सडक बनाउने भन्दा बढी तेल किन्छौँ । अथवा अरूमाथि नै निर्भर हुन्छौँ । किन्दाकिन्दा हामीलाई बानी नै परिसक्यो । नचाहिने कुरा पनि किन्छौ हामी । अन्तका कुहिएका माछा, मर्फिन हालेका माछा ट्रकका ट्रक आउँछन् । हामी किनेर खान्छौँ । केरा त यहीँ बाटोभरि , सडकको दायाँबायाँ रोपे पनि हुन्छ, कान्लाभरि रोपे पनि हुन्छ, जतासुकै रोपे पनि हुन्छ नि । हामी रोप्नेभन्दा पनि बढी उताबाट ल्याउँछौँ र किनेर खान्छौँ । त्यसमा पनि हामी आत्मनिर्भर छैनौँ । अब हामी देशलाई आत्मनिर्भरतातर्फ लादैछौँ ।

आत्मनिर्भरताका निम्ति पहिले त हामीले विकासका पूर्वाधारहरू तयार गर्नुपर्‍यो । सडकहरू बनाउनुपर्‍यो, साना सडकलाई चौडा सडक बनाउनुपर्‍यो, रेल चलाउनुपर्‍यो । हामी सुविधासम्पन्न हवाई मैदानहरू बनाउँदैँछौँ । नयाँ अन्तर्राष्ट्रिय विमानस्थल बनाउँदैछौँ । पोखरा र भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भइरहेको छ । निजगढमा अर्को अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दैछौँ । झापाको विमानस्थलको विस्तार गर्दैछौँ । राति पनि उडान सञ्चालन गर्दैछौँ । कर्णालीका सबै प्रदेशका जिल्लाहरूमा जाने गरी, काठमाडौँ-सुर्खेत सोझो उड्ने उडान शुरु गर्‍यौँ । त्यहाँ राति पनि विमान उड्ने बनाएका छौँ । धनगढीमा पनि विमान राति उड्ने भएको छ ।

आधुनिकीकरणको लागि हामीले सञ्चारक्षेत्रलाई ध्यान दिइरहेका छौँ । विद्युत उत्पादनको क्षेत्रमा ध्यान दिएका छौँ । अब एक वर्षभित्र थप चार सय मेगावाट आउँदैछ । त्यसपछि अझ बढी हामी आत्मनिर्भर हुनसक्छौँ । हिजो नेपाल लोडसेडिङले आक्रान्त भयो । अब हुनेछैन । उत्पादन र उत्पादकत्व बढाउने, नयाँ तरिकाले खेती तथा उद्योग गर्ने र नयाँ तरिकाले शिक्षा दिने कामलाई अब अघि बढाउनु पर्छ । कम्प्युटरको माध्यमबाट धेरैलाई एकैपटक पढाउन सकिन्छ । त्यसबाट सामुदायिक विद्यालयहरूमा शिक्षाको गुणस्तर उठाउन सकिन्छ । सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमलाई अगाडि बढाउन सकिन्छ । सरकारी र निजी विद्यालयमा फरक के छ भने निजीले अंग्रेजी माध्यमबाट पढाउँछन् । स्कूल गएका छोराछोरीले अंग्रेजी बोल्न थाले भने बाबुआमा दंग पर्छन् । सरकारी वा सामुदायिक स्कूलमा पढायो भने अंग्रेजी बोल्न जान्दैनन् । अनि सँगै बसाउने हो भने बोल्न धक मानेर पछाडि बस्छन्, बोल्दैनन् किनभने उनीहरूलाई अंग्रेजी आउँदैन । हामीले यस्तो स्थितिलाई चिर्नुपर्छ । सरकारी तथा सामुदायिक विद्यालयमा अंग्रेजी र कम्प्युटर शिक्षाका साथै कम्प्युटबाट दिइने शिक्षामा जोड दिनु आवश्यक छ ।

हामीले राजनीतिक आन्दोलन, राजनीतिक उपलब्धि र प्राप्तिका निम्ति लामो समय संघर्ष गर्‍यौँ । सो क्रममा हामीले अधिकार प्राप्त

गऱ्यौँ । अब हामी राष्ट्रलाई सबल र विकसित बनाउने अभियानमा छौँ । मैले निर्वाचनभन्दा अगाडिदेखि नारा दिएको थिएँ 'समृद्ध नेपाल - सुखी नेपाली' भनेर । हामी नेपाललाई समृद्ध बनाउँछौँ, नेपालीलाई सुखी बनाउँछौँ । नेपाली सुरक्षित हुनुपर्छ, तिनले निर्भय वातावरणमा बाँच्न पाउनुपर्छ । कसैको डरत्रास हुनुहुँदैन, खान लगाउन पाउनुपर्छ, सबैको आवास हुनुपर्छ, गरीबीले तड्पिनु पर्ने स्थिति हुनुहुन्न । हामी त्यस्तो नेपाल बनाउने संकल्पमा छौँ । यही संकल्पको सिलसिलामा विभिन्न ठाउँमा सडकहरू बनाइराखेका छौँ, पुल बनाइराखेका छौँ, हवाई मैदानहरू बनाइराखेका छौँ । किसानहरूलाई तालिम दिदैँछौँ । शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा महत्वपूर्ण योजना बनेको छ । विद्युत, टेलिफोन, पर्यटन आदि क्षेत्रमा नयाँ विकास भइरहेको छ । हाम्रो वनजंगलको विकास तथा सदुपयोग कसरी गर्ने ? काम नलाग्ने मसलाका रुखहरू रोपेर, सिसौका रुख रोपेर उर्वर जमीनलाई बेकार बनाइएको छ । वनलाई चाहियो रूख । वनमा आँप लगाइदियो भने हरियो पनि हुन्छ, फल पनि फल्छ । फलजति जनताको, रूखजति वन सरकार वा वन विभागको । अब त्यसो गर्नुपर्छ । कतिपय ठाउँमा कृषि वनमा जानुपर्छ । यही ठाउँमा आँपघारी लगाइदिने हो भने नेपालभरिलाई पुगेर अन्त निर्यात गर्न सकिन्छ । क्यानडामा आँप फल्दैन, अमेरिकामा आँप फल्दैन, रुसमा आँप फल्दैन, अरबी देशहरूमा आँप फल्दैन, कोरियामा आँप फल्दैन, जापानमा आँप फल्दैन, मंगोलियामा आँप फल्दैन । ती सबै देशमा आँप निर्यात गर्नसक्ने हो भने नेपाल गरीब भइरहनु पर्दैन । तर हामीले काम न काजको मसला लगाएका छौँ । हामी कृषिवन लगाउनसक्छौँ । हाम्रा खाली जमीनहरूलाई, हाम्रा वनक्षेत्रहरूलाई किन त्यसरी प्रयोग नगर्ने ? हाम्रा बगरहरूमा खर्वुजा, तर्बुजा, काँक्रा फल्छन् तर हामीले त्यसतर्फ सोचेकै छैनौँ ।

नेपाललाई अगाडि बढाउन अब नयाँ ढंगले सोच्नुपर्छ । हाम्रो हरेक समय, जमीनका हरेक टुक्रा, पानीका प्रत्येक थोपा, सूर्यको किरण, हावाको हरेक झोंकाको सदुपयोग गर्नेतिर जानुपर्छ । त्यस्तै, हिमाल, झरना, नदीनाला, तालतलैयाको अधिकतम सदुपयोग गर्न सकिन्छ ।

यसमा हामी नेपालीहरू सजग भएर लाग्यौँ भने, हाम्रा युवाहरूले खाट जोडेर पप्लु खेल्न छोडे भने देश विकास हुन्छ । केही युवाहरू काम छैन भनेर खाट जोडेर पप्लु खेल्छन् । कोदालो त्यहाँ हुन्छ, खेत त्यहाँ हुन्छ तर बाँझै हुन्छ । फल केही दिन पाइरहेको हुँदैन । अरब, मलेसिया जानुभन्दा यहाँ तरिकासँग कोदालो चलाउने हो भने चार गुना बढी उत्पादन हुन्छ । तर हामी त्यसलाई काम भन्दैनौँ । म्यारिज खेल्ने-हेर्नेको संख्या गन्ने हो भने हामी कसरी समय खेर फालिरहेका छौँ भन्ने थाहा हुन्छ । खासमा हामीसँग समय खेर फाल्ने अवस्था छैन ।

हाम्रो जिन्दगीको समय मूल्यवान् छ । एकएक मिनेट, मिनेटको पनि सेकेण्डको पनि अंशअंश महत्वपूर्ण छ, जसलाई हामीले खेर फाल्नु हुँदैन । हामीले हाम्रा बालबालिकाहरूलाई सदुपयोगको सिद्धान्त सिकाउनु पर्छ । समय भनेको जिन्दगी हो, समय भनेको आयु हो । त्यो खेर नजाओस्, जान नपाओस् । त्यसका निम्ति हामीले ध्यान दिनु जरुरी छ । देश विकासको संकल्पलाई अगाडि बढाउन हामी अब लामो समय पर्खिन सक्दैनौँ । अहिले मैले भनिरहेका कुराहरू अब पाँच वर्षपछि हुने चुनावमा गर्ने ? त्यसपछि सरकार बन्छ अनि फेरि पनि यिनै कुरा गर्ने ? त्यसरी हुँदैन । त्यसबेलासम्म कति मान्छे बूढाबूढी भैसक्छन् । केटाकेटीहरू हुर्किसकेका हुन्छन् । समय परिवर्तन भैसकेको हुन्छ । अब त्यही कुरा गरेर बस्ने होइन, परिवर्तन ल्याउनतिर लाग्नुपर्छ । अहिले रोपेको विरुवा पाँच वर्षमा लटरम्म फलेको हुनुपर्छ । हामीले विरुवा रोपिरहने कुरामात्र गरिरहने होइन । अझ पनि कुन धान लगाउने भन्ने छलफलमा समय बिताउने ? मोटो धान लगाउने कि मसिनो, वासमती लगाउने कि कालो नुनिया ? कुन लगाउँदा फाइदा, कुन लगाउँदा बेफाइदा ? छलफल गरेर बर्खा गुजार्ने होइन । जुन बढी फल्छ त्यही लगाउने हो, जसले बढी फाइदा दिन्छ त्यही लगाउने हो । अब समय त्यसै गुजार्नु हुँदैन ।

यहाँ सडक शिलान्यास भएको छ । भनिएको समयभित्र सडक तयार हुनुपर्दछ । ठेकेदारलाई म एउटा कुरा भन्न चाहन्छु - यो निर्माणमा

अब 'भेरिएशन' हुँदैन । समयमा काम पनि नसक्ने, उल्टो अलिकति पैसा थप्नुपर्‍यो भन्ने कुरा अब चल्दैन । निर्माण समयमा सकिनुपर्छ, ठेक्का ओगटेर बस्न पाइँदैन । जे काम हुन्छ, त्यो गुणस्तरयुक्त हुनुपर्छ । ठेकदारहरूलाई म के पनि भन्न चाहन्छु भने - तपाईँहरू चारतिर ठेक्का लिएर, चारैतिर काम नगर्ने र गरेपनि ढिला गर्ने काम नगर्नोस् । एउटा मेशिन हुन्छ, चारतिर चारवटा सडक बनाउनु छ । कताचाहिँ काम गर्ने ? यता काम गर्‍यो, उताका कराउँछन् । एकातिर काम शुरु गर्‍यो, अर्कातिरका कराउँछन् । त्यसले गर्दा समयमा कतै पनि काम हुँदैन । अब त्यसो नगर्नोस् । सक्ने काम लिनोस् । सडक धेरै बनाउनु छ, हतार किन ? ओगट्नमात्र किन पर्‍यो ? सरकारले समयमै गुणस्तरयुक्त काम गरिसक्नेलाई प्राथामिकताका साथ काम दिन्छ । समयमा काम नसक्ने ठेकदार ब्लाकलिस्टेड हुन्छ । निर्माणमा गुणस्तरको धेरै महत्वूर्ण भूमिका हुन्छ । त्यसकारण गुणस्तरमा कुनै सम्झौता हुँदैन । ठेक्का लिँदा धेरै घटाएर नलिनोस् । ७७ करोडको ठेक्कालाई १० करोड किन घटाउनु हुन्छ ? पूरा मूल्यमा ठेक्का लिनोस् तर काम गुणस्तरीय गर्नोस् । ठेक्कामा १० करोड घटाएपछि १० करोड बराबरको काम त नहुने भो नि । बनाउँदा बनाउदै भत्किने होइन, बनाइसकेपछि भत्किने होइन । समय र गुणस्तरका लागि कडाइका साथ सुपरीवेक्षण आवश्यक छ । त्यो कडाइ सैद्धान्तिक रूपमा मात्र होइन व्यावहारिक रूपमा पनि हुनेछ ।

म अस्तिको दिन एउटा विषयमा छलफल गर्दै थिएँ । एउटा कुरा सुनेर अचम्म लाग्यो । कुनै ठाउँमा नहर बनाइएछ । नहर बनाएपछि भारतसँग विद्युत सम्झौता गरिएछ । त्यो सम्झौतामा भनेअनुसार गरेपछि नहरमा पानी चढ्दैन । पहिले नहर खनियो, त्यसपछि नहरमा पानी नचढ्ने सम्झौता गरियो । यो हामी काम कसरी गर्छौँ भन्ने कुराको एउटा दृष्टान्त हो । आफैँले नहर बनाएको छ अनि आफैँले नहरमा पानी नचढ्ने अर्को सम्झौता गरेको छ । त्यति धेरै खर्च के गर्ने ? यस्ता तरिकाले काम गर्ने कुरालाई अन्त्य गर्नुपर्छ ।

परिवर्तनका लागि प्रतिबद्धता आवश्यक छ । यसमा सरकार प्रतिबद्ध छ । हरेक नागरिक परिवर्तनप्रति प्रतिबद्ध हुने हो भने परिवर्तन हुन्छ, चाँडै हुन्छ । परिवर्तन ल्याउने कामको नेतृत्व प्रधानमन्त्रीको हैसियतले म गर्छु । त्यसका निम्ति सरकारले योजनाबद्ध ढंगले काम अगाडि बढाउँछ । यसमा जनताको पूराका पूरा साथ-सहयोग रहने छ । एउटा परिवारको गरीबी हटाउन त समय लाग्छ भने हामी देशको गरीबी हटाउने, सबै परिवारको गरीबी हटाउने योजनामा छौँ । यो सजिलो कुरा छैन तर हामी गर्नसक्छौँ । गरेरै छाड्छौँ ।

●

वैशाख १८, २०७५

सन्दर्भ : झापा, खजुरगाछी सडक शिलन्यास

मैले पौडी खेल्ने गरेका बिरिङ, कन्काई र देउमाई

आज हामीले पुल बनाउने कामको शुरुआत गरेका छौँ । पुलको शिल्यान्यास भएको छ । अब काम अगाडि बढ्छ । म चाहन्छु पुल छिटो र समयभित्र बनोस् । पुल बलियो बनोस्, पुलको जग सवल होस् । पुलको छेउछाउसमेत व्यवस्थित होस् । कहिले-कहिले पुल एकातिर बनेको हुन्छ, खोलो अर्कोतिरबाट कुद्छ । त्यस्तो नहोस् ।

हामीले देशलाई छिटै विकासको बाटोमा लानुपर्ने छ । हामीले नदी नियन्त्रण गर्नुपर्ने छ,

पुलहरू बनाउनुपर्ने छ, सडकहरू बनाउनुपर्ने छ, सडक चौडा गर्नुपर्ने छ । कच्ची सडक पक्की बनाउनुपर्ने छ । खेतहरूमा सिँचाइको प्रबन्ध गर्नुपर्ने छ । कुन ठाउँमा कस्तो खेती उपयुक्त हुन्छ, त्यसअनुसारको खेती गर्नुपर्ने छ । आज बिहान हामीले झापा जिल्ला विकास समंन्वय समितिको पहिलो बैठकको शुभारम्भ गर्‍यौँ । मैले केही कुराहरू सुनेँ । यहाँ तीन प्रतिशतमात्रै मानिस साक्षर नभएको भन्ने तथ्यांक प्रस्तुत भयो । हामी त्यो तीन प्रतिशत पनि साक्षर बन्नबाट वञ्चित राख्न सक्दैनौँ । झापा जिल्ला पूर्ण साक्षर र साक्षरमात्रै होइन शिक्षित जिल्ला हुनुपर्दछ । झापा जिल्लामा खान नपाउने, लगाउन नपाउने, छोराछारी पढाउन नसक्ने, बिरामी हुँदा सामान्य उपचार गराउन नसक्ने अवस्थामा कोही पनि रहनु हुँदैन । सबैको आर्थिक अवस्था मजबुत हुनुपर्दछ । कोही बेरोजगार हुनु हुँदैन । झापा जिल्लामा हामी रोजगारीका अवसरहरू सिर्जना गर्दैछौँ । यस जिल्लामा कृषि, उद्योग, पर्यटन र सेवाका क्षेत्रलाई कसरी व्यवस्थित ढंगले विकास गर्ने त्यस दिशामा हाम्रो ध्यान जानेछ । झापामात्र होइन, म देशभरिकै विकासका कामहरूलाई योजनाबद्ध ढंगले अगाडि बढाउने कामको अगुवाइ गर्छु ।

म २०१९ सालदेखि सुखानी,शनिश्चरे,अर्जुनधारामा हिँड्ने गरेको हुँ, खेल्ने गरेको हुँ । यी ठाउँहरूमा मैले संगठन पनि गर्ने गरेको हुँ । म यहाँको राजनीतिक आन्दोलनमा २०२२ सालदेखि सरिक भएँ । अहिले ५३ वर्ष भयो । ४७-४८ वर्ष अगाडि त यहाँ मेरो कार्यक्षेत्र नै थियो । यदि खुट्टा खिइने हो भने त्यसैबेला मेरो घुँडासम्म खिइसकेको हुन्थ्यो होला । यस ठाउँमा म त्यति हिँडेको छु, त्यति घुमेको छु । २०२६ सालभित्रै मैले यस ठाउँका सबै गाउँ घुमिसकेको थिएँ । मसँगै काम गरेका थुप्रै साथीहरू मेरो छेउमा हुनुहुन्छ, जो आधा शताब्दीदेखि मेरो साथमा हुनुहुन्छ । त्यसबेलादेखि हामीले किन काम गर्‍यौँ, किन दुख गर्‍यौँ, किन जेल गयौँ, किन यातना सह्यौँ, किन बलिदान दियौँ ? यसकारण कि सामाजिक परिवर्तन गर्नुपर्छ, यस ठाउँको विकास गर्नुपर्छ, देशको विकास गर्नुपर्छ भनेर । हामीले त्यसका लागि उपयुक्त व्यवस्था ल्याएका छौँ र आज हामी सरकारमा पनि पुगेका छौँ । किन ? यस

ठाउँलगायत सम्पूर्ण नेपालको विकास र समृद्धिका लागि । तसर्थ पचास वर्ष अगाडिदेखि हामीले जुन प्रयास गरेका थियौँ त्यसलाई आधार बनाएका छौँ । पहिलो कुरा त काम गर्नको लागि त्यस्तो व्यवस्था चाहिन्थ्यो, त्यस्तो सरकार चाहिन्थ्यो । अहिले हामीले त्यस्तो व्यवस्था ल्याएका छौँ, त्यस्तो सरकार बनाएका छौँ ।

यस ठाउँमा म हरेक कुरासँग परिचित छु । यहाँ कुन ठाउँमा के छ र कुन ठाउँको माटो कस्तो छ भन्ने कुरा मलाई थाहा छ । मैले बिरिङ, कन्काई, देउमाई खोलाहरूमा पौडी खेल्न सिकेको हुँ । अहिले पनि चानचुने खोलाले बगाइहाल्न सक्दैन । किनभने यी खोलामा पुल थिएनन् । खोलाले हामीलाई कहिल्यै रोक्दा पनि रोक्दैनथ्यो । हामीलाई त्यति पौडी खेल्न आउँथ्यो । हामी जहिले पनि कन्काई र बिरिङ खोला तर्दथ्यौँ । यहाँमात्रै होइन तल पनि तर्दथ्यौँ, धेरै वेग भएको ठाउँमा पनि तर्दथ्यौँ । त्यो हाम्रो अभ्यास नै थियो । हामीले धेरै कुराहरू संकल्पका साथ यहाँबाट अगाडि बढाएका थियौँ । नेपाल जतिबेला सामसुम थियो, चुपचाप थियो र लोकतान्त्रिक आन्दोलन तानाशाहीका अगाडि निरीह भएको अवस्थामा थियो, कुनै पनि पार्टी तानाशाहीका विरुद्ध चुँसम्म गर्नसक्ने हालतमा थिएनन् । त्यस्तो बेलामा हामीले यही ठाउँबाट आन्दोलनको शंखघोष गरेका थियौँ ।

अबका दिनमा सबै परिपाटी निष्पक्ष हुन्छ । हामी निष्पक्ष ढंगले कामको मूल्याङ्कन गर्छौँ, योग्यताको कदर गर्छौँ र त्यसअनुसार नै अगाडि बढ्छौँ ।

भर्खर सरकार बनेको छ । अहिले नै सबै काम गरिहाल्न सकिँदैन । हामी काम शुरु गर्न खोज्दै छौँ । देश बनाउने अभियानमा सरकारले नेतृत्व गर्छ । अब सुशासन शुरु हुन्छ, शान्ति सुव्यवस्था कायम हुन्छ । तपाईँहरूले भ्रष्टाचार भयो भनेर सुन्नुपर्ने छैन । हुन त राजनीतिमा जसो गरे पनि विरोधी कोही न कोही हुने गर्छन् । गल्ती नभए पनि तिनले कुरा काट्ने गर्छन् । त्यो तिनको धन्दा नै हो । त्यसो नगरे हुन्थ्यो तर गर्छन् । त्यो बानी पनि हो । केहीचाहिँ आफ्नो साइनबोर्ड कायम राख्ने

मनसायबाट प्रेरित छन् । तर हामी साइनबोर्ड राख्नका लागि होइन देश बनाउनको लागि काम गरिराखेका छौँ ।

नेपाली जनताले अब न्याय पाइनँ, अवसर पाइनँ, भेदभाव तथा पक्षपात सहनुपर्‍यो भन्ने दिन रहने छैन । बिस्तारै नेपालीका सुखका दिनहरू आउनेछन् । तपाईँहरूको प्रतिनिधि भई म सरकारको नेतृत्व गरिरहेको छु । मलाई धन कमाउनु छैन । म धनी भएर प्रधानमन्त्री भएको पनि होइन । तपाईँहरूको मायाले भएर प्रधानमन्त्री भएको हुँ । जनताको माया भए पुग्छ, अरू केही पनि चाहिँदैन । त्यसका लागि पैसा चाहिँदैन । तपाईँहरूले मलाई मद्दत गर्नुभएको छ, साथ दिनुभएको छ र विश्वास गर्नुभएको छ । मलाई त्यो विश्वास भए पुग्छ ।

हामी विकास निर्माणमा सबैसँग मिलेर अगाडि बढ्न चाहन्छौँ । म नेपालका सबै पार्टीलाई भन्न चाहन्छु - राम्रो भएको छैन भन्ने कसैलाई लाग्छ भने आउनोस् न सरकारमा सँगै बसौँ । अरूको जस्तो हामी छिःछिः र दुरदुर गर्दैनौँ । अरूको जस्तो घटिया व्यवहार गर्दैनौँ । देश बनाउन आउनोस् सरकारमा सँगै बसौँ । हामी सबैसँग मिलेर काम गर्न तयार छौँ । यो लोकतान्त्रिक प्रणाली हो । कुनै प्रकारको दमन वा भेदभाव हुँदैन । यो कुरा म सबैमा विश्वास दिलाउन चाहन्छु । त्यही विश्वासका साथ सबै अगाडि बढौँ ।

●

वैशाख १८, २०७५

सन्दर्भ : झापाको बिरिङखोला पुलको शिलान्यास

सामाजिक सुरक्षाको अभियान

समय गतिशील छ, परिस्थिति फेरिइरहन्छ । हाम्रा परिस्थिति फेरिएसँगै मागहरू फेरिन्छन्, सोचहरू फेरिन्छन्, आवश्यकताहरू पनि फेरिन्छन्, तरिकाहरू पनि फेरिन्छन् । समाज स्वाभाविक रूपमा फेरिँदै गएको छ ।

दुनियामा एउटा समय थियो जतिबेला काम गर्ने मजदुर वा श्रमिक भनेपछि, तल्लो जात हुन्छ भनेर भनिन्थ्यो । वर्णाश्रम व्यवस्था त्यसैमा आधारित भएर बनाइयो । हिजो काम गर्नेलाई

तल्लो जात भन्ने बनाइयो । पछि त्यसले जन्मसिद्धको रूप लियो । कुनै बेला कामको आधारमा जात बन्यो । अर्को बेला शारीरिक श्रम गर्नु भनेको तत्लो तहको हो भन्ने मान्यता पनि विकसित भयो ।

अहिले काम गर्नु राम्रो हो, शारीरिक श्रम गर्नु नराम्रो होइन भन्ने मान्यता स्थापित भैसक्यो । मैले पनि अलि ठूलो भएपछि मात्रै सानो काम, ठूलो काम हुँदोरहेछ भन्ने बुझेँ । गाउँमा काम सानो हुन्छ, ठूलो हुन्छ भन्ने थाहा पाएको थिइनँ । हाम्रो चलनमा भाँडा माझ्ने बेग्लै मान्छे, भात पकाउने बेग्लै मान्छे, खाने बेग्लै मान्छे हुँदैनथ्यो । हामी त सबै काम गर्थ्यौँ । जोत्ने पनि आफैँ, रोप्ने पनि आफैँ, फलाउने पनि आफैँ, पकाउने पनि आफैँ, खाने पनि आफैँ, भाँडा माझ्ने पनि आफैँ । मैले भाँडा माझ्ने कामलाई सानो भन्छन् भन्ने थाहा पाएको थिइनँ । त्यो कुरो मैले पछिमात्र थाहा पाएँ । बुझ्दै जाँदा भाँडा माझ्नेलाई मात्रै होइन कि पकाउनेलाई पनि सानै काम भनिँदो रहेछ । उत्पादन गरिनेलाई पनि सानो काम भनिँदो रहेछ । सबैलाई नखाइनहुने तर खाने कुरा उत्पादन गर्ने र पकाएर तयार गर्ने कामलाई सानो काम भन्ने ? कति चरम मूर्खता । त्यो त सामाजिक मान्यता बनेको रहेछ । त्यही सामजिक मान्यताले वर्गको रूप धारण गऱ्यो ।

अब कामले वर्गविभाजन गर्ने स्थिति छैन । कामले वर्गविभाजन गर्न पनि सक्दैन । शारीरिक श्रम भनेको कम आम्दानी हुने क्षेत्र भन्ने पनि रहेन । कुनैकुनै ठाउँमा होला, त्यो बेग्लै कुरा हो । नत्र भने कतिपय देशमा त शारीरिक श्रम गराउनु भनेको साह्रै महँगो कुरा भएको छ । टेवलमा बसेर बौद्धिक काम गर्नुभन्दा शारीरिक श्रम गर्नु बढी मुस्किल हुन्छ । ती देशमा घरेलु काम गर्ने मान्छे पाउन मुस्किल छ । त्यसका लागि धेरै खर्च पनि गर्नुपर्छ ।

पुराना मान्यता, पुराना तरिका र पुराना सम्बन्धहरू बिल्कुलै फेरिएका छन् । अहिलेको बौद्धिक सम्पत्तिको जमानामा भौतिक सम्पत्ति कति छ भन्ने कुराको त्यति साह्रो महत्व मानिँदैन । भौतिक सम्पत्ति कति भन्ने भन्दा पनि बौद्धिक सम्पत्ति कति छ भन्ने कुरा बढी अर्थपूर्ण रहने

गरेको छ । अहिले संसारका पैसावाल मान्छेहरूमध्ये भौतिक सम्पत्ति नभएका, बौद्धिक सम्पत्ति भएका बढी देखिन्छन् । उनीहरूले बौद्धिक सम्पत्तिबाट भौतिक सम्पत्ति जोडेका होलान् । अमेरिकाको वाशिङ्टन राज्यको पश्चिममा सियाटल भन्ने ठाउँ छ । त्यहाँ बिलगेट्सको निकै दामी र महँगो घर छ भन्ने चर्चा सुनेको थिएँ । केही वर्षअगाडि बिलगेट्सले चिया पसल बेचेर कम्प्युटरको काम शुरु गरेका थिए रे । त्यो चिया पसल बाह्र हजारमा बेच्दा उनको सम्पत्तिले घर त के एउटा ठूलो होटलमा एक रात सुत्न पनि पुग्दैनथ्यो । पछि बौद्धिक सम्पत्तिका कारण उनी विश्वका धनी व्यक्तिमा दरिन पुगे । आजको समयमा सम्पत्ति केलाई भन्ने ? ठूलो प्लट जमीनभन्दा एउटा कार्डमा धेरै रूपैयाँ रहेको हुन्छ । कार्डभित्र हामी संक्रमणकालीन समयमा छौँ । पुरानो पनि अलिअलि छ, नयाँ पनि छँदैछ । हामी र हाम्रा छोराछोरीका बीचमा पनि ठूलो युगान्तर छ । अहिलेसम्म तपाईँ हामीले जमीनको प्लट, घर, गाडीलाई सम्पत्ति भन्दै गरेका हुन्छौँ । हाम्रा छोराछोरीले त्यसलाई खासै सम्पत्ति मान्दैनन् । अर्थात्, सम्पत्तिसम्बन्धी मान्यताहरू धेरै फेरिएका छन् ।

तपाईँहरूले आफ्नो हकअधिकार तथा सुविधाका लागि लामो समय लड्नु भएको छ । केही उपलब्धिहरू पनि भएका छन् । समाज फेरिएको छ । हामीले मजदुरहरूको क्षेत्रमा परिवर्तन भएको छ, अन्त छैन भन्ने पनि ठान्नुहुन्न । सबैतिर परिवर्तन भएको छ । त्यो परिवर्तन सँगसँगै औद्योगिक, व्यावसायिक, व्यापारिक, श्रम, लगानी, रोजगारी आदि क्षेत्रहरूमा पनि परिवर्तन भएका छन् । आजको समय, आजको आवश्यकता र आजका सम्भावना अनुसार के सम्भव हुनसक्छ, त्यसअनुसार सरकार उत्पादन, औद्योगिकसम्बद्ध, व्यापारिकसम्बन्ध वा विभिन्न कारोबारका सम्बन्धहरूलाई समुचित, न्यायोचित, उत्पादनमूलक र अग्रगामी बनाउन सकिन्छ भनेर लागेको छ । अहिलेको सरकारसँग केही कुरा भन्नुपर्दा विरोधीहरूसँग जसरी भन्नुपर्दैन । अहिलेको सरकार राष्ट्र निर्माणको एउटा महान् अभियानमा छ । कसोगर्दा सामाजिक सुसम्बन्ध हुन्छ, कसोगर्दा उत्पादन वृद्धि हुन्छ, पारिश्रमिक बढाएर उत्पादन वृद्धि हुन्छ कि कामअनुसारको पारिश्रमिक दिएर उत्पादन वृद्धि

हुन्छ ? गते वा बारको पारिश्रमिक दिएर उत्पादन वृद्धि हुन्छ कि कामको पारिश्रमिक दिएर उत्पादन वृद्धि हुन्छ ? त्यसमा विभिन्न पक्षहरू छन् । सरकार मजदुरको हितको पक्षमा छ । सरकारको स्पष्ट धारणा छ - अब कसैमाथि शोषण हुनुहुँदैन, अन्याय हुनुहुँदैन, उत्पादनको उचित ज्याला नपाउने स्थिति हुनुहुँदैन, पारिश्रमिक नपाउने स्थिति हुनुहुँदैन । उत्पादन वृद्धि हुनुपर्छ, उत्पादनका लागि वातावरण पनि राम्रो हुनुपर्छ । यी कुराहरूमा अब अन्योल रहन्छ जस्तो मलाई लाग्दैन ।

अब मजदुरहरूले भरसक हड्ताल गर्न नपर्ला । सामाजिक सुरक्षाको अभियान शुरु हुँदैछ । सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत विभिन्न प्रबन्धहरू रहनेछन् । अस्थायीले पनि यथोचित ढंगले सामाजिक सुरक्षाको प्रत्याभूति पाउने व्यवस्थाहरू हामीले शुरु गरेका छौँ । सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत स्थायी भएर यति वर्ष काम गरेको हुनुपर्छ भन्ने छैन । पहिले मालिक र मजदुर मानसिकता हुन्थ्यो । अब त्यो मानसिकता घटाउनुपर्छ, हटाउनुपर्छ । आफ्ना-आफ्ना ठाउँमा आफ्ना-आफ्ना काम छन् । मालिकले लगानी गरेको पनि मजदुरका लागि होइन, मजदुरले काम गरेको पनि मालिकको सेवाको लागि होइन । त्यसैले आफ्ना-आफ्ना ठाउँ छन्, आफ्ना-आफ्ना काम छन् । त्यसमा यथोचित सम्बन्ध हुनुपर्छ ।

तपाईँहरूको कार्यक्षेत्र मजदुर क्षेत्रका समस्या, मजदुरका हकहित र देशको विकाससित जोडिएको छ । केवल हकहितसँग मात्रै पनि जोडिएको छैन, सीपको आधुनिकीकरणसँग पनि जोडिएको छ । यो देशमा उन्नति गर्ने कुरासित जोडिएको छ । कानूनी, व्यावहारिक सबै काम सरकारको तर्फबाट हामी गछौँ, यहाँहरूले आफ्नो तर्फबाट सहयोग पुऱ्याउने आशा मैले गरेको छु । केही पऱ्यो भने मागहरू दिनुभए हुन्छ । मागको अन्तिममा 'नत्र' भन्ने लेख्नु पर्दैन । अहिलेको सरकार आफ्नै सरकार हो । माग पूरा गर्ने जिम्मेवारी सरकारको हुनेछ । हामी त्यसै पनि जिम्मेबार छौँ ।

●

वैशाख २०, २०७५

सन्दर्भ : जिफन्टका नवनिर्वाचित पदाधिकारीहरूसँगको भेटघाट

अब पुरस्कारमात्र होइन दण्ड पनि

दलीय व्यवस्थामा सत्तापक्ष र प्रतिपक्ष हुने, प्रतिपक्षले आफ्नो धर्म निर्वाह गर्नका निम्ति संशोधन हाल्ने चलन, अलिकति असहमति प्रकट गर्ने चलन छ । त्यो एउटा चलनकै रूपमा रहेको छ । आलोचना, सुझाव, टिप्पणीहरू त्यही चलनमा सीमित रहेको जस्तो मैले पाएँ । माननीय सदस्यहरूले सक्रियतापूर्वक बहसमा छलफलमा भाग लिनुभएको छ र महत्वपूर्ण सुझावहरू प्रतिनिधिसभामा आएका छन् । यसमा कुनै अस्पष्टता रहनुपर्ने आवश्यकता छैन । यस

प्रसंगमा यदि कहीँ कतै अस्पष्टता छ भने म त्यसलाई स्पष्ट पार्न चाहन्छु ।

नीति तथा कार्यक्रम बजेट होइन । कतिपय शुरु भैसकेका वा अगाडि बढिसकेका विषय आगामी नीति-कार्यक्रममा राखिरहनु पर्दैन । प्रस्तुत नीति-कार्यक्रमले अरू नीतिहरू र अरू कार्यक्रमहरूलाई पनि जन्म दिन्छ । त्यसकारण यसमा सविस्तार जानुपर्ने आवश्यकता पनि पर्दैन । म निवेदन गर्न चाहन्छु - नीति कार्यक्रम प्रस्तुत हुँदा यी पक्षहरूमा ध्यान दिइएको छ ।

हामी अहिले जुन ठाउँमा छौँ सबैभन्दा पहिला त म यस ठाउँमा ल्याइपुऱ्याउन शहीदहरूले गर्नु भएको योगदानको उच्च सम्मानसाथ स्मरण गर्न चाहन्छु र उहाँहरूप्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छु । बीचमा विभिन्न प्रकारका संर्घषहरूमा आन्दोलनमा घाइते भएका, क्षति व्योहोरेका, त्याग बलिदान गरेका, घाइते अपाङ्गहरूप्रति सम्मानभाव व्यक्त गर्न चाहन्छु । आज देशलाई यस बिन्दुसम्म ल्याइपुऱ्याउन धेरै नेताहरूले योगदान गर्नुभएको छ । त्यसका लागि म हाम्रा सबै अग्रजहरूको स्मरण गर्न चाहन्छु, सम्मान गर्न चाहन्छु । हामीले शहीदका सपना, नेताहरूका आदर्श सपनाहरू, अपाङ्ग, घाइते र त्यसबाट पीडित भएका, आन्दोलनका क्रममा क्षति व्यहोरेकाहरूका अपेक्षाहरू समेत पूरा गर्नु छ । देशभित्र रहेका र विभिन्न कारणले देशबाहिर भएका समेत सम्पूर्ण नेपालीका समस्याहरूको समाधान गर्नु छ ।

अपेक्षाहरू जुन छन् ती पूरा गर्नुपर्नेछ । देश आज जहाँ छ त्यस बिन्दुबाट देशलाई अगाडि बढाउनु पर्नेछ । नेपाल सधैँ अल्पविकसित भैरहन सक्दैन । नेपाल सधैँ पछाडि परिरहन सक्दैन । मैले भन्ने गरेको छु - प्राकृतिक रुपले सुन्दरमात्रै होइन सम्पन्न र समृद्ध देश हो नेपाल । हिमाल, पहाड, तराईको भूबनोट आफैँमा यसको विशिष्टता हो । यो उर्वर देश हो, जीवनमय देश हो । यो गरीब हुन सक्ने वा गरीब हुन मिल्ने देश होइन । तर पनि गरीब छ । हाम्रा पुर्खा विद्वान् थिए । हामी ऋषिमुनिका सन्तान हौँ, विद्वान्हरूका सन्तान हौँ । हामी खोज, अध्ययन-अनुसन्धान

गर्ने अन्वेषकहरूका सन्तान हौँ । नेपाली जाति बहादुर, इमानदार र मिहिनेती जातिको रूपमा सुपरिचित छ । यति धेरै युवा जनसंख्या भएको देश अब पछाडि परिरहन मिल्ने अवस्था नै होइन । त्यसकारण अहिले प्रस्तुत भएको र हामीले छलफल गरेको नीति-कार्यक्रममा यी आधारहरू र यी तथ्यहरूमाथि उभिएर अब नेपाललाई गरीब रहन नदिने, नेपाली जनतालाई खान लगाउन नपाएर चरामुसाले जसरी चारोकै खोजीमा भौँतारिरहने र अरू कुरा सोच्न नभ्याउने अवस्थामा राखिराख्नु हुन्न । त्यसबाट समाजलाई मानववोचित स्तरमा उठाउनु छ । हामीलाई विकास तथा आधुनिकता चाहिएको छ । यस नीति-कार्यक्रममा यिनै उद्देश्यहरू रहेका छन् ।

कतिपय माननीयले नीति-कार्यक्रम महत्वकांक्षी भयो भनेर टिप्पणी गर्नुभएको छ । म स्वीकार्दछु यो नीति-कार्यक्रम आकांक्षाहीन छैन । सम्पूर्ण नेपाली जनताका आकांक्षाहरू, राम्रा र सकारात्मक आकांक्षाहरूको समष्टिमा यो नीति-कार्यक्रम आएको छ । त्यसैले यो बृहत् छ । एउटा व्यक्तिको आकांक्षामा सीमित छैन यो नीति-कार्यक्रम । राष्ट्रलाई तेश्रो विश्वबाट पहिलो विश्वमा पुऱ्याउने आकांक्षा यसमा छ । के नेपाललाई पहिलो विश्वमा पुऱ्याउन पाइँदैन ? के नेपाल पहिलो विश्वमा पुग्न नहुने गरी अभिशप्त हो ? कति वर्ष लाग्छ ? तर थाल्नु त पऱ्यो नि हामीले । अब नेपालमा गरीब रहिरहने, खान, लगाउन र छोराछोरी पढाउन, विरामी हुँदा उपचार गराउन सकिनँ भन्ने नेपाली नहोओस् । असुरक्षित भएँ भन्ने कसैले ठान्न नपरोस् । म अपमानित भएँ, मैले सम्मान पाइनँ, भेदभाव सहनु पऱ्यो, म पछाडि पारिएँ, मैले दोश्रो नागरिकको अनुभूति गर्नुपऱ्यो भन्ने स्थिति नहोओस् । भूगोलको हिसाबले, जातको हिसाबले, थरको हिसाबले, गोत्रको हिसाबले, भाषाको हिसाबले, संस्कृतिको हिसाबले, आस्थाको हिसाबले म पछि परेँ वा पारिएँ भन्ने स्थिति नहोओस् । त्यस परिस्थितिको सिर्जना हामीले गर्न खोजेका हौँ । कोही पनि म अधिकारविहीन भएँ, मेरा स्वतन्त्रताका हकहरू, न्याय प्राप्त गर्ने हकहरू, अन्याय भोग्न नपर्ने हकहरू, असमानता व्यहोर्न नपर्ने हकहरू, शोषणबाट उन्मुक्ति पाउने हकहरूबाट वञ्चित भएँ भन्ने अवस्था नहोओस् । कसैले

पनि अधिकार त दिइयो तर अधिकारसम्म पुग्ने अवसर पाइनँ, मैले बाटो पाइनँ, मैले मौका पाइनँ भन्ने अवस्था नरहोस् । यसकारण हामीले यी काम गर्नका लागि बृहत्तर आकांक्षासहितको नीति-कार्यक्रम प्रस्तुत गरेका हौँ । सधैँको जस्तो गरी चल्ते-चलाते, फेरि एउटा कर्मकाण्ड पुऱ्याऊँ भनेर यो नीति-कार्यक्रम आएको होइन ।

बजेटभन्दा अगाडि नीति-कार्यक्रम पेश गर्ने चलन हुन्छ । संविधानले बजेट ल्याउने समयसीमा जेठ १५ गते तोकेको छ । अहिलेको नीति-कार्यक्रम यस हिसाबको होइन । यसले रूपान्तरणको आकांक्षा बोकेको छ, तीव्र विकासको आकांक्षा बोकेको छ, तीव्र परिवर्तनको आकांक्षा बोकेको छ । त्यसकारण यसलाई महत्वकांक्षी भन्दा साथीहरूले ठीकै बुझ्नु भयो कि जस्तो लाग्छ । तर यो असम्भव महत्वकांक्षा होइन, नहुने खालका आकांक्षा बोकेर आएको छैन । रामायणमा एक ठाउँमा भनिएजस्तो घर पनि सुनैका छन्, गल्ली पनि सुनैका भनेजस्तो यो होइन । अर्को वर्ष घर पनि सुनका, गल्ली पनि सुनका बनाउँछु भनेको छैन । यस नीति-कार्यक्रमले त्यस्ता असम्भव कुराहरू बोकेको छैन र बोक्दैन । आकांक्षा लिँदा असम्भव महत्वाकांक्षा लिइएको छैन । यसले सम्भव हुने, सम्भव बनाउन सकिने, सम्भव बनाउनु पर्ने, परिवर्तन, विकास र समृद्धिका आकांक्षाहरू बोकेको छ । यो नीति-कार्यक्रम 'समृद्ध नेपाल - सुखी नेपाली'को उद्देश्यमा केन्द्रित छ । यसको मूल नारा नै 'समृद्ध नेपाल - सुखी नेपाली' रहेको छ । गरीब नेपालबाट समृद्ध नेपाल, दुःखी नेपालीबाट सुखी नेपालीमा रूपान्तरण सानो आकांक्षा होइन । यो वैयक्तिक, समुदाय वा सानो कुनै एउटा क्षेत्र विशेषको होइन, राष्ट्रिय आकांक्षा हो । यो आकांक्षा ठीक छ । यस आकांक्षालाई पूरा गर्न हामी सबै अगाडि बढ्नुपर्छ भन्ने कुरालाई नीति-कार्यक्रमले अगाडि सारेको छ । यसले राम्रो उद्देश्यमात्र राख्वेको छैन, त्यो उद्देश्य कसरी प्राप्त हुन्छ, त्यो उद्देश्य प्राप्तिका लागि हामी कुन बाटोबाट जान्छौँ भन्ने पनि स्पष्ट गरेको छ ।

समृद्धिका हाम्रा दुई आधार - हाम्रो देश र हाम्रा जनता नै हुन् । हाम्रो देश र जनताका निम्ति देशको सुरक्षा, देशको सम्मान, देशको

हित, देशको विकास र पूर्वाधारलगायतको विकास र त्यस विकासबाट जनतामा समृद्धि र जनतामा सुख । यी कुरा कसरी प्राप्त गर्ने भन्ने सवालमा माननीय सदस्यहरूले ठीकै प्रश्न उठाउनुभएको छ । हामीले नीति-कार्यक्रममा राजनीतिक क्षेत्रमा लोकतान्त्रिक प्रणाली अवलम्वन गर्ने, विकासको बाटोबाट समृद्धि हासिल गर्ने, सुशासन, सामाजिक न्याय, सुरक्षा र सम्मानको बाटोबाट जैविक र मानवीय आवश्यकताको सहज परिपूर्तिको बाटोबाट सुखी जनता वा सुखी नेपाली बनाउने परिस्थिति निर्माण गर्ने कुरा गरेका छौँ । यसका निम्ति राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा त्यस दिशातर्फ उन्मुख नीतिहरू आवश्यक हुन्छन् । तिनै नीतिहरू यस नीति तथा कार्यक्रमले बोकेको छ । ती नीतिहरूलाई लक्ष्य, योजना, कार्यक्रममा बदलेर कार्यान्वयन गर्नुपर्ने हुन्छ । ती कामहरू कसरी गर्ने भन्ने सम्बन्धमा यस नीति तथा कार्यक्रमले ठोस योजना अँगालेको छ ।

लोकतन्त्र हामीले लडेर ल्याएको प्रणाली हो । लोकतान्त्रिक गणतन्त्र हामीले लडेर ल्याएको प्रणाली हो । हामी लोकतन्त्र, लोकतन्त्रका आधारभूत मूल्य-मान्यता, बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली, आवधिक निर्वाचन, लोकतान्त्रिक ढंगले सरकार निर्माण हुने, असहमति र प्रतिपक्षको अधिकार र सम्मान, शक्ति पृथकीकरणको सिद्धान्त, स्वतन्त्र न्यायालय, मानवअधिकार आदि पक्षहरूलाई सम्मान गर्छौँ । सार्वभौमसत्ता जनतामा छ र त्यो सार्वभौमसत्तालाई जनताले उपयुक्त विधिबाट, कानून र संविधानको माध्यमबाट आफ्ना जनप्रतिनिधिमार्फत कार्यान्वयन गर्ने स्पष्ट व्यवस्था गरिएको छ । जनता अधिकार सम्पन्न हुन्छन् । जनताको अधिकार राजनीतिक क्षेत्रको स्वतन्त्रतामात्र होइन, सम्पूर्ण क्षेत्रमा कायम रहन्छ । सैद्धान्तिक रूपमा मात्र अधिकार होइन, अधिकार प्रयोग गर्ने परिस्थिति र अवसर सिर्जना गर्ने अनि त्यो अवसरसम्म पुग्ने पहुँच एवम् बाटो पनि सँगै निर्माण गर्ने योजना नीति-कार्यक्रमले बोकेको छ ।

कृषिको आधुनिकीकरण गर्ने , कृषिमा आधारित उद्योगहरूको स्थापना गर्ने ,उत्पादन वृद्धि गर्ने, रोजगारीका अवसर सृजना गर्ने,

लगानीलाई प्राथामिकता दिने, राष्ट्रिय र आत्मनिर्भर अर्थतन्त्रतर्फ जोड दिने, आयातलाई प्रतिस्थापन गर्ने, निर्यात बढाउने उद्योगहरूमा जोड दिने, सकभर आफ्ना निम्ति उपभोग्य वस्तुको उत्पादन आफैँले गर्ने, रेमिट्यान्स र आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा बदल्ने र निर्यातको पक्षलाई अभिवृद्धि गर्दै अगाडि बढ्ने, व्यापारघाटा र असन्तुलनलाई क्रमशः कसरी सन्तुलनमा ल्याउने भन्ने दृष्टिकोण तथा योजना नीति-कार्यक्रममा प्रस्तुत गरिएको छ । कतै सुनिएका कुराको पछाडि कुदिएको छैन । उदारवाद वा निजीकरणका पछाडि होइन, कसरी ठीक ढंगले उद्योगहरू चलाउन सकिन्छ भन्ने दृष्टिकोण हामीले प्रस्तुत गरेका छौँ । हामीले भनेका छौँ बन्द भएका उद्योगहरू पनि चलाउन सकिन्छ भने चलाउने, रुग्णलाई फेरि अगाडि बढाउन सकिन्छ भने बढाउने । नयाँ उद्योगहरूको स्थापना गर्ने । उद्योगहरू कस्ता स्थापना गर्ने त्यो पनि हामीले भनेका छौँ । व्यापारको सम्बन्धमा हामीले स्पष्ट नीतिहरू लिएका छौँ । कुनै पनि क्षेत्रमा सुशासनविना अगाडि जान सकिँदैन । नीति-कार्यक्रममा सुशासन, स्वच्छता, भ्रष्टाचार नियन्त्रण र उन्मूलनका पक्षहरू स्पस्ट रूपमा अगाडि सारिएको छ । त्यसै गरेर विकासका सन्दर्भमा नेपाललाई आवश्यक पर्ने बाटो तथा पूर्वाधार निर्माण गर्ने योजना ल्याएका छौँ ।

नेपालमा पानीजहाज तथा जलमार्गका कुरा गऱ्यो भने नबुझ्ने मानिसले बाल्टिनमा कागजका नाउ हालेर मजाक उडाउँछन् । नयाँ कुरा आउँदा त्यस्तो हुन्छ । ग्यालिलियोको के हालत भएको थियो ? सत्य बोल्यो भनेर त्यतिबेला कसैको जिब्रो काटिथ्यो, कसैलाई फाँसी दिइन्थ्यो । नयाँ कुरा गरेपछि त्यस्ता मान्छेलाई सहन गाह्रो हुन्छ । यहाँ त रेल वा पानी जहाजको कुरा आएपछि कुरा बुझ्न समय लाग्छ । यसमा हतार गर्नुहुँदैन । हिजो हाम्रै समाजमा सामाजिक न्याय र समानताको कुरा गर्दा, जातपात, भेदभावको अन्त्यको कुरा गर्दा समाजमा मजाक उडाइन्थ्यो । तर ती कुरा आज सामान्य भइसके । अहिले मान्छे-मान्छेका बीचमा संविधान, कानून र व्यवहारले भेदभाव गर्न पाइन्न भन्ने कुरा मामुली भैसक्यो । त्यो बुझ्न अलिकति समय लाग्छ । हेर्दाहेर्दै कोशीबाट, गण्डकीबाट, कर्णालीबाट स्टिमरमा हामी समुद्रसम्म

जान्छौँ, हाम्रो सामानको ढुवानी जलमार्गबाट हुन्छ । अस्ति भर्खरै हाम्रो छिमेकी मित्रराष्ट्रका प्रधानमन्त्रीले भन्नुभएका कुरा यहाँहरूले सुन्नुभएकै होला । अब नेपाल ल्याण्डलक्ड मात्र होइन, ल्याण्डलिंक्ड र अझ रिभरलिंक्ड पनि भयो, वाटर लिंक्ड पनि भयो । यो कुरा पनि साथीहरूले सुन्नुभएकै हुनुपर्छ । हाम्रो बन्दरगाहमा हाम्रो पानी जहाज, हाम्रो रेल, हाम्रो ट्रकबाट ढुवानी गर्न पाइन्न र ? यो मजाक उडाउने विषय हो ? हामी आफ्नो रेलबाट सामान ढुवानी गर्छौँ । त्यो हामीलाई आवश्यक नपरेका बेला भाडामा पनि जानसक्छ । स्विट्जरल्याण्ड भन्ने देश पनि ल्याण्डलक्ड हो तर त्यसले धेरै पानीजहाज चलाउँछ । मंगोलिया चीन र रूसका बीचको ल्याण्डलक्ड देश हो । त्यो लगायत अरू धेरै देशले पानीजहाज चलाउँछन् । दुई वर्षअगाडिको एउटा तथ्याङ्कमा देखिएको थियो ल्याण्डलक्ड देश मंगोलियासँग २ सय ६५ ओटा पानी जहाज छन् । नेपालमा अब पूर्व-पश्चिम रेल कुद्छ, उत्तर दक्षिण रेल कुद्छ । हामी 'कनेक्टिभिटी'का कुरा गर्छौँ । साथीहरूले लिखित सम्झौताहरू पढ्नुभएको होला । अबको पाँच वर्षभित्र काठमाडौँ-रक्सौल रेल कुद्छ । काठमाडौँ-केरुङ, पोखरा-लुम्बिनी रेलको सर्वे हुँदैछ । काठमाडौँमा मेट्रो निर्माणमा लागि काठमाडौँ महानगरपालिकाले कम्पनीसँग समझदारी (एमओउ) गरिसक्यो । तीन महीना 'फिजिबिलिटी' अध्ययन, त्यसपछिको छ महीना 'डिटेल सर्वे', त्यसको तीन वर्षभित्र हेर्दाहेर्दै काठमाडौँमा मेट्रो चल्छ । यो योजनाहीन ढंगले भनिएको छैन । मैले पानीजहाजको कुरा निदाउँदा देखेको सपना ब्यूँझिएर भनेको होइन । मेरा एकजना मित्रले टिप्पणी गर्दा शुरुमै रेललाई दिवास्वप्न भन्नुभयो । खासमा त्यो दिउँसै देखेको सपना हो, राति निदाएको बेला देखेको सपना होइन ।

हामी हाम्रो देशको भूगोललाई हेरेर विमानस्थलहरूको विस्तार र सुसञ्चालन गर्ने योजनामा छौँ । राति चल्न नसक्ने विमानस्थललाई राति पनि सञ्चालन हुनसक्ने बनाउँदैछौँ । सुर्खेतलाई प्रदेशभरि उपयोग हुने विमानस्थल बनाउने छौँ । हिजो मरेतुल्य ठानिएका विमानस्थलहरू कोमामा रहेछन् । एक-एक ओटा इन्जेक्शन दिएपछि जागेका छन् । सप्तरी जाग्यो, अछामको साँफेबगर जाग्यो, अरू जाग्दैछन् । हामी

हेलिप्याडहरूको विस्तार गर्दैछौँ । अन्तर्राष्ट्रिय विमानस्थलहरूमा पोखराको निर्माण कार्य चालू छ, भैरहवाको पनि चालू छ । हामी भार तसँग हवाई प्रवेशमार्गका कुरा गरिरहेका छौँ, अलिकति मिल्न बाँकी छ । एउटामात्रै प्रवेश मार्गका ठाउँमा अब विराटनगर र नेपालगञ्जलाई थप गर्न खोज्दैछौँ । अब कुनै पनि जहाज नेपाल आउँदा वीरगञ्जबाट मात्र पस्नुपर्ने हुँदैन । केही समयपछि अरू बिन्दुबाट पनि पस्न पाउँछ । हाम्रो अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति हुँदैछ । यसैगरी सञ्चार क्षेत्रको अप्टिकल फाइवर ओछ्याउने कामलगायत दूरसञ्चारका टावरहरू विस्तार गर्ने काम, फोरजी र आधुनिक टेक्नोलोजीमा लाने काम, इ-गभर्नेन्सतर्फ जाने काम अब कुनै कथा रहेनन् । यी हाम्रा वास्तविकता हुन् ।

हामी अब मन्त्रिपरिषद्को बैठक कागजका चाङ अगाडि राख्वेर होइन, ल्यापटप अगाडि राख्वेर गर्छौँ । त्यो काम शुरु भइसकेको छ । जमाना अगाडि बढ्छ, हरेक ठाउँले पाइला अगाडि सार्छ । देश लोडसेडिङबाट आधारभूत रूपमा मुक्त भैसकेको छ । अर्को वर्षबाट नेपालमा यस्तो पनि दिन थियो, जहाँ लोडसेडिङ हुन्थ्यो भन्ने अवस्थामा हामी पुग्छौँ । यसमा कतै मन दुख्नुपर्ने कारण म देख्दिनँ । खुशी हुनुपर्ने हो । मेरो घरमा सोलार बालेर बत्ती बाल्छु भनेको होइन, देशैभरि लोडसेडिङ समाप्त पार्छु भनेको हो । अब हाम्रो उत्पादित विद्युत आवश्यक ठाउँमा पुऱ्याउन सकियोस् भनेर इन्टरनेशनल ट्रान्समिशन लाइनको काम गरिरहेका छौँ - पूर्व, पश्चिम, उत्तर, दक्षिण चारैतिर । ढल्केवर-मुजफरपुर ट्रान्समिशन लाइनको काम हामीले पहिले नै गरेका छौँ । अब बुटवल-गोरखपुर ट्रान्समिशन लाइनको काम अन्तिम बिन्दुमा पुग्दैछ । हामीलाई अप्ठ्यारो परेका केही ठाउँहरू मिलिनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) को तर्फबाट हुँदैछ । मुलुकमा विद्युत तथा वैकल्पिक ऊर्जा उत्पादनको काम अगाडि बढ्छ । हामीले सदुपयोगको सिद्धान्त भनेका छौँ । समयको सदुपयोग, भूमिको सदुपयोग, जलको सदुपयोग, हावाको सदुपयोग, घामको सदुपयोग, हामीसँग भएका साधनश्रोतको सदुपयोग, सम्पत्तिको सदुपयोग, पूँजीको सदुपयोग, सीपको सदुपयोग र ज्ञानको सदुपयोग । हामी सबै कुराको सदुपयोग गरेर नै समृद्ध बन्नसक्छौँ । हामी

साधनश्रोतको दुरुपयोग हुन नदिने, भ्रष्टाचार हुन नदिने, कसैलाई बेठीक बाटो समाउन नदिने काम गर्दैछौँ ।

हाम्रो समाज विविधतायुक्त छ । भौगोलिक हिसाबले कतिपय ठाउँ दुर्गम छन्, कतिपय ठाउँमा पछौटेपन छ र कतिपय ठाउँको बस्ती असुरक्षित छ । मुलुकमा अनेक प्रकारका जटिलता र समस्याहरू छन् तर तिनलाई हामी समाधान गरेर जान्छौँ । तराई-मधेशमा ससाना सवाल उचित ढंगले समाधान नहुँदा र सरकारले राजनीति गर्ने विषय बनाउँदा समस्या ज्यूँका त्यूँ रहने, उल्टै तिनलाई कोट्याउने, निकालिरहने र जतिबेला चाहिन्छ कोट्यायो, देखायो, फेरि राख्यो जस्ताको तस्तै जस्तो भएको छ । जोसुकै नेपाली नागरिकका सन्तानले वंशजका आधारमा नागरिकता प्राप्त गर्दछ । नेपाली नागरिकता वंशज, अंगीकृत वा जन्मसिद्धका आधारमा दिइन्छ । यसलाई समाधान नगरी सानोतिनो अल्झन राखेर बडो संवेदनशील विषय बनाइएको छ । यसको समाधान हुन्छ । यो जीवितै राखिरहनु पर्ने विषय नै होइन । कहिलेकाहीँ 'सेन्टिमेन्ट'का विषयहरू बनेका छन् । संविधान संशोधनको विषयमा हामीले भनेका छौँ - संविधान संशोधन हुनसक्छ । विश्वमा कहीँ पनि संविधान असंशोधनीय दस्तावेज रहेको छैन । पन्ध्र सालको संविधानमा पनि दुईओटा धारा त्यस्ता थिए । एउटा धारा यस्तो थियो जहाँ निरंकुशता र तानाशाहीलाई सुदृढ गर्नका लागि राखिएको थियो । अरू धारा संशोधन तथा खारेज हुनसक्ने थिए, तर त्यो सक्दैनथ्यो । संविधान भनेको आवश्यकताअनुसार, समयले माग गरेअनुसार, देश र जनताले माग गरेअनुसार अथवा त्यतिबेलाको शक्तिले निर्धारण गरेअनुसार संविधान निर्माण एवम् संशोधन हुनसक्छ । तर संशोधन हुनैसक्दैन भनेर पनि धेरै चर्चा चलेको सुनियो । यसमा कुनै भ्रम नरहोस् । म फेरि आज पनि भन्न चाहन्छु - संविधान संशोधन गर्न सकिने गतिशील दस्तावेज हो । आवश्यकताअनुसार औचित्यका आधारमा संविधान संशोधन हुनसक्छ । देशलाई अगाडि बढाउन, जनतालाई अधिकार सम्पन्न बनाउन, जनताको आवश्यकतालाई परिपूर्ति गर्न, विकासको कामलाई अगाडि बढाउन, समृद्धि हासिल गर्न संविधान संशोधन गर्न सकिन्छ । त्यो आवश्यकता र औचित्यका आधारमा गर्न

सकिने कुरा हो । अब यस्तो विषयलाई छलफलमा बसेर टुंग्याउन छोडेर अरू हिसाबले चर्चाको विषय बनाउनुको केही अर्थ छैन ।

हामीले समस्या देखाउने मात्र होइन, समस्या देखियो भने समाधान पनि गर्ने हो । समस्या निकाल्ने होइन, भएका समस्याको समाधान गर्ने हो । अहिलेको सरकार भएका समस्याहरूको समाधान गर्न तयार छ । म साथीहरूलाई त्यसमा विश्वास दिलाउन चाहन्छु । देश विविधतायुक्त छ । यस नीति-कार्यक्रमले स्पष्ट रूपमा भनेको छ, त्यसमा कुनै दुविधा हुनुपर्ने आवश्यकता छैन । समानअधिकार, समानअवसर, उत्तिकै सुरक्षा र सबैलाई बराबरी सम्मान । त्यसका निम्ति कहाँकहाँ पुगेन, नपुगेका ठाउँमा केके गर्दा हुन्छ ? ती बाटाहरू अपनाउन सरकार तयार छ । लोकतन्त्रले असमानता मान्दैन । अहिलेको लोकतान्त्रिक सरकार जनताले पत्याएको, जनताप्रति प्रतिबद्ध सरकारको हो । यसले असमानता, अन्याय र भेदभाव मान्दैन, स्वीकार्दैन । सामाजिक न्याय र समानता यसको आधारभूत मूल्य-मान्यता र उद्देश्यभित्र पर्छ । सामाजिक न्याय र समानताका निम्ति पछाडि परेको क्षेत्र र समुदाय वर्गलाई अगाडि ल्याउन विशेष नीति- योजना र कार्यक्रमका साथ अगाडि बढ्नुपर्छ । त्यस कुरामा यो सरकार स्पष्ट छ । हामीले संविधान तथा कानूनमा पनि ती कुराहरूको व्यवस्था गरेका छौँ । संविधान अनुसार जुन आवश्यक कानूनहरू बनिसकेका छैनन्, ती कानूनहरू हामी निर्माण गर्छौँ । ती कतिपय कानून बनिसकेका छन् ,कतिपय कानून निर्माणको क्रममा छन् । अब धमाधम संसदले कानून निर्माणका कामहरूलाई अगाडि बढाउँछ । विविधतायुक्त हाम्रो सामाजिक बनोट तथा हाम्रो ऐतिहासिक पृष्ठभूमि हाम्रो गहना हो, सुन्दरता हो र समृद्धि हो । यसलाई हामीले वैमनष्यता र द्वन्द्वको विषय होइन, समृद्धि र सांस्कृतिक सम्पन्नता एवम् विविधताको विषय बनाउनुपर्छ । मुलुकमा हामी पारस्परिक सहिष्णुता, सहअस्तित्व, सम्मान र सहयोगको भावनासाथ अगाडि बढ्नुपर्छ । सरकार यस नीतिमा स्पष्ट छ र नीति-कार्यक्रमले सामाजिक सद्भावमा आधारित राष्ट्रिय एकताको विषय अघि सारेको छ ।

एउटै देश नेपाल, एउटै सरकार नेपाल सरकार । यसो भन्दा पनि चित्त दुख्यो भने त त्यसको विशेष मल्हम कहाँ पाउँछ मलाई थाहा छैन । नेपाल एउटा देश हो, नेपाल एउटा सरकार हो र त्यो सरकार सार्वभौम नेपाली जनताको सरकार हो । हामीले केन्द्रका साथै प्रादेशिक एवम् स्थानीय तहमा ७ सय ६१ ओटा सरकार बनाएका छौँ । ती नेपाल सरकारकै विभिन्न अंगहरू हुन् । छुट्टै, स्वतन्त्र, सार्वभौम होइनन् । यो व्यवस्था माननीय सदस्यहरूले बुझ्नुपर्छ भन्ने मलाई लाग्छ ।

हामी नेपाली हौँ, नेपाल हाम्रो हो । हामीले हाम्रो राष्ट्रको कुरा गर्दा, राष्ट्रको सार्वभौमसत्ताको कुरा गर्दा, हाम्रो स्वाधीनताको कुरा गर्दा हामी हाम्रा आन्तरिक तथा बाह्य मामिला र सम्बन्धहरूमा निर्णय गर्न स्वतन्त्र छौँ । अरू कसैबाट निर्देशित र नियन्त्रित हुँदैनौँ । स्वतन्त्र ढंगले निणर्य गछौँ भन्दा अरूलाई चित्त नदुख्ने तर हामीलाई नै चित्त दुख्ने काम भयो भने त त्यो अचम्मको कुरा भयो । त्यो भाव त आफैँ स्वतन्त्र हुन नखोजेको जस्तो, स्वतन्त्रता नचाहेको जस्तो भयो । हरेक राष्ट्रले राष्ट्रिय हितहरूलाई हेर्नुपर्छ । हामी पनि राष्ट्रिय हितहरूलाई हेर्छौँ । राष्ट्रिय हितहरू हेर्दा अन्तर्राष्ट्रिय उत्तरदायित्व पनि हेर्नुपर्छ भनी हामीले भन्दै आएका छौँ ।

हामी अब एकताबद्ध भएर समृद्धिको बाटोमा लाग्छौँ । एकताको भावना भएन भने, सामाजिक सद्भाव बनेन भने, हामी एउटा राष्ट्र हौँ, राष्ट्रका नागरिक हौँ भन्ने भावना रहेन भने एकअर्कामा, एउटा ठाउँ र अर्का ठाउँका बीचमा, एउटा जाति र अर्का जातिका बीचमा, एउटा भाषा र अर्को भाषाको बीचमा सहिष्णुता र पारस्परिक सहयोगी भावना कसरी हुन्छ ? त्यसकारण त्यो राष्ट्रिय भावना, त्यो एकताको भावना हामीमा आवश्यक छ । त्यही कुरा नीति-कार्यक्रमले बोकेको छ ।

म स्मरण गराउन चाहन्छु - पहिलोपटक म प्रधानमन्त्री भएको बेला प्रधानमन्त्रीको जिम्मेवारीमा आउँदा देशमा नाकाबन्दी थियो, हाहाकार थियो । गाडी चल्दैनथे, चुला बल्दैनथे, अस्पतालमा औषधि पाइँदैनथ्यो, डाक्टर अस्पताल जान सक्दैनथे, विरामी अस्पताल पुऱ्याउन

सकिँदैनथ्यो, बालबालिका स्कूल जाँदैनथे, विद्यार्थी स्कूल कलेज जाँदैनथे, प्राध्यापक पुग्न सक्दैनथे । ढुवानीका सामानहरू चल्दैनथे, तातोपानी तताएर खाने अवस्था थिएन । त्यस अवस्थाबाट आज गौरवपूर्ण ढंगले, समानताका आधारमा, स्वाभिमानका साथ छिमेकसम्बन्धमा असाधारण सुधार आएको छ । कति मान्छेलाई आश्चर्य लागेको छ । विराटनगरबाट भारतीय फिल्ड अफिसको अड्डा हटाइएको छ । डुवान भएका क्षेत्रमा हेर्न र के गर्न सकिन्छ भनी सिफारिश गर्न तत्काल नेपाल र भारत दुबैले संयुक्त टोली पठाउँदैछौँ । अब सिमानामा बाटो वा अन्य केहीको नाममा बाँध बाधेर डुवान गर्न भारतले पाउँदैन, गर्दैन । जो पहिले भएको छ, त्यसलाई समाधान गर्नका लागि संयुक्त टोली तत्काल पठाउँदैछौँ । पहिलेदेखि बाँकी रहेका कामहरू अब धमाधम हुन थालेका छन् । भर्खर कलकत्तामा इपीजीको बैठक सम्पन्न भएको छ । पछिल्लो बैठकमा कुराहरू सकारात्मक ढंगले अगाडि बढेका छन् । सन् १९५० को सन्धि, जसको उच्चारण गर्नु अपराध हो जस्तो मानिन्थ्यो, त्यसलाई कसरी समाधान गर्ने, कसरी अद्यावधिक गर्ने भन्ने सम्बन्धमा अब निष्कर्षको अन्तिमतिर पुग्न लागेको छ । कुनकुन क्षेत्रमा के कस्ता सहयोगहरू आदान-प्रदान गर्न सक्छौँ भनी गृहकार्य भइरहेका छन् । एउटा छिमेकी र अर्को छिमेकीका बीचमा हामी कुनै कार्ड खेलेर अगाडि जान चाहँदैनौँ । सबैसँग सन्तुलित, मित्रतापूर्ण र पारस्परिक सम्बन्ध राख्छौँ । हामी आफ्नो आवश्यकता र प्राथामिकताका आधारमा योजनाहरू छनोट गर्छौँ । बोकाइएका र लादिएकाहरू योजनाहरू स्वीकार्दैनौँ, आफ्ना आवश्यकताका निम्ति सहयोग, ऋण लिन्छौँ । राष्ट्रियताको प्रश्न सुन्ने बित्तिकै कसैले कान टक्कटक्याउने बाटो लिइरहनु जरुरी छैन ।

हामीले पर्यटनको विकास गर्नु छ । हामीसँग पर्यटनका प्राकृतिक, भौगोलिक, जैविक, वनस्पतीय, धार्मिकलगायत अनेक पाटा र सम्भावनाहरू छन् । पशुपतिनाथ, मुक्तिनाथ, लुम्बिनी, रामजानकी मन्दिर लगायत धेरै धार्मिक-सांस्कृतिक क्षेत्रहरू छन् । हामीले रामायण सर्किट, बुद्धिष्ट सर्किटजस्ता अनेक कुराहरू अगाडि बढाएका छौँ । त्यसकारण पर्यटनका सम्बन्धमा पूर्वाधार अनुसारको व्यवस्थापन, त्यस अनुसारको व्यवहार, त्यस

अनुसारको जनशक्तिको तयारी हामीले गर्नु जरुरी छ । त्यस कामलाई अगाडि बढाउने दिशामा सरकारको ध्यान गएको छ ।

लोकतन्त्रमा सरकार शासक होइन, सेवक हो । सरकारको काम विकासका कामहरूको योजना बनाउने, संयोजन गर्ने र आफ्नो प्रशासनिक संयन्त्रलाई समुचित ढंगले परिचालित गर्ने हो । जनताका पीरमर्का तथा असुविधा हटाउनको लागि ध्यान दिने, जनताका कठिनाइहरू हटाउने काम सरकारको हो । अहिलेको सरकारले त्यही बाटो लिएको छ । सरकार जनताका अधिकारको रक्षा, अवसरको प्रत्याभूति, सुरक्षाको प्रत्याभूति र सम्मानको प्रत्याभूतिको लागि हो । त्यसकारण सरकार देशको रक्षक हो, जनताको सेवक हो र जनताका अधिकारको रक्षक हो । अहिलेको सरकारले त्यस भावनाका साथ काम गर्छ ।

हामी अवैध सुन व्यापारलाई नियन्त्रण गर्दैछौँ । सुन्दा अचम्म लाग्ला, केही समयभित्र एउटा रुटबाट मात्रै आएको सुनको चाङ ! बालुवाको कुरा गरेको होइन, सुनको । अहिले त्यसलाई रोकिएको छ, खोजी हुँदैछ । अपराधीहरूलाई गिरफ्तार गरिएको छ । यो सुन काण्डको छानबिनमात्रै होइन भ्रष्टाचार, तस्करी, कालाबजारी यी कुराहरूमाथिको छानबिन हो । एउटा रुटको मात्रै होइन, अरू रूटको पनि छानवीन हुन्छ । एउटा चीजको मात्रै होइन अरू चीजको पनि छानबिन हुन्छ । भ्रष्टाचार नियन्त्रण गरिन्छ, भ्रष्टाचार उन्मूलन गरिन्छ । वैदेशिक रोजगारीका नाममा जनताले दुःख पाएका छन् । जनता घर बेचेर गइराखेका छन् र त्यस नाममा ठगी भइरहेको छ । त्यसमा छानबिन गरिँदैछ । अब ठगहरूलाई नियन्त्रण गरिन्छ । कर छल्ने, कर नतिर्ने, विभिन्न प्रकारका अनुचित हथकण्डा अपनाएर अनुचित प्रभावबाट, अनुचित काम गराउने परिपाटीलाई अन्त्य गरिन्छ । यस सरकारको त्यो प्रतिबद्धता हो । हामी कर्मचारी प्रशासन वा अरू कुनै पनि सरकारी संयन्त्रलाई ठीक ढंगले परिचालन गर्छौँ । हामीले देश र जनताप्रति निष्ठावान् रहने शपथ लिएका छौँ । जनताको करबाट पारिश्रमिक र सुविधा लिएका छौँ । त्यसकारण जनताका हरेक काममा निष्ठापूर्वक समर्पित भएर लाग्नुपर्छ, कर्तव्यपरायण भएर लाग्नुपर्छ

भन्ने भावना जगाउने र त्यसअनुसारको काम गराउने दिशामा लागेका छौँ । अहिलेको नीति-कार्यक्रमले प्रशासनलाई चुस्तदुरुस्त बनाउने ध्येय लिएको छ ।

आर्थिक नीतिको सवालमा हामीले प्रतिव्यक्ति आय वा कूल गार्हस्थ उत्पादन बढाएरमात्रै हुँदैन । सामाजिक असमानतालाई पनि कम गर्दै लैजानुपर्छ । समाजको तल्लो वर्गले पनि खान लाउन पाउनु पर्छ । हामीले असमानताको स्तर के छ, धनी र गरीबको अवस्था के छ, कोही खान नपाउने छ कि छैन भनी हेर्नैपर्ने हुन्छ । कुनै प्रतिशतमा जनता खान नपाउने अवस्थामा छ भने बढ्दो गार्हस्थ उत्पादनको केही पनि अर्थ छैन । खान पाउने त पाएकै छ, धनी त धनी नै छ । सरदर प्रतिव्यक्ति आयको सम्बन्धमा केही मान्छेले कमाएको अकुत असाधारण सम्पत्तिको हिसाब-किताव दामासाही बाँढ्न पर्ने होइन, हिसाबमात्र बाँढिने हो । भोको त भोकै छ, त्यसलाई दिनपर्ने होइन । त्यस हिसाबले सामाजिक जीवनमाथि उठ्यो भन्ने कुरा हुँदैन । त्यसकारण तल्लोभन्दा तल्लो वर्ग, गरीबभन्दा गरीब जनताले आधारभूत आवश्यकताको परिपूर्ति कमसेकम निकट भविष्यमा पाएको हुनुपर्छ ।

हामीले अधिकार प्राप्तिको राजनीतिक संघर्षको चरणलाई एउटा टुंगो लगाएका छौँ र समृद्धि तथा विकासको बाटोमा अगाडि बढेका छौँ । हामी हाम्रा सम्पूर्ण साधनश्रोत र सामर्थ्यलाई एकताबद्ध भएर विकासको बाटोमा लगाउँछौँ । हाम्रो आफ्नोमात्र साधनश्रोत, प्रविधि वा प्रयास पर्याप्त नहुनसक्छ । विकासका लागि हामीलाई सहयोग गर्छौँ भन्ने मित्रहरू, छिमेकीहरू र सहयोगीहरू छन् । हामीहरू सबैसँग मिलेर काम गर्न तयार छौँ । दुनियामा लगानी गरी लाभ लिन खोज्ने लगानीकर्ताहरू छन् । उनीहरूसँग मिलेर हामी आन्तरिक पूँजी परिचालनका साथै बाह्य लगानी आकर्षित गर्नका लागि आवश्यक नीति तर्जुमा गर्छौँ । अहिले पनि वैदेशिक लगानी आउन सकेको छैन । यति ठूलाठूला बजार हाम्रा दुईतिर छन् । नेपालको आफ्नो बजार पनि लगभग तीन करोड जनसंख्याको बजार हो र यो सानो बजार होइन । अझ अर्बभन्दा माथिका, सवा

अर्बभन्दा माथिका, झण्डै डेढ अर्ब जनसंख्या भएका बजार हाम्रा छिमेकमा छन् । यस्तो अवस्थामा हामी किन वैदेशिक लगानी आकर्षित गर्न सकिरहेका छैनौँ ? यसलाई हामी सहजीकरण गर्ने प्रबन्ध गर्छौँ । विकासका सन्दर्भमा हामी वैदेशिक साझेदार र निजी क्षेत्रसँग मिलेर काम गर्न तयार छौँ । हामी देशभित्रको सार्वजनिक, निजी, सहकारी र सामुदायिक सबै क्षेत्रहरूसित सहकार्य गरी आर्थिक क्रियाकलाप सञ्चालन गर्ने पक्षमा छौँ ।

हाम्रा कतिपय कोषहरू निष्क्रिय बसेका छन् । पैसा यस्तो चीज हो जसलाई निष्क्रिय राख्नु खियाउनु हो । उपयोग नगर्दा त्यसको मूल्य घट्दै जान्छ । त्यसलाई परिचालन गर्नुपर्दछ । हामीसँग भएका कोष तथा हामीसँग भएको पूँजीको परिचालन गरी नपुग बाह्यश्रोत परिचालन गरेर नै विकासलाई अगाडि बढाउन सकिन्छ । त्यस्तै, ससाना पूँजी संकलन गरेर ठूलो पूँजी निर्माण गर्ने सहकारी वा सामुदायिक कार्यसँग हातेमालो गर्न सकिन्छ । हामी यस्ता कुराहरूलाई पनि उपयोग गर्दै अगाडि जान्छौँ ।

हामीले एउटा नयाँ प्रणालीको नयाँ अभ्यास शुरु गरेका छौँ । अहिले तीन तहका सरकार, दुई सदनात्मक संसद, प्रदेश सरकार, स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका) का सरकारहरू बनाएका छौँ । यस्तो बेलामा यो नयाँ अभ्यासमा स्वाभाविक रूपमा के कसरी यसको व्यवस्थापन गर्ने भन्ने सवालहरू आउँछन् । कतिपय विषयमा विवादहरू हुन्छन् तर तिनको समाधान गरिन्छ । हामीसँग कुनै दृष्टान्त छैन, हामीसँग पूर्वअभ्यास छैन । नयाँ अभ्यास गर्दैछौँ । त्यसकारण हामी स्थानीय तहका निकायहरूलाई, जनप्रतिनिधि संस्थाहरूलाई, सरकारलाई सबल बनाउन तथा प्रभावकारी बनाउन चाहन्छौँ । त्यसै गरेर प्रदेश सरकारलाई पनि सफल र प्रभावकारी बनाउन चाहन्छौँ जसबाट हामीले स्थापना वा रचना गरेको यो राजनीतिक, प्रशासनिक र शासकीय संरचनागत पक्षहरू सही सावित हुन सकुन्, तिनले जनतालाई राम्रो प्रतिफल दिन सकुन् । यसमा असफल हुँदा

फेरि विकासका प्रश्नहरूमा कतिपय समस्याहरू आउँछन् । अधिकार बाँटफाँटका प्रश्न, कामको बाँटफाँटका प्रश्न आदिमा केही समस्या होलान् । ती समस्या समाधान गर्दै जान्छौँ । कानून कसरी बनाउने, कहाँ बनाउने, कुन दायराभित्र बनाउने, नमूना कानून बनाएर पठाएकोलाई कुन रूपमा लिने अथवा आफू त्यसभन्दा कति बाहिर जाने वा नजाने भन्ने सवालमा कतिपय अभ्यास नयाँ छन् । यसमा पहिलेदेखिको थिति बसेको अवस्था छैन । अरूबाट पनि हामी जस्ताको तस्तै सिक्न सक्दैनौँ । कहिलेकाहीँ, कताकता तानातानजस्तो पनि देखिन्छ । तर यो तानातान वा छिनाझपटीको विषय होइन । सम्पूर्ण रूपमा जो जहाँ छौँ, त्यहाँबाट र जसको जहाँ जिम्मेवारी छ त्यहाँबाट राष्ट्रलाई विकासको बाटोमा, समृद्धिको बाटोमा लाने अवसर हो यो । मुलुकलाई सुशासनमा लाने अवसर हो । त्यस मामिलामा संघीय सरकार स्पष्ट छ ।

सरकारले सबैका लागि, जीवन उपयोगी अनिवार्य शिक्षा लागू गर्ने गरी सोचाइ अगाडि सारेको छ । जबसम्म नेपाली नागरिक सक्षम, योग्य, दक्ष हुँदैन र आफ्ना निम्ति जीवन सहज, सरल बनाउन सक्षम हुँदैन भने अरूका लागि के गर्ला ? जसले शिक्षा आर्जन गर्दछ उसले आफ्नो जीवनलाई सहज, सरल बनाउन सकोस् र समाजका लागि उपयोगी हुने मानवोचित गुण तथा असल चरित्रसहित सम्मानित जीवन बाँच्न सकोस् । केही पनि नजान्ने, साक्षरमात्र हुने, सर्टिफिकेटमात्र बटुल्ने गर्दा त्यस्ता प्रमाणपत्रको अर्थ हुँदैन । आजको प्रतिस्पर्धी जमानामा अरूसित प्रतिस्पर्धा गर्नसक्ने दक्ष, योग्य, सक्षम प्रतिस्पर्धी नागरिक उत्पादन हुनुपर्‍यो । यसको निम्ति हामीले प्राविधिकतर्फको शिक्षालाई ७० प्रतिशतसम्म पुर्‍याउने लक्ष्य लिएका छौँ । भ्रम नरहोस्, यो यसै वर्ष पूरा हुने लक्ष्य होइन । शिक्षा जीवन उपयोगी व्यवसायसँग, विकाससँग, प्रविधिसँग, समाजसँग, आफूसँग र परिवारसँग जोडिएको हुनु पर्‍यो । हामीले प्रमाणपत्र नै पीडाको विषय हुने शिक्षा चाहेका होइनौँ । स्वास्थ्यलाई जनताको अधिकारसित गाँसेर हेरेका छौँ । यस सम्बन्धमा नीति-कार्यक्रमले स्पष्ट नीति अगाडि सारेको छ । स्वास्थ्य क्षेत्रलाई कसरी अगाडि बढाउने भन्ने विषयमा पनि सरकारले योजना अगाडि

बढाएको छ । पहिले आरोग्यता, त्यसपछि उपचार । आरोग्य वा निरोगी मान्छे कसरी बनाउनेदेखि लिएर उपचारको प्रबन्धसम्मको कार्यक्रम राख्वेका छौँ । आजको विज्ञान-प्रविधिले दिएको उच्च गुणस्तरको स्वास्थ्य विधि, प्रविधि र हाम्रा विगतदेखिका स्वास्थ्य विज्ञानलाई सँगसँगै लैजान खोजिएको छ । हिजोको आयुर्वेदिक ज्ञान पत्ता लगाउने हामी हौँ, धर्तीको यो भूभाग हो । यहाँ उच्चस्तरीय चिकित्साशास्त्र, चिकित्सा विज्ञान, चिकित्सा विधिको विकास हुनुपर्छ । एलोपेथी मात्रै होइन आयुर्वेदिक, होमियोपेथी, युनानी र अरू विधिहरू कायम छन् । ती सबैको ज्ञान र पद्धतिको विकास गर्दै आफ्ना आवश्यकताहरू परिपूर्ति गर्ने दिशामा हामी अगाडि बढ्छौँ । सामाजिक कुरीतिहरू, पछौटेपन हटाउनुका साथै महिला हिंसा विरुद्ध यो सरकार अत्यन्तै आक्रामक ढंगले आउने छ । अहिलेको २१ औँ शताब्दीमा, लोकतन्त्र आइसकेपछि महिलाहरूले फेरि पनि घर, कार्यालय वा अन्यत्र कहीँ पनि अन्याय सहिरहनु पर्ने, अपमान सहिरहनु पर्ने हुनसक्दैन । सरकार महिला हिंसाका विरुद्ध किमार्थ उदार हुनसक्दैन । हामीले विगतमा अनेक प्रकारका घटनाहरूका मिलापत्र, मेलमिलाप, दबाबजस्ता कुरा सुन्यौँ । अब त्यस्तो हुन सक्दैन । हामी अपराधीलाई दण्ड दिने व्यवस्था गरी त्यस्तो कर्मलाई हतोत्साहित गर्ने छौँ । केही माननीय सांसदले नीति-कार्यक्रममा दण्डको कुरा उल्लेख गर्न राम्रो हुन्न भन्नुभएको छ । लागू औषधको कारोबार गर्ने, लागू औषधमा दुनियाँका छोराछोरीलाई फसाउने र जिन्दगी बर्बाद गर्नेहरूलाई के गर्ने त ? अरूमाथि अत्याचार गर्नेमाथि के गर्ने ? सरकारी स्वामित्वमा रहेको सरकारी जमीन अनुचित तरिकाबाट आफ्नो बनाएर पास गराउनेहरूलाई के गर्ने ? सरकारको ढुकुटी तालमेल मिलाएर आफ्नो बनाउनेहरूलाई के गर्ने ? त्यसकारण पुरस्कारमात्रै हुँदैन, दण्ड पनि हुन्छ । राम्रो काम गर्नेलाई पुरस्कार, नगर्नेलाई दण्ड ।

बालबालिका शान्तिक्षेत्र हुन् । शिक्षा उनीहरूको अधिकार हो । शिक्षामात्र होइन बाल स्वतन्त्रता उनीहरूको अधिकार हो । आजभन्दा १ सय ७० वर्ष अगाडि कार्ल मार्क्सले कम्युनिष्ट पार्टीको घोषणापत्रमार्फत पहिलो पटक महिलाहरूले समानताको अधिकार

पाउनुपर्छ, महिलाहरूमाथि हिंसा हुनुहुँदैन भनेका थिए । त्यस्तै, बालबालिकालाई श्रममा लगाउन पाइँदैन भनेका थिए । तर पूँजीवादले यस्तो अनुचित काम गराइरहेको छ । बालबालिकालाई दुःख दिन पाइँदैन भन्ने विषयमा केही वर्ष अगाडि एउटा अदालतले एउटा मुद्दा फैसला गर्दै भनेको थियो - केटाकेटीलाई हल्ला गर्ने अधिकार छ । खासमा केटाकेटी वा बालबालिकालाई हल्ला गर्ने अधिकार हुन्छ । उसलाई स्वतन्त्र ढंगले उठ्न, बस्न, हिँड्न र चकचक गरी हुर्कने अनि सिक्ने अधिकार हुन्छ । उसलाई दण्डित गर्न पाइँदैन । दण्ड अमानवीय कुरा हो, त्यो बालअधिकारको हनन हो, बालवालिकाको विरुद्धको कुरा हो । यस्ता कुराहरूप्रति सरकार सजग छ । सरकारले शारीरिक रूपमा अशक्त नागरिकहरूको सम्बन्धमा पनि हेरविचार गर्छ । कला, संस्कृति, साहित्यका क्षेत्रहरू, संगीतका क्षेत्र, सामाजिक जीवनका सम्पूर्ण क्षेत्रहरू सरकारको ध्यान पुग्नुपर्ने क्षेत्र हुन्, चासोका विषय हुन् र तिनीहरूलाई पनि अगाडि बढाइन्छ । खेलकुदको क्षेत्र, युवाहरूको विकासको क्षेत्र र रोजागारीका क्षेत्रहरूलाई व्यवस्थित पार्दै लगिन्छ । ती सरकारले ध्यान दिन पर्ने विषय हुन् । यस नीति-कार्यक्रममा त्यतातिर पनि ध्यान दिइएको छ ।

यो सरकार खेल मैदानको एउटा खेलाडीमात्र होइन, गेम चेञ्जर पनि हो । हामी हिजो हिँडिरहेको बाटोमा शुरुशुरु हिँड्ने होइन । हामी अलिकति त्यो बाटो हिँड्ने तर बढीचाहिँ नयाँ दिशामा बढ्नेहरू हौँ, परिस्थितिलाई नयाँ दिशामा मोड्नेहरू हौँ । हामी समाजलाई न्यायोचित, समृद्ध समाज अर्थात् समाजवादतर्फ लैजान्छौँ । सरकारले सबै भूभागका, सबै जातिका, सबै भाषाका, सबै संस्कृतिका, सबै पेशा-व्यवसायका, सबै समुदायका, सबै तहका जनताको हितका निम्ति, अधिकारका निम्ति काम गर्ने छ । केही माननीय सांसदले सम्बोधनको विषयलाई 'के पाऊँ कनिका बुकाऊँ' भन्ने उखान झैँ धुमधामसँग सम्बोधनको विषय उठाउनुभयो । केहीले अलिकति अमर्यादित ढंगले राष्ट्रपतिज्यूको सम्बन्धमा टिप्पणी गरेको पनि पाइयो । एक ठाउँको सम्मानको चर्चाको कुरा चर्चा गरिरहँदा अपमानजनक व्यवहारहरू, टिप्पणीहरू कति उचित हुन्, कति सभ्य हुन् ? त्यस्ता टिप्पणी गर्दा हामीले विचार पुऱ्याउनुपर्छ भन्ने लाग्छ ।

सरकारले यो नीति-कार्यक्रम राजनीतिक रस्साकस्सी, 'टक अफ वार'का लागि ल्याएको होइन, देश विकासका लागि प्रस्तुत गरेको हो । यो प्रतिपक्षसँग वादविवाद, तर्क-विर्तकका लागि पनि ल्याएको होइन, देश विकासका लागि, सुशासनका लागि ल्याएको हो । अहिलेको सरकारलाई राम्ररी बुझ्न अलिकति समय लाग्छ कि जस्तो पनि लाग्दैछ मलाई । केही छैन, पर्खिन सकिन्छ । अब यो धर्म निभाइरहने काम पनि कति गरिरहने ? संशोधन राख्नैपर्ने, केही भेटिएन भने पनि बिप्ल्याँटो कुरा गर्नै पर्ने । त्यसकारण म प्रतिपक्षका साथीहरूलाई आग्रह गर्न चाहन्छु हाम्रो संसदमा राम्रोलाई राम्रो भन्ने, नराम्रोलाई नराम्रो भन्ने अभ्यास गरौँ । यस नीति-कार्यक्रममाथि जुन संशोधन राख्नुभएको छ, म विनम्र आग्रह गर्छु - संशोधन राख्न पर्ने आवश्यकता छैन । संशोधन फिर्ता लिइदिनोस् । सरकार प्रतिपक्षसँग मिलेर, एकताबद्ध भएर अघि बढ्न र देशलाई अगाडि बढाउन चाहन्छ । त्यसकारण म सबै माननीय सदस्यहरूलाई अनुरोध गर्न चाहन्छु - यस नीति-कार्यक्रममा सम्बोधनमार्फत जे अभिव्यक्त भएको छ त्यो सही छ, अग्रगामी छ, यसले दूरदृष्टि राखेको छ, समग्रतालाई समेटेको छ, देशभक्तिपूर्ण छ, लोकतान्त्रिक छ र समग्रमा देश र जनताको हितप्रति प्रतिबद्ध छ । नीति तथा कार्यक्रम समन्यायिक र समदृष्टियुक्त छ । यसमा नेपाली जनताका विकासका चाहनाहरू प्रकट भएका छन् । माननीय सांसादहरूले यसको प्रभावकारी कार्यान्वयन होस् भन्ने जुन चिन्ता लिनुभएको छ र सुझाव दिनुभएको छ, त्यो धेरै सकारात्मक कुरा हो । मैले यसलाई सकारात्मक रूपमा लिएको छु । खास गरेर प्रतिपक्षका माननीय सांसदहरूले जुन टिप्पणी गर्नु भएको छ, यसको कार्यान्वयनमा सजगता अपनाउन सरकारलाई सचेत गराउनुभएको छ, त्यसका निम्ति म धन्यवाद भन्न चाहन्छु ।

●

जेठ १३, २०७५

सन्दर्भ : प्रतिनिधिसभा बैठकमा सम्बोधन

हाम्रो आवश्यकता –
आधारभूत कुरामा आत्मनिर्भरता

हामी कसरी जान्छौँ भन्ने कुराको हकमा पहिलो प्रधानमन्त्रीको हिसावले योजना आयोगको जिम्मेवार म नै हो । यो मेरो कमजोरी हो कि मैले आफ्नै क्याविनेटका साथीहरूलाई, सचिवहरूलाई तपाईँहरू आफना काम यसरी गर्नोस्, यस ढंगले सोच्नोस्, यस ढंगले योजना ल्याउनोस् भनेर राम्ररी निर्देशित गर्ने काम हुन सकेन । जहाँबाट कार्ययोजनाको उठान हुनुपर्ने हो, त्यहीँबाट नै हुन सकेन । सम्बन्धित मन्त्रालयबाट उठान हुनुपर्‍यो नि, तर भएन । कृषिमा यो गर्नुपर्‍यो, भूमिसुधारमा

यो गर्नुपर्‍यो, वनमा यो गर्नुपर्‍यो भनेर ती मन्त्रालयहरूबाट उठान हुनुपर्‍यो । तर मन्त्रालयहरूबाट त्यो उठान भएन । मन्त्रालयबाट उठान नभएपछि त्यो छलफलको विषय नै बनेन । त्यो समस्या के हो भन्ने कुरा नै आएन । प्रोफाइल नै आएन । प्रोफाइल नै नआएपछि समस्या के भन्ने पनि भएन ।

हामीले हाम्रो विकाससम्बन्धी सोच, दृष्टि र तरिकालाई नै परिवर्तन गर्न लागिरहेका छौँ । यसै गतिमा, चल्ते-चलाते ढंगले नै चलाउने हो भने फेरि पनि हामी पछि पर्छौँ । एक हजार किलोमिटर पार गर्न कति समय लाग्छ भन्यो भने केमा भन्ने प्रश्न आउँछ । हिँडेर महिनौँ लाग्छ, साइकलमा अलि थोरै लाग्ला, थकाई मार्दैमार्दै जानुपर्‍यो । मोटरबाइकमा एकै दिनमा पुगिन्छ होला । दुईवटा चालक भए पालैपालो गरे बढीमा दुई दिन लाग्ला । गाडीमा एक दिनमा पुगिन्छ होला । यदि जेटबाट जाने हो भने एक घण्टामा पुगिन्छ । अहिलेकै हिँडाइ भनेको साइकलमा हिँडेजस्तो छ । गति छ तर सीमित । तर हामीसित समय कम छ । हामी एक्काइसौँ शताब्दीमा छौँ । हामी ढिलो गतिलाई स्वीकार्न सक्दैनौँ । त्यसकारण परम्परागत गति होइन, पुरानो खालको दबाबमा आधारित विकास होइन । त्यस सोचाइलाई हामीले बदल्न खोजेको हो । सम्बन्धित मन्त्रालयहरूबाट यसमा जे प्रस्तावहरू आएका छन् ती प्रस्तावहरू सामान्य छन् । मलाई लाग्छ ती प्रस्ताव पास गरिदिए हुन्छ । अहिले केही निस्किने वाला पनि छैन र त्यसको विकल्प पनि छैन । त्यसमा यदि पुनरावलोकन गर्नुपर्‍यो भने अर्को पटक गरौँला । अहिले प्रस्तावित समाधानहरू जुन छन् ती पास गरिदिए हुन्छ । फेरि अर्को चौमासिक पनि आउन आँटिसक्यो । असारपछि अन्तिम चौमासिक र बार्षिक प्रतिवेदन आउँछ । वर्ष पनि पूरा हुन्छ । आर्थिक वर्ष पनि र अन्तिम चौमासिक पनि ।

अब कसरी जाने भन्ने कुराको हकमा कुनै कृत्रिम खर्च गर्ने कुरा हुँदैन । असार लागेपछि अब बाटो बनाउन थाल्छन् है भन्ने चलन छ । त्यसलाई हामीले चिर्नुपर्छ । जे यथार्थ हो हामी त्यसमा जानु पर्छ । हामी आगामी दिनमा कसरी अगाडि बढ्छौँ, हाम्रो अगाडिको बाटो

कस्तो हुन्छ ? मैले अगाडि भनेँ - गैह्रसरकारी संस्था वा बाह्य सहयोग सरकारले प्राप्त गरोस् वा गैह्रसरकारी तवरमा आओस् । तर यो सम्झौता गर्दा परराष्ट्र मन्त्रालयलाई थाहा हुनुपर्छ । परराष्ट्र मन्त्रालयको सहमति लिनुपर्छ । अन्यथा कसले केके गर्छ पत्तो हुँदैन ।

कुनै पनि संवैधानिक निकाय स्वतन्त्र भएपनि नेपाल सरकारभन्दा पृथक हुन् भन्ने होइन । ती नेपाल सरकारका अंग हुन् । ती निकाय पनि नेपाली जनताको करबाट सञ्चालित छन्, सरकारबाट सुविधा लिएका छन् । उनीहरूले सरकारलाई थाहै नदिई छुट्टाछुट्टै सम्झौता गर्ने, थाहा नदिने हुनै सक्दैन । आवश्यक छ भने त्यस्तो कानूनी व्यवस्था गर्नुपर्ने हुनसक्छ । यसको अर्थ कतै नियन्त्रण गर्न खोजिएको हैन । नियन्त्रणको प्रश्न होइन तर पारदर्शी हुनुपर्‍यो । आफ्नो आवश्यकता छ भन्दैमा जस्तो पायो त्यस्तो गर्न सकिँदैन । हामीले भनेका छौँ - सहयोग गर्नेले हाम्रा प्राथमिकताका क्षेत्रमा गर्नुपर्छ । हामी सहयोग लिन चाहन्छौँ उत्पादकत्व वृद्धि तथा रोजगारीका अवसरहरू सिर्जना गर्नका लागि । केही मान्छेले रोजगारी पाएका छन् तर त्यसको उपयोग समाज भाँड्नका लागि गरेका छन् । त्यो रोजगारी होइन, त्यो भँडुवागिरी हो । त्यसलाई 'रेगुलेट' गर्नुपर्छ, हामी गर्छौं. । त्यस्तै हाम्रा कुनै पनि संवैधानिक निकायले वा अंगले नेपाली जनताको अहिलेको आकांक्षाको प्रतिकूल असर पर्ने गरी कुनै प्रकारका व्यवधान पुग्ने काम वा विकास निर्माणमा सहयोग लिनु हुँदैन । कसैले उजुरी गर्नसक्छ, छानवीन गर्ने निकायले छानबिन गर्नसक्छ, छानबिन गर्नबाट रोक्न सकिँदैन । अनि काम रोक भन्यो, विकास निर्माणका काम रोकिदियो । पछि क्षतिपूर्ति लिने-दिने अनेक कुराहरू आउँछन् । जुन कामका लागि कर्मचारी खटाइएको हुन्छ, ती कर्मचारी बेकारमा बस्छन् । इन्जिनियर बेकारमा बस्छन् । जुन काम गर्नका लागि भनेर हामीले कुनै उपकरण ठेक्कामा लियौँ त्यो ठेक्का त रद्द हुँदैन । हामीले त्यो उपकरणलाई पूजा गरेर पैसा तिर्नुपर्छ । काम लगाउन ल्याएको उपकरण पूजा गरेर राख्नुपर्‍यो । नियमित पुछपाछ गरेन, सञ्चालनमा ल्याएन,पुरानो भयो, खिया लाग्यो भने हामीसँग उसले क्षतिपूर्ति दाबी गर्छ ।

विकासको काममा सरकारले मुआब्जा नदिईकन बलजफ्ती गर्न सक्दैन । मुअब्जाको सवाल पनि यहाँ उठेको थियो । मुअब्जा दिनुपर्छ तर दुई लाख नपर्ने सम्पत्तिलाई बीस लाख माग्ने चलन छ । त्यस्तो हुँदैन । सम्बन्धित बैंकमा दाखिला गर्दिने वा कहाँ, कसलाई उपलब्ध गराउन पर्ने हो गराएर काम अघि बढाउनु पर्छ । नत्र एउटा मान्छेले मुद्दा हाल्छ र विकासका काम पाँच-दश वर्ष रोकिन्छ । यस्तो समस्या कायम राख्नु हुँदैन । यसका निम्ति कानून संशोधनको आवश्यकता छ भने त्यो पनि गर्नु पर्छ । गोष्ठी, सेमिनारको लागि गरिने बाह्य सहयोगलाई परराष्ट्र मन्त्रालयले रोक्नुपर्छ । गोलभँडा फलाउने, लौका फलाउने वा चीज बनाउने विषयहरूमा तालिमहरू हुन सक्छन् । तर अनेक नामका भाँड्ने तालिम आवश्यक छैन । भाँड्नका लागि बाह्य सहयोग चाहिँदैन, रोक्नुपर्छ । त्यसमा हाम्रा मित्रहरूले रिसाउनुपर्ने कुनै आवश्यकता हुँदैन । हामी चाहिने ठाउँमा सहयोग लिन्छौँ । हाम्रो नीति स्पष्ट छ ।

साथीहरूले कामहरूको समन्वयको कुरा उठाउनु भएको छ । त्यो जरुरी छ, गर्नुपर्छ । मेरो सुझाव के हो भने आ-आफ्ना मन्त्रालयबाट मन्त्रालयगत, विभागगत विकासको 'भिजन मोडालिटी' सबै चेन्ज गरेर प्रस्ताव ल्याउनोस् । यहाँ आएपछि एकीकृत हुन्छ । म आग्रह गर्न चाहन्छु - आ-आफ्ना 'भिजन' तथा योजनाहरूलाई योजना आयोगसँग बसेर अन्तिम रूप दिऊँ । विकासका निम्ति आ-आफ्ना कार्यक्षेत्रमा नयाँ भिजनहरू दिनुहोस् । विकास समस्या समाधान समिति भइरहेका योजनामा सञ्चालन वा समन्वयको समस्या भएमा समाधान गर्ने समिति हो । यसले देखापरेका समस्या समाधान गर्छ । यो समिति नयाँ 'भिजन' दिने र 'ड्राइभ' गर्ने समिति भने होइन ।

चुनावका बेला साझा घोषणापत्र जारी गर्दा मैले यो चुनावी घोषणापत्र होइन, नेपाल बनाउने घोषणापत्र हो भनेर भनेको थिएँ । त्यसमा स्पष्ट 'भिजन' छ । सरकारको नीति तथा कार्यक्रम आएको छ । त्यसमा धेरै विषयमा स्पष्ट दिशा छ । बजेट त्यही दिशामा आएको छ । हिजो चुनावअघि अर्बौंका आयोजनाहरू उधारोमा वितरण भए ।

त्यो उचित तरिका होइन । राष्ट्रिय अर्थतन्त्रलाई धेरै अप्ठ्यारोमा धकेल्ने काम हिजो भयो । अब त्यस्तो हुँदैन ।

अहिलेको विश्वमा कोही पनि पूर्ण रूपमा आत्मनिर्भर हुन गाह्रो छ । आत्मनिर्भरताको एउटा जमाना थियो । म सानो हुँदा आत्मनिर्भर थिएँ । कपडा तल्लो घरमा बुन्थेँ, लुगा अगाडिको घरमा सिउथेँ, सिउने त्यहीँ थियो, बन्ने पनि त्यहीँ थियो । मकै बारीमा फल्थ्यो । धान खेतमा फल्थ्यो । खेतका आलीमा मास फल्थ्यो । बारीमा तेल फल्थ्यो । टाट्नामा बाख्रा हुन्थे । गोठमा गाईभैँसी हुन्थे । दूध दोयो, खायो । तोरी पेल्यो, भुटन हाल्यो । तरकारी बारीमा हुन्थ्यो । फलफूल भैहाल्थ्यो । लसुन, प्याज, खोर्सानी बारीमै हुन्थ्यो । किन्न पर्ने कुरा के थियो र ? पढ्न थालेपछि किताब, कापी,सिसाकलम, कलम किन्नु पऱ्यो । मैले पढ्दा शुरुमा त कागज किन्नु परेको थिएन । फल्याकमा माटो धुलो पारेर एउटा काठको छेस्कोले लेख्ने त हो । खर्च नै थिएन । कत्रो आत्मनिर्भर ? धुलो पनि त्यहीँ छ, काठ पनि त्यहीँ छ । लेख्ने छेस्को पनि त्यहीँ छ । अबको समय त्यस्तो छैन । त्यसकारण हामी पूर्ण रूपमा आत्मनिर्भर हुन सक्दैनौँ । तर पनि सकेसम्म आत्मनिर्भर हुने कामतिर हामी लाग्नुपर्छ । हामी आफैँ हरेक चीजमा आत्मनिर्भर नभएर पनि केही हुँदैन तर आधारभूत कुरामा आत्मनिर्भर हुनैपर्छ । अरूले आपूर्ति नगरे पनि जीवन चल्ने हुनुपर्छ । खाने, लाउने र औषधि आधारभूत कुरा हो । हामीसत यति धेरै जडीबुटी छन्, साँचो औषधि तिनैमा छ । औषधि अरूबाट आउन सकेन भने के गर्ने ? त्यसमा आत्मनिर्भर हुँदै जानु पर्छ । पढ्ने-पढाउने कागज, किताब, कलम, मसीमा पनि हामी आत्मनिर्भर हुनुपर्छ । आधारभूत कुरा यति चलेपछि अरू कुरा मेकअप गर्दै जानसक्छौँ । त्यसका लागि केही समय पर्खिन सकिन्छ, विकास गर्न सकिन्छ । हामीसँग धेरै सम्भावनाहरू छन् । ती सम्भावनाहरूलाई लक्ष्य बनाएर अगाडि बढ्नुपर्छ ।

●

जेठ २१, २०७५

सन्दर्भ : राष्ट्रिय विकास समाधान समितिको बैठकलाई सम्बोधन

आधारभूत परिवर्तनको आवश्यकता

हामी विशेष परिस्थितिमा छौँ । यस परिस्थितिले हामीसँग विशेष भूमिकाको अपेक्षा गरेको छ । यहाँ राजनीतिक नेतृत्व पनि छ र कार्यान्वयन गर्ने कर्मचारीतन्त्र पनि छ । हामीले जनताका अपेक्षा र देशका आवश्यकता पूरा गर्नु छ । दिइएको भूमिका पूरा नगरी हामीलाई कुनै 'एक्सक्युज' का निम्ति ठाउँ बाँकी छैन । हामीले रोजेर ल्याएको प्रणाली छ । त्यो प्रणालीअन्तर्गत संघीयता छ, लोकतन्त्र छ, गणतन्त्र छ । जनताले राजनीतिक स्थायित्वका लागि बहुमतसहितको सरकार दिएको

छ । अब हामीसँग स्वाभाविक रूपमा आवश्यकताअनुसार दृढ कदम, सही र दीर्घकालिक सोचहरूसहित अगाडि बढ्न वातावरण सहज पनि भएको छ । यस राजनीतिक प्रणाली वा शासन व्यवस्थामा जनतालाई पुऱ्याउने सेवा तथा सुविधाका सवाल र देशको समग्र आर्थिक उन्नतिको सवालमा हाम्रो उत्तरदायित्व बढेको छ । जनताका अपेक्षा धेरै माथि छन् । हामीले ती अपेक्षा पूरा गर्नैपर्छ किनभने जनतालाई निराश बनाउनु हुँदैन । जनता निराश हुनु देशका लागि डरलाग्दो कुरा हो । त्यसकारण जनतालाई निराश पार्नु हुँदैन ।

मुलुकमा संविधान आइसक्यो, चुनाव भैसक्यो, सबै तहमा जनप्रतिनिधि छन् । अब फेरि पनि विकास हुँदैन भने त्यो अत्यन्तै दुखद् र अनपेक्षित कुरा हुन्छ । यस कारण हामी अत्यन्तै गम्भीर हुनुपर्ने छ । हामी मरिमेटेर काममा लाग्नुपर्ने अवस्था छ । नत्र भने हाम्रो देश सधैँ श्रमिक उत्पादन गर्ने देश मात्र हुन्छ । सधैँभरि कामको खोजीमा बाहिर जाने, उमेर ढल्किएपछि फर्किएर आउने जस्तो मात्रै हुन्छ । हामीलाई उमेर हुञ्जेल र सकुञ्जेल अरूले लिने हुन् । त्यसकारण हामी त्यसबाट मुक्त हुनैपर्छ । त्यसका निम्ति हामीले गम्भीर हुनुपर्ने परिस्थिति छ ।

हामीले नीति-कार्यक्रम र बजेट प्रस्तुत गरिसकेका छौँ । नीति-कार्यक्रम र बजेटको कार्यान्वयन योजनाबद्ध र प्रभावकारी ढंगले गर्नु छ जसबाट राम्रो प्रतिफल प्राप्त गर्न सक्छौँ । पुरानै ढाँचा, पुरानै तरिका, पुरानै शैलीबाट अहिलेको जिम्मेवारी पूरा गर्न सकिँदैन । विगतमा नीति तथा कार्यक्रम असफल हुनुका कारण भनेर हामीले केही कुरा बाहिर ल्याएका छौँ । धेरै वर्षदेखि विकासका निम्ति ठोस प्रयासहरू नेपालमा भएनन् । बीसको दशकको पूर्वार्द्धमा जे भएका थिए त्यसभन्दा पछि विकासका प्रयासहरू ठीक ढंगले भएनन् । त्यसयता हामीले हेऱ्यौँ भने एउटा दुःखलाग्दो स्थिति देखिन्छ । त्यसपछिका धेरै वर्षहरू लोकतान्त्रीकरणको सन्दर्भमा बिते । त्यसभन्दा अगाडि ०१३ सालको आरम्भमा टंकप्रसाद आचार्यले नेतृत्व गर्दा केन्द्रीय बैंकको स्थापना, लोकसेवा आयोगको गठनलगायत लोकतन्त्रका निम्ति चाहिने अवयवहरू

स्थापना गरेर लोकतान्त्रिक प्रणाली र ढाँचामा देशलाई लैजान चाहेको देखिन्छ । शासनमा पुग्नु, शासन गर्नु एउटा कुरा हो तर कसरी लान खोजेको छ, कसरी हाँकेको छ भनेर हेर्न खोज्दा त्यो लोकतान्त्रिक प्रणालीको रूपमा, अभ्यासको रूपमा हाँकेको देखिन्छ । यता आएपछि योजनाबद्ध ढंगले देश विकासका त्यस खालका स्पष्ट प्रयास भएको देखिँदैन । हामीहरूमा एउटा नियमित प्रक्रिया जस्तो - एउटा पसले बिहान उठ्छ, पसल खोल्छ, ग्राहक आयो भने बेच्छ, सामान कम भयो भने केके कम भयो त्यो ल्याएर राख्छ र उसको दैनिकी चलिराख्नेको हुन्छ । हामी एउटा पूजारी जस्तो भयौँ । बिहान उठ्यो, नुहाइ-धुवाइ गऱ्यो, पूजाप्रसाद, चन्दन आदि लिएर मन्दिरमा गयो, पूजा गऱ्यो अनि फर्कियो । नियमित पूजा चल्छ । सरकार पनि त्यसैगरी नियमित पूजा चलाएझैँ चलाएर हुँदैन । हामीले हाम्रा मन्त्रालयहरू, हाम्रा विभागहरूको सञ्चालनमा आधारभूत परिवर्तन ल्याउनुपर्छ ।

म प्रायः भन्ने गर्छु - विकास पैसाबाट आउँछ भन्ने पनि छैन । विकास गरेपछि धनी हुने हो । धनी भएपछि पैसा आउँछ । कुनचाहिँ देशले पहिले बेस्सरी पैसा भएर, धनी भएर विकास गरेका हो र ? हामीले देख्दादेख्दै हाम्रो छिमेकको चीन त गरीब नै थियो । त्यहाँ यति ठूलो जनसंख्या छ, कसैले एकछाक खुवाउने आँट गर्दैन । त्यति धेरै जनसंख्या भएको, त्यति ठूलो भूगोल भएको मुलुकलाई अरू कसैले सहयोग गरेर हुनेवाला पनि छैन । उनीहरूले आफैँले विकास गर्नुपर्छ भन्ने ठाने । विकासको कामलाई अगाडि बढाए, जसबाट विकास सम्भव भयो । त्यसरी नै पहिलो कुरा हामीमा विकासका लागि दृढ अठोट हुनुपऱ्यो । विकासका निम्ति नयाँ र समयानुकूल दृष्टिकोणका साथ हामी कसरी जान सक्छौँ ? हामी नयाँ ढंगले के गर्न सक्छौँ ? आजका हाम्रा आवश्यकता के हुन् ? कुनकुन क्षेत्रमा हामी केके गर्न सक्छौँ ? हामीले प्रशासनिक क्षेत्रमा के कस्ता काम गर्नुपर्छ ? हामीले जनतालाई सुशासन दिने भनेका छौँ । सुशासन दिने भनेको के ? कृषिको आधुनिकीकरण, व्यावसायीकरण गर्ने भनेका छौँ । त्यो भनेको के ? उद्योगहरूको सम्बन्धमा हाम्रा नीतिहरू छन् । ती के हुन् ? सम्बन्धित

मन्त्रालयले के कस्तो कार्ययोजना बनाउँछ ? यस्ता प्रश्नको उत्तर हामीले खोज्नुपर्छ । सोहीअनुसार हरेक मन्त्रालयले कार्ययोजना तयार गर्नुपर्छ । हामीले चाह्यौँ भने र अलि रचनात्मक ढंगले चल्न खोज्यौँ भने अहिले प्रक्षेपण गरिएको भन्दा उच्च प्रतिफल प्राप्त गर्न सक्छौँ । हामी धेरै अगाडि जान सक्छौँ । जस्तो - हामीले फलाम खानी चलायौँ भने के हुन्छ ? हामीले तामा खानी निकाल्यौँ भने के हुन्छ ? पेट्रोलियमको खानी निकाल्यौँ भने के हुन्छ ? यहाँ आधुनिकीकरणको लहर चलायौँ र त्यसले धेरै कुरामा फरक पाऱ्यो भने के हुन्छ ? मैले उदाहरणको रूपमा भन्ने गरेको छु - इलामको पनि भूगोल पहाडी हो तर इलाममा खास गरीबी छैन । किनभने किसानले काम नलाग्ने कान्लोमा स्कुस लगाउँछ र एउटा लहराबाट दुई लाख रुपैयाँ लिन्छ । त्यसलाई अन्तर्राष्ट्रिय बजार चाहिएन । त्यहींको बजारमा उसले दुई लाख रुपैयाँको स्कुस बेच्छ । यसरी पनि काम त भएकै छ । हामीसँग तरूल फल्ने ठाउँहरू छन् । हाम्रा किसानले तरूल रोपे हुन्छ । एउटा किसानलाई तिहारमा टिपेर लगाउने सयपत्रीको फूल बाटाको छेउमा लगाऊ र बेच भन्यो भने बाटो सुन्दर पनि हुन्छ, उसले पैसा पनि पाउँछ । घरअगाडि खालि जमीन हुन्छ तर ऊ गरीबी लिएर बसेको छ । हाम्रो खालि जमीन बाँझो छ अनि फूल आउँछ विदेशबाट । तिहारमा त्यही सयपत्रीको फूल विदेशबाट आउँछ । हामी तिहारमा पुग्ने गरी फूल पनि लगाउन सक्दैनौँ ? सयपत्री लगाउनलाई अत्यन्तै सुन्दर खालको फाँटवारी चाहिने त होइन । त्यो त भीरमा पनि फुलिदिन्छु भन्ने जात हो ।

सरकार त जनताको आर्थिक क्रियाकलापबाट, तत्पश्चातको राजस्वबाट चल्छ । खासमा सरकारसँग धेरै पैसा हुँदैन । उसले त जनताको आर्थिक क्रियाकलाप वा गतिविधिबाट अलिअलि कर लिई त्यसैबाट चलाउने हो । तर आमजनताको अपेक्षा अलिकति उल्टो भइराखेको छ । सबै सरकारले गर्नुपर्छ भन्ने भइराखेको छ । तसर्थ हामीले जनतालाई आर्जन गर्न सहयोग गर्नुपर्छ । त्यो कसरी गर्ने ? यो अहिलेको समस्या हो । जनताले पैसा कमाउने कसरी ? 'हे भगवान्, मलाई धनी बनाइदेऊ' भनेर पूजा गरेर हुँदैन । हामीले धनी बनाउनको

निम्ति पूजा गर्दा कि त खेतलाई पूजा गर्नुपर्‍यो, कि त विरुवालाई पूजा गर्नुपर्‍यो । त्यसबाट धनी हुन सकिन्छ । गाईको पूजा उहिले-उहिले गर्थे । भैँसीको पनि पूजा गरे हुन्छ । त्यसले पनि धनी बनाउन सक्छ । बाख्राको पनि पूजा गरे हुन्छ, बोट विरुवाको पनि पूजा गरे हुन्छ । जसले केही दिन्छन्, तिनको पूजा गरे हुन्छ । तर तिनको पूजा गर्ने पनि तरिका हुन्छ । अगरबत्तीले पूजा गरेर के मतलब भयो र गाईभैँसीलाई ? घाँसले र कुँडोले पूजा गर्नुपर्‍यो । उन्नत नश्ल सुधारबाट पूजा गर्नुपर्‍यो, बस्ने ठाउँको राम्रो प्रबन्ध गरेर उसको पूजा गर्नुपर्‍यो ।

अब कुनकुन मन्त्रालयले के के गर्ने हो ? हरेक मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रमको एउटा चार्ट बनाऊँ । उदाहरणका लागि वन मन्त्रालयलाई लिऊँ । नीति-कार्यक्रममा वन मन्त्रालयसँग सम्बन्धित कार्यक्रम र योजनाहरू के के छन् ? बजेट कति छ ? हामीले भन्ने गर्छौँ नि ४५ प्रतिशत वन क्षेत्र भनेर, त्यो वन क्षेत्रमात्रै हो । वन ४५ प्रतिशत छैन । त्यसकारण वन क्षेत्रलाई सघन वनका रूपमा विकास गर्ने एउटा योजना हुनसक्छ । अर्को योजना हुनसक्छ - प्राकृतिक वन,जसमा इको सिस्टम पनि कायम हुन्छ । त्यो सर्प, विच्छी, गड्याँला, भ्यागुता, धमिरा आदि इत्यादिको पनि वासस्थान हो । अर्को, समुदायले व्यवस्थापन गरेको वन, जुन लगाइन्छ र निश्चित समयावधिमा हामी काट्दै जान्छौँ । फिनल्याण्ड वा अरू विकसित देशमा जस्तो लगाउँदै जाने, काट्दै जाने प्रकृतिको वन । त्यसले इको सिस्टम कायम गर्दैन । त्यसले काठ दिने हो । जेका लागि लगाइयो, त्यो दिन्छ । अरू विविधता कायम हुँदैन । त्यसकारण काठ पनि लिनुपर्छ, इको सिस्टमलाई पनि जोगाउनुपर्छ । प्राकृतिक वनलाई पनि दुई क्षेत्रका सेक्टरमा बाँड्नुपर्छ । एउटा लडापडा पनि नउठाउने । अर्को लडापडा निकाल्ने । लडापडा रूख पनि प्रयोग नगर्ने वा ननिकाल्नेको पनि अर्थ छ प्रकृतिमा । त्यसमा जीवन छ । त्यसमा केही जीव आश्रित छन् । इको सिस्टमका लागि त्यसबाट पैदा हुने जीवन छ । त्यसकारण लडापडा पनि नउठाउने वन कति कायम गर्ने हो ? त्यसमा वन्यजन्तुबाहेक एक ढंगले भन्ने हो भने प्रवेश निषेधको स्थिति हुन्छ । अर्को कोटिको प्राकृतिक वन तर

लडापडा उठाउने । प्राकृतिक वन जहाँ आरक्षण इत्यादिका कतिपय वन पनि पर्न सक्छन् । तेश्रो, लगाइएको वन । त्यो आम्दानीका लागि पनि हुनेभयो र वन पनि हुने भयो । त्यस्ता वनमा हामी छिटो बढ्ने राम्रो काठ लगाउँछौँ र त्यसलाई पालैपालो गरी निकाल्छौँ । चौथो, वन पनि हुने फाइदा पनि धेरै हुने - कृषि वन । फलफूलको बगैँचा वा कृषि उपयोगमा आउने रूख पनि वनको रूपमा हुर्काउन सकिन्छ । सामुदायिक भनिएका वनहरू छन्, कवुलियत भनिएका वनहरू छन् । अनेक यस्ता वनहरू छन् । वन उपभोक्ता समिति असंख्य छन् । त्यसको ठूलो सञ्जाल पनि छ । ती सबैलाई हामीले नयाँ ढंगले कसरी उत्प्रेरित गर्छौँ ? त्यसरी उत्प्रेरित गर्ने हाम्रो योजना के हो ? हामीसँग अहिलेको वस्तुगत अवस्था के छ ? हुनुपर्ने के हो ? हाम्रो पाँच वर्षे कार्याकालको योजना के ? त्यसभित्र खण्ड-खण्ड गरेर यस वर्षको हाम्रो योजना के ? त्यस अन्तर्गत यस वर्ष हामी केके योजनामा काम गर्छौँ त ? यस वर्ष हामी हाम्रो योजनाभित्र लडापडा आदिबाट कति निकाल्छौँ, कति बेच्छौँ, कति नयाँ रुख लगाउछौँ, कुनकुन वनलाई कसरी अर्को ढंगले प्रतिस्थापन गर्छौँ ? अथवा यससम्बन्धी योजना के गर्छौँ ?

त्यस्तै, शिक्षाको क्षेत्रमा हाम्रो योजना चाहियो । हामी शिक्षामा कहाँनेर छौँ ? शिक्षाको अवस्था के छ ? आज कति मान्छे कस्तो अवस्थामा छन् ? कसले कति पढेलेखेको छ र हामीलाई देश विकास गर्न कति जनशक्ति चाहिन्छ ? कस्तो जनशक्ति चाहिन्छ ? त्यो जनशक्ति हामी कसरी तयार गर्छौँ ? हामीलाई वनविज्ञान पढेका मान्छे, वन विज्ञानमा स्नातक वा मास्टर्स गरेका मान्छे कति चाहिएको छ ? हामीसँग कति छन् ? वनको आवश्यकता के हो ? जनशक्तिको आवश्यकता के कति छ ? दक्ष जनशक्तिको आवश्यकता कति हो ? कस्तो जनशक्ति कति आवश्यक छ ? हरेक मन्त्रालयले विवरण निकाल्नु पर्‍यो । त्यसो गरेपछि अहिले तत्काल हामीलाई कुन खालको जनशक्ति, कतिमात्रामा आवश्यक छ भन्ने थाहा हुन्छ । हामीलाई स्वास्थ्य मन्त्रालयले भन्न पर्‍यो - हाम्रो जनसंख्या यस्तो खालको छ, यो प्रवृत्तिको छ, यस्तो अवस्थामा छ र यसमा यति डाक्टर आवश्यक छ । त्यसमध्ये हामीसँग

डाक्टर यति छन् र योयो विषयका यति डाक्टर पुग्दैन भन्ने आँकडा निकाल्नु पर्‍यो । मन्त्रालयले भन्न सक्नुपर्‍योः यस विषयमा यति डाक्टर हामीलाई आवश्यक छ । यो आवश्यकता यति बढ्छ वा यति घट्छ भन्ने हाम्रो प्रक्षेपण छ भनेर पनि भन्नुपर्‍यो । त्यसैअनुसार हामी मेडिकल कलेजको स्थापना, मेडिकल कलेजलाई दिने स्वीकृति अथवा बाहिर पढ्न पठाउने स्वीकृति दिने गर्छौँ । अहिले त अन्धाधुन्दको स्थिति छ । जसलाई के पढ्न मन लाग्यो त्यही पढेको छ, कसलाई कता जान मन लागेको छ त्यतै गएको देखिन्छ । देशको आवश्यकता, विकासको आवश्यकताअनुसार कसैले पढेको लाग्दैन । आफूलाई मन लागेको पढ्यो, पढ्दै जाँदा लोकसेवा खुल्यो अरे भनेपछि दरखास्त हाल्यो, पास भयो, जागिर खायो, त्यही भएको छ । कुन ठाउँमा कस्तो दक्ष जनशक्ति चाहिएको छ ? हामी तालिममा कस्ता मान्छे पठाउँछौँ ? कस्ता जनशक्ति चाहियो भने बाहिर तालिम वा छात्रवृत्तिमा उठाउँछौँ ? मैले कतिपय ठाउँमा कुरा पनि गरिराखेको छु । हामी छात्रवृत्तिमा अधिकांश रूपमा डाक्टर र इन्जिनियरिङमा मात्र पढाउने गर्छौँ । त्यसभन्दा अरू पनि त क्षेत्र छन् । कृषिमा छात्रवृत्तिमा पठाउन सकिएला, व्यवस्थापनमा छात्रवृत्तिमा पठाउन सकिएला । त्यस्तै अरू विभिन्न क्षेत्रहरू पनि होलान् । पहिले त हाम्रो आवश्यकता के छ भन्ने कुरा हेर्नुपर्‍यो । आवश्यकता अनुसारका योजनाहरू बन्नुपर्‍यो ।

नयाँ परिपाटी र नयाँ प्रणालीको व्यवस्थापन गर्नुपर्ने भएकाले बनिसकेका संरचनागत पक्ष पनि समस्याग्रस्त र असन्तुष्ट रहेको स्थिति छ । संघीय सरकारसँग प्रदेश सरकारहरू असन्तुष्ट रहेका छन् । सबैभन्दा चर्का 'कमेन्ट' सांसद, मन्त्री, मुख्यमन्त्रीकै आइरहेका छन् । त्यस्तै, स्थानीय निकायबाट पनि चर्कै 'कमेन्ट' आइरहेको छ । यसका पछाडि हामीले दुईवटा चीज छ्ट्याउनु पर्छ । एउटा जायज असन्तुष्टि र अर्को नाजायज असन्तुष्टि । जायज असन्तुष्टि छन् भने हामीले सम्बोधन गर्ने कोशिश गर्नुपर्छ । कसरी सम्बोधन गर्न सकिन्छ ? जस्तो - कर्मचारी पुगेन, कर्मचारी भएन, जाँदै गएन भन्ने छ यो जायज असन्तुष्टि हो । यो समस्या अब लामो समय राख्न भएन । मान्छेले भोगेको जायज समस्या

र असन्तुष्टिलाई सम्बोधन गर्नुपर्छ । नाजायज असन्तुष्टि छ भनेचाहिँ त्यसलाई दुई हिसाबले छुट्याउनु पर्छ । एउटा ठीक ढंगले बुझ्न नसकेर, अर्को अवस्था नबुझेर । जेसुकै भएपनि हामीले त्यसमा पनि सम्झाउनु पर्छ । असन्तुष्टि विरोध गर्नका लागि पनि हुन्छ । त्यस्तो असन्तुष्टि जे गरेपनि साम्य नहुनसक्छ । तिनलाई हामीले कामबाट जवाफ दिनुपर्छ । त्यसको जवाफ हामीले जनतालाई दिने सेवासुविधामार्फत दिनुपर्छ । हाम्रा नीतिहरूबाट दिनुपर्छ । व्यवहारमा काम गरेर दिनुपर्छ ।

संघीय प्रणालीमा गएपछि, हामीले तीन तहका सरकार बनाएपछि शुरुशुरुमा कहीँकतै अन्तरविरोध रहनु कुनै अस्वाभाविक कुरा होइन । अहिले पनि अन्तरविरोध छ । यसमा हामीले सम्झाउनु-बुझाउनु जरुरी छ । मन्त्रालयले कुनै कुरा गर्दा त्यसलाई अलि स्पष्टै पारेर गर्नुपर्छ । काठमाडौँका सडकमा र गाउँका कच्ची सडकमा कुद्ने गाडीको मापदण्ड फरक हुनसक्छ । एउटा कुरा आइराखेको छ - बीस वर्षभन्दा पुराना गाडी फेरि चलाउन दिने भए भनेर । पिच सडकमा नयाँ गाडी चाहिन्छ तर भर्खर खनेका सडकमा 'ग्राउण्ड क्लियरेन्स' अलि बढी भएका पुराना गाडीले नि काम चल्छ । त्यसलाई मन्त्रालयले स्पष्ट पार्नुपर्‍यो । गाडीको सन्दर्भमा नियमित इन्जिन मर्मत गरेका र नगरेकामा पनि फरक पर्नसक्छ । बीस वर्षे गाडी चल्न दिने हो भने योयो कारणले दिइएको हो भनेर स्पष्ट पार्नुपर्छ ।

उद्योगको सवालमा हामी केके गर्नसक्छौँ ? बन्द भएका कति र कुनकुन उद्योग चलाउन सम्भव छ ? रुग्ण उद्योगहरू कुनकुन चलाउन सम्भव छ ? कुनकुन नयाँ उद्योग स्थापना गर्नुपर्छ ? योजना आवश्यक छ । हाम्रा मन्त्रालयहरूले आधुनिकीकरण र विज्ञानप्रविधिसँग आफ्ना कामहरूलाई जोड्न आवश्यक छ । ती उत्पादनका काम पनि हुनसक्छन् अथवा अरू प्रशासनिक काम । हामी कसरी जोडिन्छौँ आधुनिकता र प्रविधिसँग ? हामीले आत्मनिर्भर अर्थतन्त्र भनेका छौँ । आत्मनिर्भर अर्थतन्त्रको सन्दर्भमा मन्त्रालयको योजना के हो ? हामीले रोजगारीका अवसर सिर्जना गर्ने क्षेत्रमा लगानी गर्ने भनेका छौँ । आफ्नो मन्त्रालयको

कार्यक्षेत्र त्यसमा पर्छ कि पर्दैन र पर्छ भने ती कार्यक्षेत्र केके हुन् ? आयात प्रतिस्थापन गर्ने हाम्रो नीति छ, व्यापार असन्तुलन घटाउने र सन्तुलनतर्फ लाने हाम्रो नीति छ । आफ्नो मन्त्रालयसँग सम्बन्धित भएर यस विषयमा हामी केके गर्छौँ ? ती विषयमा हाम्रो मन्त्रालयको के योगदान हुन्छ ? सडकको होस्, बिजुलीको होस् वा अन्य विषयको होस्, आउँदो साउनबाट हामी काम थाल्छौँ ।

हामीले वास्तवमै नयाँ संकल्पका साथ, नयाँ अठोटका साथ र नयाँ गतिका साथ काम अगाडि बढाउनु छ । काम शुरु हुन्छ । त्यसको अनुगमन हुन्छ । अनुगमनमात्र हुँदैन, अनुगमनमाथि पनि अगनुगमन हुन्छ । अर्थात अनुगमनमाथि अनुगमन । कामलाई चुस्त, प्रभावकारी र परिणाममुखी बनाउन अनुगमनमाथि पनि अनुगमन हुन्छ । हामी हरेकले अधिकतम प्रयास गर्छौँ किनभने हामी देश र जनताप्रति उत्तरदायी छौँ । देशले हामीलाई यस महत्वपूर्ण ठाउँमा, नीति-निर्माणका ठाउँमा, कार्यान्वयनका ठाउँमा पुऱ्याएको छ । कार्यान्वयनको पनि निर्देशन दिने ठाउँमा, योजना बनाउने ठाउँमा, तालिका बनाउने ठाउँमा पुऱ्याएको छ । प्रदेशहरूमा पनि सरकार छन् । प्रदेश सरकारहरूलाई हामीले कसरी समुचित ढंगले भरथेग गर्न सक्छौँ ? ती सरकारलाई कसरी सहयोग पुऱ्याउन सक्छौँ, सञ्चालन गर्न सक्छौँ, उनीहरूको प्रभावकारिता कसरी बढाउन सक्छौँ ? त्यो पनि हेर्नुपरेको छ । नयाँ भएको हुनाले प्रदेश सरकारमा पनि अनुभवको कमी छ, संरचना नै नयाँ छ । त्यसकारण त्यहाँ पनि केही समस्या छ । अहिले यदाकदा संविधान पल्टाएर हेर्ने अनि यसो भागवण्डा हेर्ने, अधिकारको सूची हेर्ने, साझा सूची, एकल सूची, दुईवटाको सूची हेर्ने र मेरो भागमा यो छ भनेर भन्ने प्रवृत्ति पनि शुरु भएको छ । तर यथार्थ स्थिति के हो त्यो सूची बुझ्ने प्रयत्न हुँदैन । मैले सूचीअनुसार नगर्ने भनेको होइन तर त्यो सूची कार्यान्वयन गर्ने खुदै प्रदेशको पनि संरचना र जनशक्ति छैन तर पनि अधिकारचाहिँ चाहिनै हाल्छ । मान्छे फलफूल किनेर ल्याउँछ र राख्छ । तर ऊ खान सक्दैन । अरूलाई दिन उसलाई लोभ लाग्छ । बरु बिग्रिए बिग्रियोस् भनेर छोड्छ । केही मान्छेको स्वभाव त्यस्तो पनि हुन्छ । बिग्रनुभन्दा त

अरूलाई खानदिए हुन्थ्यो नि । तर बिग्रिएर बर्बाद हुन्छ । काम गर्नेभन्दा अधिकारमा गर्जिने चलन पनि छ । हामी प्रदेशलाई प्रभावकारी बनाउन प्रदेशमार्फत काम गराऔँ । प्रदेशले अधिकतम प्रभावकारी ढंगले काम गर्न सकोस्, स्थानीय तहहरूले प्रभावकारी रूपमा काम गर्न सकुन् । तर हामीले अठोट गर्दा नयाँपनचाहिँ आउनैपर्छ ।

अहिले सडकमा खाल्डैखाल्डा छन् । कति वर्षदेखि सडक भत्किराखेको छ । शहरभरि टेलिफोनका तारहरू कति हो कति, गुजुल्टो परेको छ । टेलिफोन सुविधा प्रभावकारी हुनुपर्‍यो तर तार तरलङतरलङ पार्नु भएन । तर झुण्डाएर टेलिफोनको प्रभावकारिता बढ्ने त होइन होला नि ? यस्ता कुरामा हाम्रो ध्यान जानुपर्‍यो । ढल बगेको छ, छोपिएको छैन । सडकमा राम्ररी हेरेरमात्र हिँड्नुपर्छ । कथंकदाचित ध्यान अन्त गएछ भने खाल्डोमा खस्न बेर छैन । बच्चाबच्ची त खसेको हामीले देखेकै छौँ । कमसेकम काठमाडौँ आउँदा मान्छेले धुलो, धुँवा, दुर्गन्ध भोग्ने स्थिति नहोस् । अबको काममा भिन्नता आउनै पर्छ ।

शहर बजारमा ढलहरूको समुचित प्रबन्ध गर्नु जरुरी छ । अहिले सोलुमा ढलको चिन्ता गर्नु परेन, काठमाडौँमा त गर्नु पर्‍यो नि । मुख्य कुरा त शहरहरूमा हुनुपर्‍यो । काठमाडौँ राजधानी पनि हो, आकर्षणको केन्द्र पनि हो । तर यो बदनाम भयो । यहाँ धुलो,हिलो, धुवाँ र फोहोरको अन्त्य गर्ने कसरी ? त्यसका लागि जनताले कमसेकम देख्ने, थाहा पाउने गरी, ठोस योजना बनाई कार्यान्वयन गरिहाल्नु पर्छ । ढिला गर्नु हुँदैन । यसमा तपाईँहरू आजैदेखि लागिहाल्नोस् ।

कतिपयमा नकारात्मक सोचाइ देख्छु । आज बिहान मैले एउटा पत्रिकामा पढेको थिएँ - नदीको मार्गबाट जलमार्ग ल्याउनु त ठीकै हो तर कोशी,गण्डकीबाट ठूलो जहाज त आउँदैन, सानो स्टिमर आउने हो, त्यसबाट के फाइदा ? स्टिमरमा आउनु त ठीकै हो, मान्छे ओसार्न खोजेको हो त ? सामान त ढुवानी गर्दैन त्यसले । अनि अर्को ठाउँमा अलि तल गएर सामान ढुवानी गरेपनि थोरैथोरै ल्याउँदा त महँगो पर्छ नि, आदि इत्यादि । केही मानिस हरेक राम्रा कामकुराको कसरी विरोध गर्न

सकिन्छ भनेर ठाउँ खोज्छन् । अनुमानका भरमा भए पनि जसरी पनि विरोध गर्नैपर्ने । हाम्रोजस्तो देशमा रेलको बाटो बनाउनु पर्‍यो नि भनेँ । के आजको आवश्यकता काठमाडौँ-वीरगञ्ज रेल हो र ? छिमेकीसितको सम्बन्ध सुधार गरी रेल आउने भनेपछि किन चाहियो हामीलाई रेल ? खान नपाएका नेपालीलाई खाने व्यवस्था गर्नुपर्नेमा रेल ? भनेर विरोध शुरु भयो । विकासको कुरा गर्‍यो कि विरोध । तर हामी त्यस्ता कुराबाट प्रभावित हुन जरुरी छैन ।

हामी यहाँ भएका सबै यस देशका भाग्यमानी मान्छेभित्र पर्छौँ । जागिर पाएको छ, काम पाएको छ, आर्जन छ । आममरूपमा नेपाली जनता त धेरै गरीब पो छ त ! अहिले पनि ६० लाख जनता निरपेक्ष गरीबीको रेखामुनि छन् । तिनको भाग्य-भविष्यको बारेमा, तिनका सन्तानको बारेमा हामी हाम्रा सन्तानका बारेमा झैँ अत्यन्तै जिम्मेवार हुनुपर्छ । हामी राजनीतिक व्यक्तिको पेन्सन नआए पनि अरूको आउला, तलब पनि राम्रै छ । जागिर सकिएपछि पनि पेन्सन पाउनु एउटा सुरक्षा नै हो । काम गरेर खान नपाउने मान्छे देशमा छन्, तर हामी काम गर्न छोडेपछि पनि खान पाउने मान्छे हौँ । भनेपछि त भाग्यमानी हौँ नि । तसर्थ म सबैलाई आग्रह गर्छु - लोभ नगरौँ, देश बनाउने काममा लागौँ । भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाऔँ । तपाईँहरूलाई नेता, साथीभाइ, आफन्त, इष्टमित्रको दबाब हुनसक्छ - लौ न यति गरिदेऊ भनेर । तपाईँ भएको बेला मेरो यति काम पनि नहुने भनेर कराउन पनि सक्छन् । तर काम कानून बमोजिममात्र हुन्छ, देशको हितमा मात्र हुन्छ । देशको अहितमा र कानूनविपरीत गर्नुहुँदैन । पारदर्शी ढंगले गर्न मिल्ने व्यवहारबाहेक, अपारदर्शी ढंगबाट गर्नुपर्ने काम मबाट हुँदैन भनेर हामीले भन्न सक्नुपर्छ । पारदर्शी ढंगले, कानूनसम्मत ढंगले जे गर्न सकिन्छ त्यो मात्र गर्ने हो । हामीले हाकाहाकी र खुलेआम भन्नुपर्छ - नियम-कानूनविपरीतका कुनै काम हुँदैनन् । यति गर्ने हो भने धेरै कुराहरू सप्रिएर जान्छन् ।

कुनै प्रकारको नियुक्ति, सरुवा, बढुवामा पहिले केके भयो भन्नेमा म जान चाहन्न । अब हामीले नियुक्ति, सरुवा र बढुवामा हुने

विभिन्न खालका खेललाई बन्द गर्नुपर्छ । तपाईँहरूले योग्यता, क्षमता र इमानदारितालाई हेर्नोस् । त्यसैका अधारमा ढुक्कले काम गर्नोस् । चाकडी होइन, कार्यसम्पादनलाई महत्व दिनोस् । अनेक ठाउँमा कमिशन चल्छ भन्ने भनाइ छ । कमिशनलाई पारदर्शी गर्ने, कमिशन एजेन्ट खुलाउने काम गर्नुपर्छ । यहाँ विशाल कमिशन चल्छ तर कमिशन एजेन्ट हुँदैन । कमिशन आउँछ, कमिशन बाँडिन्छ, कमिशन लिइन्छ तर कमिशन आउँछ पनि भनिँदैन, कमिशन एजेन्ट पनि भेटिँदैन । कति ठाउँमा कमिशन नै छुट्याइन्छ कमिशन एजेन्टलाई । त्यस वापत मूल्य घटाइँदैन । रजिष्टर्ड कमिशन एजेन्टलाई तोकिएको कमिशन दिइन्छ । हामी पनि त्यसरी नै कमिशनलाई पारदर्शी बनाउन सक्छौँ । कमिशन एजेन्टहरू खुला र वैधानिक होउन् र सोही नाममा काम गरून् । उनीहरूले जति कमिशन पाउँछन्, त्यसमा कर तिरून्, यो जायज तरिका हो । यदि सरकारले नै काम गर्छ भने सोझै राजस्वमा दाखिला गरे हुन्छ, सोझै सरकारी कोषमा दाखिला गरे हुन्छ । २०५१ सालमा म गृहमन्त्री थिएँ । केही गाडी किन्दा पारदर्शी ढंगले कमिशन आउने भयो । त्यसलाई सोझै सरकारी कोषमा दाखिला गर्न शुरु गरिदिएँ । त्यसले तहल्का मच्चायो । कमिशनलाई त्यसरी सरकारी कोषमा जम्मा गर्न नदिने कोशिश पनि भयो । मैले भनेँ त्यस्तो हुँदैन, हुनै सक्दैन । कमिशन उल्लेख गर्ने र दाखिला गर्ने व्यवस्था शुरु गर्नैपर्छ भनेँ । केही मान्छे हिस्स परे । मेरो आग्रह छ - अब कमिशन एजेन्ट रजिष्टर्ड हुनुपर्‍यो, पारदर्शी काम गर्नुपर्‍यो र करको दायरामा आउनुपर्‍यो । यसमा सरकारलाई टाउको दुख्दैन । अन्यथा तिनलाई पैसा लुकाउँदैको हैरान । त्यहीँ सम्पत्ति शुद्धीकरण पनि आकर्षित हुन्छ । पैसा धेरै देखिन्छ, सम्पति आएको देखिँदैन । समस्यै समस्या । ती सबै समस्याको समाधान भनेको हरेक कुरालाई कानूनी दायरामा ल्याई सञ्चालन गर्नु नै हो ।

हामी प्राविधिक शिक्षाको कुरा गर्छौं । प्राविधिक शिक्षाकै एउटा पाटो हो - सीप विकास र व्यावसायिक शिक्षा । अहिलेको शिक्षाको नारा सीप विकाससम्बन्धी अथवा आधुनिकीकरणसम्बन्धी हो र त्यो कार्यक्षेत्रमा नै दिइन्छ । अर्थात्, कामको थलोमा शिक्षा । त्यो भनेको व्यावसायिक

शिक्षा हो । किसानलाई तपाईँले बोलाएर, अन्त कतै सिकाएर हुँदैन । उसलाई सिकाउन तपाईँले प्राविधिकलाई उसको खेत वा बारीमा पठाउनुपर्छ, उसको घरमा पठाउनुपर्छ । खासमा किसानको तरकारी बारीमा, उसको मकैबारीमा, उसको खेतबारीमा पठाएर यस्तोमा यस्तो गर्नुपर्छ भनेर सिकाउनुपर्छ । त्यसकारण यसको नारा कसरी चयन गर्ने हो त्यो विचार गर्नोस् तर कामको थलोमै शिक्षा दिनुपर्छ । यदि तपाईँसँग राम्ररी कपडा सिलाउने सीप छ भने त्यो सीप कसरी सिकाउन सकिन्छ त्यहीँ गएर सिकाइदिने व्यवस्था गर्नुपर्छ । तपाईँसँग राम्ररी भाँडा बनाउने सीप छ भने त्यहाँ आरनमा गएर सिकाइदिने गर्नुपर्छ ।

मैले सदुपयोगको सिद्धान्त भन्ने गरेको छु । हामी सबैले त्यसलाई ध्यान दिनु जरुरी छ । हामीले हरेक चीजको सदुपयोग गर्नुपर्छ । जसमध्ये सबैभन्दा महत्वपूर्ण छ समय, आयु अथवा जीवन । समय भनेको आयु हो, जीवन हो । यो जीवनको अंश हो र सबैभन्दा महत्वपूर्ण कुरा हो । त्यसकारण समयको सदुपयोग हामी कसरी गर्न सक्छौँ ? हामीले गर्ने काम, हाम्रो हरेक समय देशका लागि, जनताका लागि हो । जे होस् हाम्रो समयको सर्वाधिक सदुपयोग हुनुपर्‍यो । हाम्रो जमीन, हाम्रो जंगल, हाम्रो पानी, हाम्रा साधन, हाम्रा श्रोत, हामीसँग भएको पूँजी, हाम्रो सामर्थ्य, हाम्रो बुद्धि जेजे छन् ती सबै चीजको सदुपयोग गर्नुपर्‍यो । हाम्रो जमीनलाई हामी कसरी अधिकतम सदुपयोग गर्न सक्छौँ ? कृषिमा पनि म भन्ने गर्छु - खालि खेतका गरा, बारीका पाटाहरूमात्र होइन, भीर कान्लामा पनि हामी उपयोगी चीज लगाउन सक्छौँ । कान्लाकान्लामा किमु लगायौँ भने त्यसमा रेशम कीरा पालन गरी रेशम उत्पादन गर्नसक्छौँ । त्यसलाई हामी उद्योगतर्फ ढाल्न सक्छौँ । त्यसबाट रोजगारीका अवसर सिर्जना हुनुका साथै कान्लाकान्लामा किमु हुन्छ । त्यसका लागि एकदम गतिलो ठाउँ चाहिन्छ भन्ने छैन । किमु त हाम्रा कान्लाकान्लामा हुन्छ । त्यसमा सरकारले सहजीकरण गरिदिने, बीउहरू दिने गर्नसक्छ । मन्त्रालय-मन्त्रालय बीचमा समन्वय गर्न सकिन्छ । विभिन्न मन्त्रालय तथा विभागको बीचमा पनि समन्वय जरुरी छ ।

सडक कोट्याउने काम भइरन्छ । एउटाले पुर्छ, अर्काले कोट्याउँछ, एउटाले पुर्छ अर्काले कोट्याउँछ । त्यस्तो किन गर्ने ? समन्वय गरेर एकैपटकमात्र कोट्याए हुन्न ? हाम्रो काम गर्ने शैली अब अपरम्परित ढाँचामा आउनुपर्छ । हामीले एकदमै 'इनोभेटिभ' ढंगले के गर्न सकिन्छ ? एउटा अनुच्छेद 'इनोभेटिभ' योजनाको लागि राख्नोस् । योजना के 'इनोभेटिभ' ढंगले ल्याउन सकियो त ? मेरो मन्त्रालयले नयाँ ढंगले यसमा यस्तो सोचेको छ, यसको कार्यान्वयन यसरी गर्छौं भन्ने कुरा आउनुपर्‍यो । यो अभियान मातहतका देशभरिका कार्यालयबाट यसरी लान्छु, यस रचनात्मक सोचलाई सम्पूर्ण परिचालन गरेर यसरी लाँदा यसले यति प्रतिफल अतिरिक्त दिनसक्छ भनी प्रक्षेपण गरेर हेरौँ न । त्यसमा हामी कति प्रतिशत सफल हुनसक्छौँ ? हरेक मन्त्रालयले 'इनोभेटिभ' ढंगले, नयाँ ढंगले के गर्न सकिन्छ, त्यसलाई अगाडि सार्नुपर्‍यो । आजको आवश्यकता भनेको नयाँ ढंगले के गर्न सकिन्छ भन्ने नै हो ।

हिजो टोखाका दश कक्षामा पढ्ने भाइबहिनीले एउटा सानो प्लेन बनाएर देखाए । उनीहरूले ड्रोमजस्तो त्यो प्लेन धेरै माथिसम्म पुर्‍याए । दुईचार मिनेट उडाए पनि । त्यसलाई अलिकति विकास गर्दा प्लेन बनाउन सकिने रहेछ । हामी त्यो स्थितिमा त छौँ नि । ती बच्चाहरूले खाली ग्राउण्ड पनि सोचे, चक्का पनि सोचे, पछाडि पुच्छर पनि सोचे, न्युटनको थ्योरी पनि सोचे । तिनीहरूले सबै कुरा 'इनोभेटिभ' ढंगले सोचे । एउटा नयाँ चीज भयो नि त, दश कक्षामा पढ्ने विद्यार्थीहरूले प्लेन बनाएर उडाए । आकाशमा दुईचार फन्का घुमाएर फेरि ल्याण्ड गराए । त्यसको बेग्लै अर्थ छ । हरेक 'इनोभेटिभ' कामको विशेष अर्थ हुन्छ । त्यसले हाम्रो नैतिकता उच्च गराउँछ । त्यसले अरूलाई प्रोत्साहित पनि गराउँछ, उत्साहित पनि बनाउँछ ।

नेपालमा समयमा काम हुँदैन भन्ने गुनासो छ । मलाई पनि छक्क लाग्छ - एउटा टेबुलबाट अर्को, अर्कोबाट अर्को । यही सिंहदरबारभित्र दुई दिनमा हुनुपर्ने काम दुई महीनामा भएको हुँदैन । यस्तो पनि कुनै

काम हो ? अब हामी फाइल वरबाट परतिर जाँदाखेरि सिस्टमबाट ट्र्याक गर्न मिल्ने कार्यक्रम विकास गर्दैछौँ । त्यसबाट अनुगमन अलि सजिलो हुन्छ । यसबाट सबै कामको जानकारी पनि हुन्छ, एक अर्कामा सहयोग पनि हुन्छ र समन्वयात्मक ढंगले काम गर्न पनि सजिलो पर्छ ।

देश हाम्रो हो । हामीले नै बनाउनुपर्छ हाम्रो देश । देश बनाउने काममा हामी सबै लागौँ । लगनशील भएर लागौँ । 'समृद्ध नेपाल-सुखी नेपाली' को अभियानमा म सबैको सहयोगका लागि, रचनात्मक अग्रसरताका लागि हार्दिक आग्रह गर्न चाहन्छु ।

●

जेठ २५, २०७५

सन्दर्भ : मन्त्री र सचिवहरूलाई निर्देशन

प्राण जानुअघि नै प्राणको रक्षा

नै ले पहिले पनि उठाएको थिएँ र आज पनि जोड दिएर भन्न चाहन्छु - प्राधिकरणले आवश्यक ठाउँमा खर्च गरेको छ कि छैन ? कि अनावश्यक ठाउँमा खर्च गर्न पुगेको छ ? अरू सबै कुरा छोडेर जनतालाई, बालबालिकालाई, बूढाबूढीलाई, अशक्त, अपाङ्गलाई, गर्भवती महिलाई, बिरामीलाई छानामुनि ल्याउने कुरा सबभन्दा पहिलो कुरा हो । त्यो नै सबभन्दा पहिलो प्राथमिकता हो । त्यसो गर्दास्वेरि भगवानको मन्दिर भत्किएको छ भने आफ्नो मन्दिर बनाउनुभन्दा पनि पहिले त्यो

काम गरेमा भगवान खुशी हुने छन् । मेरो मन्दिर किन बनाएन, पहिले किन अशक्त मान्छे हेर्न थाल्यो, त्यसलाई छानामुनि ल्यायो भनेर कुनै भगवान रिसाउनेवाला छैनन् । एकैचोटि आफ्नो गच्छेले भ्याउँदैन भने पहिले जनताको कुरामा ध्यान दिनुपर्‍यो । भगवानको प्राण प्रतिष्ठा एक महिनापछि, छ महिनापछि वा वर्षदिन पछि गर्दा पनि हुन्छ । मान्छेको प्राण गइसकेपछि फेरि प्राणप्रतिष्ठा हुँदैन । त्यसकारण प्राण जानुभन्दा अगाडि नै जनताको प्राणको रक्षा हुनुपर्छ । यसमा म जोड दिन चाहन्छु ।

यो पुनरावेदन समितिको काम के हो र यसले के काम गर्छ ? यसको संक्षिप्त प्रतिवेदन सुन्यौँ । पुनरावेदन भनेको के ? यो किन बनाएको ? यसले के गर्छ ? आजसम्म के गर्‍यो ? अलिकति केही सुनौँ । यो मैलै नै बुझिनँ । पुनरावेदन होइन यो ? यो मुद्दा हारिएपछि गर्ने कुरा हो । यहाँ जुन'पुनरावेदन' भन्ने शब्द भनिँदैछ, त्यो 'पुनरावेदन' होइन । यो 'पुनरावेदन' चाहिँ 'पुनःआवेदन' हो । एकपल्ट दिएको आवेदनमा फेल खाइसकेपछि गरिने 'पुनःआवेदन' हो । निर्णय पछाडि चित्त बुझेन भने दिने हो । अनि त्यसमा कति मुद्दा आए ? कतिले हारे ? कतिले पुनरावेदन वा पुनःआवेदन गरे ? त्यसभन्दा अगाडि निवेदन कहाँ हाल्छन् ?

समग्र काम कारबाहीमाथि नै हेरविचार हुनुपर्छ । कसैले गुनासो गरे भने के गर्ने ? गुनासो गरेन भने पनि हामीले काम कारबाही ठीक भएको छ कि छैन भनी आफ्नो कामको समीक्षा गर्नुपर्छ । मैले अस्ति पनि सिंहदरवारको वर्तिरपर्तिर झुण्डाइएका जादुका छडीबारे कुरा उठाएँ । मैले त्यो हिँड्दा देखेको हुँ । यस्तो काम अन्त कहाँकहाँ केके भएको छ ? कति भएको छ, किन भएको छ कसरी गरियो, केका लागि गरियो ? त्यसको जवाफ पनि चाहियो । १५ दिनमा हामी अर्को बैठक बस्छौँ । त्यतिबेलासम्म यसबारेमा सुस्पष्ट जवाफ चाहियो । किन त्यसो गरेको, के हुन्छ त्यसले ? मान्छेले किस्ता पाएको छैन, मान्छे समस्याग्रस्त छ । कतिले घर बनाइसके, मापदण्ड मिलेन भनिन्छ । किन त्यसको सुनुवाइ भएन ? मसँग मान्छे बाटोबाटोमा कराउनुपर्छ भने

समिति र पुनःआवेदन समितिमा त्यो किन परेन ? त्यसको फैसला किन भएन ? मलाई त बाटोमा मान्छेले भन्या छन् - अहिलेसम्म हामी मापदण्ड पर्खेर बस्यौँ हजुर, यो हिँउमुनि बस्यौँ भनेर । म लाङटाङ पुग्दा जनताले भने - हिमालका फेदमा यहाँ घर नबनाएर कसरी बसौँ ? हामीले जानेको बनायौँ । सहयोग दिने बेलामा यो पुगेन र त्यो पुगेन भनेर दिइएको छैन । तपाईँहरूका यत्रा समितिहरू छन् । चार सय जना जति कर्मचारी छन् । यस्ता सवालमा ध्यान दिने काम भयो कि भएन ? सुल्झाउनु पर्ने कुरा त सुल्झाउनु पर्‍यो नि ।

स्थानीय निकायहरू बनेका छन् । अहिले काम जुन संरचनाबाट जसरी हुँदै छ त्यसलाई तीव्रता दिउँ, एकदमै तीव्रता । कानूनी अड्चन, निर्णयमा अड्चन पर्‍यो भने यहाँ ल्याउनोस्, हामी फुकाउँछौँ । कानून संशोधन गर्नुपर्छ भने मन्त्रिपरिषद्बाट हामी संसदमा लगेर बाधाहरू फुकाउँछौ । तर जनतालाई सेवा पुग्नुपर्‍यो, जनतालाई सजिलो हुनुपर्‍यो । कानून त जनताका लागि बनाउने हो । तत्काल कानूनमा परिवर्तन गरेर भए पनि जनतालाई सेवा पुर्‍याउने काम हामीले गर्नुपर्छ ।

अहिले जसरी काम गरिररहनु भएको छ त्यसभन्दा प्रभावकारी रूपमा काम हुनुपर्ने देखिन्छ । स्थानीय तहले हाम्रा कामहरूको अनुगमन गरुन् । शिक्षा,स्वास्थ्यका क्षेत्रहरू पनि अहिले आफ्ना विषयगत कुराहरूमा जाउन् । हामीले भुइँचालोले बिगारेका संरचनालाई पहिलाकै अवस्थामा जस्ताको तस्तै पुर्‍याउने भनेको होइन । जनतालाई परेको मर्का, आवासमा परेको मर्का, विद्यालयमा परेको मर्का, शिक्षामा परेको मर्का, बाटो आवागमनमा परेको मर्का र हाम्रा पुरातात्विक महत्वका, ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका स्थलहरूमा भएको क्षतिको पुनर्निर्माण गर्ने भनेको हो । त्यही 'स्पिरिट'लाई बुझेर नै हामीले काम गर्नुपर्छ । संगठित पुनर्संरचनाको बारेमा साथीहरूको धारणा आयो । हामीसँग अहिले धेरै समय पनि रहेन । अहिले मेरो विचारमा जे प्रस्ताव आएको छ त्यसमा हाल चलिरहेको कुरामा खास परिवर्तन छैन भने त्यसलाई नै अघि बढाएर तीव्रता दिऊँ । धेरैतिर हामफाल्ने भन्दा,

धेरैतिर हात हाल्ने भन्दा मुख्य रूपमा दोश्रो किस्ताको समयसीमा असार मसान्त भनेर निर्णय गरी अघि बढौँ । सो सीमा पहिले चैत्र मसान्त भन्ने थियो । समय छैन । कि त नदिने भन्ने निर्णय गर्नु पर्‍यो, कि त म्याद बढाउनुपर्‍यो । त्यसको लागि हामीले सहजीकरण पनि गर्नुपर्‍यो, सरलीकरण पनि गर्नुपर्‍यो । सरलीकरण नगर्ने हो भने काम हुने रहेनछ भन्ने बुझेपछि सरलीकरण गर्दिनु पर्‍यो । केकेमा सरलीकरण गर्ने त्यो छिटै गरौँ ।

आजको बैठकको मुख्य लक्ष्य ऐतिहासिक धरोहरलगायतका संरचनाको पुनर्निर्माणका निर्णय त छँदैछन् । अहिले पनि मान्छे प्लास्टिकमुनि छन् भने, अहिले पनि यदि मान्छे आवासविहीन छन् भने, अहिले पनि यदि मान्छे त्रिपालमुनि छन् भने पहिले छानामुनि ल्याऊँ । यो वर्षाअघिको लक्ष्य हो । यसका लागि युद्धस्तरमा काम गरौँ । यस प्रयोजनका लागि जनशक्ति थप्नुपर्छ भने, खर्चको आवश्यकता पर्छ भने त्यो पनि गरौँ ।

●

सन्दर्भ : राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समिति बैठक

विचार / राजनीति

देश बनाउने अभिभारा

संविधानसभाबाट संविधान निर्माण भएपछि, संविधानले निर्धारण गरेका, व्यवस्था गरेका संरचनाहरूको गठन गरी हामीले तीनवटै तहका सरकार बनाएका छौँ । संविधान जारी भएपछि पहिलो आम निर्वाचन सम्पन्न भएको छ र त्यस निर्वाचनको अभिमतबाट नेकपा (एमाले) जनताले आशा, भरोसा गरेको देशको सबैभन्दा ठूलो पार्टीको रूपमा स्थापित भएको छ । हामीले तालमेलका साथ निर्वाचन लड्यौँ, जसबाट प्रत्यक्षमा ८० सीट हामीले जित्यौँ, समानुपातिकमा ४१ सीट जित्यौँ,

लोकप्रिय मतको हकमा केही मतले मात्र हामी अरूभन्दा अगाडि देखियौँ तर चुनाव चिन्हको कारणले दश लाखभन्दा बढी मत हाम्रो बदर भयो । झण्डै तेत्तीस लाख मत हाम्रो पार्टीको नाममा सदर छ । बदर मत समेतलाई जोड्दा बयालीस लाखभन्दा बढी जनताले हामीलाई मत दिएको देखिन्छ । लोकप्रिय मतको हिसाबले मतको पचास प्रतिशत मत हामीसँग छ ।

हामीले नेकपा (माओवादी केन्द्र) सँग तालमेल गऱ्यौं । माओवादी केन्द्रको ५४ सीटसमेत जोड्दा प्रतिनिधिसभाको २ सय ७५ सीटमध्ये १ सय ७५ सीट हुन्छ । यस अर्थमा हामी १ सय ७५ सीटमा विजयी भएका छौँ । नेकपा (एमाले) र नेकपा (माओवादी) केन्द्रको यस तालमेलले सरकार गठन गर्ने कामको प्रारम्भ गरिसकेको छ । हाम्रो यस तालमेलको नेतृत्वमा सरकार गठन गर्नका लागि प्रक्रिया शुरु भइसकेको छ । प्रधानमन्त्री निर्वाचित गर्ने काम सम्पन्न भइसकेको छ ।

हामी जनताबाट निर्वाचित भएर र पार्टीको विश्वास पनि जितेर मुलुक बनाउने अभिभाराका साथ संसदमा उपस्थित भएका छौँ । तपाईँ माननीय सदस्यहरू त्यही अठोटका साथ यहाँ उपस्थित हुनु भएको छ । म संसदीय दलको यो पहिलो बैठकमा तपाईँहरू सबैलाई बधाई दिन चाहन्छु । सबैलाई मेरो धेरैधेरै बधाई छ । अब्बल सांसदको रूपमा तपाईँहरू सबैको कार्यकाल सफल रहोस् । असल सांसद कस्ता हुन्छन् भन्ने दृष्टान्त तपाईँहरूबाट प्रस्तुत हुने नै छ । योग्य सांसदको रूपमा तपाईँहरूको कार्यकाल सफल हुन सकोस्, म शुभकामना व्यक्त गर्न चाहन्छु ।

तपाईँहरूले मलाई संसदीय फाँटको समेत नेतृत्व गर्न भनेर सर्वसम्मतिले संसदीय दलको नेता निर्वाचित गर्नुभएको छ । त्यसका लागि म सबैलाई धन्यवाद भन्न चाहन्छु । सबैप्रति आभार व्यक्त गर्न चाहन्छु । त्यस्तै, हाम्रो पार्टी नेकपा (एमाले) को स्थायी कमिटीले सर्वसम्मतिले हिजो मात्रै प्रधानमन्त्रीको उम्मेदवारको रूपमा मलाई तोकेको थियो । त्यसै गरेर नेकपा (माओवादी केन्द्र) का साथीहरूले पनि

समर्थन गर्नुभएको छ । पार्टी एकता संयोजन समितिले पनि उम्मेदवारको रूपमा प्रस्ताव गरेको थियो ।

हाम्रो काँधमा देश बनाउने अभिभारा छ । 'समृद्ध नेपाल - सुखी नेपाली'को नारालाई सफल बनाउने जिम्मेवारी हाम्रो काँधमा छ । त्यसका लागि चुनौतीहरू छन् । चुनौतीहरूलाई पन्छाउँदै हामी महान् संकल्पका साथ अगाडि बढ्ने योजनामा छौँ ।

हामीलाई जनताले ठूलो आशाभरोसाका साथ पठाएका छन् । जनताले हामीलाई यसपटक पाँच वर्षको समय दिएका छन् । मैले पटकपटक भन्ने गरेको छु - मान्छेको आयुको सीमा हुन्छ, बाँचेको बाँच्यै गर्दैन । हाम्रो सामर्थ्यको पनि सीमा हुन्छ । मान्छे विद्वान् भएपनि विद्वताको पनि सीमा हुन्छ, ज्ञानको पनि सीमा हुन्छ । अथाह असीमित ज्ञान हुँदैन कसैसँग । सीमा नै हुन्छ तर इमानचाहिँ असीमित हुन्छ । हामी सम्पूर्ण रूपमा इमानका साथ काम गर्छौँ । अरू जुनसुकै कुराको सीमा होला तर हाम्रो इमानचाहिँ अन्तरिक्षजस्तो छ । अन्तरिक्षको सीमा विज्ञानले पत्ता लगाउन सकेको छैन, शायद सीमा छैन । हामी त्यही इमानदारिताका साथ काम गर्छौँ । हामी देशको हितलाई सर्वोपरि राख्वेर काम गर्छौँ, जनताको हितको निम्ति काम गर्छौँ । यो हाम्रो संकल्प हो । यस संकल्पका लागि हामीलाई पार्टी चाहिन्छ । पार्टीविना, संगठित प्रयासविना यो संकल्प पूरा हुन सक्दैन । संगठित प्रयासलाई डोऱ्याउन विचार चाहिन्छ । हामीसँग विचार छ, विचारमा आधारित हाम्रा नीतिहरू छन् । हामीहरू सही विचार तथा नीतिअन्तर्गत अगाडि बढेका छौँ । हामी जनताको बहुदलीय जनवादअन्तर्गत अगाडि बढेका छौँ । हाम्रो सफलताको कडी त्यही हो । हामी त्यसै नीति, सिद्धान्त तथा कार्यक्रमका साथ फेरि सफलतापूर्वक अगाडि बढ्छौँ ।

देशका आवश्यकता, समयको माग, जनताका चाहना पूरा गर्नका लागि हामीलाई सशक्त संगठन चाहिन्छ । हामीसँग सशक्त संगठन छ । त्यस संगठनको लडाईँको आजको मुख्य मोर्चा संसदीय पाटो भएको छ । हामीसँग स्थानीय तहका ७ सय ५३ निकायहरू छन् । ती निकायहरूमा

३५ हजार जनप्रनिनिधिहरू छन् । त्यसमध्ये १४ हजारभन्दा बढी नेकपा (एमाले) एक्लैका छन् । हाम्रा ७ ओटा प्रदेशमध्ये प्रदेश नं २ मा हामी दोश्रो शक्ति छौँ अर्थात् प्रदेश नं २ मा हामी प्रमुख प्रतिपक्षमा छौँ । अरू ठाउँमा हामी सत्ता पक्ष नै हौँ । हामीले कतिपय ठाउँमा तालमेलको क्रममा नेकपा (माओवादी केन्द्र) लाई छोडेका छौँ । प्रदेश नं १, प्रदेश नं ३ र प्रदेश नं. ६ मा हाम्रो एकल बहुमत छ । बाँकीमा सर्वाधिक मजवुत र सुदृढ स्थिति छ । हामी सहकार्यका साथ अघि बढिरहेका छौँ । हामी केन्द्रीय तहमा सरकार गठन गरिरहेका छौँ । त्यसैगरी संघीय तहमा पनि तालमेलका साथ काम गरिरहेका छौँ ।

यतिखेर देशलाई विकास चाहिएको छ, समृद्धि चाहिएको छ र जनतालाई सुख चाहिएको छ । हाम्रो उद्देश्य देशका सबै ठाउँमा प्रभावकारी र उपलब्धिमूलक सरकार बनाउने रहेको छ । हामी राष्ट्रियता, लोकतन्त्र, लोकतान्त्रिक मूल्य-मान्यता, पारदर्शिता, स्वच्छतालगायतका कुराहरूमा दृढ छौँ । आफ्नो आचरणलाई हामी बिल्कुलै लोकतान्त्रिक, पारदर्शी, स्वच्छ र उत्तरदायी बनाउँछौँ । हामी कानूनको राज र सुशासनको प्रश्नमा सम्झौता गर्दैनौँ । यो सरकारले भ्रष्टाचारलाई बिल्कुलै सहन सक्दैन । हाम्रै नेतृत्वमा सरकार बन्दा पनि स्वच्छता कामय गर्न सकिएन भने कसले स्वच्छता कायम गर्छ भनेर हामीले अपेक्षा गर्ने ? त्यसकारण हामी स्वच्छता कायम गर्छौँ । प्रशासनमा अब भ्रष्टाचार र ढिलासुस्ती हुन दिँदैनौँ । जनताले समयमा सेवा पाउन नसक्ने कुरा अब हुन सक्दैन । हामी यस्ता कामहरूलाई अत्यन्त स्पष्टताका साथ अगाडि बढाउँछौँ ।

हाम्रा कतिपय माननीय सांसदहरूले यसअघि पनि काम गरिसक्नु भएको छ । उहाँहरूलाई कानूनहरू कसरी निर्माण हुन्छन्, संसदीय अभ्यास कसरी चल्छजस्ता कुराहरूको जानकारी छ । त्यसमा अभ्यस्त हुनुहुन्छ । कतिपय सांसद नयाँ हुनुहुन्छ । सबैजनालाई कसरी काम गर्ने भन्ने सम्बन्धमा हामी प्रशिक्षणको व्यवस्था गर्छौँ, दिशा निर्देश गर्छौँ । माननीयहरूले के विचार गर्नुपर्छ भने सदनमा आउने, हाजिर हुने र फर्किने होइन । हामी कुन विषयमा छलफल गर्दैछौँ, केमा छलफल गर्दैछौँ,

त्यसमा आवश्यक सन्दर्भ सामग्री केके हुन्, त्यसको हामी कसरी तयारी गर्छौं र त्यस विषयमा केकसरी प्रस्तुत हुने हो ? संसदीय दलका सबै सदस्यहरूलाई तत्सम्बन्धमा निर्देश जारी गरिन्छ, ह्विप जारी गरिन्छ । हामी प्रमुख सचेतक तथा सचेतकमार्फत ह्विप जारी गर्छौं । त्यो ह्विप आदेश हो । ह्विपको पालना गर्नु कर्तव्य हो । त्यस अनुशासनमा हरेक माननीयले बस्नैपर्छ । कसैलाई कुनै विषयमा केही लागेको छ भने तपाईँहरू आफूलाई लागेको कुरा नेतृत्वसँग भन्नोस्, बैठकमा भन्नोस् तर जे आदेश हुन्छ, जे ह्विप हुन्छ त्यसअनुसार नै निर्णय गर्नुपर्छ । भोट हाल्दा त्यहीँ हाल्नुपर्छ । विचार व्यक्त गर्दा त्यसैगरी गर्नुपर्छ । कतिपय सांसदहरू विदेश गएको पनि थाहा नहुने, कहाँ के गर्दैछ थाहा नहुने खालको स्थिति हुनुहुन्न । परिस्थितिअनुसार औपचारिक ढंगले छुट्टी लिएरमात्रै विदेश जानुपर्छ । जिल्लातिर जाँदा, आफ्नो कार्यक्षेत्रमा जाँदा सचेतकलाई जानकारी गराउनु पर्छ । यी कुराहरू पालनाका लागि हामी स्पष्ट व्यवस्था गर्ने छौँ । हाम्रो दलमा मोटामोटी रूपमा पूर्ण जनवाद हुन्छ, लोकतान्त्रिक अभ्यास हुन्छ ।

संसदीय मोर्चालाई पार्टीले निरन्तर निर्देश गर्छ भन्ने कुरा तपाईँहरूले बुझ्नुपर्छ । यो कार्यान्वयन गर्ने ठाउँ हो । हामी राष्ट्र निर्माणको एउटा महाअभियानमा छौँ । यस महाअभियानलाई सफल पार्नका निम्ति हामीले चुनावी तालमेल पनि गऱ्यौँ । पार्टी एकता पनि गर्ने भनेर घोषणा गरिसकेका छौँ । कहिले-कहिले समस्याहरू देखापर्छन् । समस्यासँग कहिल्यै पनि भाग्दैनौँ, समाधान गर्छौँ । चुनौती देखेर तर्सिने छैनौं । चुनौती आउँछन्, सामना गर्छौँ, पराजित गर्छौँ र सफलतामा अगाडि बढ्छौँ । सफलताका लागि हामी सही नीतिका साथ एउटै दिशामा हिँड्छौँ ।

म तपाईँहरूलाई आग्रह गर्न चाहन्छु - पहिरनको सवालमा सानो र संकीर्ण सोच राख्ने कुरा होइन । तर कहाँ जाँदा कुन पहिरन लगाउने, अवस्थाअनुसार कस्तो पहिरन उचित हुन्छ भन्ने कुरा सोच्नु पर्छ । भोजमा जाने बेलामा दिदीबहिनीहरूले बेग्लै कपडा लगाउँछन्, मेकअप

बेग्लै खालको हुन्छ । त्यस्तै पूजाआजा, धार्मिक कार्यक्रम छ भने छुट्टै पहिरन हुन्छ । मलामी जाँदा गहना लगाएर तडक-भडकका साथ कोही जाँदैन । जुन समय र परिस्थिति छ त्यही अनुसार मिल्दो हुनुपर्छ । जनताले छानेका प्रतिनिधिहरू बसेर देशको भविष्य फैसला गर्ने सम्बन्धमा छलफल र निर्णय गर्ने गरिमामय ठाउँमा जाँदा 'झमझम इस्टकोट' गर्दै जान अलिकति मिल्दैन । हात्तीछाप चप्पल फट्याकफट्याक गर्दै हिँड्दा सुहाउँदैन । माननीयहरूलाई कपडा, जुत्ता किन्ने पैसा संसदले दिएको हुन्छ । मर्यादित पोशाकमा मर्यादित ढंगले आउनु पर्छ । हामीले यतिबेला केमाथि आक्रमण भइराखेको छ भन्ने बुझ्नुपर्छ । त्यसकारण म आग्रह गर्न चाहन्छु - दौरासुरवाल, कोट, टोपी र जुत्तासहित आउनोस् । महिला दिदीबहिनीहरू पनि मर्यादित पोशाकमा आउनोस् । सकेसम्म साडीचोलोमा आउनोस् । साडीचोलोबाहेक दुनियाँमा अरू मर्यादित पोशाक हुँदैन भन्ने होइन, छ तर हाम्रो समाज कस्तो छ, त्यसलाई ध्यान दिनुपर्छ । हामीले जनताले मन पराउने काम गर्नुपर्छ, मन नपराउने काम गर्नु हुँदैन । हाम्रा सांसदहरूले अमर्यादित पोशाक लगाएको जनताले मन पराउँदैनन् । जनताले आफ्ना प्रतिनिधि मर्यादित ढंगले चलेको मन पराउँछन् । हामीले यस्ता पक्षहरूमा ध्यान दिनुपर्छ ।

अब तपाईँहरू सांसद भइसक्नुभयो, माननीय हुनुभयो । लोगो पनि लगाएको हुनुपर्‍यो । बाटोमा हिँड्नेले पनि चिन्ने खालको हुनुपर्‍यो । तपाईँहरूको ध्यान यतापट्टि जाओस् । मुख्यरूपमा, विषयगतरूपमा आफ्नो बुझाइले कमाण्ड गर्ने गरी अध्ययन गर्ने बानी बसाल्नोस् । कुनै प्रकारको दुर्व्यसनले फाइदा गर्दैन भन्ने कुरा तपाईँहरूलाई थाहै छ । हरप्रकारले हामी आफ्नो महासंकल्पमै केन्द्रित हुनुपर्छ ।

●

फागुन ३, २०७४

सन्दर्भ : तत्कालीन नेकपा (एमाले) को संसदीय दलको बैठक

मदानी घुम्छ, नेती वरपर सर्छ

हामीले हाम्रा उद्देश्य र हाम्रा काँधका अभिभाराहरूलाई प्राथमिकतामा राख्नुपर्छ । ती उद्देश्य र अभिभारा प्राप्त गर्नको लागि हामी कस्ता तरिकाहरू अबलम्बन गर्छौं ती कुराहरू महत्वपूर्ण हुन्छन् । त्यसका निम्ति हामी कति सक्रियतासाथ काम गर्छौं त्यो अर्को महत्वपूर्ण कुरो हो ।

हामी हरेक व्यक्ति जिम्मेवार हुनुपर्छ । आफूले जिम्मोवारी पाएको ठाउँको उपलब्धि वा सफतलासँग जोडेर आफूलाई हेर्नुपर्छ । उदाहरणको लागि प्रदेश

संयोजक कोही भयो, नेता महान् नै छ तर परिणाम शून्य भयो भने के हुन्छ ? प्रमुख कुरो त परिणामले उक्त काम उपलब्धि वा प्रगतिउन्मुख छ भनेर देखाउनुपर्‍यो । यदि त्यस्तो भइरहेको छैन भने हेर्नुपर्छ, काम गर्ने तरिकालाई सच्याउनुपर्छ र हरेक कामलाई उपलब्धिमूलक बनाउनु पर्छ ।

पार्टीले न्याय क्षेत्र र कानूनी क्षेत्रलाई उपेक्षा गरेको छ भन्ने भनाइ पनि सुनिँदैछ । यो २००६ सालको कुरा हो कि, अझै पहिलाको कुरा हो ? अहिलेकै कुरा गरेको हो भने त त्यो युक्तिसंगत कुरा होइन । न्याय वा कानूनी क्षेत्रलाई पार्टीले उपेक्षा गरेको छैन र त्यो पुष्टि पनि हुँदैन । संविधान बनाउने कुरामा यसै क्षेत्रका मान्छेले नेतृत्व गरेको उदाहरण छ । संसदीय संवैधानिकसभाको यसै क्षेत्रका मान्छेले नेतृत्व गरेको कुरा पनि जगजाहेर नै छ । कानूनमन्त्री यसै क्षेत्रका मानिस हुनुहुन्छ । महान्यायाधिवक्तामा कानूनी क्षेत्रका मान्छे राखिएको छ । २०७० सालभन्दा यताको कुरा हामीले हेर्‍यौँ भने यस अवधिमा जिम्मेवारी दिएका मान्छेहरूले उपलब्धिपूर्वक काम गरेको मैले पाएको छ, चाहे संविधानसभाका अध्यक्षको कुरा होस्, चाहे कानूनमन्त्रीको कुरा होस् । अथवा महान्यायाधिवक्ताको कुरा नै किन नहोस् । उहाँहरूलाई यसै क्षेत्रका भनेर नै प्रतिनिधित्व गराइएको हो । तथापि साथीहरूले जेजस्ता सुझावहरू राख्नुभएको छ ती महत्वपूर्ण छन् ।

हामी अहिले विशेषज्ञताको जमानामा छौँ । यो विज्ञान र प्रविधियुक्त आधुनिक जमाना हो । कसैले कुनै एउटा क्षेत्रको शब्दावली नै बुझेको छैन, त्यही नै व्यक्तिलाई त्यस क्षेत्रको जिम्मेवारी दिइयो भने त्यसले के काम गर्छ ? अझ शब्दावलीमात्रै होइन त्यसभित्रका अन्तर्निहित पक्षसँग परिचित र त्यसभित्रको समुदायसँग पनि राम्रोसँग व्यवहार गर्नसक्ने व्यक्ति नै त्यसक्षेत्रको जिम्मेवारीमा रहनुपर्छ । अन्यथा काम हुँदैन ।

साथीहरूले जुन ध्यानाकर्षण गराउनु भएको छ त्यो ठीकै छ । त्यसलाई पार्टीले ध्यान दिइआएको छ । त्यसलाई सरकारले पनि ध्यान दिन्छ । कानूनी क्षेत्र 'सेमी-टेक्निकल' जस्तो छ । यो साइन्सको जस्तो

वा अरू 'टेक्नोलोजी' को 'फिल्ड' जस्तो 'टेक्निकल' पनि होइन । यो लगभग सेमी-टेक्निकल जस्तै नै हो । हाम्रा केही सीमाहरू छन् । अहिले पनि हामीले वामपन्थी तालमेल गरेका छौँ । पार्टी एकता भइसकेको छैन । तालमेलसहित अगाडि बढ्नु छ । तालमेलसहित अगाडि बढ्दा वा मेल गर्दा कहिलेकाहीँ ताल मिल्दैन, ताल खुस्किन्छ । यस्ता पक्षहरूलाई बुझेर हामी अगाडि बढ्दैछौँ । कानूनी क्षेत्रका साथीहरूले यो स्थितिलाई पनि बुझिदिनु पर्ने भएको छ ।

आज नेपालको न्यायिक क्षेत्र यति खुलेआम भएको छ कि यसलाई उधुम नै भएको मान्दा पनि हुन्छ । एककिसिमको उधुम नै भएको छ । कतिपय संस्थाहरू यस्ता हुन्छन् जो मर्यादामा चल्छन्, आदर्शमा चल्छन् र विश्वासमा चल्छन् । त्यस्ता ठाउँमा कहिले केही भैहाले पनि, मानिस ईश्वर होइन, भुलचुक भयो होला भनेर मनसायमाथि प्रश्न नउठाउने स्थिति पनि रहनसक्छ । तर विश्वासमा चल्नुपर्ने, आदर्शमा चल्नुपर्ने संस्थाहरू नियतवश नै त्यसरी चलेनन् भने के होला ? त्यस्ता संस्थाहरू सडकका आलोचनाका विषय हुने गरेका छन् । यो राम्रो कुरा होइन । आफ्ना मान्छे नियुक्त गर्ने, आफूसँग सहमत नभएकाहरू नियुक्त भएका छन् भने तिनीहरूलाई भटाभट बर्खास्त गर्ने खालका जुन अभ्यासहरूको रस्साकस्सी हुन्छ, त्यसले पनि फरक पार्छ । गाउँघरतिर मोही पार्दा एउटा हात वर आउँदा अर्को हात पर जान्छ । त्यस्तै आज बस्छ, सिध्याउँछ रे, भोलि सिध्याउँछ रे ! मदानी घुम्छ अनि नेती वरपर सर्छ नि, त्यस्तै । कहिले को बर्खास्त, कहिले कसको नियुक्ति । फलानो त बिदा लिएर बस्यो अरे अनि फेरि हाजिर भयो अरे । फलानो त अदालत पुग्यो अरे । यस्ता तमासा जुन सुनिन्छ र देखिन्छ, राम्रो लक्षण होइन ।

लोकतन्त्रमा राज्यका तीनओटा अंगमध्ये एउटा अंग कार्यकारी हुन्छ । त्यो अलि बलशाली हुन्छ । त्यसलाई शक्ति र अधिकार दिइएको हुन्छ । काम गर्नका लागि त्यो शक्तिको दुरुपयोग नगरोस् भनेर अर्को अंग बनाइएको हुन्छ - न्यायालय । सन्तुलन र नियन्त्रणका लागि स्वतन्त्र हैसियतको मान्यता राखेर न्यायालयको व्यवस्था गरिएको हुन्छ ।

त्यसको निणर्य निष्पक्ष हुन्छ भन्ने मान्यता राखिन्छ । त्यसैकारण तराजु समातेको चित्र बनाउँदा पनि पट्टी बाँधेको राखिन्छ । तराजु समाउँदा को छ मेरो अगाडि भनेर हेरिँदैन । यताको कि उताको भनेर छुट्याउन सकिन्न । आफ्नो अगाडि को छ भनेर नदेख्ने बित्तिकै त्यहाँ पक्षपातको कुरा हुँदैन । कसैको अनुहार नदेख्ने वा नचिन्ने कुराको संकेत हो - निर्णय निष्पक्ष गर । तर पट्टीको मान्यतामा नरहेपछि स्थिति अर्कै हुन्छ । आफ्ना मान्छे नियुक्त गर्न मरिमेट्ने । आफ्ना भएनन् भने हटाउन मरिमेट्ने । पट्टी छैन, अझ 'पावर एड' गरेर, लेन्स लगाएर हेर्ने खालको भएपछि न्याय प्रदूषित हुने अवस्था बन्नसक्छ । जुन हुनु हुँदैन ।

हामी चाहन्छौँ न्यायालय स्वतन्त्र रहोस् । त्यसैकारण शक्ति पृथकीकरणको सिद्धान्त बनेको हो । सन्तुलन-नियन्त्रणको सिद्धान्त बनेको हो । अदालत सम्मानित होस् । हामी अदालतलाई सम्मान गर्न चाहन्छौँ, सम्मान गर्छौँ । करबल र जबरजस्तीको सम्मानमात्र होइन, जनताले मनैदेखि विश्वास गरुन्, सम्मान गरुन्, त्यसप्रति आस्था राखुन् । यसको धेरै ठूलो अर्थ छ, धेरै ठूलो महत्व छ ।

अब हामी राजनीतिक आन्दोलनबाट विकासतर्फ अगाडि बढ्दैछौँ । देश र जनताको चाहना पनि त्यही हो र अहिलेको आवश्यकता पनि त्यही नै हो । समयको माग पनि अब त्यतापट्टि गएको छ । आर्थिक उन्नतितर्फ, विकासतर्फ, समृद्धितर्फ देश जानुपर्छ भनेर हामी लागिरहेका छौँ । यो अवस्थामा सदृढ र स्थायित्वसहितको सरकार शान्तिपूर्ण वातावरणमा सही दिशामा अगाडि बढ्न सकोस् । राज्यका सबै अंगहरू, सबै निकायहरू आआफ्नो ठाउँबाट आजका आवश्यकता र अभिभाराप्रति सजग होऊन् र त्यसैअनुसार अगाडि बढुन् । सबै अंगहरूले त्यसअनुसार काम गरुन् । यसका निम्ति लोकतन्त्रका मूल्य-मान्यताको सम्मान गर्ने, पारदर्शिता अपनाउने, स्वच्छता कायम गर्ने र उत्तरदायी हुने भावना सबैमा आवश्यक छ ।

आज हाम्रा अगाडि चुनौतीहरू पनि छन् । चुनौतीहरूको सामना गर्न नसक्ने होइन, हामी सामना गर्न सक्छौँ । तर कति इमानदार ढंगले,

कतिको एकताबद्ध भएर, कति सक्रियताका साथ अगाडि बढ्छौँ, त्यसमा भर पर्छ । हामी एकताबद्ध भएर, एउटै स्वरमा अगाडि बढ्यौँ भने कुनै पनि चुनौती हाम्रा लागि बाधा बन्न सक्दैन ।

बुद्धिजीवीले धेरै कुरा बुझेका हुनसक्छन् । गाउँघरका जनता बुद्धिजीवी जति जागरुक र सचेत नहुन पनि सक्छन् । तर पनि गाउँघरका जनताले मोटामोटी कुरा बुझ्ने गरेका छन् । गाउँका जनताले जसरी देशलाई बुझ्ने गरेका छन् र देशलाई माया गर्छन्, त्यही कुरा पढेलेखेका बुद्धिजीवीले बुझ्ने गरेका छन् कि छैनन् ? त्यसैले कसले कुन कुरालाई कुन मात्रामा बुझेको छ त्यसलाई पनि ख्याल गर्नुपर्ने हुन्छ । इमान छोडेर कुद्नेहरूको कुदाइ कता छ, त्यसलाई पनि हेर्नुपर्ने हुन्छ ।

मैले एकपटक बोल्दा संसदमै पनि एउटा प्रसंग उठाएको थिएँ । प्रसंग थियो - सत्यको पक्ष र संलग्नताको पक्ष । कहिलेकाहीँ आग्रह र संलग्नताले मान्छेलाई धेरै पर पुऱ्याउँछ । संलग्नताले सत्यको विरोधमा पुऱ्याउँछ । सत्यको विरोध गर्दागर्दै आफ्नै सन्तानको विरोधमा पुऱ्याउँछ । आफैँ बसेको धर्तीको विरोध, आफ्नै देशको विरोध गर्ने स्थानमा पुऱ्याउँछ । आफैँले भन्दै आएको लोकतन्त्रको विरोध गर्ने अवस्थामा पुऱ्याउँछ । केहीकेही बुद्धिजीवीका लेख-टिप्पणी हेऱ्यौँ भने त्यस्तै लाग्छ । संलग्नतालाई निकै महत्व दिइएको पाइन्छ । उनीहरू कतै संलग्न भएको हुनाले नै होला, अनुचित कुरा बोकेर, त्यही अनुचित कुराको पक्षपोषण गरेर हिँड्नु परेको छ । कतिपय अवस्थामा सत्यलाई कसरी ढाकछोप गर्ने, सत्यलाई कसरी अस्वीकार गर्ने र सत्यलाई कसरी तिरस्कार गर्ने भन्ने कुरामै तिनको ध्यान गएको देखिन्छ । यस्ता कुरालाई सच्याउने पनि तरिका हुन्छ । त्यस्ता कुरालाई हाम्रा विचारहरूमार्फत नै सच्याउन सकिन्छ । हामीले विचार दिनुपऱ्यो, हामीले बोलिदिनुपऱ्यो, हामीले लेखिदिनुपऱ्यो र तर्क दिनुपऱ्यो । हामीले कम तर्क दिने, कम बोल्ने तर उनीहरूले चाहिँ बोल्याबोल्यै गर्ने र लेख्यालेख्यै गर्ने स्थिति भयो भने सत्यलाई स्थापित गर्न कठिन हुन्छ । सत्यलाई स्थापित गर्न सत्यका पक्षधरहरू पनि सक्रिय हुनुपर्छ । त्यसो भएमा नै सही गन्तव्य पहिल्याउन सजिलो हुन्छ ।

केही प्रवृत्तिहरू छन्, जो हानिकारक छन् । कसैमा गलत विचार होला । तर पनि एउटा समूहमा बसेपछि, त्यस समूहमा बसुन्जेलसम्म गलत नै भएपनि त्यसको विरुद्धमा नजानेर पुष्टि गर्ने गरिरास्छ कसैले । हाम्रो पार्टी लोकतान्त्रिक पार्टी हो । लोकतान्त्रिक पार्टी भनेपछि सफलतापूर्वक अगाडि बढिराखेको विचारलाई पनि कसैले अस्वीकार गरिराखेको हुन्छ त्यहीँ बसेर । नेकपा (एमाले) भित्र अहिले एउटा प्रवृत्ति छ । एमालेलाई सफलतामा पुऱ्याउने विचारका विरुद्धको प्रवृत्ति । जुन विचारले कम्युनिष्ट आन्दोलनलाई नेपालमा सफल बनायो, त्यही विचार 'फेजआउट' भइसक्यो भन्नेहरू पनि एमालेभित्रै भेटिन्छन् । सफल विचारको प्रतिफल खाएर त्यसैको विरोध गर्ने प्रवृत्ति हानिकारक छ । त्यो प्रवृत्ति भनेको सही छुट्याउन नसक्ने, फेद न टुप्पोको नक्कली 'लाइसेन्स' वाला प्रवृत्ति हो ।

हामीले उम्मेदवार छान्न पाएनौँ भन्ने प्रतिक्रिया कतिपय साथीले दिनुभएको छ । तर जो उम्मेदवार भयो त्यसलाई किन भोट हाल्नु भएन ? उम्मेदवार छान्न पाउनु भएन होला तर भोट त हाल्नुपर्‍यो नि होइन ? उम्मेदवार छान्न पाइएन भनेर अर्कोतिर भोट त हाल्न पाइएन । हामी कहिलेकाहीँ आवेश र उत्तेजनामा हुन्छौँ । कसैसँग रीस त उठ्छ तर जथाभावी रीस पोख्न थालियो भने त्यसको परिणाम आफैँले भोग्नुपर्ने हुन्छ । 'त्यसलाई म देखाइदिन्छु' भन्दा त्यसले त देख्ला तर त्यसले भन्दा बढी आफैँले देख्नुपर्ने हुन्छ । तसर्थ आवेश, उत्तेजना र भ्रमवश काम गर्ने कुराबाट हामी मुक्त हुनुपर्छ । हामीसँग सहनशीलता र उदारता पनि चाहिन्छ ।

म साथीहरूलाई आग्रह गर्न चाहन्छु - छलफललाई आग्रहरहित ढंगले चलाउनोस् । गुटबन्दीको कुनै आवश्यकता छैन । माथिदेखि तलसम्मै गुटबन्दी गर्नुपर्ने कुनै आवश्यकता छैन । स्वस्थ तरिकाले संगठन चलाउँदा राम्रो हुन्छ । हामी हरेक क्षेत्रमा स्वस्थतातर्फ जानुपर्छ ।

●

फागुन ५, २०७४

सन्दर्भ : तत्कालीन नेकपा (एमाले), कानून विभागको अन्तर्क्रिया

सहमति र एकताको समय

संविधानको कार्यान्वयनको सन्दर्भमा निर्वाचनको माध्यमबाट जनताको मतअनुरुप सरकार बनेको छ । यस सदनमा म पहिलोपटक बोल्दैछु । त्यसकारण म सबै माननीयहरूमा हार्दिक बधाई भन्न चाहन्छु र कार्यकालको सफलताका लागि शुभकामना पनि दिन चाहन्छु । तपाईँहरू सबैको कार्यकाल सफल रहोस् ।

अहिलेको सरकार जनताका इच्छा-आकांक्षा पूरा गर्नका लागि बनेको हो । त्यसका लागि सम्पूर्ण

जनप्रतिनिधिलाई जनताका भावनालाई अग्रभागमा राखेर प्रस्तुत हुन अनुरोध पनि गर्दछु । यसबाट सबैलाई आफ्नो कार्यकाललाई सफल बनाउने अनुकूलता पनि मिल्ने छ ।

गएको आमनिर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले चुनावी तालमेलका साथ आफूलाई प्रस्तुत गरे । त्यस तालमेलले सफलता पनि प्राप्त गऱ्यो र अहिले सरकार पनि बनिसकेको छ । हामी देश र जनताका निम्ति लामो समयको बलिदानपूर्ण संघर्ष गरेर आएका हौँ । हाम्रो प्रतिबद्धता देशप्रति छ, जनताप्रति छ । गरीब र दुःखी नेपालीलाई सुखी बनाउने दायित्व हामीले बोकेका छौँ । हाम्रो उत्तरदायित्व मानवजातिप्रति छ, यस धर्ती र यसको भविष्यप्रति छ । हामी अन्तर्राष्ट्रिय समुदायका अंग पनि हौँ । अन्तर्राष्ट्रिय समुदायप्रति हाम्रो जवाफदेहिता छ । हामीले जारी गरेको साझा चुनावी घोषणापत्रमा हाम्रा नीति तथा उद्देश्यहरू स्पष्ट छन्, गन्तव्य स्पष्ट छ, बाटो स्पष्ट छ ।

हामी हाम्रो देशको राष्ट्रियतालाई सबल बनाउन चाहन्छौँ । यो राष्ट्र जसरी हाम्रा पुर्खाहरूले निर्माण गरे, जसरी बचाएर राखे, जसरी विश्वका ठूलाठूला देशहरू उपनिवेश हुँदा पनि हाम्रो देश स्वतन्त्र रह्यो, यो सानो कुरा होइन । गौरव गर्न लायकको कुरा हो । यस गौरवलाई स्मरण गरेर हाम्रो सार्वभौमसत्ता, हाम्रो स्वाधीनता, हाम्रो भौगोलिक अखण्डता, हाम्रा राष्ट्रिय हितहरू र हाम्रो राष्ट्रिय स्वाभिमानलाई माथि उठाउने गरी हामी काम गर्छौँ । हाम्रो चुनावी घोषणपत्रको प्रतिबद्धतामा तलमाथि हुँदैन ।

हामी लोकतन्त्रका लागि लडेर आएका हौँ, लोकतान्त्रिक गणतन्त्रका लागि लडेर आएका हौँ । हामीले नेपाललाई जनताका अधिकार, अवसर, सुरक्षा र सम्मानको सहज प्राप्ति र उपभोगको लागि संघीय लोकतान्त्रिक गणतन्त्र उपयुक्त हुन्छ भन्यौ र त्यही गऱ्यौँ । समावेशी समानुपातिक सिद्धान्तमा आधारित लोकतन्त्र उपयुक्त हुन्छ भनेर लोकतन्त्रका आधारभूत मूल्य-मान्यताहरूमा प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्र, शक्ति पृथकीकरणको सिद्धान्त, स्वतन्त्र न्यायपालिका लगायतका

आधारभूत कुराहरूलाई संविधानमा समावेश गरेका छौँ । यी बाहेकका लोकतान्त्रिक पक्षहरू कतिपय देशमा होलान्, कतिपयमा नहोलान् । हामीले यी कुराहरूलाई पनि समावेशिता, संघीयता, समानुपातिक प्रतिनिधित्व, समुचित प्रतिनिधित्व र त्यसका निम्ति आवश्यक पर्ने कुराहरू पनि सामेल गरेका छौँ । आवधिक निर्वाचन र सम्मानित प्रतिपक्ष हाम्रो लोकतन्त्रको गहना हो । अन्तर्राष्ट्रिय रूपमा लोकतन्त्रभन्दा जे बुझिन्छ त्यसका आधारभूत मूल्य-मान्यतासहितको लोकतन्त्र हामीले भनेका छौँ । लोकतन्त्रलाई हामीले खालि राजनीतिक स्वतन्त्रता वा स्वतन्त्रताका हकसम्ममात्रै सीमित गरेका छैनौँ । लोकतन्त्रलाई हामीले समग्र सामाजिक जीवन वा जनताको जीवनसँग सम्बन्धित सबै पक्षसँग जोडेर अँगाल्ने काम गरेका छौँ । जनताको जीवनलाई सकारात्मक परिवर्तन, अनुकूल परिवर्तन दिनसक्ने, समस्याबाट मुक्त गर्नसक्ने, अधिकारलाई अधिकारमात्रै होइन, उपभोग गर्ने हैसियतमा पुऱ्याउने लोकतन्त्रको रूपमा हामीले हाम्रो लोकतन्त्रलाई लिएका छौँ । हामीले आत्मसात गरेको लोकतन्त्रमा स्वतन्त्रताको हकमात्रै होइन, त्यसको उपभोगको उपलब्धता पनि हुन्छ । अर्थात् हामी आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा समेत लोकतन्त्र संस्थागत गर्न चाहन्छौँ । यस व्यापक र बृहत् अर्थमा मान्छेका आस्थाहरू, विश्वासहरू तथा तिनको सम्मानमा ध्यान दिनेसम्मका विषय लोकतन्त्रका मान्यता हुन् । विभिन्न पेशा, व्यवसाय, विभिन्न आस्था तथा विश्वास, विविधतायुक्त भूगोलमा बसोबास गर्ने नेपाली जनता हिजो सामन्तवादले गरेका विभेदका कारण विभाजित रह्यो । हामीले संविधानमा ती विभेद तथा असमानताको अन्त्य गर्ने र समतामूलक समाजको स्थापना गर्ने व्यवस्था गरेका छौँ । हाम्रो जस्तो विविधतायुक्त देशमा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र विविधतायुक्त समाजलाई सही ढंगले अगाडि बढाउने हो भने एकअर्कामा समझदारी राख्नु, एक अर्कालाई बुझ्नु, एकअर्कामा स्नेह सद्भाव राख्नु, एक अर्काको भावना, संस्कार, संस्कृतिसमेतलाई सम्मान गर्दै अघि बढ्नु र सामाजिक सद्भावसहित राष्ट्रिय एकतामा जोड दिनुको अर्को विकल्प छैन । अहिलेको सरकारका मूलभूत नीति यिनै हुन् ।

हामी शान्ति चाहन्छौँ । समाजमा शान्ति तथा स्थायित्व भएमात्रै हामी विकास गर्न सक्छौँ । सामान्यतया लोकतन्त्रमा हामी पक्ष-प्रतिपक्ष हुन्छौँ तर अहिले हामी सामान्य अवस्थामा छैनौँ । अहिले पक्ष र प्रतिपक्ष भएर 'सरकार हुँ' भन्ने दम्भ देखाउने सुविधा छैन । प्रतिपक्षलाई म अनुरोध गर्न चाहन्छु - यदि कुरा बुझ्ने हो भने 'प्रतिपक्ष हुँ, जसरी पनि विरोध गर्नुपर्छ' भनेर अलमलिने पनि सुविधा छैन । देशलाई अगाडि बढाउने हो भने हामी एकताबद्ध भएर सहमतिका साथ नै अगाडि बढ्नुपर्छ । सरकारमा दम्भ हुनुहुँदैन, प्रतिपक्ष पनि सहयोगी हुनुपर्छ । मेलमिलापका साथ हामी समृद्धिको अभियानमा अगाडि बढ्नुपर्छ । यस अभियानको अगुवाइ सत्तापक्षले गर्ला, सरकारले गर्ला, प्रधानमन्त्री भएको हुनाले मैले गर्नुपर्ला तर यो सरकार वा सत्तापक्षको मात्रै अभियान होइन । यो अभियान राष्ट्रिय विकासको अभियान हो । यो अभियानमात्र पनि होइन, महाअभियान । यो हामी सबैको महाअभियान हो ।

हाम्रो समाज कयौँ सन्दर्भमा पछौटे अवस्थामा छ भन्ने अनेक दृष्टान्त छन् । अस्ति ८ मार्चका दिन अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइरहेका बेला, महिलाहरूलाई समानअधिकार र अवसर सम्मान दिनुपर्छ भनिरहेका बेला, महिला सशक्तीकरणको आवाज उठिरहेका बेला, महिला र पुरुष एक रथका दुई पांग्राका ढंगले अगाडि बढ्नुपर्छ भनेर एउटा उत्सवको रूपमा, राष्ट्रिय उत्सवको रूपमा देश र दुनियामा खुशी मनाइरहेका बेला हाम्रो देशमा क्याम्पसमा पढ्ने एउटी चेलीलाई बोक्सीको आरोप लगाइयो । उनलाई मिथ्या, निराधार र आधारहीन आरोपमा खुलेआम समाजका अगाडि यातना दिएको खवर आयो । हामी कहाँ छौ ? जीवनका ठूला र सुन्दर सपनाहरू देखेर हुर्किदै गरेकी र कलेजमा पढ्दै गरेकी किशोरीमाथि यस्तो अत्याचार भैरहँदा समाज प्रतिवाद गर्दैन, हेरेर बस्छ । निर्दयता प्रकट गर्छ वा सहमति जनाउँछ । समाजको एक हिस्सा अन्धविश्वासले गाँजिएको छ । हामी त्यही ठाउँमा छौँ ।

देशको अवस्थालाई बुझेर सामाजिक जागरणदेखि शिक्षा, स्वास्थ्य, सञ्चार र कनेक्टिभिटीका क्षेत्रमा हामीले धेरै काम गर्नुपर्ने छ । हामीले अन्तर्राष्ट्रिय उत्तरदायित्व समेत निर्वाह गर्नु छ र हामी त्यसमा प्रतिबद्ध छौँ । हाम्रो व्यापार घाटा उच्च छ । हाम्रो उत्पादन न्यून छ । निर्यात कम, आयात उच्च । हाम्रो युवा शक्ति देशबाहिर छ । यी सबै कुराहरूको अन्त्यका निम्ति अहिले देशले एउटा अनुकूल वातावरण र समय पाएको छ । साझा घोषणापत्रमा उल्लेखित हाम्रा नीति, कार्यक्रम र उद्देश्यलाई जनताले समर्थन गरेका छन् । यो सरकार त्यही आधारमा बनेको छ । म व्यक्तिगत तवरमा संसदको प्रतिनिधिसभाको निर्वाचनको परिणामको बनावटबाट र त्यो बनाबट सिर्जना गर्ने दलहरूको प्रस्ताव, समर्थन र निर्णयबाट प्रधानमन्त्रीमा नियुक्त भएको छु । संविधानबमोजिम एक महीनाभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने व्यवस्थाअनुसार म यहाँ समर्थनको मत माग्न उपस्थित भएको छु ।

म माननीय सदस्यहरूलाई प्रधानमन्त्री हुनका लागि प्रधानमन्त्री भएको होइन भन्ने निवेदन गर्न चाहन्छु । म देशमा परिवर्तन ल्याउनका लागि प्रधानमन्त्री भएको हुँ । तपाईँहरूलाई साक्षी राखेर फेरि पनि यस रोस्टममा उभिएर बोल्नुपर्ने छ - भ्रष्टाचार गर्न म प्रधानमन्त्री भएको होइन । म भ्रष्टाचार गर्दिनँ, भ्रष्टाचार गर्न दिन्न । दमनकारी शासक हुन जनताले मलाई छानेको होइन । मलाई जनताको सेवक हुन छानेको हो र म सेवकको रूपमा काम गर्छु । यो सुशासन दिने सरकार हो । यो सरकार देशको सार्वभौमसत्ताको रक्षकका रूपमा रहन्छ, पालेपहरेदारका रूपमा रहन्छ । यो सरकार लोकतन्त्रको रक्षक र पालेपहरेदार बनेर उभिन्छ । यो सरकार राष्ट्रिय एकताको अभियन्ता बन्छ, विकासको अग्रणी हुन्छ, सदाचारको अभियन्ता बन्छ । त्यस्तो सरकारलाई विश्वास नगरेर यस गरिमामय संसदले अर्को कतापट्टि भोट हाल्ला ? म त अन्त भोट दिने ठाउँ देख्दिनँ ।

अब प्रतिपक्षले अप्ठ्यारो मान्नुपर्ने परिस्थिति छैन । हाम्रो देशमा पनि अभ्यास चलिसकेको छ प्रतिपक्षमा बसेर सत्तापक्षलाई विश्वासको

मत दिने । प्रदेश नं २ मा नेकपा (एमाले), र नेकपा (माओवादी केन्द्र) सरकारमा छैनन्, प्रतिपक्षमा छन् तर त्यहाँ उनीहरूले मुख्यमन्त्रीलाई विश्वासको मत दिएका छन् । विश्वासको मत दिन मिल्छ । संवैधानिक र कानूनी अप्ठ्यारा पर्छन् कि भन्ने कतै साथीहरूलाई नपरोस् । हाम्रै देशमा त्यो अभ्यास भैसकेको कुरा स्मरण गराउन चाहन्छु ।

हामीले समाजवादउन्मुख समाज निर्माण गर्ने भनेका छौँ । हामीले देशको पछाडि परेको हिस्सा वा असहाय, अशक्तसमेत सबैको रेखदेख गर्ने जिम्मा लिनु छ । यो जसले सक्छ त्यसले गरोस् होइन, नसक्नेका लागि पनि सरकार हो । यस्तो उर्वर देशमा कोही भोकले मर्नु हुँदैन, कोही भोकै पर्नु हुँदैन, कोही भिखमंगा हुनु हुँदैन । त्यसपछि मात्रै हाम्रो वास्तविक राष्ट्रिय गौरव बढ्छ । यसका निम्ति मैले काम गर्नेछु । त्यसकारण मलाई विश्वासको मत दिन म सम्पूर्ण माननीय सांसदहरूलाई आग्रह गर्छु ।

●

फागुन २७, २०७४

सन्दर्भ : प्रतिनिधिसभामा प्रधानमन्त्री पदको विश्वासको मतका लागि प्रस्ताव प्रस्तुत गर्दै

मिलेर देश बनाऔं

मैले संसदमा विश्वासको मतका लागि प्रस्ताव प्रस्तुत गरिरहँदा शुरुमै सरकारका मूलभूत नीति, लक्ष्य, उद्देश्य, गन्तव्य र संकल्पको सम्बन्धमा समेत संक्षिप्तमा भनिसकेको छु । अरू कुरा फेरि पछि पनि भन्दै जानेछु ।

सबैजसो दलले आमरूपमा जनताको बीचमा हुन्छौँ भनेको पाइयो । त्यो भनाइ नराम्रो लागेन, राम्रै लाग्यो । एउटा दलले भनेको त मैले पनि बुझिनँ । नेपाली कांग्रेसले प्रतिपक्षमा बस्छौँ भन्यो ।

प्रतिपक्षमा बस्छौँ भनेको केही साथीहरूले भोट दिन्नौँ भन्नुभयो कि के हो ? जे होस् आमरूपमा दलहरूले समर्थनमा आफ्नो विश्वास जाहेर गर्नुभयो, विश्वासको मत दिने स्पस्ट पार्नुभयो । म साथीहरूलाई हार्दिक धन्यवाद भन्न चाहन्छु ।

अहिलेको सरकारले लोकतन्त्र मास्ला, लोकतन्त्रका आधारभूत मूल्य-मान्यता समाप्त गर्ला भन्ने विश्वास कसैलाई छैन । राजनीतिमा प्रतिपक्ष भएपछि प्रतिपक्षको भूमिका निर्वाह गर्नका लागि भन्नैपर्ने हुन्छ । तर भन्न कति गाह्रो रहेछ भन्ने कुरा साथीहरूले बोलेको कुराबाट थाहा भयो । हामीहरू अभ्यास गर्दैछौँ । प्रतिपक्ष भनेपछि विरोध नै गर्नुपर्छ भन्ने भान पर्न गएको छ । नेपाली कांग्रेसका उपनेता तथा मेरा पुराना मित्रले शुरुमै बोल्दा गुण-दोषको आधारमा समर्थन गर्छौँ भन्नुभयो । सबै साँचो कुरा गर्न मन लाग्छ, फेरि नेपाली कांग्रेसको कुरा नगरी भएको छैन । बडो गाह्रो पऱ्यो उहाँलाई । उहाँलाई धन्यवाद छ । अभ्यासको क्रममा यस्तो हुन्छ । लोकतन्त्र मासिन्छ भन्ने कुराको चिन्ता यदि कहीँकतै, कुनै साथीलाई छ भने त्यस्तो चिन्ता बिल्कुलै नगर्नु भए हुन्छ । आधा शताब्दीभन्दा अगाडिदेखि हामी लडेर आएका छौँ । व्यक्तिगत तवरमा म आफैँ पनि आधा शताब्दीभन्दा बढी समय लोकतन्त्रका लागि लडेर आएको छु । त्यो कुरा मैले धेरै भनिरहनु पर्दैन ।

यो सरकार बनेको एक महीना पनि भएको छैन । यो समाजमा भएका पछौटेपन, विकृति, अन्धविश्वास यही सरकारले अस्ति रोपेर हतारहतारमा हुर्काएको जस्तो गर्ने गरिएको छ । कैलाली घटनाको सम्बन्धमा मैले कुनै बिलौना गाएको हैन, रुवावासी गरेको हैन । त्यो घटना थाहा पाउने बित्तिकै त्यसमा कडाभन्दा कडा कारबाही गर्नका लागि सरकारको तर्फबाट निर्देशन दिइएको छ । छोडेको मान्छे पनि फेरि गिरफ्तार गरिएको छ, अरू सम्बन्धित मान्छेहरूलाई गिरफ्तार गरिएको छ, बाँकीलाई पनि गिरफ्तार गर्ने आदेश दिइएको छ । कानून बमोजिम कोही पनि दण्डबाट उम्कन सक्दैन, अपराधबाट उन्मुक्ति पाउन सक्दैन ।

बैठकमा आउनुभन्दा अगाडि पनि मैले प्रधानमन्त्रीको हैसियतमा आफ्नो दृष्टिकोण पनि राख्वेको छु र निर्देशन पनि दिएको छु ।

त्यो घटना सरकारले गराएको होइन, सामाजिक पछौटेपनबाट त्यस्तो भैराख्वेको छ । त्यो सामाजिक पछौटेपन २५ दिन यताको मात्रै पछौटेपन होइन । यी कुराहरू अगाडिदेखिकै हुन् । अब सरकारले सामाजिक पछौटेपन अन्त्य गर्नका लागि प्रभावकारी कदम चाल्छ । सरकारले त्यस प्रकारका अपराधिक घटनाहरूलाई नियन्त्रण गर्नका लागि प्रभावकारी कदम चाल्छ ।

कुनै पनि बलात्कारका घटना वा सामाजिक अपराधका अन्य घटनाहरू, मानवताविरोधी घटनाहरूमा दण्डहीनता भन्ने कुरा हुँदैन । त्यो सह्य पनि हुँदैन । विभिन्न ठाउँमा हामीले सुन्याँ - दरबार मार्गमा बलात्कारका काण्ड हुन्छन्, ललितपुरमा बलात्कारका काण्ड हुन्छन्, मध्यस्थता जस्तो काम हुन्छ, मान्छे छोडिन्छन्, अपराधी छोडिन्छन् । अब त्यस्ता समय गए, त्यस्ता दिन गए । अब त्यस्तो हुन सक्दैन । अबको सरकारले कडाइका साथ काम गर्छ ।

मैले यही रोस्टमबाट धेरैपटक भनेको छु - संविधान अपरिवर्तनीय दस्तावेज होइन । तर गलत प्रचार गर्नेले प्रधानमन्त्रीले कुनै पनि हालतमा संविधान संशोधन गर्दिन भन्यो भनेर प्रचार गर्छन् । म फेरि पनि भन्छु - संविधान असंशोधनीय दस्तावेज होइन, अपरिवर्तनीय दस्तावेज होइन । दुनियाँभरि जहाँ पनि संविधान संशोधन हुनसक्छ । तर त्यसको आधार के ? हामीले सधैँ भनेका छौँ - समयको मागअनुसार, देश र जनताको आवश्यकताअनुसार, औचित्यका आधारमा संविधान संशोधन हुन्छ । लहडका आधारमा हुने त होइन होला ? कसैको जिद्दीका आधारमा त हुने होइन होला ? आग्रहका आधारमा हुने त होइन होला ? संविधान निर्माणका सन्दर्भमा दवाब समूहहरू थिए होलान्, स्वार्थहरू टकराए होलान् । ती स्वार्थहरू टकराउँदा आफ्ना-आफ्ना कुराहरूको पक्षपोषण हुनसक्छ, अलिकति तनावपूर्ण वातावरण बनेको पनि हुनसक्छ । हामी

सबैलाई थाहा छ - हामी लडाइँमा पनि रह्यौँ । द्वन्द्व पनि रह्यो । देशमा द्वन्द्व रहेन ? रह्यो । हतियार नै उठेनन् ? शिविरहरू नै खडा गर्नु परेन ? लडाईँबाट त हामी एकतामा आएका छौँ भने हिजोका भनाभनलाई आज सम्झिरहने ? लडाईँ त सकिसक्यो, भनाभन थियो भनेर त्यो सम्झिएर केही अर्थ छैन ।

मैले दुई तिहाइमात्र होइन, सबै साथीहरूको समर्थनको कुरा गरेको हुँ । समर्थनको अर्थ सरकारलाई खबरदारी नर्गर्नोस् भन्ने होइन । हामीसँग भएको आरामदायी बहुमत अथवा हामीलाई प्राप्त "दुई तिहाइ दम्भ"का लागि होइन । देश एकजुट छ भन्ने सन्देश जनतालाई दिन र सबै एकजुट भएर अगाडि बढ्नका निम्ति हो । यो सकारात्मक उद्देश्यका लागि हो, दम्भ प्रदर्शन गर्न होइन ।

प्रतिपक्षका माननीयहरूले पनि सुन्ने गरी भन्न चाहन्छु - म नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को चुनावी तालमेलपछिको परि स्थितिमा दुवै दलका तर्फबाट प्रधानमन्त्री छानिएको छु । यी दुई पार्टीको साझा चुनावी घोषणापत्र र समृद्ध नेपाल निर्माण गर्ने नीतिकै आधारमा म प्रधानमन्त्री भएको हुँ । तथापि म नेकपा (एमाले) को प्रधानमन्त्री होइन, एमाले र माओबादी केन्द्रको पनि होइन । म नेपालको प्रधानमन्त्री हुँ, नेपाली जनताले बनाएको प्रधानमन्त्री हुँ । त्यसै हिसाबले काम गर्छु । यस अर्थमा म एमालेको पनि प्रधानमन्त्री हुँ, माओवादी केन्द्रको पनि प्रधानमन्त्री हुँ, सम्पूर्ण नेपाली जनताको प्रधानमन्त्री हुँ ।

हामीले समस्याको गीतमात्रै गाएर हुँदैन । हामीसँग समस्याको समाधान गर्ने गीत पनि हुनुपर्छ । त्यो यस सरकारसँग छ । यो सरकार स्पष्ट लक्ष्य बोकेर, त्यसका लागि सुस्पष्ट गन्तव्य तोकेर, हिँड्ने बाटोसमेत स्पष्ट रूपमा तय गरेर अगाडि बढेको छ । हामीसँग स्पष्ट नीति, कार्यक्रम र योजनाहरू छन् । ढुंगा टिपेर फ्याँकेपछि जहाँ खस्छ त्यही मेरो निशाना भन्ने होइन । निशाना बनाएर सरकार हिँडेको छ । दुनियाले सुन्ने गरी म भनिरहेको छु - म आफूले बोलेका हरेक कुराको जवाफदेहिता लिन्छु ।

म कसैलाई एकछिनका निम्ति अल्मल्याएर, एकछिनका निम्ति राम्रा कुरा गरेर उम्किने हिसाबले प्रधानमन्त्रीको पदमा आएको होइन । प्रतिपक्षका एकजना माननीयले भन्नुभयो - 'हामी तपाईँहरूको चुनावी घोषणापत्र पढेर, कण्ठ पारेर आउछौँ र पटकपटक सवाल उठाउँछौँ ।' त्यो कुरा सुनेर अत्यन्त खुशी लाग्यो । हाम्रो त्यो चुनाबी घोषणापत्र बिहान-बिहान पाठ गरेर पारि तराँला भनेर बनाएको होइन, यो देश बनाउनको लागि बनाइएको हो । हामी पारि तर्ने कुरा होइन, वारि बसेरै देश बनाउने कुरा गरिरहेका छौँ । हामीले परलोकको कुरा गर्न खोजेको होइन, इहलोकको कुरा गर्न खोजेको हो, इहलोक बनाउने कुरा गरेको हो । एकजना माननीयले मलाई भन्नुभयो - तपाईँको आत्मविश्वास डरलाग्दो छ भनेर । म के भन्न चाहन्छु भने - कुनै बेला केही सिक्नका लागि गुरु नपाइन पनि सक्छ । तर पाइएन भने पनि परीक्षामा फेल हुन्न । म एकलब्य जस्तै आफ्नो परीक्षा पास गर्न चाहन्छु । एकलब्यले गुरु पाएका थिएनन् । तर यति इमानदारी र लगनशील भएर काम गरे कि उनी द्रोणाचार्य नहुँदा पनि द्रोणाचार्यका शिष्यहरू भन्दा कम भएनन् । मेरो निष्ठा पनि त्यही हो । मैले यस रोस्टममा यसभन्दा अगाडि पनि आयु, अवधि र समयको सीमा हुन्छ भन्ने कुरा गरेको थिएँ । त्यो कुरा म पुनः स्मरण गराउन चाहन्छु ।

एकजना मित्रले सरकारको 'काउन्ट डाउन' शुरु हुन्छ भनेर भन्नुभयो । त्यो त भैहाल्छ नि । आज २०७४ साल फागुन २७ गते, भोलि २८ गते भैहाल्छ । 'काउन्ट डाउन'मा एकदिन त घटिहाल्यो । म फेरि पनि भन्छु - सीमा हुन्छ आयु, अवधि र समयको । ज्ञान र सामर्थ्य पनि असीमित हुँदैन । कुनै पनि ज्ञान र सामर्थ्यको पनि सीमा हुन्छ । म पनि सीमाहरूभित्रै छु । असीमित ज्ञान, असीमित सामर्थ्य र असीमित समय मसँग छैन । तर मेरो इमानको सीमा छैन । म इमानका साथ हरेक काम गर्छु । मेरो प्रतिबद्धता र अठोटमा कमी छैन । त्यसको कुनै 'काउन्ट डाउन' हुँदैन ।

सबै माननीयले यहाँ सकारात्मक कुरा गर्नुभएको छ । तपाईँहरूले देश विकासका काममा साथै जाने आफ्नो अभिलाषा प्रकट गर्नुभएको छ । म खुशी व्यक्त गर्न चाहन्छु । दलीय आधारमा, नीतिमा बाँधिएर मतदान गर्नुभएन भने माननीयहरूलाई बाहिर निस्किएपछि तपाईँहरूकै ड्राइभरले 'केपी ओलीलाई भोट दिनुभयो ?' भनेर सोध्न सक्छन् । बाहिर गार्डले सोध्नसक्छन् - 'के.पी.ओलीलाई भोट दिनु भयो सर/म्याडम ?' घरमा खाना बनाउनेले खाना दिँदै गर्दा 'केपी ओलीलाई भोट दिनुभएन ?' भनेर सोध्लान् । मलाई भोट दिन कुनै कारणले मिलेन भने पनि त्यस्तै हो । दलीय व्यवस्थामा कहिलेकाहीँ त्यस्तो हुन्छ । तर सरकारलाई विश्वासको मत नदिँदा तपाईँलाई धेरै मान्छेले सोध्नसक्छन् । सबैभन्दा बढी त तपाईँको आफ्नै मनले सोध्नसक्छ । 'के गर्नुभएको होला यस्तो ?' भनेर तपाईँकै मनले पटकपटक सोध्नसक्छ । जवाफ दिने काम तपाईँको हो ।

देशलाई बनाउनु छ । त्यसका लागि हामीले मिलेरै अगाडि बढ्नु छ । एकता र सहमतिमै देशलाई अगाडि बढाउनु छ । म भन्छु - हामी सबै मिलेर देश बनाऔं । म परिणाममा विश्वास गर्छु । जे काम हुन्छ, त्यसको परिणाम पनि देखिने छ । जनताको जीवनमा परिवर्तन ल्याउने गरी काम हुनुपर्छ । आज विश्वासको मत लिने बेलामा मात्र होइन फेरिफेरि पनि मैले यस सदनमा आफ्ना कामहरूको बारेमा माननीयहरूका प्रश्नहरूको जवाफ दिनुपर्नेछ, दिनेनै छु । म फेरि आग्रह गर्न चाहन्छु सबै दल एकै ठाउँमा उभिएर अगाडि बढौं । दलहरू एउटै साझा निष्कर्षमा पुग्न सक्दैनन् भन्ने छैन । मुलुकलाई बनाउने कुरामा एउटै निष्कर्षमा अगाडि बढ्न पनि सकिन्छ । जुनजुन दलहरूले विश्वासको मतको प्रस्तावमा समर्थन व्यक्त गर्नुभएको छ, आभार व्यक्त गर्न चाहन्छु । हिजो कतिपय तीता-मीठा कुरा भए होलान्, त्यसैमा अल्झिने होइन । हामी अतितमुखी होइन भविष्यमुखी हुनुपर्छ । कहाँकहाँ नराम्रो छ त्यतापट्टि होइन, के गरेर राम्रो गर्नसक्छौं त्यतापट्टि जान जरुरी छ । देश र जनताको भविष्य उज्वल बनाउने मेरो संकल्प हो । त्यसका निम्ति विकास, समृद्धि,

सुशासन र स्वच्छता मेरो प्रतिबद्धता हो । यसमा विश्वस्त हुन म सबै माननीयहरूमा अनुरोध गर्दछु । यसमा विश्वास नगर्दा कोरा राजनीतिक पूर्वाग्रहबाहेक केही ठहरिदैन, ठहरिने छैन । म बहस होइन आग्रह गर्न चाहन्छु -'समृद्ध नेपाल-सुखी नेपाली'को अभियानमा म लाग्छु, यो सरकार लाग्छ । यस्तो महाअभियानमा लागेको सरकारलाई विश्वास गर्नोस् र काम गरेर देखाउने मौका दिनुहोस् ।

●

फागुन २७, २०७४

सन्दर्भ : प्रधानमन्त्री पदमा विश्वासको मतका लागि प्रस्ताव प्रस्तुत गर्दा उठेका प्रश्नको जवाफ दिँदै

समृद्ध नेपाल–
सुखी नेपालीको नारा किन ?

म जहाँ भएपनि सधैँ तपाईँहरूकै साथमा छु । यो भावनात्मक कुरा हो । भौतिक शरीर टाढाटाढा भएपनि मन नजिक भयो भने सधैँ सँगै भएको अनुभव हुन्छ । भावानात्मक रूपमा कोही नजिक छ भने सधैँ नजिक भएझै हुँदोरहेछ ।

महाभारतमा कृष्णका सोह्र सय गोपिनी छन् भन्दा धेरैले इर्ष्या गरे । सोह्र सय गोपिनी आफैँले राखेको हो भनेर कृष्णका धेरै साथीले सोधे पनि । कृष्णले भने - 'जुन गोपिनीको खोपीमा म छैन

वा जुन गोपिनीसँग म छैन त्यसलाई तिमीहरूले लगे हुन्छ ।' अनि ती कृष्णका साथीहरू गोपिनीहरूलाई खोज्न गए । एउटी गोपिनी कहाँ गए । त्यहाँ उसलाई एक्लैदेखेपछि सोधे - 'तपाईँ यहाँ एक्लै बस्नुभएको ?' त्यसपछि गोपिनीले भनी - 'होइन, श्रीकृष्ण हुनुहुन्छ ।' त्यसपछि अर्की गोपिनीकहाँ पुगे । त्यहाँ पनि गोपिनीलाई एक्लै देखेरे सोधे - 'तपाईँ एक्लै हो ?' उत्तरमा गोपिनीले भनी - 'कहाँ एक्लै हुनु, मेरो साथमा श्रीकृष्ण पनि हुनुहुन्छ ।' फेरि अर्की गोपिनीकहाँ पुगे । त्यहाँ पनि एक्लै देखेरे सोधे - 'तपाईँ त एक्लै हुनुहुँदो रहेछ, होइन ?' गोपिनीले भनी - 'आम्मै, कहाँ एक्लै हुनु ? मेरो साथमा त श्रीकृष्ण हुनुहुन्छ ।' जसलाई सोधे पनि आफ्नो साथमा श्रीकृष्ण हुनुहुन्छ भन्ने जवाफ कृष्णका साथीहरूले पाए ।

गोपिनीहरूले श्रीकृष्णलाई जहिले पनि, जहाँ पनि आफ्नै मनमा पाएजस्तै, सधैँ सँगै पाएजस्तै मलाई पनि लाग्छ - तपाईँहरू मेरो साथमा हुनुहुन्छ र म पनि सधैँभरि तपाईँहरूको साथमै छु । मेरो अरू उद्देश्य छैन, देश बनाउने उद्देश्य हो । देशको विकास गर्ने मेरो उद्देश्य हो । यी आज बाजाको तालमा खुशी भएर नाचिरहेका बालबालिकाहरूले भोलि दुःख पाउन नपरोस् भन्ने, यिनले आँसु बगाउनु नपरोस् भन्ने मेरो उद्देश्य हो । आज यी जति रमाएका छन्, जति खुशी छन्, यिनको सिङ्गो जीवन त्यसभन्दा बढी खुशीयालीपूर्ण बनोस् भन्ने इच्छा मेरो हो । त्यसैकारण मैले भन्ने गरेको छु - नेपाली जनताको खुशी - देशको विकास र समृद्धि ।

'समृद्ध नेपाल - सुखी नेपाली' - यो नारा किन ? म गाउँमा जन्मिएको मान्छे । मैले १० वर्षको उमेरसम्म साइकल देखेको थिइनँ । म भर्खरै तराई झरेको थिएँ । ट्रक देखेँ । कच्ची सडक, सानो थियो । अगाडिबाट ड्याङडुङ गर्दै ट्रक आयो । ट्रकलाई बाटो छोड्दा कति छोड्नुपर्ने हो थाहा थिएन । म बाटोबाट भागेर कुनातिरै पुगेको थिएँ । म त्यस्तो मान्छे हुँ । मैले उकाली-ओराली देखेको छु, हाम्रा खेतहरू देखेको छु । म धानको रुख कति ठूलो हुन्छ भन्ने ठाउँको मान्छे होइन, खेत

जोतेर धान फलाउने मान्छे हुँ । दूध कहाँ पाइन्छ, दूध कहाँबाट आउँछ भन्यो भने डेरीबाट भन्ने मान्छे म होइन । गाईभैँसीबाट दूध आउँछ भन्ने मान्छे हुँ । मैले आफैँले घासँ काटेको छु, दाइँ हालेको छु, गाई चराएको छु । जनताको दुःखकष्ट मलाई राम्ररी थाहा छ ।

अब हामी विधिवत निर्णय गर्छौं - नेपालमा कोही भोकै पर्दैन, कोही भोकले मर्दैन । यो सरकारी नीति हो । पहिलो कुरा हो - कोही भोकै पर्दैन, कोही भोकले मर्दैन । त्यसपछि घोषणाको 'सिरिज' आउँछ । चराले त गुँड बनाएको हुन्छ, मानिसले किन नबनाउने ? त्यो पनि नेपालीले ? जमीन पनि छ, माटो पनि छ, ढुंगा पनि छ, काठ पनि छ, बाँस पनि छ, खर पनि छ, जस्ता बनाउने सामग्री पनि छन्, जस्ता पनि छ तर घर छैन । यत्रो जमीन छ छाप्रो छैन, घर छैन, यस्तो पनि हुन्छ ? यो तमासा हो । यस्ता तमासाहरूको अब अन्त्य हुन्छ । अबका दिनमा आफ्नो घर नभएको नेपाली हुनेछैन ।

साथीहरूलाई सम्झना होला मैले अघिल्लो पटक प्रधानमन्त्री पदबाट राजिनामा गदैगर्दा भनेको थिएँ- चक्रव्यूह बन्यो । चक्रव्यूह बनेपनि मैले द्वापरयुगको अभिमन्युको कुरा गरेको थिएँ । चक्रव्यूहमा अभिमन्युलाई पारेका थिए । महारथीहरूले कलिलो अभिमन्युलाई एक्लै र निःशस्त्र बनाएर हत्या गरेका थिए । मैले भनेको थिएँ - हामी अहिलेको चक्रव्यूह तोड्न जान्ने छौँ । त्यसबेला अभिमन्युलाई चक्रव्यूह तोडेर भित्र पस्न आउँथ्यो तर फोडेर बाहिर निस्कन आउँदैनथ्यो । हामीलाई चक्रव्यूह तोडेर भित्र पस्न पनि आउँछ, बाहिर निस्कन पनि आउँछ । आत्मविश्वासका साथ अगाडि बढौँ, यो देश बन्छ, बनाउन सकिन्छ ।

देश बनाउनका लागि कसरी बनाउने भन्ने दृष्टिकोण राख्नसक्नु पर्छ । त्यो दृष्टिकोण अहिलेको सरकारसँग छ । देश बनाउन प्रतिबद्धता र अठोट चाहिन्छ । त्यो अहिलेको सरकारसँग छ । देश बनाउँछु भन्नेले भ्रष्टाचार गर्नुहुँदैन । भ्रष्टाचार अन्त्य गर्नुपर्छ । अहिलेको सरकार भ्रष्टाचार गर्दैन, त्यसको अन्त्य गर्छ । त्यसकारण देश बन्छ । आफन्त, नातागोता च्यापेर देश बन्दैन । देश बनाउन फराकिलो मन चाहिन्छ ।

मन आफन्तव्यापी, नाताव्यापी होइन देशव्यापी हुनुपर्छ । अहिलेको सरकारको मन फराकिलो छ, देशव्यापी छ । त्यसकारण देश बन्छ । कुनै पनि समस्याबाट हरेश खानु हुँदैन । अहिलेको सरकार हरेश खाँदैन, त्यसकारण देश बन्छ । सरकारसँग दूरदृष्टि छ, योजनाहरू छन्, त्यसकारण देश बन्छ ।

झापाली दाजुभाइ दिदीबैनीहरूलाई म हार्दिक धन्यवाद भन्न चाहन्छु । झापामा एमालेका सबै उम्मेदवारले जितेका छैनन् । तर एमालेले जसको टाउकोमा तथास्तु भनेर हात राख्यो त्यसले जित्यो, जसलाई राखेन त्यो गयो । शनिले वक्रदृष्टि लगाएर केही हुँदैन । राहुले लगाएर पनि केही हुँदैन । देश र जनताको निम्ति उभिने एमालेले वक्रदृष्टि लगायो भने गयो । पाँचओटा प्रतिनिधिसभा र दशओटा प्रदेशसभा, सबै ठाउँमा एमालेले भनेअनुसार जिताएको छ । झापा जिल्ला - लालकिल्ला! कसैकसैलाई लाग्ला राप्रपालाई एक सीट दिएको छ नि भन्ने । त्यो भनेको पनि एमालेको आशीर्वाद नै हो ।

हाम्रो उद्देश्य विकास गर्ने हो, समृद्धि हासिल गर्ने हो र जनताका दुखकष्ट हटाउने हो । अब नेपालमा कसैले पनि भ्रष्टाचार गर्छ भने त्यो सह्य हुँदैन । भ्रष्टहरू जोसुकै होऊन्, कुनै मोलाहिजा हुँदैन । यो हाम्रो त्यो अर्काको, यो तेरो त्यो मेरो, नजिकको टाढाको, यताको उताको केही हेरिँदैन । भ्रष्टाचारका विरुद्ध सरकार निर्मम ढंगले प्रस्तुत हुन्छ । भ्रष्ट भयो कि त्यो गयो । त्यसमा सरकार एकदम प्रतिबद्ध छ ।

अब नेपालमा अशान्ति, गुण्डागर्दी, मान्छे तर्साएर चन्दाका नाममा पैसा असुल गर्ने, हत्याहिंसा, अपराधिक गतिविधिहरू, मानव बेचविखन, लागू औषधको कारोवारजस्ता क्रियाकलापहरूलाई सरकारले नियन्त्रण गर्छ । अपराधीलाई सरकारले कडाइका साथ कारबाही गर्छ । अपराधीलाई दण्ड दिलाइन्छ । कानूनको राज भनेको के हो, त्यसको उदाहरण नेपाल बन्छ ।

मैले बारम्बार भन्ने गरेको छु - मेरा कुनै पनि पाइला देशको विकासका लागि, मेरा कुनै पनि पाइला देशको समृद्धिका लागि, मेरा कुनै पनि पाइला जनताको हितका लागि, मेरा कुनै पनि पाइला जनताको सुखका लागि । म झापाका दिदीबहिनी दाजुभाइलाई भन्न चाहन्छु - तपाईँहरूको हरेक भोट सुनको भोट, हीराजडित भोट । तपाईँहरूले मलाई पवित्र भोट दिनुभएको छ । त्यो मैलो हुनै सक्दैन । म त्यसलाई मैलो हुन नदिनका निम्ति क्रियाशील छु । जुन अवसर मैले पाएको छु, म त्यसको दुरुपयोग गर्दिनँ । अब जिन्दगीसँग ख्यालठट्टा गर्ने समय छैन । केटाकेटीसँग ख्यालठट्टा गर्ने कुरा अर्कै हो । मसँग प्रयोग गर्ने समय छैन । एउटा प्रयोग गरिहेरौँ न भन्ने समय मसँग छैन । अलिक समय पर्खौँ भन्ने पनि समय छैन । त्यसकारण मैले छिटोछिटो काम गर्नु छ । त्यसमा म तपाईँहरूको सहयोग चाहन्छु, सम्पूर्ण नेपालीको सहयोग चाहन्छु । उत्साहका साथ, ढुक्कका साथ, आत्मविश्वासका साथ अगाडि बढौँ । म भन्छु - हामी सबै मिलेर देश बनाऔँ । हाम्रो देश बनाउन सकिन्छ, अवश्य नै बन्छ ।

●

फागुन १२, २०७४

सन्दर्भ : झापा जनसम्पर्क मञ्चको वनभोज कार्यक्रम

जनप्रतिनिधि
परिवर्तनका परिकल्पनाकार

आज हामीले देशमा नयाँ संरचनागत व्यवस्था गरेका छौँ । यस संरचनामा जनप्रतिनिधिहरूको भूमिका बढेको छ । स्थानीय जनप्रतिनिधहरूको भूमिका अझै महत्वपूर्ण रहेको छ । हामीले ल्याएको परिवर्तनको अर्थ स्थानीय जनप्रतिनिधिहरूकै काममा निर्भर छ । परिवर्तनलाई कसरी सुरक्षित र सुदृढ गर्ने भन्ने कुरा पनि स्थानीय जनप्रतिनिधिहरूकै कामले निर्धारण गर्छ ।

देशले स्वच्छता र पारदर्शिता खाजेको छ । आज देशले सुन्न नचाहेको र समाप्त पार्न चाहेको कुरो हो - भ्रष्टाचार । जनता सार्भभौम छन् । जनताले सार्वभौमसत्ताको प्रयोग गर्छन् कि उपयोग गर्छन् ? प्रयोग भन्नाले अधिकारको प्रयोग र उपयोग भन्नाले सेवा-सुविधाको प्राप्ति । हाम्रो काम जनतालाई सहज ढंगले सेवा-सुविधा उपलब्ध गराउने हो । त्यो पनि सेवाभावनाका साथ । सिंहदरबारका अधिकार गाउँमा पुऱ्यायौँ । हामीले त त्यो महसूस गरेका छौँ तर जनताले महसूस गर्न पाएका छन् कि छैनन् ? जनताले महसूस गर्नु ठूलो कुरा हो । हामीले त्यतातिर ध्यान दिनु पर्दछ ।

हामी विकासका संवाहक हौँ, विकासका कर्मी हौँ र विकासका नायक पनि हौँ । विकासको सन्दर्भमा, हाम्रो देशलाई कसरी अगाडि बढाउने भन्ने कुरामा हामीले सोच्नु परेको छ । जनप्रतिनिधिहरू आफैँले आफ्नो ठाउँको विकासका बारेमा योजनाहरू बनाउनु पर्छ । आफ्नो ठाउँको विकासका लागि, आफ्नो समाजको परिवर्तनका लागि स्थानीय जनप्रतिनिधिहरू आफैँ डिजाइनर तथा परिकल्पनाकार हुन् । देश विकासका डिजाइनर तथा परिकल्पनाकार हौँ हामी । जनताले हामीलाई त्यही जिम्मा दिएका छन् । हामी त्यो जिम्मेवारीअनुसार काम गरिरहेका छौँ कि छैनौँ सम्पूर्ण जनताले हेरिरहेका छन् ।

हामीले संघीयताको नयाँ अभ्यास गरिरहेका छौँ । विभिन्न तहका सरकारहरू हाम्रो अभ्यास हो, अधिकारको बाँटफाँट हाम्रो अभ्यास हो । बाँटफाँट भनिसकेपछि आ-आफनो पक्षमा तर्क र पक्षधरताको कुरा आउँछ । यसमा सन्तुलन, औचित्य, आवश्यकता र सम्भावनाजस्ता पक्षहरू हेरेर मिलाउनु पर्छ । यसका निम्ति सबै तहका सरकारहरूमा आफूलाई सरकार हौँ भन्ने कम र सेवक हौँ भन्ने भावना धेरै हुनुपर्छ । त्यहीअनुसारको व्यवहार पनि गर्नुपर्छ । हामीलाई त्यस बाटोमा हिँड्नको लागि संविधानले पनि निर्दिष्ट गरेको छ । विभिन्न अनुसूचीले नै निर्दिष्ट गरेको छ । तर त्यतिमात्रै पर्याप्त हुँदैन । कुनै घरमा घर झगडा हुन्छ, कुनै घरमा हुँदैन । कानूनले झगडा गराएको पनि होइन । घर झगडा

भएको घरमा कानून नभएर भएको पनि होइन । घरझगडा नभएको घरमा कानून भएर झगडा नभएको पनि होइन । त्यतापट्टि ध्यान दिनु जरुरी छ ।

विगत केही वर्षमा हामीले असाधारण र युगान्तकारी परिवर्तन ल्याएका छौँ । राजनीतिक प्रणाली वा संरचनागतमा मात्र होइन, समाजको अन्तरवस्तुसम्ममा परिवर्तन भएको छ । यसले अभूतपूर्व फड्को मारेको छ । अहिले स्थानीय तहमा करिब ४१ प्रतिशतसम्म महिलाको प्रतिनिधित्व भएको छ । यो सामाजिक फड्को हो । मुलुकका विभिन्न तहमा ठूलो संख्यामा युवा सहभागितामात्र होइन प्रतिनिधित्व र नेतृत्वसमेत रहको छ । स्थानीय तहको प्रमुखमा ४० वर्षमुनिका एक चौथाइको नेतृत्व रहेको छ भने ५१ प्रतिशतभन्दा बढीले उपाध्यक्षमा नेतृत्व गरिरहेका छन् । यो सानो कुरा होइन । पछाडि परेका जातजाति, समुदाय, भूगोल सबैको यथोचित प्रतिनिधित्वको व्यवस्था गरिएको छ । यस परिवर्तनले खाली संघ, प्रदेश, महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिकाको राजनीतिक वा प्रशासनिक तहमा भएको संरचनागत पक्षमा मात्र परिवर्तन गरेको हैन, समाजको समग्र पक्षमा असाधारण परिवर्तन गरेको छ । यसले सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा सबैको सहभागिता गराएको छ । हामीलाई युगान्तकारी परिवर्तन र महान् सम्भावनातर्फ अगाडि बढाएको छ । अब हामीले यसको जगमा उभिएर विकासको अभियान चलाउनु पर्नेछ ।

जनता आफूले विश्वास गरेर, मतदान गरेर पठाएको जनप्रतिनिधिले भ्रष्टाचार गरेको सुन्न चाहँदैनन् । जनता चाहन्छन् - आफूले छानेको प्रतिनिधि स्वच्छ छविको होस्, निष्कलंक होस्, इमानदार होस् । हामी जनप्रतिनिधि हौँ । हामी आकाशका जून होइनौँ । जनताको बीचमा बस्ने, जनतालाई शिक्षित बनाउने, जनताको सेवा गर्ने, गाउँ र देशको विकासमा जुट्ने विकासका संवाहक हौँ । हामीले भन्न सक्नुपर्दछ - म मेरो आचरणमा कुनै किसिमको दाग लाग्न कदापि दिने छैन । हामी स्वच्छ रह्यौं भनेमात्र हामीलाई कसैले हेप्न सक्दैन । जो स्वच्छ र

इमानदार रहन्छ उसको शिर कहिल्यै झुक्दैन । ऊ शिर ठाडो गरेर हिँड्न सक्छ । हामीले ठाडो शिर गरेर हिँड्ने स्थितिमा आफूलाई राख्नुपर्छ ।

यतिबेला देशको अर्थतन्त्र नाजुक अवस्थामा छ । यस्तो अवस्थामा हामी आत्तिएर हुँदैन । यस्तो अवस्था देखेर हामी तर्किन र उम्किन पनि सक्दैनौँ । अहिले पनि निरपेक्ष गरीबीको रेखामुनिको जनसंख्या ठूलै छ । अर्थात् एक तिहाई जनता खान नपुग्ने अवस्थामा छन् । प्रतिव्यक्ति आय ८ सय अमेरिकी डलरमात्र रहेको छ । वालबालिकाको भर्ना संख्या आजको दिनमा पनि कमी छ । हिमाली गाउँपालिकामा विद्यार्थी भर्ना लगभग शतप्रतिशत हुन्छ । साक्षरता प्रतिशत ९४/९५ प्रतिशत हुन्छ तर रौतहटको प्रतिशत कम छ । डोम जातिमा २१ प्रतिशत, मुसहरमा २० प्रतिशतमात्र साक्षरता छ । के हामी यही कुरा सधैं हेरिरहने ? त्यसैले हामीले अभियान सञ्चालन गर्नुपर्दछ । म सबै जनप्रतिनिलाई भन्न चाहन्छु - दुई वर्षभित्र सबै वालबालिकालाई विद्यालयमा लैजान सक्छौं कि सक्दैनौँ ? म भन्छु - दुई वर्षभित्र कोही पनि बालबालिका विद्यालय बाहिर रहनुहुन्न । सबैलाई विद्यालय भर्ना गर्ने अभियानमा तपाईँ-हामी सबै लाग्नु पर्दछ ।

हामी २०७५ साल वैशाख ५ गते देशभरि भर्ना अभियान चलाउँछौँ । हरेक सचेत व्यक्तिले एक-एक बालबालिकालाई विद्यालय भर्ना गराउनु पर्छ । म पनि एउटी बालिकालाई विद्यालयमा भर्ना गर्न लैजाँदैछु । हाम्रा ७ सय ६१ वटा सरकार छन् । तिनमा लगभग ३६ हजार जनप्रतिनिधि छन् । हामी सबैको प्रयास भयो भने एकै दिनमा लाखौँ बालबालिका भर्ना गर्न लैजान सक्छौँ । यसमा कुनै खर्च लाग्दैन । यस्ता अभियानहरू सञ्चालन गरेर हाम्रो पछौटेपन हटाउन सकिन्छ । पढाउनै नसक्नेलाई पैसा लाग्दैन । सक्दै नसक्ने बालबालिकालाई हामी सबै मिलेर सहयोग गरौँ ।

हाम्रो देशमा अब भोकै कोही मान्छे मर्नु हुँदैन । तराईमा एउटा कम्मल नपाएर, कठ्यांग्रियर कोही मर्नु हुँदैन । अब पनि त्यस्तो भइरह्यो भने हाम्रो के काम ? यो देशमा जनताको सरकार छ । जनतालाई माया गर्ने सरकार छ । सरकारले खान नपाएर, जाडोले, शीतलहरले

जनतालाई मर्न दिँदैन । त्यसमा स्थानीय सरकारहरूले विशेष ध्यान दिनुपर्दछ । हामीलाई स्वच्छ, जनसेवी र विकासमुखी स्थानीय सरकार चाहिएको छ । विकास र समृद्धिका लागि सबैले काम गर्नुपर्छ ।

विगतमा देशमा हिंसा भड्काउने कामहरू भए । तर जनताले त्यसलाई अस्वीकार गरे । अहिले पनि त्यस्ता कार्यहरू, एकआपसमा घृणा फैलाउने प्रयासहरू भैरहेका छन् । नेपाली अनुहारबाट, नेपाली भाषामा, नेपाली समाजमा, नेपाल राष्ट्रको अहित हुने गरी, सामाजिक सदभाव भड्काउने गरी, अशान्ति फैलाउनको लागि कतिपय ठाउँबाट बोल्न लगाइएको छ । हामी विभिन्न जातजातिका नागरिक छौँ । हामीले सबै जातजाति, भाषाभाषीलाई उत्तिकै अधिकार सम्पन्न बनाएका छौँ । दुनियाँमा कहीँ नभएको जातको आधारमा समानुपतिक प्रणाली लागू गरेका छौँ । त्यसैका जगमा उभिएर नेपाललाई विभाजित गर्ने, नेपाली मनहरूलाई विभाजित गर्ने षड्यन्त्र भैरहेको छ जुन क्रियाकलापप्रति हामी होशियार हुनु पर्दछ । नेपाल सरकारलाई त्यस्तो कार्य सह्य हुँदैन ।

हामीले समान अधिकार र अवसरसहितको संविधान बनाएका छौँ । संविधान गतिशील दस्तावेज हो । त्यसमा कहीँकतै आवश्यक देखियो भने संशोधन पनि गर्न सक्छौँ । तर नेपालाई अगाडि बढ्न नदिन विष छर्ने काम कतैबाट हुनुहुन्न । हामी त्यसतर्फ सजग हुनुपर्दछ । सामाजिक सदभाव, शान्ति, दिगो विकासमा अग्रसर हुनुपर्दछ । कृषि, उद्योग, पर्यटन, जलश्रोतका क्षेत्रलाई कसरी आधुनिकीकरण गर्ने ? त्यसतर्फ ध्यान दिनुपर्दछ । सञ्चार र विद्युतको क्षेत्रलाई कसरी अगाडि बढाउने भन्नेमा हाम्रो ध्यान जानुपर्दछ । शिक्षा, स्वास्थ्य क्षेत्रमा देखिएका चुनौतीहरूको कसरी सामना गर्ने, त्यसका लागि कस्ता नीति बनाउनुपर्दछ भन्ने विषयमा तपाईँहरूले सुझाव दिनुपर्दछ ।

हामी यो सरकार वा त्यो सरकार होइन, नेपाल सरकारको विभिन्न जिम्मेवारीमा छौँ । त्यसैले यो नेपाल सरकार हो । हामीले यस तथ्यलाई बुझ्नुपर्दछ । सबै सरकारलाई कसरी जिम्मेवार बनाउने भन्ने कुरा महत्वपूर्ण छ । कर्मचारी खटाउने प्रबन्ध भइरहेको छ । स्थानीय

तहमा केन्द्रले खटाएका कर्मचारीलाई हामीले काम लगाउने हो र भन्ने भावना पनि देखियो । के कुरा सत्य हो भने - शुरुमा केन्द्रले नै कर्मचारी खटाउने हो । राजस्व नेपालमै उठाउने हो । नेपालमै खर्च गर्न हो । यसमा कुनै विवादको विषय हुन सक्दैन ।

स्थानीय तहलाई हामीले 'स्थानीय सरकार' भनेका छौँ । यो कुरा अहिलेमात्र भनिएको होइन । छब्बीस-सत्ताइस वर्ष अगाडि नै मदन भण्डारीले 'स्थानीय निकाय' लाई 'स्थानीय सरकार' नाम दिएर बोल्नु भएको थियो । उहाँले २०४८ सालमा संसदमा स्थानीय निकायहरूको सम्बन्धमा बोल्दा 'स्थानीय सरकार' भनेर बोल्नु भएको थियो । 'स्थानीय सरकार' भनेको के हो, यो कतिसम्म अधिकारसम्पन्न हुन्छ र यसले केके काम गर्छ भनेर लामो व्याख्यामात्र गर्नुभएको थिएन, यससम्बन्धी निर्देशक सिद्धान्त नै प्रस्तुत गर्नुभएको थियो । आजको 'स्थानीय सरकार' मदन भण्डारीले प्रस्तुत गर्नुभएको उक्त निर्देशक सिद्धान्तकै आधारमा बनेको हो ।

हामी दलीय व्यवस्थामा छौँ । दलीय व्यवस्थामा दलीय प्रतिस्पर्धा हुन्छ तर विचार र विवादको मन्थन निर्णय गर्नुभन्दा अगाडि हुन्छ । चुनावमा हामी प्रतिस्पर्धा गर्छौँ तर चुनाव जितिसकेपछि विभेदरहित ढंगले काम गर्नुपर्दछ । कर्मचारी खटाउने विषयमा, बजेट विनियोजन गर्ने कुरामा कतै विभेद हुँदैन । विकास निर्माणमा कसैले पनि विभेद र मतभेद राख्नुहुन्न । हामीले द्रुततर गतिमा विकास गर्नुछ । दिगो विकासको लक्ष्य भेट्नु छ । हामीले २०२२ सालसम्ममा विकासशील राष्ट्रमा स्तारोन्नति हुने कुरा गरेका छौँ । यसमा सबै जनप्रतिनिधिहरूको भूमिका महत्वपूर्ण रहन्छ ।

देशको समृद्धिको अभियानमा हामीलाई सफलता प्राप्त गर्नु छ । स्थानीय तहको सफलताबाट देशको सफलता निर्धारण हुनेछ । विकासका आकांक्षहरू सफल हुनेछन् र भ्रष्ट्राचार अन्त्यको आकांक्षा पूरा हुनेछ । यसका निम्ति स्पष्ट नीतिसहित अगाडि बढ्नु आवश्यक छ ।

●

चैत्र १७, २०७४

सन्दर्भ : गाउँपालिका राष्ट्रिय महासंघ, नेपालको राष्ट्रिय महाधिवेशन

हामी समाजवादउन्मुख छौँ

सबैभन्दा पहिला म कमल कोइरालालाई बधाई ज्ञापन गर्न चाहन्छु । उहाँ हामीहरू सबैभन्दा 'सिनियर' हुनुहुन्छ । उहाँसित २०२६ सालको शुरुमा भेट भएको सम्झना मलाई छ । करिब ४८ वर्ष भएछ । पार्टी प्रशिक्षणका क्रममा मोरङ वा झापामा उहाँसँग पहिलो भेट भएको थियो । त्यतिखेर हामी ठिटै थियौँ । त्यसयता विभिन्न ढंगले भेटघाट हुँदै आएको छ । मैले व्यक्तिगत तवरमा पनि उहाँलाई सधैँ एउटा सोझो, इमानदार, निष्कपट र खुला

व्यक्तिको रूपमा पाएको छु । अप्ठ्यारा परिस्थितिहरूको पनि खासै पर्वाह नगर्ने र सबै कुरालाई सजिलैसँग लिने बानी उहाँमा छ ।

कमल कोइराला बहुआयामिक व्यक्तित्व हुनुहुन्छ । एउटा आन्दोलनकारी, एउटा प्रशिक्षक, एउटा लेखक, एउटा पत्रकार, एउटा बन्दी, एउटा सामाजिक विद्रोही वा बागी जो बाबु प्रधानमन्त्री हुँदाहुँदै बाटो मिलेन भनेर अर्को बाटोतिर हामफाल्न तयार भयो । सम्बन्धहरूलाई कुशलतापूर्वक संयोजन गर्ने कूटनीतिज्ञ, कुशल सम्पादक, अनेक भूमिकामा देशको नीतिनिर्माण गर्ने एउटा सांसद आदि रूपमा पनि उहाँको व्यक्तित्व निर्माण भएको छ । कसरी संघर्ष गर्नुपर्छ भन्ने कुरादेखि लिएर राज्य चलाउन कानून बनाउने भूमिकासम्म उहाँले निर्वाह गर्नुभएको छ । वास्तवमा उहाँ धेरै पुरस्कारका हकदार हुनुहुन्छ । विभिन्न आयमैपिच्छे पुरस्कार पाउनुपर्ने खालको व्यक्तित्व हो उहाँ ।

आज कमल कोइरालाले 'मदन भण्डारी पत्रकारिता पुरस्कार' पाउनुभएको छ । एउटा सुयोग्य पात्रले आज सम्मानित हुने, पुरस्कृत हुने मौका पाउनुभएको छ । म खुशी व्यक्त गर्न चाहन्छु । मलाई विश्वास छ यसमा हामी सबै खुशी छौँ । म उहाँलाई हार्दिक बधाई भन्न चाहन्छु ।

उहाँका लेखहरू आएपछि म समय निकालेर पढ्छु । उहाँका लेखहरू खोजमूलक हुन्छन् । प्रायः स्तम्भलेखकका धेरै लेख लेख्नका लागि लेखिन्छन् वा छाप्नका लागि छापिन्छन् । तर कमल कोइरालाको त्यस्तो हुँदैन । उहाँका लेख खोजमूलक, अध्ययनमूलक र ज्ञानमूलक हुन्छन् । लेखले केही जानकारी दिएको हुन्छ, इतिहास बताएको हुन्छ, वर्तमानको यथार्थ उजागर गरेको हुन्छ, भविष्यतिर कसरी अगाडि जाने भनी संकेत गरेको हुन्छ, त्यसकारण पढ्नु लाभदायक हुन्छ । म उहाँलाई अझै लामो समय यसरी नै लेखेर अगाडि बढ्न सक्नुहोस् भनेर धेरैधेरै शुभकामना पनि दिन चाहन्छु ।

'मदन भण्डारी पत्रकारिता पुरस्कार' गत वर्ष चन्द्रशेखर कार्कीले प्राप्त गर्नुभएको थियो । धेरै मानिसले चन्द्रशेखर कार्कीले पुरस्कार प्राप्त

गर्नुहुन्छ भन्ने अनुमान गरेका थिएनन् । उहाँ केही खिचौँ भनेर दृश्यका पछाडि हिँड्नु हुन्थ्यो, पुरस्कारका पछाडि कहिल्यै पनि लाग्नुभएन । उहाँको क्यामेरा जहिले पनि दृश्यका पछाडि 'फोकस' हुन्थ्यो । पुरस्कारको पछाडि कहिल्यै 'फोकस' नभएको क्यामेराले कसरी पुरस्कार पायो ? मान्छे छक्क परे । तर नेकपा (एमाले) को प्रचार विभागले 'फोकस' गर्दोरहेछ, गरेको रहेछ । प्रचार विभागलाई धन्यवाद, प्रचार विभागका साथीहरूलाई पनि धन्यवाद ।

कमल कोइराला आनन्दको मान्छे । उहाँलाई पुरस्कार दिनोस् ठीकै छ, नदिनोस् त्यो पनि ठीकै छ । उहाँलाई राम्रो भन्नोस् त्यो पनि ठीकै छ, नराम्रो भन्नोस् त्यो पनि ठीकै छ । उहाँ त्यस प्रकारको मान्छे । उहाँले पुरस्कारको लागि लेख्नुपनि भएन, पुरस्कारका लागि पत्रकारिता गर्नुपनि भएन । तर त्यहाँ पनि 'फोकस' गरेको पाइयो । त्यसकारण म नेकपा (एमाले) प्रचार विभागलाई हार्दिक धन्यवाद भन्न चाहन्छु । छनोट समितिको 'लेन्स' पनि राम्रो लाग्यो मलाई । यसरी छान्नुभएको छ कि त्यसमा कसैले पनि नाइनास्ती गर्ने ठाउँ छैन । सहीपात्र छनोटका लागि छनोट समिति पनि धन्यवादको पात्र छ ।

यतिबेला हामी समग्र परिवर्तनको दौरानमा छौँ । लामो समयदेखिको राजनीतिक संक्रमणकाल टुङ्गिएको छ । समग्र परिवर्तनको, राजनीतिक अधिकार प्राप्तिको र त्यसलाई निर्देशित गर्ने राजनीतिक प्रणाली स्थापित भएको छ । त्यस प्रणालीलाई निर्देशित गर्ने संविधानको निर्माण भई कार्यान्वय भइरहेको छ । त्यस संविधानले राजनीतिक प्रणाली सञ्चालनका उपाय वा विधिहरूका बारेमा निर्धारण गरेका संरचनागत पक्ष अनुरुप हामी निर्वाचन सम्पन्न गरी एउटा बिन्दुमा आइपुगेका छौँ । अब हामी नयाँ समग्र सामाजिक संक्रमणतर्फ अगाडि बढ्दै छौँ । यो गरीबीबाट समृद्धितर्फको यात्रा हो । हामी पछौटेपन र प्रविधिविहीन अवस्थाबाट विज्ञान प्रविधिको अधिकतम प्रयोगको अवस्थातिर अर्थात् आधुनिकीकरणतर्फ बढ्दै छौँ । न्यून उत्पादनबाट अधिकतम उत्पादनतर्फ, अत्यधिक घाटाबाट कम घाटा वा बचततर्फ

जाँदैछौँ । हामी हाम्रा युवाहरू विदेश जाने स्थितिलाई क्रमिक रूपमा कम गरी अब विदेश जान नपर्ने वा स्वदेशमा बस्नेतर्फ अघि बढ्दैछौँ ।

हामी सामाजिक क्षेत्रमा समग्र परिवर्तन ल्याउन चाहन्छौँ । हामी कृषि, उद्योग, व्यापार, पर्यटन, सेवाका अन्य क्षेत्रहरू, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, ऊर्जा, वैकल्पिक ऊर्जा, विज्ञान र प्रविधिको प्रयोगमा नयाँ ढंगले अगाडि बढ्दै छौँ । लोकतन्त्रलाई सुदृढ गर्ने कुरा, त्यसलाई व्यावहारिक रूपमा आत्मसात गर्ने कुरा, भ्रष्टाचार नियन्त्रण गर्ने कुरालाई हामी काममा, व्यवहारमा र यथार्थमा उतार्ने अभियानमा छौँ । हामीलाई बहस-विवादमा मात्रै अल्झिरहने समय छैन । हामीले तीन वर्षभित्र नेपाललाई अविकसित वा अल्पविकसित अवस्थाबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्नु छ । अबको १३ वर्षभित्र संयुक्त राष्ट्र संघले तोकेको दिगो विकास लक्ष्यलाई हासिल गर्नु छ । त्यस सम्बन्धमा हामीले हस्ताक्षर गरी जिम्मेवारी लिएका छौँ । त्यो काम अरूले होइन, हामीले नै गर्नुपर्ने छ । लोकतन्त्रलाई सुदृढ गर्दै राष्ट्रिय एकतालाई सामाजिक सद्भाव, समानताका आधारमा मजबुत बनाउँदै, स्थिरता र स्थायित्वको अवस्था कायम गर्दै, एकजुट भएर अब हामी समृद्धिको बाटोमा अगाडि बढ्छौँ । हामी आफ्ना छिमेकी देशसँग सन्तुलित र सुमधुर सम्बन्ध कायम राख्छौँ । हामी मित्रराष्ट्रहरूसँग विश्वसनीय सम्बन्ध बनाउँछौँ, पारस्परिक सहयोगी सम्बन्ध स्थापना गर्छौँ, पारस्परिक सहयोगका साथ अगाडि बढ्छौँ । हाम्रो विकासको क्रममा हाम्रा छिमेकीहरू र हाम्रा मित्रहरूलाई पनि साथमा लिएर अगाडि बढ्छौँ । हामी देशभित्रको पूँजी परिचालन गर्छौँ, बाह्य लगानी आकर्षित गर्छौँ । यिनै नीतिहरूका आधारमा हामी अगाडि बढ्दैछौँ । म साथीहरूलाई आग्रह गर्न चाहन्छु - हल्लाका पछाडि नलागौँ ।

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) एकताबद्ध हुँदैछन् । पार्टी एकीकरण एउटा प्रक्रियाबाट हुने कुरा हो । यो एकदमै हतारका साथ, जसरी भएपनि गरिहाल्नु पर्ने भन्ने कुरा होइन । त्यसो भनेर ढिलासुस्ती गर्ने विषय पनि होइन । उपयुक्त ढंगले, उपयुक्त समयमा सकेसम्म

छिटै नै यो एकता हुन्छ । यो एकता देशका लागि हो, देशको विकासका लागि हो र लोकतन्त्रका लागि हो । यो लोकतन्त्रलाई समग्र लोकतन्त्र (कम्प्रिहेन्सिभ डेमोक्रेसी) का रूपमा अगाडि बढाउन र समाजवादउन्मुख ढंगले अगाडि जानका लागि हो । समाजवादउन्मुख भनेपछि कोहीकोही आत्तिन्छन् । यो त गरीबले पनि खान पाउने भनेको हो । ३६ प्रतिशत जनता गरीबीको रेखामुनि छ । त्यो ३६ प्रतिशत जनता शून्य प्रतिशतमा झर्ने हो भने गरीबीको रेखामुनि कोही हुँदैन । गरीबी हटाउनै पर्छ । समाजवादउन्मुख हुनु भनेको समाजवादी चरित्रका कार्यक्रमहरूसहित अगाडि बढ्दै जानु हो । वर्तमान सरकार त्यही बाटोमा अगाडि बढ्दै छ । गरीबलाई पनि धनी बनाउने बाटोमा सरकार छ । समाजवादमा गरीबले पनि खान पाउँछ भन्दा केहीलाई आतंकको कुरा भएको छ । त्यो आतंक केही व्यक्ति वा समुदायलाई छ । हामी कानूनअनुसार सुशासनसहित अगाडि बढ्छौँ । त्यसकारण म आग्रह गर्न चाहन्छु - हामी समाजवादउन्मुख हुँदै अगाडि बढ्नुपर्छ । संविधानले नै व्यवस्था गरेअनुसार हामी समाजवादउन्मुख छौँ । उत्पादन तथा उत्पादकत्व बृद्धि, सामाजिक न्याय र न्यायोचित वितरणसहित हामी अघि बढ्छौँ । आम जनताको आकांक्षा पनि यही हो । हामी जनताको आकांक्षा पूरा गर्छौँ ।

●

चैत्र १९, २०७४

सन्दर्भ : मदन भण्डारी पत्रकारिता पुरस्कार वितरण

देश बनाउने श्रमजीवी जनता

हाम्रो देशमा श्रमजीवी जनताका समस्या छन्, त्यसैले तिनका मागहरू पनि छन् । मजदुरका समस्या छन्, त्यसैले मजदुरका मागहरू पनि छन् । मागहरू पूरा गर्नका लागि मजदुर वर्गका आन्दोलनहरू पनि छन् । हाम्रो काम समस्या उठाउनेमात्र होइन, समस्याको समाधान गर्ने पनि हो । हामीले उठेका समस्या समाधान गर्दै आएका छौँ र फेरि पनि गर्छौँ । अहिले यसका निम्ति अनुकूल समय छ । किनभने अहिलेको सरकार भनेको श्रमजीवी जनता र मजदुर वर्गको हितमा काम गर्ने सरकार हो ।

हामीले देशमा ठूलो परिवर्तन ल्याएका छौँ । आज जनताको विश्वाससहित सुदृढ समर्थनको अपेक्षा गरिएको सरकार छ । देशमा राजनीतिक प्रणाली, समाजिक लगायतका प्रणाली अनुकूल छन् । त्यसकारण हामी अगाडि बढ्न सक्छौँ ।

हामीले संविधानसभाबाट संविधान जारी गर्‍यौँ । त्यो संविधानसभा निर्वाचित थियो, समावेशी थियो र समाजको सबै हिस्साको प्रतिनिधित्व भएको निकाय थियो । हामीले लोकतन्त्रका आधारभूत मूल्य-मान्यताहरू सामेल भएको उत्कृष्ट संविधान जारी गर्‍यौँ । त्यस संविधानले सार्वभौमसत्ता नेपाली जनतामा भएको यर्थाथलाई स्वीकार गरेको छ र संवैधानिक रूप दिएको छ । सार्वभौमसत्ता नेपाली जनतामा छ र त्यो नेपाली जनतामा रहेको सार्वभौमसत्ता सही ढंगले कसरी प्रयोग गर्ने, त्यसको अर्थ के हो, त्यसको सबैभन्दा सही, सटीक र प्रभावकारी प्रयोग कसरी हुनसक्दछ भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । अब सार्वभौमसत्ता सम्पन्न जनता अधिकारसम्पन्न हुन्छन् र उनीहरूलाई समान अधिकारको व्यवस्था गरिएको छ । सबैका लागि उत्तिकै सुरक्षाको व्यवस्था गरेको छ र उत्तिकै सम्मानको व्यवस्था गरेको छ । यी धेरै महत्वपूर्ण कुराहरू हुन् । लोकतन्त्रलाई हकअधिकार र राजनीतिक स्वतन्त्रताको रूपमा मात्र होइन, समग्र सामाजिक जीवन, समग्र जनताको जीवन, समग्र सामाजिक जीवनपद्धति अर्थात राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै रूपमा हेरिनुपर्छ ।

हामी नयाँ इतिहासको प्रारम्भ बिन्दुमा छौँ । अब नेपाल वास्तविक अर्थमा एउटा सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र, आफ्नो भौगोलिक अखण्डतामा दृढ, राष्ट्रिय हितहरूप्रति सजग, स्वाभिमानले भरिपूर्ण मुलुक भएको छ जहाँ लोकतान्त्रिक पद्धति, स्वतन्त्र न्यायपालिका, शक्ति पृथकीकरणको सिद्धान्त, आवधिक निर्वाचनजस्ता मूल्य-मान्यता विकसित भएका छन् । संरचनागत हिसाबले हामीले शासनको तहगत व्यवस्था गरेका छौँ । हाम्रा संघीय संसद प्रतिनिधिसभा, राष्ट्रियसभा, प्रदेशसभाहरू, प्रदेश सरकारहरू र सात सय त्रिपन्न ओटा स्थानीय

निकायहरू क्रियाशील छन् । स्थानीय निकायहरू स्थानीय सरकार हुन् । अर्थात् अब सरकार केन्दीकृत रहेको छैन । हिजो सिंहदरबारमा रहेको सरकार अब गाउँबस्तीमा पुगेको छ । सरकार पुगेपछि अधिकार पनि गाउँमा पुगिसकेको छ ।

हाम्रो समाज हिजो वर्णाश्रम व्यवस्थामा रह्यो । 'फुटाऊ र राज गर'का नीतिअन्तर्गत समाज दुष्प्रभावित पनि भयो । अहिले हाम्रो संविधानले, हाम्रो कानूनले, हाम्रो व्यवहारले सामाजिक न्याय र समानताको प्रत्याभूति गरेको छ । हामी यो समानता व्यावहारिक रूपमा अगाडि बढाउन चाहन्छौँ । यसलाई हामी समान अधिकार र अवसरमा आधारित, सुरक्षा र सम्मानमा आधारित बनाउन चाहन्छौँ ।

आजको राजनीतिक परिवर्तनको अर्थ समग्र परिवर्तनका लागि हो । यो खालि राजनीतिक परिवर्तनमात्र होइन । वृहत्तर सामाजिक परिवर्तनका लागि यो राजनीतिक परिवर्तन भएको हो । समग्र समाजिक परिवर्तनका लागि यो राजनीतिक परिवर्तन भएको हो ।

आज हाम्रो देशमा निर्वाचित जनप्रतिनिधिमा ४१ प्रतिशत महिला छन् । समाजका हरेक क्षेत्रमा महिलाको प्रतिनिधित्व छ । यो गर्वको विषय हो । कहिलेकाहीँ हाम्रो समाजका इतिहासका कमजोरीहरूलाई पुरातत्व विभागले यसो खोस्रिएर निकालेजस्तो गरी समाजमा रहेका विगतका कमीकमजोरीहरूलाई खोस्रिनु बेग्लै कुरा हो । आजका हाम्रा आकांक्षा, हाम्रा प्रयास, संघर्ष र उपलब्धिहरूलाई कम आँक्नुहुन्न । आज हाम्रो समाज व्यापकतातर्फ अगाडि बढेको छ, न्यायोचित बाटोतर्फ अगाडि बढेको छ । विविधतायुक्त छ हाम्रो देश । भौगोलिक हिसाबले विविधता, अरू हिसाबले पनि विविधता । यो विविधता हाम्रो देशको सौन्दर्य हो ।

विश्व श्रमिक आन्दोलनले वैज्ञानिक सामाजिक परिवर्तनसम्बन्धी धारणालाई अघि सारेको छ । यो श्रमिक आन्दोलनको सम्पत्ति हो । न्याय कसलाई चाहिन्छ ? पीडितलाई चाहिन्छ । गरीबी निवारण कसका

लागि जरुरी हुन्छ ? जो गरीब छ उसका लागि । बढी अधिकार कसलाई चाहिन्छ ? जो अधिकारविहीन छ उसका लागि । ती कुराहरूको सन्दर्भमा नेपाली मजदुर आन्दोलनको भूमिका उल्लेखनीय रहेको छ । त्यसमा पनि नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) ले अगाडि सारेको विचार आज नेपालमा कसैले चुनौती दिन नसक्ने गरी प्रगाढ भएको छ । तपाईँहरूका विचार समाजका धेरै क्षेत्रमा स्थापित र सफल भएको छ । 'संसारका मजदुर एक हौँ' भन्ने तर मजदुरहरू अनावश्यक कुराहरूमा लड्ने जुन परम्परा थियो, त्यसलाई तपाईँहरूले अन्त्य गर्नुभएको छ । स्वस्थ प्रतिस्पर्धा गर्ने र मजदुरहरूका उद्देश्यहरूमा एकजुट भएर अगाडि बढ्ने नीतिमा तपाईँहरूले सफलता पाउनुभएको छ । त्यसका साथै, अन्तर्राष्ट्रिय मञ्चमा पनि तपाईँहरूले आफ्नो उपस्थितिलाई उपयुक्त ढंगले प्रस्तुत गर्न सक्नुभएको छ । म त भन्न चाहन्छु तपाईँहरूले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो उपस्थिति अझै बढाउनु पर्छ, दावी पनि अझै बढाउनु पर्छ ।

हामीले सामाजिक सद्भाव, सामाजिक न्याय र समानताका साथ सामाजिक परिवर्तनलाई अगाडि बढाइरहेका छौँ । नेपालमा भौगोलिक विविधता छ, जैविक विविधता छ, वनस्पतीय विविधता छ, सामाजिक विविधता छ, भाषिक विविधता छ, जातीय विविधता छ र आस्थागत विविधताहरू छन् । हाम्रा विविधताहरूमा खेल्न खोज्नेहरूसित नेपालीहरू होशियार हुनुपर्दछ । विविधता हाम्रो सम्पदा हो । सानो देशमा यति धेरै विविधता हाम्रो समृद्धि हो र यो हाम्रा निम्ति खुशी पनि हो । हामी सयौँ फूलका, रंगीन फूलका एउटै सुन्दर माला हौँ । यसलाई हामीले खल्बलिन दिनुहुँदैन ।

संसारमा एकै खालका शक्ति छैनन् । शान्तिको पक्षधरमात्र शक्ति पनि छैन । मानवजातिको एकता, मानवीय भावना र मानवीय सुख, समृद्धि चाहने मात्रै पनि छैनन् । मान्छे-मान्छे लडाएर र भिडाएर फाइदा लिन खोज्ने शक्तिहरू पनि छन् । हामी नेपालीहरू त्यस्ता शक्ति र तत्वहरूबाट होशियार हुनुपर्दछ । हामी राष्ट्रिय एकतालाई सामाजिक

न्याय, समानता र सद्भावमा आधारित बनाई मजबुत राष्ट्रिय एकताका साथ राष्ट्र निर्माणको काममा अगाडि बढ्नुपर्छ ।

आज हामीलाई अनुकूलता थपिएको छ । हामीसँग स्थिरता र स्थायित्व छ । नयाँ संविधानले जनताको सार्वभौमसत्ता सबैभन्दा सहज ढंगले, अनुकूल ढंगले, उपयुक्त ढंगले कसरी प्रयोग गर्ने भनेर संरचना नै निर्धारण गरेको छ । तहगत सरकारहरू छन्, जनप्रतिनिधिहरू छन् । यो जनताले ल्याएको परिवर्तन हो, जनताको संघर्षको उपलब्धि हो । अहिलेको सरकार माथि यति धेरै विश्वास किन छ जनताको ? यसकारण कि धेरै दुःख गरेर, धेरै मिहिनेत गरेर, धेरै कष्टका साथ यो सरकार बनाएका छन् जनताले । यसकारण जनता यो सरकारलाई समर्थन गर्छन् । जनताले अपेक्षाका साथ नै यो सरकार बनाएका हुन् । देशको अर्थतन्त्र अप्ठ्यारोमा भए पनि जनताका अपेक्षाहरू क्रमिक रूपमा पूरा गर्न सरकार प्रतिबद्ध छ ।

इजरायलको 'डेड सी' मा समुद्र सतहभन्दा ४ सय ५० मिटर गहिरो जमीन छ । समुन्द्र सतहभन्दा गहिरो जमीन नहुनु पर्ने । खासमा समुन्द्र सतहभन्दा माथिको भूमिलाई नै जमीन भनिन्छ । तर त्यहाँ ४ सय ५० मिटर गहिरो जमीन छ । हाम्रो अर्थतन्त्र 'डेड सी' जस्तै गहिरो छ । तर हामी त्यसबाट हडबडाउँदैनौँ । हामी त्यस स्थितिबाट देशको अर्थतन्त्रलाई माथि उठाउँछौँ । नेपाल अब नयाँ अभियानबाट अगाडि बढ्छ । हामीले निरक्षरताका धेरै गीत सुन्यौँ । निरक्षरता हामी निकट भविष्यमा समाप्त पार्छौँ । सामाजिक पछौँटेपन चरम छ । हामी खराब कुराहरूका विरुद्ध हमला गर्छौँ । देश र जनताका हितमा नरहेका कुराहरूका विरुद्ध हमला गर्ने हाम्रो नारा हुन्छ । हाम्रो नारा हुन्छ गरीबी विरुद्ध, भोकमरी विरुद्ध, अशिक्षा विरुद्ध, भ्रष्टाचार विरुद्ध । नारामात्रै होइन, हमला नै गर्छौँ हामी । आउँदो वैशाख ५ गते हामी अशिक्षाका विरुद्ध धावा बोल्छौँ । यो हाम्रो नीति नै हो । वैशाख ५ गते म एउटा पिछडिएको ठाउँको, पिछडिएको समुदायकी एउटी बालिकालाई भर्ना गर्दैछु । त्यसैगरी अरू साथीले पनि बालबालिकालाई विद्यालयमा भर्ना

गर्नुहुन्छ । तपाईँहरू पनि त्यसमा लाग्नोस् । उमेर पुगेका सबैलाई विद्यालय भर्ना गर्ने अभियान देशभर चलाऔं । देशभर हाम्रा ३६ हजार निर्वाचित प्रतिनिधहरू स्थानीय निकायमा हुनुहुनछ । उहाँहरू पनि लाग्नुहुन्छ । आफ्ना छोराछोरीलाई निरक्षर राख्नुहुन्न भन्ने चेतना फैलाउने काममा हामी सबै लागौँ । आफ्ना छोराछोरीलाई भर्ना गर्नुभएको छैन भने यसपटक भर्ना गराउनोस् । आफ्ना छोराछोरी भर्ना भैसकेका छन् भने, स्वस्थानीको कथामा भनिएजस्तो आफ्ना छैनन् भने दाइका, दाइका छैनन् भने भाइका, भाइका छैनन् भने छिमेकीका, छिमेकीका पनि छैनन् भने अन्य जसका भए पनि विद्यार्थीलाई भर्ना गराउनोस् । तपाईँ एक जनाले एक जनालाई भर्ना गराउनोस् । हरेकले एक-एक जना भर्ना गराऔं । यस्तै अभियानबाट हामी निरक्षरता उन्मूलन गर्नसक्छौँ । यो हाम्रो साझा अभियान हो, साझा संकल्प हो ।

आगामी दिनमा हाम्रा पाइलाहरू, हाम्रा अठोटहरू चल्ते-चलाते, नियमित र सामान्य ढंगका हुँने छैनन् । सरकारका नीति पनि असाधरण हुन्छन् जसले देशमा परिवर्तन ल्याउँछ । नेपालमा कतिपयले हामी सिंगापुर बनाउँछौँ भने, कतिपयले स्विट्जरल्याण्ड बनाउँछौँ भने । हामी नेपाललाई सिंगापुर र स्विट्जरल्याण्ड बनाउने कुरा गर्दैनौं । हामी नेपाललाई नेपालनै बनाउने कुरा गर्छौं । 'बेस्ट टुरिस्ट डेस्टिनेशन' कुन हो भन्दा नेपाल, विश्वको सर्वोच्च शिखर कहाँ छ भन्दा नेपाल, एक सिंगे गैँडा कहाँ पाइन्छ भन्दा नेपाल भन्ने-भनाउने अवस्था बनाउनु पर्छ । हामीले त्यो गर्नैपर्छ । कर्णाली प्रदेशले २०७५ सालदेखि पर्यटन वर्ष भनेको छ । प्रदेश ६ अर्थात् कर्णाली प्रदेशको पर्यटनमा म पहिलो पर्यटक हुनेछु । नयाँ वर्षको बिहानीमा त्यहाँबाट पर्यटन विकासको बिगुल बजाइने छ । हामी समृद्धिको यात्रातर्फ लागेका छौँ । समृद्धिको यात्रातर्फ लाग्दा सुदृढ लोकतन्त्रमा श्रमजीवी वर्गको हितका कुराहरू आउँछन् । समृद्ध नेपाल सुखी नेपाली भनेको पनि त्यही हो । कम्युनिष्टहरू गरीबी वितरण गर्न सक्छन्, समृद्धि हासिल गर्न सक्दैनन् भनेर भ्रमपूर्ण प्रचारहरू हुने गरेका छन् । त्यस्तो प्रचारलाई झूटो साबित गर्ने काम यो सरकारले गर्ने छ ।

मैले भन्ने गरेको छु उत्पादन र उत्पादकत्व वृद्धिमात्रै होइन, वितरण प्रणाली पनि न्यायोचित हुनुपर्दछ । उत्पादन र उत्पादकत्व वृद्धि छ तर निरपेक्ष गरीबीको रेखामुनि यति प्रतिशत जनसंख्या छ, यति प्रतिशतले खान लगाउन पाएको छैन, यति प्रतिशत भोकमरीमा छ, यति प्रतिशत आवासविहीन छ भन्ने कुरा सरकारलाई मान्य छैन । प्रतिशतको कुरै छोडौँ, एकजना मात्र पनि भोकै हुनुहुन्न । सरकार त्यही हिसाबले अगाडि बढ्छ । हाम्रा पुर्खाहरूले उहिल्यै भनेका थिए - सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया । सबै सुखी होऊँ । तर कसरी भन्ने कुरा साकार भएन । धेरै चिन्तकहरूले यस विषयमा सोचे, धेरै ठाउँहरूमा यसका प्रयासहरू भए । तर अबको प्रयास निरर्थक हुनेछैन, सार्थक हुनेछ । हामी समृद्ध नेपाल र सुखी नेपालीको अभियानमा सफल हुनेछौँ । नेपालको भविष्य उज्यालो छ । यो उज्यालो भविष्य सुनिश्चित गर्नका लागि हामी सबैसँग सहकार्य गर्न तयार छौँ ।

देश बनाउने शक्ति भनेकै श्रमजीवी वर्ग हो । विकास र निर्माणका कुशल शिल्पी हुन् श्रमजीवी जनता । श्रमजीवी जनताको सहयोग, संलग्नता र सहभागिताविना निर्माण र विकासका कामहरू सम्भव छैनन् । 'समृद्ध नेपाल - सुखी नेपाली' को अभियान पनि तमाम श्रमजीवी जनताको संलग्नता र सहभागिताविना सफल हुने कल्पना गर्न सकिन्न । यो सरकार श्रमजीवी जनताको हित गर्ने सरकार हो । यही सरकार हो जसले मजदुर वर्ग तथा श्रमजीवी जनताका समस्या समाधान गर्न सक्छ । तसर्थ, म सम्पूर्ण मजदुर साथीहरू र आम श्रमजीवी जनतामा अनुरोध गर्न चाहन्छु - सरकारको अभियानमा सहयोग गरी सम्पूर्ण मजदुर र आम श्रमजीवी जनताका समस्या समाधान गरौँ ।

●

चैत्र १४, २०७४

सन्दर्भ : जिफन्टको सातौँ महाधिवेशन

जसले गुलाफ देखेको छैन, उसलाई गुलाफ मन पर्दैन

आज पार्टी स्थापना दिवस । नेपालमा कम्युनिष्ट पार्टीको स्थापना भएको दिन । गौरवशाली पार्टी स्थापना भएको ६८ वर्ष पूरा भएको छ । नेपाली जनताले मार्क्सवादी दर्शनका आधारमा न्यायपूर्ण, समृद्ध, समुन्नत र समतामूलक समाज निर्माण गरी शोषणरहित समाजमा पुग्ने गन्तव्यका साथ आफ्ना प्रयासहरूलाई संगठित ढंगले अगाडि बढाउन थालेको पनि ६८ वर्ष पूरा भएको छ । विगत ६८ वर्षमा नेपालको कम्युनिष्ट आन्दोलनले अनेक उतार-चढावहरू बेहोऱ्यो, हण्डर-ठक्करहरू

खायो र सफलता-असफलतालाई भोग्यो । यस अवधिमा हामीले अत्यन्त कष्टपूर्ण, बलिदानपूर्ण संघर्ष गर्नुपऱ्यो । ती सबैको निष्कर्षको रूपमा आज कम्युनिष्ट पार्टी देशको प्रमुख प्रवृत्तिको रूपमा देखापरेको छ । नेपालको कम्युनिष्ट आन्दोलन राष्ट्रिय राजनीति, सामाजिक नीति तथा आर्थिक नीतिलगायत सबै कुराको मुख्य प्रवृत्ति भएको छ ।

आज हाम्रो देशको राजनीति के हो भन्दा हामीले अंगीकार गरेको राजनीति अथवा कम्युनिष्ट पार्टीले अंगीकार गरेको राजनीति नै हो । देशको आर्थिक नीति के हो भन्दा हामीले अंगीकार गरेको, कम्युनिष्ट आन्दोलनले अंगीकार गरेको अर्थनीति नै हो । त्यस्तै, कम्युनिष्ट पार्टीले अंगीकार गरेको नीति नै देशको सामाजिक नीति हो । यसै कारण आज देशमा कम्युनिष्ट पार्टीको बहुमतसहितको सरकार छ । नेपालको कम्युनिष्ट आन्दोलन आज सफलताको एउटा महत्वपूर्ण बिन्दुमा छ । कम्युनिष्ट पार्टीको सरकार राष्ट्र निर्माणका आफ्ना संकल्पहरू पूरा गर्दै जान अग्रसर छ ।

पार्टी स्थापना भएको ६८ वर्ष पुगेको सन्दर्भमा म यतिबेला संस्थापक नेता कमरेड पुष्पलाललगायत सबै 'भिजिनरी लिडर्स'प्रति सम्मान प्रकट गर्दै श्रद्धासुमन अर्पण गर्न चाहन्छु । वास्तवमा ६८ वर्ष अगाडि आजका धेरै कुराहरू पूर्वानुमान गरिएका थिए । यस बीचमा समय र परिस्थिति कता जाँदै छ, कसरी जाँदै छ र कसरी जानुपर्छ भनेर बहकाबमा नलाग्ने, परिस्थितिको दास भएर नबस्ने, बरु परिस्थितिलाई लच्काएर ठीक बाटोतिर लाने, आन्दोलनमा सरिकमात्र हुने होइन, आन्दोलनलाई नै ठीक बाटोमा लान नेतृत्व गर्ने, समयका छालहरूसँग अग्रभागमा रहेर तैरिन सक्ने, समयको गतिबाट गति लिनसक्ने, कता जानुपर्छ भन्ने बाटो देखाउनसक्ने मदन भण्डारीजस्ता 'भिजिनरी' नेतालाई म विशेष स्मरण गर्न चाहन्छु । दुनियाँमा कम्युनिष्ट आन्दोलन समाप्त भयो भनिएका बेला, सोभियत संघलगायत पूर्वी युरोपमा कम्युनिष्ट शासन ढलेका बेला, नेपालमा कम्युनिष्ट आन्दोलनलाई शक्तिशाली बनाउने र कम्युनिष्ट पार्टीलाई सरकारमा पुऱ्याउने काम उहाँले गर्नुभयो । दुनियाँमा कम्युनिष्ट

आन्दोलन ध्वस्त भयो भनिरहँदा नेपालमा कम्युनिष्टको सरकार बन्यो । मनमोहन अधिकारी नेपालको पहिलो कम्युनिष्ट प्रधानमन्त्री हुनुभयो । उहाँले अत्यन्तै गरिमामय ढंगले देशको नेतृत्व गर्नुभयो । इतिहासमा अरू पनि धेरै नेताहरू हुनुहुन्छ जसले पार्टी निर्माणमा अमूल्य योगदान गर्नुभएको छ । म उहाँहरूलाई स्मरण गर्न चाहन्छु । यस आन्दोलनलाई निर्माण गर्न योगदान गर्ने शहीदहरू, घाइते हुनु भएकाहरू, अङ्गभङ्ग हुनुभएकाहरूप्रति अत्यन्तै आदर र सम्मान व्यक्त गर्न चाहन्छु ।

लेनिनको जन्मदिन पारेर नेपालमा कम्युनिष्ट पार्टीको स्थापना भएको थियो । लेनिन दुनियाँमा असाधारण परिवर्तन ल्याउने क्रान्तिकारी हुनुहुन्थ्यो । हामी बोल्सेभिक क्रान्ति, ओक्टोवर क्रान्तिका कुरा गर्छौँ, जुन तत्कालीन सोभियत संघमा भएको थियो । मार्क्सवादलाई व्यावहारिक रूपमा सफल सावित गर्ने क्रान्ति थियो त्यो । लेनिनले नेतृत्व गरेको त्यो क्रान्ति अक्टोवर क्रान्तिका नामले परिचित छ । त्यो एउटा देश विशेषको क्रान्तिको कुरा होइन । त्यो दुनियाँमै, विश्वमै ठूलो परिवर्तन ल्याउने क्रान्ति थियो । मुक्ति आन्दोलन र समानताको चेतनामा नयाँ श्रृंखला सिर्जना गर्ने अर्थमा महान लेनिनको नेतृत्वमा भएको अक्टोवर क्रान्तिको अहम् महत्व छ । लेनिनले नेतृत्व-विज्ञान, संगठनात्मक सिद्धान्त र सामाजिक परिवर्तनका सिद्धान्तका सन्दर्भमा नयाँ विचारहरू प्रतिपादन गर्नुभयो । उहाँले प्रतिपादन गर्नुभएका विचारहरू लेनिनवादका रूपमा विकसित भए । नेतृत्व-विज्ञान भनेको के हो ?, संगठनात्मक सिद्धान्त भनेको के हो ?, सामाजिक परिवर्तन कसरी सम्भव छ ? भन्ने विषयमा उहाँका विचारहरू सिद्धान्तकै रूपमा स्थापित हुनपुगे । यसअघि संगठन कसरी चल्नुपर्छ भन्ने कुरासमेत कसैलाई थाहा थिएन । लेनिनले संगठनात्मक सिद्धान्त प्रस्तुत गर्नुभएपछि नै संगठन चलाउने कुरा थाहा भयो । बल्ल कम्युनिष्ट आन्दोलन पेरिस कम्युनभन्दा माथि उठ्यो । आजको नेतृत्व र संगठन पनि लेनिनको त्यही सिद्धान्तमा आधारित भएर सञ्चालित छ । यस अर्थमा लेनिन कार्ल मार्क्सपछिका अर्का महान् चिन्तक हुनुहुन्थ्यो ।

कसैकसैले भन्ने गर्छन् - 'मार्क्सवाद मन पर्दैन ।' केहीले भन्छन्- 'लेनिनवाद मन पर्दैन ।' त्यो कुरो गुलाफको फूल कहिल्यै नदेखेकोले गुलाफ मन पर्दैन भनेजस्तै हो । जसले रसबरी कहिल्यै खाएको छैन, उसलाई रसबरी मीठो लाग्दैन । बुझेको छैन, देखेको छैन, खाएको छैन, सुनेको भरमा मात्र पछाडि कुदेको छ भने कसरी राम्रो लाग्छ ?

मार्क्सवादी दर्शन, जसको कुनै जवाफ छैन । एकपटक कसैले विश्वप्रसिद्ध वैज्ञानिक आइन्सटाइनलाई सोध्यो - 'ईश्वरको अस्तित्वबारे तपाईँको धारणा के छ ? अर्थात ईश्वरबारे तपाईँ के भन्नुहुन्छ ?'

आइन्सटाइनले जवाफ दिए - 'ईश्वरलाई मैले देखेको छैन । मलाई ईश्वर थाहा छैन, म वैज्ञानिक हुँ । यदि ईश्वर मान्नुपर्छ भने, ईश्वर हुन्छ भने, कसैलाई ईश्वर भन्नुपर्छ भने कार्ल मार्क्सलाई भन्न रुचाउँछु । किनभने पुरानो ईश्वरले काम गरेन । यो दुनियाँलाई नयाँ ढंगले, न्यायोचित ढंगले परिवर्तनमा अगाडि बढाउने सिद्धान्त भएका कार्ल मार्क्स नै हुन् ।'

आइन्सटाइनले मार्क्सवाद पढेका थिए, त्यसैले थाहा पाए । मार्क्सवाद नपढेकाले थाहा पाउँदैनन् । मार्क्सवाद नपढीकन बुझिने कुनै हावादारी कुरा नै होइन । अनि तिनै नबुझेकाले मन पर्दैन भन्ने गर्छन् ।

हामी मार्क्सवादी दर्शनअनुसार, मार्क्सवादी-लेनिनवादी सिद्धान्तअनुसार नेपालमा कम्युनिष्ट पार्टीको स्थापना हुँदा आधारभूत रूपमा सही प्रस्तावनाहरू अगाडि सारिएका थिए । कम्युनिष्ट पार्टी स्थापना गर्दा नेपालमा नयाँ जनवादी क्रान्ति गर्नुपर्छ भनिएको थियो । सामन्ती दबाव समाप्त पार्नुपर्छ र गणतन्त्र ल्याउनु पर्छ भनिएको थियो । राष्ट्रिय हितको सम्पूर्ण रूपमा रक्षा हुनुपर्छ, वैदेशिक हस्तक्षेप र थिचोमिचो हुनुहुँदैन, स्वाधीन, सार्वभौम राष्ट्रको हैसियतमा हामीले हाम्रो राष्ट्रलाई पुऱ्याउनु पर्छ भन्ने कुरा थियो । सामाजिक असमानताहरू, विभेदहरू अन्त्य गरिनुपर्छ, सबै प्रकारका सामाजिक असमानता र विभेदहरूको अन्त्य गरिनु पर्दछ भन्ने नै कम्युनिष्ट पार्टी स्थापनाको उद्देश्य थियो ।

पार्टीले उत्पादन र उत्पादकत्व वृद्धिमात्रै होइन, न्यायोचित वितरणमा पनि जोड दिएको थियो ।

नेकपाको स्थापना हुँदा पुष्पलालको अगुवाइमा अगाडि सारिएका विचारहरू सही थिए । तर २००७ सालको आन्दोलनपछि नेपाल कम्युनिष्ट पार्टीभित्र सही विचार, सही नेतृत्वका विरुद्ध विवादहरू शुरु गरिए । २००७ सालको आन्दोलन फागुनमा टुङ्गियो । कम्युनिष्ट पार्टीले त्यसमा राष्ट्रवादी अडान राख्यो, देशभक्तिपूर्ण अडान राख्यो । त्यसपछि डोकामा हालेर दिल्लीबाट फिर्ता ल्याइएको राजतन्त्रका पक्षधर र अरूले बोकेका व्यक्तिहरू कम्युनिष्ट पार्टी र पुष्पलालका विरुद्ध लागे । नेकपाका संस्थापकहरूलाई नै पार्टीको नेतृत्वबाट बाहिर राख्ने काम भयो । नेकपाको स्थापनामा सर्वाधिक महत्वपूर्ण भूमिका राख्ने पुष्पललालाई २००८ सालमै 'लौ खा गणतन्त्र', 'लौ खा जनवाद' भन्दै किनारा लगाइयो । स्थापनाकालको नीतिअनुसार पार्टी अगाडि जान सकेन ।

२००७ सालमा राणाशासन फालियो, प्रजातन्त्र आयो । तर २००८ सालबाटै कांग्रेसले कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगायो । आजकाल कांग्रेसले आफूलाई लोकतन्त्रवादी र अरूलाई अधिनायकवादी भन्ने गर्छ । २०१२ सालको अन्तिममा कांग्रेस पछाडि पऱ्यो । टंकप्रसाद आचार्य प्रधानमन्त्री भएपछि कम्युनिष्ट पार्टीमाथिको प्रतिबन्ध बल्ल खुल्यो । चार वर्ष कम्युनिष्ट पार्टीले प्रतिबन्धित हुनुपऱ्यो । अनेक प्रतिकूलता आए, दमनचक्र चलाइयो । तपाईँहरूले देख्नुभएकै छ, हामी मजबुत हुँदा र प्रमुख पार्टी भएर सरकार बनाउँदा त केके हो केके गरेर सरकारबाट हटाइयो । दुई पार्टीको तालमेल गरेर अत्यधिक बहुमत ल्याउँदा पनि दुई महीनाभित्र बन्नुपर्ने सरकार चार-पाँच महीनासम्म बनाउन दिइएन । अहिले हामी यति मजबुत हुँदा त यो छ प्रतिक्रियावादीहरूको क्रिया भने त्यतिबेला कम्युनिष्ट पार्टी कमजोर अवस्थामै रहँदा कस्तो हुँदो हो ? २००८ सालको प्रतिबन्धदेखि लिएर पछिसम्म देख्न सक्नुहुन्छ ।

प्रतिक्रियावादीहरूले भन्नेचाहिँ लोकतन्त्र, गर्ने कामचाहिँ तानाशाही, दमनकारी । यस्ता अवस्थाहरू हामीले देख्दै र भोग्दै आएका छौँ ।

दुर्भाग्य, नेकपाको पहिलो महाधिवेशनले नै सही नीति लिएन । स्थापनाकालमा पुष्पलालले अगाडि सार्नुभएका सही नीतिहरूलाई नै अस्वीकार गरी गलत नीति लिइयो । दोश्रो महाधिवेशनमा पुष्पलालका बिरुद्ध अर्को जालझेल र षड्यन्त्र भयो । न पुष्पलालको कार्यक्रम पास भयो, न नेतृत्व स्थापित भयो । कम्युनिष्ट पार्टी परिवर्तनकारी होइन राजावादी धारमा देखापऱ्यो । पार्टीका नेताहरू राजतन्त्रका पालेजस्ता भए । पार्टी आन्दोलनकारी ढंगले अगाडि जान सकेन । तेश्रो महाधिवेशनले पनि उपयुक्त नीति लिन सकेन । जसले गर्दा कम्युनिष्ट आन्दोलन र तिनका न्यायका सिद्धान्तहरू जनताले मन पराउन खोज्ने तर त्यसको व्यवहार र त्यसले अपनाउनु पर्ने तत्कालीन नीतिहरू उपयुक्त हुन सकेनन् । फलतः आन्दोलन शिथिल र छिन्नभिन्नको स्थितिमा पुग्यो । २०१९ सालमा राजावादी नेता केशरजंग रायमाझीले गलत दिशामा लगेर पार्टीलाई विभाजन गराए । पार्टी छिन्नभिन्न भयो ।

उता, नेपाली कांग्रेस आन्दोलनकारी शक्तिसँग मिलेर जान चाहेन । उसले जेसुकै गरे पनि बरु राजाका पाउ समाउने तर कम्युनिष्टसँग मिल्दै नमिल्ने भन्ने रटान गरिह्यो । आफूलाई प्रतिबन्ध लगाउँदा पनि राजासँग मिल्नुपर्छ भन्ने तर कम्युनिष्टसँग मिलेर आन्दोलन गर्नुपर्छ नभन्ने उसको नीति थियो । ०१५ सालको चुनावमा कम्युनिष्टले जम्मा चार सीट ल्यायो, कांग्रेसले दुई तिहाइ । चार सीट ल्याउने पार्टीका नेता पुष्पलालले संसदको पुनर्स्थापना हुनुपर्छ भनेर माग गरे तर दुई तिहाइ ल्याउने कांग्रेसले पुनर्स्थापना हुनुपर्छ भनेर नभन्ने स्थिति आयो ।

नेपालको लोकतान्त्रिक, प्रगतिशील वा जनवादी आन्दोलन ०१७ सालपछि छिन्नभिन्न पारियो । त्यस बीचमा हामीले झापाबाट क्रान्तिकारी ढंगले एकता र एकीकरणको बाटोमा अगाडि बढ्ने आन्दोलन शुरु गऱ्याँ । त्यो नेपाली कम्युनिष्ट आन्दोलनमा शिथिलता होइन गतिशीलता,

दक्षिणपन्थी होइन क्रान्तिकारी बाटोमा अगाडि बढ्ने अभियान थियो । त्यसले नेपाली राजनीतिमा नयाँ जागरण ल्यायो ।

पुष्पलालले पनि २०२५ सालमा विभाजित र शिथिल आन्दोलनलाई जोड्ने कोशिश गर्नुभयो । उहाँले तेश्रो सम्मेलनमा त्यसलाई जोड्ने कोशिस गर्नुभयो र अगाडि बढाउनु भयो । अर्कातिर मोहनविक्रम सिंह न्युक्लियस बनाएर पछि चौथो महाधिवेशनका नाममा अगाडि बढ्नुभयो । मनमोहन अधिकारीहरू पूर्व कोशी प्रान्तीय कमिटीमार्फत अगाडि बढ्न खोज्नुभयो । साना विभिन्न समूह पनि त्यसै गरी अगाडि बढ्न खोजे । बढ्दै जाने क्रममा कसैले प्रभावकारी ढंगले आन्दोलन गर्न सके, कसैले प्रयत्नमात्रै भएपनि गरे । २०४६ सालको आन्दोलनपछि एउटा नयाँ परिस्थिति निर्माण भयो, जसले ठूला परिवर्तनका निम्ति सम्भावनाका ढोकाहरू खोल्यो । मदन भण्डारीको नेतृत्वमा नयाँ विचारसहित आन्दोलनलाई संगठित गर्ने काम भयो । दुनियाँमा कम्युनिष्ट समाप्त भयो भन्ने हौवा थियो । त्यस्तो बेला मदन भण्डारीको नेतृत्वमा कम्युनिष्ट आन्दोलनलाई विभिन्न चरण हुँदै समाजवाद निर्माण गर्ने लक्ष्यका साथ अगाडि बढाउने काम भयो । त्यसबाट मुलुकको राजनीतिमा सकारात्मक पक्ष बलियो बन्नपुग्यो । कम्युनिष्ट घटकहरू विभिन्न प्रकारका अभ्यासमा लागे । नेकपा (माओवादी) ले सशस्त्र जनयुद्ध शुरु गऱ्यो । हामी शान्तिपूर्ण आन्दोलन र शान्तिपूर्ण परिवर्तनमा अगाडि बढ्यौँ । विभिन्न ढंगले आन्दोलनलाई सवल बनाउने प्रयासहरू भए । हामी शान्ति प्रक्रियामा आयौँ र फेरि नयाँ परिस्थिति सिर्जना गऱ्यौँ ।

२०६२/२०६३ को आन्दोलनपछि हामी नयाँ उचाइमा आइपुग्यौँ । हामी कम्युनिष्ट-कम्युनिष्टबीचमै पनि प्रतिस्पर्धाको स्थिति पनि रह्यो । हामीबीच सैद्धान्तिक मतभेदका कारण विवाद र बहसहरू पनि भए । त्यसै सिलसिलामा कम्युनिष्टहरू मिलेर अगाडि बढ्ने परिस्थिति पनि बन्यो । अग्रगामी सोचाइसहित हामी एकीकरणको प्रक्रियामा अघि बढ्यौँ ।

कम्युनिष्ट एकीकरणका लागि हामीले यतिबेला गरेको निर्णय महत्वपूर्ण छ । यस निर्णयको सार पनि महत्वपूर्ण छ । जुन-जुन

कम्युनिष्ट पार्टीका बीच सिद्धान्तमा त्यतिधेरै भिन्नता छैन, रणनीति र कार्यनीतिमा खासै भिन्नता छैन, त्यस्ता कम्युनिष्ट पार्टीका बीच एकता प्रक्रिया अगाडि बढ्नुपर्छ भन्ने मान्यतामै नेकपा (एमाले) र नेकपा (माओवादी) केन्दका बीच एकता हुन लागेको हो । अब हामीले कुनै पनि हिसाबमा फुट्ने र त्यसको लाभ प्रतिक्रियावादी, जनविरोधी शक्तिहरूले लिने स्थिति दिनुहुँदैन । हामीले त्यही फैसला र संकल्पका आधारमा यो एकता गरेका हौँ ।

हामीले निर्वाचनका बेला साझा घोषणापत्र तयार गऱ्यौँ । तर पार्टी एकता भइसकेको छैन । हुने क्रममा छ । एकता हुनुभन्दा अगाडि केहीकेही 'सेन्टिमेन्टल' कुराहरू पनि आउँछन् । कहिलेकाहीँ आफ्नो वा अर्काको भन्ने भावना पनि प्रकट भैदिन्छ । तर हामी त्यस्तैमा अल्झिनु हुँदैन । हाम्रा अगाडि महान् उद्देश्यहरू छन्, महान् सम्भावनाहरू छन् । आफ्ना उद्देश्य र सम्भावनामाथि हामी कुनै खेलबाड गर्न सक्दैनौँ । हुनत कमरेड प्रचण्डले भन्नुभयो - 'प्रचण्डले नमाने पनि, केपी ओलीले नमाने पनि एकता हुन्छ' भनेर । म त्यति 'सेन्टिमेन्टल' कुरा गर्न अलि चाहन्न । यो कुनै अन्तबाट आइरहेको एकता र हामीले बाटोमा भेटाएर टपक्क टिपेर हिँडेको एकता होइन । बडो मिहिनेत गरेर हामी यहाँसम्म आइपुगेका छौँ । धेरै थकाइ पनि मार्न नपाइएको होला, सुत्न पनि नपाइएको होला, समयमा खान पनि नपाइएको होला । यसका साथै, साथीहरूका गुनासाहरू पनि सुन्नु परेकै होला । तसर्थ यहाँसम्म आइपुगेको भवितव्यले वा बजारमा, सुपर मार्केटमा घुम्न गएको बेला देखेर, त्यहीँबाट टपक्क टिपेर ल्याएको होइन । यो परिस्थितिलाई बडो मिहिनेतले यहाँसम्म ल्याइपुऱ्याइएको हो । अनि 'हामीले गरेनौँ भने' भन्ने कुरा कहाँबाट आउँछ ? हामीले नगरेको भए हुँदैनथ्यो । नगरेको भए कसरी हुन्थ्यो ? हामीले गरेर भएको हो, अब पनि हामी गर्छौँ । मलाई लाग्छ कमरेड प्रचण्डले पनि कुनै पनि हालतमा हामी यो एकता गरेरै छाड्छौँ भन्ने अर्थमा, बढी जोड दिएर त्यसरी भन्नु भएको हो ।

अब हामीले अरू कसैलाई दोष लगाउने, कसैको टाउकोमा जिम्मेवारी फालेर उम्किने ठाउँ छैन । हामीसित एकता सफल पार्नेबाहेक अर्को बाटो छैन । अस्ति मैले हाम्रो संयोजन समितिको बैठकमा भनेँ - 'हामी यो ठाउँमा आइपुगिसक्यौँ । अब त मेरो जुत्ता मिलेन त्यसकारण लाउँदिन भन्ने ठाउँ छैन । जुत्ता मिलेन भने खुट्टा अलि ताछ्तुछ गरेर भए पनि मिलाउनु पर्छ । हामीले देशका अगाडि प्रतिबद्धता जनाइसक्यौँ, अब यो भएन, त्यो भएन भन्ने ठाउँ छैन ।' अघि पनि कुरा उठिसक्यो - असमानता, विभेद र अपमानका बीचमा एकता हुँदैन । वास्तवमा सम्मान, समानता र सहकार्यका आधारमा एकता हुने हो । त्यसरी नै एकता हुन्छ ।

अहिले देशमा कम्युनिष्ट पार्टीको सरकार छ । सरकारको काम जनताको सेवा गर्ने, जनतालाई सुविधा दिने र जनअधिकारको रक्षा गर्ने हो । यस सरकारको काम विकासका निम्ति संयोजनकारी ढंगले जनतालाई अधिकार सम्पन्न बनाउने हो । आजको मान्यतामा - सरकार शासक होइन, सेवक हो । सरकार पारदर्शिताका साथ जनताको करप्रति उत्तरदायी भएर चल्छ । यसले जनताका यावत दुःख निवारणका लागि काम गर्छ । जनताका यावत समस्याको समाधानमा सरकार लाग्छ । गरीब,विपन्न र पिछडिएका जनताको हितमा सरकारले विशेष योजनाका साथ काम गर्छ ।

एउटा पार्टीका नेताले सरकार अधिनायकवादतर्फ जाने भो भनेर गरेको 'कमेन्ट' मैले सुनेको छु । त्यो कति साँचो, कति झूटो सबैलाई थाहा छ । तर भनिँदैछ 'अधिनायकवाद शुरु भैसक्यो । प्रधानमन्त्रीका विरुद्ध बोल्न पनि, लेख्न पनि डराउने अवस्था छ । सञ्चार माध्यम त बोल्दैबोल्दैनन्, लेख्दै लेख्दैनन् ।' यो कुरा तपाईँहरू पत्याउनु हुन्छ ? पत्रकारहरू प्रधानमन्त्रीका विरुद्ध लेख्न डराउँछन् रे ! कसरी भन्न सकेको होला ? नेपालका पत्रकारलाई अपमान गर्नसक्ने आँट कसरी आएको होला ? नेपालको प्रेस जगत्को यत्रो अपमान गर्ने हिम्मत कसरी भयो होला ? तर मान्छेले गति नै छोडेपछि के गर्ने, जे बोले पनि हुनेरहेछ ।

राष्ट्रियताको सवालमा हामी एकताबद्ध छौँ । हामी छिमेकीहरूसँग सुमधुर सम्बन्ध राख्छौँ । हामी हाम्रो देशको हितलाई सर्वोपरि राख्छौँ । हाम्रो सार्वभौमसत्ता, हाम्रो स्वाधीनता, हाम्रो भौगोलिक अखण्डता आदिमा तलमाथि हुन दिदैनौँ । स्वाधीनता र स्वतन्त्रता भन्ने तर स्वाधीनताको प्रयोग गर्न नसक्ने निरीहता होइन यर्थाथमा स्वाधीनताको प्रयोग गर्ने र राष्ट्रिय हितहरूको रक्षा र संर्वद्धन गर्ने पहलकदमी आवश्यक छ । राष्ट्रिय हितको रक्षा र संर्वद्धन गर्दा हामीले सधैँ भन्ने गरेका छौँ - राष्ट्रिय हित भनिरहँदा न्यायोचित हुनुपर्दछ । अन्तर्राष्ट्रिय सन्धि-सम्झौता राष्ट्रिय मूल्य-मान्यताअनुसार हुनुपर्दछ । राष्ट्रिय हितको कुरा गर्दा 'इन्टरनेशनल अब्लिगेशन'का पक्षहरू र उत्तरदायित्वका पक्षहरू समेतलाई हेर्नुपर्छ । मैले भन्ने गरेको छु - यो कुनै सम्झौताले बनेको देश होइन । यो इतिहासमा लडेर, बचेर जोगिएर, स्वाधीनता कायम राखेर आएको देश हो । तसर्थ हाम्रो स्वाभिमानयुक्त इतिहास छ र हामी नेपालीको रूपमा गौरवान्वित छौँ । हामी हाम्रो गौरव, हाम्रो स्वाभिमानलाई तलमाथि पर्न दिदैनौँ । हामी हाम्रो भूमि छिमेकीहरूका विरुद्ध प्रयोग हुन दिदैनौँ । हामी हाम्रो भूमिलाई कुनै प्रकारको आंतकवाद, अनुचित क्रियाकलाप, अन्तर्राष्ट्रिय कालाबजारी, माफियातन्त्र, तस्करी, लागूऔषध, मानव बेचबिखन, महिला बेचविखन, जाली नोट ओसारपसारजस्ता कुनै पनि कुराको प्रयोग थलो बनाउन दिदैनौँ । हामी हाम्रा छिमेकीहरूसँग पारस्परिक लाभ र पारस्परिक सम्मानका आधारमा सम्बन्ध कामय गरी सुमधुर सम्बन्ध अगाडि बढाउँछौँ । दुईओटा छिमेकीसँग सन्तुलित सम्बन्ध कायम राख्छौँ । हामी दुईओटै छिमेकीको विकासबाट लाभ लिनसक्छौँ । हाम्रोजस्तो विविधतायुक्त देशमा कुनै पनि हिसावमा, कुनै पनि नाममा, कुनै पनि बहानामा साम्प्रदायिक विद्वेष होइन समाजिक सद्भाव, सामाजिक न्याय, समानता र त्यसमा आधारित राष्ट्रिय एकता हाम्रो नारा हो । यसमा हाम्रा दुई पार्टीको नीतिगत सहमति छ ।

दुई पार्टीको एकता मेलामा लगाएको मीत होइन । यो त आन्दोलनको सहयात्रा हो, एउटै गन्तव्यमा पुग्ने, एउटै बाटोमा हिँड्ने प्रतिबद्धता हो । त्यसमा हाम्रा नीतिगत सहमति छन् । देशमा स्थिरता,

स्थायित्व र शान्ति चाहिन्छ । यसमा हामी स्पष्ट छौँ, प्रतिबद्ध छौँ र त्यसमा हामी एकमत छौँ ।

एकता सन्दर्भमा कम्युनिष्ट आन्दोलनको, नेपाली जनताको हित नचिताउनेहरूको मनमा कतै आशाको केही टुसो पलाउन खोजेको भए त्यो बेकारको आशा हो । त्यस टुसोको केही अर्थ छैन, त्यसको भविष्य छैन । हेर्दाहेर्दै टुसो बिलाउँछ । असोज १७ गते अचानक हामीले मिडियाका साथीहरूलाई खबर गऱ्यौँ । के हुन आँट्या यो अचम्म, भन्ने भयो । एमाले र माओवादी केन्द्र चुनावी तालमेल गरेर अगाडि जाने घोषणा हामीले गऱ्यौ । केही मान्छे यो कसरी सम्भव छ भन्थे । तर सम्भव भयो नि । भन्नेहरू सरकारमा दुई पार्टी सँगै बस्न कसरी सक्छन् र भन्ने गर्थे । तर हामी सँगै बस्यौँ । अहिले पार्टी एकता कहाँ हुनु, हुँदैन भन्दैछन् । तर पार्टी एकता भैसकेको छ । जेठ ३ गते नै हामीले पार्टी एकताको घोषणा गरिसकेका छौँ । एकताबद्ध भएरै पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी (नेकपा) रहन गएको हो । पार्टी एकताका केही काम बाँकी छन् । ती सबै सहज ढंगले हुन्छन् ।

हामी थाक्दैनौँ र हरेश खादैनौँ । कार्लमार्क्सले भनेका थिए - 'फेरि विभिन्न ठाउँमा पेरिस कम्युन जागिरहन्छ ।' नभन्दै पेरिस कम्युन रूसमा जाग्यो, पेरिस कम्युन चीनमा जाग्यो, पेरिस कम्युन अन्यत्र पनि जाग्यो । नेपालमा पनि पेरिस कम्युन नयाँ संस्करण र नयाँ उचाइका साथ अगाडि बढ्दैछ । अहिले हामी धक्का खाएको अवस्थामा होइन सहज र अनुकूल अवस्थामा छौँ । हामी आत्मविश्वासका साथ एकताबद्ध भएर विजयतर्फ अगाडि बढ्छौँ, समाजवादतिर लम्कन्छौँ ।

●

वैशाख ९, २०७५

सन्दर्भ : नेकपा स्थापना दिवस

हामी कर्मीमौरीका हूल

नेकपा (एमाले) मा प्रवेश गर्ने साथीहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु । तपाईँहरू जुनजुन पार्टी छोडेर आउनुभएको भएपनि एमालेमा प्रवेश गर्नुभएको छ । कुन पार्टी छोडेर आउनु भयो धेरै महत्वपूर्ण कुरा होइन, एमालेमा प्रवेश गर्नुभएको छ त्यो महत्वपूर्ण कुरा हो । तपाईँहरूले एमालेलाई ठीक पार्टी ठहऱ्याएर, उपयुक्त नियर्णयमा पुगेर पार्टीमा प्रवेश गर्नुभएको छ । तपाईँहरू नयाँ होइन, पहिलेदेखि विभिन्न पार्टीमा रहेर काम गरेका साथीहरू हुनुहुन्छ । तपाईँहरूले धेरै पार्टीलाई देख्नुभएको छ,

तिनका नीति, विचार र काम देख्नुभएको छ । तिनका आचरण तथा उद्देश्यहरू देख्नुभएको छ र नेकपा (एमाले) लाई पनि देख्नुभएको छ । म अरू पार्टीसित एमालेलाई तुलना गर्न चाहन्न किनभने त्यसमा कुनै तुलना हुँदैन । एमाले विचारको हिसाबले, सिद्धान्तको हिसाबले, नीतिको हिसाबले, संगठनको हिसाबले, योगदानको हिसाबले, जनप्रभावको हिसाबले, जनविश्वासको हिसाबले, जनताको आशाभरोसाको हिसाबले, यसको कार्यक्षमताको हिसाबले एउटा असाधारण पार्टी हो ।

हामीले राजनीतिक पार्टीहरूका इतिहासलाई, तिनको निर्माण र विकासका क्रमलाई हेर्‍यौँ भने एमाले सानोसानो भूगोल भएको देशको पार्टी हो । तर एमाले नेपालको सामाजिक जीवनका सबै क्षेत्रमा नेपालीव्यापी पार्टी हो । जहाँ नेपाली छन्, त्यहाँ एमाले छ । अमेरिकामा नेपाली छन्, त्यहाँ पनि एमाले छ । जापानमा नेपाली छन्, त्यहाँ पनि एमाले छ । कतारमा नेपाली छन्, त्यहाँ पनि एमाले छ । भारतमा नेपाली छन्, त्यहाँ पनि एमाले छ । अन्यत्र पनि जहाँजहाँ नेपाली छन्, त्यहाँ एमाले छ । । जहाँ नेपाली पुग्छन्, त्यहाँ एमाले पनि सँगसँगै पुगिसकेको हुन्छ । पछि एमाले त्यहाँ पुगेर त्यहाँका मान्छेलाई संगठित गरेको पनि होइन । यस पार्टीको प्रभाव, यसका नीतिहरूको सशक्तता र यसका महान् उद्देश्यहरूका कारण यस्तो भएको हो । यसका नीतिहरू वैज्ञानिक छन्, सही छन्, सत्यतथ्यमा आधारित छन् र संकीर्ण राजनीतिक स्वार्थबाट माथि उठेका छन् । एमालेका नीतिहरू बूढो र ढल्न लागेको रुखलाई टेको लगाएर अडाएको जस्तो होइन । यसका नीति र सिद्धान्त टेको लगाएर बचाएको रुखजस्तो होइन । यससँग देश बनाउने सही नीति छ र सही बाटोबाट अगाडि बढेको छ । राष्ट्रियताको सवालमा हाम्रो न कुनै आवेश छ, न कुनै आग्रह वा कुनै उत्तेजना नै छ । हामीसित कुनै अहम्भाव वा कुनै हीनभाव छैन । हाम्रा नीतिहरू कुनै हीनता वा दम्भ-अंहकारबाट प्रभावित छैनन् । एमालेका हरेक नीति उचाइमा छन्, स्वाल्ल पोखेको पानी खल्ल बगेजस्तो होइन । हाम्रा नीतिहरू 'होरिजेन्टल' मात्रै होइन 'भर्टिकल हाइट' भएका नीतिहरू हुनुपर्छ । 'होरिजेन्टल' त पानी

पनि हुन्छ, 'भर्टिकल' पानी हुँदैन । एमालेका नीतिहरू स्पष्ट छन्, उच्च गन्तव्यसहितका छन् र न्यायोचित कुराहरूमा आधारित छन् ।

राष्ट्रियताको सवालमा हामी कुनै अनुचित माग, कुनै अनुचित तर्क वा अर्घेल्याइँमा जाँदैनौँ, कसैप्रतिको सैद्धान्तिक आग्रह वा कसैप्रतिको पूर्वाग्रहमा जाँदैनौँ । कुनै देश अलि सानो छ, जनसंख्या अलि सानो छ, अलि पछाडि परेको छ भन्दैमा आफ्नो कुरा बोल्न नसक्ने, कुरा राख्न नसक्ने, दृष्टिकोण प्रस्तुत गर्न नसक्ने निरीह हुँदैन । एमाले त्यस्तो ठान्दैन । हामी भूगोलमा सानो भएपनि र गरीब भएपनि अरू देशभन्दा कमजोर छैनौँ । हाम्रो देश अरू देश सरहकै, समान मानचित्रमा रहेको देश हो ।

नेकपा (एमाले) नेपालका समस्याको सही ढंगले पहिचान गर्ने र ती समस्याको समाधान गर्ने दृष्टिकोण र हैसियत राख्नसक्ने पार्टी हो । यो पार्टीको दृष्टिमा राष्ट्रवाद, राष्ट्रवाद हो । देशभक्ति, देशभक्ति हो । राष्ट्रिय हित, राष्ट्रिय हित हो । राष्ट्रवाद न खोक्रो हुन्छ, न भरिलो । यसले कुनै लघुताभासविना, कुनै आग्रहविना, कुनै घमण्डविना, कसैप्रति वैरभाव नराखी, सफा मन र खुलापनका साथ राष्ट्रियताको विषयमा बोल्छ । यसका राष्ट्रियतासम्बन्धी नीतिहरू, छिमेकसम्बन्धका नीतिहरू, अन्तर्राष्ट्रियसम्बन्धका नीतिहरू अथवा वैदेशिकसम्बन्धका नीतिहरू अत्यन्त स्पस्ट छन् । एमालेमा प्रवेश गरेपछि साथीहरूलाई कतिबेला के बोल्ने होला, कुन परिस्थितिमा के भन्ने होला, कुन विषयमा के सोच्ने होला भन्ने अन्योल वा द्विविधा हुँदैन । पार्टी सबै विषयमा स्पष्ट छ । पार्टीले जे भन्छ, त्यही अगाडि देखिन्छ । मेरो अगाडि माइक छ । एमालेमा नेताका अगाडि माइक त छ तर नेताका अगाडि छ भन्न हुन्छ कि हुँदैन, के भन्नुपर्ने हो भन्ने द्विविधा हुँदैन । यो माइकको रङ्ग कालो छ, नेताका अगाडि भएको हुनाले कालो भन्न हुँदैन कि, रातो पो भन्नु पर्ने हो कि, भनी माथिको निर्देशन पर्खेर बस्नुपर्ने पार्टी होइन । तपाईँहरू ढुक्कले अध्यक्षका अगाडिको माइकको रङ्ग कालो हो भन्न सक्नुहुन्छ । यहाँ सत्य बोल्नका लागि नियन्त्रित हुनुपर्ने, लगाम लाग्नुपर्ने

हुँदैन । तपाईँहरू स्वतन्त्र र 'इनडिपेण्डेण्ट जोन'मा प्रवेश गर्नुभएको छ । तपाईँहरू राजनीतिको स्वतन्त्र 'जोन'मा प्रवेश गर्नुभएको छ, सत्य-निष्ठाको 'जोन'मा प्रवेश गर्नुभएको छ ।

लोकतन्त्र के हो ? जनताको व्यवस्था हो । जनताद्वारा जनताका लागि ल्याइएको व्यवस्था हो । यसले जनताका निम्ति काम गर्नुपर्छ । लोकतन्त्र भनेको कानूनको राज हो, सुशासन हो, भ्रष्टाचार नियन्त्रण हो । लोकतन्त्र भनेको जनतालाई अधिकार सम्पन्न कसरी बनाउने, उनीहरूको अधिकार कसरी प्रयोग गर्ने, सुरक्षा कसरी दिने, अवसर कसरी दिने भन्ने कुराहरू हुन् । नेपालमा त यस्तायस्ता मान्छेहरू छन् जो आफू के बोल्छन् थाहा पाउँदैनन् । यसपटक म भारत भ्रमणबाट फर्किएपछि एउटा नेताले 'केपी ओलीको भारत भ्रमण लम्पसारवाद' भनेको सुनियो । कसैले कहीँकतै लम्पसार परेका बेला सम्झिए होलान् । कोही कुनैबेला लम्पसार परेको हुँदो हो । त्यो बेलाको कुरा सम्झिए होलान् । उनलाई प्रधानमन्त्री भएर भारत गएपछि र फर्किएपछि लम्पसार भएको भनिएको थियो । तिनले भारतमा प्रधानमन्त्री गएर फर्किएपछि लम्पसारवाद भन्नुपर्छ होला भन्ने ठाने कि ? तर अर्थ बुझेर भनेनन् । उनका अरू कार्यकर्तालाई के पऱ्यो भने उनका अध्यक्षले, सभापतिले नेताले भनेपछि लम्पसारवाद नै भन्नुपर्ने रहेछ । अहिलेको प्रधानमन्त्रीको भारत भ्रमणलाई लम्पसारवाद भन्दा दुनियाँ हाँस्छ भन्ने कुरो चाहिँ बिर्सिए । राजनीतिमा यस्तो मजाक पनि हुन्छ । कि त बोल्नेलाई शब्दको अर्थ थाहा छैन, कि त जसले भनिराखेको छ उसलाई के बोल्ने, के नबोल्ने कुनै मतलब छैन । जे पायो त्यही शब्दको सही अर्थ निस्किँदैन ।

लोकतन्त्र हामीले लडेर ल्याएको व्यवस्था हो, नेपाली जनताले लडेर ल्याएको व्यवस्था हो । यसका लागि जनताले धेरै बलिदान गरेको छ । म कतिपय बुद्धिजीवीलाई हेर्छु । उनीहरूले लेखेर जीविका चलाइराखेका छन् । त्यो राम्रो छ । म खुशी छु । तर कतिपयले जसो पायो त्यसो गरेकोमा अलिकति नमजा लाग्छ । मुसाले दाँतमा धार लगाइराखेन, केही काटिराखेन भने त्यसको दाँत लामो भएर पलाउँछ ।

त्यसले चाहिएको बेलामा केही काम गर्दैन, त्यो बाङ्गिएर काम नलाग्ने हुन्छ । त्यसकारण मुसाले दाँतमा धार लगाउन, त्यसलाई ठुट्याउन वा तेजिलो बनाउनका निम्ति काटिरास्नुपर्छ । त्यसले तपाईँको घरमा कपडा काट्छ । तर त्यसले नोक्सान गरौँ भनेर कपडा काटेको होइन । विचरा उसको दाँतमा यसो धार लगाएको हो । आज एउटा बुद्धिजीवीले पनि दाँतमा धार लगाएको मैले कतै पढेको थिएँ । राष्ट्र र राष्ट्रियताप्रति नै कस्तो नकारात्मक दृष्टिकोण ? केही बुद्धिजीवी त्यस्तो गर्छन् । कहाँको आदेशमा गर्छन्, बुझ्न गाह्रो छ । मुसाले दाँतमा धार लगाउँदा थाङ्ना कपडा काटे हुन्थ्यो नि, थाहा पाउँदैन अनि सुट नै काटिदिन्छ । माइत जान ठीक पारेको साडी काटिदिन्छ । ससुराली जान ठीक पारेको सुट काटिदिन्छ । उसले त बुझ्दैन नि, मुसा हो नि विचरा । तर बुद्धिजीवीले दाँतै धार लगाउनको लागि देशलाई नोक्सान पर्ने गरी किन धार लगाउने दाँतमा ? दाँतमा धार लगाउँदा अरू कुरामा लगाए पनि त हुन्थ्यो ? तर हाम्रा केही बुद्धिजीवी देशलाई नोक्सान पर्ने गरी धार लगाउँछन् । रारातालललाई महेन्द्रीय ताल भन्दिएको छ । महेन्द्र जन्मिनुभन्दा सयौँ वर्ष अगाडि रारा ताल थियो । म रारा गएँ भन्दैमा, मैले राराबाट बोलेँ भन्दैमा, ती बुद्धिजीवीको बुद्धिमा तालको नाम पनि महेन्द्रताल भइदिन्छ । हाम्रा केही बुद्धिजीवीको बुद्धि ! भन्छन् – 'विकासको कुरा गर्ने केपी ओलीले ? विकासको कुरा त महेन्द्रले पनि गरेको थियो । त्यसैले केपी ओली महेन्द्रपथमा गएकै हो ।' गजब छ बा ! सुन्दा र पढ्दा पनि अचम्म लाग्छ । आमाबाबुले राम्राराम्रा तर्कहरू गर्ने, राम्राराम्रा विश्लेषणहरू गर्ने, सधैँ सत्यतथ्य बोल्ने, कहिल्यै झूटो नबोल्ने विद्वान् बनाउँला भनेर पढाए तर उसले त विश्वविद्यालयबाट विकास भनेको महेन्द्रीय विकास हो भनेर पो पढेछ । विकासको कुरा गर्नु भनेको त महेन्द्रपथमा जानु हो भन्ने कुरा पढेछ । राष्ट्रियता, देशभक्ति र देशहितको कुरा गर्दा महेन्द्रवादी कुरा हुने विद्या पो पढेछ । सुन्दा आफ्नै आमाबाबु पनि छक्क पर्ने भए । कठै, हेर खर्चको नाश !

नेपाली कांग्रेसले एउटा राम्रो काम गऱ्यो भने हामी कांग्रेसले एउटा राम्रो काम गऱ्यो है भन्छौँ । नराम्रो भन्दैनौँ । उसले चुनाव रोक्न

कोशिश गरेको थियो, सकेन र गरायो । गराएको राम्रो लाग्यो । हामी नराम्रो भन्दैनौँ । जे राम्रो काम गऱ्यो, त्यो राम्रो हो । त्यही नै लोकतन्त्रको संस्कार हो । लोकतन्त्र भन्ने कुरामात्रै होइन, व्यवहारमा गरेरै देखाउने काम पनि हो । लोकतन्त्र व्यवहारमा, आचरणमा, सामाजिक सम्बन्धमा र आफ्नो जीवनपद्धतिमा पनि लागू गर्ने कुरा हो । लोकतन्त्रलाई फराकिलो अर्थमा बुझ्नुपर्छ । लोकतन्त्रलाई सामाजिक सुप्रबन्ध र जनताको हेरविचार गर्ने व्यवस्थाको रूपमा लिनु पर्दछ, न्याय दिने व्यवस्थाको रूपमा लिनुपर्दछ । यो आफ्ना निम्ति आफूले आचरण गर्ने व्यवस्था हो । तपाईँहरू खुला ठाउँमा आउनुभएको छ । यो एमाले भनेको 'स्विमिङ पुल'मा पौडी खेलेजस्तो वरतिर पौडिन पाएको छैन परतिरको भित्तामा पुगिने, परतिरको भित्तामा पुग्यो वरतिरको भित्तामा पुगिनेजस्तो होइन । यो प्रशान्त महासागरजस्तो हो, जति किलोमिटर सक्नुहुन्छ पौडिनोस् आनन्दले । समुद्रमा जति गहिरो पानी छ, जति फराकिलो छ, त्यति बढी छालहरू पनि आउँछन् । तपाईँहरूले पनि देख्नुभएकै होला छालहरू । हो, समुद्रमा छालहरू आउँछन् । हामीलाई किनाराबाट हेर्दा त्यो छाल केके न जस्तो लाग्छ । गहिरो न गहिरो समुद्रको लागि सतहमा यसो हल्लिएको पानीको छाल केही पनि होइन । यो समुद्रका लागि सामान्य कुरो हो ।

तपाईँ कहिलेकाहीँ पत्रपत्रिकामा देख्नुहुन्छ - केपी ओलीले पानी जहाजको कुरा गर्छ, रेल चलाउने कुरा गर्छ, बाटो बनाउने कुरा गर्छ, केवलकार चलाउने कुरा गर्छ, नहरहरू खन्ने कुरा गर्छ, बाँध बाँध्ने कुरा गर्छ, बिजुली निकाल्ने कुरा गर्छ तर जनताको कुरा खोइ ? तपाईँहरू कहिलेकाहीँ तिनै केही बुद्धिजीवीका छाल देख्नुहुन्छ, लेखाइहरू पाउनुहुन्छ । कसैकसैले लेख्छन् - 'राष्ट्रवादका नाममा अधिनायकवाद आउला कि भन्ने डर थियो अब विकासका नाममा अधिनायकवाद आउला कि भन्ने डर छ ।' के गर्नुपर्ने हो भन्ने केही पनि हुँदैन । यी महासागरमा यसो हावा चल्दाखेरि सतहमा चल्ने छालहरू नै हुन् । यस्ता छालसँग केके न रहेछ भनेर ठान्नुपर्ने केही हुँदैन । तपाईँ ढुक्कले यस विशाल सागरमा तैरिन, पौडिन र यसभित्र गहिराइमा जान सक्नुहुन्छ ।

हाम्रो मुलुक विविधतायुक्त छ । साम्प्रदायिकता मच्चाउनको लागि यहाँ धेरै कोशिश भयो । अहिले पनि विभिन्न ढंगले उत्तेजना फैलाउने खालका कोशिश भइराखेका छन् । तपाईँहरू सञ्चार माध्यमहरूमा उत्तेजना फैलाउने, सामाजिक सद्भाव भड्काउने गतिविधि हेर्न सक्नुहुन्छ । ती काम भइराखेकै छन् । सामाजिक सद्भाव भड्काउने, उत्तेजना ल्याउने, एकता भाँड्ने गतिविधिको स्वीच अन्तै कतै छ । त्यो स्वीचबाट, अण्डरग्राउण्ड तारहरूबाट सामाजिक सद्भाव खल्बल्याउन कहिलेकाहीँ केही मानिस बुर्बुर उफ्रिन्छन् । तर यस देशमा सामाजिक सद्भाव खलबलिन सक्दैन । हिजो कोशिश गरे पनि खलबलिएन । हिजो साम्प्रदायिकता मच्चाउन खोजे तर भएन । कहिलेकाहीँ धार्मिक साम्प्रादायिकता मच्चाउन खोजे, भएन । कहिले जातीय, कहिले क्षेत्रीय कलह मच्चाउन खोजे, भएन । हामी हाम्रा राष्ट्रका समस्याहरू जान्दछौँ, ती समस्या समाधान गर्छौँ, गरिबी निवारण गर्छौँ, रोजगारीका अवसर बढाउने, उद्योगधन्दा, कृषिको आधुनिकीकरण, पर्यटन व्यवसाय सबै क्षेत्रमा हामी काम गर्छौँ । त्यसबाट हाम्रो ध्यान अन्त मोड्ने प्रयत्न कतैबाट हुन्छ भने हामी त्यसलाई सहँदैनौँ ।

हामीलाई गरीब बनाइरहने, यहाँ तनाव उत्पन्न गराइदिने, पहिले घृणा फैलाउने अनि लडाईँ गराएर हतियार बेच्ने अनि फेरि द्वन्द्व व्यवस्थापन गर्न विशेषज्ञको टोली आएर "हामी मूर्खहरू"लाई छुट्याएर उनीहरू बीचमा बस्ने काम अब हुन सक्दैन । तपाईँहरूले सुन्नुभएकै होला - दुई बिरालाले रोटीमा झगडा गरे । एउटा बाँदर आएर 'ए, तिमीहरूले मिलाएर बाँढ्न सकेनौ' भन्यो । त्यसपछि ऊ आफैँ बाढ्न थाल्यो । यता च्यात्यो, अलिकति बढी भयो भनेर कप्लक्क खायो । फेरि उता चात्यो, अलिकति बढी भयो भनेर कप्लक्क खायो । 'पख है, यता अझ बढी छ' भन्दै फेरि कप्लक्क खायो । दुइटा बिरालाको झगडा मिलाउन बराबरी बाँढ्ने नाममा सबै रोटी बाँदरले खायो । दुई बिराला हेर्‍याहेर्‍यै । हामी आफ्नै दाजुभाइको कुरो हो ठ्याक्कै बराबरी नभएपनि, अलिकति कमबढी भएपनि केही हुँदैन । तर बढी भएकोलाई म ठीक गर्छु भन्दै मिलाउन खोज्दा रोटी सबै सिद्धिन्छ । उनीहरू त अनेक बहाना

बनाएर आउन खोज्छन् तर हामीलाई नेपालमा हाम्रो समस्या मिलाउन त्यति बाठाहरू चाहिएको छैन । नेपालीहरू लाटा भएपनि आफैँ मिलाएर रोटी बाँढेर खान सक्छन् । नेपालमा द्वन्द्व तथा व्यवस्थापनको व्यवसाय चाहिएको छैन ।

हामी मिलेर बस्छौँ । हामी सामाजिक न्याय तथा समानताका आधारमा अगाडि बढ्छौँ । पहिचानको मुद्दा उचाल्ने हो कि, भूगोलको मुद्दा उचाल्ने हो कि, क्षेत्रको मुद्दा उचाल्ने हो कि, गोत्रको मुद्दा उचाल्ने हो कि, पहाड र तराईको मुद्दा उचाल्ने हो कि, पश्चिम र पूर्वको उचाल्ने हो कि भन्ने जस्ता समस्यामा हामी पर्नुपर्दैन । 'सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली' बनेर बस्ने हो । विभिन्न जातका, विभिन्न थरका, विभिन्न भूगोलमा बस्ने र विभिन्न पेशा-व्यवसाय गरेर बस्नेहरू एकताबद्ध भएर अगाडि बढ्छौँ । हाम्रो कुरा हो - हामी सामाजिक सद्भाव र न्याय कायम गर्छौँ, हामी शान्ति, स्थायित्व कायम गरेर देशको विकास गर्छौँ । हामीले संविधान र संविधानले भनेका संरचनामार्फत संघीय लोकतान्त्रिक व्यवस्थाहरू गरेका छौँ । हामी जनप्रतिनिधिमार्फत ती संरचनाहरूको प्रभावकारी प्रयोगबाट देश विकासको बाटोमा अगाडि बढ्छौँ । यो आजको आवश्यकता हो । त्यसका लागि हामी एकताबद्ध भएर अगाडि बढछौँ ।

साथीहरूलाई नेकपा (एमाले) ले अवीर लगाइदिएपछि, खादा लगाइदिएपछि पिँजडाबाट फुत्त निस्किएर ठूलो जंगलमा भर्रभर्र गर्दै उड्ने चराले जस्तो हुन्छ भन्ने लागेको होला । त्यस्तै लागेको हुनुपर्छ । मैले अघि नै भनेँ नि अब तपाईँहरू 'आउट अफ केज', 'फ्री जोन'मा हुनुहुन्छ । लोकतन्त्र र मानवीय उन्मुक्तिको 'जोन'मा हुनुहुन्छ । यस 'जोन'मा म तपाईँहरूलाई स्वागत गर्छु । हामी सबै मौरी हौँ । घारमा दुई प्रकारका मौरी हुन्छन् । एउटा कर्मीमौरी हो, जो दुःख गर्छ र मह जम्मा गर्छ । अर्कोथरि मौरी मह जम्मा गर्न पनि जाँदैन, केही गर्दैन, बस्छमात्र । ठूलाठूला आवाज निकाल्छ । त्यसको ज्यान पनि ठूलो खालको हुन्छ । अरूले बनाएको मह खान्छ, बस्छ । अझ कहाँबाट ल्याएछन् यिनीहरूले

त्यति स्वादिलो पनि छैन भन्दै मह खाने पनि हुन्छन् । हामी त्यस्ता होइनौँ । हामी कर्मीमौरी हौँ । हामी कर्मीमौरीका हूल हौँ ।

एकपटक एउटा गाउँतिर खोलो पस्यो । त्यो खोलो थुन्न गाउँलेहरू पसे । कोही कोदालो लिएर पसे । कोही बालुवा बोरामा भरेर, कोही तार लगाएर हिलोमा खोलो थुन्न पसे । सेतो कमिज सुरुवाल, चिटिक्क परेको जुवारीकोट, चिटिक्क परेको ढाका टोपी, पालिस लगाएका काला छालाका जुत्तामा एउटा मानिस टकटक गर्दै त्यहाँ आए । उनी त्यहाँ उभिएर यो पनि भएन, त्यो पनि भएन भन्न थाले । म पनि त्यहाँ थिएँ । उनले मलाई देखे अनि 'ओ, माननीयजी यो भएन, यस्तो भएन, उस्तो भएन' भने । मैले भनेँ - जुत्ता फुकालेर कि यहाँ आउनोस् कि घर जानोस् । तपाईँ असारमा खेतमा पस्नुहुन्न तर पछि तपाईँको धानको कुनिउँ ठूलो हुन्छ भने मान्छेले के ठान्छ ? तपाईँ अहिले काम नगर्ने, कुरामात्रै गर्ने ? त्यस्तो काम नगर्नोस् ।'

हाम्रो समाजमा जुत्तामा पोलिस लगाएर खोला थुन्नमा तल्लीन कृषकलाई अपजस दिने ठगहरूको कमी छैन । हामी राष्ट्र निर्माणको अभियानमा कुटोकोदालोसहित हाफ पाइन्ट लगाएर कामको मैदानमा हुन्छौँ । त्यसबेला पालिस लगाएका जुता लगाएर छेउपट्टिबाट यो मिलेन, त्यो त महेन्द्रीयको खनाइ भयो, धान रोपाईँ महेन्द्रीय भयो, यो आधुनिकिकीकरण महेन्द्रीय भयो, यो उद्योग खोलाइ पृथ्वीनारायणीय भयो भन्नेहरू फेला पर्छन् । यहाँ त्यस्ता गफाडीहरू भेटिन्छन् । हामीले तिनका कुरामा चिन्ता गर्नुहुँदैन, काममा हेलिनु पर्छ । हामी हेलिन्छौँ । आउनुहोस् कम्युनिष्ट पार्टीलाई मजबुत बनाऔँ, देश बनाऔँ ।

●

वैशाख १०, २०७५

सन्दर्भ : पार्टी प्रवेश कार्यक्रम

पुष्पलालाले सोच्नुभयो, मदनले व्यावहारिक रूप दिनुभयो

यउटा राम्रो काम मूलतः टुङ्गिएको छ । उद्घाटन भनेको टुङ्गिनु हो । मदन भण्डारी स्मृति बाटिकाको उद्घाटन भएको छ अर्थात बाटिका तयार भएको छ । अब यसलाई प्रयोगमा ल्याउन सकिने अवस्था भयो । जननेता मदन भण्डारीको सालिक अनावरण भयो । राम्रो काम भएको छ । खेर गएको ठाउँ, फोहोर फ्याकिँने ठाँउलाई तपाईँहरूले सुन्दर तथा आकर्षक पार्क, गन्तव्य स्थल, दर्शनस्थल वा तीर्थस्थलमा परिणत गर्नुभएको छ । फोहोर फ्याँकिरहेको एउटा काम नलाग्ने ठाउँ सफा र

स्वच्छ भएको छ, रमणीय भएको छ । यस्तो राम्रो कामको म प्रशंसा गर्न चाहन्छु । यस कामका निम्ति लाग्नु हुने सरकारी, गैर सरकारी निकायहरू, संस्थाहरू, व्यक्तिहरू तथा योगदानकर्ताहरू सबै धन्यवादका पात्र हुनुहुन्छ । यहाँका स्थानीय बासिन्दाहरूलाई यस सहमतिको लागि म धन्यवाद भन्न चाहन्छु । कहींकहीं राम्रो काम गरौं भन्दा पनि स्थानीयहरू मान्दैनन् । त्यसमा व्यवधान खडा हुन्छ । तर यहाँ तपाईंहरूले राम्रो एकता देखाउनु भएको छ । त्यो एकताको राम्रो परिणाम पनि प्राप्त गर्नुभएको छ ।

विश्वमा कुनै देश वा समाजले यदाकदा यस्ता व्यक्तिहरूलाई जन्म दिन्छ जसले दुनियाँलाई असाधारण ढंगले प्रभावित गर्छ । हामीले समाजलाई विचारले परिवर्तन गर्ने र समाजलाई नै परिवर्तन गर्ने व्यक्ति देखेका छौं । युरोपको जागरणमा अनेक चिन्तकहरू, दार्शनिकहरू, विद्वान्हरूका नामहरू सुनेका छौं, साहित्यकारहरूका नामहरू सुनेका छौ, दार्शनिकहरूका नामहरू सुनेका छौं, अर्थशास्त्रीहरूका नामहरू सुनेका छौं, वैज्ञानिकहरूका नामहरू सुनेका छौं जसले युगलाई नै परिवर्तन गरेका छन् । त्यस्तो परिवर्तनलाई हामी युगान्तकारी परिवर्तन भन्छौं । नेपालमा युगान्तकारी परिवर्तन ल्याउने केही यस्ता महान् चिन्तक/व्यक्तिहरू जन्मिए - पुष्पलाल, मदन भण्डारी, वीपी कोइरालाजस्ता । केही यस्ता कर्मठ मान्छे, झुक्न नजान्ने मान्छे जन्मिए - मनमोहन अधिकारी, गणेशमान सिंह आदि ।

मदन भण्डारी नेपाली समाजको, नेपाल राष्ट्रको एउटा त्यस्तै सन्ततिको नाम हो जसले नेपाललाई निरंकुश राजतन्त्रात्मक तानाशाही व्यवस्थाबाट मुक्त गरेर कसरी अगाडि बढ्दै समाजवादमा पुऱ्याउनु पर्छ, न्यायोचित समाज कसरी स्थापना गर्नुपर्छ भन्ने कुराको स्पष्ट खाका तयार गर्नुभयो । पुष्पलालले जनवादी गणतन्त्रको कुरा सोच्नुभएको थियो । त्यसलाई मदन भण्डारीले व्यावहारिक रूपमा कसरी लैजानु पर्छ भनी अगाडि बढाउनुभयो । आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा छौं । आज हामी जहाँ छौं, नेपाली समाजको जागरणको अवस्था जहाँ

पुगेको छ, संगठनको अवस्था जहाँ पुगेको छ, परिवर्तन जसरी जुन बिन्दुमा पुगेको छ र हामी जुन ढंगले आर्थिक उन्नतिको क्षेत्रमा अथवा समग्र सामाजिक परिवर्तनको आधार तयार गरी आर्थिक सामाजिक परिवर्तनको अभियानमा लागेका छौँ, त्यसमा मदन भण्डारीका विचार हरूले दिग्दर्शन गरिरहेका छन् । उमेरको हिसाबले मदन भण्डारी मभन्दा केही महीना कान्छो हुनुहुन्थ्यो । उहाँ बितेको पनि २५ वर्ष भइसकेको छ । भूमिगतकालमा उहाँले गुमनाम रहेरै काम गर्नुपर्‍यो, भूमिगतकालबाट बाहिर निस्किएको तीन वर्षमा उहाँले वेगवान् रुपमा विचार प्रवाहित गर्नुभयो । त्यस विचारले समाजलाई तीव्र परिवर्तनमा लग्यो । उहाँले २०४७ सालमा खुल्ला भएर छोटो अवधिमा देश दुनियाँमा आफ्नो परिचय स्थापित गर्नुभयो । त्यो परिचय एउटा चिन्तकको रूपमा, जनताका कुराहरू बोल्ने वक्ताको रूपमा स्थापित हुनपुग्यो । मुलुकमा एउटा विद्वान् चिन्तक, कुशल वक्ता, जनताको वास्तविक प्रतिनिधिको र समयको गतिलाई कसरी अगाडि बढाउनुपर्छ भनेर जान्ने प्रखर व्यक्तिको रूपमा उहाँ परिचित हुनुभयो । भूमिगत अवस्थामा उहाँले नेकपा (माले) को डुंगाको टुप्पोमा बसी जब नाउ खियाउनलाई लिनुभयो, नाउ 'स्पिड'मा कुद्यो । त्यसपछि उत्ताल तरंगको एउटा समय आयो, परिवर्तनको एउटा माहोल सिर्जना भयो । मदन भण्डारीको विचार, त्यसको अर्थ, त्यसको महत्व, त्यसका योगदान समयक्रममा हामी बुझ्दै जाने छौँ ।

मान्छेको जन्म एक ठाउँमा हुन्छ, मान्छेको कार्य थलो एक ठाउँ हुन्छ, मान्छेले एउटा समय विशेषमा काम गर्छ, मान्छेले कहीँ संस्था विशेषबाट काम गर्छ । वीपी कोइरालाले कांग्रेसबाट काम गर्नुभयो, पुष्पलालले कम्युनिष्ट पार्टीबाट काम गर्नुभयो । कामका थलो आआफ्ना हुन्छन्, बेग्लाबेग्लै हुन्छन् । मनमोहन अधिकारीले पनि कम्युनिष्ट पार्टीबाटै काम गर्नुभयो, गणेशमानले कांग्रेस भएर काम गर्नुभयो, मदन भण्डारीले कम्युनिष्ट भएर काम गर्नुभयो र पछिल्लो समयमा माले-एमाले पार्टीको नेतृत्व गर्नुभयो । तर त्यो नितान्त पार्टीका लागि मात्रै थिएन, पार्टी विशेषका लागि मात्रै होइन । त्यो देशका लागि हो र त्यसलाई त्यो सानो घेराभित्रको सानो सोचाइमा बुझ्नु हुँदैन ।

त्यसलाई हामीले बृहत् सोचाइसहित बुझ्नुपर्छ । मदन भण्डारी एउटा साझा व्यक्तित्व हो, साझा प्रकाश हो, साझा बाटो हो, साझा गुरु हो । दिवंगत भएको यति पछि आएर उहाँलाई हामीले यसको र त्यसको भनेर बुझ्नु हुँदैन । उहाँले अगाडि सारेको, उहाँको अगुवाइमा अगाडि बढेको राजनीति स्थापित भइसकेपछिको समयमा हामी उहाँको सम्बन्धमा कुनै विवाद गर्न, टिप्पणी गर्न सक्दैनौँ । उहाँ एउटा निर्विवाद व्यक्तित्व हो । व्यवहारका क्रममा उहाँका विचारहरू, उहाँका उद्देश्यहरू, उहाँका लक्ष्यहरू, उहाँको जीवनशैली सही थियो भनेर स्थापित भइसकेको छ । आज त्यस्तो व्यक्तित्वको सालिक अनावरण भएको छ । म कलाकार साथीहरूलाई धन्यवाद भन्न चाहन्छु । उहाँहरूले मदन भण्डारीलाई जिउँदोमा देख्नुभएको थियो कि थिएन मलाई थाहा छैन, तर उहाँहरूले आफ्नो दिमागमा उहाँको बिम्ब यसरी उतार्नु भएको छ, जो सालिकमा प्रतिबिम्बित भएको छ । यो प्रशंसनीय काम हो । म यस काममा संलग्न सबैको प्रशंसा गर्दछु ।

●

वैशाख ११, २०७५

सन्दर्भ : मदन भण्डारी वाटिका र सालिक अनावरण

अधिकारको प्रयोग, कर्तव्यको पालना

हामी समाज विकासको यात्रामा छौँ । समाज विकासको यात्रा विभिन्न ढंगले हुन्छ । समाज विकासको यात्रा चित्रजस्तै हो । त्यो कुरो चित्रकारलाई थाहा हुन्छ । उज्यालो मात्रैले चित्र बन्दैन । त्यसमा प्रकाश र छाया दुईवटै भएपछि चित्र बन्छ । हाम्रो सामाजिक जीवनमा परिवर्तन वा रूपान्तरण पनि त्यस्तै हो । हामी सुन्दर समाज निर्माण गर्न चाहन्छौँ । त्यसतर्फको यात्रामा पनि प्रकाश तथा छाया हुन्छ ।

हामीले आफ्नै जीवनमा जनताले हकअधिकार नपाएको प्रणाली देख्यौँ । हामीले राणाशासन देख्नुभोग्नु परेन । हामीभन्दा अगाडिको पुस्ताले त राणाशासन देख्यो, भोग्यो । अहिले सुन्दा विचित्र लाग्छ । पञ्चायतकाल त हामीले पनि देख्यौँ । गुप्तचर विभागको एउटा मान्छे पत्रिका किन्न को आउँछ भनेर चियो गर्न पत्रिका पसल अथवा छेउपट्टि कतै बसेको हुन्थ्यो । त्यसबेला गोरखापत्र वा त्यस्तै केही पत्रिका हुन्थ्यो । त्यही किन्न जाँदा पनि निगरानी राखिन्थ्यो । गोरखापत्रमा रुचि छ भने यसको राजनीतिमा रुचि हुनसक्छ भनेर पनि 'नोटेड' हुन्थ्यो । सरकारी पत्रिका पढ्दा पनि 'नोटेड' हुने ! पञ्चायतकालको पछिल्लो अवधिमा केहीकेही पत्रिका निस्किन्थे । केही पञ्चायतको समर्थनमा थिए, केहीले आलोचनात्मक रवैया पनि राख्थे । पञ्चायतका लागि निस्किए पनि केहीले आलोचनात्मक रुझान राख्थे । त्यो आलोचनात्मक रुझान राख्ने पत्रिका किन्यो भने त्यो मान्छे 'नोटेड' त भयोभयो, कुनै पनि समय शान्तिसुरक्षाको 'इस्यु'मा पक्राउ पर्थ्यो ।

त्यस्तो परिस्थितिबाट अघि बढ्दै हामी आज सूचनाको हकको युगमा छौँ । अहिले हामी सूचना आयोग स्थापना गरी आयोगको काम कारबाही नियमित रूपमा, प्रतिवेदनको तहमा निकाल्ने अवस्थामा पुगेका छौँ ।

हाम्रो आवश्यकता र सामर्थ्यका बीचमा धेरै ठूलो खाडल छ । हामी जुन ठाउँमा जे काम गरिरहेका छौँ, हामीले त्यही ठाउँको कुरा गर्ने हो । यदि साहित्यकारहरूलाई भेला गर्यौँ भने उहाँहरूले स्वाभाविक रूपमै साहित्यको विकासको बारेमा कुरा गर्नुहुन्छ । फिल्मी कलाकारलाई भेला पार्यौँ भने फिल्मी क्षेत्रको महत्व र विकासकै कुरा गर्नुहुन्छ । कृषि क्षेत्रका साथीहरूलाई बोलायौँ भने कृषिको विकास र त्यसको महत्वको बारेमा कुरा गर्नुहुन्छ । 'आइटी' वा सूचना क्षेत्रको भेला बोलायौँ भने आजको जमानामा आइटीको महत्वको कुरा गर्नुहुन्छ । तपाईँहरू जुन क्षेत्रमा हुनुहुन्छ, त्यही क्षेत्रलाई बुझ्नु भएको छ, त्यसका समस्याहरू थाहा पाउनु भएको छ । यहाँहरूले त्यससम्बन्धी मागहरू राख्नु वा

आवाज उठाउनु जायज छ । यस क्षेत्रको सबलता, समृद्धि र त्यसको लाभ समाजले यसरी पाउँछ भन्ने तपाईँहरूले बुझ्नु भएको छ । त्यो उजागर गर्नु जायज हो ।

मैले भनेँ - हाम्रा आकांक्षा र हाम्रा सामर्थ्यका बीचमा खाडल छ । केही नेपाली खाने हकका कुरा गरिरहेका छन्, केही सूचनाका कुरा गरिराखेका छन् । केही छानामुनि बस्न पाउने हकका कुरा गरिरहेका छन्, केही प्रगति गर्न पाउने, रोजगारी गर्न पाउने हकका कुरा गरिरहेका छन् । यी हकहरूका बारेमा संविधानका धाराहरूमा उल्लेख गरिएको छ । हाम्रो संविधानको धार १६ देखि ४६ सम्म ३१ ओटा मौलिक हकसम्बन्धी व्यवस्थाहरू छन् । ती कुनै पनि कम महत्वका भएका भए संविधानमा उल्लेख हुने थिएनन् । महत्वपूर्ण भएरै संविधानमा उल्लेख गरिएका छन् ।

प्रश्न वा सवाल उठान गर्दा आफ्नो ठाउँबाट उठाउनु पर्छ । अहिले हामीले राज्यको पुनसंरचना गरेका छौँ । ७ सय ६१ वटा सरकार छन् । यो स्वाभाविक रूपमा खर्चालु छ । हाम्रो आकांक्षा जनतामा आपूर्ति होस्, जनतामा सेवा पुगोस् भन्ने हो । सार्वभौमसत्ता सम्पन्न जनताको पनि चाहना त्यही छ । सरकारको आकांक्षा जनताले राज्यबाट सहज सेवासुविधा र अनुकूलता प्राप्त गरोस् भन्ने नै हुन्छ । तर हाम्रो संयन्त्र त्यति प्रभावकारी छैन । जनतालाई सेवा प्रदान गर्ने हाम्रो संयन्त्र कस्तो छ भन्दा सामान भन्दा ढुवानी खर्च बढी हुने हो कि भन्ने जस्तो छ । त्यतापट्टि हामी होशियार हुनुपर्छ । एउटा किसानका लागि उसको प्रविधि कहाँनिर पुरानो भयो, उसले कुन नयाँ प्रविधि पाउनुपर्‍यो, कुन कीटनाशक प्रयोग गर्नुपर्‍यो, कुन बीउ प्रयोग गर्नुपर्‍यो, कसो गर्दा उसको बढी फल उत्पादन हुन्छ, कसो गर्दा ऊ सम्पन्न हुनसक्छ भन्ने सूचना उसको प्राथमिकता हो कि, अरू सूचना उसको प्राथमिकता हो कि भन्ने पनि हामीले हेर्नुपर्छ । सूचना त त्यो पनि सूचनाको हक हो । कहिलेकाहीँ हामी सूचनाको हकलाई शिक्षामा हाल्दिन्छौँ, कहिले सूचनाको हकलाई सुविधामा हाल्दिन्छौँ, सूचनाको हकलाई अरू चीजमा हाल्दिन्छौँ । जनता

प्रारम्भिक सूचनाको हक प्राप्त नगरेर सतही सूचनाको पछाडि पनि कुदिराखेको हुनसक्छ । त्यसकारण प्रारम्भिक, आधारभूत, मौलिक सूचनाको हकको सम्बर्द्धन गर्नु आवश्यक छ ।

कुरा गर्ने हकभन्दा पहिले बाँच्ने हक आउँछ । मान्छे बाँच्न पायो भने कुरा गर्ने हक आइहाल्छ, त्यो दोश्रोमा आउँछ । बाँच्यो भने न कुरा गर्न पायो । त्यसकारण म ठान्छु - कुरा गर्ने हकभन्दा अगाडि बाँच्ने हक हो । त्यसपछि कसरी बाँच्ने वा बाँच्नुपर्छ भन्ने सूचना हो । अर्को कुरा, सूचना अनावश्यक र गोप्य हुनुहुँदैन । जे पनि गोप्य भन्ने गरिएको छ । गोप्य भनेको सर्वकालिक हुँदैन । तपाईँले कुनै विद्यालयको प्रधानाध्यापकलाई सूचना समयमा दिन अस्वीकार गरेको, नदिएको वा हिसाब नदेखाएको जानकारी नगराएकोमा पाँच हजार जरिवाना गर्ने निर्णय गर्नुभयो । जरिवाना किन नगर्ने भन्ने पत्र पठाउनु भयो । त्यो पत्र उसले प्राप्त नगरेसम्म र त्यसको छिनोफानो नभएसम्म गोप्य नै हो त्यो । उसलाई तपाईँले पत्र पठाउनुभयो भन्ने कुरा पहिले नै सार्वजनिक हुनुपर्छ । तर चौबाटोको रुखमा टाँस्नुपर्छ, फलैँचामा टाँस्नुपर्छ भन्ने होइन । यो सरोकारवालसँगको सरोकारको कुरा हो । त्यसको उद्देश्य प्रणालीमा सुधार होस्, तरिकामा सुधार होस्, मनसायमा सुधार होस् भन्ने हो । उसले मानेन, तपाईँहरूले कारबाही गर्नुभयो । तर त्यसबारे अरूले गीत गाउनु राम्रो हुँदैन । त्यसकारण त्यस्तो कुरा उचित समयसम्म गोप्य पनि रहन्छ ।

सूचना माग्ने हक सरोकारवालाई हुनुपर्छ । भरे के तरकारी खानुहुन्छ भनेर म तपाईँहरूलाई हैरान पार्छु । यो मेरो सूचनाको हक हो ? यस्ता अनावश्यक लफडामा परेर काम छैन । मेरो सरोकारको, सार्वजनिक सरोकारको विषयमा मैले सूचनाको हक प्राप्त गर्नैपर्छ तर मलाई अनावश्यक सूचना किन चाहियो ? म नागरिक हुँ, मेरो सूचना पाउने हक छ । सूचनाको हकसम्बन्धी व्यवस्था संविधानले गरेको छ, कानूनले गरेको छ । तर अनावश्यक सूचना 'जबलेस' फाल्तु कुरा हुन्, बेकारका कुरा हुन् । राज्यको सूचना लुकाएर गरिने बदमासीको सूचना

प्राप्त गर्नुपर्छ । मैले राज्यको पैसा खर्च गरेको छु, सम्पत्ति खर्च गरेको छु र त्यो सरोकारको विषय छ भने त्यो सूचना प्राप्त गर्नुपर्छ । त्यो प्राप्त गर्ने विधि र तरिका पनि छ । त्यही विधि र तरिकाबाट प्राप्त गर्नुपर्छ ।

हामी अधिकार बुझ्छौँ, कर्तव्य थाहा पाउँदैनौँ । लोकतन्त्र भनेको अराजकता होइन, लोकतन्त्र भनेको अनुशासन पनि हो । लोकतन्त्र अनुशासित र कानूनत गरिने शासन हो । प्रायः मान्छेहरूले कानूनको राजलाई बिर्सिन्छन् । यस्तो लाग्छ - समाजमा कानून नै छैन, त्यहाँ खालि अधिकारमात्र छ । म नागरिक हुँ, त्यसकारण अधिकार छ । अधिकारमात्रै होइन, कर्तव्यको कुरा पनि छ । हामीले संविधानमा पनि त्यस्तै व्यवस्था गरेका छौँ । संविधानमा अधिकारमात्र होइन, कर्तव्यको कुरा पनि छ । ३१ ओटा हाम्रा मौलिक हक छन् । तीन वर्षभित्र कानून बनाई कार्यान्वयन गरिने छ ।

हामीले अधिकारको प्रयोग गरिरहँदा कर्तव्य पनि पालना गर्नुपर्छ । अधिकार लेखिन्छन्, कर्तव्य लेखिँदैनन् । कसैले कसैलाई धक्का दिन, लडाउन नपाइने, ज्यानको सुरक्षा आदि अधिकारका कुरा लेखिएको छ । कोही आफैँ पुक्लुक्क लड्यो भने के गर्ने ? त्यसमा तपाईँको उठाउने कर्तव्य हुनेछ, अस्पताल लाने कर्तव्य हुनेछ, पानी खुवाउने कर्तव्य हुनेछ । तर त्यो कुरा कहीँ लेखिएको हुँदैन । अब यहीँ गाह्रो छ - मान्छेहरू लेख्वेको बुझ्छन्, नलेख्वेको बुझ्दैनन् । त्यसकारण हामीले समाजलाई नलेख्वेको कुरा बुझ्ने-बुझाउनेतिर पनि लानुपर्छ ।

हाम्रो आकांक्षा एकातिर विकासको छ, अर्कोतिर 'डेलिभरी'को छ । तर हामी डेलिभरीमा कमजोर छौँ । हाम्रो हालत गाउँमा सिटामोल पुऱ्याउनसक्ने छैन । सिटामोल पुऱ्याउनु पहिला गाउँमा औषधि सिफारिस गर्ने एउटा डाक्टर पुऱ्याउनु पऱ्यो, नर्स पुऱ्याउनु पऱ्यो, अरू कर्मचारी वा प्राविधिक पुऱ्याउनु पऱ्यो । त्यहाँ औषधि केही पनि हुँदैन । लेखिदिन सक्छन्, लेखिदिएको औषधि त्यहाँ पाइँदैन । त्यहाँ औषधि पसल छैन, अन्तै किन्न जानुपर्छ । त्यसकारण हामी 'डेलिभरी' दिन अलि कठिन अवस्थामा छौँ । हामी अलि बढी आकांक्षा भएको अवस्थामा छौँ ।

अहिले हामीले साधारणतर्फको खर्च घटाउन ६४ जना मन्त्रीको संख्यालाई २२ ओटामा झारेका छौँ । २२ ओटामा झारेर के गर्ने ? देशमा सात-सात ओटा सरकार बनाएका छौँ । स्थानीय तहमा थप ७ सय ५३ ओटा सरकार बनाएका छौँ । एक ठाउँमा त घटायौँ तर अन्यत्र सरकारहरू धेरै बनाएका छौँ । हामीले प्रदेश सरकारहरू बनायौँ, मेयरहरू बनायौँ, उपमेयरहरू बनायौँ । प्रदेश सरकारका सभासदहरू बनायौँ । प्रदेश सरकारहरू बनायौँ, गभर्नरहरू बनायौँ, मुख्यमन्त्री बनायौँ । गभर्नर भनेको एकजना मान्छे मात्रै होइन । गभर्नरको एउटा इन्टिच्युट बनायौँ जहाँ सेना राख्नपर्ने र सवारी चलाउन पर्नेसम्मका संरचना आवश्यक पर्छ । गभर्नर एउटा व्यक्तिको कुरा होइन । हामीले मुख्यमन्त्री बनायौँ, मन्त्रीहरू बनायौँ । बनाउँदै जाँदा आठ दश आयोगहरू छन् । उठ्ने राजस्व जति आयोगहरूमा खर्च हुने र कृषि, उद्योग, पूर्वाधार आदिमा लगानीका लागि कुनै रकम नरहने स्थिति नहोस् भन्ने कुरामा सजग हुनुपर्छ । अहिले आएर संयुक्त राष्ट्र संघले नेपालको प्रशासनिक खर्च र साधारणतर्फको खर्च बढी छ, विकास खर्च केले गर्छौ भनेर गम्भीर चिन्ता जाहेर गरेको छ । दुई-तीन वर्ष अगाडि उनीहरूले यो कुरा भन्न सकेनन् । त्यतिबेला खर्च बढी हुन्छ भनेर बोल्ने म एक्लै थिएँ । यो संरचना धेरै खर्चालु हुन्छ, खर्च हुने विषयलाई अलि ध्यान दिएर सक्ने मात्रै, धान्ने मात्रै गरौँ है भन्दा कसैको ध्यान गएन । अहिले अमेरिकी सरकार होस् कि युरोपियन सरकार वा अरू सरकारले तिमीहरू कसरी धान्छौ भनेर प्रश्न गर्न थालेका छन् । हो, धान्ने कसरी भन्ने समस्या छ ।

अर्को छ बजेटको सीमा । बजेटको सिलिङ हेरेपछि मन्त्रीजीहरूको कन्सिरी तात्छ । यति अर्ब थियो, यति अर्बमा झऱ्यो । त्यति अर्ब त एउटा सरकार हुँदा पो थियो त । पहिले पन्ध्र अर्ब थियो भने अहिले पाँच अर्बमा झऱ्यो । पहिले एउटा सरकार थियो, अहिले ७ सय ६१ ओटा सरकार भइसके । प्रदेशमा सात ओटा छन्, केन्द्रमा एउटा छ । आठओटा ठल्ठूलै सरकार भैसके । अनि अनुसूचीमा राखेर अधिकारको बाँटफाँट गरेका छौँ । त्यसो गरेपछि खर्च तल जाने भयो । ५६ हजार कर्मचारी स्थानीय तहमा जाने भए, ३४ हजार केन्द्रमा रहने भए, १५-१६

हजार प्रदेशमा जाने भए । ५६ हजार कर्मचारी स्थानीय तहमा गएपछि त्यसै अनुसारले खर्च पनि हुने भयो । यी जटिलताहरूका बीचमा हामीले धेरै कुरालाई व्यवस्थित गर्दै लैजानु परेको छ । हामीले नयाँ प्रणाली विकास गरेका छौँ । यो प्रणाली अहिले नै ठ्याक्कै मिलेर सन्तुलित भएर देखापरिहाल्दैन । त्यसलाई सन्तुलित र समुचित बनाउन केही समय लाग्छ । यस्तो बेलामा स्वाभाविक हो हरेकले आफ्ना-आफ्ना क्षेत्रबाट मागहरू बढाउने, आफ्नो क्षेत्रलाई प्रभावकारी बनाउन कोशिश गर्ने काम हुन्छ । तर हामीले सबै क्षेत्रलाई बनाउने काम गर्नुपर्छ । सबै कोशिशहरूलाई एकठाउँमा जम्मा गरेर सन्तुलित र प्रभावकारी बनाउँदै जानुपर्छ । अहिले हामी त्यही चरणमा छौँ ।

●

वैशाख १२, २०७५

सन्दर्भ : राष्ट्रिय सूचना आयोगको प्रतिवेदन ग्रहण

यो ऐतिहासिक मोड हो

आज हामी ऐतिहासिक मोडमा छौँ । हाम्रो देश ऐतिहासिक मोडमा छ । मैले संघीय सरकारको प्रधानमन्त्रीको हैसियतले प्रदेशसभालाई सम्बोधन गर्ने विषय पनि नेपालको इतिहासमा पहिलो घटना बनेको छ ।

नेपालमा हामीले लामो समयसम्म बलिदानीपूर्ण संघर्ष गऱ्यौँ । संघर्षका उतार-चढावहरू अनेक रहे । कहिले हामी सफल भयौँ, कहिले हाम्रा सफलताहरू खोसिए । फेरि हामीले

संघर्ष गर्‍यौँ । यस क्रममा अन्ततोगत्वा हामीले संघर्षलाई सफल बनाएरै छाड्यौँ । त्यसको परिणामस्वरुप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । वास्तविक अर्थमा नेपाली जनतामा सार्वभौमसत्ता आयो, नेपाली जनता सार्वभौमसत्ता सम्पन्न भए । नेपाली जनताले आफूमा निहित सार्वभौमसत्ता संघर्षको माध्यमबाट प्राप्त गरेरै छाडे । जनता जहिले पनि सार्वभौम नै हुन्छ । अब सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले आफ्नो सार्वभौमसत्ताको सही, सहज र अधिकतम प्रयोग, आफ्नो, आफ्नो समाज र देशका निम्ति प्रयोग गरे । जनताले त्यसको प्रयोग अधिकार, अवसर, सुरक्षा, सम्मान, सामाजिक न्याय र समानताको हिसाबले गरे । उपलब्धिहरूमा त्यसको प्रयोग र आफ्नो यथोचित हिस्सेदारी कसरी स्थापित गर्ने भन्ने हिसाबले गरे ।

यसबीचमा हाम्रो राजनीतिक प्रणालीको संरचना कस्तो हुने, त्यसका विधि-प्रक्रियाहरू कस्ता हुने, कुन माध्यम वा विधिबाट सार्वभौमसत्ता सम्पन्न जनताले त्यस सार्वभौमसत्ताको सही प्रयोग गर्नसक्ने भन्ने सवाल अब स्पष्ट भएको छ । सबै सामाजिक प्रणाली र पद्धतिहरू, विधि र प्रक्रियाहरू जनता तथा देशका लागि हुन् । देशका लागि, जनताका लागि हुनुपर्ने यी प्रक्रिया, यी प्रणाली कसरी हामी सार्वभौम जनताको सार्वभौमसत्ताको सही प्रयोग सार्थक र उपलब्धपूर्ण ढंगले गर्न सक्छौँ ? त्यसैको मन्थनको, छलफलको, प्रयासको निष्कर्ष हो संघीय लोकतान्त्रिक र गणतन्त्रात्मक प्रणाली । हामीले संघीय व्यवस्था, लोकतान्त्रिक प्रणाली र गणतन्त्रात्मक संरचना - यी कुराको स्थापना गर्‍यौँ र तिनलाई हाम्रो संविधानबाट व्यवस्थित गर्‍यौँ । हाम्रो संविधानको सारतत्व यही हो - जनता सार्वभौम हुने, सार्वभौम जनताको सार्वभौम अधिकार सुनिश्चित रहने, जनताले अवसर, सुरक्षा र सम्मान प्राप्त गर्ने, जनताले राज्यबाट प्राप्त गर्नुपर्ने सेवा-सुविधा सहज ढंगले, अनुकूल ढंगले प्राप्त गर्ने, जनताले समानताको हक अधिकार, सम्मानित जीवनको प्रत्याभूति प्राप्त गर्ने । समग्र सामाजिक सन्दर्भमा प्रत्येक नागरिकका लागि समुचित ढंगले अरू बराबरै प्रयोग गर्न पाउने हकहरूको स्थापना । यी सबै कुरा यही प्रणालीबाट पाइन्छ भनेर हामीले यस

व्यवस्थाको, यस प्रणालीको, यस प्रक्रियाको, यस पद्धतिको शुरुआत गऱ्यौँ । पहिले केन्द्रमा सरकार हुन्थ्यो अब प्रदेशहरूमा पनि सरकार छन् । स्थानीय तहमा पनि सरकार छन् । आज हामीले राजनीतिक प्राप्तिको संघर्षलाई उपलब्धिमा टुंग्याएका छौँ, त्यसलाई संस्थागत गरेका छौँ, संरचनागत रूपमा ती विषयलाई सामेल गरेका छौँ र केन्द्र, प्रदेश तथा स्थानीयतहका निर्वाचित जनप्रतिनिधिहरूको सात सय एकसट्ठी वटा सरकार गठन गरेका छौँ । त्यसमा समानुपातिक र समावेशी चरित्र छ । हाम्रो संविधानले धारा १६ देखि ४८ सम्म जनताका मौलिक हक, आधार भूत हकहरूको व्यवस्था गरेको छ । ४७ र ४८ धाराले कर्तव्य सम्झाउने र तीन वर्षभित्र कानून बनाएर कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । विश्वको कुनै संविधानमा जनताका मौलिक हकहरूको यति विस्तारित व्याख्या, यति विस्तृत प्रतिबद्धता हुँदैन होला । संविधानका यति धेरै धाराहरू मैलिक हकको निम्ति खर्चिएको हुँदैन होला । हामीले निश्चित अवधिभित्र कानून निर्माण गरेर जनताले प्राप्त गर्ने मौलिक हकहरू उपलब्ध गराउने समयसीमा, बाटो, विधिसमेत तय गरेका छौँ । हामी जनतालाई वास्तविक अर्थमा अधिकार सम्पन्न बनाउने संघर्षमा सफल भएका छौँ । दुनियाँका धेरै देशमा लोकतन्त्र धेरै अघि आयो, धेरै ठाँउमा अवश्य नै सामाजिक न्याय र समानताका कुरा चले तर छोटो अवधिमा हामीले संवैधानिक, कानूनी र व्यावहारिक ढंगले विभेद अस्वीकार गरेका छौँ र त्यसलाई हटाउने बाटो लिएका छौँ ।

हाम्रो देशमा असमानता थियो, असमानता अहिले पनि छ । हिजो अन्यायपूर्ण ढंगले विभेद थियो । असमानता र विभेद एकैचोटि हटाउन सकिहाल्ने कुरा होइन । तर पनि हामीले प्रयत्न गरेका छौँ । अहिले पनि हामीले हेऱ्यौँ भने महिलाहरूको निर्वाचित प्रतिनिधित्वमा ४१ प्रतिशत सहभागिता छ । समग्र निकायहरू, जनप्रतिनिधि संस्थाहरूको कुरा गर्ने हो भने ५१ प्रतिशतजस्तो पुग्छ । उपाध्यक्षमा ५१ प्रतिशतजस्तो पर्छ । पछाडि परेका समुदायको प्रतिशत राम्रो रहेको छ । महिलाहरूको सहभागिता, पछाडि परेका समुदायको सहभागिता, पछाडि परेका क्षेत्रको सहभागिता, अल्पसंख्यकबाट कसरी ल्याउन सकिन्छ, त्यस सम्बन्धमा

पनि संविधानले ध्यान दिएको छ । हामीले त्यसमा ध्यान दिएका छौँ । म अहिले नै हाम्रो समाज समृद्ध भैसक्यो, असमानताको अन्त्य भैसक्यो भन्दिनँ । त्यो यथार्थ पनि होइन तर हामी त्यस बाटोमा छौँ । त्यसलाई प्राप्त गर्नका निम्ति हामीले हाम्रा सम्पूर्ण प्रयासहरूलाई अब सुशासन, सुव्यवस्था, स्वच्छता र आर्थिक विकासको बाटो अवलम्बन गर्नुपर्नेछ । हाम्रा सम्पूर्ण प्रयासहरू अब आर्थिक उन्नतितर्फ केन्द्रित हुनुपर्नेछ । त्यसका निम्ति हामीले हाम्रा सम्पूर्ण मानवीय तथा प्राकृतिक श्रोतसाधन, उपलब्ध प्रविधि, सीप, ज्ञान, पूँजी, संरचनाहरू जे जति छन् ती सबै आर्थिक विकासमा केन्द्रित गर्नुपर्ने छ । देशका समग्र क्रियाकलाप आर्थिक विकासमा केन्द्रित हुनुपर्ने छ । त्यसका लागि अरू कसैको मद्दतको अपेक्षा गरिराख्नु पनि हुँदैन ।

हामी पछाडि परेका बेला हामीले छिमेकी वा मित्रहरूसँग विभिन्न खालका साथ सहयोग लिनुपर्ने हुन्छ । अहिले छिमेकीहरूसँगको सम्बन्ध अत्यन्तै सुमधुर हुँदै गएको छ । हिजो असमझदारी थिए, समस्याहरू थिए, ती समस्याहरू समाधान भइसके भन्ने होइन । कतिपय समस्याहरू छन् तर हाम्रा सम्बन्धले समाधानको बाटो समातेको छ । हामीले एउटा सार्वभौमसत्ता सम्पन्न राष्ट्रको हैसियतले छिमेकी तथा अरू देशहरूसँग बराबरीको सम्बन्ध गाँस्दै आएका छौँ । हामी सार्वभौमसत्ता सम्पन्न र स्वतन्त्र राष्ट्र हौँ जसले आफ्ना निर्णय आफैँले गर्नसक्छ । कुनै पनि मुलुकको आफ्नो निर्णय अरूले गरिदिने होइन, अरूलाई गर्न दिने होइन र आफ्ना आन्तरिक मामलामा अरूको रुचि, चासो र स्वार्थ घुस्न दिने पनि होइन । त्यस कुरालाई हामीले स्थापित गरेका छौँ । हाम्रा छिमेकीहरू र अन्तर्राष्ट्रिय मित्रराष्ट्रहरू सबैसँग हाम्रो सम्बन्ध सार्वभौम समानताका आधारमा हुन्छ, पारस्पारिक लाभ, सम्मान र अहस्तक्षेपका आधारमा हुन्छ । हामीले यी कुराहरूलाई स्थापित गरेका छौँ । भर्खरै मैले भारत भ्रमण गरेँ । त्यस भ्रमणमा भएका कुराकानीहरू, दुवै देशका प्रधानमन्त्रीहरूले वा अरू नेताहरूले बोलेका विषय वा संयुक्त प्रेस वक्तव्यहरूबाट छर्लङ्ग हुन्छ - छिमेकीसँगको सम्बन्ध अब बराबरीको आधारमा स्थापित गरिएको छ । यो ठूलो उपलब्धि हो । अब हामी छिमेकी

तथा अन्य मित्र राष्ट्रहरूका प्राविधिक र अन्य सहयोग लिन सक्छौँ । ती मुलुकसँग वैदेशिक लगानी भित्र्याउने, वैदेशिक लगानीका लागि अनुकूल वातावरण बनाउने, संयुक्त लगानीका परियोजना सञ्चालन गर्ने काम हुनसक्छ । हाम्रा लगानीमा उनीहरूको प्राविधिक र अरू सहयोग लिनसक्छौँ ।

अब हाम्रो ध्यान सम्पूर्ण रूपमा सामाजिक न्याय र समानतातर्फ, लोकतन्त्रलाई वास्तविक अर्थमा व्यवहारमा कार्यान्वयन गर्नेतर्फ, लोकतान्त्रिक मूल्य-मान्यतालाई व्यक्तिगत आचरण, सामाजिक आचरण र समाजको जीवनपद्धतिको रूपमा, हाम्रो समाज सञ्चालनको विधिको रूपमा अपनाउँछौँ । लोकतन्त्र राजनीतिक प्रणालीमात्र होइन, यो राजनीतिक अधिकार प्राप्तिको मात्रै प्रश्न पनि होइन, यसलाई त्यसभन्दा माथि जनताको खाने लगाउने, बसोबास र विरामी हुँदा उपचार गराउने, छोराछोरी पढाउन पाउर्ने र आफ्नो उन्नति-प्रगतिका लागि अवसरहरू प्राप्त गर्ने अधिकारसहितको व्यवस्थाका रूपमा लिनुपर्छ । कुनै पनि नागरिक सामाजिक जीवनमा हेलाँहोचोमा नपरोस्, असुरक्षित नरहोस् र उसले अपमानित हुन नपरोस् । उसले सजिलै न्याय र समानता प्राप्त गरोस् , उसका अवसर तथा अधिकार सुरक्षित होऊन् । यसलाई हामीले व्यावहारिक रूपमा कार्यान्वयन गर्ने कामहरूको शुरुआत गरेका छौँ । परिणामहरू बिस्तारै देखापर्ने छन् ।

यो लुम्विनी हाम्रो पुण्यभूमि हो । यस भूमिमा विकासका लागि उर्वर जमीन छ । छिमेकी देश भारतसँग सुगम सम्बन्धका बाटाहरू जोडिएका छन्, नाकाहरू जोडिएका छन्, भन्सारहरू जोडिएका छन्, जहाँ सिँचाइका निम्ति नदीनाला छन् । हामीसँग नारायणीदेखि कर्णालीसम्मका नदी छन्, सुस्तादेखि राजापुरसम्मको जमीन छ । यहाँ पहाड छ, तराई छ, मधेश छ । यहाँ उत्पादनको विविधता अपनाउन सकिन्छ । यहाँका नदीहरूलाई अनेक तवरले प्रयोग गर्न सकिन्छ । यहाँ विकासका ठूला सम्भावनाहरू छन् । कृषि, उद्योग, पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटनलगायत अनेक सम्भावनाहरू छन् । रिडी,

रेसुङ्गा, लुम्विनी, रामग्रामजस्ता अनेक ठाँउहरू छन् । शुद्धोधनको दरवार जहाँबाट बुद्धले बर्हिगमन गरेका थिए,त्यो यहीँ छ । तिलौराकोट, जहाँको उत्खननले आज दुनियाँको फेरि एकपटक ध्यान तानेको छ । यी सबै अवलोकनका लागि योग्य ठाउँ हुन् ।

नेपालको विकास केही समय पछाडि परेपनि यसको विकास हुन्छ, गर्न सकिन्छ । हिजो यो भूमि ज्ञान भूमि थियो । दुनियाँ अन्धकारमा हुँदा पनि हामी ज्ञानमा अगाडि थियौँ । यहाँ ज्ञानको विस्तार भैराखेको थियो । तिलौराकोटको उत्खनन लगायतका तथ्यले त्यो कुरा बताइरहेको छ । सयौँ वर्षअगाडि यस भूमिमा ज्ञानको निर्माण हुन्थ्यो, संकलन हुन्थ्यो, संगृहीत हुन्थ्यो, त्यसलाई सूत्रीकृत वा सूत्रबद्ध गरिन्थ्यो, त्यसको विस्तार गरिन्थ्यो । यसैकारण चाहे हामी गण्डकीका किनारमा वेदका ऋचाहरूको निर्माण भएको कुरा गरौँ, चाहे बुद्धका उपदेशहरूको कुरा गरौँ । मानिसहरूलाई लाग्छ - बुद्ध यहाँ जन्मिए तर अन्यत्रै गएर उनलाई ज्ञान प्राप्त भयो । मैले पहिले पनि भनेको थिएँ - बुद्ध नेपालमा जन्मिएका मात्रै होइन । बुद्ध रानी छोडेर, प्यारो छोरा छोडेर दरबारबाट किन बाहिरिएका थिए ? दरबारबाट बुद्ध बाहिर किन गए ? केही सोचविचार नभईकन, केही पनि ज्ञान नभईकन, मानवजाति र तिनको चिन्ता वा सुखको खोजीको चासो केही नभईकन उनी पक्कै गएका थिएनन् । केही ज्ञान भएपछि नै उनी दरबार छोडेर हिँडेका हुन् ।

म वागद्वारलाई नै वागमती भन्दिनँ, गंगोत्रीलाई गंगा पनि भन्दिनँ । गंगोत्री एउटा कुरा हो, गंगा एउटा कुरा हो तर गंगा गंगोत्रीबाटै पैदा भएको हो । गंगोत्रीबाटै गंगा उत्पन्न हुन्छ । सम्पूर्ण बुद्धका ज्ञानका कुरा, शिक्षाका कुरा नेपालमै सम्पूर्ण पूर्ण भए भन्दिनँ म तर प्रारम्भ यहाँबाट नै भएको थियो । बुद्धमात्रै जन्मिएनन्, बुद्धदर्शन पनि जन्मियो । बंगालको खाडीमा मिसिने गंगाको पानी, जति पानी नापे पनि त्यो गंगोत्रीबाटै उद्गम भएको हो । उद्गमस्थल अलि सानै । बुद्धको जन्मथलो र बुद्धको विचार, बुद्धदर्शन, बुद्धका उपदेश जहाँबाट पैदा हुन्छन् ती चीजहरूको प्रारम्भ, ती चिन्तनहरूको प्रारम्भ, तिनको मन्थनको प्रारम्भ यहीँबाट

शुरु भएको थियो । लबकुश यही त्रिवेणीमा हुर्किएका हुन् । रिडीबाट गएका एक ऋषिले यज्ञ गरेपछि राम, लक्ष्मण, भरत, शत्रुघन जन्मिएका हुन् । तसर्थ यो भूमि विशेष भूमि हो, पवित्र भूमि हो । केही शताब्दी हामी अलिकति पछाडि पर्‍यौँ । अब यसलाई अगाडि बढाउन सकिन्छ, अगाडि बढाउन सम्भव छ र अगाडि बढाइन्छ । मैले तपाईँहरूको चेहरा र आत्मामा विश्वास देखेको छु । यस ठाँउलाई अगाडि बढाउन सकिन्छ, यस प्रदेशलाई अगाडि बढाउन सकिन्छ । यसलाई विश्वमा परिचित गराउन सकिन्छ, स्थापित गराउन सकिन्छ । यस ठाउँलाई साँच्चै विश्वका निम्ति प्रेरणाको श्रोत, एउटा दर्शनीय, अनुसरणीय गन्तव्यस्थल वा पवित्रस्थलको रूपमा विकास गर्न सकिन्छ । यसलाई नमूनाको रूपमा विकास गर्न सकिन्छ ।

केही समयभित्र भैरहवा एयरपोर्टले उडान भर्न सक्नेछ । अहिले भारतले नेपालमा एउटा बाटो मात्रै जहाज पस्न दिन्छ । मैले भारत भ्रमणमा जाँदा हामीलाई अरू बाटो पनि दिनुपर्छ भनेर प्रस्ताव राखेँ । । यस सम्बन्धमा कुराकानी हुँदैछ । भारतले जमीनमा मात्रै होइन आकाशमा पनि कन्जुस्याइँ गर्नुपर्ने कुनै आवश्यकता हुँदैन । हामी आकाशको बाटो पनि लिन्छौँ । यो भैरहवा एयरपोर्ट चल्छ । यो रुट त दिने कुरा भैसक्यो ।

हामीसँग धेरै समय छैन । हामी धेरै पर्खन सक्दैनौँ । दुनियाँ अत्यन्त तीव्रताका साथ अगाडि बढ्दै छ, त्यसैले समयले हामीलाई पर्खिएर बस्दैन । हामीले छोटो समयमै अल्पविकसितबाट विकासशील राष्ट्रमा गइसक्छौँ भनेका छौँ । तसर्थ हामीले त्यो लक्ष्य प्राप्त गर्नका निम्ति छिटो गर्नुपर्छ । हामीले सन् २०३० सम्म अथवा १३ वर्षमा संयुक्त राष्ट्र संघले तोकेको दिगो विकास लक्ष्य, जुन अत्यन्त महत्वपूर्ण छ र त्यसमा गरीबी निवारण गर्ने, कोही भोकै हुन नहुने कुराहरू पूरा गर्नुपर्छ । त्यसका निम्ति हामी केही कामहरू अगाडि बढाउछौँ ।

मैले यसभन्दा अगाडि नै भनिसकेको छु - अब हाम्रो नीति तथा कार्यक्रम र बजेटमा किटानी गरेरै केही विषय आउने छन् । नेपालजस्तो उर्वर देशमा अब कोही पनि भोको पर्दैन, कोही पनि भोकले मर्दैन ।

त्यसको जिम्मा सरकारले लिन्छ । मैले अर्को पनि भनेको छु - हिमाली भेग असाध्यै चिसो छ, जाडो हुन्छ । त्यहाँ जाडोले कठ्यांग्रिएर, जाडोले मान्छे मऱ्यो भनेर हामीले सुन्नु पर्दैन । तराईमा एक महीना जाडो हुन्छ । चिसोले कठ्यांग्रिएर यति मान्छे मरे भन्ने सुनिन्छ । यस्तो स्थितिलाई हामी परिवर्तन गर्छौं । अब नेपालमा जाडोले कठ्यांग्रिएर कोही पनि मर्न पाउँदैन, मर्न दिनुहुँदैन । सरकारले त्यसको व्यवस्था गर्छ ।

हामीसँग आफ्नो धागो पनि छैन, कपडा पनि छैन । टोपी यहाँ बनेको होला तर धागो अन्तैबाट आएको छ । कोट यहाँ सिलाइको होला तर मिसिन अन्तैबाट आएको छ । धागो पनि अन्तैबाट आएको छ । भरसक सिलाउने मान्छे पनि अन्तैको छ । हामी यस्तो अवस्थामा छौं । यस्तो अवस्थालाई फेर्नका लागि हामी कपास उद्योग, रेशम उद्योग आदि पुनः सुचारू गर्छौं । धागो उद्योग बन्द भएको छ वा पर्याप्त छैन भने धागो उद्योगलाई पूर्ण 'स्केल'का साथ अगाडि बढाइन्छ, आवश्यकताअनुसार त्यसको विकास गरिन्छ । हेटौंडा यहाँको छिमेकी प्रदेश पऱ्यो, त्यहाँ कपडा उद्योग त छ तर बन्द भएको छ । हामीसँग छालाजुत्ता कारखाना थियो । त्यो राम्रो चलेको थियो । त्यसलाई स्वाहा गरियो । भृकुटी कागज कारखाना थियो, त्यो पनि स्वाहा पारियो । हामीसित आफ्ना निम्ति कच्चा पदार्थ छ । अब हामी कागज आफैं उत्पादन गर्छौं । हामी छाला जुत्ता किन उत्पादन गर्न सक्दैनौं ? राम्रो गुणस्तरका छाला जुत्ता हामी उत्पादन गर्नसक्छौं । छाला उद्योगमा अहिले निजी क्षेत्रले निकै ठूलो मात्रमा लगानी गरेको छ । त्यसबाट आन्तरिक मागको केही प्रतिशत परिपूर्ति पनि भएको होला । त्यसलाई हामी अझ प्रोत्साहित गर्छौं । व्यापार घाटा भनिनसक्नुको छ । व्यापारमा तीब्र असन्तुलन छ । कूल व्यापारमा निर्यात-आयात अनुपात क्रमशः सात प्रतिशत र त्रियानब्बे प्रतिशत छ । भारतीय व्यापार असन्तुलन झन् धेरै छ । अर्थात्, हामी बर्वादीको स्थितिमा छौं । यसलाई मानिरहन सकिँदैन । अब हामी एग्रो फोरेस्ट्रीमा जान्छौं, जंगल लगाउँछौं । वनलाई चाहिएको रूख हो । आँप बगैंचा लगाइदियो भने जंगलैजंगल भयो नि, अनि फल पनि भयो । लिची लगाइदियो भने पनि भयो । मसलाका रुख रोप्यो, पचास वर्षपछि

जमीन बन्जर बनाइदिन्छ, रुखो बनाइदिन्छ । पचास वर्षमा त्यसबाट के आम्दानी भयो भन्दा मसलाका रूखले वनले दिने अक्सिजन अथवा यस्तै केही चीज दियो । त्यसकारण नचाहिने कुराहरू भन्दा हामी आवश्यक, उत्पादनमूलक, रोजगारीमूलक, आयमूलक र जनताको जीवनस्तरमा परिवर्तन ल्याउने कार्यक्रम लिएर अगाडि बढ्नुपर्छ ।

म यस प्रदेशसभाका माननीयहरूसँग भन्न चाहन्छु - तपाईँ हामी हरेकले नयाँ ढंगले सोचौँ । मैले पटकपटक सदुपयोगको सिद्धान्तबारे बोल्दै आएको छ । हामीले हरेक समयको सदुपयोग गर्नुपर्दछ । हाम्रो जमीन जस्तोसुकै होस् त्यसको सदुपयोग हुनुपर्दछ । हाम्रो जमीन खेर गएको छ, पानी खेर गएको छ, हावा खेर गएको छ, घाम खेर गएको छ, हामीसँग भएको तागत खेर गएको छ, बुद्धि खेर गएको छ, क्षमता खेर गएको छ, सीप खेर गएको छ । यस्ता कुनै पनि चीजलाई खेर जान नदिएर योजनाबद्ध ढंगले विकासतर्फ लग्यौँ भने हामीले धेरै काम गर्न सक्छौँ । हामी शिक्षामा पछाडि छौँ । व्यक्तिको जीवनलाई सहज, सरल बनाउनको लागि र समाजका लागि उपयोगी हुने गरी शिक्षाको उपयोग हुन सकेको छैन । हामी व्यक्तिका लागि औपचारिक शिक्षा, अनौपचारिक व्यावसायिक र सीपमूलक तालिमहरू, किसान र अरू व्यवसाय गर्ने जनतालाई उनीहरू भएका ठाउँमा गएर तालिमहरू उपलब्ध गराउने प्रबन्धहरू गर्दैछौँ । त्यसबाट जनताको बेरोजगारी, आम्दानी नभएको अवस्था, गरीबीलाई व्यापक अभियानको क्रममा हामी छिटो अन्त्य गर्छौँ । यसपटक हामीले विद्यालय भर्ना अभियान सञ्चालन गरेका छौँ । विद्यालय भर्ना अभियान अत्यन्तै सफलताका साथ अगाडि बढेको छ । म आफैँ पनि कर्णालीदेखि लिएर तराईसम्म भर्ना अभियानमा सहभागी भएको छु । स्कूल पढ्न नसक्ने, पढाउन नसक्ने ठाउँमा गएर यो अभियान सञ्चालन गरिएको छ । चेतनाको कमी र पछौटेपनले गर्दा पनि यस्तो भएको हो । चेतनाको कमी र पछौटेपनलाई हामी कसरी अन्त्य गर्न सक्छौँ ? मैले देखेँ बरु कतिपय हिमाली गाविसमा ९०-९५ प्रतिशत साक्षरता छ । अस्ति म भर्ना अभियानका लागि सिराहा गएँ । त्यहाँ जम्मा ३९ प्रतिशतमात्र साक्षरता छ । सिराहा जस्तो ठाँउमा ६१ प्रतिशत मान्छे

निरक्षर छन् । घर छेउमा स्कूल छ तर बच्चा स्कूल जाँदैन । स्कूल नभएर नगएको होइन, चेतनाको कमीले नगएको हो । यस्तो स्थितिमा परिवर्तन ल्याउनुपर्छ । अभिभावक सवलीकरणजस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । म त्यसतर्फ प्रदेशको ध्यानाकर्षण गर्न चाहन्छु । साथीहरूले यस्ता अभियानलाई पनि अत्यन्तै गम्भीरतासाथ लिनोस् ।

मानिसको जीवनमा र समाजमा ससाना कुराहरूले पनि ठूलो परिवर्तनमा सहयोग पुऱ्याउँछन् । सेवाका क्षेत्रहरूमा सुधार आवश्यक छ । हामीले सिन्डिकेट तोड्न खोज्यौँ । त्यो तोड्न खोज्दा निकै प्रतिरोध हुन खोज्यो । सुधारका काम काम गर्दा अलिकति अप्ठ्यारो हुन्छ । तर म भन्न चाहन्छु - अनुचित कुरासँग यस सरकारले कुनै सम्झौता गर्दैन, सिन्डिकेट मान्दैन । मैले धेरै ठाउँमा भन्ने गरेको छु - म भ्रष्टाचार गर्दिन, कसैले गरेको सहन्नँ । कुरा 'क्लियर' छ । अब भ्रष्टाचार रोकिन्छ । भ्रष्टाचारको मामलामा को पर्छ भनेर अनुहारतिर हेर्दिनँ । कहिलेकाहीँ लाग्न सक्छ - अलि बढी निर्ममै भयो भनेर । भ्रष्टाचारका विरुद्ध निर्मम नै हुने हो । कानूनको राज कायम गर्ने नै हो । सेटिङ मिलाउने, ठेकदारलाई अनुचित बल प्रयोग गरेर विभिन्न गिरोहले दुःख दिने, अनेक प्रकारका कामहरूमा व्यवधान खडा गर्ने, घूस र कमिशनबाट राज्यलाई घाटा पार्ने सबै कुराहरूलाई नियन्त्रण गरिन्छ । सुशासन हाम्रो उद्देश्य हो । विनासुशासन, विनास्वच्छता समाज अगाडि लान सकिँदैन, विकास गर्न सकिँदैन । त्यसमा कडाइका साथ ध्यान दिइन्छ । यसो भनिँरहदा फेरि राज्य कडा भएर आउने भयो भन्ने भ्रम पर्नसक्छ । हामी कानून बमोजिम नै काम अघि बढाउँछौँ । सरकार शासन गर्नका लागि होइन, सेवा गर्नका लागि हो । तर जनताको सेवा गर्नका लागि जनतालाई शोषित हुन, जनतालाई पीडित हुन, ठगिन, असुरक्षित हुन, धम्काइन, तर्साइन दिइने छैन । राज्य रक्षकको रूपमा उभिन्छ । दुई-चार जनाले समाज हल्लाउने, अर्थतन्त्र हल्लाउने कुराहरू हुन सक्दैनन् । जनताको सेवाका लागि, देशको सेवाका लागि अब राज्यले दह्रो अडान लिन्छ ।

केहीकेही मान्छेले प्रधानमन्त्री बलियो भयो, सरकार बलियो भयो, अनावश्यक बलियो भयो भनी त्यसको दुरुपयोगको आशंका गर्दै छन् । मैले एक ठाउँमा बोलेको थिएँ - सरकार बलियो हुनै सक्दैन । सरकार बलियो तानाशाही व्यवस्थामा हुन्छ । लोकतन्त्रमा त जनता बलियो हुन्छ । लोकतन्त्र र तानाशाही छुट्याउने भनेको जनता बलियो छ छैन, हेर्ने हो । जनताले खान पाएको छ कि छैन ? खान पाउने हक छ कि छैन ? लोकतन्त्रमा खान नपाएका जनतालाई खान लगाउन पाउने गरी बलियो बनाउनु पर्छ । मेरो उद्देश्य खान नपाउने जनतालाई खान पाउने सेवा पुऱ्याउनु हो । जनता कमसेकम यति बलियो छ कि खाने सामर्थ्य राख्छ, लगाउने सामर्थ्य राख्छ, आवास बनाएर छानामुनि बस्ने सामर्थ्य राख्छ, बिरामी हुँदा सामन्यतः उपचार हुने सामर्थ्य राख्छ, छोराछोरीलाई स्कूल पठाउने र पढाउने सामर्थ्य राख्छ, आफ्नो परिवार पालिने जीविकाको बाटो बनाउने सामर्थ्य राख्छ भने नै त्यो जनताको लोकतन्त्र हो, जनता बलियो रहेको लोकतन्त्र हो । जनता त्यस स्थितिबाट बलियो हुँदै, तागत पैदा गर्दै, राज्य सञ्चालन गर्ने, राज्य सञ्चालनका नीतिहरूमा प्रभावित गर्ने, राज्यलाई डोहोऱ्याउने हैसियत राख्छ । वास्तवमा त्यो हो लोकतन्त्र । त्यतापट्टिको 'ड्राइभ' अहिलेको सरकारले गर्छ । त्यसकारण यो सरकार आफैँ बलियो होइन, जनताबाट 'फूल ब्याट्री चार्ज' भएको सरकार हो । जनताले यस सरकारलाई जनताका निम्ति काम गर्न जनादेश दिएको छ । यस सरकारलाई जनताले कर्तव्य वा अभिभारामात्रै होइन अधिकार पनि दिएको छ ।

हामी नयाँ प्रणालीमा छौँ । तपाईँहरू सबै हिसाबले परिपूर्ण हुन सक्नुभएको छैन । तपाईँहरूलाई चाहिएको सामग्री पुगेको छैन, चाहिएको कर्मचारी पुगेको छैन, कर्मचारी आइपुगेको छैन, भनेजस्तो बजेट आएको छैन, योजना तर्जुमा हुन पाएको छैन, साधनश्रोतको अपर्याप्तता छ आदि आदि । भर्खरभर्खर एउटा घर बनाउदैछौँ भने घर बनाएर त सरिएला तर त्यसमा पङ्खा फिट गरिसकेको हुँदैन, पङ्खा फिट गऱ्यो चाहिएको जति बत्ती फिट गरेको हुँदैन, झ्याल त बनाइयो पर्दा हाल्न भ्याएको हुँदैन । नयाँ काममा यस्तो हुन्छ । तर म तपाईँहरूलाई भन्न चाहन्छु -

अहिलेको संघीय सरकार पुरानो मानसिकतामा भएको संघीय सरकार होइन । यो संघीय सरकारलाई आफ्ना कामहरू, प्रदेशहरूलाई कसरी सबल बनाउने, कसरी प्रभावकारी बनाउने, कसरी सफल बनाउने भन्नेमा चिन्ता छ । प्रदेश सफल भएन र असफल भयो भने प्रदेश पछाडि पऱ्यो भने, प्रदेश गरीब भयो भने संघचाहिँ कहाँबाट सफल हुन्छ र ? संघको छुट्टै 'टेरीटोरी' छैन । प्रदेशहरू सम्पन्न भएर, यी विकसित भएर, यी बलिया भएर, यिनले तरक्की गरेर नै देशमा तरक्की आउने हो । यो कुरा संघीय सरकारलाई राम्ररी थाहा छ । म यहाँहरूलाई संघीय सरकारको तर्फबाट भन्न चाहन्छु - यहाँहरूलाई पुऱ्याउनु पर्ने सहयोग अवश्य उपलब्ध गराइने छ । यो खालि संविधानका अनुसूचीमा बाँढेका अधिकारको मात्रै कुरा होइन । हामी दफा र धारा पल्टाएर मुद्दा लड्ने झगडिया होइनौँ । हामी साझा उद्देश्यमा एकजुट भएर भावनात्मक ढंगले अगाडि बढेका छौँ । त्यसकारण यहाँको काम यहाँहरूले गर्नुहुन्छ । अरू ठाउँको काम अर्को प्रदेशले गर्छ । नगरपालिकाको काम नगरपालिकाले, गाउँपालिकाको काम गाउँपालिकाले गर्छ । तर काम गर्ने कुरामा हामी आफैँ सक्षम हुनु जरुरी छ ।

धेरै कानुनहरू निर्माण गर्नुपर्ने छ । हाम्रो ध्यान त्यसमा गएको छ । निर्वाचन गराउने लगायतका कामले मस्यौदा पनि हुनसकेका छैनन् । दुई वर्षअगाडि मैले एउटा योजना अगाडि सारेको थिएँ । त्यो योजना त्यहीँ अलपत्र पऱ्यो । मैले कानून निर्माण सम्बन्धमा संसदमा गरेको प्रस्तुति तपाईँहरूलाई याद नै होला । त्यसअनुसार अगाडि बढेको पनि थियो तर बीचमा ब्रेक लाग्यो । फेरि शुरु गर्नु छ । अब प्रदेश तथा स्थानीय सरकारहरू समेतलाई काम गर्न सजिलो होस् भन्ने कुरालाई ध्यानमा राखेर कानूनको मस्यौदा गर्ने तयारीमा हामी छौँ । कानून निर्माणका निम्ति सहजीकरण गर्न र सहुलियत पुऱ्याउन हामीले पूर्व विज्ञहरू, मुख्य सचिव भैसकेका व्यक्तिहरू, कानून निर्माण गरिसकेका, कानून सचिव भैसकेका विज्ञहरू समेतको सहयोग लिएर, विशेष टोली बनाएर तीव्रताका साथ मस्यौदाहरू गर्न लगाइरहेका छौँ । संविधानअनुसार संघीय कानून अत्यावश्यक छ । संघीय कानूनअनुसार अरू कानूनहरू

बन्नुपर्ने भएको हुनाले छिटोछिटो आधार कानूनहरू तर्जुमा गर्नपट्टि हाम्रो ध्यान छ ।

हामीले जनशक्ति वितरण गर्नुपर्ने छ, कर्मचारी वितरण गर्नुपर्ने छ । अहिले पर्याप्त नभएता पनि विभिन्न ठाउँमा कमसेकम केही त कर्मचारी पठाउनु पर्‍यो । कानून बनिसकेपछि बाटो अलि सहज हुन्छ । जनशक्ति व्यवस्थापनतर्फ हामी लागिरहेका छौँ । यसलाई सकेसम्म छिटो अगाडि बढाउँछौँ । 'सिलिङ'को सम्बन्धमा माथि पनि समस्या छ, प्रदेशमा पनि समस्या छ । त्यो यहाँहरूलाई थाहा नै छ । माथिको बजेट तल पनि जान्छ । प्रदेशमा पनि जाने भयो, नगरपालिकामा पनि जाने भयो, गाउँपालिकामा पनि जाने भयो । अनि माथि मन्त्रालयले भन्छ मेरो त 'सिलिङ' घट्यो नि । पहिले यति रकम थियो, अहिले यतिमा झर्‍यो । बढाउनु पर्नेमा झन् बजेट घटाइदिने भन्छ । बजेट घटेको होइन वितरण भएको हो । वितरण भैसकेपछि एक ठाउँमा हुँदा जत्रो थुप्रो हुन्थ्यो, त्यो थुप्रोलाई वितरण गरेपछि उत्रै थुप्रो अर्को रहँदैन । त्यो माथि पनि समस्या छ । म मन्त्री साथीहरूलाई, मन्त्रालयहरूलाई पनि सम्झाइरहेको छु ।

हामी बिलकुल नयाँ अभ्यास गर्दैछौँ । एकातिर नयाँ अभ्यास छ, अनुभवहीनता छ, अर्कोतिर कसैबाट सिक्नलाई कुनै दृष्टान्त वा आफ्नो पुरानो अनुभव पनि छैन । हामीलाई अरूको अनुभव पनि जस्ताको तस्तै काम लाग्दैन । तैपनि हामी नयाँ ढंगमा अगाडि बढ्दैछौँ । नयाँ संरचना उद्देश्यका दृष्टिले महान् छन् । तर यी नयाँ संरचनाहरूलाई समुचित ढंगले हाम्रा उद्देश्य परिपूर्तिका निम्ति प्रयोग गर्न सकेनौँ भने हामी फेरि अन्यौलमा पर्छौँ । म अन्यौलमा नपर्ने गरी अगाडि बढ्न सबैलाई आग्रह गर्न चाहन्छु । हामीले होशियार हुनुपर्दछ - हामी विविधतायुक्त देशमा छौँ । यस विविधतायुक्त देशमा एक अर्कालाई सम्मान नगर्ने, एक अर्काको रङ्ग मन परेन भन्ने, एक अर्काको उचाइ मन परेन भन्ने, अग्लोहोचोको विभेद गर्ने व्यवहार किमार्थ उचित हुन सक्दैन । विवधता लडाईँ झगडाको विषय होइन । एउटाको रङ्ग एक खालको होला, अर्काको रङ्ग अर्को खालको होला । एउटा पहाडतिर बस्ला, अर्को

तराईतिर बस्ला । एउटाले खेती गर्ला, अर्काले पसल थाप्ला । एउटाले शिक्षक काम गर्ला, अर्काले ठेकेदारी गर्ला । आआफ्ना कामलाई आफूआफैँले अगाडि, आवश्यकताअनुसार पारस्परिक सहयोग पनि लिने र पारस्परिक सम्मानको दृष्टिले एक अर्कालाई हेर्ने साझा दृष्टिकोण बनाउनुपर्छ । हामीमध्ये एउटा जातले अर्को जातलाई, एउटा भाषाले अर्को भाषालाई, एउटा व्यवसायले अर्को व्यवसायलाई हेय दृष्टिले हेर्‍यौँ भने त्यसले सामाजिक, साम्प्रदायिक, पेशागत, क्षेत्रगत, भाषागत र जातिगत विद्वेष पैदा गर्छ । दुनियामा विद्वेष पैदा गर्ने स्वार्थ समूह छ । पहिले तिनीहरूले विद्वेषको खेती लगाउँछन् त्यो अलि फैलिएपछि द्वन्द्व उद्योग चलाउँछन् । द्वन्द्व उद्योग जब मौलाउँछ अनि द्वन्द्व व्यवस्थापनका व्यवसाय अगाडि बढाउँछन् । एउटै तत्व हुन् ती । त्यो नचाउने पुतलीमात्र फरक हुन्छ, नचाउने आँलाहरू उही हुन्छन् । त्यसतर्फ हामी होशियार हुनपर्दछ ।

हामी प्रयोगको थलो होइनौँ । हामी कसैको हतियार बेचेर नाफा कमाउने माध्यम होइनौँ । हामी कुनै मृत्युका व्यापारीहरूको मायाजालको भ्रममा पर्दैनौँ । हामी राष्ट्रिय एकता, विविधतामा एकता र सामाजिक सद्भाव खलबल्याउन दिँदैनौँ । सामाजिक सद्भाव, सामाजिक न्याय र समानताका साथ राष्ट्रिय एकता कायम गरेर विकास र समृद्धिमा अगाडि बढ्छौँ । ऋषिमुनिहरूको यो देश, बुद्ध जन्मेको यो देश, विविधतायुक्त यो देश, जीवजन्तु, चराचुरुंगी, माछा, जलथल सबैतिर जीवनमय यो देश, औषधि उम्रने यो देश, जडीबुटीको यो देश, ज्ञान उम्रने यो देश ! यस्तो यो भूमिलाई हामी बिग्रन दिँदैनौँ । हिजो अलिकति बिथोलियो, अलिकति भ्रम पऱ्यो, अलिकति अन्योल सिर्जना भयो । हामी सबै एक हौँ, नेपाली हौँ । हामी सबै समृद्ध हुनैपर्छ, हामी सबै सुखी हुनैपर्छ । यसै कारण हामीले 'समृद्ध नेपाल-सुखी नेपाली'को नारा अघि सारेका हौँ । यो जात र त्यो जात भन्ने होइन, सम्पूर्ण मधेश र पहाड, हिमाल र तराई एकताबद्ध रहनुपर्छ । कर्णाली कि लुम्विनी भनेर प्रश्न गर्ने होइन । जहाँ भए पनि हाम्रो नेपाल हो, हामी नेपाली हौँ । जहाँ गए पनि समृद्ध नेपाल चाहिन्छ, सुखी नेपाली चाहिन्छ ।, त्यसका निम्ति हामीले

राजनीतिक प्रणाली, आर्थिक प्रणाली, सामाजिक प्रणाली, सामाजिक व्यवहार, राष्ट्रिय एकतादेखि लिएर विकासका समग्र प्रयासहरूलाई तीव्रता दिनुपर्छ ।

राजनीतिमा विचारहरू फरक हुनसक्छन्, पृष्ठभूमि फरक हुनसक्छ तर हाम्रो देशको उद्देश्य समृद्ध देश बनाउने, बलियो नेपाल बनाउने, स्वाभिमानी नेपाल बनाउने हो । हाम्रो पासपोर्ट लिएर बाहिर जाँदा नेपाल देख्ने बित्तिकै जाऊ भन्ने स्थिति बनोस् न । नेपाल देख्ने बित्तिकै तिमी यतापट्टि बस, राम्ररी हेर्नुपर्छ भन्छ । अरूलाई शरीर छाम्नु पर्दैन, पासपोर्ट मात्रै पल्टाए पुग्छ । हामीलाई चाहिँ शरीर छाम्नुपर्छ । त्यो किन भन्दा हामी गरीब छौँ । गरीबीमा जे पनि कुकर्म गर्नसक्छ मान्छेले भन्ने मान्यता छ । त्यसकारण आफ्नो स्वाभिमान उठाउने गरी हामीले काम गर्नुपर्छ । विद्वान् पुर्खाको सुन्दर मुलुक । यो मुलुक प्राकृतिक श्रोतसाधनले भरिपूर्ण छ । खनिजहरूले भरिपूर्ण छ । जोसित असंख्य खानी छन्, पेट्रोलियम छ, फलाम खानी छ, तामा खानी छ, सुनखानी छ, प्रिसेयस स्टोन छ । ढुंगा टिपेर बेच्दा भोलि हामी धनी हुनसक्छौँ । हामीसँग यस्तो अथाह जलश्रोत छ । यो सानो कुरा होइन ।

मैले विश्वास लिएको छु - तपाईँहरूले आफ्नो काधँमा आएको अभिभारालाई बुझ्नु भएको छ । अभिभारा बुझेरमात्रै हुँदैन, यो अभिभारा बहन गर्न र यसलाई सफल पार्न यहाँहरूले आफूलाई तयार राख्नु पर्छ । अब हामी गर्नसक्छौँ भन्ने विश्वासका साथ अगाडि जानुपर्छ । दुनियाँ हाम्रो साथमा छ । भित्रभित्रै कसैले अलिकति केही नराम्रो गर्छ भने त्यस्ता कुराहरूलाई हामी रोकिदिन्छौँ । कसैले कहीँ प्वाल पार्न खोज्छ भने त्यसलाई हामी टाल्दिन्छौँ । कसैले हामीलाई बर्वाद गर्न सक्दैन तर हामी सजगचाहिँ हुनुपर्दछ । हामी हाम्रो देशलाई निकट भविष्यमा विकसित र समृद्ध देश बनाउनसक्छौँ । धेरै ठूलो सम्भावना छ । रूग्ण र बन्द भएका उद्योगहरू चलाउने, रूग्ण उद्योगहरूलाई फेरि सुचारु गर्ने, सकेसम्म नयाँ उद्योगहरू स्थापना गर्ने, एउटा उद्योग र अर्को उद्योगका बीचमा सम्बन्ध स्थापित गर्ने किसिमले काम थालेपछि विकास पछि

पर्न सक्दैन । कपास उत्पादन पनि गर्ने, स्पिनिङ मिल पनि चलाउने । त्यसबाट टेक्सटायल चलाउने र त्यस टेक्सटायलबाट उत्पादित वस्तु हामी आफैँले उपभोग गर्ने वातावरण बनाउँछौँ ।

समाज हो, केही मान्छेहरू गफ गर्ने, काम नगर्ने, काम गऱ्यो भने टिप्पणी गर्ने, टिप्पणी गर्न रमाउने, काममा बाधा पुऱ्याउनसक्यो भने आफ्नो सफलता ठान्ने खालका पनि हुन्छन् । तर त्यस्ता कुराहरूमा हामी अल्झिनु हुँदैन, अगाडि बढ्नु पर्छ । समृद्ध नेपाल, सुखी नेपाली भन्ने नारालाई सफल बनाउने संकल्पमा लागौँ । नयाँ नेपाल अवश्य बन्छ ।

●

वैशाख १६, २०७५

सन्दर्भ : प्रदेश नं. ५ को प्रदेशसभालाई सम्बोधन

नयाँ इतिहासको रचना

जेठ ३ गते । मदन-आश्रित स्मृति दिवस । हामीले शताब्दी नायक जननेता मदन भण्डारी र जीवराज आश्रितलाई गुमाएको पच्चीस वर्ष पूरा भएको छ । मदन भण्डारीका विचारहरूको सन्दर्भमा मैले धेरै केही भन्नुपर्ला जस्तो लाग्दैन । पुष्पलालले अगुवाइ गरेर नेपाल कम्युनिष्ट पार्टीको स्थापना नगरेको भए आज एकीकरणको चर्चा हुने ठाउँ शायद हुँदैनथ्यो । सोभियत संघ ढलेका बेला, पूर्वी युरोपमा कम्युनिष्ट सत्ता खत्तम भएका बेला, दुनियाँमा कम्युनिष्ट आन्दोलन ध्वस्त भयो भनेर हमला भइरहेको बेला

कम्युनिष्ट आन्दोलन ढल्दैन भन्दै यसलाई सफलतासाथ अगाडि बढाउन जननेता मदन भण्डारीका विचारहरू अगाडि नआएको भए आज हामीले यो एकीकरणको अवसर पाउने थिएनौँ । ।

पूर्वी युरोप, रूस र संसारका अन्य कतिपय देशमा पार्टी एकीकरणको भन्झट गर्नै परेन, त्यसै सिध्दियो । तर हामीले सफलता प्राप्त गरेका छौँ । यतिबेला म मदन भण्डारी र जीवराज आश्रितप्रति अत्यन्तै आदर-सम्मानका साथ भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

पुष्पलाल, जसले पवित्र उद्देश्य लिएर पार्टी स्थापना गर्नुभयो, धेरै दुःख गर्नुभयो । उहाँ देशभित्र बस्न पाउनु भएन । विदेशमा लखेटिएर, निर्वासित तथा प्रताडित बनेर बस्नुभयो । तर उहाँले न्यायको जीत हुन्छ भन्ने दृढ धारणा बनाउनुभयो । आज प्रचण्डजीको गला अवरुद्धमात्र भयो, पुष्पलाल जीवित हुनुभएको भए बूढो मान्छे खुशीले यहाँ नाँच्नु हुन्थ्यो । यही दिन, यस्तै खुशीको दिन उहाँले देख्न चाहनु भएको थियो । अहिले कम्युनिष्ट पार्टी बहुमतसाथ सरकारमा छ । उहाँले यही देख्न चाहनुभएको थियो । कम्युनिष्ट पार्टीका लागि दुई तिहाइ अब सामान्य हिसाबकिताबको, सामान्य जोड घटाउको कुरामात्रै हो । आउँदो चुनावमा दुई तिहाइको कुरा होइन, कम्तीमा तीन चौथाइ ल्याउने गरी कम्युनिष्ट पार्टी लाग्नु पर्छ ।

कतिपयलाई यो ठट्टा लाग्छ । छ महीना अगाडि ककसलाई केके कुरा ठट्टा लाग्थ्यो, विचार गर्नोस् त । यो छ महीनामा केके भयो ? मैले यही ठाउँमा उभिएर दुई दिनअगाडि, दुई दिनको समय लाग्छ, एकता कतिबेला घोषणा हुन्छ टुंगो छैन तर हामी गर्छौँ भनेको थिएँ । कतिलाई ठट्टै लाग्यो । म एकताका निम्ति बडो उत्साहित थिएँ । हिजो बिहान प्रचण्डजी र मेरो भेटभयो । मैले अस्तिको दिन भोलि बिहान बालुवाटारमा हेर्न आउनु, को कता फर्किएको हुन्छ त्यहीँ फोटो खिच्नु भनेको थिएँ । यता फर्किएको र उत्ता फर्किएको फोटो छापेको देखेपछि भोलि बिहान हेर्न आउनु भनेको थिएँ । प्रचण्डजीसँग मेरो भेट हुँदा उहाँ मभन्दा बढी उत्साहित पाएँ । पत्रकारहरू पनि क्यामेरा लिएर आइपुगे । तर हामीले

आज यो फोटो पनि तपाईँहरूले खिच्नुहुन्छ भनेर त्यतिबेला भनेनौँ । अलिकति बाँकी राखिदियौँ ।

हाम्रा अग्रजहरूको एउटा चाहना थियो । न्यायतर्फको हाम्रो यात्रा, विकासतर्फको हाम्रो यात्रा, सुशासनतर्फको हाम्रो यात्रा, समृद्धितर्फको हाम्रो यात्रा निर्वाध अगाडि बढ्न सकोस्, त्यसरी अगाडि बढाउने खालको शक्ति मजबुत होस् भन्ने चाहना हाम्रा अग्रजहरूको थियो । अग्रजहरूको सपना आज पूरा भएको छ । कतिलाई लाग्ला दुईओटा अध्यक्ष राखेर यो के गरेको हो भन्ने । यो टेम्पो चलाएजस्तो होइन, जेटमा पाइलट दुईजना हुन्छन् । आवश्यकताले यस्ता कुराहरू ल्याउँछ । हामीले महान् अभियान चलाउनु छ । त्यो महान् अभियान चलाउन हामी दुई जनाले सल्लाह गरेर, विचार विमर्श गरेर र विश्लेषण गरेर अगाडि बढ्ने संकल्प गरेका छौँ ।

मलाई आज जीवनका खुशीहरूमध्ये सबैभन्दा खुशीको दिनजस्तो लागेको छ । त्यो खुशी यसकारण पनि हो कि म यस पार्टीको अध्यक्ष पनि छु । स्वाभाविक रूपमा अलिकति श्रेय आउँछ । तर त्यसकारणमात्र खुशी चुलिएको होइन । मलाई थाहा छ, ड्राइभर त ड्राइभरको सीटमा बसेको हुन्छ । तर गुड्ने त ड्राइभर होइन, चक्का हो । हाम्रो पार्टी हाम्रा कार्यकर्ताहरूको पंक्ति, हाम्रा समर्थक शुभेच्छकहरूको पंक्ति, न्यायप्रेमी जनताको पंक्ति हिलोमा टायर धसिएर, चर्को घाममा धसिएर कुदे जसरी कुदेको छ । म त ड्राइभरको सीटमा बसेको छु । त्यसकारण म सबैभन्दा बढी धन्यवाद त तपाईँहरूलाई दिन चाहन्छु । यहाँ उपस्थित भएका मात्र होइन, देशभरिका, देशभन्दा बाहिर रहेका, जहाँसुकै रहेता पनि नेपालको भलो चाहने, नेपालको प्रगति चाहने, नेपालको विकास चाहने, नेपालमा सुशासन चाहने, नेपालमा जनताको शासन चाहने, नेपालमा जनताका समस्या समाधान भएर समृद्ध नेपाल देख्न चाहने सबै दाजुभाइ दिदीबहिनीहरूलाई र तिनको अग्रभागमा बसेर काम गर्ने कार्यकर्ता साथीहरूलाई धन्यवाद भन्न चाहन्छु ।

म एक्लैले गरेर हुँदैनथ्यो । प्रचण्डजीले नमानेको भए एकता कहाँबाट हुन्थ्यो र ? एक्लै गरेर हुँदैनथ्यो । हामी दुइटाको अर्थ दुवै पार्टी ।

सही गर्ने हामी भए पनि त्यो आ-आफ्नो पार्टीको तर्फबाट गरिएको हो । प्रचण्डजी र म प्रतिनिधि हौँ । एकताको औचित्य र आवश्यकतालाई बुझेर नै यो सफल भयो । यदि कार्यकर्ता पंक्ति र सिंगै पार्टीले कुरा बुझ्दैनथ्यो भने सम्भव थिएन । यो एकताको विरुद्धमा कोही छैन । एकताको पक्षमा सिंगै पार्टी एकजुट छ । एकता यसरी अगाडि बढ्नु धेरै खुशीको कुरा हो ।

हामी मिश्रण वा मिसिएको रूपमा होइन, अन्तर घुलित भएर एउटै पार्टी बनेका छौँ । हिन्द महासागरमा गएर कोशीको पानी खोज्न थाल्यो भने कहाँ पाइन्छ र ? हिन्द महासागरमा गइसकेपछि 'वे अफ बंगाल' मा गएर हाम्रो कोशीको पानी कहाँनिर छ, सेतीको कहाँनिर छ भनेर खोजेर हुँदैन । त्यसरी खोज्दा पाइँदैन । अघिसम्म हामीले एमाले वा माओवादी केन्द्र भन्यौँ । अघिसम्म प्रचण्डजी अर्कै पार्टीको नेता हुनुहुन्थ्यो, अब उहाँ अर्को पार्टीको नेता होइन । अघि केन्द्रीय कमिटीको बैठकमा मैले भनेको थिएँ - 'अब तपाईँको माओवादी केन्द्र रहेन ।' जवाफमा उहाँले भन्नुभयो 'अब तपाईँको एमाले पनि रहेन ।' मैले उहाँबाट त्यही नै जवाफ पाउनका लागि त्यो कुरा भनेको थिएँ । अब दुईओटै पार्टी छैनन् । दुईओटा पार्टी मिसिएर एकीकृत पार्टी बनेको छ । हामीले कुनै नयाँ पार्टी स्थापना गरेका होइनौँ । पुष्पलालले २००६ सालमा स्थापना गरेको नेकपा नै यही हो । विभाजित भएको र विखण्डित बनेको कम्युनिष्ट पार्टीलाई एकीकरण गरिएको हो । नेकपामा २००८ सालबाट गुटबन्दी शुरु भयो । स्पष्ट विभाजन २०१७/२०१८ सालपछि भयो । यति लामो पीडा हामीले सहनुपऱ्यो, नेपाली जनताले सहनुपऱ्यो र नेपालले सहनुपऱ्यो । अब त्यो पीडा सहनुपर्ने छैन किनभने त्यो नेकपा अब एकीकृत हुन पुगेको छ ।

कम्युनिष्टहरू जुट्न जान्दैनन्, फुट्छन् मात्रै भनेर ठूल्ठूला अक्षरमा लेखिन्थ्यो । त्यो कुरा हामीले सुन्दै आएका पनि हौँ । तर अब त्यो कुरा इतिहास भयो । अब कम्युनिष्टहरू फुट्न जान्दैनन्, जुट्छन् मात्रै । कम्युनिष्टहरू सकिए, दुनियाबाट खत्तम भए भन्ने कुरा पनि अब इतिहासका गफ भएका छन् । अब कम्युनिष्टको जमाना आएको छ । कहिलेकाहीँ ठण्डी मौसममा पतझर हुन्छ, स्याउको रुखबाट पात झरेका

बेला मान्छेलाई रुख मऱ्यो कि भन्ने भ्रम हुन्छ । फेरि अलि पछाडि लटरम्म स्याउ फलेको देखेपछि मान्छे छक्क पर्छन् । अब त नेपालको कम्युनिष्ट आन्दोलनमा हिउँदे याम नै हुँदैन । कम्युनिष्ट आन्दोलनमा 'विन्टर सिजन' रहने छैन । आजका मितिभन्दा अगाडि एउटै कम्युनिष्ट पार्टीसँग बहुमत थिएन । अब एक्लै बहुमत छ । हाम्रो समीकरणसँग बहुमत थियो, अब एउटै पार्टीको सरकार छ । एक्लो बहुमत छ । मिलिजुली छ वटा प्रदेशमा सरकार थियो, नमिली एक्लै छ वटा प्रदेशमा सरकार छ । हामीसँग 'पपुलर' बहुमतको भोट थिएन अब 'पपुलर भोट'को बहुमत छ । हामीसँग स्थानीय निकायमा एक्लै बहुसंख्या पुग्दैनथ्यो, अब एक्लै पुग्छ । यसले के बताउँछ ? हाम्रा अगाडि सुन्दर सम्भावनाहरू छन् । स्थानीय तहहरू हाम्रा हातमा छन् । प्रदेशहरू हाम्रा हातमा छन् । संघीय सरकार वा केन्द्रीय सरकार हाम्रो हातमा छ । हामीसँग कसैले हल्लाउन र कसैले ढाल्न नसक्ने एकल बहुमत छ । अब पनि हामी सही नीति बनाएर अगाडि बढ्दैनौँ भने कसलाई दोष दिने ?

हामीले सही नीतिका साथ राष्ट्र निर्माणको बाटोमा अघि बढ्ने अठोट गरेका छौँ । मैले कसैलाई होच्याउन र अपमान गर्न खोजेको होइन, कम्युनिष्ट पार्टीको नाममा अब किन ससाना पसल थापेर बस्ने ? हाम्रो कुनै प्रकारको गलत भावना छैन । सबै साथीहरूलाई म आग्रह गर्न चाहन्छु - आउनुहोस् एकजुट भएर देश बनाऔँ, मुलुकमा सुशासन ल्याऔँ र देश विकास गरौँ । नमिल्दा, टेडा र अप्ठ्यारा कुरा गरेर कुनामा बस्नु कम्युनिष्ट सिद्धान्त होइन । अहिले कम्युनिष्टले देश जितेका छन्, कम्युनिष्ट एक जुट भएर अगाडि बढ्दैछन् र हाम्रा अगाडि सम्भावना आएको छ । अझै पनि केही साथीहरू बानी बिग्रेका केटाकेटी जस्तो सुतली बम पड्काएर हिँडेका छन् । मार्क्सवादले के भन्छ ? उहाँले कहाँको मार्क्सवाद, कुन मार्क्सवाद पढेर आउनु भयो ? म उहाँहरूलाई यस प्रकारका काम, संकीर्णता, अहंकार र जिद्दीबाट मुक्त भएर राष्ट्र निर्माणको संकल्पसहित यस महाभियानमा सामेल हुन आग्रह गर्न चाहन्छु । म आग्रह गर्छु - अझै पनि छरिएर रहेका सबै कम्युनिष्ट, देशभक्त, लोकतान्त्रिक भावना भएका महानुभावहरू यस महाभियानमा आउनोस् ।

अहिले नेपाली कांग्रेस वैधानिक हिसाबमा प्रमुख प्रतिपक्षी हो । तर म नेपाली कांग्रेसलाई प्रमुख प्रतिपक्षीको रूपमा हेरिरहन चाहन्नँ । नेपाली कांग्रेसले लोकतन्त्रका लागि संघर्ष गरेको छ । एउटा चुनाव हार्दैमा दिशाहीन भएर कहिले टाउको यताको भित्तामा ठोकाउने र कहिले उता ठोकाउने गरिरहेको छ । हामीले त पन्ध्र सालमा जम्मा ४ सीट ल्याएका थियौँ । तर पनि हामी त लोकतन्त्रप्रति सुदृढ भएर, लोकतान्त्रिक मूल्य मान्यता भनेर दृढताका साथ बस्यौँ । उहाँहरूचाहिँ चुनाव हारेपछि आत्तिनु भएको छ । म आग्रह गर्न चाहन्छु - राष्ट्र निर्माणको यस महाअभियानमा गुणदोषको आधारमा वास्तवमै प्रतिपक्षीकै वैधानिक भूमिका खेल्नोस् । जनताले आश्चर्य मान्ने खालका काम गरेर आफ्नै प्रतिष्ठा र विश्वसनीयता नघटाउनोस् । हामीलाई तानाशाही चलाउनका निम्ति, दमन गर्नका निम्ति, अहंकार देखाउनका निम्ति बहुमतको आवश्यकता परेको होइन । यो एकता तानाशाह बन्नका लागि होइन, जनताले चाहेको लोकतन्त्रका लागि हो ।

यो एकता हामीले देश बनाउने संकल्पका साथ गरेका छौँ । हामीले यो एकता भ्रष्टाचार रोक्नका निम्ति, भ्रष्टाचार हुन नदिनका निम्ति र भ्रष्टाचार नगर्नका निम्ति गरेका हौँ । मैले धेरै ठाउँमा भनेको छु - म भ्रष्टाचार गर्दिनँ, म भ्रष्टाचार गर्न दिन्नँ । यस अभियानमा सिङ्गो देश साथमा हुनु पर्दैन ? कानूनी राज तथा सुशासन हाम्रो उद्देश्य हो जुन कुरा हाम्रो घोषणापत्रमा पनि छ । मुलुकको शासन लोकतान्त्रिक मूल्य-मान्यता, प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिक प्रणाली, आवधिक निर्वाचन, शक्तिपृथकीकरणको सिद्धान्त, स्वतन्त्र न्यायालय, कानूनको राजको हिसाबले सञ्चालन गर्ने गराउने कुरामा हाम्रो प्रतिबद्धता छ । त्यसकारण कोही आत्तिनु पर्दैन ।

हामीले घोषणापत्रमा हाम्रो अन्तर्राष्ट्रियसम्बन्ध, छिमेकसम्बन्ध, परराष्ट्रसम्बन्धका मामिलामा पनि लेखेका छौँ । सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता र स्वाभिमानलाई केन्द्रभागमा राखेर राष्ट्रियहितको पक्षमा हामी छिमेकसम्बन्ध सञ्चालन गर्छौँ । हाम्रा विकासका प्रयासहरू

आफँमा पर्याप्त नहुन सक्छन् । त्यसकारण हामी हाम्रा छिमेकीहरूसँग सुमधुर सम्बन्ध राख्छौँ, सहयोगी वातावरण बनाई सहयोग र सहकार्यको परिस्थिति निर्माण गर्छौँ । म आग्रह गर्न चाहन्छु - यस एकताबाट कोही पनि विचलित हुनुपर्दैन । यो एकता कसैका विरुद्ध होइन, यो गरीबीका विरुद्ध हो, पछौटेपनका विरुद्ध हो । नेपाललाई अब अल्पविकसितबाट विकासशील राष्ट्रमा उठाउने, दिगो विकास लक्ष्य प्राप्त गर्ने, हामीले साझा चुनाव घोषणापत्रमार्फत गरेका प्रतिवद्धताहरू पूरा गर्ने, देशबाट गरीबी हटाउने जस्ता कुराहरूमा हाम्रो ध्यान केन्द्रित हुन्छ । कुनै प्रकारको भेदभाव, अन्याय, पूर्वाग्रह गरिँदैन । समभावका साथ, योग्यता, क्षमता, सक्रियता हेरेर हिजोको इतिहासलाई, योगदानलाई कदर गर्दै तर आजको सक्रियतालाई पनि हेरेर, भोलिका सम्भावनालाई पनि हेरेर हामीले जिम्मेवारी दिन्छौँ ।

संसदभित्र हामीसँग बहुमत छ, प्रदेशहरूमा बहुमत छ । यी बहुमतलाई हामी देश तथा जनताको पक्षमा, जनताको हितका निम्ति असल र लोकतान्त्रिक कानून, जनताका सेवाका निम्ति संविधानको सही कार्यान्वयनको निम्ति उपयुक्त र आवश्यक कानून तर्जुमा गर्ने कुरा तथा विकास निर्माणको सही नीति योजनाहरू ल्याउनका निम्ति प्रयोग गर्छौँ । यस्ता कुराहरूमा कसैमा पनि कुनै प्रकारको अन्योल रहनहुँदैन ।

आजको दिन, नयाँ इतिहास रचना भएको दिन हो । एउटा नयाँ युगमा नेपाल प्रवेश गरेको दिन हो । कम्युनिष्ट आन्दोलनमात्रै होइन, वामपन्थी आन्दोलनमात्रै होइन, नेपालको लोकतान्त्रिक आन्दोलन, देशभक्तिपूर्ण आन्दोलन आजबाट नयाँ उचाइमा प्रवेश गरेको छ । यस अनुकूल परिस्थितिको सदुपयोग गर्दै नेपाललाई समृद्धिको बाटोमा अगाडि बढाउने हाम्रो लक्ष्य अझै दरिलो बन्न पुगेको छ । एकीकरणपछिका पार्टीका अन्य कामहरूलाई पनि हामी छिटै व्यवस्थित गर्ने छौँ ।

●

जेठ ३, २०७५

सन्दर्भ : एमाले-माओवादी केन्द्र एकीकरण घोषणा

बोल्न पाइने तर खान नपाइने तन्त्र लोकतन्त्र होइन

आज मुलुक संवैधानिक हिसाबले नयाँ संरचनामा गइसकेको छ। प्रदेश र स्थानीय तहहरूमा संरचनागत नयाँ व्यवस्था भइसकेको छ। नयाँ प्रणालीको अभ्यासमा हामी छौँ। नयाँ प्रणालीमा काम गर्ने तौरतरिका पनि नयाँ नै हुनुपर्छ। त्यसैले हामी नयाँ ढंगले परिवर्तनका कुरा सोचिरहेका छौँ।

हामी ऐतिहासिक मोडमा छौँ। हामीले मुलुकमा ठूलो राजनीतिक परिवर्तन गरी त्यसलाई नयाँ ढंगले संस्थागत गरेर नयाँ अभिभारा बहन

गर्ने बाटोमा अगाडि बढिरहेका छौँ । अहिलेसम्म हामीले राजनीतिक अधिकारका लडाइ लड्यौँ । हामी सामाजिक न्याय र समानताका लागि लड्यौँ । हामी सुरक्षाको प्रत्याभूति लगायतका विषयहरूमा लड्यौँ । हाम्रो लडाईँ राजनीतिक र सामाजिक समानताका लागि केन्द्रित रह्यो । त्यसमा हामीले सफलता प्राप्त गऱ्यौँ । देशको विकास गर्ने, देशमा सुशासन ल्याउने, जनताको भलाइ गर्ने सन्दर्भमा हामीले संघीय लोकतान्त्रिक गणतन्त्र ल्याएका छौँ । यो हाम्रो रचना हो । कतिपय देशहरूको राजनीति गरिरहेको पुस्ता अघिल्लो पुस्ताले बनाइदिएको संरचनामा काम गरिरहेको छ । हामी यहाँ आफैँले ल्याएको परिवर्तनलाई आफैँ संस्थागत गरेर, आफैँ बाटो बनाएर अगाडि बढ्ने कोशिश गरिरहेका छौँ । हामीले संविधानले व्यवस्था गरेका हकअधिकार, सामाजिक न्याय र समानताका प्रश्नहरूलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्दै आर्थिक समृद्धिको बाटोमा अगाडि बढ्नु छ । त्यसका निम्ति सुशासन आवश्यक छ । विकास आवश्यक छ । अबको हाम्रो कार्यदिशा नै सुशासन र विकास हो । हामी त्यही बाटोमा क्रियाशील छौँ ।

हामीले सबैभन्दा पहिले आफूलाई र आफ्नो देशलाई सही ढंगले चिन्नु पर्दछ । हामीले थाहा पाउन जरुरी छ कि यस धर्तीको यो भाग सबै हिसाबले सर्वाधिक सुन्दर छ । यो भूमि सर्वाधिक समृद्ध हुनसक्छ । जोसँग सर्वोच्च सगरमाथादेखि लिएर समुद्र सतहबाट ५८ मिटरमात्रै उचाइमा रहेको भूमि छ । यो भौगोलिक विविधतासहितको देश हो । हिमाल धर्तीको विशिष्ट रचना हो । यो धर्तीको पर्यावरण सन्तुलन गर्ने विशिष्ट कारक हो । हिमाल र समुद्रले वातावरणीय सन्तुलन कायम गर्दछन् । मौसम, पर्यावरणको सन्तुलन सृजना गर्ने नै हिमाल, पहाड र समुद्र हुन् । हामीसँग समुद्र नभएपनि हिमाल छ । विश्वको इको-सिस्टम तथा पर्यावरण र प्रकृतिलाई जीवन्त राख्ने एउटा पक्ष हामी हौँ, हाम्रो भूगोल हो ।

प्रकृतिको अनौठो संयोजन छ । हामीसँग हिमाल, पहाड, तराई छन् । हिमालको विशेष महत्व छ । हामी वातावरणीय सन्तुलन, मौसम

परिवर्तन र इको-सिस्टमजस्ता प्रश्नहरूमा गम्भीर पनि छौँ । हामीले यसका लागि विश्वव्यापी रूपमा योगदान पनि गरिरहेका छौँ । हो, हिमाल प्रदूषित भइरहेको छ । यो प्रदूषण हामीले मात्र कार्वन उत्सर्जन गरेर भएको होइन । यो उत्सर्जन गाउँमा कसैले दुई तीनवटा दाउरा जोरेर खाना बनाउँदा भएको होइन । समुद्र फोहर भएर हिमालमा अम्ल वर्षिने भइराखेको छ । त्यसले गर्दा हिमाल खुइलिरहेको छ र तापमान बढिरहेको छ । विश्व तापमान बढ्दा अनेक प्रकारका खतराहरू उत्पन्न भइराखेका छन् । त्यसलाई न्यूनीकरण गर्न मैले ठूला सम्पन्न देशहरूसँग आग्रह गरेको छु । यसबारे हरेकले अब जिम्मेबार हुनुपर्ने अवस्था छ । मैले यो प्रसंग हाम्रो देशको भौगोलिक अवस्थितिको महत्व उजागर गर्न जोडेको हुँ ।

यस भूगोलमा प्राकृतिक हिसाबले औषधि पैदा हुन्छ अर्थात् यहाँ जडीबुटीहरू पैदा हुन्छन् । हाम्रो पहाड हरियालीयुक्त छ र यो जीवनमय छ । हाम्रा हिमतालहरू प्रकृतिका अद्भुत रचना हुन् । हाम्रा झरनाहरू, मूलहरू असाधारण प्राकृतिक रचनाहरू हुन् । हाम्रा तराईका फाँटहरूले हामीलाई उर्वर जमीन दिएका छन् । प्रकृतिले हामीलाई उर्वर जमीन, भीर, कान्ला, पाखा सबै दिएको छ । यहाँ जता हेरे पनि जीवनै जीवन छ । देश जीवनमय छ । यो देश प्राकृतिक हिसाबले सुन्दरमात्र होइन अत्यन्तै सम्पन्न छ, जीवनमय छ । खोलामा माछा आदि जलचर छन् । आकाशमा चरा उडिरहेको हुन्छ । जमीनमा कीटपतङ्गदेखि लिएर हात्ती, गैँडासम्म छन् । देश सबै हिसाबले उर्वर छ । यो तथ्य हामीले थाहा पाउनुपर्छ । यो आरोग्यभूमि हो । यस देशलाई यत्तिकै हाम्रा पुर्खाहरूले ज्ञानभूमि, तपोभूमि वा देवभूमि भनेका होइनन् । यहाँको वातावरण विशिष्ट छ । यहाँको हावा जो हिमालमा ठोकिन्छ र शुद्ध हुन्छ । प्रकृतिमा आफ्नै 'प्युरिफाइङ सिस्टम' हुन्छ । धुलो उडाइदिनुहोस् , अलिक परतिर गएर धुलो हराउँछ र त्यो हावा फेरि स्वच्छ-सफा हुन्छ । पानी धमिल्याउनु भयो भने अलिक तलतिर पुग्दा सफा भइसकेको हुन्छ । कुनै सुगन्ध, दुर्गन्ध फैलियो भने अलिक पर पुग्दा त्यो हराइसकेको हुन्छ । त्यसलाई प्रकृतिले प्रशोधन गरिसकेको हुन्छ । माटोले हरेक चीजलाई गलाउँछ र

आफूमा परिणत गर्छ । समय लागे पनि त्यो काम गर्छ । आगो, हावा, पानी, माटो यस्ता चीजहरूको आफ्नो प्राकृतिक शुद्धीकरण प्रक्रिया छ । शुद्धीकरण गर्ने चीजमा हामीसित हिमाल, जडीबुटी, वनस्पति छ । औषधिमय जडीबुटी छ । औषधिमय वनस्पति भएको देश हो हाम्रो । हामीले अलिकति वातावरण बिगारेर प्रदूषित गरेर मात्रै हो, नत्र भने हाम्रो देश आरोग्यमय देश हो । यो रोग लाग्न नसक्ने ठाउँ हो । हामीले पानी प्रदूषित गरेर मात्र हो नत्र भने यो असाधारण भूमि हो । हामी यस ठाउँका सन्ततिहरू हौँ । हामीले आफ्नो भूगोलको विशेषतालाई चिन्नुपर्छ ।

हामी विद्वान् पुर्खाका सन्तान हौँ । २६ सय वर्षभन्दा अगाडि बुद्धले फिँजाएका उपदेश र प्राप्त गरेका ज्ञानले अहिलेसम्म धर्तीमा विशेष ऊर्जा प्रवाहित गरिरहेका छन् । त्यसको दीपले धर्तीलाई प्रकाशित गरिरहेको छ र डोऱ्याइरहेको छ । अबौँ मानिस त्यसका अनुयायी भएका छन् । बुद्धभन्दा अगाडि पनि हाम्रा चिन्तकहरू थिए, ऋषिमुनिहरू थिए । यहाँ वेदको रचना भएको थियो । जतिबेला दुनियाँमा अक्षर थिएन, जतिबेला दुनियाँमा संगीत थिएन, जतिबेला दुनियाँमा लिपि थिएन, जतिबेला दुनियाँमा साहित्य थिएन त्यसबेला हाम्रा पुर्खाहरूले यी सबै चीज रचना गरेका थिए । जतिबेला दुनियाँमा ज्ञान भन्ने चीज थिएन, त्यतिबेला हाम्रा पुर्खाले ती चीज संगृहीत तथा संकलित गरेका थिए र विस्तारित गरेका थिए । त्यसैकारण हजारौँ वर्षअगाडि यस भेगमा विश्वविद्यालय थिए । अन्त ज्ञानको ज्योति नपुग्दा यहाँ स्थापित विद्वान् भेटिन्थे । यो प्रसंग मैले हामी विद्वान् पुर्खाका सन्ततिहरू हौँ भन्ने कुरा थाहा दिनका लागि भनेको हुँ । हामीले यस्ता विषय चाल पाइराख्नु पर्छ । हामीसँग विद्वान् पुर्खाहरूको 'जेनेटिक मेमोरी' छ । तर देश दुर्भाग्यवश नमिल्दो गरी गरीब छ । गरीब हुनै नहुने यस्तो जीवनमय देश गरीब छ । यसैकारण हामीले यस देशलाई गरीब रहन नदिने संकल्प गरेका छौँ । गरीब हुनुको कारण कमसल राजनीतिक प्रणाली र व्यवस्थापन हो । हिजो शासनमा बस्नेले आफूलाई जनताका सेवक होइन शासक ठाने । तिनले राष्ट्रको सम्पत्ति दुरुपयोग गर्नु आफ्नो हक ठाने । राष्ट्रको सम्पत्तिलाई जनताको सम्पत्ति मानेर जनताकै निमित्त खर्च गरिनुपर्छ भन्नुभन्दा पनि पारिवारिक

सम्पत्तिको रूपमा बुझे । दृष्टिकोण तथा व्यवस्थापन अनुपयुक्त भयो । यसकारण हामीले अनुचित र अनुपयुक्त दृष्टिकोण, अनुपयुक्त व्यवस्थापनलाई त्यागी स्वार्थहरूभन्दा पृथक जनताको शासन व्यवस्था ल्याउनुपर्छ भन्यौँ । त्यसका निम्ति प्रणालीमा परिवर्तन ल्याउनुपर्छ भन्यौँ । त्यस प्रणालीमा परिवर्तनको अर्थ जनविरोधी प्रणाली होइन, जनपक्षीय जनप्रणाली ल्याउने हो भन्यौँ । हामीले जनपक्षीय प्रणाली स्थापना गरेका छौँ । त्यस प्रणालीलाई सञ्चालन गर्न हामीले उपयुक्त ढंगले जनपक्षीय प्रक्रियाहरू अगाडि बढाउनुपर्छ । हामीले तदनुकूलका उपयुक्त संरचना बनाउने लगायतका कामहरू पूरा गरेका छौँ ।

हामीसँग धेरै जनसंख्या छैन । कूल जनसंख्या ३ करोडभन्दा कम छ । यो जनसंख्या सम्हाल्न सकिने सामान्य जनसंख्या हो र देश विकास गर्न पुग्ने जनसंख्या हो । कतिपय देशको भूगोल ठूलो छ तर त्यसलाई सम्हाल्नसक्ने जनसंख्या छैन । हाम्रो जनसंख्या र भूगोल मिलेको छ । जनसंख्या र भूगोल दुवै सानो छ वा ठीकैको छ । यो देशलाई हामी विकास गर्नसक्छौँ । हामीले राजनैतिक प्रणाली अनुसारका संरचना र त्यसअनुसारका अरू कामहरू अगाडि बढाएका छौँ ।

विविधता हाम्रो विशेषता हो । हिमाल यहाँ छ, पहाड छ, तराई छ । उत्तर दक्षिण बगेका खोला छन् । देश पूर्व-पश्चिम फैलिएको छ । अहिले पो बाटा बने, पुल बने । पहिले-पहिले खोलो तर्न सकिँदैनथ्यो । वारि एउटा भाषा बोलिन्थ्यो, पारि अर्को । भाषिक विविधता पनि हाम्रो विशेषता । विविधता भौगोलिक कारणले पनि बन्यो । हाम्रो देशको बनावट ५/७ हजार वर्ष अगाडिदेखिको मानिन्छ । हाम्रो मुलुको इतिहासतर्फ दृष्टि दिँदा गोपालवंश साधारणतया ३२००-३५०० वर्ष अगाडिदेखि आएको र किराँत, लिच्छवि, शाक्य, खसलगायतका अनेक सभ्यताहरू मिश्रित भएका देखिन्छन् । यो देश अनेक सभ्यताहरूको मिश्रणबाट बनेको छ । यहाँ जातीय, भाषिक, सांस्कृतिक विविधताहरू छन् । भौगोलिक विविधताजस्तै अनेक प्रकारका विविधता छन् । सबैभन्दा सुन्दर पक्ष के हो भने यस विविधतालाई अनेक ढंगले भड्काउन र बिगार्न खोज्दा

पनि कसैले बिगार्न सकेको छैन । हामी सयौँ रङ्गका छौँ । हामी सयौँ किसिमका छौँ र एउटै मालाको रूपमा सुदृढ ढंगले बसेका छौँ । हामीले आफ्नो सामाजिक तथा भौगोलिक बनोट र त्यसले ल्याएको जैविक एवम् वनस्पतीय लगायतको विविधताको महत्वलाई बुझ्नुपर्दछ । यो मुलुकमा मानव समाज वा हाम्रो सभ्यता निर्माण हुँदा, राष्ट्र निर्माण हुँदा यी सबै विशेषताहरू मिसिएका छन् । विविधता हाम्रो यथार्थ हो । यस विविधतामा एक-अर्कामा समझदारी, सहिष्णुता, सहअस्तित्व, एक-अर्काप्रतिको सम्मान, हामी सबै समान हौँ भन्ने भावना, बराबरी हक तथा अवसर, सबैका लागि उस्तै सुरक्षा र सम्मानको स्थिति हुनुपर्छ । यस विविधतालाई हामीले सम्मान गर्नुपर्छ र पारस्पारिक सद्भाव कायम गर्नुपर्छ । विविधता कुनै दुर्भाव, वैमनष्यता र कलहको विषय होइन । हामी सामाजिक सद्भाव कायम गरी एक अर्कामा सम्मानका साथ अगाडि जानुपर्छ । यसबाट हामी उम्कनै सक्दैनौँ । हिमाल-हिमाल हो, पहाड-पहाड हो, तराई-तराई हो । हामी यसबाट उम्कन सक्दैनौँ । त्यसले बनाएको विविधता हाम्रो समाजभन्दा हजारौँ वर्ष अगाडिदेखि कायम छ । यहाँ शाक्य एकातिरबाट आए, लिच्छवि अर्कोतिरबाट आए, किराँत अर्कोतिरबाट आए, खस आर्य अर्कोतिरबाट आए । यसरी समाज विकास भयो र अन्तर्मिलन भयो । हामी आज त्यस विविधताको बीचमा छौँ । यतिबेला हामीले यसलाई हाम्रो समृद्धि र सामाजिक सम्पन्नताको विषयको रूपमा बुझी आर्थिक विकासतर्फ अगाडि बढ्नुपर्छ ।

यस १ नम्बर प्रदेशको काँधमा यस क्षेत्रको मुहार फेर्ने, यस प्रदेशलाई तीव्र गतिका साथ विकासको बाटोमा अगाडि लाने, समृद्ध र सुखी प्रदेश बनाउने संकल्पलाई पूरा गर्नुपर्ने दायित्व छ । यो प्रदेश असाधारण प्रदेश हो । यस प्रदेशमा विश्व चिनाउने सर्वोच्च शिखर सगरमाथा छ । यस प्रदेशमा चोयु, लोत्से, मकालु, कञ्चनजंघा, कञ्चनजंघाका पनि १-२-३ लगायत आठ हजार मिटरभन्दा माथिका शिखरहरू छन् । यो असाधारण कुरा हो । हिमालै हिमाल छन् । आठ हजार मिटरभन्दा माथिका हिमालमा कञ्चनजंघा छ जसका तीनओटा पिक छन् - पूर्व, मध्य र पश्चिम । मकालुसमेत गर्दा चार, लोत्से जोड्दा पाँच, लोत्सेसार

छ र सगरमाथा तथा चोयु मिसाउँदा आठ ओटा हुन्छन् । यसप्रकार आठ हजार मिटरभन्दा माथिका उच्च हिमशिखर आठ वटा छन् । यही प्रदेशमा होचो भूभाग पनि छ । यो जडीबुटीयुक्त प्रदेश छ, उर्वर फाँटहरू छन् । यसका साथै हामीसित सुन्दर सामाजिक विविधता छ । हाम्रो समाजमा सद्भावको परम्परा छ । सप्तकोशीहरू केही नेपालमै उद्गम भएर आउँछन् , केही तिब्बतदेखि आउँछन् । हामीसित लामा-लामा र अनवरत बग्ने नदीहरू छन् । तिनीहरू खहरे होइनन् । नदीबाट हामी जलमार्ग विकास गर्न खोज्दैछौँ । नदीको बाटोबाट हामी समुद्रसम्मको आवागमन खुलाउने योजनामा छौँ । त्यसको अध्ययन शुरु भइसकेको छ । कोशी नदी त्यस अध्ययनमा परेको छ । त्यो परियोजना सफल हुनसक्यो भने कोशीबाट कलकत्तासम्मको आवागमन अत्यन्त सरल र सहज हुन्छ । यस ठाउँले त्यो योगदान गर्नेवाला छ । सप्तकोशीमध्येको एक कोशीको सिरान मेलम्चीबाट हामी काठमाडौँलाई पानी दिँदैछौँ । मेलम्ची यही प्रदेशमा आउने पानी हो, इन्द्रावती, सुनकोशी हुँदै सप्तकोशीमा आउने पानी हो । अर्थात्, यस प्रदेशले राजधानीसमेतलाई पानी आपूर्ति गर्दैछ । हामीले सिँचाइका लागि अनेक नदीहरूलाई मिलाउने, नदीहरूलाई अन्यत्र लैजाने योजनाहरू अघि सारेका छौँ । अब सरकारको ध्यान सबै जमीन सिँचाइ गर्ने दिशामा जान्छ । हामी सिँचाइको क्षेत्रमा आधुनिक प्रविधि भित्र्याउने पक्षमा छौँ । हामीसँग शुरु भइसकेका केही जलविद्युत परियोजनाहरू छन् । त्यसका लागि अरुण प्रख्यात नै छ, अरुण पहिलो, दोश्रो, तेश्रो, अप्पर किमाथान्का आदि अनेक परियोजना छन् । ७ सय ६२ मेगावाटको तमोर खोला परियोजनाको दुई सय मिटरको बाँधलाई अढाइ सय बनाइयो भने अहिलेको न्यूनतम ७ सय ६२ मेगावाटबाट बढी १ हजार २ सय मेगावाट विद्युत उत्पादन हुन्छ । त्यो बाँध ३ सय मिटर बनाइयो भने २ हजार ५ सय मेगावाट निस्किन्छ । हामीले यसै प्रदेशबाट सुनकोशी-मरिन, सुनकोशी-कमला डाइभर्सनबाट २ नम्बर प्रदेशलाई पनि सिँचाइका लागि पानी दिने भनेका छौँ । अर्थात हामी २ नम्बरलाई समेत सिञ्चाइ गर्ने पानी दिने क्षमताका छौँ । प्रकृतिले यसलाई यति भरपर्दो श्रोत प्रदान गरेको छ । हाम्रा सबै साथीहरूलाई यस प्रदेशमा विकास गर्न

सकिन्छ भन्ने लाग्छ होला, जस्तो मलाई पनि लाग्छ । डाँडाभरि गुराँस, उपयोगी र औषधिजन्य फूल, जाति प्रजाति छन् । गुराँसका अधिकांश प्रजाति नेपालमा पाइन्छन् । पवित्र रुद्राक्षको लागि यो प्रसिद्ध छ । अरू चीजका लागि पनि प्रसिद्ध छ । अलैंची, सुपारी, नरिवल, चियाका लागि यो ठाउँ प्रसिद्ध छ । यहाँको अम्रिसोको बजार बंगलादेशमा विस्तार गर्न भर्खर कुराकानी भएको छ । त्यसको बजार बढ्दै जान्छ । घरेलु कपडा, खाडी तथा ढाका बुन्ने हाम्रो पुरानो परम्परा हो । म बच्चा हुँदा पनि गाउँमा बनेका खाडीका कपडाहरू लगाउँथे । त्यो हाम्रो प्रचलन हो । हलेसी यही ठाउँमा, पाथीभरा यही ठाउँमा, अनेक धामहरूमध्ये चतराधाम यही ठाउँमा भएकाले धार्मिक पर्यटनको सम्भावना प्रचुर छ । इतिहाससँग जोडिएका विराटपोखरी, अर्जुनधारा, जलथल, भीमसेनले किच्चक वध गरिएको ठाउँ किच्चकवध यहाँ छन् । यो भूमि अनेक हिसाबले असाधारण छ । यसलाई अब हामीले योजनाबद्ध ढंगले विकास गर्नु छ । त्यसका निम्ति पहिले त सही दृष्टिकोणको आवश्यकता छ । पैसाले मात्र विकास हुने होइन । कसरी विकास गर्ने ? दृष्टिकोणको आवश्यकता छ । त्यसपछि त्यस दृष्टिकोणलाई हामीले योजनामा ढाल्नु जरुरी छ । कार्यक्रम राखेर योजनामा ढाल्नु, योजनामा ढालेपछि त्यसलाई कसरी बनाउने, त्यसका लागि श्रोत के गर्ने ? श्रोत धेरै ठूलो कुरो होइन । दुनियाँमा मान्छेहरू लगानी गर्ने ठाउँ खोजेर बसिरहेका छन् । हामीले लगानीका लागि अनुकूल वातावरण दिनेमात्र हो । हामी देश र जनताप्रति समर्पित छौँ । इतिहासले हामीलाई जिम्मेवारी सुम्पेको छ । त्यो जिम्मेवारी हामी पूरा गर्छौँ भन्ने संकल्प हामीमा हुनुपर्‍यो । हामी भ्रष्टचार गर्दैनौँ भन्ने संकल्प हामीमा हुनुपर्‍यो ।

केन्द्र सरकारको तर्फबाट अर्थात संघीय सरकारको तर्फबाट म साथीहरूलाई भन्न चाहान्छु - हामी हरेकले 'मलाई देश बनाउन जनताले विश्वास गरेका छन् । मैले जनताका अगाडि देश बनाउँछु भनेर संकल्प गरेको छु । उनीहरूको विश्वास मागेको छु र उनीहरूले मलाई विश्वास सुम्पेका छन् । त्यस विश्वासको मैले दुरुपयोग गर्नुहुन्न' भन्ने प्रतिज्ञा गरेर चल्नुपर्छ । मैले खुलेआम भन्ने गरेको छु - म भ्रष्ट्रचार

गर्दिनँ, अरूलाई पनि गर्न दिन्नँ । कसैले भ्रष्टचार गरेको पाइएमा अनुहार हेर्दिनँ । कारबाहीमा कुनै छुट सुविधा-सहुलियत हुँदैन । अनुहार हेरेर, छुट्याएर कारबाही गर्ने भन्ने कुरा हुँदैन । हामी त्यही सिद्धान्तको आधारमा मन्त्रिपरिषद् र कर्मचारीतन्त्र पनि स्वच्छ ढंगले चलाउने छौँ । म सबै साथीहरूलाई भन्न चाहन्छु - हामीले जनप्रतिनिधि हुन पाएका छौँ, सम्मान पाएका छौँ, जनताको विश्वास पाएका छौँ, खानलाउन पाएका छौँ, छोराछोरी पढाउन पाएका छौँ तर अझै पनि ६० लाख देखि ८० लाख जनता निरपेक्ष गरीबीको रेखामुनि छ । उनीहरूले आज पनि खानलाउन पाएका छैनन् । तिनलाई खानलाउन पाउनेसम्मको अवस्थामा पुऱ्याउने जिम्मेवारी हाम्रो हो । यो अर्को पुस्तामा गरौँला भनेर हुँदैन । अहिले नै गर्नुपर्छ । हामीले राजनीतिक परिवर्तन ल्याएका होइनौँ ? परिवर्तन ल्याएका हौँ भने त्यसको अनुभूति जनताले गर्नुपऱ्यो ताकि जनताले परिवर्तन ल्याएको हो रहेछ, साँच्चै हो रहेछ भनुन् । त्यसै कारण मैले भनेको हुँ । यस उर्वर तथा जीवनमयी देशमा अब कोही पनि भोकै पर्दैन, कोही पनि भोकले मर्दैन, मर्न दिइँदैन । यहाँ जनताको सरकार छ भनेर मैले यत्तिकै भनेको होइन । अब हामीले सुशासन दिनैपर्छ । अहिले सरकार केवल शासन गर्नका लागि मात्र बनेको होइन, सेवा गर्न बनेको हो । सरकार विकासको योजना बनाउनको लागि हो । सरकार नीति-कार्यक्रम बनाउन र सही ढंगले देशलाई समन्वय गरेर अगाडि बढाउनको लागि बनेको हो ।

खासमा सरकार सुशासनका लागि हो, अनुचित क्रियाकलाप रोक्नका लागि हो । तपाईँहरूले कहिलेकाहीँ सरकार तानाशाहीकरण वा अधिनायकवादतिर जान लाग्यो भनेर भनेको सुन्नुभएको होला । म त्यसको जवाफमा जान चाहन्न । व्यवहारबाट जनताले आफैँ देख्छ र देखेको छ कि मुलुक कतातिर जाँदैछ । जनताले आफैँ थाहा पाउँछ मुलुक अधिनायकवादतिर जाँदैछ कि लोकतन्त्रतिर जाँदैछ भनेर । हिजो झैँ योजनामा नभएका, बजेटमा नभएका श्रोतको ग्यारेण्टी भन्दै खबौँका ठेक्कापट्टा गरी देशको अर्थतन्त्रलाई टाट उल्टाउने गैह्रजिम्मेवार काम अहिलेको सरकारले गर्दैन ।

हाम्रा बस्तीलाई नयाँ ढंगले विकास गर्न जरुरी छ । त्यसैलाई सम्बोधन गर्न हामीले जनता आवास कार्यक्रम ल्याएका हौँ । जनता आवास कार्यक्रम जस्तो हुनुपर्ने हो त्यस्तो भएन र एक ढंगले भन्ने हो भने त्यो कार्यक्रम त्यति सफल भएन । हामीले अब त्यसको स्वरुप परिवर्तन गर्नुपर्छ । छरिएको होइन निश्चित ठाउँ निर्धारण गरेर, एकत्रित आधुनिक बस्ती बसाउनु पर्छ । सरकारले दुई लाख रुपैयाँ दियो, तीन लाख रुपैयाँ दियो, छाउनका लागि टिन दियो भनेरमात्र भएन । एकीकृत आवास विकास गर्ने सम्बन्धमा जनतालाई सम्झाउनुपर्‍यो, आनीबानीमा पनि सुधार गर्न लगाउनु पर्‍यो । एक्लै तपाईँले चाहेर बस्ती विकास गर्न सकिँदैन । तपाईँहरूले त्यही जनतालाई साथ लिएर विकास गर्ने हो । ऊचाहिँ सचेत भइदिएन र उसैले तपाईँलाई साथ दिएन भने के गर्नु ? त्यसकारण उसलाई सचेत गराउनुपर्‍यो र साथ लिनुपर्‍यो । हिमाली भेगका असुरक्षित बस्तीहरू, चुरेका असुरक्षित बस्तीहरू, भीरका टुप्पाका बस्तीहरू, विकासका निमित्त बाधक बनेका छन् । ती बस्ती विकासका निमित्त बाधक छन् भने तिनलाई हटाउने, असुरक्षित छन् भने तिनलाई हटाउने, दुर्गममा छन् भने तिनलाई सुगममा ल्याउने काम गर्नुपर्‍यो ।

तपाईँहरूका योजनाहरूमा नयाँ ढंगको बस्ती विकास त्यसरी नै अगाडि बढोस् । विकासका निम्ति बाधक बनेका र असुरक्षित बस्तीहरूलाई हटाउने र अर्को बस्ती बसाउँदा आधुनिक ढंगले बसाऊँ र जनतालाई असुरक्षाबाट मुक्त गराऊँ । हामीले साना बस्ती भएपनि गाउँमा विद्यालय, स्वास्थ्यचौकी, बजारलगायतका पूर्वाधार बनाउनुपर्छ ।

हामी नयाँ ढंगले विकासमा अगाडि बढ्न चाहन्छौँ । त्यसका लागि सुशासन जरुरी छ । भष्ट्राचार नगर्ने, गर्न नदिने र प्रशासनलाई जनताको सेवक हुँ भन्ने भावनाका साथ काममा लगाउने संघीय सरकारको नीति छ । राष्ट्रसेवक भनेको के हो ? हामी राष्ट्रसेवक हौँ भने हामीसँग सेवकको भावना हुनुपर्‍यो । राजनीतिक मान्छेहरूमा सेवकको भावना हुनुपर्‍यो र कर्मचारीहरूमा पनि सेवाको भावनासहित काम गर्ने संस्कार हुनुपर्‍यो । समय बदलिएको छ । हामी शासक होइनौँ, सेवक हौँ ।

जनतालाई संयोजनकारी ढंगले कसरी सुरक्षित बनाउन सकिन्छ भनी काम गर्छौं । त्यसका निम्ति हामीलाई जनताले आवश्यक प्रणाली र विधिका साथ जिम्मेबारी सुम्पेका छन् । यस प्रणाली र विधिअन्तर्गत हामी सेवाका कामहरूलाई प्रभाकारी रूपले संयोजन गर्छौं । हाम्रा कामका आयाम धेरै छन् । त्यसमध्ये मुख्य कामहरू केके हुन् ? हामीले लामो समय बलिदानपूर्ण संघर्ष गरेर लोकतन्त्र ल्याएका हौं । यसको रक्षा गर्नु हाम्रो कर्तव्य हो । यो केवल वादविवादको विषय होइन । केहीकेहीले संघीय संसद, प्रतिनिधिसभामा बोलेका कुरा तपाईंहरूले सुन्नुभएकै होला । त्यहाँ केहीले हाइस्कूलका विद्यार्थीले वादविवाद प्रतियोगितामा बोलेझैं बोलेको पनि सुन्नुभएकै होला । त्यसको अर्थ छैन । अबको समयलाई त्यसले दुष्प्रभावित गर्न पनि सक्दैन ।

हामी एउटा संकल्पमा छौं । लोकतन्त्र यत्तिकै आएको होइन । हामीलाई कसैले किस्तीमा ल्याएर दिएको उपहार पनि होइन । हामीले जीवनअर्पण गरेर, संघर्ष गरेर, बलिदान दिएर, जेलनेल भोगेर, निर्वासित भएर ल्याएको व्यवस्था हो । यसका लागि हाम्रा धेरै अग्रजहरूले जीवन समर्पित गरेका छन् । यो प्राप्तिको लामो इतिहास छ । हामीले जोसमनी सन्तपरम्परादेखि ल्याउने कि, योगमायादेखि ल्याउने ? कृष्णलाल अधिकारीदेखि ल्याउने कि वि.सं. १९९७ सालका शहीददेखि ल्याउने ? कि २००५-२००६ सालको सेरोफेरोमा पुष्पलाल, वीपी कोइराला, गणेशमान सिंह, मनमोहन अधिकारी, कृष्णप्रसाद भट्टराईहरूका आन्दोलन, संघर्ष र त्यागबाट ल्याउने ? अथवा पछिल्लो समय मदन भण्डारीजस्ता युगानुकूल ढंगले परिस्थितिलाई विश्लेषण गरी दिशाबोध गराउने नेताको योगदानदेखि ? राजनीतिक, सामाजिक, आर्थिक नीतिहरू दिएर देशलाई हाँक्ने दृष्टिकोण दिने सबै नेताहरूलाई सम्झिने हो कि ? हाम्रा अग्रजहरूले असाधारण योगदान गर्नुभएको छ । मैले यहाँ नाम लिएका जतिमात्र होइन, नाम नलिइएका अरू पनि सम्मानित नेताहरू हुनुहुन्छ । उहाँहरूले परिवर्तनका लागि महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ । हामी यहाँ आइपुग्नुमा धेरैको योगदान तथा बलिदान छ । तसर्थ यो लोकतन्त्रप्रति हामी गैह्रजिम्मेवार हुन सक्दैनौं ।

देशभर जनतामा आशा जागेको छ । विकास र समृद्धिप्रति विश्वास बढेको छ । तर केही मानिस कसरी हुन्छ जनतालाई निराश बनाउने काममा लागेका छन् । पक्ष-प्रतिपक्षको कुरा होइन, जसले गरे पनि जनतालाई निराश पार्नु कुनै पनि देशका लागि खतरनाक कुरा हुन्छ । जनतालाई त सचेत पार्नुपर्छ । प्रधानमन्त्रीको हिसाबले म मेरो कमीकमजोरी नदेखाइदेऊ, आलोचना नगर भनेर भन्दिनँ तर जनतालाई भ्रममा मात्र पार्ने प्रयासहरू देशका लागि हितकर हुँदैनन् । सत्य कुराहरू प्रकाशित गऱ्यो भने, भन्यो भने त्यसबाट जनता सचेत हुन्छन् । त्यसले सुधार्ने मौका दिन्छ । अहिले आइरहेका कुराहरूबाट सजगचाहिँ हुनुपर्छ । झूटा आरोपहरू आउँदा होस गर्नुपर्छ । ठाउँ नपाउँदा त झूटा आरोप त लागिरहेको छन् भने ठाउँ पाउने हो भने के हुँदो हो ? त्यति कुरा हेक्का राख्नुपर्छ ।

लोकतन्त्र भनेको जनताको समग्र जीवनलाई सकारात्मक प्रभाव पार्ने प्रणाली हो । हामी लोकतन्त्रलाई व्यावहारिक र संस्थागत रूपमै सुदृढ बनाउन चाहन्छौँ र यसलाई साँघुरो अर्थमा, राजनैतिक हकअधिकारको अर्थमा, राजनैतिक स्वतन्त्रताको अर्थमा मात्र लिदैनौँ । बोल्न पाइने तर खान नपाइने तन्त्र लोकतन्त्र होइन । बोल्न पनि पाउनुपऱ्यो, खान पनि पाउनुपऱ्यो, बस्ने बास पनि हुनुपऱ्यो अनिमात्र लोकतन्त्र हुन्छ । कोही नाङ्गै बस्नुपर्ने, कसैको घर नहुने, आवासविहीन रहनुपर्ने, आर्थिक अवस्था नाजुक, रोजगारी नपाउने, छोराछोरी पढाउन नपाउने, विमारी हुँदा औषधि उपचार नपाउने लोकतन्त्र वास्तविक लोकतन्त्र हुँदैन । त्यसलाई राजनैतिक अधिकारको प्राप्ति भन्न सकिन्छ । अंग्रेजीमा भन्दा 'पोलिटिकल डेमोक्रेसी' तर त्यो वास्तवमा जनतन्त्र वा जनताको शासनचाहिँ होइन । जनताको शासनमा जनता भोकै पर्ने अवस्था हुनुहुँदैन । त्यसकारण लोकतन्त्र वा जनताको शासन फराकिलो हुनुपर्छ । हामी फराकिलो, बृहत्, पूर्ण, परिपूर्ण वा भरिपूर्ण र बहुआयामिक बहुपक्षीय लोकतन्त्रको पक्षमा छौँ, जहाँ जनताको जीवनमा सकारात्मक परिवर्तन होस् र जनताले त्यसलाई आफ्नो जीवनमा अनुभूत गरून् ।

नेपाल पुर्खाले लडेर बनाएको देश हो । कहिल्यै पनि कसैको उपनिवेश नबनेको, जहिल्यै स्वाधीनता कायम राख्वेको देश हो यो । तोपसँग खुकुरीले लडेर स्वाधीनता कायम राख्वेको यस देशसँग विश्वमा गौरव गर्न लायक इतिहास छ । त्यसकारण हामी हाम्रो इतिहासप्रति गर्व गर्छौँ । हामी राष्ट्रको स्वाभिमानप्रति गर्व गर्छौँ । हामी नालापानीप्रति किन गर्व गर्छौँ ? बलभद्र कुँवरप्रति किन गर्व गर्छौँ ? किनभने पानी खान नदिएर, पानीको मुहान सुकाइदिएर लडाईँ गर्दा पनि तिनले आत्मसमर्पण गरेनन् । तोप लिएर आएका, बन्दुक बोकेका शत्रुसँग खुकुरी निकालेर लडे । त्यो किल्ला छोडे तर झुकेनन् । त्यसकारण हामीसँग गर्व गर्न लायक इतिहास छ । कमजोरी के रह्यो भने हामी साना छौँ भन्ने हीन भावना र खुलस्त कुरा गर्न नसक्ने पक्ष । अघिल्लो पटक म प्रधानमन्त्री हुँदा नाकाबन्दी थियो । म प्रधानमन्त्री भएर प्रधानमन्त्रीको कुर्सीमा बस्न जाँदा देशमा पेट्रोल, डिजेल, मट्टितेल, ग्याँस थिएन । चुला बल्दैनन्, गाडी चल्दैनन्को अवस्था थियो । भारतसँग हामीले दृढताका साथ कुरा गऱ्यौँ । केही समय अप्ठ्यारो पनि झेल्यौँ । अब नेपाल अन्तर्राष्ट्रियसम्बन्धको मामिलामा नयाँ उचाइमा गएको छ, बराबरीको हैसियतमा पुगेको छ । नेपाल एउटा कुनै देशको छत्रछायाँ, कुनै देशको नियन्त्रण र हस्तक्षेपमा छैन, कसैको नियन्त्रणमा बस्दैन पनि । यसले एउटा स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न राष्ट्रको हैसियतमा आफ्ना निर्णय आफैँ गर्नसक्छ । हामी हाम्रो सार्वभौमसत्ता, स्वाधीनता, हाम्रो भौगोलिक अखण्डता,स्वाभिमान र हाम्रो देशको हितलाई कायम राख्छौँ । हामी नेपालीपन र नेपाली भावना कायम गर्छौँ ।

हाम्रो समाज विविधतायुक्त छ । यो विविधतायुक्त समाज हाम्रो सौन्दर्य हो, हाम्रो सम्पन्नता हो । यसमा सामाजिक सद्भाव कायम गरेर हामी अगाडि बढ्छौँ । यो सद्भाव सामाजिक न्याय र समानतामा आधारित हुन्छ । हिजो सामन्ती व्यवस्थामा असमानता थियो । अब संविधान तथा कानूनले नै सामाजिक न्याय र समानता स्थापित गरेको छ । हामीले व्यवहारमा पनि कायम गर्दै गएका छौँ । पछाडि परेको समाजमा अझै कहींकहीँ आफ्नै आमा, दिदी र बहिनीलाई बोक्सी भन्ने

चलन छ । हाम्रो राष्ट्रपति मन्दिरमा जाँदा चोख्याउँदै हिँड्ने समुदाय कति पछाडि होला अन्दाज गर्न सक्छौँ । जति चर्का कुरा गरेपनि राष्ट्रपति मन्दिर गएको हुनाले अपवित्र भयो भनेर चोख्याउँदै हिँड्नेहरू पनि त छन् नि नेपालमा । ती पछाडि परेका मानिस हुन् जसले अहिले पनि छुवाछूतका कुरा गर्छन् । अहिले पनि त्यस्तै बोक्सीका कुरा गर्छन् । अहिले पनि यस्तै पछौटेपनका कुरा गर्छन् । संवैधानिक, कानूनी राज्यको मामिला, प्रशासनिक वा सामाजिक व्यवहारको हिसाबले यी कुराहरू अब स्वीकार्य छैनन् । त्यसकारण हामी सामाजिक न्याय र समानतामा आधारित सामाजिक सद्भाव र त्यसमा आधारित राष्ट्रिय एकता कायम गर्छौँ । हाम्रो एउटा देश हो, एउटा सरकार हो । हामी एउटा देश नेपाल, एउटा राष्ट्र नेपाल, एक राष्ट्रका नागरिक हौँ नेपाली । त्यस आधारमा नै राष्ट्रिय एकता कायम हुन्छ । त्यस आधारमा हामी नेपाली हौँ । हामीले ३ तहका सरकार बनाएका छौँ - ती छुट्टाछुट्टै सरकार होइनन् , सबै नेपाल सरकार हुन् । कतिपय कुरा राष्ट्रिय मामिलाहरू, अन्तर्राष्ट्रिय मामिलाहरू, आर्थिक र मौद्रिक नीतिहरू केन्द्रले नियन्त्रण गर्छ, बाँकी प्रदेश तथा स्थानीय सरकारले गर्छन् । हामी यी सबै काम यो संविधान र कानून अनुसार गर्छौँ ।

हामीलाई स्थायित्व र शान्ति चाहिएको छ । हामी स्थायित्व कायम गर्छौँ र शान्ति प्रवर्द्धनमा काम गर्छौँ । हामीले कुशलतापूर्वक द्वन्द्व व्यवस्थापन गरेका छौँ । देशमा द्वन्द्व टुंगिएको छ । दुनियाँमा नमूना हुने गरी हामीले द्वन्द्व व्यवस्थापन गरेका छौँ । नेपालको राजनीतिमा अनौठो खालको उदारता, अनौठो खालको सहिष्णुता र अनौठो खालको लचिलोपन देखिन्छ । अनौठो लचिलोपनाका साथ नै नेपालको शान्ति प्रक्रिया टुंगिएको छ । शान्तिप्रक्रिया हामीले अगाडि बढाएका हौँ । हामीले नै टुंग्याएका हौँ । यसमा हाम्रो मौलिकता छ । यसलाई कसैले दुरुपयोग गर्ने वा राजनैतिक हथकण्डाको रूपमा प्रयोग गर्ने कुरा हामीलाई मान्य छैन । यत्रो द्वन्द्व व्यवस्थापन भइसक्यो । यसपछि पनि केहीकोही चन्दा उठाउनका लागि सशस्त्र समूह भनेर हिँड्ने किन ? किन फेरि क्रान्तिका गफ हाँकेर हिँड्ने ? त्यत्रो सशस्त्र विद्रोहले त

हिंसात्मक बाटोबाट आन्दोलन सफल हुँदैन भनेर शान्तिपूर्ण बाटो लियो । सशस्त्र युद्धको सवालमा यस देशमा नेपाली कांग्रेसले एकपटक हतियार उठायो, अर्को झमट झापालीहरूले हतियार उठाए, फेरि रामराजाप्रसाद सिंहहरूले हतियार उठाए र आखिरीमा माओवादीले हतियार उठाए । अन्ततः माओवादीले पनि संविधानसभा, लोकतान्त्रिक गणतन्त्रको स्थापना र समाजवादउन्मुख संविधानको निर्माणलाई आफ्नो लक्ष्य बनाए । सविधानसभाबाट जनताको संविधान बनिसकेपछि, समान अधिकार र अवसर प्रत्याभूत गरिसकेपछि, मौलिक हकमा समर्पित भएको संविधान बनिसकेपछि, जनताबाट निर्वाचित सबै तहमा सरकार बनिसकेपछि,जननिर्वाचित सरकारहरूले स्थानीय तह, प्रदेश र संघीय तहमा सरकार चलाइसकेको अवस्थामा कसका बिरुद्ध आन्दोलन गर्ने ? यो जनताका विरुद्धको आन्दोलन हो । कि भोट दिनेका विरुद्ध ? अहिले पनि त्यस्ता हिसांका कुरा गर्नेहरूलाई म भन्न चाहन्छु - यस प्रकारका भावनात्मक कुरा गरेर वा हिंसालाई सिद्धान्तको विषय बनाएर वा हिसांलाई रोजाइको विषय बनाएर वा हिसांलाई चन्दा असुलीको बाटो बनाएर चल्नु मनासिव हुँदैन । जनताको जिउधनसँग खेलबाड गर्ने अनुमति आज जनताबाट निर्वाचित सरकारले दिन सक्दैन । म उहाँहरूलाई नम्रतासाथ भन्न चाहन्छु - शान्ति खलबल्याउने, जनताको जिउधनसँग खेलबाड गर्ने, जनतालाई आतंकित पार्ने र दुःखकष्ट दिने कुरा हुन सक्दैन । जनताबाट निर्वाचित सरकारको काँधमा शान्ति सुव्यवस्था कायम गर्ने कर्तव्य छ । संविधानले यसलाई त्यो कर्तव्य पालना गर्नु भनेको छ । अब हिंसाको कुनै अर्थ छैन र त्यो उचित छैन । यस अनुचित बाटोमा नलाग्न म सबैलाई आग्रह गर्न चाहन्छु ।

विभिन्न सशस्त्र समूह, जो राष्ट्रको यो भूभाग हामीलाई अलग्गै चाहियो भन्छन् ती विखण्डनवादी हुन् । सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनतामाथि चुनौती दिने कुरा देशद्रोही हो । देशको भौगोलिक अखण्डतालाई मान्दिन, देश टुक्र्याउँछु भन्ने कुरा नेपाली कुरा होइन, नेपाली जनताको कुरा होइन । यस्ता पृथकतावादी, विखण्डनवादी र हाम्रो भौगोलिक अखण्डतालाई अपमानित गर्ने कुरा कदापि मान्य,

सह्य र स्वीकार्य हुनैसक्दैन । यो देश अक्षुण्ण रहन्छ, अखण्ड रहन्छ । सार्वभौमसत्ता सम्पन्न रहन्छ र स्वतन्त्र रहन्छ ।

यतिखेर संघीय सरकार तथा संसद समझदारीका साथ चलेको छ । यहाँहरूले देख्नुभयो नीति कार्यक्रम सर्वसम्मतिले पारित भयो । यो सामान्य कुरा होइन । कतिपय साथीहरूले संशोधन फिर्ता लिनु भयो । कतिपय साथीहरूले संशोधन फिर्ता नलिए पनि त्यसको विपक्षमा जानुभएन । यो एउटा समझदारीको स्तर हो । अहिलेसम्म हामी विभिन्न प्रस्ताव तथा ऐनसमेत सहमतिका साथ पारित गरिरहेको छौँ । हिजोमात्रै पनि हामीले ऐन कार्यसम्पादन नियमावली पारित गऱ्यौँ । त्यो अलिक समयदेखि अल्झिरहेको थियो । सहमतिसाथ नीति-कार्यक्रम पारित गरेकोमा मैले प्रतिपक्षका साथीहरूलाई पनि धन्यवाद भनेको छु । वास्तवमा देश विकास गर्ने हो भने हामी राष्ट्रियताको मामिला, लोकतन्त्रको मामिला, सामाजिक न्याय,समानताको मामिला, स्थायित्व र शान्तिको मामिला र विकासका मामिलाहरूमा आधारभूत रूपमा एकताबद्ध भएरै जानुपर्छ ।

स्थायित्व अब समस्या रहेन । हामीसँग बहुमत छ, बहुमतको सरकार छ । को सरकारमा छ , त्यो बेग्लै कुरा हो । बहुदलीय व्यवस्थामा पक्ष-विपक्ष भएपछि जसको भएपनि हामीले स्थिरता र स्थायित्व चाहेका हौँ । अहिले भ्रष्टाचार नगर्ने, देश बनाउन सही नीतिका साथ अगाडि जाने अठोट बोकेको नेतृत्व छ । सरकार अगाडि बढ्नका लागि बहुमत छ । फोरम पनि सरकारमा समेल भएको छ । अरू पनि सरकारमा सामेल हुनुभयो भने अनौठो मान्नु पर्दैन । त्यो पनि सम्भावना छ । म त भन्छु यतिबेला संविधानमा प्रतिपक्ष लेख्नेको हुनाले प्रतिपक्ष नै हुनुपर्छ भन्ने केही छैन । सरकार बनाउने, सुशासन दिने, भ्रष्टाचार समाप्त पार्ने, विकासको कामलाई अगाडि बढाउने काम मिलेर गरौँ । त्यसका निमित्त नेपाल कम्युनिष्ट पार्टी तयार छ ।

संविधानका अनुसूचीहरूले हाम्रा अधिकार र कर्तव्यको बाँटफाँट गरेका छन् । अधिकार र कर्तव्यको बाँटफाँट गर्दागर्दै पनि कतिपय

कुरालाई अझै व्यवहारमा लान सकिएको छैन । अझै केही समस्या छँदैछन् । कर्मचारी विनियोजन गर्ने, कर्मचारी खटाउने वा पठाउने कुरा, तिनको समायोजन आदि सवालमा अझै समस्या देखिएको छ । कर्मचारी समायोजन, कर्मचारी व्यवस्थापन, परियोजनामा कर्मचारीको खटनपटनको कुरा अहिले संघले नै सञ्चालन नगर्ने हो भने ती चल्नसक्ने अवस्थामा रहन्नन् । त्यसकारण माथिबाटै चलाउनु पर्नेभयो । अहिले त्यसो गर्नुपर्ने भयो भन्नुको अर्थ माथिबाटै सधैँ चलाउने मनसाय होइन । यो हाम्रो संघ र प्रदेशहरूको, प्रदेश र स्थानीय तहहरूको लडाईँको विषय नै होइन । यो एउटै सरकारका विभिन्न संरचनालाई सन्तुलित ढंगले अगाडि लाने कुरा हो । यो व्यवस्था किन गऱ्याँ भन्दा यसबाट हामीले जनतालाई सरल र सहज सेवा पुऱ्याउन सकौँ, राम्रो योजना दिन सकौँ, राम्ररी श्रोत परिचालन गर्न सकौँ र राम्रो अनुगमन गर्न सकौँ भनेर नै हो । मानवश्रोत, प्राकृतिकश्रोत, भौतिकश्रोत, वित्तीयश्रोत, मौद्रिक तथा आर्थिकश्रोतहरूको पनि समुचित सदुपयोग गर्न सकौँ भनेर हामीले यी संरचना बनाएका हौँ । कसलाई के अधिकार छ भनी अधिकार बाँटफाँट लडाईँको विषय होइन । यसलाई कतिले लडाईँको विषयजस्तो बनाइदिन्छन्, उचालिदिन्छन् । अहिले न हामी कसैको नक्कल गर्न सक्छौँ, न पुराना दृष्टान्तबाट सिक्न सक्छौँ । हामीले नयाँ प्रणाली शुरु गरेका छौँ । नयाँ प्रणालीमा केही नयाँ कुराहरू आउँछन् । तिनलाई हामी व्यवस्थित गर्छौँ । राज्यको साधन, श्रोत, सामर्थ्य सर्वाधिक सही ढंगले कुन ठाउँबाट कसरी सदुपयोग हुनसक्छ ? त्यो हामी गर्छौँ ।

हिजो संविधानमा लेख्दा पनि हामीले अनुमानित ढंगले नै लेखेका हौँ । कुनै अनुभवमा आधारित भएर होइन । यो यसलाई, यो यसलाई, यसो गर्ने, उसो गर्ने भनेर त लेख्याँ हामीले । हामीसँग पुरानो अनुभव थिएन । हामीले नै लेख्याँ, अनुमानका भरमा लेख्याँ । यो चीज प्रदेशमा दिँदा ठीक छ, यो चीज स्थानीयलाई दिँदा ठीक छ, यो चीज संघमा राख्दा ठीक छ भनी अधिकार विन्यास गऱ्याँ । संविधान संशोधन हुन नसक्ने दस्तावेज होइन । देश, जनता र विकासका लागि आवश्यक पऱ्यो भने संविधान संशोधन हुनसक्छ । देश बलियो होस्, जनता बलिया होउन्. ।

हामीलाई चाहिएको यही हो । हामीलाई चाहिएको सुशासन हो । सुशासनसहित देशले विकास गरोस् । देश समृद्ध होओस्, जनता सुखी होउन् । त्यसका लागि हामी हरप्रयत्नमा लाग्छौँ । अनावश्यक कुरामा द्वन्द्व गर्नुपर्ने, रस्साकस्सी वा खिचातानी गर्नुपर्ने कारण म देख्दिनँ । म प्रदेश सरकारलाई भन्न चाहन्छु - यो कुनै द्वन्द्वको विषय होइन । त्यतातिर नसोच्दा पनि हुन्छ ।

अन्तर्राष्ट्रिय सम्वन्धका प्रसंगमा अघि मैले भनेँ - हाम्रो देश स्वाधीन राष्ट्र हो । यो कुनै छातामुनि होइन खुल्ला, अरू सरहको हैसियतमा उठेको छ । केही अगाडि म भारत भ्रमणमा गएको थिएँ । हाम्रो आपसी सम्बन्ध अत्यन्त राम्रो ढंगले विकास भएको छ र नतिजाहरू राम्रा आएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउनु भो । त्यसबाट पनि राम्रो सम्बन्ध विकास भएको छ र राम्रा उपलब्धिहरू भएका छन् । यहाँहरूले देख्नु भएको छ विराटनगरको त्यो भारतीय अस्थायी कार्यालय हटेको छ । सिमानामा बाँधिएका बाँधहरूबाट बाटा बनाउने नाममा होस्, पुलको नाममा होस्, बाँध बनाउने नाममा होस् त्यसबाट जुन डुबान परेको थियो त्यसको असर अध्ययन गर्न हामी सर्भे गर्न पठाउँदैछौँ । कहाँ-कहाँ के के खोल्ने हो त्यो खोल्नुपर्छ र नेपालको जमीन डुब्नु हुँदैन । त्यसका निम्ति सर्भे शुरु भएको छ । सीमावर्ती क्षेत्रमा जहाँ समस्या छ, त्यहीँ समाधान गर्नुपर्छ । एक ठाउँमा भारतको कुनै सुरक्षा निकायको मान्छेले नेपालीलाई पिटेको कुरा आएको छ । त्यो नराम्रो कुरा हो । त्यसो गर्नु हुँदैन । म भारत सरकार तथा भारतीय सुरक्षा निकायसँग सम्बन्धित मान्छेहरूलाई नियन्त्रण गर्न आग्रह गर्न चाहन्छु । पैदा भएको समस्यामा सबै पक्ष संवेदनशील र जिम्मेवार हुनुपर्छ भन्ने कुरा बुझ्न र बताउन जरुरी छ । केहीले यस्तै एकाध घटनालाई उचालेर हिँड्ने गरेका छन् । दुई देशका बीचमा लडाईँ पो भएको हो कि जस्तो गरी व्याख्या गर्ने गरिन्छ । घटना अप्रिय हो र त्यो हुनुहुँदैन । तर त्यो दुई देशको बीचको अन्तर्राष्ट्रिय सम्बन्धको प्रश्न होइन । त्यहाँ तत्काल उत्पन्न भएको प्रश्न हो । त्यो न यहाँ संघीय सरकारले, न उताको संघीय सरकारले, न त्यहाँको प्रादेशिक सरकारले दिएको निर्देशनले

गर्दा भएको हो । त्यसकारण यस्ता छिटपुट घटनाहरू अनुचित हुन् भने पनि हामीले त्यही रूपमा लिनुपर्छ । त्यसलाई बढाई-चढाईकन उचालेर, यस्तो भइरहँदा पनि सरकार चुप लागेर बसेको छ भन्ने जस्तो प्रचार गर्नुहुन्न । हामीले गर्नुपर्ने ठाउँमा कुरा गरेका छौँ । हिजो बिग्रेका सम्बन्धहरू बनेका छन् । सन् १९५० को सन्धि उच्चारण नै गर्नु हुँदैन भन्नेजस्तो थियो । कुनै हिसाबले छिटै नै १९५० को सन्धि अद्यावधिक होला ।

तपाईँहरूका आवश्यकता धेरै छन्, श्रोत सीमित । जनताका अपेक्षा धेरै छन्, सामर्थ्य कम । संघीय सरकारको पनि हालत त्यही हो । हामीसँग साधनश्रोत कम छ, अभिभारा धेरै र गर्नुपर्ने काम धेरै छन् । बजेट कम छ, गर्नुपर्ने धेरै छ । तर फेरि पनि हामी गर्छौँ । हामी विकासको रफ्तारलाई अनौठो ढंगले अगाडि बढाउँछौँ । यहाँ त छ/छ लेनका सडक दुईतिर क्रस गरेर बन्दैछन् । धरान, जोगवनी, किमाथान्का रोड सहज बन्दैछ । काकरभिट्टाबाट कोशी पुलसम्म बाटो फराकिलो हुँदैछ । बाहुनडाँगी हुदै सिन्धुली, हेटौँडाको सडक बन्दैछ । अरू बाटाहरू बन्दैछन्, पुलहरू बन्दैछन् । पूर्व-पश्चिम रेल बन्दैछ । रेलको काम यताबाट शुरु गरेको छैन किनभने पूर्वैतिर मात्रै लग्यो भन्ने आक्षेप पनि आउँछ । जहाँबाट थाले पनि देश बनाउने हो, बीच-बीचतिरबाट थाले पनि हुन्छ । यहाँहरूलाई लाग्नसक्छ आफ्नै ठाउँमा पहिले आए हुने । तर ढिलो नगरीकन यहाँ पनि आउँछ । त्यसैगरी हामी उत्तर-दक्षिणको सडक बनाउँदैछौँ - फिडर रोड, हुलाकी राजमार्ग, दक्षिणबाट आउने रेलमार्ग । नेपालमा भारतीय रेल आउँछ अलिक वर सिमानासम्म, त्यसको केही अर्थ छैन । पूर्व-पश्चिम रेलको अर्थ छ । वीरगञ्ज-काठमाडौँ रेलको अर्थ छ । त्यसको सर्भे शुरु भइसक्यो । एक वर्षभित्र सर्भे पूरा हुन्छ । सर्भे पूरा भइसकेपछि ४ वर्षभित्र तयार हुन्छ । तपाईँहरूको यही सभासदको कार्यकालको अन्तिमतिर वीरगञ्ज-काठमाडौँ रेल चल्छ । मेरो लक्ष्य ३ वर्षभित्र केरुङ-काठमाडौँ रेल, काठमाडौँ-पोखरा रेल र काठमाडौँभित्र मेट्रो रेल चलाउने छ । यस प्रकारका धेरै कामहरू गर्ने योजनामा हामी छौँ ।

म प्रदेश सरकारलाई भन्न चाहन्छु - तपाईँहरू आवश्यक योजनाहरू बनाउनोस् । तिनका लागि बजेट छैन भने संघीय सरकारलाई बताउनोस् । संघीय सरकारले बजेटको बन्दोबस्त गर्छ । देशभित्र छैन भने देशबाहिरबाट पनि ल्याउँछ । हामीलाई विकास चाहिएको छ । हामी सस्तो कर्जा खोज्छौँ । अर्को, हामीले कृषिमा आधुनिकीकरण गर्नु जरुरी छ । मैले यहाँ इलामतिरका साथीहरू देखिरहेको छु । पहिले-पहिले इलामतिर के चलन थियो भने खेत किन्यो भने छेउको खोल्सी यसै पाइन्थ्यो । आजकल के भनाइ छ भने खोल्सी किन्यो भने खेत सित्तैँमा पाइन्छ किनभने खोल्सीमा अलैँची हुन्छ धेरै । अलैँचीलाई खोल्सी किन्नु पर्‍यो । अलैँची हुने खोल्सी किनेपछि खेत यसै पाइन्छ भन्ने छ । झापातिर मान्छेहरूले समय कसरी परिवर्तन हुन्छ भनेर कुरा गर्छन् । वास्तवमा धर्तीको कुनै पनि ठाउँ काम नलाग्ने हुँदैन । हिजो इलाम अन्न नफल्ने जिल्ला हो, तर आज इलाम नेपालमा कम गरीबी भएको जिल्लामा गनिन्छ । त्यहाँ एउटा कान्लो पायो भनेदेखि किसानले दुइटा भाटा, एउटा बाँस ठड्याएर छाप्रो हाल्छ र त्यहाँ स्कुस रोपिदिन्छ । मल पनि हाल्नु पर्दैन, गोड्नु पनि पर्दैन टिपे हुन्छ । कलिलो खाए पनि भो, छिप्पेको खाए पनि भो, जिब्रो निक्लेको खाए पनि भो, जिब्रो अलिक पर पुगेपछि खाए पनि भो, टिपेर अलिक दिनपछि खाए पनि भो । त्यसैबाट उसले पैसा कमाउन जान्दछ । त्यति नगर्नेको अर्को ठाउँमा ५ बिगाहा जमीन बसेको छ र ऊ गरीब छ । एउटा कान्लोमा लगाएको स्कुसको लहरोले एक, डेढ लाख, दुई लाख कमाइदिन्छ । हामीले सदुपयोग किन नगर्ने ? बाटोको छेउमा किन फूल नलगाउने, त्यो फूल जसले लगायो उसैले बेचे हुन्छ नि । कमसेकम दशैँ तिहारलाई त फूल चाहिन्छ । तिहारमा हुने गरी सयपत्री लगाइदियो भने बाटो पनि राम्रो देखिने, तिहार आउँदा टिपेर बेचिदियो भने आम्दानी पनि हुने । कान्लाभरि हामी किम्बु लगाउन सक्छौँ, त्यसबाट रेशम खेती हुन्छ । कृषिले तपाईँहरूलाई सहयोग गर्छ । कृषि कार्यालयहरू नाककानमा लगाउने गहना होइनन्, कुण्डल होइनन्, मुन्द्री होइनन्, झुम्के बुलाकी होइनन् । यिनीहरू जनताको बीचमा जानुपर्‍यो । त्यो तपाईँहरूले लिएर जानुपर्छ । कृषि कार्यालयले जान्नुपर्छ कि माछा कहाँ र कसरी पाल्ने ?

टमाटर कसरी फलाउने ? भण्टा कसरी फलाउने ? चिप्लेभिण्डी कसरी फलाउने ? अरू बाली कसरी फलाउने ? कसरी धेरै उत्पादन गर्ने ? त्यो सिकाउनु पर्छ । हाम्रा जनप्रतिनिधिहरूले त्यसको अगुवाइ गर्नुपर्छ ।

हाम्रो जमीन एकदमै टुक्रिएको छ । टुक्रिएको जमीनलाई कसरी एक बनाउन सकिन्छ ? सहकारीको हिसाबले सकिन्छ । यहाँ महिलाहरूले चलाएको एउटा सहकारी छ । त्यो वास्तवमा एउटा नमूना सहकारी हो । उहाँहरूले जमीन ठेक्कामा लिनुभएको छ । २५/३० मन धान ठेक्कामा दिने गरी जमीन लिनुभएको छ । सानो-सानो जमीन हुँदा त ट्याक्टर लाग्न सक्दैनथ्यो । धेरै जमीन भएछि गहिरो बोरिङ गर्न सक्ने हुनुभयो । दुई चारओटा ट्याक्टर लगाउनसक्ने हुनुभयो । आधुनिक खेती गर्नसक्ने हुनुभयो । यसरी एउटै बाली लगाउने, एकै ढंगले उत्पादन गर्ने र आधुनिक ढंगले उत्पादन गर्ने काम शुरु भयो । अब हँसियाले हैन, मेशिनले धान काट्छ । हातले हैन, मेशिनले रोप्छ । महिलाहरूले ट्याक्टर चलाउन त मिल्यो नि माथि बसेर । यसले समाजमा परिवर्तन ल्याउँछ । उहाँहरू अहिले अनेक प्रकारका खेती लगाउनु हुन्छ, खोर्सानी लगाउनु हुन्छ, अचार बनाउनु हुन्छ । कृषिमा आधारित अनेक रोगारी सिर्जना भइरहेको छ । यस्ता कुराहरूलाई विकास गर्न सकिन्छ, बढाएर लान सकिन्छ । यस्ता कामहरूको अगुवाइ हामीले गनुपर्छ ।

किसान संघका नेताको हालत राम्रो छैन । गाउँमा जसको बारीमा जाँदा कचक्क दुइटा टमाटार फलेको छ र खोर्सानी चुस्रुक परेको छ भने त्यो किसान संघका नेताको हो कि भनेर बुझ्नुपर्ने हुन्छ । किसानको नेता हुनलाई कृषि कसरी अगाडि बढाउने भन्ने कुरा नमूनाको रूपमा आफूले पनि सिक्नुपर्छ, गर्नुपर्छ र सिकाउनु पर्छ । अन्यथा जनताले के सिक्छ ? किसान संघको मान्छेलाई यो थाहा हुनुपर्छ र उसको बारीमा अरूको भन्दा ठूलो, धेरै र उन्नत टमाटर फलेको हुनुपर्‍यो । उसको खेतमा बढी धान फलेको हुनुपर्‍यो । कुन बीउ लगाउने उसले जान्नुपर्‍यो । सिँचाइ पुग्दैन भने कम पानी भए पनि फल्ने धान हुन्छ । त्यो बीउ कहाँ पाइन्छ ? त्यो लगाउनु पर्‍यो । हामीले बजार कहाँ पाउन सक्छौँ ? बजारको धेरै

ठूलो चिन्ता लिनुपर्दैन । उत्पादन सानो स्केलमा छ भने बजारको चिन्ता हुन्छ । ठूलो स्केलमा भएपछि बजारको चिन्ता हुँदैन । हामी बजार प्रबर्द्धन गर्नसक्छौँ । अन्न तथा फलफूल प्रशोधनका कारखाना राख्न सक्छौँ । साथीहरू मिल्नोस्, ससानो पूँजी जम्मा गरेर काम गर्नोस् ।

यो हाम्रो समय हो । हिजो हामी राजनीति गर्थ्यौँ, राजनीतिक क्लास लिन्थ्यौँ, संगठन कसरी गर्ने भन्थ्यौँ ? कसरी जुलुस संगठित गर्ने, जुलुस कसरी चलाउने, केके विषय, केके एजेण्डा, केके माग राख्ने भनी तयारी गर्थ्यौ । अब माग माग्ने बेला होइन, दिने बेला आयो । अब तपाईँले के माग राख्ने होइन, कसरी टमाटर फलाउने, कसरी बढी धान फलाउने, कसरी के उपलब्धि गर्ने भनी सोच्ने बेला हो । यतापट्टिको नेतृत्व तपाईँले गर्नुपर्छ ।

हाम्रा सामुदायिक विद्यालयहरू पछाडि परेका छन् भने हामी तिनको स्तरोन्नति गर्न चाहिरहेका छौँ । ई- एजुकेशन प्रयोगमा ल्याउने, शिक्षकहरूलाई त्यसैअनुसार तालिम दिने गर्नसक्छौँ । त्यसअन्तर्गत कुनै एक शिक्षकले एक ठाउँबाट पढाउँदा विभिन्न ठाउँमा पुग्ने, जिल्लाको एक ठाउँ विराटनगरबाट पढायो भने पूर्वाञ्चलभरि पुग्ने गरी क्लास लिनसक्छ । त्यसबाट कसरी पढाउने भन्ने कुरा शिक्षकले पनि सिक्छन्, विद्यार्थीले पनि सिक्छन् । त्यसको प्रबन्ध गर्न सकिन्छ । कुनै ठूलो कुरा होइन, स्क्रिन एउटा राखिदिए, एउटा ल्यापटप राखिदिए पुग्छ । एकैचोटि जानसक्छ । हामीलाई जति पढेपनि साक्षरमात्र हुने शिक्षाले हुँदैन । जीवन उपयोगी शिक्षा आवश्यक छ ।

जनतालाई आरोग्यता आवश्यक छ । स्वास्थ्य क्षेत्रमा कसरी काम गर्ने ? अहिले हामीले जनतामा केही असन्तुष्टिका पक्षहरू सुनेका छौँ । चुनाव घोषणापत्रमा हामीले ज्येष्ठ नागरिक भत्ता बढाउँछौँ भनेका हौँ । तर हामी सरकारमा पुग्दा ढुकुटी रित्तो पायौँ । नौ खर्ब राजस्व उठ्छ, साढे सात खर्ब विनायोजना, विनाबजेट अनेक नाममा बाँडिएको रहेछ । हामी गैह्रजिम्मेवार भएर बन्दै गरेका आयोजना रोक्न सक्दैनौँ । बजेटमा छैन, योजनामा छैन, रोक भन्न सक्दैनौँ । ठेकदारले काम गरेको छ, भुक्तानी

नदिएर भएन । यस्तो अवस्था भएकोले तत्काल हामीले त्यो प्रतिबद्धता पूरा गर्न सकेनौँ । हामीले सामाजिक सुरक्षाको उत्तरदायित्वअन्तर्गत योगदानमा आधारित पेन्सन शुरु गरेका छौँ । नागरिकहरूको सुरक्षा हाम्रो उत्तरदायित्व हो । जनताको सुखसुविधा र देशको विकास हाम्रो उत्तरदायित्व हो । हामीले हाम्रा उत्तरदायित्व पूरा गर्ने रचनात्मक र मौलिक बाटा र तरिकाहरू निकाल्नुपर्छ ।

यदाकदा जनतामा सबै कुरा सरकरले गरिदिनुपर्छ भन्ने प्रवृत्ति पनि पाइन्छ । खासमा जनताले आर्थिक क्रियाकलाप जुन गर्छ त्यसबाट आएको अलिकति करले सरकार चल्ने हो । त्यही राजस्वले सरकार अघि बढ्ने हो । सरकारले जनतालाई पैसा बाँढेर हुँदैन । तिनलाई उद्यमी हुन सिकाउनु पर्‍यो, पैसा कमाउन सिकाउनु पर्‍यो । नयाँ ढंगले गर्न सिकाउनु पर्‍यो । हाम्रो हालत कस्तो छ ? एउटा त्यान्द्रो धागो हाम्रो आफ्नो छैन । हामीले लगाएको कपडा हाम्रो आफ्नो होइन । टोपी हामीले बन्छौँ तर धागो अन्तैबाट ल्याउँछौँ । नेपालमा अलिकति जुत्ता बन्छन् तर छाला बाहिरैबाट आउँछ । हाम्रो अवस्था त्यस्तो छ । यस अवस्थालाई हामीले आत्मनिर्भर अर्थतन्त्रतर्फ लानुपर्छ ।

तपाईँ काम गर्दा जति रचनात्मक ढंगले गर्नसक्नु हुन्छ, त्यति तपाईँ लोकप्रिय हुनुहुन्छ । अर्कोपल्टको चुनावका लागि दुई प्रकारका मान्छे देखिनसक्छन् । एउटा, टिकटका लागि लडाईँ गर्ने, अर्को चुप लागेर बस्ने तर जनता आएर होइन लड्देऊ न लड्देऊ भनेर भन्नुपर्ने किनभने जो लोकप्रिय छ त्यसलाई लड्देऊ न लड्देऊ भन्नुपर्ने हुन्छ । म चाहन्छु तपाईँहरूलाई लड्देऊ न लड्देऊ भन्न जनता आओस्, पार्टी आओस् । त्यस्तो स्थिति बनोस् । तपाईँको इमानदारिता, सक्रियता र सृजनशीलताले तपाईँहरू सबैलाई त्यस्तो स्थितिमा पुर्‍याओस् ।

●

जेठ २६, २०७५

सन्दर्भ : प्रदेश -१ को प्रदेशसभामा सम्बोधन

जनताको आकांक्षा – राष्ट्रिय आकांक्षा

नेपाल नयाँ युगतर्फको यात्रामा छ। नेपालको लोकतन्त्र साँचो लोकतन्त्र हो । यो राजनीतिक अधिकार वा स्वतन्त्रताका हकमा सीमित लोकतन्त्र होइन । यो जनताको समग्र जीवनसँग सम्बन्धित र सकारात्मक प्रभाव पार्ने, जनताको सम्पूर्ण अधिकार उपलब्ध हुने लोकतन्त्र हो । यो बोल्न पाइने, खाना नपाइने, बस्न हिँड्न पाइने, विदेश जान पाइने, देशमा रोजगार नपाइने, किताबमा अधिकार पाइने, व्यवहारमा नपाइने लोकतन्त्र होइन । यो जनताको

जीवनमा प्रत्यक्ष रूपमै अनुभव गराउने, सकारात्मक अनुभूति दिने लोकतन्त्र हो ।

मानिसको जीवन सर्वाधिक महत्वपूर्ण कुरा हो । उसले बाँच्नै पाएन भने अरू के गर्छ ? प्रकृतिले हामीलाई निःशुल्क उपलब्ध गराएको स्वच्छ हावा हामीले नै प्रदूषित गराएका छौँ । त्यसले नागरिकको बाँच्ने अधिकारलाई एकमुष्ठमा होइन, किस्ताबन्दीमा क्रमशः कमजोर पारेको छ । त्यसलाई कसरी यथास्थानमा फर्काउने ? बाँच्नका लागि आधार भूत जैविक र मानवीय आवश्यकता, जो न्यायोचित छन् कसरी पूरा गर्ने ? तिनलाई कसरी जनताले प्राप्त गर्ने ? सरकारले कसरी उपलव्ध गराउने ? यस बाहेक हामी यस धर्तीमा छौँ, यस देशमा छौँ, यस समयमा छौँ; त्यसकारण यस धर्तीप्रति हाम्रो उत्तरदायित्व छ, यस देशप्रति हाम्रो उत्तरदायित्व छ । यिनको भविष्य सुनिश्चित र सुन्दर पार्ने उत्तरदायित्व पनि हामीमा छ । हामी अर्को शताब्दीमा योगदान गराउन सक्दैनौँ, यही समयमा अहिले नै हामीले वर्तमान मानवलाई सेवा गर्ने हो, धरतीलाई माया गर्ने हो । तसर्थ भविष्यप्रति सकारात्मक योगदान गर्न वर्तमानलाई हामी सदुपयोग गरौँ । अनन्त समयको श्रृंखलामा प्राप्त यो जीवनलाई हामी सदुपयोग गरौँ । हामी संसारभरका लागि कामना गर्न सकौँला तर हाम्रो अभिभारा आफ्नै देश वा समाज बनाएर पूरा गरौँ । हामी संसारभरि धान फलाउन सक्दैनौँ होला, संसारभरि उद्योग गर्न सक्दैनौँ होला, संसारभरि ससरसफाइ गर्न सक्दैनौँ होला । आफ्नो खेतबाट धान रोप्न शुरु गरौँ । आफ्नो ठाउँमा उद्योग स्थापना गर्न र आफ्नो गाउँ, शहर प्रदूषित हुन नदिएर सरसफाइ शुरु गरौँ ।

हामी लडेर ल्याएको, बलिदान दिएर ल्याएको, धेरै आँसु बगाएर ल्याएको र ठूलो मूल्य तिरेर ल्याएको लोकतन्त्रको रक्षा एवम् सदुपयोग गर्छौं । यसलाई सही ढङ्गले व्यहारमा लागू गर्छौँ । मैले भन्ने गरेको छु - हाम्रो देशको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता गौरव गर्न लायक छ । हामी आफ्नो राष्ट्र र यसको इतिहासप्रति गौरव गर्दछौँ र त्यसबाट निर्देशित हुन्छौँ ।

नेपालमा भौगोलिक, जैविक तथा वनस्पतीयमात्र नभएर असाधारण सामाजिक विविधता छ । यो सामाजिक विविधता समाजको निर्माणको बेलादेखि संरचित छ । विविधता यथार्थ हो । हामी सामाजिक तथा सांस्कृतिक रूपमा सम्पन छौँ । यस विविधतालाई आफ्नो स्वार्थका निम्ति दुरुपयोग गर्ने, विडोह भड्काउने, शान्ति खल्बलाउने र अन्य दिशामा लाने प्रयासहरू नेपालले अस्वीकार गर्दै आइरहेको छ र गर्नु पनि पर्छ । सामाजिक न्याय र समानताको लागि सामाजिक सद्भावमा आधारित सदृढ राष्ट्रिय एकताको आधारमा हामी शान्तिस्थापना गर्छौँ । सबै आधारमा, सबै क्षेत्रमा स्थायित्व कायम गर्न सक्छौँ । हामीले आधार भूत रूपमा द्वन्द्व टुंग्याई शान्तिस्थापना गरेका छौँ । राजनीतिक स्थायित्व कायम भएको छ । संविधान बनाएर सो अनुसार राजनीतिक, प्रशासनिक संरचनाहरू तयार गरेका छौँ । विकासको बाटोमा सही नीति र दृष्टिकोण, आजको आवश्यकता अनुसारका नीति र दृष्टिकोणसाथ अगाडि बढ्ने र तिनीहरूको प्रभावकारी ढङगले, योजनाबद्ध ढङ्गले कार्यन्वयन गर्ने अनि तिनलाई प्रतिफलमा पुऱ्याउने काम गर्नु छ । सुशासन र विकासको बाटोबाट हामी 'समृद्ध नेपाल-सुखी नेपाली' बनाउने अभियानमा छौँ । सुखी नेपालीको मापन प्रतिव्यक्ति सरदर आय वा कूल गार्हस्थ उत्पादन (जिडीपी) मात्र मापन गरेर पुग्दैन । मैले स्पष्ट भन्ने गरेको छु - हाम्रो जीडीपी यति बढ्यो भनेरमात्र हुँदैन, निरपेक्ष गरीवीको रेखामुनि कति जनता छ, त्यो पनि हेर्नुपर्छ । अहिले पनि धेरै जनता निरपेक्ष गरीबीको रेखामुनि छन् जसले अभाव र दुःखको जिन्दगी, भोको पेटको जिन्दगी बिताइरहेका छन् । सुखी नेपालीको आकांक्षा पूरा गर्न हामीले सबभन्दा पछाडि परेकोलाई अघिल्लो पंक्तिमा ल्याउनु पर्दछ । त्यसको अर्थ हामीले हुनेहरूको खोसेर बाँढ्ने भनेको होइन, हुनेहरूलाई गरीब बनाउने भनेको होइन । नहुनेहरूलाई हुने बनाउने, गरीबलाई धनी बनाउने भनेको हो । हामीले दुख बाँढ्ने भनेको होइन । दुख बाँढेर नेपाल समृद्ध बन्दैन । दुःख बाँढेर सुखी नेपाली हुँदैन । हामीले उत्पादन र उत्पादकत्व बढाउने, विकास र सुशासनको बाटोबाट समृद्धि हासिल गर्ने बाटोको कुरा गरेका हौँ । हामी विविध क्षेत्रमा देशको आवश्यकता, समयको माग

र हाम्रा विकासका आकांक्षाहरू पूरा गर्ने गरी समयानुकूल नीतिहरू अगाडि बढाउँछौँ ।

लोकतन्त्र अराजकता होइन । लोकतन्त्र एउटा सभ्य एवम् सुशासित समाज हो । लोकतन्त्र आत्मअनुशासित समाज हो । लोकतन्त्र कानूनको परिपालन गर्ने समाज हो । लोकतन्त्र मर्यादामा बस्ने समाज हो । अमर्यादित, असभ्य र संकीर्ण, निजी स्वार्थका लागि जेसुकै पनि भत्काउन तयार हुने, सभ्यताको जग बस्न नदिने, सभ्यताको आधार नै भत्काइदिने, मर्यादाका कुनै सीमा नराख्ती भत्काउने र जे पनि उचित हुन्छ भने झैँ गरेर झूटपूर्वक अरूको मर्यादामा निराधार हमला गर्ने चरित्र सभ्य समाजको चरित्र होइन । लोकतन्त्रमा आफ्नो अधिकारको प्रयोग गरिरहँदा अरूको अधिकारको हनन नहोस् भन्ने कुरामा ध्यान दिनुपर्छ । त्यसैकारण लोकतन्त्र छाडातन्त्र होइन, अनुशासित र सभ्य प्रणाली हो । म आग्रह गर्न चाहन्छु - त्यो हामी हरेकले स्थापित गर्नुपर्दछ । स्वेच्छाले, अरूको दवावविना नै त्यस्तो सामाजिक प्रणाली, मानवीय सामाजिक प्रबन्धहरू गर्नुपर्छ ।

हामीलाई सभ्यताको कानून थाहा छ । के गर्न हुन्छ, के गर्न हुँदैन र के पालना गर्नु पर्दछ भन्ने पनि थाहा छ । लोकतन्त्र आफूलाई मन नपर्ने कुरा अरूलाई पनि मन पर्दैन भन्ने कुरा बुझ्ने र आफूलाई मन नपर्ने कुरा अरूका निम्ति पनि स्वीकार्य हुँदैन भन्ने कुरा बुझेर कार्यन्वयन गर्ने व्यवस्था हो । यी काममार्फत् हामी सभ्यसमाज निर्माण गर्न सक्छौँ । कसैले लहडमा म त पवित्र सिद्धान्त छोड्न सक्दिनँ भनेर अकारण समाजमा कसैलाई दुःख दिन वा कानून हातमा लिई गैह्रकानूनी काम गर्न पाउँदैन । यतापट्टि सिँगै समाज सजग हुनु जरुरी छ । सञ्चार जगत् सूचना, शिक्षा र मनोरञ्जनको जिम्मेवार भूमिकामा प्रस्ट हुन जरुरी छ । आफ्नो स्वार्थको लागि कसैलाई पनि कुनै लाञ्छना वा आरोप लगाउन र अपमान गर्न हुँदैन । अहिलेको प्रविधिमा त सजिलो छ नक्कली काम गर्न र सो को माध्यमबाट जथाभावी लेख्न । तर त्यस्ता कुराहरूप्रति सरकार संवेदनशील छ । सरकार चुक्छ भने पहिले समाज बोल्नुपर्छ ।

हामी सबैले समाजका लागि गर्ने हो । हामी विकासको कुन चरणमा छौँ ? हाम्रो आवश्यकता के छ ? अब के कसो गर्नुपर्छ, कस्तो जनशक्ति चाहिन्छ, कस्ता नीति चाहिन्छन्, कस्तो कार्यक्रम र योजनाका साथ, कस्तो बजेटिङ व्यवस्था, कस्तो आर्थिक अनुशासन र कस्ता कानूनी प्रावधानसहित अगाडि बढ्ने हो, यकिन गरेर सरकारले समयानुकूल पाइला चाल्छ ।

मैले बारम्बार भन्ने गरेको छु - मानिसको समयको सीमा हुन्छ, आयुको सीमा हुन्छ, क्षमता, सामर्थ्य तथा ज्ञानको पनि सीमा हुन्छ तर इमानदारिताको सीमा हुँदैन । हामी यही इमानदारिताका साथ अगाडि बढ्छौँ । यो यस सरकारको प्रतिबद्धता हो, प्रधानमन्त्रीको हिसाबमा मेरो प्रतिबद्धता हो र मैले नेतृत्व गरिरहेको सरकारको प्रतिबद्धता हो । यस बाटोमा सरकार हिँडन आरम्भ गरिसकेको छ । म जनतालाई सोझै प्रधानमन्त्रीसँग सम्वाद गर्न, जिज्ञासा राख्न, समस्या राख्न, प्रश्न गर्न र तिनको समाधान खोज्न आह्वान गर्छु । कुनै पनि प्रश्न अव्यावहारिक हुँदैन । कुनै पनि प्रश्न समाधानरहित हुँदैन । हामी कसैलाई पनि निरुत्साहित गर्दैनौँ । हाम्रो विशेषता त्यही हो । म आलोचनालाई अत्यन्तै स्वागत गर्छु तर आलोचना रचनात्मक होस्, सत्यमा आधारित होस् । सही आलोचनाले सही बाटो पहिल्याउन गल्ती नगर्न मद्दत गर्छ । सुझाव वा टिप्पणीहरूले मद्दत गर्छन् । विरोधले चाहिँ कुनै फाइदा गर्दैन ।

अहिलेको सरकार व्यवहार तथा कामबाट जवाफ दिन्छ । यसो गर्न आवश्यक पनि छ । दुनिया कहाँबाट कहाँ पुगिसक्यो भने हामी खाने-लाउने समस्यामा नै अल्झेका छौँ । यति सुन्दर र यति उर्वर धर्ती जहाँ अहिले उच्चारण गरिने मन्त्रहरू हजारौँ वर्षअघि रचिएका थिए, हजारौँ वर्षदेखि विशिष्ट दृष्टिकोणहरू निर्माण भएका थिए त्यो मुलुक अब पनि पछाडि परिहन सक्दैन । हामी पर्खिन सक्दैनौँ । हामीसँग विकास गर्नुको अर्को विकल्प छैन । सुशासन दिनुको अर्को विकल्प छैन । यसका निम्ति भ्रष्टाचार रोक्नुको अर्को विकल्प छैन ।

यो सरकार शासक होइन, सेवक हो । यसले संयोजन गर्छ, योजना बनाउँछ, कार्यान्वयन गर्छ । त्यसो भनिरहँदा यसले जे पनि गर्न छोड्छ भन्ने होइन । सारमा यो सेवक हो । कानूनअनुसार यसले जनताको सेवा गर्छ । यसले कानून कार्यान्वयन गर्छ, अनुचित कुरा रोक्छ । वेठीक क्रियाकलाप र कानूनको उलङ्घनलाई रोक्छ । यो काम सरकारको कर्तव्यभित्र पर्छ । नेपाली जनताका लामो समयदेखिका सुखका चाहनाहरू, सुख प्राप्तिका आकांक्षाहरू, नेपाल राष्ट्रको समृद्धि र विकासका सामाजिक आकांक्षाहरू, शान्तिका सामूहिक आकांक्षाहरू, सुशासनका सामूहिक आकांक्षाहरू, स्वच्छ समाजका सामूहिक आकांक्षाहरू हाम्रा राष्ट्रिय आकांक्षाहरू हुन् । सरकारले यिनै आकांक्षा पूरा गर्ने सन्दर्भमा काम गर्छ । यस कार्यक्रममा हामी जनतासँग संवाद गर्नेछौँ ।

वर्तमान सरकार जनताप्रति उत्तरदायी सरकार हो । मलाई देश र जनताको नाममा शपथ लिएको भनेर आलोचना पनि आएको थियो । देश र जनताको नाममा शपथ लिँदा उसले जवाफ माग्दछ । अरू कसैको नाममा शपथ लियो भने जवाफ माग्न कोही आउँदैन । जनताको नाममा मैले शपथ लिएँ भने तपाईँहरूले के भयो भनेर सोध्नु हुन्छ र मैले जवाफ दिनुपर्दछ । मेरा प्रतिबद्धताहरू के भए मैले जवाफ दिन्छु । आज मैले भनेका कुराहरू तपाईँहरूले किन पूरा भएनन् या कहिले पूरा हुन्छन् भनेर भोलि अवश्य नै सोध्नुहुन्छ । मैले त्यसको जवाफ दिनुपर्दछ । उत्तरदायी हुने तरिका यही हो । पारदर्शी हुने तरिका पनि यही हो ।

●

जेठ २८, २०७५

सन्दर्भ : जनतासँग प्रधानमन्त्री कार्यक्रमको शुभारम्भ



व्यक्ति / व्यक्तित्व / इतिहास

पदभन्दा ठूलो योगदान

आज हामी सबैका अत्यन्तै आदरणीय व्यक्तित्व पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीप्रति श्रद्धासुमन अर्पण गरिरहेका छौँ । उहाँले नेपालमा पहिलो कम्युनिष्ट प्रधानमन्त्रीका रूपमा असाधारण प्रभाव छोडेर जानुभएको छ । उहाँ कम्युनिष्ट पार्टीको प्रमुख नेता हुनुहुन्थ्यो । कहिले महासचिव हुनुभयो, कहिले अध्यक्ष हुनुभयो । मैले श्रद्धाञ्जलि पुस्तिकामा पनि लेखेँ - 'कार्यक्षेत्र वा पदीय जिम्मेवारीभन्दा उहाँको योगदान व्यापक पनि छ र महत्वपूर्ण पनि छ । प्रधानमन्त्रीको पदविशेष वा कुनै पार्टी

विशेषको पदले नेपाली समाज र मानवजातिका लागि उहाँले पुऱ्याउनु भएको योगदानलाई समेट्न सक्दैन । ती पदहरूभन्दा माथि छ उहाँको योगदान ।'

निश्चितै हो - मान्छेको योगदान पदहरूभन्दा धेरै माथि हुन्छ । विश्व राजनीतिमा त्यस्ता उदाहरण धेरै छन् । नेपालमै पनि हामी पुष्पलालको योगदान देख्छौँ । पुष्पलाल सांसद हुनुहुन्नथ्यो । मन्त्री हुनुहुन्नथ्यो । प्रधानमन्त्री पनि हुनुहुन्नथ्यो । तर पुष्पलालको योगदान सांसदको भन्दा, मन्त्रीको भन्दा, प्रधानमन्त्रीको भन्दा कम छैन, बरु बढी छ । नेपाली समाजमा नयाँ ढंगले, न्यायोचित ढंगले, नयाँ समाजको व्यवस्थापन गर्नुपर्छ भन्ने कुराको शुरुआत मार्क्सवादी चिन्तनबाट भएको थियो । त्यसलाई हामी कम्युनिष्ट चिन्तन भन्छौँ । पुष्पलाल, मनमोहनजस्ता नेताहरूले ती कुराहरूको शुरुआतमात्र गर्नुभएन, अगुवाइसमेत गर्नुभएको थियो ।

मनमोहन अधिकारीलाई हामी धेरै कोणबाट सम्झन्छौँ । सादा, सरल, असल, निष्ठावान र देश तथा जनताप्रति अत्यन्त वफादार एवम् क्रियाशील व्यक्तित्व । ७८ वर्षको जीवनकालमा, बाल्यकालबाहेक उहाँले सम्पूर्ण जीवन देश, जनता र मानवजातिका लागि लगाउनु भयो । मानवजातिका लागि यसकारण पनि थपिराख्नेको छु कि उहाँ नेपाली हो तर भारतको स्वाधीनता संग्राम, स्वतन्त्रता संग्राममा समेत लड्न पुग्नुभएको थियो । त्यहाँ ब्रिटिश उपनिवेशका विरुद्ध लडी जेल पनि पर्नुभएको थियो । नेपालको भूगोलसँग मात्रै, नेपालको समस्यासँग मात्रै सरोकार हुन्थ्यो भने उहाँले उपनिवेशवादका विरुद्ध अन्त गएर लड् नुपर्ने थिएन । उहाँको दायरा देशभन्दा बाहिर पनि थियो, मानवजातिको न्यायसँग थियो, शोषण दमनका विरुद्धमा थियो ।

मैले उहाँका यस्ता सबै कुरालाई ख्यालमा राख्नेको छु । निष्ठाको हिसाबले, दृढताको हिसाबले देश र जनताप्रतिको वफादारिता र क्रियाशीलताको हिसाबले मनमोहन अधिकारीप्रति श्रद्धासुमन अर्पण गरिरहेका बेला उहाँबाट सिक्ने कुराहरू धेरै छन् । उहाँबाट प्रेरणा लिने

कुराहरू पनि धेरै छन् । म पनि उहाँबाट प्रेरित छु । त्यसैले प्रधानमन्त्रीको काम अगाडि बढाइरहेका बेला उहाँकै बाटोबाट अगाडि बढाउनु पर्छ भन्ने ठानेको छु । यसअर्थमा पनि यतिबेला उहाँलाई स्मरण गरेको हुँ, उहाँप्रति श्रद्धासुमन अर्पण गरेको हुँ ।

हामी सबैले उहाँबाट प्रेरणा लिनुपर्छ । उहाँका कामहरूको अनुसरण गनुपर्छ । उहाँका आदर्शहरूलाई पछ्याउनु पर्छ । महान् व्यक्तित्वका महान् काम र योगदानहरूको स्मरणबाट नै सबैमा राम्रो काम गर्ने प्रेरणा प्राप्त हुन्छ । श्रद्धेय मनमोहन अधिकारीको स्मरण गरिरहँदा हामी सबैमा राम्रो काम गर्ने, सधैँभरि राम्रै काममात्र गर्ने प्रेरणा प्राप्त हुने विश्वास मैले लिएको छु । स्मृतिसन्दर्भमा म आदरणीय व्यक्तित्व मनमोहन अधिकारीमा हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

●

फागुन ४, २०७४

सन्दर्भ : पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीको स्मृति

राष्ट्र एकीकरणका उत्प्रेरक

मैले गत वर्ष फागुन ९ गते यस ठाउँको भ्रमण गरेको थिएँ । त्यसबेला मैले पुनः यस ठाउँमा आउने वाचा गरेको थिएँ । आएँ पनि । फेरि भन्छु - म अर्को साल फागुन ९ गते पनि आउँछु ।

यस ठाउँमा गत वर्षभन्दा यो वर्ष केही परिवर्तन भएको देखेँ । विकास निर्माण तथा जीर्णोद्धारका कामहरू अगाडि बढेका छन् । इन्द्रदहमा अर्को वर्ष योभन्दा बढी तीव्रताका साथ काम अगाडि बढोस् भन्ने म चाहन्छु ।

तपाईँहरूमा यस ठाउँको विकासको चाहना तीव्र छ । यस ठाउँलाई सुन्दर बनाउने चाहना तपाईँहरूमा रहेको मैले पाएको छु । त्यसका लागि म खुशी व्यक्त गर्न चाहन्छु ।

मैले यहाँ जनताको उत्साह देखेँ । जनप्रतिनिधिहरूको उत्साह पनि देखेँ । जनप्रतिनिधिहरूले यहाँका पर्यटकीय स्थलहरूको सन्दर्भमा, ऐतिहासिक स्थलहरूको सन्दर्भमा, प्राकृतिक हिसाबले रमणीय स्थलहरूको सम्बन्धमा राम्रो जानकारी राख्नुहुन्छ भन्ने पनि देखियो । हाम्रो पुरातत्व विभाग यहाँ पुरातात्विक महत्वका संरचनाहरूको क्षति भएको भए पनि पुनर्निर्माण गर्ने, थप क्षति हुन नपाओस् भनेर संरक्षणका काम गर्ने कुरामा दत्तचित भएको मैले पाएको छु । कुनकुन ठाउँमा कसरी काम भइरहेको छ भन्ने जानकारी हामीले पाएका छौँ । आशा गरौँ अर्को वर्ष फागुन ९ गते तेश्रो इन्द्रदह पर्यटन उत्सव मनाउँदा यसभन्दा बढी प्रगति हामीले देख्नेछौँ । यस ठाउँमा धेरै विकास भइसकेको हुनेछ ।

यस ठाउँसँग नेपालको इतिहास जोडिएको छ । खासगरी नेपाल एकीकरणको इतिहास जोडिएको छ । यहाँको किल्ला एकीकरणसँग जोडिएको छ । कालु पाँडेको समाधिस्थल नेपाल राष्ट्रको उद्‌गमसँग जोडिएको छ । यो भूमि नेपाल राष्ट्र निर्माणको इतिहाससँग जोडिएको छ । त्यसकारण यो ठाउँ अत्यन्तै महत्वको छ ।

गत वर्ष म यहाँ आउँदा एउटा गढी अलिकति तलमाथि भइसकेको अवस्था थियो । मैले भनेँ - गढी नमास्नु पर्थ्यो । गढी, किल्लाहरू हाम्रा इतिहास हुन् । हाम्रा पुर्खाहरूले कसरी राष्ट्र निर्माण गरे, त्यसको एउटा इतिहास हो । हामीले त्यसको संरक्षण गर्नुपर्छ । यस समाधिस्थलले कालु पाँडेको मातृभूमिप्रतिको स्नेहका दुईओटा पाटोलाई देखाउँछ ।

कालु पाँडेले 'म त लडाईँमा जाने मान्छे, जहिले पनि मारिन सक्छु, म मारिएँ भने मेरो समाधिस्थल गोरखा देखिने गरी राखिदिनु' भनेका थिए । अर्को, 'गोरखा पुऱ्याउन सकिँदैन भने पनि यहाँ कतै समाधिस्थ गर्दा पनि गोरखा देखिने गरी समाधिस्थ गर्नू' भनेका थिए ।

यस्तो भनाइबाट त्यस ठाउँप्रतिको उनको माया प्रस्टिन्छ । उनले समाधिस्थलको कुरा गर्ने क्रममा 'मेरो देश अब गोरखा, नुवाकोट होइन, सिङ्गै हुनुपर्छ' भन्ने आशय व्यक्त गरेको संकेत मिल्छ ।

उनको गर्धन किन काटियो र उनको टाउको किन यहाँ ल्याएर समाधिस्थ गरियो भने उनले एकीकृत र सबल देश बनाउन चाहेका थिए । साथीहरूले पृथ्वीनारायण शाहको पूर्णकदको सालिक बनाउने कुरा गर्नुभयो । पृथ्वीनारायणको सालिक पल्लोडाडाँमा छँदैछ । डाँडैपिच्छे सालिक आवश्यक छैन । यहाँ कालु पाँडेको पूर्णकदको सालिक राख्नुपर्छ जसले पृथ्वीनारायण शाहलाई पृथ्वीनारायण शाह बनाउन धेरै ठूलो काम गरेका छन् । इतिहासका अनुसार चन्द्रागिरीमा पृथ्वीनारायण शाहको एकीकरणको योजनालाई कालु पाँडेले उत्साहित गरी विश्वस्त बनाइदिएका थिए । कुराकानीको क्रममा पाँडेले भनेका थिए - 'मौसूफले यी राज्यहरूलाई एकीकृत गर्नुपर्छ ।' कालु पाँडेको सल्लाहमा पूथ्वीनारायणले प्रश्न गरेका थिए - 'त्यसो गर्न सकिन्छ र पाण्डे ?' पृथ्वीनारायणलाई आँट दिँदै कालु पाँडेले भनेका थिए - 'सकिन्छ सरकार । लड्नका लागि हामीजस्ता छँदैछौँ नि ।' यसो भनेर पाँडेले पृथ्वीनारायणलाई आँट दिएका थिए ।

पृथ्वीनारायणलाई पृथ्वीनारायण बनाउने काम कालु पाँडेले गरेका थिए । एकीकरणमा पृथ्वीनारायण शाहले गर्धन दिनुपरेको थिएन । कालु पाँडेहरूजस्ताले गर्धन दिएर पृथ्वीनारायण पृथ्वीनारायणजस्ता भएका हुन् । त्यसकारण यहाँ कालु पाँडेको सालिक राख्नु सान्दर्भिक हुन्छ । पृथ्वीनारायण शाहको सालिक चन्द्रागिरीमा छँदैछ । कुनै पनि कुराको सान्दर्भिकता ठाउँअनुसार हुन्छ । त्यही सन्दर्भअनुसारको निर्माण कार्य गर्नुपर्छ । सन्दर्भ अनुसारको इतिहास बनाउनु पर्छ ।

राष्ट्र एकीकरणका उत्प्रेरकका रूपमा कालु पाँडे देखिन्छन् । उनलाई म श्रद्धासुमन अर्पण गर्न चाहन्छु । उनले गर्धन दिएर देश बनाए, ज्यान दिएर देश बनाए । मैले गत वर्ष आएर हेर्दा देखेँ एउटा गढी त हराइसक्यो । त्यसरी हराउन दिनुहुँदैन । हाम्रा गढी तथा किल्लाहरूको

सुरक्षा जिम्मा नेपाली सेनालाई दिइनेछ । गढी तथा किल्लासित नेपाली सेनाको इतिहास, गौरव, बलिदान, सफलता, पीडा तथा दुःखकष्टहरू जोडिएका छन् । हाम्रो सेनाले आफ्नो गौरवपूर्ण इतिहासलाई सम्झिएर हाम्रा किल्लाहरूको, हाम्रा गढीहरूको संरक्षण गर्ने काम गर्नुपर्छ । यसको अर्थ अरूले गर्दैन भन्ने होइन । त्यसमा सरकारले आवश्यक बजेटको तर्जुमा गर्छ र पुरातात्विक ठाउँहरूलाई पुरातात्विक ढंगले उठाउन पुरातत्व विभागले काम गर्छ ।

तपाईँहरूको उत्साह भएन भने, स्थानीय जनताको उत्साह भएन भने, स्थानीय जनताको रुचि भएन भने, स्थानीय जनताको सहभागिता भएन भने यस्ता कामहरू गर्न सकिँदैन । सबैभन्दा मुख्य काम हो जनताको उत्साह, अठोट र सहभागिता । मैले यस ठाउँका दाजुभाइ दिदीबहिनीहरूमा अत्यन्तै उत्साह पाएको छु । यो साह्रै खुशीको कुरो हो ।

यहाँ इन्द्रदह छ । काठमाडौँ जिल्लाको यस डाँडामा रहेको इन्द्रदह कुनै सामान्य दह होइन । यो त ऐतिहासिक दह हो । यहाँ योगनरेन्द्र मल्ल अथवा मल्लकालको पछिल्लो समयमा बनाइएको ऐतिहासिक मन्दिर छ । यो करिब ३ सय वर्षअघिको सम्पदा हो । त्यसकारण यस्ता ठाउँहरूको हामीले संरक्षण गर्नुपर्छ र यस ठाउँलाई एउटा पर्यटकीय ठाउँको रूपमा, धार्मिकस्थलको रूपमा, कलाकेन्द्रको रूपमा, दृश्य अवलोकनस्थलको रूपमा, इतिहासको गौरव सम्झने ठाउँको रूपमा, राष्ट्र निर्माणका अभियानमा ज्यान दिनेहरूप्रति एक थुँगा फूल चढाउने वा श्रद्धासुमन अपर्ण गर्ने थलोको रूपमा संरक्षण गर्नुपर्छ ।

हामीले बुझ्नुपर्ने हुन्छ - यत्रो डाँडोमा आएर तलाउ किन बनाउनु परेको होला ? दह किन बनाउनु परेको होला ? यसलाई गहिरो गरी बुझ्नुपर्छ । यो प्रकृति र वातावरणसँग हाम्रा पुर्खाको सजगताको प्रतिबिम्ब पनि हो । यो स्थललाई संरक्षण गर्नुको अर्थ हाम्रा पुर्खाको जागरुकताको स्मरण गर्ने अवसर पनि हो ।

यस ठाउँको विकासका सम्भवनाहरू धेरै छन् । सरकार तथा तपाईंहामी सबै मिलेर यस ठाउँको विकास गर्नुपर्छ । यो ठाउँ प्राकृतिक सुन्दरताले भरिएको छ । यस ठाउँले गौरवपूर्ण इतिहास बोकेको छ । नेपाल र नेपालीको भावना यस ठाउँसँग जोडिएको छ । त्यसैले यस ठाउँको विकास गर्नुपर्छ । यहाँको बाटोको निर्माण, मनकामना मन्दिरलाई जीर्णोद्धार गर्ने तथा इन्द्रदहको भव्य ढंगले पुनर्निर्माण गर्ने काममा हाम्रो ध्यान रहन्छ । यस ठाउँको विकासप्रति यहाँका ज्येष्ठ नागरिकहरूको रुचि देखेर मलाई खुशी लागेको । यस्तो रुचि सबैतिर सबैमा भयो भने हाम्रो देशको विकासमा समेत महत्वपूर्ण सहयोग पुग्छ ।

म फेरि पनि यसपटक इन्द्रदह आएँ । म यहाँ आउँछु तर विकासका लागि आउँछु । यस ठाउँलाई नयाँ ढंगले आकर्षक गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यमा साथ दिन म यहाँ आएको हुँ । अर्को पटक आउँदा पनि म विकासकै लागि आउँछु । यहाँहरूको उत्साहमा साथ दिन हामी सधैँ सँगै रहने छौँ । अर्को साल फागुन ९ गते भव्य कार्यक्रम गर्ने गरी हामी फेरि यसै ठाउँमा भेटौँला ।

हामी नयाँ युगमा प्रवेश गरेका छौँ । अब हामी जमीनका हरेक टुक्राको सदुपयोग गर्छौँ, पानीका हरेक थोपाको सदुपयोग गर्छौँ । हामीसँग भएको बुद्धि देश विकासका लागि सदुपयोग गर्छौँ । हामीसँग भएको सामर्थ्य देशका लागि समर्पण गर्छौँ । सबै कुरा विकासका लागि, सबै कुरा देशका लागि, सबै कुरा अग्रगमनका लागि, सम्पूर्ण कुरा जनताका लागि । यही भावना र लक्ष्यका साथ हामी अगाडि बढेका छौँ । तपाईंहरू सबैको साथसहयोगमा हामीले 'समृद्ध नेपाल - सुखी नेपाली' को अभियानमा सफलता प्राप्त गर्ने छौँ । यस अभियानमा म सबैको सहयोगको अपेक्षा गर्दछु ।

●

फागुन ९, २०७४

सन्दर्भ : कालु पाँडे स्मृति

राष्ट्रिय विभूति – पासाङ ल्हामु

पासाङ ल्हामु शेर्पा असाधारण साहसकी नेपाली वीराङ्गना हुनुहुन्थ्यो । महान् उद्देश्य बोकेर आफूलाई राष्ट्रिय विभूतिका रूपमा स्थापित गर्न सफल साहसी नारीलाई देशले गुमाएको पच्चीस वर्ष भएको छ । यस अवसरमा म अत्यन्तै आदरभावका साथ उहाँको स्मरण गर्दै श्रद्धासुमन अर्पण गर्न चाहन्छु । यस क्षण म फेरि पनि उहाँको कीर्तिको स्मरण गर्न चाहन्छु, उहाँको सफलताको

प्रशंसा गर्न चाहन्छु, उहाँको साहसको प्रशंसा गर्न चाहन्छु र उहाँले नेपाली महिलालाई दिनुभएको सन्देशको सम्मान गर्न चाहन्छु ।

यसै अवसरमा, म आजको दिन पहिलो पटक सगरमाथाको शिखरमा पुग्ने महिला जुन्को तावेईलाई स्मरण गर्न चाहन्छु । अनेक साहसी महिला दिदीबहिनीहरू जसले सगरमाथा आरोहण गर्नु भएको छ, उहाँहरूको प्रशंसा गर्न चाहन्छु । पटक-पटक सगरमाथा आरोहण गर्ने साथीहरूप्रति सम्मान प्रकट गर्न चाहन्छु । एकपछि अर्को हिमाल पटक-पटक आरोहण गर्ने साहसी मित्रहरूको प्रशंसा गर्न चाहन्छु ।

साहसी काममा जोखिम पनि छ । त्यही जोखिमको कारणले पासाङ ल्हामुले आफ्नो जीवन उत्सर्ग गर्नुपर्‍यो । यसमा अरू पनि धेरैको जीवन गएको छ । पर्वतारोहणको क्रममा जीवन गुमाउने सबै दाजुभाइ दिदीबहिनीहरूप्रति म श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

हाम्रो देश हिमाली देशको रूपमा चिनिन्छ । हाम्रो देश संसारको सर्वोच्च शिखर सगरमाथा भएको देश हो । युद्धका मैदानहरूमा होस् अथवा साहसिक कामहरूको प्रसंगमा होस् अथवा अत्यन्तै विकट, दुर्गम,भीरपहिरो, हिउँपहिरोदेखि लिएर अनेक कठिनाइहरूमा बहादुरी देखाउने बहादुर जातिहरूको बसोवास भएको, बहादुर जाति जन्माउने देश हो - नेपाल । हाम्रो देश मूलतः हिमाली देश भनेर चिनिन्छ, सगरमाथाको देश भनेर चिनिन्छ, हिमालहरूको देश भनेर चिनिन्छ, पर्वतारोहणको देश भनेर चिनिन्छ । हिउँ अन्यत्र पनि हुन्छ । ध्रुवीय प्रदेशहरू चिसा हुन्छन्, चिसा भएपछि हिउँ हुन्छ । तर अन्यन्त्र हुने हिउँ र नेपालमा हुने हिउँ बेग्लै हो । हिमाल र ध्रुवीय प्रदेश बेग्लै हो । ध्रुवीय प्रदेशमा अक्सिजनको कमी हुँदैन, अक्सिजनको अभाव हुँदैन । हिमालमा उचाइ र उचाइका कारणले हुने चिसोमा अक्सिजन झन्झन् कम हुँदै जान्छ ।

हामीलाई पृथ्वीको बनावट तथा अन्तरिक्षको बनावटका बारेमा केही जानकारी छ । पृथ्वीको अक्सिजनको तहभन्दा बाहिर ओजन तह, त्यसभन्दा बाहिर अन्तरिक्ष हुने कुरा हामीलाई थाहा छ । यो पर्वतारोहण,

पर्वतको उचाइ सहज विषय होइन । तर यो रहस्यको विषय रहेन र यो सुन्दरता, यो साहसिकता सँगसँगै यो हाम्रा निम्ति दुनियाँको एउटा आर्कषणको केन्द्र पनि हो । हामी हाम्रो देशको विकासको कुरा गरिहँदा कृषिको कुरा गर्छौँ, उद्योगको कुरा गर्छौँ, पर्यटनको कुरा गर्छौँ, पूर्वाधारको कुरा गर्छौँ, बाटोको कुरा गर्छौँ, बिजुलीको कुरा गर्छौँ, सञ्चारको कुरा गर्छौँ अथवा सेवाका क्षेत्र, शिक्षा र स्वास्थ्यको कुरा गर्छौँ । यीमध्ये एउटा महत्वपूर्ण क्षेत्र हाम्रो पर्यटन हो । पर्यटनभित्र पर्वतारोहण, ट्रेकिङ लगायतका अनेक उपक्षेत्रहरू पर्छन् ।

पर्यटनका प्राकृतिक सौर्न्दयजन्य, खोजजन्य, अनुसन्धानजन्य अथवा धार्मिक र अन्य विभिन्न प्रकारका स्वरुपहरू छन् । हाम्रो राष्ट्रिय विकासको सर्न्दभमा, हाम्रो देशको अर्थतन्त्रको विकासको सन्दर्भमा अत्यन्त महत्वपूर्ण विषय पर्यटन क्षेत्रको विकास पनि हो । यसको विकासलाई हामी अगाडि बढाउँछौँ ।

हाम्रो पर्वतारोहणको इतिहास करिब ६८ वर्षको भयो । यो ६८ वर्षको इतिहास सं. १९५० मा मौरी सरजकले ८ हजार मिटर अग्लो धौलागिरी हिमालको सफल आरोहण गरेर शुरु गरेका थिए । उनले हिमालहरूको सफल आरोहण गर्न सकिन्छ भन्ने मान्यता स्थापित गरेका थिए । यद्यपि त्यो आरोहण त्यति सुखद् भने रहेन । किनभने त्यसबेला मौरी सरजकका हातखुटाका औँलाहरू हिउँले खाइदियो । उनले धवलागिरीको सफल आरोहणपछि जुन किताव लेखे त्यसबाट नेपालको पर्वतारोहणतर्फ विश्वको ध्यान तानियो । त्यसपछि न्युजिल्याण्डका एडमण्ड हिलारी र नेपालका तेन्जिङले नोर्गे शेर्पाले सगरमाथामा पाइला राखेका थिए । सगरमाथामा पहिलो पाइला टेक्ने पर्वतारोही भनेर भनिने एउटा कुरा हुन्छ । तर पाइला टेकाउन पहिला त्यहाँ पाइला टेक्न पर्छ अनिमात्रै अरूलाई त्यहाँ पाइला टेकाउन सकिन्छ । पहिला तेन्जिङ नोर्गेले पाइला टेके अनि तान्दैतान्दै हिलारीलाई पुऱ्याए । जो मान्छे अहिलेसम्म सगरमाथा पुगेको छ, यथार्थमा कतिपय अवस्थामा गाइडले डोऱ्याएर, तानेर, घिसारेर, बोकेर पुऱ्याइदिएको छ । यसै सगरमाथा पुग्न

सम्भव छैन । अहिलेसम्मको इतिहास त्यही हो । गाइडविना कोही जाँदैन, जानै सक्तैन । त्यसका लागि गाइड अनिवार्य चाहिन्छ । सगरमाथाको गाइडलाई ज्ञानले मात्रैले पुग्दैन, प्रकृतिले दिएको वरदान पनि हुनुपर्दछ । प्रकृतिले थोरै अक्सिजनमा सास फेर्ने विशेष फोक्सो, उकालो चढ्दा दम नबढ्ने, अलिकति कठिनाइ पर्दा मन नभड्किने, हाइअल्टिच्युड र कम अक्सिजन हुँदा इल्युजन नहुने, फूलको बासनाले नलठ्ठिने, लेक लागिनहाल्ने वरदान वा गुण दिएको हुनुपर्छ । मस्तिष्क, मसल, फोक्सो, हाड सबै चुस्त-दुरुस्त भएको र थोरै अक्सिजनमा सास फेर्न सक्ने व्यक्ति नेपालीबाहेक अरू हुँदैन । अहिलेसम्म त्यस्तो प्राप्त भएको छैन । पछि अभ्यास हुँदै गयो भने कसैलाई प्राप्त होला कि ? तर अहिलेसम्म प्राप्त भएको छैन । जे होस् यी वर्षहरूमा हामीले प्रगति गरेका छौँ । हाम्रो क्षमता अभिवृद्धि गरेका छौँ, अनुभव हासिल गरेका छौँ तर केहीकेही कुराहरूमा हामीले अझै ध्यान दिनुपर्ने छ ।

सगरमाथा र सगरमाथाको रुटमा फोहोर बढ्न थालेको छ । यसै गरेर फोहोर बढ्दै जाने हो भने त्यो फोहोरको पहाड हुन्छ । फेरि हिमाल यस्तो चीज हो जहाँ कुनै मरेको चीजसमेत सड्दैन । अरू कुरा त झन् सड्ने कुरै भएन । त्यहाँ प्रयोगमा आउने ताजा चीजबाहेक कुनै पनि चीज रहनु भएन । सम्हाल्न नसकिने, संभार गर्न नसकिने, सफा गर्न नसकिने, हटाउन नसकिने कुनै पनि चीज त्यहाँ रहनु भएन । यसका निम्ति पर्यटन मन्त्रालय, माउण्टेन एसोसिएशन, पर्वतारोही साथीहरू र सबैलाई हिमालको फोहोर संकलन गर्ने साझा अभियानलाई संगठित ढंगले अगाडि बढाउन म आग्रह गर्न चाहन्छु । सगरमाथाको बाटो फोहोरले ढाकिएर जान नसकिने र सगरमाथामा पुग्दा रेडबुलका बट्टामात्र भेटिने खालको स्थिति नहोस् । हामीले सगरमाथालाई जोगाउनु पर्छ, स्वच्छ र सफा राख्नु पर्छ ।

संसारको सर्वोच्च शिखर सगरमाथा पवित्र भूमि हो । तेन्जिङ नोर्गेले पहिलो पाइला टेकेको शिखर, नेपाली महिला पासाङ ल्हामु शेर्पाले पाइला टेकेको शिखरलाई हामीले जोगाउनै पर्छ । पासाङ

ल्हामुकै प्रेरणाबाट महिलाहरूको एउटा समूह नै सगरमाथा आरोहण गर्न गयो । उनीहरूले सगरमाथामा टेके । अहिले पनि पाचँजना महिला पत्रकारहरूको एउटा टिम गएको छ । म उनीहरूलाई शुभकामना भन्न चाहन्छु । अरू पनि टिमहरू गइरहेका छन् । म सबैलाई शुभकामना भन्न चाहन्छु । सबैको आरोहण सफल रहोस् ।

हिमाल आरोहणमा हामीले दुस्साहस गर्नुहुन्न । मौसम प्रतिकूल छ भन्ने भयो भने आरोहणलाई स्थगित गर्नुपर्छ । अर्को वर्ष गर्दा पनि भैहाल्छ । कहिलेकाहीँ सामान्य स्थितिमा पनि दुर्घटना भइदिन्छ । हामीले पासाङ ल्हामुलाई गुमाएकै पच्चीस वर्ष भइसक्यो । यो छोटो अवधि होइन । तैपनि हामी उहाँलाई स्मरण गरिरहेका छौँ । उहाँप्रति सम्मान प्रकट गरिरहेका छौँ र उहाँबाट साहस लिइरहेका छौँ, उहाँबाट प्रेरणा प्राप्त गरिरहेका छौँ ।

हामीसँग धेरै हिमालहरू छन् । हामीले कतिपय हिमालको नाम राख्न पनि भ्याएका छैनौँ । हाम्रा सबै हिमालहरूको महत्वलाई हामीले प्रचारमा ल्याउन पनि सकिरहेका छैनौँ । हाम्रो धर्तीको इको सिस्टम, यस धर्तीको क्लाइमेटका लागि पनि हिमाल महत्वपूर्ण छ । मानिसहरूले नेपालको हिउँ पग्लियो, नेपालका हिमाल पग्लिए भन्दा यो नेपालको समस्या हो भन्ने बुझ्न सक्छ । तर यो नेपालको मात्र समस्या होइन । हिउँ पग्लिनुको असर सम्पूर्ण धर्तीमा पर्नसक्छ । त्यसैले यसलाई सबैले साझा चिन्ताको रूपमा लिनुपर्छ ।

हिमाल नेपालमा भएपनि यो विश्वकै प्राकृतिक सम्पदा हो । यो धर्तीको एउटा यस्तो प्राकृतिक सम्पदा हो, यस्तो बनावट हो जसले धेरै कुराहरूलाई सन्तुलनमा ल्याउँछ । यसले मौसमको मात्र कुरा गर्दैन, वातावरणको मात्र कुरा गर्दैन, समग्र विश्वको कुरा गर्छ । अहिले समुद्र प्रदूषित भएको छ । समुद्र प्रदूषित भएपछि त्यहाँबाट पानी एसिडसहित हिमालमा उत्रिन्छ । एसिडले हिमाल काट्छ अनि त्यस पानीले हाम्रा हिमतालहरू (ग्लेसिएर) लाई काट्छ । त्यो पानी विषाक्त भएर आउँछ । हामी दुनियाँलाई अर्गानिक बनाउने भन्दैछौँ । हामी अर्गानिक यता बनाउन

खोज्छौँ, उता महासागरतिरको प्रदूषण, महासागरको एसिड हाम्रो शिरमै फाल्दिएपछि, हाम्रा हिमशिखरको टुप्पाटुप्पामा एसिड फाल्दिएपछि त्यस एसिडले खेती शुरु गर्छ र प्रदूषण बढ्छ । मुलुक अर्गानिक बनाउने हाम्रो सपना वा अर्गानिक बनाउने अभियानमा हामीले विश्वको ध्यानाकर्षण गर्नुपर्दछ - समुद्र पनि प्रदूषित नगरौँ । समुद्र प्रदूषित गरेपछि हिमाल प्रदूषित हुन्छ । हिमाल प्रदूषित भएपछि, हिमालमा हिउँ नरोकिएपछि, नअडिएपछि त्यो पग्लिन्छ । समुद्रमा पानीको सतह बढ्छ । फलस्वरुप साना आइल्याण्ड टापूहरू डुब्न जान्छन् । मैले अघि नै भनेँ, ध्रुवीय प्रदेशको जस्तो त्यहीँ पानी जमेको, त्यहीँ समुद्र जमेको हिउँ होइन । त्यो हिमालको हिउँ हो र तलतिर बग्छ । त्यो पग्लिएर पानीको रूपमात्रै हुने होइन, त्यो झरनाको रूपमा बग्छ, नदीको रूपमा अघि बढ्छ, बाढीको रूपमा तलतल जान्छ । यस चक्रले हामी, हाम्रो समग्र धर्ती र धर्तीको स्वास्थ्य एवम् भविष्यजस्ता कुरालाई प्रभावित गर्छ । हिमाल, पानी र हावा प्युरिफाई गर्ने माध्यम हुन् । हावाले आफूमा 'नेचुरल प्युरिफिकेशन' गर्छ । पानीले 'नेचुरल प्युरिफिकेशन' गर्छ र बग्दै जान्छ, चल्दै जान्छ । समुद्रमा छालहरू किन चल्छन् भन्दा त्यो 'प्युरिफिकेशन' को लागि पनि हो । नेचर (Nature) 'प्युरिफिकेशन' को परागसेचन हो । खोला बग्दै जाँदा फोहोरहरू किन छेउमा फाल्छ ? त्यो 'प्युरीफिकेशन प्रोसेस' हो । एक ठाउँ धुलो उड्यो भने अलि परसम्म हावाले धकेल्दै जाँदा धुलोलाई 'प्युरिफाई' गर्छ र त्यो धर्तीको हावा र पानीको 'प्युरिफिकेशन' को सबैभन्दा ठूलो प्रकृया हो । गाउँघरतिर मोही पार्दा मदानी बीचमा राखेको हुन्छ । त्यो घुमेर दहीलाई फुटाउँछ, मोही र घिउलाई अलग-अलग गर्छ । त्यस्तै यो 'प्युरिफिकेशन' प्रणालीमा हिमाल प्रमुख कुरा हो । हामीले दुनियाँका वैज्ञानिकहरूलाई भन्न जरुरी छ - 'सबबारे रिसर्च गर, अझै रिर्सच गर, खोज ।'

हावा र पानी 'प्युरिफिकेशन' को सबैभन्दा ठूलो माध्यम हो, माटो 'प्युरिफिकेशन' को माध्यम हो । माटोलाई पनि फेरि 'प्युरिफाई' गर्ने हावा र पानी हो । त्यसकारण हावा र पानीलाई आफ्नै ठाउँमा बसेर सबैभन्दा बढी 'प्युरिफाई' गर्ने हिमाल हो । किन त्यहाँ यार्सागुम्बा पैदा हुन्छ ?

किन त्यहाँ औषधि पैदा हुन्छ ? किनभने त्यो त 'प्युरिफिकेशन' को ठाउँ हो, 'प्युरिफाइड' हुन्छ । म दुनियाँकै ध्यानाकर्षण गर्न चाहन्छु - नेपालमा हिमाल तथा पहाड छन् । ती नेपालका सम्पत्ति हुन्, प्रगति हुन् । तर ती नेपालका मात्रै होइनन् । तिनको सरोकार र प्रभाव नेपालसँग मात्रै छैन, विश्व्यापी छ । यदि माउण्टेनलाई हामीले शुद्ध राख्न सकेनौँ, सफा राख्न सकेनौँ, एसिडमुक्त बनाउन सकेनौँ, यदि हिमालमा ठोक्किने बादललाई समुद्रदेखि नै एसिडरहित बनाउन सकेनौँ भने अलि कमजोर देशमाथि आरोप आउने गर्छ । दाउरा बालेर, दुई-तीनवटा दाउरा जोडेर, दुनियाँमा कार्वन उत्सर्जन भएर बिग्रियो भन्ने गरिन्छ । कार्वन उत्सर्जनले अलिकति बिगारेको होला तर कत्राकत्रा जंगलहरूमा कयौँ दिन आगलागी भएपछि कति कार्वन निस्किन्छ ? हाम्रोजस्तो देशमा एउटा सानो ताउलोमा दुइटा रोटी र अलिकति गुन्द्रुक उमाल्दा दुनियाको वातावरण बिग्रिन्छ भन्ने हुँदैन । कार्वन उत्सर्जन त्यहीँबाट भयो भन्ने पनि हुँदैन । समुद्रमा जुन प्रदूषण फालिएको छ, त्यो प्रदूषण सबैभन्दा बढी डरलाग्दो छ ।

मैले पासाङ ल्हामुको पर्वतारोहणको सन्दर्भ र पासाङ ल्हामु स्मृतिको सम्बन्धमा हाम्रा हिमाल पहाडको अर्थ, तिनको सम्बन्ध र असर केसँग हुन्छ ? तिनको प्रभाव केसँग हुन्छ ? तिनको आजमात्र प्रभाव हो कि भोलिसम्म हो भन्ने सवालमा ध्यानाकर्षको लागि केही कुरा उठाएको हुँ । म सहभागी भएका अन्तर्राष्ट्रिय सेमिनारहरूमा यस्ता कुराहरू उठाउने गरेको छु । म साथीहरूलाई पनि भन्न चाहन्छु - तपाईँहरूले विभिन्न देशका कार्यक्रमहरूमा जाँदा यी कुराहरूलाई बढी खुलस्त ढंगले राख्न जरुरी छ । आफ्नै ठाउँमा बसीबसी हाम्रो हिमालको चुचुरोलाई फोहोर नगर भन्नु आवश्यक छ । यहाँ आएरमात्रै फोहर गर्न सकिने होइन, उहीँबाट समुन्द्रको किनारमा तेल पोख्वेर, प्याक गरेर, त्यहीँ प्रदूषित गरेर, त्यहीँबाट सगरमाथालाई फोहोर गर्न सकिन्छ । किनभने बादल त त्यहीँबाट उडेर आउँछ । अनि त्यो बादलले एसिड बोकेर ल्याउँछ । हामी माउण्टेनबाट वाटर, स्टिम वाटरका कुरा गर्छौँ त्यो पनि सोझै आइसबाट लिने हो भने नहुने भैसक्यो ।

हिमालमाथि एसिड बादल ठोक्कियो, पानी पऱ्यो, हिउँ पऱ्यो भने त्यसलाई हाम्रो प्रकृतिले माटो, चट्टान र पत्रहरूमा हुलेर फिल्टर गर्छ । अनिमात्रै तल मूलबाट निकाल्छ, छाँगाबाट निकाल्छ । त्यसकारण अहिलेसम्म म भन्न चाहन्छु उहाँहरूले प्रदूषण गरे पनि मूलहरूबाट फुटेर हिमालको जुन पानी आउँछ, यार्सागुम्बाका पात र जराहरू पखाल्दै औषधिमय भएर जुन पानी आउँछ त्यसलाई हाम्रो माटो र चट्टानको 'नेचुरल फिल्टर सिस्टम' ले 'प्युरिफाइड' गर्छ । अरू औषधिका जरा र पातहरू पखाल्दै, मिनरलहरूबाट बग्दै, औषधिमय भएर आउँछ । त्यस 'प्युरिफिकेशन'ले नेपालको हिमाली पानीलाई साँच्चै स्वस्थ र पिउनलायक बनाउँछ । माथिका मानिसले त्यही पानी खाने हो । अलि तल झरेपछि त्यही पानी खाँदा भने मान्छे बिरामी हुन्छ । हामी प्रकृतिमा साह्रै धनी छौँ । प्रदूषण बढ्दा पनि हाम्रो 'नेचुरल फिल्टरेशन सिस्टम', 'प्युरिफिकेशन सिस्टम'ले काम गरिरहेको छ । हामी फेरि पनि हाम्रो पानीलाई अर्गानिक बनाउनसक्छौँ । हाम्रो पानीलाई 'प्युरिफाइड' र साँच्चैको मिनरल वाटरको रूपमा कायम राख्नसक्छौँ । तर बाँकी दुनियाँलाई हामीले भन्नुपर्छ - प्रदूषणको यही प्रक्रिया बढ्दै जाने हो भने यसलाई त्यस रूपमा कायम राख्न गाह्रो छ । म सबैलाई त्यसप्रति सजग रहन आग्रह गर्न चाहन्छु ।

हाम्रो देशको विभूति हुनुहुन्छ - पासाङ ल्हामु । म एकपटक फेरि उहाँप्रति सम्मान व्यक्त गर्न चाहन्छु । कुनै पनि साहसी कामका लागि हामीले उहाँबाट सधैँभरि प्रेरणा लिइरहने छौँ । उहाँको वीरतालाई जीवित राख्ने काममा क्रियाशील पासाङ ल्हामु प्रतिष्ठानलाई धन्यवाद ।

●

वैशाख १०, २०७५

सन्दर्भ : पासाङ ल्हामु स्मृति

पुष्पलाल, मदन र मनमोहनलाई फ्याँकेर कम्युनिष्ट आन्दोलन बाँच्दैन

हामीले मनमोहन अधिकारीको व्यक्तित्वलाई एउटा अभिभावक व्यक्तित्वको रूपमा, एउटा शीतल छहारीको रूपमा, एउटा प्रेरणाश्रोतको रूपमा ग्रहण गरिरहेका थियौँ । परिस्थिति जटिल थियो, अप्ठ्याराहरू थिए । हामी एउटा अभियानमा सरिक थियौँ । सुन्दर भविष्यका सपनाहरू साचेर अगाडि बढिरहेका थियौँ । ०५६ सालको शुरु अर्थात वैशाख १३ गते हामी एउटा अभियानमा लागिरहेका बेला उहाँ अचानक बिदा हुनुभयो । त्यतिबेला हामी अत्यन्तै व्यथित, पीडित बनेका थियौँ । आज १९

वर्षपछि हामी ती दिनहरूलाई सम्झिरहेका छौँ, उहाँलाई सम्झिरहेका छौँ, उहाँप्रति आदरभाव र श्रद्धाभाव अर्पण गरिरहेका छौँ ।

उहाँ हाम्रा आदरणीय नेता हुनुहुन्थ्यो, पार्टीका अध्यक्ष हुनुहुन्थ्यो । हामीले अध्यक्ष भन्ने शुरु गरेकै मनमोहन अधिकारीबाट हो । त्यसभन्दा अगाडि हामीकहाँ महासचिवमात्रै हुन्थ्यो । उहिलेदेखि, पुष्पलालदेखि माधव नेपालसम्म आइपुग्दा सबै महासचिव । पार्टीको प्रमुख महासचिव हुन्थ्यो । हामी अध्यक्ष भन्दैनथ्यौँ । मनमोहनजीमा आइपुग्दा उहाँको गरिमाअनुसार महासचिवको सम्बोधन अलि मिलेन कि जस्तो पनि लाग्यो र हामीले अध्यक्ष भन्ने बनायौँ । उहाँ नरहनुभएपछि अध्यक्ष पद राख्ने कि नराख्ने भन्ने पनि भयो । पार्टीमा फेरि अध्यक्षको पद नै सिध्याइदियौँ । उहाँभन्दा पछि बीचको अवधिमा मात्रै होइन, महाधिवेशनबाट पनि महासचिव मात्रै राख्यौँ, अध्यक्ष राख्नेनौँ । फेरि यसो विचार गऱ्यौँ यो पदलाई व्यक्तिसँग मात्र जोडेर हेर्नुहुँदैन । व्यक्तिको गरिमा, व्यक्तिको महत्व, व्यक्तिको सम्मान एउटा कुरा हुन्छ तर पदलाई त्यसरी हेर्नहुन्न भनेर फेरि हामीले अध्यक्षको पुनःरचना गऱ्यौँ । यसबाट हामी मनमोहनजीप्रतिको धारणा र सम्मान बुझ्नसक्छौँ । उहाँ वास्तवमै हामी सबैका श्रद्धेय र शीर्षस्थ नेता हुनुहुन्थ्यो ।

उहाँको स्मृतिलाई ताजा राख्न, उहाँको आदर्श जीवनबाट प्रेरणा लिन हामीले विभिन्न काम गरेका छौँ, कुनै सामुदायिक काम, कुनै सामाजिक । मनमोहन अधिकारीलाई स्नेह गरेर, सम्मान गरेर, आदर गरेर नै ती कामहरू भएका छन् । हामीले विभिन्न शिक्षण संस्थाहरू सञ्चालन गरेका छौँ । पूर्वाञ्चलमा मनमोहन पोलिटेक्निकल इन्टिच्युट सञ्चालनमा छ । त्यसलाई हामीले राष्ट्रको गहनाको रूपमा, राष्ट्रकै सम्पत्तिको रूपमा र राष्ट्रमै निरन्तर दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाको रूपमा लिएका छौँ । त्यो संस्था नाफाप्रति आकर्षित छैन, देशप्रति समर्पित छ । नाफा त्यसको ध्यान होइन । साथीहरूले कहीँ सहकारीका रूपमा चलाउन चाहेका छन्, कहीँ निजी रूपमा पनि चलाएका होलान् । निजी रूपमा चलाउँदा त्यहाँ स्वाभाविक रूपमा नाफा-नोक्सानको हिसाब

होला । त्यसभित्र पनि कुनै न कुनै रूपमा मनमोहन अधिकारीप्रति सम्मानभाव प्रकट भएको छ । यद्यपि हामी निजी क्षेत्रबाट, निजी उद्देश्यबाट सञ्चालित हुने कुरालाई त्यति उपयुक्त मान्दैनौँ । हामीले लिङ्कन कलेज विश्वका विभिन्न ठाउँहरूमा चलाएको लेखेका छौँ । लिङ्कनका नाममा नाफा कमायो भने के हुने ? लिङ्कनको गरिमा र महत्व घटेको हुँदैन । ठीकै छ, कसैले चलाउला लिङ्कनका नाममा । कसैले अरू कसैका नाममा चलाउला तर सेवाभावले काम गर्ने हो भने त्यसबाट नेताका काम, योगदान र महत्तालाई घटाएको हुँदैन ।

मनमोहन अधिकारीको जीवन एउटा अविचल आस्थाको, निरन्तरताको, कठिन परिस्थितिमा पनि अडिन सक्ने, आँधी-तुफानहरूका विरुद्ध अडिनसक्ने एउटा निष्ठाको जीवन हो । उहाँको व्यक्तित्व धरहरा जस्तो छ ।

हामीले वैशाख ९ गते पार्टी स्थापना दिवस मनायौँ । स्थापना दिवस मनाउँदा संस्थापकहरूका नामको चर्चा गऱ्यौँ । संस्थापकहरूको नामको चर्चा गर्दा मनमोहन अधिकारीलाई संस्थापक होइन भनेर भन्न मिल्दैन । कमिटी बनाएका दिन उहाँ त्यहाँ हुनुहुन्नथ्यो मात्र भनिएको हो । यहाँ पार्टी स्थापना हुनुभन्दा सात वर्षअगाडि उहाँ भारतको जेलमा हुनुहुन्थ्यो । नेपालमा २००६ सालमा कम्युनिष्ट पार्टीको स्थापना भयो भने उहाँ १९९९ सालमै भारतमा अंग्रेज भगाउ आन्दोलनमा सक्रिय हुनुहुन्थ्यो । एकपटक नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले मनमोहन अधिकारीको संगतबाट शुरुमा म पनि कम्युनिष्ट भएको थिएँ भनेर भन्नुभएको थियो । उहाँको त्यो स्वीकारोक्ति सार्वजनिक कार्यक्रममै व्यक्त भएको थियो । दाइ वीपी कोइरालाले सम्झाइ-बुझाइ गरेपछि उहाँ कम्युनिष्ट छोडेर कांग्रेसतिर लाग्नुभएको थियो । गिरिजाप्रसाद कोइराला वि.सं. १९९९ सालदेखि २००४ सालसम्म कम्युनिष्टको काममा रहेको र चार सालपछि मात्र कांग्रेस बन्नुभएको थियो । कांग्रेसको सभापति भएको हुनाले, देशको प्रधानमन्त्रीसमेत रहेको हुनाले गलत बाटो समातेँ भन्न मिलेन । तर उहाँले भन्न नसके पनि त्यो भाव व्यक्त भइराखेको

थियो । २००४ सालसम्म भएपनि कम्युनिष्ट भएको कुराको गर्व उहाँमा झल्किन्थ्यो ।

हामी इतिहासलाई गौरवपूर्ण ढंगले अगाडि बढाउन चाहिरहेका छौँ । कतिपय मान्छेले बुझ्दैनन् समुद्रमा छाल उठ्छ, उठेको छाल फेरि बस्छ, बसेको उठ्दैन भन्ने होइन फेरि छाल उठ्छ । कहिले कहिले न्यायहरू दब्छन्, सत्य कहिलेकाहीँ अस्थायी रूपमा दब्छ । अन्तिम जीत सत्यको, सधैँ सत्यको जीत भन्ने मात्रै पनि होइन । सत्य दबाइँदैनथ्यो भने द्रब्य शाहले प्रतिस्पर्धाबाट राजा हुने प्रणालीलाई छमछम तरबारले काटेर आफैँ राजा घोषणा गर्न सफल हुँदैनथे । सत्य एकछिनलाई दब्छ, अलिक समयलाई दब्छ, त्यो कुरा पनि दब्यो । द्रव्य शाहले जालीझेली काम गरेका हुन्, अपराधपूर्ण ढंगले आफूलाई राजा घोषणा गरेका हुन्, उनले प्रतिस्पर्धामा दौडिएर जितेको होइन, षड्यन्त्रबाट जितेको हो भन्ने कुरा अलि समय दब्यो । तर अलिपछि त त्यो प्रकट भयो । कतिपय कुराहरू यस्ता हुन्छन् जुन तत्कालका लागि दब्छन्, दबाइन्छन् । अलि पछाडि ती कुराहरू फेरि प्रकट भएर आउँछन् । कार्ल मार्क्सको पेरिस कम्युन एकपटकलाई दब्यो । तर जबसम्म पेरिस कम्युनका उद्देश्यहरू सफल हुँदैनन् अथवा न्याय प्राप्ति, मानवीय समृद्धि, मानवीय समानता, मानवीय महत्ता, मानवीय सम्मान र गरिमासहितको सम्मानयुक्त समाजको स्थापना हुँदैन तबसम्म पेरिस कम्युन विभिन्न समयमा विभिन्न ठाउँमा प्रकट भइरहने छ ।

पार्टी स्थापना दिवसमा पनि हामीले देख्यौँ, केहीलाई पुष्पलालको फोटो नहटाई भएन । उनीहरूलाई त्यो हाम्रो मान्छे होइन भन्ने पीर पऱ्यो । पुष्पलाललाई आफ्नो मान्छे नदेख्ने ? मनमोहन अधिकारीलाई आफ्नो मान्छे नदेख्ने ? मदन भण्डारीलाई आफ्नो मान्छे नदेख्ने ? हामीले बुझाउन सकेका रहेनछौँ भन्नुपर्छ, बिस्तारै बुझ्छन् । अर्को बाटो छैन । अहिले आएर मञ्चमा बनाएको ब्यानर हेरेर उफ्रिनु एउटा कुरा होला, राणाशासनको अन्धकार युगमा कम्युनिष्ट भएर उभिनु अर्कै कुरा हो । पञ्चायतको जमानामा कैलालीको बाघभालुको जंगलमा राति

एकान्तमा छोडिएर आउनु र अलपत्र हिँड्नुका कथा बेग्लै हुन् । अहिले त्यस्तो छैन भन्न सकिन्छ । हामीले धेरै मान्छे चिन्थ्यौँ होला, आजको डिजिटलको समयमा क्यामेरामा रिल पनि खत्तम हुँदैन, जति पनि फोटो खिचेर टास्थ्यौँ होला । किन पुष्पलालको, किन मदन भण्डारीको, किन मनमोहन अधिकारीको फोटो राख्ने त ? विचारको हिसाबले, इतिहासको हिसाबले, योगदानको हिसाबले, स्थापनाको हिसाबले, त्यसलाई अगाडि बढाउने हिसाबले, ढलेका बेला उठाउने हिसाबले, गतिहीन भएका बेला गति दिने हिसाबले, सकियो भनेका बेला जिउँदो छु भनेर आवाज उठाउने हिसाबले, सबै हिसाबले हो । उहाँहरूको जीवन तथा विचारमा अर्थ छ, जसबाट हामी प्रेरणा लिनसक्छौँ । त्यो प्रेरणा लिन छोडेका दिन नेपालको कम्युनिष्ट आन्दोलन समाप्त भयो भनेर बुझे हुन्छ । हामी पुष्पलाललाई फ्याँक्छौँ, मनमोहनलाई फ्याँक्छौँ, मदन भण्डारीलाई फ्याँक्छौँ भने कम्युनिष्ट आन्दोलन बाँकी रहँदैन । त्यो यथार्थ हामीले थाहा पाउनुपर्छ । हामीले आन्दोलनलाई आज एउटा नयाँ उचाइमा पुऱ्याएका छौँ र त्यसलाई जोगाएर सफलतातर्फ अगाडि बढाउँछौँ ।

यो कम्युनिष्ट पार्टी एकजुट हुन्छ कि हुँदैन भनेर कति मान्छेहरूमा अलिकति अन्योल छ, कतिमा अलिकति आशंका छ । विचारका सन्दर्भमा हाम्रा अभिभाराहरू, हामीले गर्नुपर्ने काम, देश र जनताप्रति हाम्रो कर्तव्यको चर्चाभन्दा म कहाँ हुन्छु, मेरो पक्ष कहाँ हुन्छ, हामी कति हुन्छौँ, कसो हुन्छौँ जस्ता कुराहरूले अनावश्यक चर्चा पाउन थालेको छ । यसले जनतामा आशंका बढेको छ । तर म के स्पष्ट गर्न चाहन्छु भने - केहीकेहीले त्यता ध्यान दिएपनि आम नेता-कार्यकर्ता तथा जनताको ध्यान त्यतापट्टि होइन, देशको भविष्यतिर सोझिएको छ । हाम्रो ध्यान देशलाई सुशासन दिने कुरामा, देशलाई समृद्धिमा लाने कुरामा, देशलाई विकासको बाटोमा हिँडाउने कुरामा, देशमा अग्रगामी परिवर्तन ल्याउने कुरामा केन्द्रित छ । म भर्खर कर्णाली पुगेर आएँ । मैले कर्णालीका विभिन्न ठाउँ हेरेँ र बुझेँ । कर्णालीका समस्या कसरी समाधान गर्ने ? अब सरकारले त्यस सम्बन्धमा स्पष्ट नीति र योजना अगाडि बढाउँछ । अब हामी पछौटेपन र पछौटे अवधारणा हटाउँछौँ ।

यो विकासको पहिलो शर्त हो । हामी विकासका अनुकूल स्थितिहरूको सिर्जना गर्छौं । यो अहिलेको आवश्यकता हो । सुशासन, स्वच्छता, पारदर्शिता अवलम्बन गर्छौं । पुष्पलालको इच्छा, मनमोहन अधिकारीको इच्छा र मदन भण्डारीको इच्छा वास्तवमा नेपाललाई एउटा समृद्ध नेपाल बनाउने हो । पार्टी यसै दिशामा लागेको छ ।

हिजो पुष्पलालाई पछाडि पार्नका लागि देशलाई नै पछाडि धकेलिदिने काम भयो । त्यो अत्यन्त गलत कुरा थियो । पार्टीमा पुष्पलालको नीति पास भयो तर जालझेल गरेर उहाँलाई नेतृत्वमा आउन दिइएन । त्यसले आन्दोलनमा ठूलो नोक्सान भयो । हामीले इतिहासबाट आन्दोलनमा फराकिलो मन चाहिँदो रहेछ, वैयक्तिक स्वार्थलाई केन्द्रभागमा राख्ने होइन, देशको हितलाई केन्द्रभागमा राख्नुपर्ने रहेछ भन्ने पाठ सिक्नैपर्छ ।

आज आन्दोलन एउटा उचाइमा पुगेको छ । मनमोहन अधिकारीको एउटा इच्छा सवल, सुदृढ र एकीकृत पार्टी निर्माण गर्ने थियो । त्यसलाई हामी पूरा गर्दैछौं । त्यसले नेपालको राजनीतिमा मनोवैज्ञानिक, व्यावहारिक र सांगठनिक हिसाबले ठूलो परिवर्तन ल्याउँछ । नयाँ केही चीज हुँदैन भन्ने होइन, त्यो नयाँ कुरा नै हुनेछ, नयाँ सन्देश नै हुनेछ । सिमेन्ट सिमेन्ट नै हुन्छ, पानी पानी नै हुन्छ, बालुवा बालुवा नै हुन्छ, गिट्टी गिट्टी नै हुन्छ । एक ठाउँमा घोलेर प्लास्टर गर्दियो भने त्यो बेग्लै बन्छ । हाम्रो एकता पनि त्यस्तै हो । सवाल उपयुक्त मात्राको मात्र हो । उपयुक्त मात्रा भएन भने अलिकति नजम्ला कि भन्ने पीर हुन्छ । यस्तो बेलामा के हुन्छ भने - गिट्टीले मेरो महत्व बढी छ म बढी चाहिन्छ भन्छ, बालुवाले म बढी चाहिन्छ भन्छ, पानीले फुक्का भयो जम्दैन है भन्छ, सिमेन्टले सिमेन्टको महत्व बुझेको खोइ भन्छ । यस्ता कुराहरू आउँछन् । हामीले तिनको सन्तुलन हेर्छौं । उपयुक्त मिलान, उपयुक्त जडान गरेर पार्टी एकता हुन्छ । अलिकति तलमाथि पऱ्यो भने, पानी अलिकति बढी भयो भने सुक्नलाई समय बढी लाग्छ, त्यतिमात्र हो । त्यो मिलिहाल्छ ।

हामी एकीकृत पार्टी निर्माण गर्छौं र अगाडि बढ्छौं । यस सन्दर्भमा हामी आदरणीय व्यक्तित्व मनमोहन अधिकारीका उद्देश्यहरू सफल बनाउने बाटोमा नै हिँडिरहेका छौं । राष्ट्रियताको सवालदेखि लिएर विकास निर्माणका सवालमा समेत हाम्रा नीतिहरू स्पष्ट छन् । हामी पुनर्निर्माणका काममा छौं । हिजो म धरहरामा गएँ । हामीले त्यहाँबाट 'मै बनाउँछु मेरो धरहरा' अभियान अगाडि बढाउन आह्वान गरेँ । एउटा सञ्चार माध्यमले गजबले लेख्वेछ । भाँच्चिएको धरहराको ठुटो छेउमा झकिझकाउ मंञ्च बनाएर प्रधानमन्त्रीले दुई वर्षअगाडि, तीन वर्षअगाडि भनेका कुरा फेरि पनि भन्यो भनेर लेख्वेछ । विचरा त्यो सञ्चार माध्यमलाई झकिझकाउ शब्दको अर्थ नै थाहा रहेन छ । त्यहाँ मञ्च नै थिएन, कसरी झकिझकाउ भयो ? कठैबरी, त्यस्तो लेख्ने पत्रकारलाई देख्वेर माया लाग्यो मलाई । जेहोस् हामी स्पष्ट उद्देश्यका साथ देश अगाडि बढाउने संकल्पमा लागेका छौं । देशलाई सफल ढंगले अघि बढाउन सक्यौं भने मनमोहन अधिकारीप्रतिको हाम्रो श्रद्धा त्यहीँ प्रकट हुनेछ ।

●

वैशाख १३, २०७५

सन्दर्भ : मनमोहन स्मृति कार्यक्रम

राजनीतिक उतार-चढावको दस्तावेज

एउटा राम्रो काम भएको छ। भरतमोहन अधिकारीले 'संसददेखि संविधानसभासम्म' पुस्तक तयार गर्नुभएको छ। यो उमेरमा पुस्तक तयार गर्न छाया-लेखकहरूले साथ नदिएको भए गाह्रो हुन्थ्यो होला। यो छाया-लेखन नेपालको हकमा पहिलो अभ्यास नै जस्तो लाग्छ मलाई। यो सफल अभ्यास पनि हो। जेजसरी भएपनि यो एउटा राम्रो काम भएको छ।

भरतमोहन अधिकारीले आफ्नो लामो समयका अनुभवहरू विभिन्न ढंगले विभिन्न समयमा प्रकट गर्दै आउनुभएको छ । राजनीतिका निकै उतार-चढावहरू र सफलता-असफलताहरूलाई उहाँले देख्नुभएको छ, अनुभव गर्नुभएको छ । त्यस्तैत्यस्तै बिन्दुबाट संविधान निर्माणसम्म आइपुग्दाका अनुभवहरू समेटेर उहाँले यो पुस्तक तयार गर्नुभएको छ । यस पुस्तकमा जीवनी छ, इतिहास छ, घटनाक्रम छन्, तथ्यहरू छन् र विश्लेषण छ । राजनीतिक उतार-चढावका दस्तावेजको रूपमा पनि यस पुस्तकलाई लिन सकिन्छ ।

पुस्तक विभिन्न ढंगले लेखिन्छन् । प्रायशः पुस्तक जीवनको एक अवधिको रूपमा लेखिन्छन् । यो पुस्तक पनि जीवनको एक अवधिमा केन्द्रित छ, सिङ्गै अवधिमा अलि छैन ।

पुस्तक गणितमा पनि लेख्न सकिन्छ, विज्ञानमा पनि लेख्न सकिन्छ, खगोलमा पनि लेख्न सकिन्छ, भूगोलमा पनि लेख्न सकिन्छ, चित्रकलामा पनि लेख्न सकिन्छ, प्रस्तरकलामा पनि लेख्न सकिन्छ, अरू विधाहरूमा पनि लेख्न सकिन्छ । त्यस्तै, स्वास्थ्य विज्ञान, चिकित्साशास्त्र, इन्जिनियरिङ वा अन्य विषयमा पनि लेख्न सकिन्छ । तर सबैभन्दा रङ्गीन मानिसको जीवनमा लेखिएको पुस्तक हुन्छ होला किनभने सबै राम्रा-नराम्रा काम गर्ने मानिस नै हो । अरूका बारेमा लेख्यो भने पनि त्यो मान्छेले नै लेख्ने हो ।

जीवन अनौठो छ । आज हामी यहाँ चार-पाँच पुस्ताका मानिस बसेका छौँ । विविध जीवन । हामीले महाभारत पढ्यौँ भने विविधतायुक्त जीवन देखिन्छ । मथुराको जेलमा जन्मिएदेखि, वासुदेवले यमुना तारेर नन्दकहाँ पुऱ्याएदेखि वा यशोधाकहाँ पुऱ्याएदेखिको चकचके । कहिले घैँटो फुटाइदिने, कहिले दही खाइदिने, कहिले मखनको घैँटो घोप्ट्याइदिने, कहिले चाटचुट पारिदिने कृष्ण देखिन्छ । कृष्णको मात्र जीवन हेऱ्यो भने एक चरणमा दहीको घैँटो फुटाउने कृष्ण देखिन्छ । अलि पछि यस्तो पनि जमाना आयो जहाँ कृष्णको वरिपरि लस्कर

हुन्थ्यो गोपिनीहरूको । कसैले इर्ष्या गरेर कृष्णलाई भन्यो - 'यति धेरै गोपिनीहरू एक्लै लिएर हिँडेका छौ, अलिअलि हामीलाई पनि छोड न ।' कृष्णले जवाफ दिए - 'जुन गोपिनीको खोपीमा म छैन, त्यो गोपिनी तिम्रो भो लैजाऊ ।'

त्यसपछि मान्छे खोज्न गए । 'एक्लै हो ?' भनेर एउटी गोपिनीलाई सोध्या, 'होइन, कृष्ण हुनुहुन्छ मसँग ।' भनेर जवाफ दिई । त्यसपछि अर्की भएको ठाउँमा गएर फेरि सोधियो - 'एक्लै हो ?' उसले पनि जवाफ दिई - 'होइन, मसँग कृष्ण पनि हुनुहुन्छ ।' सबै गोपिनीले आफूसँग कृष्ण भएको जवाफ दिए । त्यति लोकप्रिय कृष्ण, गोपिनीमय कृष्ण, राधा हुरुक्क हुने कृष्ण । कृष्णको बासुँरीको धुनले वनै गुञ्जयमान हुन्थ्यो । गोपिनीमात्रै, राधामात्रै होइन, गाईहरू पनि झुम्मिएर आउँथे । चराचुरी पनि झुम्मिन्थे । कृष्ण त्यस्ता । चक्रधर कृष्ण, पाञ्चजन्य शंख फुक्ने कृष्ण । एक पाञ्चजन्य शंख कृष्णले फुके भने केही हुनेवाला छ भन्ने थाहा हुन्थ्यो ।

अर्कातिर हेऱ्यो - महाभारतका रचनाकार कृष्ण । अर्जुनका सारथि कृष्ण । लड्दिन भनेको अर्जुनलाई फेरि उठाएर, बहकाएर, उचालेर, भड्काएर लडाउने कृष्ण । गीताका उपदेश दिने कृष्ण । जब यदुवंशीहरूले एक आपसमा मारामार गरे, पुरुषहरू सकिए, महिलाहरू मात्रै बाँकी रहे । तिनलाई कतै त लगेर जोगाउनु पऱ्यो भनेर हस्तिनापुर पुऱ्याउन हिँडेका कृष्ण । बीचमा भिल्लाहरूले पाता कसेर चड्कन लगाएर महिलाहरू लिएर गएपछि बल्लबल्ल हात फुस्काएर हिँडेका कृष्ण । कृष्णले जीवनको उत्तरार्द्धमा बासुँरी फुक्न खोजे । दाँत फुक्लिएको मुखले बाँसुरी फुक्दो रहेन छ । सकेनन्, छोडिदिए र फ्याँकिदिए । चक्र चलाउन खोजे, बूढो भएपछि चक्र पनि चल्दो रहेन छ । राधा पनि छैनन्, कता गइन् कता । गोपिनी पनि छैनन् । गालामा चाउरी पऱ्यो । आँखीभौँ पनि फुले । साथै हिँड्ने अर्जुन पनि विरक्त भएर हिँडे र युधिष्ठिरका पछिपछि लागेर उतै सिध्दिए । न कोही साथमा छ, न कसैको साथ छ । एउटा होचो रुख भेट्टाएपछि रुखको हाँगामा चढेर,

खुट्टा हल्लाउँदै बसेका थिए । चरा मार्दै हिँडेको एउटा शिकारी त्यहीँ आइपुग्यो । उसले रुखको हाँगामा केही झुण्डिएको देखेपछि धनुवाण त्यतै तन्कायो । उसले कृष्णको खुट्टामै बाण हानिदियो । त्यही वाणले कृष्ण खुत्रुक्कै मरे । जुन कृष्ण शिशुपालको वध गर्नसक्थे, जरासन्धको वध गर्नसक्थे, कंशलाई ठहरै मार्न सक्थे, आफूले चाहेकालाई हराउन र जिताउन सक्थे तिनै कृष्णलाई एउटा शिकारीले खुत्रुक्कै पाऱ्यो । जीवन यस्तै त रहेछ । कथा पनि यस्तै रहेछ । जीवनको कथा भनेको पनि यस्तै रहेछ । यो सबै के रहेछ भने जीवन । कहानी पनि यस्तै रहेछ । जीवनको कहानी भनेको पनि यस्तै रहेछ । चराको शिकार गर्दै हिँडेको एउटा जाराले फ्याट्ट वाण हान्दा कृष्णको इहलीला समाप्त भयो । जीवन त्यस्तै हो ।

हामी अहिले कृष्णको कुरा गरिरहेका छौँ । यथार्थ त्यही हो । एउटा कुनै पक्षमा मात्र लेखिएको जिन्दगीभन्दा पढ्नेलाई समग्र जिन्दगी शायद धेरै रमाइलो हुन्छ । पढ्नलाई सबै पक्ष रमाइलो । कृष्णलाई त गोपिनी साथमा भएका बेला रमाइलो थियो होला । पछि शिकारीले बाण हानेको बेला केको रमाइलो ? त्यही भएर जिन्दगी सधैँ रमाइलो हुन्छ भन्ने छैन । एक्लिएका बेला जिन्दगी रमाइलो हुन्छ भन्ने छैन । जिन्दगी एकनास हुँदैन । जिन्दगीका आफ्ना-आफ्ना कथा होलान्, राधाका कथाहरू होलान्, कृष्णका कथाहरू होलान् । कहिले-कहिले मान्छे जन्मेका कथा होलान्, कहिले कहिले चक्रका कथा होलान्, कहिले महाभारतका कथा होलान् । धेरै कथाहरू होलान् । ती सबै लेखौँ । लेख्न गाह्रो लाग्छ भने घोष्ट राइटिङ छँदैछ । कसैले मैले अघि भनेको श्रीकृष्णको कथा नलेखिदिएको भए त थाहै हुँदैनथ्यो होला नि । त्यसबेला पनि अरुबाट लेख्ने, लेखाउने चलन थियो । लेखनको परम्परा सिक्न हुँदैन भन्ने छैन । म त लेखनमा, साहित्यमा, चिन्तनशीलतामा, कथानक वा कलात्मक कृतिहरूमा हामीले पश्चिमबाट त नाम पनि सापटी लिनु हुँदैन भन्छु । किनभने जतिबेला हामीकहाँ शास्त्र बनेको थियो, जतिबेला हामीकहाँ ज्ञान बनेको थियो त्यतिबेला अन्यत्र ज्ञान

भन्ने कुराको अत्तोपत्तो थिएन । हाम्रा पुर्खाहरू जतिबेला ज्ञान जम्मा गर्दै थिए, संगृहीत गर्दै थिए, सूत्रीकृत गर्दै थिए र त्यसको प्रचार-प्रसार गर्दै थिए, त्यसबेला बाँकी दुनियाँ त कताकता अन्धकारमा थियो । मैले धेरै ठाउँमा भन्ने गरेको छु - यहाँ 'अभिज्ञान शकुन्तलम्' लेखिएका बेला आज साहित्यको विकास गऱ्याँ भन्नेहरूका ठाउँमा मान्छेहरू हातमा ढुंगा लिएर शिकारको खोजीमा हिँडेका थिए । राइट ब्रदर्शले डाँडाँभाटा जोडेर प्लेन बनाउन शुरु गरेका थिए । तर वाल्मीकिले त्रिवेणीमा बसेर पुष्पक विमानको कल्पना गरेका थिए । पुष्पक विमान लङ्का लगेर सीता र रामहरूलाई ल्याएका थिए । त्रिवेणीमा बसेर कल्पना नै गरेको भएपनि कल्पनाको उडान कम्तीको छैन । हाम्रा पुर्खाहरूले अनौठा-अनौठा कल्पनाहरू उहिल्यै गरेका थिए ।

'जेनेटिक मेमोरी'ले असाधारण काम गर्छ । हामीसित विद्वान् पुर्खाको 'जेनेटिक मेमोरी' छ । पुर्खाको 'जेनेटिक'ले काम गर्दैनथ्यो भने न लेखन हुन्थ्यो, न प्रकाशन हुन्थ्यो, न किताब निस्किन्थ्यो । केही पनि हुँदैनथ्यो । हामीले पूर्वजको कमाइ खाइराखेका छौँ । हाम्रो ज्ञानसीपमा हाम्रो थोरै अंश मात्रको मिहिनेत छ । हाम्रो बौद्धिकता पुर्खाको मिहिनेत र मानसिकताको बलियो जगमा उभिएको छ । हाम्रा पुर्खाहरूबाट कार्वन तत्वबाट हामीमा पुर्खाको अनुहार, आनीबानी र आकारप्रकार मात्रै होइन, मानसिक हैसियत पनि आएको हुन्छ । सवाल त्यो प्रकट हुन पाउँछ कि पाउँदैन भन्नेमात्र हो, विकास हुन पाउँछ कि पाउँदैन भन्नेमात्र हो ।

पुर्खाको कमाइ छैन र पुर्खाको जगबाट उठेको होइन भने अवसर पाउँदैमा उन्नति गर्न सकिँदैन । गाईको बाछालाई बोर्डिङ स्कूलमा हाल्दिनोस्, भैँसीको पाडोलाई बोर्डिङ स्कूलमा लाल्दिनोस्, बाख्राको पाठोलाई हाल्दिनोस् ,केही हुँदैन । उसका पुर्खाको मिहिनेतको जग नै बलियो छैन । तपाईँले पाँचा-पाँच वर्ष पढाउँदा पनि त्यसले पाँच पास होइन कि म्याँबाट प्याँ गर्दैन । एक पुस्तामा हुने कुरा होइन, त्यसका लागि 'जेनेटिक मेमोरी' चाहिन्छ । हामी 'जेनेटिक मेमोरी'को जगमा उठ् नुपर्छ ।

हामीले 'घोष्ट राइटिङ' भने पनि यो 'व्यास राइटिङ'बाट शुरु भएको हो । त्यसकारण अहिले अलिकति मिक्स मसलामात्रै हो 'घोष्ट' भनेको । तर हो 'व्यास राइटिङ' । हाम्रो साहित्यमा नवरस भन्ने छ । पश्चिममा त्यसको गन्ध छैन । पश्चिम अहिले पनि रस र जुस छुट्याउन सक्दैन । नवरस हाम्रा पुर्खाले हजारौँ वर्षअगाडि पत्ता लगाए । हामीसित त्यसको परम्परा छ । संगीतका सप्तसुर-ताल हामीले चाल पायौँ । हाम्रो त जिन्दगी नै सप्तस्वरमय छ, नवरसमय छ । अघि मैले कृष्णको एउटा कथा भने -त्यहाँ नौवटा नभए पनि सातवटा त आएका होलान् । हामीसँग त्यस्तो परम्परा छ । हामी कलाका पारखी हौँ ।

मैले अमेरिका देखेको छु, घुमेको छु । त्यहाँ नेपालको जस्तो एउटा झ्याल अमेरिकाभरि हिँड्दा पनि भेटिँदैन । भक्तपुरको, पाटनको, काठमाडौँको, कीर्तिपुरको जस्तो एउटा ढोका अमेरिका सारा घुम्दा पनि देखिँदैन । त्यहाँ हाम्रोजस्तो परम्परा नै छैन । कोलम्बसको समय भनेको त अस्तिमात्र त हो पत्ता लागेको । हाम्रो चाँगुनारायण सयौँ वर्षदेखि डाँडामा उभिएर बसेको छ । त्यसले पेरिस, लण्डन, एथेन्स आदि बनेको र भत्केको देखेको छ । हाम्रो यस परम्परालाई कायम राख्न घोष्ट राइटिङले मद्दत गरेको छ, राम्रो काम गरेको छ । मलाई खुशी लागेको छ । भरतमोहन अधिकारीको जाँगर र उत्साह देखेर अझै बढी खुशी लागेको छ ।

माधव कमरेडले ८४ भन्नुभयो, म त ७२ जस्तो देख्छु । उहाँको जोश-जाँगर उत्तिकै छ । आज उहाँ ८१ वर्ष पुगी ८२ वर्ष लाग्नुभयो । अर्थात् आज उहाँको जन्मदिन । उहाँको जन्मदिनको सन्दर्भमा म आफ्नो तथा हामी सबैको तर्फबाट उहाँलाई धेरैधेरै शुभकामना एवम् बधाई भन्न चाहन्छु । यो जन्म दिनलाई जन्मदिन भनेरमात्र पुगेन जस्तो हुन्छ, बर्थडे भन्नुपर्छ । 'ह्याप्पी बर्थडे टुयू' । भरतमोहन अधिकारीज्यूलाई सबैको तर्फबाट 'ह्याप्पी बर्थडे टु यू' । हामी अलिकति थोरै बर्थडे पनि मनाऔँ, 'सेलिब्रेट' पनि गरौँ ।

भरतमोहन अधिकारीले नेपालको कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण योगदान दिनुभएको छ । उहाँले यो आन्दोलनमा ठूलो गुन लगाउनु भएको छ । आज उहाँको जन्म दिन । ८२ वर्षमा लाग्नुभएकोमा बधाई र शुभकामना । जन्मदिनका दिन पुस्तक प्रकाशित गरेर आजको दिनलाई अझै स्मरणीय बनाउनु भएको छ । फेरि पनि उहाँलाई हार्दिक बधाई र शुभकामना ।

●

सन्दर्भ : राजनीतिज्ञ भरतमोहन अधिकारीको पुस्तक 'संसददेखि संविधान सभासम्म'को लोकार्पण

सर्वाधिक प्रभावशाली दार्शनिक

मानवजातिको इतिहासमा सर्वाधिक ठूला चिन्तक कार्ल मार्क्स जन्मेको २ सय वर्ष पूरा भएको छ । मार्क्सले एउटा सहस्राब्दीलाई नै सर्वाधिक प्रभावित गर्नुभयो । मार्क्सको सहस्राब्दी चिन्तनको सहस्राब्दी हो, विचारको सहस्राब्दी हो, उथलपुथल र तीव्र परिवर्तनको सहस्राब्दी हो ।

दर्शनको हिसाबले भन्ने हो भने मार्क्सको सबैभन्दा ठूलो योगदान मार्क्सवादी दर्शन हो । हामीले जसलाई मार्क्सवादी दर्शन भन्यौ - त्यो

द्वन्द्वात्मक भौतिकवाद हो । द्वन्द्वात्मक भौतिकवाद नै कार्ल मार्क्सको सबैभन्दा ठूलो योगदान हो, जसले सम्पूर्ण विश्व, चराचर, प्रकृति, उत्पत्ति र विनाशजस्ता विषयमा सही र वैज्ञानिक उत्तर दिएको छ ।

मानवजातिको जिज्ञासामा विभिन्न चिन्तनहरू भए । मानवको सृष्टि कसरी भयो, धर्ती कसरी बन्यो, ग्रह नक्षत्रहरू कसरी बने, जीवन र मृत्यु के हो ? यस्ता कुराहरूको बारेमा निकै चिन्तन-मननहरू भएका छन् । पूर्वीय दर्शन, पूर्वीय सभ्यतामा यस्ता दार्शनिक चिन्तनको धेरै ठूलो सिलसिला छ, श्रृंखला नै छ । हाम्रा पूर्वजहरूले धेरै चिन्तन गरे र यथार्थ दृष्टिकोणहरू पनि निकाले । धेरै दार्शनिक चिन्तनका निष्कर्षहरू सही छन् । केही आंशिक रूपमा सही छन् । तर पूर्ण रूपमा सही हुन पुगेनन् । कतिपय दार्शनिक चिन्तनहरू सूत्रीकृत हुन सकेनन्, ती सैद्धान्तिक रूपमा उठ्न सकेनन् वा दर्शनको स्तरमा ठीक ढंगले जान सकेनन् ।

बुद्धले २ हजार ५ सय वर्षअगाडि बोलेका कुरा वैज्ञानिक छन् । हामीले महाभारतको प्रसंगमा हेर्‍याँ भने भौतिकवादी दर्शनलाई मान्ने र नमान्नेका बीचमा ठूलो चिन्तन-मननका प्रश्नहरू देख्छौँ । यी सबै प्रसंगहरू, चिन्तनहरू, छलफलहरू हुने क्रममा ज्यादै महत्वपूर्ण कुराहरू मानिसले पत्ता लगाउँदै गए, आविष्कार गर्दै गए, व्यवस्थित गर्दै गए । यसै क्रममा हेगेल, फायरवाख्जस्ता दार्शनिकहरूले द्वन्द्ववाद र भौतिकवादमा जोड दिए । ती आफ्ना ठाउँमा सही थिए, तर पूर्ण थिएनन् । द्वन्द्ववाद पनि पूर्ण थिएन, भौतिकवाद पनि पूर्ण थिएन । भौतिकतत्व द्वन्द्वमय छ, गतिशील छ, परिवर्तनशील छ तर त्यो द्वन्द्वशील, परिवर्तनशील तत्वको उत्पत्ति के हो ? कसरी भएको हो ? त्यसको विनाश के हो ? यसमा कुनै अलौकिक वा परलौकिक त्यस्तो तत्व होइन, भौतिक तत्व छ । भौतिक तत्वबाट नै यो सबै भएको छ । तर त्यो द्वन्द्वमय छ भन्ने कुरामा फेरि पूर्णता थिएन । तर ती सबै कुराहरूलाई व्यवस्थित गरेर कार्ल मार्क्सले एउटा पूर्णवैज्ञानिक, तथ्ययुक्त विश्वदृष्टिकोण प्रदान गर्नुभयो । उहाँले सृष्टि र विनाशको सम्पूर्ण चक्रलाई हेर्ने दृष्टिकोणलाई व्यवस्थित

गर्नुभयो । समाज परिवर्तनको सन्दर्भमा त्यसलाई ऐतिहासिकतासँग जोड्नुभयो । जसले गर्दा त्यस दर्शनको नाम नै द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद रह्यो । द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादको चुरो भनेको द्वन्द्वात्मक भौतिकवाद नै हो । द्वन्द्वात्मक भौतिकवादबाटै ऐतिहासिक भौतिकवाद पनि जोडियो ।

कहिलेकाहीँ केही मान्छेले नबुझेर, ज्ञान नभएर, त्यो तत्व नै थाहा नपाएर मार्क्सवाद मान्दिनँ भन्छन् । मान्दिनँ भन्ने हक जसले पनि पाउँछन्, असहमति राख्ने हक पनि पाउँछन् । तर नबुझीकन त्यस्तो भन्नुहुन्न । बुझ्यो भने नमान्ने कुरै आउँदैन । बुझेन भने नबुझीकन मान्छु भन्नुको कुनै अर्थ छैन । जसले मार्क्सवाद जान्दिनँ भनेका छन् तिनीहरूले मान्छु भन्नु र मान्दिनँ भन्नुमा केही अर्थ छैन । नबुझी मान्छु भनेको नमान्नु नै हो । त्यसकारण उनीहरूले भनेको कुरामा कुनै अनौठो मान्नु पर्दैन ।

कार्ल मार्क्सले युगान्तकारी विचार अगाडि सार्नुभयो । द्वन्द्वात्मक भौतिकवादले पृथ्वी, प्रकृतिदेखि लिएर सौर्यमण्डल, ग्रह, उपग्रहसँगै सम्पूर्ण ब्रह्माण्डका बारेमा सुस्पष्ट धारणा राखेको छ । कार्ल मार्क्सले ती सबैको सन्दर्भमा व्यवस्थित रूपमा शाश्वत विचारहरू व्यक्त गरेका छन् । मानव समाजलाई सबैभन्दा बढी चाहिएको चाहिँ यस धर्तीसँग सम्बन्धित विषय हो, यस धर्तीको सुरक्षा र मानवजातिको सुखसम्बन्धी विषय हो । हाम्रो सबैभन्दा सरोकारको विषय पनि यही हो । मार्क्सवादले सबैभन्दा बढी अनुसन्धान र विश्लेषण पनि यसै विषयमा गरेको छ ।

विश्वलाई हेर्ने दृष्टिकोणको सम्बन्धमा अर्थात् आदर्शवाद कि भौतिकवाद भन्ने विषयमा मार्क्सवादले गहिरो र गम्भीर निष्कर्ष निकालेको छ । अन्धविश्वास कि विश्वास ? यस प्रश्नमा मार्क्सवादले वैज्ञानिक अध्ययन गरेको छ । बुद्धले म साँचो बोल्छु, झूटो बोल्दिनँ तर मेरा वचनलाई सत्यको कसीमा नघोटीकन या ब्रह्माण्डले पुष्टि नगरीकन विश्वास नगर्नु भनेका थिए । बुद्धमा त्यो हिम्मत किन पैदा भएको थियो भने उनी सत्यवादी थिए । उनलाई कुनै कुरामा ढाँटछाँट

गर्नु, उछिनपाछिन गर्नु थिएन । सत्य बोल्छु भन्ने थियो र सत्यमा अडिन्छु भन्ने थियो । उनले भने- कथंकदाचित मेरो कुरा सत्यमा पुगिहालेको रहेनछ, म पनि भ्रममा रहेछु भने म भ्रममा रहेको कुरा स्थापित गर्ने होइन कि सत्यमा पुग्नुपर्ने कुरा महत्वपूर्ण हो ।

सत्यतथ्यको कसीमा जाँचेरमात्र त्यसलाई विश्वास गर भनेर बुद्धले भने । बुद्धको विरोध किन भयो ? किनकि उनले मूर्ति पूजा नगर भने । कुनै मूर्ति पुज्नु र नपुज्नुसँग त्यति धेरै विरोध किन भयो ? बुद्ध ग्रन्थ किन जलाइए ? बुद्धका सालिकहरू किन तोडिए ? चुरो कुरा यस समाजको जुन प्रबन्ध थियो, त्योसँग सम्बन्धित थियो । बुद्धका कुरा मान्ने हो भने जन्मसिद्ध श्रेष्ठताका कुरा वा ईश्वरीय कृपाले गर्दा धनी भयो भन्ने कुरा नहुने भयो, शोषणका कुरा त सतहमा आउने भए । शोषणका कुरा ओझेलमा नपर्ने भयो । त्यसकारण हो बुद्धसँगको रीसइवी । एउटा ज्योतिषीसँग, एउटा सन्तसँग, एउटा भिक्षुसँग, घरबार छोडेर हिँडेका बुद्धसँग अनेक सामन्त र राजा-महाराजाले बुद्ध मरिसकेपछि पनि बुद्धको विरुद्ध त्यति धेरै उफँदै हिँड्नु पर्ने किन ? यसकारण कि उनीहरूको शासनका विरुद्ध बुद्धका विचारहरू जोडिएका थिए । बुद्धका विचारले उनीहरूको शोषणलाई औंल्याउँथ्यो । त्यसमा उनीहरूको दमन देखिन्थ्यो । उनीहरूको अत्याचार देखिन्थ्यो । त्यसकारण त्यतापट्टि हेर्न नदिनका निम्ति बुद्धका शास्त्र जलाइएको थियो, उनका मूर्ति तोडिएका थिए ।

कार्ल मार्क्सलाई दार्शनिकको हिसाबले मात्र भन्ने हो भने त्यति विरोध हुँदैन थियो होला । तर मार्क्सको द्वन्द्वात्मक भौतिकवादी दर्शनले हाम्रा पुर्खाहरूले भनेका 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया' अर्थात् सबै मान्छे सुख चाहन्छन्, सुखी होउन् भन्ने विचारलाई प्रभावशाली रूपमा प्रस्तुत गऱ्यो । त्यो कसरी हुनेभन्दा शोषणरहित समाज, समानतामा आधारित समाज सिर्जना गरेर । त्यसो भनेपछि सामन्तहरू बौलाए । शोषणरहित समाज र समानतामा आधारित समाजको कुरा गरेपछि शोषक र सामन्तहरू रन्थनिए । उनीहरू 'हाम्रो हलो कसले

जोत्छ, मार्क्सले जोत्दिन्छ ? हाम्रो काम मार्क्सले गर्दिन्छ ? सबै समान भन्ने ? शोषण नमान्ने ? नाफा हामीलाई कसले मार्क्सले थुपारिदिन्छ ? समानताजस्तो नचाहिने कुरा गर्ने ?' भनेर बर्बराउन थाले । उनीहरूले किन विरोध गरे भने विचारका कारणले, दर्शनका कारणले होइन । पुरानो सामाजिक प्रबन्धमाथि मार्क्सको दर्शनले धावा बोलेको थियो । तपाईँ हामीलाई थाहा छ मार्क्सवादी दर्शनले आकार लिने बित्तिकै कम्युनिष्ट घोषणापत्र तयार भएको थियो ।

कम्युनिष्ट घोषणापत्र एउटा सानो पुस्तिका हो । तर त्यसले संसारभरि तहल्का मच्चायो । मानवसमाज जुन शोषणकारी प्रबन्धहरूमा आधारित भई सञ्चालित थियो, त्यसमा खलबली पैदा गऱ्यो । मार्क्सका विचार मजदुर र गरीबका पक्षमा थिए । तिनीहरूले सोच्न, विचार गर्न, अध्ययन गर्न पाइरहेकै थिएनन् । बुझ्न् पाइरहेकै थिएनन् । मार्क्सका विरोधीहरूले सबैभन्दा पहिला बुझे । त्यसकारण मार्क्सलाई जर्मनीबाट निकाले, देश निकाला गरे । मार्क्स भागेर हिँड्नुपऱ्यो । यदि जर्मनका श्रमजीवीले थाहा पाएको भए, मार्क्सको विचारको महत्व पहिले नै बुझेका भए, मार्क्सलाई लखेट्नेहरूलाई नै लखेटिदिने थिए । तर उनीहरू त्यस चेतनामा पुग्न पाएकै थिएनन् ।

मार्क्स सन् १८१८ मा जन्मिनु भयो । उहाँले १८४७ अर्थात् २९ वर्षको हुँदा कम्युनिष्ट घोषणापत्र निकाल्नु भयो । मार्क्सलाई साथ दिने फ्रेडरिक एङ्गेल्स् ग्रीसमा जन्मिनु भएको थियो । उहाँको उमेर २७ वर्षमात्रै थियो । एकढंगले भन्ने हो भने दुई कलिला युवाले कम्युनिष्ट घोषणापत्र भन्ने एउटा सानो पुस्तिकामार्फत संसारका मानवजातिको समान अधिकार, समान अवसरको उद्घोष गरेका थिए । त्यसमा श्रमजीवीको मुक्ति र मानवजातिको समानता मुखरित भएको थियो ।

मानवजातिको गन्तव्य र इच्छा समानता हो, समृद्धि हो, सम्पन्नता हो, विकास हो र शोषणरहित न्यायपूर्ण समाजको स्थापना हो । त्यसका निम्ति मानवजातिले प्रयास गर्छ । मार्क्सले त्यति भन्ने बित्तिकै संसारमा उधुम मच्चियो । युरोपमा त्यसका असर देखिए जहाँ औद्योगिक

क्रान्तिपश्चात् ईश्वरको अवतार ठान्ने सामन्त र सामन्तवादलाई पूँजीवादले चुनौती दिने प्रणाली अगाडि बढिसकेको थियो । हो, ती ठाउँहरूमा खलबली पैदा भयो । पूँजीवादी समाजमा मजदुर अन्यायमा परेका थिए । अन्याय र शोषणमा कोही सन्तुष्ट हुन सक्दैन । दब्नु बेग्लै कुरा हो । हामी सन् १८४८, १८५२ तिरका चार्टिस्ट आन्दोलन अथवा लियोका मजदुर विद्रोहहरू स्मरण गर्न सक्छौँ । कम्युनिष्ट घोषणापत्र बाहिर आएपछि मजदुर आन्दोलन पैदा हुन थाले । मजदुरले आवाज पाए, बाटो पाए । मार्क्सवाद सामाजिक परिवर्तनको एउटा सिद्धान्तको रूपमा, श्रमजीवीहरूको, अधिकार नपाएकाहरूको मुक्तिको मार्गका रूपमा अगाडि बढ्यो ।

मार्क्सवादलाई औपनिवेशिक दासत्वमा जकेडिएका राष्ट्रहरूको औपनिवेशिकताबाट मुक्तिको मार्गको रूपमा अथवा जनता, समुदाय अथवा राज्यको मुक्तिमार्गको रूपमा स्वीकार गरियो । कार्ल मार्क्सका विचारहरू दासता, थिचोमिचो, पराधीनता, अपमान र असमानताबाट मुक्ति पाउने मार्गको रूपमा शक्तिशाली बन्न थाले । उनका विचारको असर धेरैतिर देखिन थाल्यो । मानिसहरूमा आत्मविश्वास र साहस बढेर गयो । हामी पेरिसको कम्युनलाई हेर्नसक्छौँ । पेरिस कम्युनका नामले प्रसिद्ध त्यो घटना वास्तवमा कम्युन नभएर एउटा विद्रोह थियो । कम्युनतर्फ आकांक्षा राख्ने प्रवृत्तिमात्र थियो । यद्यपि हाम्रा शास्त्र र पुराना ग्रन्थहरूमा मार्क्सलगायतका विद्वान्ले पनि पेरिस कम्युन भन्नु भएको छ । पेरिस कम्युनलाई दबाइयो । तर फेरि पनि जबसम्म यसका उद्देश्यहरू पूरा हुँदैनन् तवसम्म उठिरहने छ, जागिरहने छ र विभिन्न ठाउँमा प्रकट भैरहने छ भनेर मार्क्सले भन्नुभयो । कम्युनतर्फ यसले संकेत गरेको छ भन्नका लागि त्यसलाई पेरिस कम्युन भनिएको हो । विद्रोह उठ्यो तर त्यो विद्रोहलाई संगठित ढंगले नेतृत्व गर्ने संगठन थिएन, नेतृत्व थिएन । आफैँ त्यो पूर्ण कम्युन थिएन, त्यसतर्फको यात्रा आरम्भ थियो, संकेत थियो । मार्क्सले पेरिस कम्युन मर्दैन भनेर ठीकै भन्नु भएको थियो । पेरिस कम्युनका सम्बन्धमा विभिन्न मूल्याङ्कनहरू

भएका छन् । अनेक कोणबाट यसका मूल्याङकन र निर्ष्कषहरू निस्केका छन् ।

विश्वमा मार्क्सवादी दर्शनको प्रयोग कहीँ ठीक ढंगले, कहीँ बेठीक ढंगले भएको छ । मार्क्सवादका नाममा चाहिने नचाहिने, हुने नहुने मानवीय प्रवृत्ति मौलाएको छ । यसलाई उन्नत ढंगले विकसित गर्नुपर्छ । मार्क्सवादीहरू महान् सामाजिक उद्देश्यमा समर्पित हुनुपर्ने ठाउँमा सामूहिकताभन्दा फाटो, विद्वेष, घृणा अवलम्वन गरी आफ्नो स्वार्थलाई केन्द्रभागमा राख्ने, समूहको स्वार्थ, आमजनताको स्वार्थ, राष्ट्रको स्वार्थ, मानवजातिको स्वार्थ जेसुकै भएपनि त्यसलाई बेवास्ता गर्ने, आफ्नो स्वार्थ अनुसार एकता खोज्ने, आफ्नो स्वार्थमा अनुकूल भए एकता हुने नत्र नहुने जस्ता प्रवृत्ति देखिएको छ । यो सबैभन्दा घटिया प्रवृत्ति हो । पेरिस कम्युनमा सामूहिकताको भावनालाई संकेत गरिएको थियो तर हामी देखिराख्वेका छौँ आफ्नो हितको लागि मार्क्सकै नाममा मान्छेलाई थर्काएर, तर्साएर अपहरण गरेर चन्दा उठाउने काम पनि भइरहेको छ । यसरी नचाहिँदो काम गर्न पऱ्यो भने पनि मार्क्सको नाम भजाउने प्रवृत्तिलाई हामीले देखिरहेका छौँ ।

मार्क्सले परिकल्पना गरेको समाज समृद्ध समाज हो र सुखी मानवजाति हो । कतिपयले मार्क्सवादी दर्शनलाई गरीबी वितरणको दर्शन भन्थे । तत्कालीन सोभियत संघमा लेनिनको नेतृत्वमा अक्टोवर क्रान्ति सम्पन्न भयो । सोभियत संघ आम उत्पीडित जनताको आकर्षणको केन्द्र बन्यो । साथै, सोभियत रूस विश्वभरि व्याप्त संगठित प्रतिक्रियावादी सत्ताहरूको निशाना पनि बन्यो । रूसले त्यसको चुनौतीलाई गम्भीरतासाथ लिनु पर्दथ्यो । तर पछिका नेतृत्वहरूले त्यसो गर्न सकेनन् । त्यहाँ मार्क्सवादको प्रयोगका सन्दर्भमा अधिनायकत्वको नाममा गलत बाटो लिने काम पनि भयो ।

पदलोलुपता, सत्तामोह, सुविधाभोगी प्रवृत्ति अनि आफ्ना लागि सत्ता प्राप्त गर्ने र त्यसलाई कायम राख्ने कुरामा मार्क्सको नाम भिराउँदै, त्यसैलाई मार्क्सवाद-लेलिनवाद भन्दै मार्क्सवादलाई गलत

बाटोतर्फ लगियो । हामी पनि अलिअलि त्यसको शिकार भयौँ । यसै पनि प्रतिक्रियावादी तत्वहरूले आरोप लगाउँथे, झन् आरोप लगाउन थाले - 'मार्क्सवाद अथवा कम्युनिष्ट सिद्धान्त गरीबी वितरणको सिद्धान्त हो । मार्क्सवादले समृद्धि हासिल गर्न सक्दैन ।' मार्क्सवादलाई समय परिस्थितिअनुसार समुचित र समयानुकूल तवरले महान् उद्देश्य र फराकिलोपनका साथ प्रयोग नगरी गरिएको गलत र असफल अभ्यासले विश्व मार्क्सवादी आन्दोलनलाई धक्का दियो । विभिन्न समयमा मार्क्सवादी आन्दोलनमा असफल निष्कर्षमा पुगेका प्रयोगहरूलाई अपनाउने पुरातनवादी खालको प्रवृत्तिलाई हामीले पनि देख्यौँ । तर मार्क्सवादका मूलमुद्दा कमजोर भएनन् । यसको मूलप्रवाह समाप्त भएन । यो अगाडि बढिरह्यो । विभिन्न देशका जनताले खाली हात संगठित र मजबुत भनिएका राज्यसत्तालाई उल्टाएर जनवादी सत्ता स्थापित गरे । रूसमा एल्टाए, चीनमा उल्टाए । अरू देशहरूमा पनि परिवर्तन भयो । विश्वभर उपनिवेश कायम गर्ने सामर्थ्यवान भनिएका शक्तिहरूलाई पनि मार्क्सवादीहरूले पराजित गरे । तागतदार सत्ताहरूलाई ध्वस्त गरे ।

जनतालाई सचेत एवम् संगठित गर्ने र मार्ग देखाउने सामर्थ्य माक्सर्वादमा छ । हामीले पनि नेपालमा विभिन्न प्रयोगहरू गऱ्यौँ । हाम्रै समयमा हेर्दाहेर्दै जब सोभियत संघ ढल्यो, पूर्वी युरोप ढल्यो तब दुनियाँमा एउटा आंतक मच्चियो । त्यसबेलासम्म चीन भर्खरभर्खर समृद्धिको बाटोतर्फ अगाडि बढ्दै थियो । चीन समृद्ध बनिसकेको थिएन । भियतनामले साम्राज्यवादी पञ्जाबाट मुक्त भएर चौध-पन्ध्र वर्ष अगाडि मात्रै युद्धबाट छुटकारा पाएको थियो । कतिपय देशहरू नाकाबन्दीको शिकार भएर, अत्यन्तै शत्रुतापूर्ण, दुश्मनीपूर्ण र अमानवीय व्यवहारबाट भर्खर ब्यूँतिदै थिए । त्यस्तो बेलामा पहिलो समाजवादी राज्य सोभियत संघलगायत पूर्वी युरोपका धेरै देशहरू ध्वस्त हुनु, सोभियत संघ चौध टुक्रामा विभाजित हुनुले कम्युनिष्ट आन्दोलनमा धक्का पुग्यो । त्यतिबेला एकपटक प्रतिक्रियावादीहरू निकै चर्किए । तर मार्क्सवाद हावाको भरमा, हल्लाको भरमा हल्लिँदैन । यो बाँसको टुप्पोजस्तो होइन । विश्वमा सिङ्गै प्रतिक्रियावादीहरूको एकछत्र राज

थियो । हजारौँ वर्षको इतिहासमा शोषणकारी व्यवस्था र प्रतिक्रियावादी व्यवस्थाको एकछत्र राज थियो । त्यस ठाउँमा न्यायोचित व्यवस्थातर्फका प्रयासहरू भए । ती निर्भीकतासाथ अगाडि जान सक्दैनथे । हामीले ती कुराहरूलाई हेरिराखेका थियौँ । हामीले पनि हाम्रो चौथो महाधिवेशनलाई हेर्‍यौँ । पहिले हामीले भनेका थियौं - सोभियत संघ समाजवादी होइन भनेर । चौथो महाधिवेशनमा पुग्दा सोभियत संघ ढल्नढल्न लागेको थियो । हामीले भन्यौँ - समाजवाद त हो, समाजवादी त छ तर अब रहँदैन, रहन सक्दैनँ । किनभने त्यसले आफू अडिने जुन तत्व हो त्यो समाप्त पारेको थियो ।

हामीले आफ्नो कार्यक्रममा प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिक प्रणाली अपनायौँ । पाचौँ महाधिवेशनमा आइपुग्दा जननेता मदन भण्डारीको अगुवाइमा त्यो प्रतिकूल अवस्थामा कसरी मार्क्सवाद अगाडि जानसक्छ, मार्क्सवादी दर्शनको राजनीतिक सारतत्व के हो ? सामाजिक समाजनीति, अर्थनीति, राजनीति के हो ? सांस्कृतिक नीति के हो ? यथार्थमा मार्क्सवादको राजनीति, अर्थनीति, समाजनीति के हो ? दर्शनमात्र त आफ्नो ठाउँमा छ । दर्शनलाई हामीले राजनीतिमा, अर्थनीतिमा, समाजनीतिमा र संस्कृतिमा ल्याएर ढाल्दा कुन रूपमा प्रस्तुत हुन्छ ? अर्को, अहिलेको नेपालको सन्दर्भमा कुन रूप र आकारमा यो अगाडि जान सक्छ ? यस्तै प्रश्नहरूमा उभिएर जननेता मदन भण्डारीको नेतृत्वमा हाम्रो पार्टीले अत्यन्तै सही ढंगले विचार बनाउने काम गर्‍यो । कसैले यसलाई उदार र फराकिलो समसामयिक परिवर्तन भन्नसक्छ । तर हामीले यसलाई जनतासित जोडेर वर्गीय एवम् प्रणालीगत हिसाबले अघि सार्‍यौँ । समाजमा वर्ग छन् र ती समाजवादसम्म कायम नै रहन्छन् । वर्गको प्रतिनिधित्व राजनीतिक दलले गर्ने भएकाले समाजवादको चरणसम्म भिन्न पार्टी, भिन्न अभिमत वा बहुदल रहन सक्ने, जब बहुदल छन् भने दलीय मतगत भिन्नता प्रतिस्पर्धामार्फत मुखरित हुनसक्ने व्यवस्था गरी स्वरुप एवम् प्रणालीको हिसाबले बहुदलीय प्रतिस्पर्धासहितको जनताको बहदलीय जनवाद पारित गर्‍यौँ । हामीले त्यस बेलादेखि राज्य कसरी सञ्चालन हुनुपर्छ

भनी प्रस्तावना गर्दै आएका हौँ । आजको स्थानीय निकायका कुरा हेर्नुभयो भने २०४८ सालमा जननेता मदन भण्डारीले संसदको रोस्टममा उभिएर प्रस्तुत गर्नुभएका संशोधनका बुँदाहरू नै समावेश गरिएका छन् ।

हामीले नेपालको संविधान, २०४७ जारी हुने बित्तिकै सो सम्बन्धमा काठमाडौँको शहीदमञ्चमा आमसभा गऱ्यौँ । त्यस सभामा हामीले हाम्रा असहमति र आलोचनाका २७ ओटा बुँदाहरू प्रस्तुत गरेका थियौँ । संविधान हामीले ल्याएका हौँ तर यी यी कुराहरूमा सन्तुष्ट छैनौँ भन्यौँ । अर्थात् हामीले जनताको बहुदलीय जनवादको नाममा समयानुकूल ढंगले कसरी माक्सर्वादको राजनीति, मार्क्सवादको अर्थनीति, मार्क्सवादको समाजनीति र मार्क्सवादको संस्कृति कसरी अगाडि बढ्छ भन्ने कुरालाई व्यावहारिक रूपमै लागू गर्ने प्रयत्न गऱ्यौँ । हामीले समयमै मार्क्सवादको राजनीतिअन्तर्गत आन्तरिक नीति र बाह्यसम्बन्ध कसरी अगाडि बढ्छ, आफू संगठित र सञ्चालित हुने कुरा र अरूसँगको सम्बन्ध कसरी हुन्छ भन्ने सवालमा पर्याप्त गृहकार्य गऱ्यौँ ।

हामीले आजको सन्दर्भमा हाम्रो उत्पादन र उत्पादकत्व, उत्पादन सम्बन्धहरू, उत्पादनका ढाँचाहरू, उत्पादनसँग प्रविधिको सम्बन्ध आदि कुराहरूमा भिन्नता के आउँछ र कसरी गतिशील ढंगले अगाडि बढ् नसक्छ भन्ने कुराहरू देखायौँ । कतिलाई के परेको छ भने माक्सर्वाद वा कम्युनिष्ट भनेको अधिनायकवादी सिद्धान्त हो । मानवजातिको हितको निम्ति काम गर्ने कुनै प्रणाली अधिनायकवादी हुनै सक्दैन, कम्युनिष्टहरू अधिनायकवादी हुनै सक्दैनन् । प्रतिक्रियावादीहरू र कम्युनिष्ट विरोधीहरूचाहिँ अधिनायकवादीबाहेक अरू हुनै सक्दैनन् । उनीहरू अधिनायकवादी शासन चलाउँछन् । राजतन्त्रात्मक प्रणाली के हो ? अधिनायकवाद हो । राणा शासन के हो ? अधिनायकवाद हो । ०४८ को चुनावपछि शान्तिपूर्ण ढंगले हामी सडकमा उत्रिँदा तीन वर्षको अवधिमा जुलुसमा गोली हानेर १ सय २२ जनालाई मारियो । शान्तिपूर्ण जुलुसमाथि गोली चलाई मार्नेहरू अधिनायकवादी हुन् । के भएको थियो र त्यहाँ ? बन्दुक पड्काइएको थिएन, बम पड्काइएको थिएन,

हिंसा मच्चाइएको थिएन । अधिनायकवादीहरूले अपव्याख्या कसरी गर्छन् भने गोली चलाउँदा मान्छे भाग्नुपर्‍यो, भाग्दा रेलिङ भत्कियो । बाटो छेउको रेलिङ भत्कियो अनि मान्छे भाग्दा मरे अरे । गोली हानेर शान्तिपूर्ण आन्दोलनमा मान्छे मार्ने तानाशाही दमनकारी व्यवहारको कुरा छैन, रेलिङ भत्काएका कुरालाई बढाइचढाइ गर्ने ? हुँदाहुँदा तथाकथित बुद्धिजीवीले त्यसैका पछाडि कुदेर रेलिङ भत्काउनेहरू भनेर कतिले लेख्वलेख्वे, कतिले त उपन्यास नै लेख्वे ।

हामीले हरेस खानुपर्ने कुनै आवश्यकता छैन । शान्ति, शान्ति भन्ने बुद्धका शास्त्र त जलाए, उनका त मूर्ति फुटाए भने हामी त जवाफ दिन्छौँ पनि भन्दैछौँ नि । त्यसकारण हामीप्रति अलिकति तानाशाहहरू झस्किए भने धेरै अनौठो मान्नु हुँदैन । शान्ति, शान्ति भन्ने मोहनदास गान्धीलाई गोली हानेर मारे भने हामी त शान्तिमात्रै भनिराख्वेका छैनौँ नि । थान्कामा बस है, ठेगान लगाउन नपरोस् भन्दैछौँ । त्यसकारण त्यो अलिकति झस्किनै पर्‍यो । तर मार्क्सवाद, मार्क्सवादी दर्शनको तानाशाहीसँग कुनै लिनुदिनु छैन । मार्क्सवादी दर्शन राजनीतिमा आउँदा जनताका हितका पक्षमा उभिन्छ, राजनीति तथा अर्थतन्त्रमा आउँदा उत्पादन र उत्पादनका सम्बन्धहरू, उत्पादनका ढाँचाहरूजस्ता प्रश्नहरूमा न्यायोचित हुनुपर्छ भन्छ । उत्पादन र उत्पाकत्व वृद्धिमात्रै होइन वितरण पनि समुचित हुनुपर्दछ भन्दछ । प्रतिफल बढाउने मात्रै होइन प्रतिफलको वितरण पनि न्यायोचित हुनुपर्दछ भन्दछ । अधिकार प्राप्ति मात्रै होइन कसैलाई प्राप्ति, कसैलाई अप्राप्ति होइन अधिकार सबैलाई समान हुनुपर्दछ भन्दछ । अवसरहरू सबैले प्राप्त गर्नुपर्दछ भन्दछ । पछाडि परेको समुदायलाई अगाडि ल्याउने भनेर अहिले केही केही च्याम्पियन देख्वापरेका छन् । मार्क्सवादी राजनीति, मार्क्सवादी अर्थतन्त्र अनि मार्क्सवादी समाजशास्त्रको सार के हो भन्दा गरीब र पछाडि परेको वर्गलाई अगाडि ल्याउने हो । धनीलाई धनी बनाउने हो र मार्क्सवाद भनेको ? गरीबी हटाउने, अधिकारविहीनलाई अधिकार सम्पन्न बनाउने, अन्यायमा परेकालाई अन्यायबाट मुक्त गर्ने, समानता कायम गर्ने हो । अहिले हुँदाहुँदा एनजीओ ब्राण्डहरू कार्ल मार्क्सलाई

पनि पाएदेखि पढाउथेँ भनेजस्तो गर्छन् । यथार्थमा के त्यस्तै हो र ? समानता कायम गर्नका लागि, समान समाज बनाउनका लागि पछाडि परेको समुदायलाई अगाडि ल्याउनु पर्‍यो । यो त मार्क्सले कमसेकम १८४८ जनवरीमा प्रकाशित गरेको कम्युनिष्ट घोषणापत्रमा उल्लेख गरिसकेका छन् नि । त्यो घोषणा न्यायको घोषणा हो, न्यायोचित भविष्यको घोषणा हो । त्यसको एउटा अंश हामीले ल्याएको नारा हो - 'समृद्ध नेपाल - सुखी नेपाली' । त्यही 'थिम'लाई पक्रिएर अहिले हामी नेपालको सन्दर्भमा विकासलाई प्राथमिकता दिँदैछौँ ।

हामीले न्यायपूर्ण समाज भनिराखेका छौँ । हामीले पटकपटक राजनीतिक परिवर्तन ल्यायौँ । ०४६ को परिवर्तनपछि त्यस परिवर्तनलाई राजनीतिक विषयहरूभन्दा बाहिर सामाजिक समानता, आर्थिक उन्नति, सामाजिक न्याय र समानता, सांस्कृतिक समानताजस्ता तहसम्म विस्तार गर्न सकिएन । त्यसैकारण हामीले मार्क्सवादी दर्शनले भनेझैँ यस लोकतान्त्रिक व्यवस्थालाई सामाजिक, आर्थिक, सांस्कृतिक दृष्टिले जनताको जीवनसँग जोडेर अगाडि बढाउनु जरुरी छ । दुर्भाग्य, प्रजातन्त्रवादी भनाउनेहरूको त्यसबेलाको सरकारलाई दशैँको बेला नयाँ नाना लगाएको नानी आँगनमा निस्किएर फुरफुर नाचेजस्तो भयो, गर्नु नगर्नु गर्‍यो । उहाँहरूको परिभाषा थियो - प्रजातन्त्र भनेका हामी, हामी भनेको प्रजातन्त्र । उहाँहरूको विरोध गर्‍यो भने प्रजातन्त्रको विरोध गरेको हुने, अनि गोली ठोक्ने । त्यो इतिहास सम्झिँदा उहाँहरूलाई घोचपेच गरेको जस्तो लाग्छ होला । त्यस्तो पनि नगरौँ । उहाँहरूका यावत् कुकर्महरू पनि यहीँ सिध्याऊँ । तर राजनीतिक अधिकारलाई हामीले सामाजिक जीवनका सम्पूर्ण क्षेत्रमा विकास र विस्तार गरेर लैजानुपर्छ । तबमात्र हामीले न्यायपूर्ण समाज सिर्जना गर्न सक्छौँ । बेल्ने, लेख्ने र छाप्ने स्वतन्त्रता पाइयो । हिँड्न पनि पाइयो । त्यही त हो नि प्रजातन्त्र भन्ने सोचाइ त्यतिबेला सरकारमा पुगेकामा आयो । उनीहरू ०४८ पछि जनता अल्मलिएर बहुमत दिएको हुनाले सरकारमा पुगेका थिए । हामी जनताको चाहनाअनुसार मार्क्सवादको प्रयोगको यस बिन्दुमा आइपुगेका छौँ ।

हामीले आजै कम्युनिष्ट आन्दोलनलाई एकीकरण गर्ने कि भन्ने सोचेका थियौँ । तर सानातिना प्राविधिक कारणहरूले आज हुन सकेन । हामी मार्क्सवादीहरू सानातिना कुरामा अल्झिने होइन । यस देशलाई हामी जनताको प्रणाली भएको देशको रूपमा, जनताको व्यवस्था भएको देशको रूपमा अगाडि बढाउन चाहन्छौँ । नेपाललाई प्रकृतिले सुन्दर र समृद्ध बनाएको छ । यसलाई विकास गरेर, समृद्धि हासिल गरेर, सुखी नेपालीको देश बनाउने, अधिकारसम्पन्न नेपालीको देशको रूपमा अगाडि लिएर जान्छौँ । साँचो लोकतन्त्र हामीले कायम गर्नुछ र हामी गछौँ । कतिपय पार्टी त्रसित भएर ओगट्नका लागि इन्टरनेशनल सोसिलिस्ट मोमेन्ट भन्यो भने सोसिलिस्ट इन्टरनेशनलको सदस्य हुन कुदेर जान्छन् । सोसिलिस्ट इन्टरनेशनलको सदस्यका नाताले सम्मेलनमा भाग लिएर नेपाल आउने अनि कम्युनिष्टहरूले 'सोसिलिज्म' भन्न थाले, खत्तम पार्ने भए भनेर पनि भन्छन् । आफैँ सोसिलिस्ट इन्टरनेशनलको सदस्य हुने अनि नेपाल फर्किएर आएर 'सोसिलिज्म'कै विरोध गर्ने । कस्ता खाले प्रजातान्त्रिक समाजवादी होलान् ती ? तिनले बुझेर बोल्छन् कि नबुझी बोल्छन् ? तिनका अग्रजले बुझेर बोले कि नबुझी बोलेका थिए ? कहिल्यै बुझिने भाषामा जवाफ दिँदैनन् ।

हामी एउटा अठोटका साथ अगाडि बढेका छौँ । मानवजातिको इतिहासमा अहिले त एक चौथाई जनसंख्या मात्रै मार्क्सवादबाट निर्देशित प्रणालीमा चलेको छ । यो प्रणाली कति बलियो रहेछ ? शासनमा आफू टिक्नको लागि, योसँग मुकाबिला गर्दै, यसको विरोध गर्दै, यसले भनेका कतिपय कुराहरूलाई खुरुखुरु मान्नु पनि परेको छ । पूँजीवादले मार्क्सले भनेका कतिपय सामाजिक सुरक्षाका प्रबन्धहरूदेखि लिएर, शिक्षा स्वास्थ्यका विषयलाई आत्मसात गर्दै जान परेको छ । जम्माजम्मी नाफामा केन्द्रित हुने पूँजीवाद र पूँजीवादीहरू आज आफूलाई पूँजीवादी हुँ भन्न सक्दैनन् । बरु कम्युनिष्टहरू शब्दमा अल्मलिएर हामीले अहिले गर्ने त पूँजीवादी क्रान्ति हो भन्छन् । पूँजीवादी क्रान्ति कम्युनिष्टले कहिल्यै पनि गर्दैन । पूँजीवादी क्रान्ति हामीले गर्ने हो र ? हामीले त समाजवादी क्रान्ति गर्छौँ, जनवादी क्रान्ति गर्छौँ । हामी पूँजीको विकास

गर्छौं । हामी अहिले पूँजीको विकास गर्ने चरणमा छौं । पूँजीवाद भनेको शोषणकारी सिद्धान्त हो । पूँजीको विकास गर्ने चरण कसरी पूँजीवादी क्रान्ति हुन्छ ?

वाद भनेको के हो ? 'क्यापिटालिज्म' भनेको के हो ? 'इस्ट' भनेको के हो ? 'इज्म' मान्नेहरू 'इस्ट' भए । 'क्यापिटालिज्म' भनेको पूँजीवाद, त्यसलाई मान्ने पूँजीवादी । हामी पूँजीवादी पनि होइन र पूँजीवाद मान्दैनौं । हामी पूँजीवादी क्रान्तिको बाटोतिर जादैंनौं । हामी पूँजीको प्रयोग र विकास गर्दै समाजवादतर्फ अगाडि बढ्छौं । कहिलेकाहीँ अरूका ग्रन्थहरू अनुवाद हुँदै आउँदा विभ्रम भएको पनि हुनसक्छ । मार्क्सले जर्मनीमा भनेका कुरा अन्य भाषामा अनुवाद हुँदा फुरौला-उफ्रौला भएजस्तो पनि हुनसक्छ । जातिको सम्बन्धमा, राष्ट्रको सम्बन्धमा, बंगालीबाट अनुवाद भएका कतिपय कुराका हामी शिकार भैरास्वेका छौं । उदाहरण हो - 'नेशनालिज्म' । जातीय भनेर बंगालीले भन्यो भने त्यो राष्ट्रिय हुन्छ । राष्ट्रिय भन्यो भने जातीय हुन्छ । जातीयलाई उसले अंग्रेजीमा लेख्दा 'नेशनालिज्म' लेख्छ तर त्यो 'रेस' वा जातिसम्बन्धी कुरा होइन, 'नेशलालिज्म' सम्बन्धी कुरा हो । पृथक कुरा हो 'क्यापिसिटी' र 'नेशनालिज्म' । अनुवादमा कहिलेकाहीँ यस्ता कुरा आएका हुन्छन् । हामी भ्रममा पर्नुहुँदैन ।

जनताको बहुदलीय जनवादले आजको मार्क्सवाद के हो भन्ने कुरा बताएको छ । आजको मार्क्सवादअनुसार हामी जनताको बहुदलीय जनवादको बाटोबाट अगाडि बढ्छौं । त्यसले जनवादी व्यवस्थाको एकदम प्रारम्भिक चरण, त्यसपछिको चरण हुँदै समाजवादसम्मको चरणका बारेमा बताएको छ । त्यसकारण म सम्पूर्ण कमरेडहरूलाई आग्रह गर्न चाहन्छु - यसमा स्पष्ट हुनोस् । स्पष्टताका साथ अगाडि बढ्नोस् । हामी सबै स्पष्टताका साथ अगाडि बढ्नुपर्छ । अनि मात्रै हामी गन्तव्यमा पुग्न सक्छौं ।

कार्ल मार्क्सले मानवजातिलाई अत्यन्तै ठूलो गुन लगाउनु भएको छ । उहाँ मानव इतिहासमा मानवजातिका सबैभन्दा महान् चिन्तक

हुनुहुन्छ । अहिलेसम्म मार्क्स बराबरको चिन्तक धर्तीमा छैन । मार्क्सले बराबर अरू कसैले धर्तीलाई प्रभावित गरेको छैन । अहिलेसम्म विश्वमा ठूलाठूला उथलपुथल ल्याउने सिद्धान्त मार्क्सवाद नै हो । सामाजिक परिवर्तनको शक्तिशाली दर्शन मार्क्सवाद नै हो ।

महान् चिन्तक कार्ल मार्क्सलाई सम्झिरहेको समयमा हामी हाम्रो नेपाल कम्युनिष्ट पार्टीका संस्थापक नेता पुष्पलाल र जननेता मदन भण्डारीलाई पनि अत्यन्त आदरका साथ स्मरण गर्छौं । उहाँहरू पनि मार्क्सवादलाई लिएर नै अगाडि बढ्नु भएको हो । विश्वमा धेरै चिन्तक देखिएका छन् र त्यस्ता चिन्तक नेपालमा पनि छन् भन्ने कुराका उदाहरण हुनुहुन्छ पुष्पलाल र मदन भण्डारी । विश्वमा देखिएका चिन्तकमध्ये सबैभन्दा ठूला चिन्तक कार्ल मार्क्स नै हुन् । कसैले द्विविधा राख्नु पर्दैन - उनका विचार सधैँ अजेय छन् । मार्क्सवाद अजेय छ ।

●

वैशाख २२, २०७५ (अप्रिल ५, २०१८)
सन्दर्भ : कार्लमार्क्स जयन्ती



शिक्षा / विज्ञान-प्रविधि / खेलकुद

चौतर्फी विकासका लागि शिक्षा

देशको महत्वपूर्ण पर्यटकीय स्थल - पोखरा! कवि शिरोमणि लेखनाथ पौडेलको जन्मस्थल सातताल‌को बाटिका शहर - लेखनाथ ! यो ठाउँ सुन्दर, रमणीय र मनमोहक छ । यो शिक्षा, स्वास्थ्य, पर्यटन र साहसिक खेलको धेरै सम्भावना बोकेको जिल्ला हो - कास्की । त्यसैले पोखरा विश्वविद्यालयले अरू विश्वविद्यालयको तुलनामा शैक्षिक, पर्यटन र स्वास्थ्यको विकासमा महत्वपूर्ण योगदान दिनसक्दछ भन्ने कुरामा विमति रहँदैन । विश्वविद्यालयले शिक्षा, स्वास्थ्य र सामुदायिक

सेवाभावको माध्यमले स्तरीय शैक्षिक र स्वास्थ्य पर्यटनको विकास एवं प्रबर्द्धनमा महत्वपूर्ण उपलब्धि हासिल गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

विश्वविद्यालयले उत्पादन गरेका जनशक्ति राष्ट्रको पुनर्संरचना र पुनर्निर्माणका लागि महत्वपूर्ण श्रोत हुन् भन्नेमा कसैको दुईमत रहँदैन । जोशजाँगर, आत्मबल र इच्छाशक्ति भएका जनशक्तिहरू राष्ट्र निर्माणका अभिन्न अङ्ग हुन् । विश्वविद्यालय मुलुकको राजनीतिक, आर्थिक, सामाजिक एवं शैक्षिक रूपान्तरणका लागि चाहिने योग्य जनशक्ति उत्पादन गर्ने संस्था हो । तर प्राज्ञिक उन्नयन र शैक्षिक रूपान्तरणका लागि राष्ट्रभित्र जरा गाडेर बसेको सङ्कीर्णता, परम्परामा अभ्यस्त प्रशासन संयन्त्र र नीतिनियम बाधक बन्दै गरेका तीता सत्यहरू पनि हामीसँग ताजै छन् ।

प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाको चुनाव सफलतापूर्वक सम्पन्न भई मुलुक दीर्घकालीन स्थायित्व र विकासको चरणमा प्रवेश गरेको छ । सबै क्षेत्रलाई आआफ्नो सामर्थ्य र पहिचानसहित समृद्धितर्फ गुडाउने जिम्मा अब स्थानीय सरकारले लिने छ । यस कार्यले सम्बन्धित क्षेत्रको चौतर्फी विकासका लागि जनचाहना बमोजिमका नीति तथा कार्यक्रमहरू सञ्चालन गर्न केन्द्रको मुख ताक्ने, दोष थुपार्ने र 'राजाको काम कैले जाला घाम' भनेजस्तो गरी हल्लेर दिन गुजार्ने दिन गए भन्ने मैले ठानेको छु । यसर्थ हामीले चुनावमा जुन वाचा गरेका थियौँ र जुन प्रतिज्ञा गरेका थियौँ त्यसलाई शिरोधार्य गरी पूरा गर्ने कार्यमा हामी कहीँकतै चुक्नुहुन्न भन्ने म चाहन्छु । राष्ट्रहित र जनताको सेवा हाम्रो अविचलत प्रतिवद्धता हो । हरेक विसंगति र विकृतिहरूको अन्त्य र लोकतान्त्रिक मूल्य-मान्यताका आधारमा स्वाधीन, स्वतन्त्र र आत्मनिर्भर राष्ट्र निर्माण गर्न शैक्षिक दक्ष जनशक्तिले महत्वपूर्ण योगदान दिन सक्छन् । तसर्थ पोखरा विश्वविद्यालयको दीक्षान्त समारोहमा विभिन्न तह पार गरी दक्ष जनशक्तिको रूपमा उदाउनु भएका विद्यार्थीले समाजमा

प्रतिस्पर्धी र अब्बल प्रमाणित हुन कुनै कसर बाँकी राख्ने छैनन् भन्ने विश्वास लिएको छु ।

जहाँ शिक्षा छ, त्यहाँ रोजगारी छ, उत्पादन छ, विकास छ र शान्ति पनि छ । त्यसैले मुलुकको चौतर्फी विकासका लागि शिक्षा अनिवार्य तत्व हो । तपाईँ हामीले महसूस गरेकै कुरा हो, एउटा बालक जन्मेको तीन-चार वा पाँच-छ वर्षदेखि शिक्षाका लागि विद्यालय जान्छ, किशोरावस्थामा कलेज जान्छ । उसले अझै अध्ययनलाई निरन्तरता दिइराखेको हुन्छ, उसको दिमागमा ज्ञान भरिँदै गएपछि ऊ रोजगारीमा लाग्छ, उत्पादनमुखी कार्यमा लाग्छ । विद्यालय, कलेज नजाने मान्छेले पनि कसैबाट सिकेर, देखेर, अनुभूति लिएर जीवन चलाइरहेको हुन्छ । त्यसैले शिक्षाले तपाईँ हाम्रो जीवनमा कति महत्व राख्छ भन्ने कुराको व्याख्या आवश्यक छैन ।

शिक्षा सबै वर्ग र समुदायका लागि सर्वसुलभ हुनुपर्छ । यो समयसापेक्ष, जीवनमुखी र वैज्ञानिकसमेत हुनुपर्छ । शिक्षाले मानिसलाई सुसभ्य, सुसंस्कृत, सुयोग्य र ज्ञानी बनाइरहेको हुन्छ । आज दीक्षित हुनुहुने विद्यार्थी त्यसैका द्योतक हुनुहुन्छ । आज तपाईँहरू शान्त र शालीन देखिनुभएको छ किनकि तपाईँहरूमा सीप, ज्ञान र दक्षता भरिएको छ । तपाईँहरूले आज जीवन के हो भन्ने बुझ्नु भएको छ । अब अगाडि के गर्ने भन्ने बुझ्नु भएको छ । त्यसैले राष्ट्र, राष्ट्रियता र जनजीविकाका लागि राष्ट्रिय शिक्षापद्धतिमा आमूल परिवर्तन गर्नुपर्छ, तबमात्र देशले विकासमा अग्रगामी कदम चाल्नसक्छ भन्ने मेरो बुझाइ छ ।

शिक्षा, स्वास्थ्य, पर्यटन र उद्योगका विविध पक्षलाई सम्बोधन गरी पोखरा विश्वविद्यालयले आफ्ना नीति तथा कार्यक्रमहरूलाई विस्तार गर्दै लैजानुपर्छ । विद्यार्थी संख्याका दृष्टिले त्रिभुवन विश्वविद्यालयपछिको अर्को ठूलो विश्वविद्यालयका दृष्टिले दक्ष जनशक्ति उत्पादनमा यसको महत्व छ । यस विश्वविद्यालयले बर्सेनि सीमान्तीकृत, पिछडिएका विपन्न परिवारका एक हजारभन्दा बढी विद्यार्थीहरूलाई निःशुल्क छात्रवृत्ति दिने गरेको छ । यसले राज्यको नीतिअनुरूप पहिचानविहीन समुदायका लागि

रोजगार र शिक्षामा करोडौँ लगानी गरेको छ । त्यसैले यो विश्वविद्यालय जुन उद्देश्यलाई आत्मसात गर्दै अगाडि लम्किरहेको छ, त्यसमा राज्यको पूर्ण समर्थन र सहयोग रहनेछ । यसर्थ मुलुकको शैक्षिक उन्नयन र दक्ष जनशक्ति उत्पादनमा यस विश्वविद्यालयले खेलेको भूमिकाको उच्च मूल्यांकन गर्दै यसलाई राष्ट्रिय विश्वविद्यालयको रूपमा मान्यता दिन सरकार कटिबद्ध छ भन्ने कुरा यस अवसरमा उद्घोष गर्न चाहन्छु ।

पोखरा विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरूमा विभिन्न तह पार गरी एउटा विज्ञको रूपमा परिचय दिनु भएका विद्यार्थीहरूले मुलुकको सर्वाङ्गीण विकासमा आफूले आर्जन गरेको ज्ञान र सीपलाई पूर्ण सदुपयोग गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । विश्वसमाजमा प्रतिस्पर्धी र अब्बल प्रमाणित गर्न तपाईँहरूबीच चुनौतीका चाङ भएपनि धैर्य, संयमित र दूरदर्शी भएर पोखरा विश्वविद्यालयको प्रतिष्ठा र मान-मर्यादालाई सदा उच्च राख्नु हुनेछ भन्ने भरोसा हामीमा छ । विभिन्न कारणले विदेश पलायन हुने जनशक्तिलाई रोजगारी र सीपका माध्यमले स्वदेशमै बस्नसक्ने वातावरण निर्माण गर्ने महत्वपूर्ण अभिभारा तपाईँहरूको काँधमा छ । देशलाई पुनर्निर्माण गरी राहत प्रदान गर्ने कार्यमा राज्यले तपाईँहरूको सिर्जनशीलतालाई पर्खिरहेको छ । मौजुदा आन्तरिक श्रोतसाधनहरूको वैज्ञानिक प्रयोग, विधि र ज्ञानको अपेक्षा राज्यले तपाईँहरूबाटै लिएको छ । त्यसैले तपाईँहरू आ-आफ्नो कार्यक्षेत्रमा एक योद्धा र लडाकुसरह निर्भीक, निडर, इमानदार र कर्तव्यनिष्ठ भई देशको गौरव, प्रतिष्ठा र इज्जत अभिवृद्धि गर्ने कार्यमा हर्दम प्रयासरत रहनु हुनेछ भन्ने विश्वास लिएको छु । प्राकृतिक श्रोत-साधनले सम्पन्न भएर पनि नेपाल गरीब राष्ट्रका रूपमा रहिरहन सुहाउने कुरा होइन । आफ्ना श्रोत- साधनको उपयोग गरेर नेपाललाई अब विकसित मुलुक र नेपालीलाई समृद्ध नागरिक बनाउनु पर्दछ । यसका लागि विश्वविद्यालयले प्राविधिक र रोजगारमूलक शिक्षामा जोड दिने नै छ ।

●

फागुन ८, २०७४

सन्दर्भ : पोखरा विश्वविद्यालयको दीक्षान्त समारोह

अब नेपाल अगाडि बढ्छ

नेपालले खेल क्षेत्रमा आफूलाई अगाडि बढाउँदै छ । नेपालको क्रिकेट टिमले क्रिकेट खेललाई अगाडि बढाएको छ । त्यस बापत म खुशी व्यक्त गर्न चाहन्छु । क्रिकेटमा हामी स्तरोन्नतिको चरणमा छौँ, तथापि सफलताको क्रममा छौँ ।

सबैलाई थाहा भएकै कुरा हो नेपाली जाति, बहादुर जाति, वीर जाति भनेर दुनियाँमा चर्चित छ । त्यति चर्चा नभएको अर्को पक्ष छ - नेपाली जाति भनेको विद्वान्, खोजकर्ता र अनुसन्धानकर्ता

पनि हो । विगतका केही शताब्दी हामी विभिन्न कारणले पछाडि पऱ्यौँ । सुन्दर, प्राकृतिक श्रोतहरूले भरिपूर्ण देशका इमानदार र मिहिनेती जनता भएको यो भूभाग पछाडिपर्नु र गरीबीकै अवस्थामा रहनुपर्ने कारण नै थिएन । तर व्यवस्थापकीय, शासकीय कमीहरूले गर्दा नेपाल पछाडि पऱ्यो र हामी गरीब भयौँ । हाम्रा गौरवपूर्ण इतिहासहरूमा धुलो लाग्यो । त्यसलाई अब टकट्क्याउन जरुरी छ ।

जुनबेला संसारमा साहित्य भन्ने कुरै थिएन, त्यसबेला हाम्रा पुर्खाले साहित्य रचना गरिसकेका थिए । जतिबेला अक्षर थिएनन्, त्यतिबेला हाम्रा पुर्खाले अक्षर आविष्कार गरिसकेका थिए । जतिबेला गणित थिएन, त्यतिबेला हाम्रा पुर्खाले गणित रचना गरिसकेका थिए । जतिबेला अन्तरिक्षतिर हेरेर आश्चर्य प्रकट गर्नुबाहेक केही हुँदैनथ्यो, हाम्रा पुर्खा अन्तरिक्षको अध्ययन गर्थे, खगोलशास्त्रीय अध्ययन गर्थे । जतिबेला दुनियामा संगीत थिएन, त्यसबेला हाम्रोमा संगीत थियो । अन्यत्र नाटकहरूको परिकल्पना गर्न नसकेका बेला यहाँ नाटक विद्या शुरु भएको थियो । सयौँ वर्षअगाडि यहाँ नाट्यमञ्चन हुन्थ्यो । वाद्यवादनका सामग्रीहरूको रचना यहींबाट भएको थियो । काव्य, महाकाव्यहरू यहीँ सिर्जना गरिएका थिए । राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, मनोविज्ञान, प्रकृतिविज्ञानदेखि लिएर धेरै दार्शनिक पक्षहरू समेटिएका ग्रन्थहरूको रचना यस ठाउँमा उहिल्यै भएको थियो । एसियालीहरूले एटलान्टिक तरेर 'डेजर' टापुमा आवाद गरेर मानिसको बसोबासका लागि उपयुक्त बनाए । यी सबै कुरामा त्यतिबेलाको विकासको प्रतिबिम्ब आउँछ । अर्थात यो भूभाग अरू भूभागभन्दा दुनियाँमा अगाडि थियो भन्ने कुरा छर्लङ्ग हुन्छ । तथापि हामी केही शताब्दी पछाडि पऱ्यौँ । तर यहाँको हावापानी, यहाँको जमीन, यहाँको भूबनोट, यहाँको भौगोलिक अवस्थिति, यहाँको वातावरण, यहाँको प्राकृतिक सम्पन्नता पछाडि पर्ने अवस्थाको होइन । यस कुरालाई हामीले महसूस गर्नुपर्छ ।

नेपाल बल्ल आफ्नो पुनर्जागरणमा उठेको छ । हाम्रो देश विकास र समृद्धिको बाटोमा, समुन्नतिको बाटोमा, ज्ञान-विज्ञान र प्रविधिको

बाटोमा अगाडि बढ्न थालेको छ । विभिन्न क्षेत्रबाट यसका लक्षणहरू प्रकट भएका छन् । हाम्रो क्रिकेट टोलीको सफलता पनि त्यसैको एउटा कडी हो । लक्ष्यहरूका सफलतामै अब नेपाल अगाडि बढ्छ ।

नेपालमा विकास, समृद्धि, उन्नति-प्रगति र सफलताका कुरा गऱ्यो कि केही मानिस डराउँछन् । हिम्मत टुटेका, सपनाहरू मूर्च्छित भएका, सपनाहरू हराएका, आत्मविश्वास गुमाएका जस्ता मानिसहरू पनि भेटिन्छन् । तर नेपालले आत्मविश्वास गुमाउनु पर्ने केही छैन । सपना मूर्च्छित बनाउनु पर्ने पनि केही छैन । प्राकृतिक रूपले समृद्ध देश हो यो । हाम्रो प्राकृतिक सम्पन्नतालाई हामीले आधुनिक भौतिक समृद्धिमा रूपान्तरित गर्नु छ । हाम्रो जीवनसँग त्यसलाई जोडेर हेर्नु छ । सबै क्षेत्रबाट हामी ती प्रयासहरूको खोजी गर्छौं । त्यस प्रयासका लागि स्वस्थ र सक्षम जनशक्ति एउटा आधार हो । खेलकुदको क्षेत्र त्यसका निम्ति एउटा माध्यम हो ।

हाम्रा खेलाडीहरूले यस क्षेत्रमा काम अगाडि बढाएका छन् । अबका दिनमा हरेक क्षेत्रमा 'सुपर हिरो' देखिने छन् । 'सुपर हिरोइन' पनि नेपालमै हुन्छन् । सबैभन्दा पहिले त खेल्न पाउनुपऱ्यो । खेल्नै नपाएपछि कहाँबाट 'सुपर' हुने ? अब खेल्न पाउने र काम गर्न पाउने वातावरण बन्दै गएको छ । बिस्तारै 'सुपर स्पेसलिस्ट', 'सुपर साइन्टिस्ट' पनि यही हुन्छन् । 'सुपर' खेलाडी पनि यहीँ हुन्छन् ।

नेपालमा त्यत्तिकै अग्लाअग्ला हिमाल उठेका होइनन् । यो भूभागै त्यस्तै हो । माटो पनि अग्लो हुन जान्दछ, ढुंगो पनि अग्लो हुन जान्दछ । छब्बीस सय वर्षअगाडि जन्मिएका बुद्ध कति अग्ला ? त्यसकारण यो 'सुपर' हुन सक्ने देश हो । अब नेपाल अगाडि बढ्छ । हाम्रा खेलाडीहरूले यो कुरा बुझेर नै अगाडि बढ्नुभएको छ । म उहाँहरूको त्यस बुझाइलाई र त्यस हौसलालाई कमजोर पार्ने काम नगर्न सबैसँग आग्रह गर्न चाहन्छु ।

सरकार खेल क्षेत्रको साथमा छ । खेल, खेलक्षेत्र र खेलाडीको उन्नति-प्रगतिका लागि सरकारले आफ्नो गच्छेले भ्याएसम्म, क्षमताले

भ्याएसम्म सहयोग पुऱ्याउँछ, पुऱ्याइरहेकै पनि छ । हामी चहन्छौँ यहाँको धर्ती समुन्नत होओस् । यहाँको समाज शान्तिपूर्ण रहोस् । यहाँका हरेक काम न्यायोचित होऊन् । नेपाली सुखी होऊन्, नेपाल समृद्ध होओस् । यस सन्दर्भमा खेलक्षेत्र सँगसँगै कला, संस्कृति, साहित्य तथा आर्थिक उत्पादन अनि तीव्रतर आर्थिक वृद्धिका क्षेत्रहरूमा अब सरकारको ध्यान जानेछ ।

आगामी दिनमा खेलक्षेत्रको विकाससँगै खेलक्षेत्रको अन्तर्राष्ट्रिय सम्बन्धमा सरकारले विशेष ध्यान दिनेछ । खेलक्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग अनि मित्रताको आदान-प्रदानलाई महत्व दिएर सरकारले काम गर्ने छ । म खेलाडी साथीहरूलाई फेरि पनि बधाई र शुभकामना दिन चाहन्छु । तपाईँहरू सफल भएर फर्किनोस् । मेरो धेरैधेरै शुभकामना छ तपाईँहरूलाई ।

●

फागुन ११, २०७४
सन्दर्भ : क्रिकेट टोलीको सम्मान तथा बिदाइ

अब कोही निरक्षर रहनुहुन्न

कर्णाली आर्थिक विकासको दृष्टिले र मानवविकास सूचकाङ्कको दृष्टिले अलि पछाडि परेको भनिएको प्रदेश हो । यस प्रदेशलाई अब पनि पछाडि पार्ने काम गर्नुहुन्न । यस प्रदेशलाई कसरी अगाडि बढाउने भन्ने बारेमा केन्द्रले पनि सोचिरहेको छ, प्रदेश सरकारले पनि सोचिरहेको छ । यसै प्रसंगमा प्रदेश सरकारले २०७५ सालालाई कर्णाली रारा पर्यटन वर्षको रूपमा मनाउने फैसला गऱ्यो र हामीलाई निमन्त्रणा गऱ्यो । त्यसलाई स्वीकारेर हामी यस पटक यहाँको भ्रमणमा आयौँ । हिजो अत्यन्तै

सुन्दर, प्राकृतिक सुन्दरताले अत्यन्तै भरिपूर्ण रारा तालबाट कर्णाली रारा पर्यटन वर्ष २०७५ को शुभारम्भ हामीले गर्‍यौँ । त्यस प्रसंगमा हामीले डोल्पा, डोल्पाको त्रिपुरा सुन्दरीलगायत फोक्सुण्डो, हुम्लाको हिल्सा, सिमिकोटलगायतका ठाउँहरूको भ्रमण पनि गर्‍यौँ । मुगुको छायानाथको पनि भ्रमण गर्‍यौँ । हिजै जुम्लामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको सिनेटको बैठक थियो । त्यसमा हामी सहभागी भयौँ र आज यस विश्वविद्यालयको प्रांगणमा छौँ ।

यो प्रदेशको दक्षिणको छिमेकीसँग सिमाना नजोडिएको हुँदा उत्तरको छिमेकीसँग विभिन्न ठाउँबाट सिमाना जोड्नुपर्ने हुन्छ । । अझै पनि हुम्ला जिल्ला मोटर बाटोले जोडिएको छैन, त्यसलाई जोड्नु पर्नेछ । हिल्सा जोड्ने बाटो त्यसकारण महत्वपूर्ण छ । यहाँको कृषिको आधुनिकीकरण र यहाँको वनस्पतिको योजनबद्ध उत्पादन तथा आधुनिक विकास गर्नुपर्ने छ । यहाँका जडीबुटीको पहिचान, खोज, अध्ययन अनुसन्धान, प्रशोधन, वितरण र प्रयोगजस्ता कुराहरूमा ध्यान दिनुपर्नेछ । यस ठाउँमा यातायात र सम्पर्कका अरू माध्यमहरू के हुन सक्छन्, तिनको प्रभावकारी विकास गर्नुपर्ने आवश्यकता छ ।

यस प्रदेशमा पानीका श्रोतहरू प्रशस्त छन् । पानीको सदुपयोग कसरी गर्ने ? सुन्दर तालहरू छन् । अत्यन्तै ऐतिहासिक धार्मिक महत्वका स्थलहरू छन् । कसरी संरक्षण गर्ने ? हामी यस क्षेत्रको विकासका सम्बन्धमा सोचहरू बनाउँदै र छलफल पनि गर्दैछौँ । आगामी दिनमा हामीले सघन निर्णय गर्नेछौँ ।

यो विश्वविद्यालय केही वर्ष अगाडिबाट मात्र स्थापना भएर काम अगाडि बढेको विश्वविद्यालय हो । विश्वविद्यालय वास्तवमा मानवश्रोतको विकासका लागि, राष्ट्र निर्माणका लागि अत्यावश्यक छ । समाज परिवर्तनका लागि, मानवीय क्षमता विकास र मिहिनेत दुवै आवश्यक हुन्छ । हामीलाई यस्तो मानवशक्तिको आवश्यकता पर्छ जसले यस ठाउँलाई, यस ठाउँको विशेषतालाई, यस ठाउँका सम्भावनाहरूलाई, यस ठाउँका सुषुप्त अथवा अप्रकट 'पोटेन्सियल'लाई पहिचान गर्न सकोस्,

खोज्न सकोस् । त्यसले त्यही 'पोटेन्सियल'लाई विकास गर्न सकोस् र अगाडि बढाउन सकोस् । त्यो काम शिक्षाबाट प्राप्त हुन्छ, ज्ञानबाट प्राप्त हुन्छ । त्यसकारण हामीलाई विद्यालयहरू, महाविद्यालयहरू, विश्वविद्यालयहरू चाहिएको छ ।

हिजो औपनिवेशिक युगमा, उपनिवेशवादले क्लर्क उत्पादन गर्थ्यो । हामीलाई त्यस्तो होइन जीवन उपयोगी शिक्षा चाहिएको छ । हामीलाई हाम्रो ठाउँको विकासको लागि शिक्षा चाहिएको छ । त्यसबाहेक हामीलाई डाक्टरहरू चाहिएको छ, इन्जिनियरहरू चाहिएको छ, कृषि विज्ञहरू चाहिएको छ, व्यवस्थापकहरू चाहिएको छ, पर्यटन विज्ञहरू चाहिएको छ, व्यवस्थापनविद्हरू चाहिएको छ,योग्य सिइओहरू, योजनाकारहरू, प्रयोग परीक्षणकर्ताहरू हामीलाई चाहिएको छ । ती आउँदो वर्खामा पर्ने पानीसँग आकाशबाट आउने छैनन् । हामीले हाम्रा बालवालिकाहरूबाट नै त्यस्ता विशेषज्ञहरू तयार गर्नुपर्छ । त्यसकारण हामीले शिक्षामा जोड दिनुपर्छ ।

अहिले यस प्रदेशमा यो विश्वविद्यालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले उच्च मान्यता प्राप्त गरेका छन्, उच्च हैसियत प्राप्त गरेका छन् । प्रदेशमा मुख्यतः यी दुइटा संस्थाहरू अगाडि बढेका देखिन्छन् । यस विश्वविद्यालयले ७० प्रतिशत प्राविधिक शिक्षामा र बाँकी ३० प्रतिशतमात्रै अरू शिक्षामा आफूलाई केन्द्रित गर्न खोजिरहेको देखिन्छ । शिक्षाको अर्थ जसले शिक्षा आर्जन गर्छ उसको जीवन सहज र सरल होस्, समाजका लागि उपयोगी हुन सकोस् भन्ने नै हो । यी दुइटै कुराका लागि हामीले सुलभ र आजको विश्वमा प्रतिस्पर्धा गर्नसक्ने गुणस्तरीय शिक्षामा ध्यान दिनु जरुरी छ ।

मैले कतिपय ठाउँमा भन्ने गरेको छु - हाम्रो सञ्चार तथा शिक्षालाई समन्वित गरी विभिन्न विषयलाई एकै ठाउँबाट अनेक ठाउँमा पढाउन,सिकाउन सकिन्छ । आज इन्टरनेटको समयमा, वाइफाईको समयमा, आजको इ-एजुकेशनको समयमा एउटा ठाउँबाट एउटा शिक्षकले स्क्रिनमार्फत् धेरैओटा क्लास लिनसक्छ । शिक्षकहरूलाई पनि

उपयोगी हुने गरी, विद्यार्थीलाई पनि उपयोगी हुने गरी दक्ष शिक्षकमार्फत एक ठाउँबाट अनेक ठाउँमा पढाउने कुराहरू पुऱ्याउन सकिन्छ । यसले शिक्षामा उपयुक्त शिक्षक भेटिएन, गुणस्तरीय शिक्षक प्राप्त भएन भन्ने अवस्था रहँदैन । यस दिशामा पनि हामी ध्यान दिन्छौँ ।

सुर्खेत कर्णाली प्रदेशको राजधानी हो । यो ऐतिहासिक, धार्मिक र प्राकृतिक दृष्टिले आफैँमा प्रसिद्ध छ । बुलबुल ताल होस् कि काँक्रे विहार होस् अथवा अरू कुराहरू नै किन नहुन्, प्राकृतिक सौन्दर्यका कुराहरू यहाँ छन् । नजिकै बग्ने भेरी नदीले, भेरीले सिर्जना गरेका फाँटहरूले यसको प्रसिद्धि चुलिएको छ । भेरी कर्णालीमा मिसिने बेलामा उत्तरतिर बग्छ । त्यही उत्तरतिर बग्ने ठाउँमा पाण्डबहरू वनवास जाँदा आएका थिए, लुकेका थिए, स्नान गरेका थिए । यो श्रुतिलाई प्रचार गर्न सकिएको छैन । यो कुरा होइन भन्ने पण्डितजीले कतै शास्त्रमा पत्ता लगाएर ल्याए हुन्छ यहाँ पाण्डवहरू आएका थिएनन् भनेर । द्रौपदी आएकी थिइन्, पाण्डवहरू आएका थिए लुकेर बस्ने बेलामा । यत्तिकै बगेको होइन भेरी उत्तरतिर, कर्णालीमा मिसिन बगेको छ । एक ढंगले भन्ने हो भने उत्तर भेरी, उत्तर गंगा, उत्तर गया जे भन्नुहुन्छ यी कर्णालीमा मिसिने पवित्र ठाउँ हुन् । हाम्रो इतिहाससँग जोडिएको सिञ्जा यहाँ छ, हाम्रो इतिहाससँग जोडिएको दुल्लु यहाँ छ, दुल्लुका शिलापत्रहरू, स्तम्भहरू यहाँ छन् जसले हाम्रो हजारौँ वर्षको इतिहास बताउँछ ।

हामीले नयाँ शिक्षा, नयाँ ज्ञान, नयाँ उचाइका साथ प्रतिस्पर्धा गरेर नयाँ ढंगले अगाडि बढ्नु छ । यहाँबाट काठमाडौँसँग सोझै हवाई 'कनेक्टिभिटी' हुन्छ । यहाँबाट यस प्रदेशका सबै जिल्लामा हवाई सेवा सञ्चालन हुन्छ । शिक्षाको सम्बन्धमा हामी एउटा नयाँ अभियान चलाउँदै छौँ । नेपालमा अब कोही निरक्षर हुनुहुँदैन, कोही बालबालिका स्कूल भर्ना नभएको हुनुहुँदैन । त्यसकारण हामीले हिजोबाटै बालवालिका भर्नाको अभियान शुरु गरिसक्यौँ । हिजो मैले पनि रारामा ठिन्ले तामाङ नामकी एउटी सानी बच्ची भर्ना गरेँ । तिनको उपनाम रारा ठिन्ले हो । रारामा भर्ना गरीएको हुनाले तिनको नाम रारा भयो ।

नेपालमा धेरैजसो काम अत्यन्तै ढिला हुने गरेका छन् । जिन्दगीभरमा एउटा घर बनाइराख्ने हो भने अरू काम कहिले गर्ने ? त्यसकारण काम छिटो हुनुपर्‍यो । तपाईँहरूले छिटै गर्न खोजेको देखियो । काम राम्रो हुनुपर्‍यो, काम छिटो हुनुपर्‍यो, काम अगाडि बढ्नुपर्‍यो । हाम्रो सरोकार हो - काम । ठेकदारले काम ढिलो गर्‍यो, भनेको बेलामा इन्जिनियर भेटिएन, इँटा बोक्ने ट्रक फेला परेन, इँटा भट्टाले इँटा उत्पादन ढिला गरिदियो, बालुवा ल्याउन मुस्किल भयो, त्यसकारण समयमा बनेन भन्ने कुरा अब गर्नु भएन । जहाँबाट भएपनि खोजेर ल्याउनै पर्‍यो, गर्नै पर्‍यो, काम छिटो हुनुपर्‍यो, समयभित्र गर्नुपर्‍यो र लागत बढाउनु भएन । तपाईँहरूले अनुमानित बजेटमा पाँच करोड बचाउनु भएछ, धन्यवाद छ तपाईँहरूलाई । यसै उत्साहका साथ, यसै ढंगले काम अगाडि बढाउनोस् । तपाईँहरूलाई अरू कुराको समस्या हुँदैन । हामीले दक्ष जनशक्ति उत्पादन गर्ने र त्यो दक्ष जनशक्ति सम्बन्धित ठाउँमा गएर काम गर्ने हुनुपर्‍यो । यस ठाउँमा कृषिसम्बन्धी कामहरू भैरहेका छन्, कृषि क्याम्पसले कामहरू गरिरहेको छ । म आग्रह गर्न चाहन्छु - यस कृषि क्याम्पसको लागि जमीन बढाउनोस् र कृषिलाई अगाडि बढाउने बृहत्तर कार्ययोजना बनाउनोस् । सिक्किमले आफूलाई अर्गानिक बनाइसक्यो । महाकाली पारिपट्टि पञ्चनगर कृषि तथा प्राद्यौगिक विश्वविद्यालय छ । उनीहरूले भारतमा कृषिक्रान्ति ल्याएका छन् । अब कर्णाली प्रदेशलाई अर्गानिक प्रदेश बनाउनु छ । जति कर्णाली प्रदेशबाट सम्भव हुन्छ, त्यति अरू प्रदेशबाट हुँदैन ।

कर्णाली प्रदेश म प्रधानमन्त्री भएपछि भ्रमण गरेको पहिलो प्रदेश हो । यो प्रदेश पछाडि परेको छ । कसरी पछाडि परेको छ त यो प्रदेश ? यहाँको गाडी अब ढिलो कुद्दैन किनभने गाडीको इन्जिन ठीक छ, चक्का पनि ठीक छ, हर्न पनि ठीक छ, हेडलाइट पनि ठीक छ, साइडलाइट पनि ठीक छ, ब्रेक पनि ठीक छ, सबै कुरा ठीक छन् । बाटाहरू कच्ची होलान्, ती बन्छन् । 'ग्राउण्ड क्लियर' पनि ठीक देख्छु । त्यसकारण यो प्रदेश अब अगाडि बढछ् । हामी कृषि, जडीबुटी, स्वास्थ्यविज्ञान, अरू प्राविधिक क्षेत्र, ऊर्जा र पर्यटनको क्षेत्रमा हामी अघि बढ्नसक्छौँ ।

गाउँबस्तीको पुनर्वासको व्यवस्था नयाँ ढंगले गर्नुपर्ने देखिन्छ । यी सबै कुरामा म खासगरी जनप्रतिनिधिहरूले सोच्नुपर्ने र जनप्रतिनिधिहरूले नै नेतृत्व गर्नुपर्ने देख्छु । जनप्रतिनिधि साथीहरूलाई मेरो आग्रह छ - आआफ्नो ठाउँमा, आआफ्नो क्षेत्रमा नेतृत्वदायी भूमिका खेल्नुहोस् । नयाँ ढंगले सोच्नोस् र यस क्षेत्रको विकासलाई कसरी अगाडि बढाउन सकिन्छ त्यसमा केन्द्रित भएर लाग्नोस् ।

राजनीतिक अधिकार प्राप्तिको आन्दोलन टुंगो लागेको छ । चुनाव सिध्द्विएको छ, तीनै तहका सरकारहरू बनेका छन् । राजतन्त्र छैन, गणतन्त्र छ । जनताले छानेको सरकार छ । जनताले यो भन्दा बढी के दिने ? अब जनताले हामीलाई दिने कुरा छैन । जनतालाई हामीले दिनुपर्ने, सरकारले दिनुपर्ने कुराहरू चाहिँ धेरै छन् । हामीले विकास गर्नैपर्छ, अगाडि बढ्नै पर्छ, यस क्षेत्रलार्य अगाडि बढाउनै पर्छ ।

मैले यहाँको भवन हेरेँ । भवन त शिक्षाको अनुकूलताको निम्ति सामान्य पाटोमात्र हो । हाम्रा पाठ्यक्रम कस्ता छन् ? हाम्रा विषय कस्ता छन् ? हाम्रा पढाउनेहरू कस्ता छन् ? शिक्षक प्रध्यापकहरू कस्ता छन् ? हाम्रो व्यवस्थापन कस्तो छ ? हामी कसरी पढाउँछौँ ? त्यो चाहिँ मुख्य कुरा हो । भवनहरू सुन्दर भएरमात्र हुँदैन । प्राध्यापक राम्रा भएनन्, पढाइ राम्रो छैन, प्रयोगशाला राम्रो छैन, व्यवस्थापन राम्रो छैन भने राम्रो भवनले कुनै गुणस्तरीय शिक्षा उत्पादन गर्दैन । भवन बनाउनोस् अनुकूलता थपिन्छ तर अन्तर्वस्तु भवनले दिने होइन । अन्तर्वस्तुको तयारी गर्नोस् । एउटा 'स्पेसलिस्ट', 'सुपर स्पेसलिस्ट' तयार गर्न पच्चीस-तीस वर्ष पनि लाग्नसक्छ । त्यसकारण कठिन काममा तीव्र गतिमा लाग्नोस् । तपाईँहरू सफल हुनुहुन्छ । तपाईँहरूलाई मेरो शुभकामना छ ।

●

वैशाख २, २०७५

सन्दर्भ : मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा सम्बोधन

प्रमुख कुरा शान्ति

हामीले आफ्नै ठाउँमा बौद्ध विश्वविद्यालय स्थापना गरेका छौँ । यो विश्वविद्यालय यस्तो ठाउँमा स्थापना गरेका छौँ जहाँ बुद्धको जन्म भएको थियो । अहिले विश्वमा 'बुद्धिज्म' अथवा शान्तिको सन्देश सबैभन्दा मुख्य विषय हो । यो सबैभन्दा ठुलो आकांक्षा हो, सबैभन्दा ठूलो चाहना हो । यस विषयमा सबैको ध्यान केन्द्रित भएको छ ।

मान्छेले अन्तिममा समृद्धि चाहन्छ, सुख चाहन्छ । सुखका निम्ति विद्या, ज्ञान र प्रज्ञा

आवश्यक छ । त्यसविना मान्छेले सुख प्राप्त गर्न सक्दैसक्दैन । त्यसका निम्ति हामीले आधार तयार गरेका छौँ । यसलाई अब हामी अगाडि बढाउन सक्छौँ । केही वर्षका अथक प्रयासपछि हामीले यो सफलता प्राप्त गरेका छौँ । यो केही नभएको अवस्थाबाट शुरु भयो । अहिले धेरै काम अघि बढिसक्यो, धेरै श्रोतसाधन जम्मा भइसक्यो । छोटो समयमा केही पनि नभएका ठाउँबाट जे काम भएका छन् म त्यस मिहिनेत र प्रयासका लागि धन्यवाद भन्न चाहन्छु ।

आज हामी मानवजातिको यस्तो सपूत महामानवको जन्मस्थलमा, उहाँको नाममा स्थापित विश्वविद्यालयमा अध्ययन गरिरहेका छौँ । भोलि सिद्धार्थ गौतम बुद्ध, जसलाई शाक्यमुनि बुद्ध पनि भनिन्छ । अर्को संयोग पनि मिलेको छ दुई वर्षअगाडि हामीले यही ठाउँमा बुद्ध जयन्ती मनाएका थियौँ र काठमाडौँमा अन्तर्राष्ट्रिय सेमिनार गरेका थियौँ । दुई वर्षअगाडि यस ठाउँमा कार्यक्रम गर्दा अघिल्लो दिन टाँगेका पाल हुरी तथा पानीले उडाइसकेको थियो, भुईँ हिलो थियो । कार्यक्रम गर्ने ठाउँ थिएन । मैले त्यसबेला घोषणा गरेको थिएँ - अब लुम्बिनीमा पाँच हजार मान्छे अटाउने सभाहल बनाउँछौँ । त्यसलाई ध्यानकेन्द्रको रूपमा पनि उपयोग गर्न सकिन्छ । तर म पदबाट हटेँ, म पदबाट गएपछि योजना पनि गएछ । फेरि म प्रधानमन्त्रीको जिम्मेवारीमा आइपुगेँ । फेरि बुद्ध जयन्ती आइपुग्न लाग्यो । राति पानी पऱ्यो र हुरी आयो भने के गर्ने ? यो समस्या छँदैथियो । त्यसो भएको हुनाले मैले भनेको थिएँ - बुद्ध जयन्तीभन्दा अगाडि नै अस्थायी भएपनि कम्तीमा तीन हजार अट्ने हल हामी बनाउँछौँ । किनकि छोटो समयमा धेरै र पक्की बनाउन सकिँदैनथ्यो । त्यही हलमा आज हामी यो दीक्षान्त समारोह गरिरहेका छौँ । यो हल ३७ दिनको छोटो समयमा बनेको हो । निर्माण गर्न चाह्यो भने त हुनसक्दो रहेछ नि । हामीले चाह्यौँ भने अरू क्षेत्रमा पनि गर्न सक्छौँ, नसक्ने भन्ने कुरा छैन । विश्वविद्यालयबाट अहिले २० जनाले विद्यावारिधि र १ सय ६ जनाले मास्टर्स डिग्री पूरा गर्नुभएको छ । उहाँहरू पुरस्कृत हुनभएको छ, सम्मानित हुनुभएको छ । पहिला विश्वविद्यालयसित साधनश्रोत थिएन, अहिले छ । अब धेरै गर्न सकिन्छ । अन्य विश्वविद्यालयमा बुद्धिज्म

पढ्नुभन्दा बुद्ध जन्मिएको ठाउँमै बुद्धिज्म पढ्नुको अनुभूति नै फरक हुन्छ । त्यसकारण अरूतिरका पनि विद्यार्थी यहाँ बुद्धिज्म पढ्नका लागि आउनुपर्छ । त्यसका लागि हामीमा विशेष आकर्षण हुनुपर्छ, त्यो आकर्षण हामीले दिनुपर्छ ।

विश्वलाई शान्ति चाहिएको छ । आफ्नो स्वार्थलाई केन्द्रभागमा राख्ने समूह तथा अरूका स्वार्थलाई वास्ता नगर्ने, मानवीय भावना, दया, करुणालाई महत्व नदिने प्रवृत्तिका विरुद्ध बुद्धले अभियान सञ्चालन गर्नुभयो । बुद्धको समयमा, बुद्धले कहिल्यै पनि मेरा कुरा पत्याऊ भनेर भन्नु भएन, मलाई विश्वास गर, म जे गर्छु त्यो गर, मैले भनेको मान भन्नुभएन । सत्यमा विश्वास गर, तथ्यमा विश्वास गर, जे यथार्थ हो त्यसमा विश्वास गर भन्नुभयो । मैले भनेका कुराको पनि परीक्षण गर भन्ने हिम्मत थियो उहाँमा । हो, परीक्षण गर्नुपर्छ । म धार्मिक बहस गर्न चाहन्नँ । बुद्धका निष्कर्ष तथा उपदेश महत्वपूर्ण छन् । हामी पनि सत्य, शान्ति, तथ्य र प्रमाणका पछि जाऊँ । सत्यको अनुयायी बनौँ । बुद्ध समाज सुधारक र चिन्तक थिए । जतिबेला जुनजुन प्रकारका अन्धविश्वासको बिगबिगी थियो त्यस अन्धविश्वासका विरुद्धमा आँखा हेरेर, अप्रमाणित कुरालाई तथ्यसत्य मानेर होइन प्रमाणित कुरा खोजेर अगाडि बढ भन्नु सानो कुरा थिएन । त्यसैकारण बुद्धका सालिक भत्काइएनन् कि, मूर्ति तोडिएनन् कि, शास्त्र जलाइएनन् कि, बिचार भत्काइएनन् कि, केचाहिँ गरिएन ? बुद्धका विरुद्ध सानो हमला भएन तर बुद्ध विचारको सारतत्व मानवहितमा थियो, मानव कल्याणमा थियो । त्यसैले एउटा मूर्ति तोडिँदा हजारौँ बनाइए । एक ठाउँमा आस्थामाथि हमला गर्न खोज्दा आस्था हजार गुना बढ्यो । हामी आज दुनियाँमा शान्ति, मातृत्व, भातृत्व, कल्याण चाहन्छौँ । त्यसको निम्ति बुद्धको विचार सबैभन्दा उच्च प्रतीत हुन्छ । तर्क-विर्तक अनेक शाखा-प्रशाखा हुनुभन्दा बुद्धका सोचहरू माथि छन् । शाखा-प्रशाखातिरको बहसमा म जान चाहन्न । म बुद्धको महानता, मानवता, बुद्धत्व, मानवहितप्रतिको निष्ठा र सम्पूर्णभावलाई उच्च सम्मान एवम् कदर गर्न चाहन्छु ।

विश्वविद्यालय ज्ञानको अथाह भण्डार हो । हामीले जान्नुपर्ने विषय धेरै छन् । संसारमा हामीले प्राप्त गर्नसक्ने ज्ञान असीमित छ । थोरैमात्र प्राप्त गरेका छौँ, धेरै प्राप्त गर्न बाँकी नै छ । अझ कति बाँकी नै रहन्छ ।

लगभग २ हजार ६ सय वर्षअगाडि एकपटक युरोपमा एउटा सभ्य विद्वत्सभामा सुकरातलाई कसैले सोध्यो - 'महापण्डित सुकरात, यहाँ यतिधेरै पण्डितहरू बसेका छन् । एकसेएक विधाका पण्डितहरू छन् । ती सबै पण्डितहरूले तपाईँलाई महापण्डित मान्छन्, अरूलाई विद्वान् मान्छन्, सब विद्वान छन् । तपाईँ के जान्नुहुन्छ अरूभन्दा बढी ?' सुकरातको जवाफ थियो - 'शायद अरूलाई आफू कति जान्दिनँ भन्ने थाहा छ-छैन, म केही भन्दिनँ । तर मलाई केही जान्दिनँ भन्ने तत्वज्ञान छ ।' त्यसकारण ज्ञानको अथाह भण्डार हुन्छ । हामीले सिकिहाल्यौँ, हामीलाई पुगिहाल्यो भनियो भने भएको ज्ञान पनि खिइन शुरु गर्छ । ज्ञान निष्कृय भयो कि खिइहाल्छ । ज्ञान जम्यो कि खिइहाल्छ । त्यसले ज्ञानलाई सीमित गर्नुहुन्न, ज्ञानलाई जम्न दिनुहुन्न, ज्ञानलाई निष्क्रिय हुन दिनुहुन्न । त्यसलाई सक्रिय बनाउनु पर्छ र थप अगाडि बढाउनु पर्छ ।

यहाँ मानिसभित्रको मति, बुद्धि र ज्ञानको सवाल उठ्यो । मति मान्छेको मौलिक कुरा हो जसले मान्छेको आचरण निर्धारण गर्छ । मतिभ्रष्ट भयो भने जतिसुकै ठूलाठूला डिग्री भएपनि काम लाग्दैन, त्यो हानिकारक हुन्छ । बुद्धि छ, ज्ञान छ तर मतिभ्रष्ट भयो भने त्यसले सत्यनाश गर्छ । मति ठीक ठाउँमा छ, बुद्धि ठीक ठाँउमा छ भने ज्ञान भनेको प्राप्त गर्न सकिने कुरा हो, केही ठूलो कुरो होइन । ज्ञान ल्याउन पनि सकिन्छ, खोज्न पनि सकिन्छ, किन्न पनि सकिन्छ तर मति किन्न सकिँदैन । त्यसकारण सबैभन्दा महत्वपूर्ण कुरो हो आफ्नो मति । हामीले सिकिँरहदा, ज्ञान प्राप्त गरिरहँदा हाम्रो मतिलाई कसरी ठीक ठाउँमा ल्याउने ? बुद्धिज्म सिकिराख्वेका, बुद्धका कुरा गरिराख्वेका, बुद्धको संगतमा परिराख्वेका, बुद्धवाणि सम्झिरहेका सन्दर्भमा हामीले प्रज्ञालाई

अर्को शब्दमा मति भन्न सक्छौँ । बुद्धिप्रज्ञा भनेको त्यही हो, मतिवान् हुने, स्वच्छ, चरित्रवान् हुने । हामीसँग शिक्षाको धेरै पुरानो इतिहास छ । यहाँ नालन्दा विश्वविद्यालयको कुरा आयो, तक्षशिलाको कुरा आयो । हाम्रा विश्वविद्यालय र परम्पराको कुरा उठ्यो । विश्वविद्यालय यहीँ त थियो । विद्वान यहीँ थिए । प्राज्ञ यहीँ थिए । तपसी यहीँ थिए । चिन्तक यहीँ थिए । विद्या, विद्यालय, महाविद्यालय, विश्वविद्यालय हाम्रै शब्द हुन् । हाम्रा पुर्खाले विद्या उत्पन्न गर्थे, संकलन गर्थे, सङ्ग्रह गर्थे, विद्याको रूपमा विकसित गर्थे अनि त्यसलाई सम्प्रेषण गर्थे । विद्या आदान-प्रदान गर्ने वा सम्प्रेषित गर्ने ठाउँलाई शिक्षालय, विद्यालय, महाविद्यालय, विश्वविद्यालय भनिन्थ्यो । जतिबेला अरू विश्वमा विद्या, विद्यालय, विश्वविद्यालयको कल्पना पनि गर्न सकिँदैनथ्यो त्यसबेला यहाँ महाविद्यालय र विश्वविद्यालय थिए । जतिबेला ज्ञान के हो, शास्त्र के हो दुनियाँलाई थाहा थिएन त्यसबेला यहाँ शास्त्रार्थ हुन्थ्यो । संसारको सृष्टिको बारेमा, उत्पत्तिको बारेमा, ज्ञानको बारेमा, ध्यानको बारेमा, तत्वको बारेमा, तन्त्रको बारेमा, भूगोलको बारेमा, खगोलको बारेमा, गणितको बारेमा यहाँ छलफल हुन्थ्यो, अध्ययन हुन्थ्यो, पढाइ हुन्थ्यो, निष्कर्ष निकालिन्थ्यो । यहाँ साथीहरूले मन्त्र भन्नुभयो । ती आज बनेका मन्त्र होइनन् । सयौँ, हजारौँ वर्षअगाडि बनेका कुरा कति उपयोगी रहेछन् । आज हामी त्यसैलाई दोहोऱ्याउँदै छौँ ।

आज तपाईँ सामसुङको नवौँ जेनरेशनमा हुनुहुन्छ, एप्पलको दशौँमा । म आइफोनको कुरा गर्दै छु, मोबाइलको कुरा गर्दैछु । जमाना छिटो छ । तर कति उपयोगी रहेछ २५-२६ सय वर्षअगाडि भनेको कुरा ? अहिले पनि उत्तिकै सार्न्दभिक छ, उत्तिकै ताजा छ, खिया लागेको छैन । समय यस्तो चीज हो जसले हरेक कुरालाई दूरीले कमजोर पार्दै लान्छ र एउटा निश्चित दूरीमा पुगेपछि समाप्त पार्छ । चुम्बकसित चुम्बकीय क्षमता हुन्छ तर दूरी बढाउँदै लानोस् त्यसको क्षमता खत्तम हुँदै जान्छ । गुरुत्वाकर्षण सबैमा हुन्छ तर सँगसँगै जति दूरी बढाउनुहुन्छ, गुरुत्वाकर्षण खत्तम हुन्छ । उज्यालो बाल्नोस्, दूरी बढाउँदै लानोस् , उज्यालोले काम गर्दैन, हराउँछ । ध्वनि निकाल्नोस् दूरी बढ्दै गएपछि

त्यो पनि कमजोर हुँदै जान्छ । हरेक चीजको दूरी बढ्दै गएपछि त्यसको असर कम हुँदै जान्छ । समयको दूरी पनि त्यस्तै चीज हो । समय जति टाढा हुन्छ, टाढा हुँदै गएपछि त्यसले हरेक चीजलाई कमजोर बनाउँदै लान्छ र अन्ततोगत्वा समाप्त गर्छ । तर २५-२६ सय वर्षअगाडि बोलिएको कुरा, २५-२६ सय वर्षको समयको दूरीले कमजोर पार्न सकेन । २५-२६ सय वर्ष अगाडिका मन्त्रहरू आज हामी उच्चारण गरिराखेका छौँ । त्यसैले बताउँछ कि बुद्धिज्ममा के छ भनेर ।

हामी आज हाम्रा गौरवपूर्ण कुराहरू यसकारण सम्झिराखेका छौँ कि हामी तिनको गर्वलाई सम्झिँदै नवीन ढंगबाट व्यवहारमा उतारेर अगाडि बढ्न चाहन्छौँ । हाम्रो देश, हाम्रा जनता र मानवजातिको हितको लागि हामीले हिजोका गौरवहरूलाई सम्झेर, हिजोका हाम्रा पुर्खाका महानतालाई सम्झिएर, हाम्रा पुर्खाका योगदानहरूलाई सम्झिएर अगाडि बढ्नुछ । चाहे वेदका ऋचा हुन्, चाहे औषधिविज्ञान होस्, चाहे अरू कुरा । हाम्रा पुर्खाहरूले जे गरेका थिए त्यसलाई सम्झिएर, त्यसलाई अझ विकसित गरेर हामीले केही गर्नु छ । हामीले हाम्रो समयलाई सदुपयोग गरी अगाडि बढ्नु छ । ।

●

वैशाख १६, २०७५

सन्दर्भ : लुम्बिनी विश्वविद्यालयको दीक्षान्त समारोह

ज्ञानी, ध्यानी र दानीहरूको भूमि

विगतमा हाम्रो देश, हाम्रो भूमि विद्वान्हरूको देश थियो, तपोभूमिको देश थियो । यहाँको भूमिलाई तपोभूमि भनिन्थ्यो, ज्ञानभूमि भनिन्थ्यो, पुण्यभूमि भनिन्थ्यो, देवभूमि भनिन्थ्यो । अब हामी यस भूमिलाई सम्पन्नभूमि, समृद्धभूमि, विद्वान्हरूको भूमि, ज्ञानीहरूको भूमि बनाउन चाहन्छौँ । यो ज्ञानीहरूको मात्रै होइन, दानीहरूको पनि भूमि हो भन्ने कुरा यहाँ एक्लैले सत्तरी लाख दिएर प्रमाणित गर्नु भएको छ । तसर्थ यो ज्ञानीहरूको, ध्यानीहरूको र दानीहरूको भूमि हो ।

हाम्रो शैक्षिक परम्परा अत्यन्त पुरानो छ । मैले भन्दै आएको छु - बाँकी विश्व अन्धकारमा हुँदा हाम्रो भूमिमा शिक्षाको ज्योति बलेको थियो । यहाँ गणित, औषधिविज्ञानको आविष्कार भएको थियो । यस भूमिमा वेदका ऋचाहरू सिर्जना भए, उपनिषद्हरू लेखिए । जतिबेला दुनियामा ढुंगा हानाहान हुन्थ्यो त्यसबेला यहाँ शास्त्रको कुरा हुन्थ्यो । मानिस-मानिसका बीचमा कसले बढी तत्वज्ञान जान्दछ, कोसँग ज्ञान छ, कोसँग ज्ञानको क्षमता छ भन्ने शालीन प्रतिस्पर्धा हुन्थ्यो । खगोल तथा ज्योतिषशास्त्रमा हामी धेरै अगाडि थियौँ ।

केही समय हामी पछाडि पर्‍यौँ । अब पछाडि पर्ने समय समाप्त भएको छ । हामी फेरि अगाडि बढ्न अग्रसर भएका छौँ । केही वर्षअघि नेपालमा अस्तव्यत समय थियो । हामीलाई जात-जातमा, धर्म-धर्ममा, भूगोल-भूगोलमा, पहाड-तराई, पहाड-मधेश, पूर्व-पश्चिममा बाँढ्ने र भाँड्ने प्रयास भएको थियो । त्यसलाई हामीले अस्वीकार गर्‍यौँ । हामीकहाँ विभिन्न कारणले हिंसा पनि थियो । अहिले त्यो पनि अन्त्य भयो । स्थानीय निकायमा बीस वर्षदेखि चुनाव हुन पाएको थिएन । चुनाव पनि गर्‍यौँ । संविधान निर्माणको आफ्नै जटिलता थियो । जनताका प्रतिनिधिबाट संविधान निर्माण भयो । यसले जनतालाई सार्वभौमसत्ता सम्पन्न बनायो । जनताले हामीलाई विश्वासका साथ सरकार सञ्चालनको जिम्मा दिएको छ ।

प्रधानमन्त्री शक्तिशाली भयो भनेर धेरैले हल्ला गरेको तपाईँहरूले सुन्नुभएकै होला । म त्यस मान्यतालाई नै मान्दिनँ । तानाशाहीमा मात्र शासकहरू शक्तिशाली हुन्छन्, लोकतन्त्रमा जनता शक्तिशाली हुन्छ । अहिले तपाईँहरू शक्तिशाली हुनुभएको छ, प्रधानमन्त्री शक्तिशाली होइन । शासनमा पुगेपछि शासनबाट नभर्नका लागि र आफू जोगिनका लागि जहिले पनि तानशाहहरूले वरिपरि किल्ला लगाउँछन् । पहिले-पहिले दरबारमा किल्ला लगाउँथे, अहिले जालझेल र षडयन्त्र गरेर वरिपरि मान्छेकै किल्ला बनाउँछन् । किल्ला बनाएर आफू सुरक्षित बन्ने तरिका गलत हो । त्यो जनवादी तरिका होइन, जनताको लोकतान्त्रिक

तरिका होइन । जनताको तरिकामा जनता बलियो हुन्छ, शासकले सधैँ शासकको रूपमा होइन जनताको सेवकको रूपमा आफूलाई लिनुपर्छ र देशका लागि काम गर्नुपर्छ । त्यसैकारण मैले भन्ने गरेको छु - देश विकासबाहेक हाम्रो अर्को बाटो छैन । हामी सबै देश विकासको अभियानमा लाग्यौँ भने देश विकासको बाटोलाई अगाडि बढाउँछौँ ।

हाम्रो परनिर्भरता धेरै बढेको छ । त्यसैले अब नेपालमा उद्योग बेचेर खाने होइन, उद्योग स्थापना गर्ने, उद्योग पुनर्स्थापना गर्ने, उद्योग चलाउने, रोजगारीका अवसर सिर्जना गर्ने काम शुरु हुनेछ । हाम्रा चालीस-पचास लाख युवाहरू विदेशिए भनी गीत गाएर हुँदैन । उनीहरूलाई हामी रोक्न सक्दैनौँ तर केही वर्षभित्र उनीहरूलाई विदेश जानुपर्ने अवस्था नपरोस् । उनीहरू जान नमान्ने र यहीँ बस्ने स्थिति हामीले सिर्जना गर्नुपर्छ । त्यसका लागि यहाँ रोजगारी हुनुपर्‍यो र आकर्षक आम्दानी पनि हुनुपर्‍यो । शिक्षाको क्षेत्रमा सामान्य, साधारण शिक्षामात्र होइन प्राविधिक शिक्षा, जीवन उपयोगी शिक्षा, जीवनलाई काम लाग्ने शिक्षा दिनुपर्छ । हामी शिक्षा लिएर कोही बेरोजगार नबनोस् भन्ने प्रकारको शिक्षा दिन चाहन्छौँ ।

हामीले राष्ट्रलाई एकजुट बनाएर अगाडि लैजाने उद्घोष गरेका छौँ । भ्रष्टाचार अन्त्य गर्ने संकल्प हामीले लिएका छौँ । म आफू भ्रष्टाचार गर्दिनँ र कसैलाई गर्न पनि दिन्नँ । म भ्रष्टाचारलाई सहन्नँ । तपाईँहरूले देख्नु हुनेछ - भ्रष्टाचार कसरी नियन्त्रण हुन्छ र भ्रष्टहरू कसरी ठेगानमा राखिन्छन् भन्ने कुरा । अब कसैले भ्रष्टाचार गरेको थाहा पाउने बित्तिकै छानबिन गर्ने, त्यसलाई कारबाही गर्ने काम हामी गर्छौँ । यसको अर्थ ठेकदारले नाफा लिँदैन भन्ने होइन, उचित नाफा लिनुपर्छ । उद्योग गर्नेले लगानी गर्छ, अलिकति नाफा लिन्छ तर नाफाको नाममा भ्रष्टाचार गर्ने, कमिशनको खेल खेल्ने कुरा अब सम्भव छैन । अब शिक्षातर्फ पनि हामीले सुधार गर्नुपर्ने छ । हाम्रा बालबालिकाको पढाइ तथा बुझाइको स्तर उन्नत हुनुपर्छ । अंग्रेजी, गणित र विज्ञानमा पढाइको स्तर उठाउन सकियो भने अरू विषयमा विद्यार्थीले 'मेक-अप' गर्छ । शिक्षाको

गुणस्तरलाई हरेक विद्यालयमा ख्याल गर्नुपर्छ । कम्प्युटरको माध्यमबाट दूरशिक्षाको नयाँ तरिका, इ-लर्निङको तरिकाबाट पनि हामी गुणस्तरीय शिक्षा र सिकाइलाई अघि बढाउन सक्छौँ । त्यो पद्धति शुरु गरिसकेपपछि गणित, विज्ञान र अंग्रेजी विषयहरू एक ठाउँबाट पढाउन सकिन्छ, तपाईँ एउटा स्क्रिनबाट हेर्न सक्नुहुन्छ । विद्यार्थीले पढ्न सिक्छन्, शिक्षकले पढाउन सिक्छन्, त्यो शिक्षकलाई तालिमजस्तो पनि हुन्छ । यसरी पनि हामी गुणस्तर वृद्धि गर्न सक्छौँ । हामीलाई पढाएझैँ गर्नुछैन । यो देश बनाउनसक्ने दक्ष जनशक्ति, कर्मठ सन्तान तयार गर्नु छ । हामीलाई देश बनाउनसक्ने इन्जिनियर उत्पादन गर्नु छ, व्यवस्थापक उत्पादन गर्नु छ, सिइओ उत्पादन गर्नु छ, म्यानेजर उत्पादन गर्नु छ, पाइलट उत्पादन गर्नु छ, डाक्टर उत्पादन गर्नु छ । राम्राराम्रा शिक्षकहरू,आफ्नो विषयमा कमाण्डका साथ पढाउनसक्ने विद्वान् शिक्षकहरू उत्पादन गर्नु छ । त्यसकारण पास गऱ्यो भनेर हुँदैन । सर्टिफिकेट त ल्यायो तर कहीँ नबिक्ने । त्यस्तो सर्टिफिकेटलाई सिरानी हालेर सुत्ने ? त्यस्तो हुँदैन । कुनै पनि हालतमा हाम्रो शिक्षाको गुणस्तर बढाउनै पर्छ ।

●

वैशाख २१, २०७५

सन्दर्भ : नयाँ किरण मा.वि.चितवनको स्वर्णमहोत्सव

विज्ञान प्रविधिको विकास – देशको विकास

बैठकमा खास एजेण्डा आएन । हाम्रो भावी दिशा के हो, हामी कता जाने हो ? यस दिशातर्फ हामी व्यवस्थित ढंगले अगाडि बढ्नुपर्छ । नयाँ सोचका साथ जानुपर्छ । नास्टलाई प्रभावशाली बनाई यसको प्रतिष्ठा पनि बढाउनुपर्छ । यसको प्रभावकारिता र क्षमता पनि बढाउनुपर्छ । यस विषयमा यहाँ चिन्ता जाहेर भयो ।

एउटा विषयमा अर्थ मन्त्रालयको प्रतिनिधिले त नबुझिने भाषा बोल्नुभयो । जेसुकै भने पनि

लिखतमा त केही पनि देखिँदैन । भोलि प्रधानमन्त्रीलाई आर्थिक दायित्व हुने कुरामा अर्थ मन्त्रालयको सहमति चाहिन्छ भन्ने कुरा जानकारी हुनुपर्छ भनेर कसैले भन्यो भने पर्छ भन्ने कि पर्दैन भन्ने ? प्रधानमन्त्री बसेर निर्णय गरेका ठाउँमा अर्थ मन्त्रालयको आर्थिक दायित्व पर्ने विषयमा सहमति चाहिन्छ । उपकुलपतिज्यूले स्वायत्ततासम्बन्धी विषय उठाउनु भएको छ । म उहाँलाई यस विषयमा फरक ढंगले विचार गर्न आग्रह गर्छु । त्यो के भने - यो स्वायत्तता काम गर्नलाई हो । यसलाई सवल गर्ने र स्वायत्त ढंगले काम गर्न दिने भन्ने हो । फेरि एउटा कुरो हेक्का राख्नुपर्‍यो - कुलपति प्रधानमन्त्री छ, सहकुलपति शिक्षामन्त्री छ, यो यथार्थसहितको स्वायत्तता हो । स्वायत्ततामित्र म पनि पर्छु भन्ने कुरा उपकुलपतिज्यूलाई याद होस् । म पनि स्वायत्तभित्रकै हो । शिक्षामन्त्री पनि स्वायत्तभित्रकै हो । अरू साथीहरू जो हुनुहुन्छ, स्वायत्तभित्रकै हो । हामीले गर्ने निर्णय स्वायत्त नै हो । कसैले हामीलाई गुनासो गर्दैन । हाम्रा निर्णय हामी आफैँले गर्ने हो । तर पनि हामीलाई बजेट त सरकारले दिनुपर्छ, अर्थ मन्त्रालयले दिनुपर्छ । विज्ञानसम्बन्धी 'ओरियन्टेशन' र कार्ययोजना विज्ञान प्रविधि मन्त्रालयले दिनुपर्दछ । हामी राज्यका अभिन्न अंग हौँ । हामीलाई संस्थाका कामकारबाही सञ्चालन गर्ने स्वायत्तता छ । हामीलाई कानून संसदले दिन्छ, बजेट सरकारले दिन्छ, अर्थ मन्त्रालयले दिन्छ । हामी त्यही सीमाभित्र मात्र स्वायत्त हुन्छौँ भन्ने कुरा हेक्का राख्नुपर्छ । स्वायत्तता यसभित्रको स्वायत्तता हो । कहिलेकाहीँ कतिपय संस्थाहरूले त्यो यथार्थ बुझिरहेका हुँदैनन् ।

हो, संस्थाहरूलाई काम-कारबाहीमा हस्तक्षेप गर्नुहुँदैन तर हस्तक्षेप केलाई भन्ने, केलाई मार्गदर्शन वा सहयोग भन्ने ? हामीलाई सहयोग र मार्गदर्शन चाहिन्छ तर हस्तक्षेप चाहिँदैन । यसमा सन्तुलन आवश्यक छ । यो हाम्रो कुनै लडाईँको विषय नै होइन । संस्था किन स्वायत्त हो ? विश्व विद्यालयलाई हामी किन स्वायत्त भन्छौँ भन्दा त्यसका केही मर्महरू छन् । विश्वविद्यालय, प्रज्ञा प्रतिष्ठानहरूलाई स्वायत्त भन्नुका पछाडि यिनीहरूका आफ्ना कामकारबाही नै हुन् र ती काम देशको विकाससँग सम्बन्धित भएका हुनाले हो । नास्टलाई खगोलशास्त्र सम्बन्धी अध्ययन

गरौँ भन्ने लागेको होला । सरकारको जोड कृषि क्षेत्रको अध्ययन अनुसन्धानमा होला । यस्तो बेला नास्टले हाम्रो स्वायत्तता हो, हामी तारा गन्न लाग्छौँ भन्नु उचित हुँदैन । अहिले हामीलाई औद्योगीकरण गर्नु छ, सूचना प्रविधिको क्षेत्रमा विकास गर्नु छ भने तपाईँको ध्यानाकर्षण गर्नसक्छ ।

उपकुलपतिज्यूले बजेटको प्रतिशतको कुरा उठाउनुभयो । वास्तवमा यो निकै मार्मिक कुरा हो । अर्को यथार्थ के छ भने अहिले आर्थिक रूपमा सरकार धेरै अप्ठ्यारो स्थितिमा छ । अर्थतन्त्र नाजुक छ । हिजो आम्दानीलाई ख्यालै नगरी विनायोजनाको, विनाकार्यक्रमको, विनाबजेटको परियोजना शुरु गरिएको छ । श्रोतको सुनिश्चितता भन्दै मन्त्रीले तोक लगाउँदै कार्यक्रम बाँढिएको छ । चुनावअघि यस्ता तमासा भए । मैले तत्कालीन सरकारको आलोचना गरेजस्तो हुन्छ तर त्यो गर्न हुने काम थिएन । तसर्थ हिजोको काममा चरम असाधरण असन्तुलन छ । सरकारको श्वेतपत्रमा त्यसको अलिकति झलक आएको छ । त्यस पत्रमा हामी निराशाजनक स्थिति नआओस् भन्नका लागि सावधानीसाथ बोलेका छौँ । अर्थतन्त्रको अवस्था साँच्चै राम्रो छैन । चुनावअगाडि हामीले वृद्धभत्ता बढाउने भनेर निकै कस्सिएर भनेका थियौँ । अहिले बूढाबूढीले मात्र होइन, भर्खरका जवानले पनि च्यास्वच्यास्ती पार्छन् । अहिले वृद्धभत्ता बढाउनसक्ने अवस्था रहेन । मुलुकको ढुकुटी निकै सावधानीसाथ सञ्चालन गर्नुपर्ने अवस्था छ ।

हामी आर्थिक वर्ष २०७५।०७६ लाई आर्थिक अनुशासन, नियमितता, विकासको संकल्प र योजनाको हिसाबले विकासको अभियानमा नयाँ प्रारम्भको रूपमा लिएका छौँ । हामी चुनौतीपूर्ण घडीमा छौँ । मुलुकलाई हामीले न्यून आय भएको देशबाट विकासशील देशमा स्तरोन्नति गर्नु छ । अबको १२ वर्षभित्र हामीले नेपाललाई मध्यम आयस्तरको देशको रूपमा विकास गर्नुपर्ने छ र दिगो विकास लक्ष्य हासिल गर्नु छ । यी १२ वर्षमा हामीले शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन, व्यापारलगायतका क्षेत्रहरूमा, पूर्वाधारका क्षेत्रहरूमा

तोकिएका लक्ष्य पुऱ्याउनुपर्ने छ । हामीले विभिन्न जिल्लामा, विभिन्न नगरपालिकामा, विभिन्न गाउँपालिकामा खुला दिशामुक्त क्षेत्र भनेर अभियान चलाइराखेका छौँ । ती अभियान कस्तो ठाउँमा चलाइराखेका छौँ भने जहाँ जनताका घरै छैनन् त्यहाँ खुला दिशामुक्त क्षेत्र भनेका छौँ । घर नै नभएका, बस्ने ठाउँ नै नभएका मान्छेले खुला दिशामुक्त क्षेत्रमा के गर्लान् ? खुला दिशामुक्त क्षेत्र बनाउनुभन्दा अगाडि घर भयोभने अनि खुला दिशामुक्त क्षेत्र हुन्छ । हाम्रा नाराहरू जायज छन् तर तिनको प्रयोग सही ठाउँमा सही ढंगले नभएको स्थिति पनि छ ।

विज्ञान प्रविधिको विकास र प्रयोगविना देशको विकास सम्भव छैन । कृषि, उद्योगलगायत सबै क्षेत्रमा यसको उपयोग जरुरी छ । हामी पछाडि परेको अनुसन्धानात्मक काम कम भएर नै हो । विज्ञान र प्रविधिको क्षेत्रमा रोनास्टले केही नयाँ कुरा देशमा भित्र्यायो भन्ने कुरा पनि यहाँ भयो । रोनास्टले देशमा केही भित्र्यायो भन्ने कुरा धेरै गौरव गर्ने खालको विषय होइन । आजको जमानामा विज्ञान र प्रविधिका हरेक नयाँ कुरा नेपाल भित्रिनु पर्छ । जस्तो सोलार प्रविधि भित्रिने कुरा गरौँ । हाइड्रोपावर हाम्रो पुरानै छँदैथियो, विण्डपावर भित्रने कुरा धेरै ठूलो होइन । टेलिफोन, मोबाइल भित्रिने कुरा ठूलो होइन । टीभी भित्रिने कुरा ठूलो होइन । कति कुरा त जनताले आफैँ पनि भित्र्याउँछन् । यसमा म रोनास्टलाई दोष लगाउन चाहन्नँ । यसको क्षमता अभिवृद्धि गर्नुपर्‍यो । म प्राज्ञसभालाई के भन्न चाहन्छु भने - पहिलो,यसलाई सबल बनाउनु पर्‍यो । यसको क्षमता विकास गर्नुपर्‍यो । दोश्रो, यसलाई उपलब्धि दिने संस्था बनाउनुपर्‍यो । अमेरिकामा नासा किन 'फेमस' छ भन्दा त्यो संस्था 'रिसर्च'मा अगाडि छ । उसले ठूलाठूला 'रिसर्च' गर्छ । त्यस्तै, अक्सफोर्डको प्रोफेसर भनेपछि मान्छेले विद्वान् मान्छन् । अक्सफोर्डको उपलब्धिबाट आर्जन गरेको प्रतिष्ठा हो । हामीले पनि आफ्नो क्षमता विकास गर्नसक्यौँ भने र उपलब्धि हासिल गर्‍यौँ भने प्रतिष्ठा हासिल गर्नसक्छौँ । मर्यादाको कुरामा हामी जति देशलाई शिक्षित गर्नसक्छौँ, त्यति विद्वताको कदर हुन्छ । सभ्य समाजमा विद्वताको कदर हुन्छ, ज्ञानको कदर हुन्छ । जबसम्म समाज धेरै विकसित हुँदैन तबसम्म पद

वा धनलाई कदर गर्छ । पदमा त भवितव्यले अनेक खालका मानिस पुग्छन् । दुईचार जना मान्छे मारेर राष्ट्रपति भएको पनि देखेका छौँ । एउटा प्रधानमन्त्री मारेर अर्को प्रधानमन्त्री भएको इतिहास त नेपालमै कति छ कति । जंगबहादुर आफ्नै मामालाई मारेर प्रधानमन्त्री भएका थिए । जंगबहादुरका भतिजा उनका छोरालाई मारेर प्रधानमन्त्री भए । यस्ता घटना पनि छन् । तिनीहरू कुनै आदरणीय व्यक्ति होइनन् । विद्वान् झुक्किएर पनि त्यस्तो ढंगले पदमा पुग्दैन । पाँच-सात जना मान्छे मारे पनि, दश-बीस जना मारे पनि विद्वान् हुँदैन मान्छे । वैज्ञानिक पनि हुँदैन, प्रोफेसर पनि हुँदैन । त्यसका लागि निकै लामो त्याग, तपस्या र निष्ठा चाहिन्छ ।

राजनीतिमा कहिलेकाहीँ ठीकै मान्छे पनि माथि पुग्नसक्छ, कहिलेकाहीँ बेठीक मान्छे पनि पुग्नसक्छ । कहिले बुथ कब्जा गरेर सांसद छानिएको हुन्छ । जब समाज विकसित हुन्छ तब ज्ञानको कदर हुन्छ । त्यस स्थितिमा प्रोफेसर वा विद्वान् मर्यादित हुन्छ । भारतको मर्यादाक्रममा भारतभूषण प्राप्त गर्नेलाई निश्चित राष्ट्रिय मर्यादाभन्दा पछि राखिएको हुन्छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री आदि पछि भारतभूषण प्राप्त गर्ने व्यक्ति हुन्छ । मन्त्रीभन्दा अगाडि लतामंगेश्वरको ठाउँ हुन्छ । तर नेपालमा त्यो अलि चलिसकेको छैन । समाज त्यो ठाउँमा अलि पुगेको छैन । म तपाईँहरूलाई आग्रह गर्न चाहन्छु - हरेक साथीले सोचौँ, नास्टले पनि गम्भीरतापूर्वक सोचोस् । नास्टलाई कसरी सबल बनाउने, यसको क्षमता कसरी अभिवृद्धि गर्ने, यसले कस्ता र कसरी कार्यक्रम चलाउने ? यस विषयमा ठोस प्रस्ताव आउनुपर्छ ।

नास्ट किन चाहियो वा अनुसन्धान किन चाहियो भन्दा देश विकासका लागि । देशको विकासका लागि कुनकुन क्षेत्रमा केके गर्न जरुरी छ, त्यो हामी कसरी पूरा गर्छौँ ? त्यसका निम्ति यहाँहरूलाई, नास्टलाई विश्वविद्यालय चाहिएको हो । त्रिभुवन विश्वविद्यालयका धेरै कमजोरीमध्ये मुख्य कमजोरी कमजोर अनुसन्धान हो । अनुसन्धानको पाटो कमजोर छ त्यहाँ । त्यहाँको शैक्षिक गुणस्तर खासै नराम्रो छैन ।

अनुसन्धानको काम पनि शक्तिशाली भएर आउनुपर्छ । यस संस्थाको त काम नै अनुसन्धान हो । यहाँहरूलाई अघि बढ्न सजिलो छ । सरकारको नीति-कार्यक्रम तथा बजेटले इंगित गरेको आधार समातेर कामलाई अघि बढाउन सकिन्छ । यस आधारमा यस वर्षका लागि हामी के गर्छौं ? पाँच वर्षका लागि के गर्छौं ? दश वर्षका लागि के गर्छौं ? हामी कसरी हरेका क्षेत्रमा दक्ष र सक्षम जनशक्ति उत्पादन गर्छौं ? यो त वैज्ञानिक संस्था हो । कृषि वैज्ञानिकदेखि लिएर अरू वैज्ञानिकलाई कसरी काममा लगाउँछौं ? उहाँहरूले कम पानी भए पनि फल्ने धानको अन्वेषण गरेका कुराहरू ल्याउनु भएको छ । हामीलाई यस्ता अन्वेषणहरूको खाँचो छ । कैलालीमा थोरै पानीमा पनि तीन गुना बढी गहुँ उत्पादन भएको कुरा मैले पढेँ । त्यसप्रकारको अनुसन्धानमा नास्ट संलग्न छ कि छैन मलाई थाहा छैन तर किसानले कतैबाट त्यो प्रविधि प्राप्त गरी उपयोग गरे ।

तपाईँहरूले आ-आफ्नो ठाउँमा, आ आफ्नो क्षेत्रमा राम्रो गरेका मान्छेलाई छनौट गरेर पुरस्कृत गर्ने योजना बनाएर प्रशंसनीय काम गर्नुभएको छ । अन्वेषकको खोजी गर्दा सानो घेराबाट बाहिरसम्म जानुभएको छ । यो पनि प्रशंसायोग्य कुरा हो । वैज्ञानिक साथीहरू यस क्षेत्रमा केके गर्न चाहनु हुन्छ ? विज्ञानसम्बन्धी तपाईँहरूको योजना के छ ? कुनै पनि बेला तपाईँहरूले आफ्ना योजना ल्याउनु भए हुन्छ । यो देश बनाउने कुरा हो । देश बनाउने कुरामा सरकारले सहयोग गर्छ ।

●

जेठ २७, २०७५

सन्दर्भ : नास्टको कार्यालय, खुमलटारमा व्यक्त मन्तव्य

अनुसन्धानको केन्द्र – विश्वविद्यालय

आज हामी नेपालको सबभन्दा पुरानो र गौरवपूर्ण इतिहास बोकेको त्रिभुवन विश्वविद्यालयको ६० औँ वार्षिकोत्सवमा यहाँ उपस्थित छौँ । हामीसित ५९ वर्षको अनुभव छ । ती अनुभव शैक्षिक उन्नयन र प्रगतिका लागि मात्रै होइन, सामाजिक जागरण, परिवर्तन र विकासका प्रयासहरूसँग पनि सम्बन्धित छन् । विश्वविद्यालय स्थापना हुँदाको समयभन्दा आज धेरै कुरा फरक भइसकेका छन् । त्यतिबेला हामीसँग त्रिभुवन विश्वविद्यालयमात्र थियो, आज हामीसँग धेरै विश्वविद्यालय छन् । त्यसबेला

हामीसँग प्राविधिक शिक्षा, पर्याप्त र दक्ष शैक्षिक जनशक्ति थिएन, आज छ । यस्तो अवस्थामा यी सबै अनुभव लिएर हामी अगाडि बढ्नसक्छौँ ।

लामो समयसम्म त्रिभुवन विश्वविद्यालयले नेपालको शिक्षाक्षेत्रलाई अघि बढाउन प्रयत्न गऱ्यो, आफ्नो बलबुता लगायो । शिक्षा क्षेत्रलाई आधुनिकीकरण, विकास र विस्तारको बाटोमा अघि बढाउन यसले महत्वपूर्ण योगदानमात्र गरेको छैन, सफलता पनि हासिल गरेको छ । कतिपय सन्दर्भमा हामीलाई धित नमरे पनि वा चाहेजस्तो नभएपनि धेरै सफलता प्राप्त भएका छन् । आज विश्वविद्यालय तथा प्राविधिक शिक्षालयहरू खुल्ने र प्राविधिक हिसाबले दक्ष जनशक्ति तयार हुने परिस्थिति निर्माण हुनुको पछाडि त्रिभुवन विश्वविद्यालयकै देन छ । नयाँ विश्वविद्यालयहरू निर्माणको जग पनि त्रिभुवन विश्वविद्यालय नै हो । यस सफलताका लागि म त्रिभुवन विश्वविद्यालयलाई बधाई ज्ञापन गर्न चाहन्छु ।

त्रिभुवन विश्वविद्यालयलाई यस ठाउँमा पुऱ्याउन स्थापनाकालदेखि योगदान गर्ने जग्गादाताहरूलाई आज हामी सम्मान गर्दैछौँ । त्रिभुवन विश्वविद्यालय आजको स्थानमा पुग्न धेरैको जवानी र जिन्दगी बितेका छन्, धेरैका मिहिनेत र पसिना, धेरैका प्रयास केन्द्रित भएका छन् । यो नदी यत्तिकै बनेको छैन, ससाना मूलहरू, ससाना थोपाहरू मिलेरै बनेको हो । यो नेपालीहरूको साझा प्रयासबाट बनेको हो । यस काममा योगदान पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद भन्न चाहन्छु । त्यसैगरी शिक्षा क्षेत्रमा योगदान गर्ने वैदेशिक शैक्षिक संस्थाहरू र व्यक्तिहरूप्रति समेत धन्यावाद ज्ञापन गर्दछु । यस विश्वविद्यालयलाई छनोट गरेर देश बिदेशबाट पढ्न आउने विद्यार्थीहरूलाई धन्यवाद भन्न चाहन्छु ।

हाम्रो शैक्षिक परम्परा जुन थियो पूर्वीय सभ्यता, पूर्वीय शैक्षिक परम्परा, चाहे नालान्दा होस् चाहे तक्षशिला होस् वा गुरुकुल परम्परा हुन्; ती परम्पराभन्दा पृथक् हामीले पश्चिमाशैलीको शिक्षाको परम्परामा जाने एउटा परिस्थिति बन्यो । यद्यपि हाम्रो शिक्षाप्रणाली असाधारण थियो,

समयक्रममा हामीले आफ्नो ढङ्गले विकास गरेर जान सकेनौँ । महान् गणितज्ञ भाष्कराचार्यले आफ्नो शास्त्र 'सिद्धान्त शिरोमणि'मा सन् ११५० मा गुरुत्वाकर्षणको सिध्दान्त अघि सार्नुभएको थियो । आजका खगोल आदिका मूलश्रोत पनि पूर्वीय दर्शन नै हो । जसका प्रमाण हाम्रा शास्त्र र ग्रन्थहरूमा प्रस्ट छन् । भाष्कराचार्यको सिद्धान्त आएको चार–पाँच सय वर्षपछि न्युटनले गुरुत्वाकर्षणसम्बन्धी सिध्दान्त अघि सार्नुभयो । भाष्कराचार्यले आफ्नो कृति 'सिद्धान्त शिरोमणि'मा पृथ्वीको व्यासको नाप गणितको सहायताले निकाल्नु भएको छ । अहिलेका वैज्ञानिकले नाप्दा सन् ११५० मा 'सिद्धान्त शिरोमणि'मा भाष्कराचार्यले प्रस्तुत गर्नुभएको भन्दा २० मिटर जति फरक पऱ्यो कि भनेका छन् । विज्ञान र गणितले नवग्रहको सन्दर्भमा अझै यकिन गर्न सकेका छैनन् । पूर्वीय गणितले नवग्रहको कुरा धेरै अगाडि भन्यो । खगोलशास्त्रले त्यसलाई स्वीकार्न धेरै समय लगायो । ग्यालिलियोले भन्दा पहिले पृथ्वी गोलो छ भनेर भाष्कराचार्यले ११५० मा 'सिद्धान्त शिरोमणिमा लेखे'का छन् । विज्ञानका यस्ता युगान्तकारी सिद्धान्तहरू हाम्रो वाङ्मय र परम्पराभित्र थिए । खगोलशास्त्र, भूगोलशास्त्र, औषधिविज्ञान, जीवविज्ञान आदिमा हामी उहिल्यै अगाडि थियौँ । हाम्रा अगाडि नयाँ परम्परा र परिवेश आए र तिनलाई अगाडि बढाउनुपऱ्यो ।

हामीले प्रारम्भ गरेको शिक्षा यही हो जुन चलिरहेको छ । यसभन्दा अगाडि विदेश वा वनारस गएर शिक्षा लिनुपर्थ्यो । नयाँ शिक्षा प्रणाली जसमा हामी अगाडि बढ्यौँ त्यसमा हामीले सफलता पाएका छौँ । तर अब हामीले हाम्रो गौरवमय परम्परापट्टि पनि ध्यान दिनु आवश्यक छ ।

हामी शिक्षालाई जीवन उपयोगी परिपूर्ण शिक्षाको रूपमा अघि बढाउन चाहन्छौँ । हामी शिक्षाकै माध्यमले समृद्ध, सभ्य र सुखी संसार बनाउन चहान्छौँ । मैले भन्ने गरेको छु समृद्धि आफैँमा सुख हुन सक्दैन । प्रशस्त धन छ र घरमा झगडा छ भने मान्छे निदाउनै सक्दैन । तसर्थ समृद्धि आफैँमा पर्याप्त छैन । समृद्धि सुखको एउटा पक्ष हो । अभावमा सुख हुँदैन । अभावबाट उन्मुक्ति एउटा सुख प्राप्तिको बाटो हो । तर

हाम्रो गन्तव्यचाहिँ सुख हो । यसमा जैविक, मानवीय, आधारभूत र न्यायोचित कुराहरूको परिपूर्तिदेखि लिएर शान्ति सुरक्षासम्म धेरै कुराहरू पर्छन् । सुरक्षाको प्रत्याभूति वा निर्भयता यसको अनिवार्य शर्त हो । हाम्रा ऋषिमुनिहरूले कति परिपूर्ण सिध्दान्त प्रतिपादन गरेका छन् – 'सर्भे भवन्तु सुखिनः सर्वे सन्तु निरामया ।" अर्थात्, मानवजीवन भयबाट मुक्त हुनुपर्छ । समाज निर्भय हुनका लागि आत्मनिर्भर हुनसक्ने, मानवीय महत्ता बुझेको व्यक्ति हुनुपर्छ । यस प्रसङ्गमा हाम्रो विश्वविद्यालयले के गर्ने भन्ने विषयमा छलफल हुनुपर्ने हो । समाजलाई कता डोऱ्याउने भन्ने दृष्टिकोण पनि अघि सारिनु पर्ने हो । यस्तो सभामा समाजलाई हामीले विश्वविद्यालयलाई कता लैजान खोजिरहेका छौँ भन्ने कुरा पनि बताउने इच्छा हुन्छ जुन स्वाभाविक हो ।

हाम्रो शिक्षाको सर्न्दभमा कुरा गरौँ । हाम्रो कृषिप्रधान देश, जहाँ दुई तिहाइ जनसङ्ख्या मोटामोटी कृषिमा निर्भर छ, त्यस क्षेत्रमा हामी कति अध्ययन गरिरहेका छौँ, त्यसको आधुनिकीकरण र विकास, व्यावसायीकरण र यन्त्रीकरण, आधुनिक प्रविधि मिसाउनका लागि कति अध्ययन गदैछौँ ? उत्तर खोज्दा देखिन्छ, कृषि र पशु विज्ञान अध्ययन संस्थानमा ३ सय २६ जना अध्ययन गर्दैछन्, जब कि शिक्षाशास्त्र सङ्कायमा २४ हजार ७ सय ३ अध्ययनरत छन् । यो हाम्रो पढाइको एक झलक हो । आजको जमानामा हामीसँग ४५ प्रतिशत वनक्षेत्र छ, जसमध्ये २८ प्रतिशत सघन वन छ । वनको सन्दर्भमा हामीले धेरै अध्ययन र अनुसन्धान गर्नुपर्ने छ । त्यसमा अध्ययनरत व्यक्ति २ सय १० जना मात्रको रहेको तथ्यांक छ । हामीलाई विकास निर्माण गर्नु छ । तर इन्जिनियरिङ अध्ययन संस्थानमा जम्मा २ हजार ७ सय १२ जना, चिकित्साशास्त्रमा १ हजार ८ सय २१ जना र मानविकी तथा सामाजिक शास्त्रमा १४ हजार २ सय १५ जना रहेका छन् । हामीले कृषिलाई सक्षम बनाउनु छ, सीप सिकाउनु छ, नयाँ प्रविधि सिकाउनु छ, रूपान्तरण र आधुनिकीकरण गर्नु छ त्यहाँको विद्यार्थी संख्या मानविकी तथा समाजशास्त्रको तुलानामा नगन्य छ । यसलाई

हामीले गम्भीरताका साथ सच्याउनुपर्ने छ । सच्याउने कामको नेतृत्व गर्नुपर्ने व्यक्तित्वहरू, मेरो दायाँ-बायाँ दुईतिर दुईजना बस्नुभएको छ । मैले पहिले दुई वर्षअगाडि, वीचमा पनि र यसपटक प्रधानमन्त्री भएपछि पनि त्रिभुवन विश्वविद्यालयको टिमसँग बसेरै कुरा गरेँ । अब शिक्षा, विज्ञान तथा प्रविधिको क्षेत्रमा हामी यथार्थमा कुन ठाउँमा छौँ ? देश बनाउने मान्छेको स्थिति कुन/कुन क्षेत्रमा केके छ ? अहिले कस्तो जनशक्ति कतिकति चाहिएको छ, त्यसमा कति पूरा भएको छ र बाँकी कसरी पूरा गर्ने हाम्रो योजना छ वा अब कस्तो योजना बनाउन जरुरी छ, त्यो सम्पूर्ण प्रोफाइल चाहियो । त्यो समग्र प्रोफाइल अहिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गर्दैछ र योजना आयोगले पनि तयार गर्दैछ । दुई निकाय मिलेर त्यो प्रोफाइल तयार गरेपछि यथार्थमा हामीलाई इन्जिनियर कति चाहिन्छ ? इन्जिनियरमा सिभिल, इलेक्टोनिक्स, एयरन्युटिकल, अन्य विषयका कति चाहिन्छ भन्ने थाहा हुन्छ । व्यवस्थापन, चिकित्साशास्त्र, चिकित्साशास्त्रमा पनि न्युरोलोजिस्ट कति, बालबालिका हेर्ने कति, ज्येष्ठ नागरिकहरूको उपचारका निमित्त कति र अन्य रोगमा न्यूनतम कति चाहिन्छ ? हामीसँग विस्तृत खाका तयार हुनेछ ।

वन विज्ञानको अध्ययन काठमाडौँमै हुनुपर्छ भन्ने केही छैन । कुन ठाँउमा कतिकति कलेज खोल्न सक्छौँ ? कृषि क्याम्पस कहाँकहाँ स्थापना गर्न जरुरी छ ? तथ्यमा आधारित भई योजना बनाउन वा निर्भीक भई निर्क्योल गर्न जरुरी छ । शिक्षा भनेपछि पशुपालनमा के ? अथवा मत्स्यपालनमा के ? धानमा के ? गहुँमा के ? फलफूल अथवा जडीबुटीमा के ? फूड प्रोसेसिङमा के ? त्यसमा कस्तो र कति जनशक्ति चाहिन्छ, निश्चित हुनुपर्छ । तर अहिले एउटा किराना पसल थाप्नु र क्याम्पस स्थापना गर्नु एउटै भएको छ । कति विद्यार्थी पढ्न आउँछन् त्यो पनि थाहा छैन, कसरी पढाउने त्यो पनि थाहा छैन ।

परिवर्तनका अवस्थामा शिक्षा क्षेत्रमा अलिकति डिस्टरभेन्स भयो, संक्रमणको अवस्थामा अलिअलि व्यवधान हुनगयो होला । अलिअलि

रोटी सेक्ने प्रयासमा, जहाँ युवा जनशक्ति छ त्यसैलाई प्रयोग गरिन्छ । त्यस्ता प्रयासहरू पनि हुन्छन् । तर अब यी सबै कुराहरूको समय सिद्धिएको छ ।

विश्वविद्यालयहरू पढाउनुको अलावा अनुसन्धानमा केन्द्रित हुन आवश्यक छ । विश्वविद्यालयलाई अनुसन्धानसमेतको मुख्य केन्द्र बनाउनु पर्छ । सरकारले त्यसका लागि पनि बजेट छुट्याउँछ । संसारमा जहाँजहाँ प्रगति भएका छन्, त्यहाँ अनुसन्धानका प्रमुख केन्द्र 'विश्वविद्यालय' नै पाउँछौँ । हामीले अहिले पनि हेर्‍यौँ भने विश्वविद्यालयका अमुक प्राध्यापकले गरेको अनुसन्धानको नतिजाबाट यस्तो आयो भनेर भन्ने गरिन्छ । हामीले पनि हाम्रो विश्वविद्यालयमा अध्यापनको अलावा अनुसन्धान पनि गराउनुपर्छ । अध्ययन पुराना कुराहरूको गरिन्छ, प्रायः निस्केका निष्कर्षहरूको अध्ययन गरिन्छ । तर अनुसन्धानमा नयाँ आविष्कार गरिन्छ । नयाँ र सामयिक सवालहरूमा अध्ययन विश्लेषण गरी निचोड निकालिन्छ । अब हामीले अरूले गरिदिएका अनुसन्धान, अरूले पत्ता लगाइदिएका कुरामात्रै पढ्ने होइन । उहिले उहिले भगवान्‌का वचनरुपी शास्त्रहरूमा अनुसन्धान गर्नु मनासिव पनि हुँदैनथ्यो । तर विज्ञानमा त्यस्तो हुँदैन । विज्ञानमा अनुसन्धानमा भर पर्नुपर्ने हुन्छ । विश्वविद्यालय अनुसन्धानमुखी हुने धारणा सहकुलपतिज्यू, उपकुलपतिज्यूको मन्तव्यमा व्यक्त गरिएको छ, यो खुशीको कुरा हो । म के भन्न चाहन्छु भने अनुसन्धानका निम्ति विश्वविद्यालयलाई आवश्यक पर्ने कुराहरूमा समयानुकूल र क्षमता अनुरूप सरकारको तर्फबाट सम्पूर्ण ध्यान जान्छ । यसका लागि सरकार विश्वविद्यालयको साथमा छ ।

मैले अघि पनि उल्लेख गरेँ, अहिले कृषिमा निर्भर जनसङ्ख्या दुई तिहाइ जति छ । कृषि प्रणाली परम्परागत, अवैज्ञानिक र निर्वाहमुखी रहेको छ । त्यसबाट आंशिक रोजगारी वा अल्परोजगारी मात्र पैदा भइरहेको छ जसका कारण चरम गरिबी र भोकमरीको अवस्था छ । यसले गर्दा दिगो विकास लक्ष्य वा भिजन २०३० लाई ध्यान दिएर अघि

बढ्नुपर्ने छ । भिजन २०३० ले यस अवस्थालाई अवश्य ध्यानमा राखेर अघि बढ्ने छ । अब हामीले लक्ष्यभन्दा अगाडि नै कार्यक्रम पूरा गर्ने गरी हिँड्नु पर्ने छ । अब हामी करिव ८ प्रतिशत आर्थिक वृद्धि हासिल गर्छौं । यसलाई निरन्तरता दिन सके २/३ वर्षभित्र नेपाल द्रुत आर्थिक वृद्धि भएको देश बन्ने छ ।

अहिले हामी पछाडि छौँ । विकासको गति तीब्र बनाई अरूलाई भेटनुपर्ने छ । केही वर्षभित्र संसारकै उच्च आर्थिक वृद्धि दर भएको देश बनाउन हामीले धेरै काम गर्नुपर्ने छ । हामी विकास र समृद्धिको लक्ष्य साकार पार्ने उद्देश्यका साथ हामी लागिरहेका छौँ । यस कुरालाई बुझेर नै विश्वविद्यालयले नीति, योजना तथा कार्यक्रम बनाउनुपर्छ । भिजन २०३० र यसको कार्यान्वयनबाट हामीले सो क्रममा तय गरिएका लक्ष्य प्राप्त गर्न सक्छौं । म फेरि पनि जोड दिन चाहन्छु, अब अलमलिने समय छैन । अब सानातिना कुराहरूमा अलमलिने वा 'नन इस्यु' लाई 'इस्यु' बनाउन खोज्नु हुँदैन, त्यस्तो कुराले समयको बर्बादीमात्र गर्छ । तीव्र गतिको मूल्यवान् समयमा छौँ हामी । यति मूल्यवान समयलाई हामी दुरूपयोग हुन र खेर फाल्न दिन सक्दैनौँ ।

अहिले आपसमा एकताबद्ध भएर अगाडि बढ्ने र आ–आफ्नो ठाउँबाट आ–आफूले योगदान गर्ने आवश्यकता छ । म विकासका सन्दर्भमा असन्तुलित हुने गरी एउटा कुरामा ध्यान दिने, अर्को कुरामा ध्यान नदिने हुन दिन्न । रौतहट जस्तो सुगम जिल्लामा ३२ प्रतिशत, महोत्तरी जस्तो सुगम जिल्ला ३० प्रतिशत साक्षरता हुनु दुःखद कुरा हो । यो हाम्रो निम्ति चुनौती पनि हो । डोम जातिका मानिस २१ प्रतिशतमात्रै साक्षर छन् अर्थात् ७९ प्रतिशत एउटा जाति निरक्षर छ । आजको समयमा यस्तो हुनु डरलाग्दो मात्रै होइन शर्मनाक कुरा हो । मुसहर जातिमा पनि २० प्रतिशतमात्र साक्षरता छ ।

हामीले विश्वविद्यालय र उच्चशिक्षाको कुरा गर्दा समाजलाई कति तलदेखि उठाउनुपर्ने छ भनी हेक्का राख्नुपर्छ । हामीले स्कूल नजाने

बालबालिकालाई स्कूल पुऱ्याउनु छ । हामीले सीमित वर्गको मात्रै चिन्ता गरेर त्यहाँमात्रै साधन खन्याएर हुँदैन, सबैतिर हामीले ध्यान पुऱ्याउनुपर्ने छ । त्यसैगरी स्कूललाई मात्रै ध्यान दिने उच्च शिक्षा, विश्वविद्यालय र अनुसन्धानका कामलाई विलासिता ठान्ने पक्षमा पनि हामी छैनौँ । यो पनि आवश्यक छ तर समाजलाई तलदेखि नै उठाउनु जरुरी छ । तसर्थ हामीले सन्तुलन गुमाउनु हुँदैन ।

अन्तमा म ग्रेस लिस्टमा उत्तीर्णलाई बधाई भन्न चाहन्छु । ग्रेस लिस्टसम्म पुऱ्याउने र त्यस ठाउँमा पुग्ने विद्यार्थी, शिक्षक सबैलाई बधाई र धन्यवाद भन्न चाहन्छु । यस सभाको सफलताको कामना गर्छु र यस विश्वविद्यालयको सफलताको कामना गर्दछु । यसको गौरवपूर्ण ६ दशकले अभावका बाबजुद पनि साँच्चै एउटा इतिहास कोर्न सफल भएको छ, त्यसका निम्ति पनि म बधाई ज्ञापन गर्दछु ।

●

साउन, २०७५

सन्दर्भ : त्रिभुवन विश्वविद्यालयको वार्षिकोत्सव



राष्ट्र / राष्ट्रियता

सबैभन्दा महत्वपूर्ण कुरा- देशभक्ति

राष्ट्रिय सेवा दलको इतिहास निकै लामो भइसक्यो । ५२ वर्षको इतिहास छोटो होइन । यस बीचमा राष्ट्रिय सेवा दलले सञ्चालन गरेका तालिम तथा अभ्यासहरूले युवाहरूलाई देशभक्तिको सही बाटोमा अगाडि बढाउन भूमिका खेलेको छ । युवाहरूलाई दक्ष, सक्षम र अनुशासित ढंगले अगाडि बढाउने सन्दर्भमा महत्वपूर्ण योगदान गरेको छ । यस कुराको म प्रशंसा गर्न चाहन्छु ।

यस प्रकारका तालिम-अभ्यासमा स्वेच्छाले सरिक भएर देश तथा जनताको हितमा कर्तव्यनिष्ठ, अनुशासित र गतिशील रूपमा आफ्नो जीवन समर्पित गर्ने उद्देश्य आफैँमा पवित्र छ । साथै, मानसिक तथा शारीरिक सवलता र सक्षमताका साथ युवाहरूले जुन अठोट देखाउनुभएको छ, त्यो अठोट यहाँ प्रस्तुत कवाज र अन्य गतिविधिमा पनि प्रतिबिम्बित भएको छ । यसमा देशभक्तिको भावनासमेत सशक्त रूपमा प्रस्तुत भएको छ ।

हामीलाई तालिम-अभ्यास दुई ओटा कुराका लागि चाहिन्छ । एउटा, आफ्ना लागि । आफ्नो जीवनलाई शारीरिक रूपमा योग्य, सक्षम र सरल बनाउनको लागि । अर्को, देश, जनता, समाज अथवा अरूका लागि । तालिम-अभ्यासको दोश्रो प्रयोजन मानसिक र शारीरिक हिसाबले स्वस्थ, सक्षम, अनुशासित र अनुसरणीय जीवन ढाँचाका लागि हो । व्यक्तिको जीवन आफूसँगमात्र होइन परिवारसँग, छिमेकीसँग, साथीभाइसँग,समाजसँग र देशसँग सम्बन्धित हुन्छ । एउटा देशभक्त नेपालीले आफ्नो जीवनलाई कस्तो बनाउने भन्ने कुरा देशसँगै जोडेर हेर्ने गर्छ ।

हामी कस्तो भावनाका साथ अगाडि जान्छौँ, कस्ता क्रियाकलापका साथ अगाडि बढ्छौँ त्यसले महत्वपूर्ण अर्थ राख्दछ । हामी नेपालीका लागि देशभक्ति सबैभन्दा महत्वपूर्ण कुरा हो । देशभक्ति तपाईँहरूले मात्र होइन, सबैले सिक्नुपर्ने कुरा हो । देशको हित, त्यसका निम्ति राष्ट्रिय एकता, देशको स्वाभिमान र स्वाधीनता त्यत्तिकै महत्वपूर्ण विषय हुन् । तपाईँ युवाहरूले तालिम-अभ्यासको क्रममा देशको भूगोल, हावापानी, यसको विविधता, नेपालका विभिन्न जातिहरूका वेशभूषा तथा संस्कृतिबारे पनि सिक्नुभएको छ । देशलाई देख्ने-बुझ्ने तपाईँहरूको क्षितिज फराकिलो भएको छ । यसमा म खुशी व्यक्त गर्न चाहन्छु ।

देशको अवस्था कस्तो छ ? तपाईँहरूले देख्नुभएकै छ । तपाईँहरूले गाएको गीतजस्तै हाम्रो देश साँच्चै राम्रो छ । हामीले हाम्रो देश सगरमाथाजस्तै उच्च, बुद्धजस्तै शान्तिपूर्ण बनाउनु छ । हामी २६ सय वर्ष पछिसम्म पनि मान्छेले नबिर्सिने, सधैँ सम्झिरहने व्यक्तित्वका

सन्नति हौँ । हामी आफ्नै लेकमा फुल्ने लालीगुराँसजस्तो रातो, चम्किलो र झरिलो, हाम्रा पुर्खाजस्तै स्वाभिमानी, समस्यासँग नडराउने, अप्ठ्यारोमा पछाडि नहट्ने हुनुपर्छ । हाम्रो देश त उकाली-ओरालीको देश हो । अप्ठ्यारोसँग तर्सियो भने उकालो त चढ्नै सकिँदैन । हाम्रो देशमा उकालो चढ्नै पर्छ । अथवा हामी अप्ठ्यारोसँग तर्सिदैनौँ । हिमाली भेग भएको देश हो हाम्रो । जाडो हुन्छ । हामी जाडो खप्न सक्छौँ । हाम्रो देशको तराईमा गर्मी हुन्छ । हामी गर्मी पनि खप्न सक्छौँ । प्रतिकूलताहरू हाम्रा निम्ति नयाँ कुरा होइनन् । तिनलाई हामी अनुकूलतामा बदल्छौँ । यी सबै कामका लागि तपाईँहरूका तालिम-अभ्यासले तपाईँहरूको मनोबल उठाउने र आत्मविश्वास बढाउने काम गरेको छ । त्यतिमात्र होइन, जीवनमा हार्न होइन जित्न सिकाएको छ । यसबाट उच्च नैतिक आचरण, उच्च आदर्श, उच्च लक्ष्यसहित उच्च गन्तव्यतर्फ अगाडि बढ्न तपाईँहरूलाई बल प्राप्त भएको छ ।

हामी राष्ट्रलाई समृद्धिको बाटोमा अगाडि बढाउन चाहिरहेका छौँ । मुलुकलाई समृद्धिको बाटोमा लैजान राष्ट्रिय भावना चाहिन्छ, राष्ट्रिय एकता आवश्यक पर्छ । त्यस्तै, दक्षता चाहिन्छ, सीप चाहिन्छ, र सक्रियता चाहिन्छ । हामी छाँगाहरूबाट, नदीहरूबाट सिक्नसक्ने देशका मान्छे हौँ । हाम्रो जिन्दगी चुप लागेर बस्दैन । नदी बगेजस्तै बग्छ, बगिरहन्छ । यस्तो जीवनलाई एकछिन पनि निष्क्रिय राख्नु हुँदैन । अझ युवाहरूले एक-एक मिनेटलाई जीवनको महत्वपूर्ण क्षण मान्नु पर्दछ ।

हाम्रो देशका सम्पूर्ण युवाहरूलाई शिक्षित बनाउने कर्तव्य सरकारको हो, स्वस्थ्य बनाउने हाम्रो कर्तव्य हो, सक्षम बनाउने पनि हाम्रो कर्तव्य हो । युवालाई भावी सन्ततिका लागि योगदान गर्न योग्य बनाउने कर्तव्य पनि हाम्रै हो । हामी सबै आआफ्ना ठाउँबाट यस प्रयासमा लाग्छौँ, लागिरहेका छौँ । म नेपाली सेना र दीक्षान्तबाट उत्तीर्ण हाम्रा क्याडेट भाइबहिनीहरूलाई भन्न चाहन्छु - सरकारले देश विकासका लागि कुनै कसर बाँकी नराख्नीकन, हाम्रो क्षमताले भ्याएसम्म, इमानदारीका साथ काम अगाडि बढाउने छ, बढाइरहेको छ ।

म प्रधानमन्त्रीको हैसियतले तपाईंहरूलाई भन्दै छु - सदाचार उपदेश दिने विषयमात्रै होइन, अपनाउने विषय हो । सरकारले पनि सदाचारको उपदेश दिनेमात्र होइन, सदाचार अपनाउँछ र त्यसलाई व्यवहारमा कार्यान्वयन गर्छ । सदाचारभन्दा पर अरूलाई पनि जान दिँदैन । हामी सरकारको तर्फबाट देश विकासमा गर्नुपर्ने कामहरू एक क्षेत्र, एक ठाउँबाट होइन सम्पूर्ण क्षेत्रबाट अगाडि बढाउँछौँ । राष्ट्रिय सेवा दल आगामी दिनमा अझ बढी सफलता प्राप्त गर्दै अगाडि बढ्न सकोस् ।

●

फागुन १६, २०७४

सन्दर्भ : राष्ट्रिय सेवादल, सिनियर तालिम-अभ्यासको दीक्षान्त कवाज

मैले हेपिएको महसूस गरेको छु

निर्वाचन पर्यवेक्षणसम्बन्धी काम के कसरी भयो त्यो देशले थाहा पाउनुपर्ने कुरा नै थियो । निर्वाचन पर्यवेक्षणका धेरै पक्ष भएपनि मुख्यपक्ष भनेको सरकारको कामकारबाहीको निगरानी हो । सरकार सत्ताधारी हो । सरकारले सत्ताको प्रयोग गरिराखेको हुन्छ । प्रयोगको क्रममा सरकारले बेठीक काम पनि गर्न सक्छ । प्रतिस्पर्धामा अरू पक्ष पनि जित्न भनेर मैदानमा गएका हुन्छन् । जित्नका लागि तिनले केके गर्ने हुन् ,राजनीतिक दलहरूले केके गर्ने हुन्, निष्पक्ष ढंगले भूमिका खेल्नुपर्ने निर्वाचन आयोगले

आफ्नो जिम्मेवारीलाई कसरी प्रस्तुत गऱ्यो भन्ने कुरालाई नियाल्ने काम पर्यवेक्षणबाट गरिन्छ । त्यस्तै, अरू 'एक्टर' हरू कसरी काम गरिराखेका छन्, त्यसको पनि पर्यवेक्षण गरिन्छ । कति त धुरा पस्ने पनि हुन्छन् । धुरा पस्ने कसरी काम गरिरहेका छन्, भोटिङ गर्ने कसरी गरिराखेका छन्, सिट्ठी बजाउने कसरी गरिराखेका छन्, ताली बजाउने कसरी गरिराखेका छन्, बाहिर बसेर हुटिङ गर्दै छन् कि रिङभित्र पसरे तानतुन पनि गर्न थाले ? निर्वाचन पर्यवेक्षले त्यो पनि हेर्छ । यसले चालू निर्वाचन संविधान, कानून, आचारसंहिताहरू आदिका आधारमा गतिविधिहरू चलिराखेका छन् कि छैनन् त्यो पनि हेर्छ । अन्तर्राष्ट्रिय मर्यादाहरू र प्रचलनहरूको पालन भएको छ कि छैन भनेर पनि पर्यवेक्षण गरिन्छ । पर्यवेक्षणका कंममा हाम्रो समाज, सामाजिक पृष्ठभूमि, अन्यत्रको प्रचलन आदि सबै पक्षलाई दृष्टिगत गरिन्छ । मैले विश्वास लिएको छु - नियोकको प्रतिवेदनमा यस्ता सबै कोणबाट हेर्ने काम भएको छ ।

लोकतन्त्र र लोकतान्त्रिक प्रणाली ल्याउने जनता हुन् । चुनाव गर्ने-गराउने पनि जनता हुन् । लोकतन्त्रका लागि मैले पनि संघर्ष गरेँ, म पनि जेलनेल बसेँ, भूमिगत जीवनको कठिनाइ पनि भोगेँ तर त्यो जनताको एउटा सानो अंशको रूपमात्रै हो । जनता संलग्न हुँदैनथ्यो भने केही पनि हुँदैनथ्यो । अनेक असजिला परिस्थितिका बाबजुद निर्वाचन सम्पन्न भयो । निर्वाचन गराउने कुरामा निर्वाचन आयोगको सकारात्मक भूमिका रह्यो । निर्वाचन लोकतन्त्रको मुटु हो । 'हार्ट ब्रेक' भयो भने सबै 'ब्रेक' हुन्छ । लोकतन्त्र पनि त्यस्तै हो - निर्वाचन 'ब्रेक', 'डेमोक्रेसी ब्रेक' । मुटुजस्तै । सबैभन्दा ठूलो कुरा त नेपालमा संविधान बन्यो र निर्वाचन भयो । दुवै कुरा हुन नदिन धेरै कसरत भएका थिए । निर्वाचनमा कमीकमजोरीहरू भए होलान्, अप्ठ्याराहरू आए होलान्, मानवीय कमजोरीहरू भए होलान् वा संस्थागत कमजोरीहरू पनि भए होलान् । तैपनि निर्वाचन सम्पन्न हुनु खुशीको कुरा हो ।

हाम्रो लोकतान्त्रिक आन्दोलनको इतिहास तुलनात्मक रूपमा छोटोछोटै छ । तर पनि आज हामी सँग ४१ प्रतिशत 'इलेक्टेड रिप्रिजेन्टेटिभ'

महिला छन् । दुनियाका इन्टरनेशनल सेमिनार वा कन्फेरेन्समा जाँदा धक फुकाएर हामी भन्न सक्छौँ - हामीसँग ४०.८८ प्रतिशत निर्वाचित महिला प्रतिनिधि छन् । यो चानचुने कुरा होइन । महिलाको सहभागिता एकदमै तलदेखि राष्ट्र प्रमुखसम्म छ । हामी निर्वाचनमात्र होइन सामाजिक न्याय र समानताको पाटोमा पनि हेर्छौँ । त्यतातर्फ हामीले ठूलो उपलब्धि हासिल गरेका छौँ । हाम्रो समाजको हिजोका परम्परा तथा संस्कृतिमा सामन्ती तथा राजतन्त्रात्मक प्रणालीहरू, गलत व्यवस्था र मान्यताहरू रहे । वर्णाश्रम व्यवस्था रह्यो । तर आज हामीले त्यस्ता वर्णाश्रम व्यवस्थालगायतका विषयलाई संवैधानिक, कानूनी, व्यावहारिक हरेक हिसाबले टुङ्ग्यायौँ । हामीले सामाजिक न्याय र समानतामा आधारित प्रतिनिधित्वको सुन्दर र न्यायोचित प्रणाली स्थापना गरेका छौँ । गइयो, भोट हालियो भन्ने कुरामात्र होइन यो । हामीले निर्वाचनमा भोट हालेर समाजमा रहेका विकृति, विसङगति र पछोटेपनलाई हटाई समाजलाई अगाडि बढाउने कुरामा असाधारण योगदान गरेका छौँ । आज प्रतिनिधित्वको सवालमा म दावाका साथ भन्छु - यत्तिको सन्तुलित प्रतिनिधित्व विश्वका कमै देशमा होला । तथापि यो प्रतिनिधित्व अझै बराबरी भैसकेको छैन । अहिले पनि महिलाको ४१ प्रतिशत र पुरुषको ५९ प्रतिशत प्रतिनिधित्व रहेको छ, अर्थात् केही असमानता छ । बिस्तारै यसलाई पनि मिलाउनु पर्छ ।

संविधानले सार्वभौमसत्ता जनतामा निहित गरेको छ । हामी सार्वभौमसत्ताको प्रयोग कसरी गर्छौँ, उपयोग कसरी गर्छौँ त्यो मुख्य सवाल हो । हाम्रो संविधान केवल स्वतन्त्रताको अधिकारमा सीमित छैन । राजनीतिक स्वतन्त्रता वा राजनीतिक अधिकारमा मात्र सीमित छैन हाम्रो संविधान । हामी राजनीतिक लोकतन्त्रमा मात्रै सीमित छैनौँ । 'डेमोक्रेसी'लाई हाम्रो समाजले बृहत्तर र परिपूर्ण ढंगले बुझेको छ । यसलाई समाजले सामजिक जीवनपद्धतिको रूपमा बुझेको छ, सामाजिक आवश्यकताका रूपमा बुझेको छ, सामाजिक उत्थानको रूपमा बुझेको छ, 'डेमोक्रेसी' भनेको न्याय पनि हो भनेर बुझेको छ । 'डेमोक्रेसी' भनेको अवसरको अधिकार हो, सुरक्षा हो, आदरभाव

पनि हो । समाजले लोकतन्त्रलाई हाम्रो जिन्दगी हो भनी बुझेको छ । तसर्थ हाम्रो लोकतन्त्र जनताले राज्यबाट प्राप्त गर्ने सेवासुविधा र सहुलियतलाई हामीले के कसरी प्रत्याभूत गराउँछौँ भन्ने कुरामा निर्भर छ । यो निर्वाचनपछि नेपाली समाज राजनीतिक हिसाबले मात्र होइन आर्थिक-सामाजिक सबै हिसाबबाट नयाँ मोड र चरणमा प्रवेश गरेको छ । नेपाल पुरानो जमनाबाट नयाँ जमानामा, पुरानो अवधारणबाट नयाँ अवधारणामा, पुरानो अवस्थाबाट नयाँ अवस्थामा प्रवेश गरेको छ ।

यस्तो अवस्थामा हामी अझै सतर्क हुनुपर्छ । केहीकेहीले हाम्रो पछौटेपनलाई दृष्टिगत गरी यिनीहरूलाई जे भने पनि हुन्छ, जे गरे पनि हुन्छ भन्ने पनि ठान्ने गरेका छन् । युरोपियन युनियनको प्रतिवेदन यसको ज्वलन्त प्रमाण हो । त्यस प्रतिवेदनले नेपाललाई हेपेको छ । मतदाता सचेत छैन भनिएको छ । ८० प्रतिशत मतदान भएको छ । मतदाता सचेत नभएर हो ? हाम्रोजस्तो देश जहाँ ठूलो संख्यामा मतदाता बाहिर हुँदा पनि यत्रो संख्यामा, 'मोर देन' ७० प्रतिशत मत खसेको छ । यसैले पनि देखाउँछ नेपाली जनता कति सचेत र सजग छन् भन्ने कुरा । म युरोपेली युनियनलाई भन्न चाहन्छु - हाम्रो सामाजिक प्रबन्ध, हाम्रो संविधान, हाम्रा उपलब्धिलाई 'अण्डरमाइण्ड' गर्ने, अपमान गर्ने काम नगरियोस् । युरोपेली युनियनले निर्वाचन पर्यवेक्षणका नाममा ल्याएको प्रतिवेदन सच्याउला भनेको थप जिद्दीपूर्ण अभिव्यक्ति पो दिइरहेको छ । यस कुरामा मैले हेपिएको र अपमानित भएको महसूस गरेको छु । म प्रधानमन्त्रीको रूपमा फेरि पनि भन्न चाहन्छु - नेपाल सार्वभौम देश हो, निर्वाचन पर्यवेक्षणको नाममा आएको आफ्नो प्रतिवेदनमा युरोपेली युनियनले गम्भीरतापूर्वक विचार गरोस् । हामीलाई हेप्ने काम नगरियोस् । अरूको जस्तो धर्मग्रन्थमाथि हात राखेर शपथ खाने अनि धर्मनिरपेक्षताको कुरा गर्ने काम हामी गर्दैनौं । हामीले त्यस्तो गरेका पनि छैनौं । निर्वाचन पर्यवेक्षणका नाममा आएर अन्य 'ब्युजिनेस' मा लाग्ने दुई-तीन जनालाई फर्काएकोमा त्यसैको प्रतिशोधस्वरुप प्रतिवेदन दिने होइन । निर्वाचन पर्यवेक्षण प्रतिवेदन, पर्यवेक्षण प्रतिवेदनकै रूपमा आउनुपर्छ ।

हामी दुनियासँग मिलेर काम गर्न चाहन्छौँ ।आज 'ग्लोबलाइजेशन'को जमानामा प्रजातन्त्र सबैलाई चाहिएको छ । हामीलाई कम चाहिएको छैन । हामी अरूभन्दा कम छैनौ । अरूभन्दा बढी चीज छ हामी भन्दैनौ । हामीले पनि प्रजातन्त्रका लागि अरूको भन्दा कम संघर्ष गरेका छैनौं । ठूलो संघर्ष गरेका छौं हामीले पनि । हामी सबैसँग मिलेर काम गर्न चाहन्छौं । प्रजातान्त्रिक ढंगले अगाडि बढ्न चाहन्छौं । सामाजिक न्याय र समानता कायम गर्न चाहान्छौ । आफ्नो देशको यात्रा आफैँ तय गर्न चाहन्छौँ । हामीले त्यो यात्रा तयार गरिसकेका पनि छौँ । हामीलाई सिकाउन खोज्नेहरूलाई म भन्न चाहन्छु - आफ्नै ठाउँमा हामीभन्दा एक-दुई प्रतिशत महिला सहभागिता बढाएर हेर्नोस् पहिले ।

म निर्वाचन आयोगका बारेमा पनि केही भन्न चाहन्छु । निर्वाचनको मैदानमा भएकामध्ये म पनि एउटा हुँ । मैले संविधानको पालना गरेको छु । कानूनको पालना गरेको छु । निर्वाचन आचारसंहिताको पालना गरेको छु । यो निर्वाचन आयोगको आलोचना होइन तर केही सुझाव भने दिन चाहन्छु । निर्वाचनका बेला आयोगले नचाहिँदो ढंगले 'डिस्टर्ब' गर्ने काम भने गरेको छ । निर्वाचन अभियानमा हिँडिरहेका बेला मलाई कस्तो पत्र आयो भने - '२४ घण्टाभित्र तपाईँलाई कारबाही किन नगर्ने ? जवाफ दिनोस् । शेरबहादुर देउवा चुनाव हार्छन्, नेपाली कांग्रेसले चुनाव हार्छ, शेरबहादुर देउवा अन्तिम प्रधानमन्त्री भनेर किन भनेको ? यस्तो भनाइमा तपाईँलाई किन कारबाही नगर्ने ? २४ घण्टाभित्र स्पष्टीकरण बुझाउनू । अन्यथा तपाईँलाई किन कारबाही नगर्ने ?' यस्तो कुरा गरेर स्पष्टीकरण सोधियो । के स्पष्टीकरण सोध्ने विषय हो यो अनि कारबाही के गर्ने यस्तोमा ? म त नेपाली कांग्रेसलाई हराउन निर्वाचनमा उत्रिएकै हो । नेपाली कांग्रेसले एमालेलाई चुनावमा हराउन पाउने, नेपाली कांग्रेसलाई एमालेले हराउन पाउने भनेरै चुनाव गराइएको होइन र ? मलाई चुनावको मैदानमा 'कांग्रेसलाई हराउँछु' भन्नका लागि संविधानले,कानूनले र निर्वाचन आचारसंहिताले नै दिएको अधिकार होइन र ? त्यसरी कारबाही गर्ने बेहोरासहित स्पष्टीकरण सोधिएकोमा म छक्क परेँ अनि मैले निर्वाचन आयोगलाई भनेँ - एमालेजस्तो पार्टीको

अध्यक्षले संविधान तोड्दैन, कानून तोड्दैन, आचार संहिताको उल्लंघन गर्दैन । कसलाई काटेको पत्र हो यो ? त्यसपछि थाहा भयो - त्यो पत्र त गलत ठाउँमा आएछ ।

म लोकतन्त्रका लागि लडेको मानिस हुँ । म कानूनी राजका लागि लडेको मानिस हुँ । त्यसैले को हार्छ, को जित्छ म हेर्दिनँ । म जित्छु, म हार्छु पनि भन्दिनँ । लोकतन्त्र जित्नुपर्छ । म आचारसंहिता उल्लंघन गर्दिनँ । मलाई बनावटी कुरा गर्नुछैन । पैसा बाँढेर, भित्रभित्रै अनेक खेल खेलेर मलाई चुनाव जित्नु छैन । बाहिर कण्ठी बाँध्ने, भित्रभित्र मुसा खाने काम मबाट हुँदैन ।

निर्वाचन आयोग सशक्त हुनुपर्छ । त्यसलाई लगाम लगाउने गर्नुहुँदैन । निर्वाचनको काममा ऊ जवाफदेही हुन्छ । सम्पूर्ण अधिकार हुन्छ निर्वाचन आयोगलाई । तब नै स्वतन्त्र र निष्पक्ष निर्वाचन हुन्छ । एउटा नेताले फोन गरेर यसो गर भन्छ, त्यसै गरेको छ । अर्कोले फोन गरेर यसो गर भन्छ, त्यसै गरेको छ । त्यसरी चलेर त निर्वाचन आयोग सशक्त हुँदैन । अहिलेकै जस्तो पाराले निर्वाचन स्वतन्त्र, निष्पक्ष हुन सक्दैन । एउटा उदाहरणलाई नै हेरौं न - निर्वाचन आचारसंहिता लागेको छ । प्रधानमन्त्रीले मन्त्री नियुक्त गरे । निर्वाचन आयोगले भन्यो - 'यो गल्ती भयो, सच्याऊ ।' पर्सिपल्ट फेरि चार जना थपिए । निर्वाचन आयोगले भन्यो - 'हुन्छ, पाइन्छ ।' पत्रकारले सोधे- 'कसरी पाइन्छ ?' आयोगले भन्यो- 'पाइन्छ । अस्तिअस्ति पनि भएको छ । भएकै पनि हो ।' कति सत्य बोलेको, हेर्नोस् त । अस्ति ठीक छैन, सच्याऊ भनेर बक्तव्य दियो । पछि फेरि पाइन्छ भन्यो । निर्वाचन आयोगले किन यस्तो गर्छ ? यो मिल्ने कुरा हो ? आचारसंहिता यसलाई भए लाग्ने, उसलाई भए नलाग्ने भन्ने गरी निर्वाचन आयोगले व्यवहार गर्नुहुन्न । निर्वाचन आयोगजस्ता संवैधानिक संस्थाहरू सबल हुनुपर्छ ।

प्रतिस्पर्धात्मक लोकतन्त्र हाम्रो संस्कार-सभ्यता हो । यो कुरा हामीले दुनियालाई बताउनुपर्छ । प्रतिस्पर्धालाई द्रव्य शाहले तोडेका हुन् । दौडमा जितेर भएपनि राजा हुने चलन थियो । जे भएपनि प्रतिस्पर्धा

थियो । द्रव्य शाहले धाँधली गरे । उनी मान्छे काटेर राजा भए । त्यसभन्दा अघि दौडेरै राजा हुन्थे । 'कल्चर' हो त्यो । त्यसबेला पनि कसले जित्यो भन्ने हुन्थ्यो होला । निर्वाचन आयोगले भन्दैनथ्यो होला । निर्वाचन आयोग नभएपनि अरू कुनै कुरा थियो होला, जसले यसले, त्यसले जित्यो भन्थ्यो होला । यो हाम्रो 'ट्रेडिशन' हो । यसलाई हामीले हाम्रो पुरानो 'डेमोक्रेटिक सिभिलाइजेशन', 'डेमोक्रेटिक कल्चर'लाई 'रिभाइव' र 'रिफाइण्ड' गर्नुछ, विकास गर्नु छ । यो हामी गर्छौं ।

निर्वाचनको घोषण भैसक्यो, उम्मेदवार तोकिइसक्यो । फलानो उठ्ने भएछ । यताबाट क्षेत्र काटेपछि त्यसको घर उता पर्छ । त्यसपछि त्यो उठ्नै पाउँदैन भनेर त्यसो पनि गरिएको छ । एकपटक मात्र भएको हो र ? पटकपटक भएको छ । अहिलेको लागि होइन, एकछिनको लागि होइन, हामीले त पछिसम्मका लागि नियमअनुसारको प्रणालीलाई व्यवस्थित गर्नुपर्ने हुन्छ । कुनबेला को कहाँ थियो र त्यसले के गऱ्यो भन्नुभन्दा पनि हाम्रो संविधान र हाम्रा नियमकानूनले के भन्छन्, सोहीअनुसारको पद्धति बसाउनु पर्छ । निर्वाचन यो समयमा गर्ने भनेर भनिसकेपछि पनि मन्त्री थप्याथप्यै । एकपटक थपेको छ । फेरि अर्को पटक पनि थपेको छ । भोट तान्नका लागि केके तमासा गरियो, केके । यस ठाउँमा चुनाव जित्नलाई यसलाई मन्त्री बनाउने, त्यस ठाउँमा चुनाव जित्नलाई त्यसलाई मन्त्री बनाउने अनि अर्को ठाउँमा चुनाव जित्न अर्को मन्त्री बनाउने, कस्तो तमासा ! हामी हेरेको हेऱ्यै । आज माइलो मन्त्री थियो, भोलिपल्ट साहिँलो मन्त्री भएर आयो, पर्सिपल्ट काइँलो मन्त्री भएर आयो । अचम्मै छ । मन्त्री फल्याफल्यै । हामी वास्तवमै 'डेमोक्रसी' चाहन्छौं भने यस्ता कुरालाई रोक्नुपर्छ ।

सत्य र संलग्नतामध्ये कुनलाई ध्यान दिने हामीले ? ध्यान दिनुपर्ने त सत्यलाई हो । तर सत्यलाई छाडेर संलग्नतालाई धेरै प्राथामिकता दिन थालियो । संलग्नतालाई महत्व दिइयो भने म यसमा संलग्न छु त्यसकारण सुनियो नि भन्ने हुन्छ । कतिपय अवस्थामा नेपाल बारले बोल्न मिल्दैन भनेर भनेको पनि सुनियो । नेपाल बारले किन बोल्न

मिल्दैन ? विभिन्न निकायमा नियम र आचारसंहित विपरीत काम भइरहँदा यस्तो भयो भनेर बोल्न मिल्दैन ? ल्याएको छ 'डेमोक्रेसी' अनि फेरि बोल्न मिल्दैन रे । त्यसमा पनि बारजस्तो संस्थाले बोल्नै मिल्दैन रे । बोल्नै नमिल्ने, बोल्नै नसक्ने, सत्य कुरा भन्नै नसक्ने त्यो कस्तो बार हो ?

हाम्रा निम्ति, हाम्रा सन्तानका निम्ति प्रत्येक गलत कुराहरूलाई हामीले निर्ममतापूर्वक छोड्नैपर्छ । हामीले ठीक बाटो अँगाल्नुपर्छ । गलत भएको छ भने सच्याउनुपर्छ । मेरा यी कुरा 'कमेन्टस्' हुन्, 'क्रिटिसिज्म' होइनन् । हामीमा कमीकमजोरीहरू छन् भने तिनलाई राम्रो मान्ने होइन, नराम्रो ठानेर छोड्नैपर्छ । हामीलाई चाहिएको 'डेमोक्रेसी' हो । हामीलाई चाहिएको सभ्य, सुसंस्कृत, समुन्नत र समृद्ध समाज हो । त्यसका निम्ति हामी सबैले असल र ठीक बाटो अँगाल्नैपर्छ ।

●

चैत्र ११, २०७४

सन्दर्भ : राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) प्रतिवेदन लोकार्पण

हामीले सोझो भएर अधिकार र सुविधा बिर्सियौँ

हामीले सन् १८१५ मा ब्रिटिशसँग लडाईँ लड्दा ब्रिटिशले हाम्रो बहादुरी देख्यो । तोपसँग खुकुरी लिएर हाम्रा पुर्खा लडे । तोपसँग घुएँत्रो हानेर लडे । साँच्चैको बहादुरी कस्तो हुन्छ देखाए । घाम नअस्ताउने साम्राज्य कायम गर्न सफल ब्रिटिशले अनेक युद्ध देखेको थियो, युद्धका हारजीत देखेको थियो, युद्ध के हो बुझेको थियो । तर गोर्खासँगको युद्ध देख्दा छक्क पऱ्यो । उसलाई लाग्यो - युद्ध भनेको यस्तो पनि हुँदोरहेछ । त्यही लडाईँबाट ब्रिटिशसँगको हाम्रो सम्बन्ध गोर्खा सैन्यको रूपमा

शुरु भयो । स्वाभाविक रूपमा हाम्रो बहादुरी देखी युद्धमा हामी काम लाग्ने रहेछौँ भनेर उसले सोच्यो । सोझो जात, अलि सोझै हिसाबले सोच्यौँ । हक अधिकार र सुविधातर्फ हामीले त्यति ध्यान दिएनौँ । हामीले साधारण प्रशंसामै चित्त बुझायौँ । हामीलाई बहादुर भन्दिएकोमा वा हामीले बहादुरीपूर्वक उनीहरूको हित गर्दिए बापत दिइएको तक्मामै चित्त बुझायौँ । लामो समय त्यसरी नै बित्यो । पछिल्लो अवधिमा आएरमात्रै हामी त अलि ठगिएछौँ भन्ने हेक्का भयो ।

जब युद्ध हुन्छ, हामी भर्ती हुन्छौ, जब युद्ध सकिन्छ त्यसपछि हामी घर पठाइन्छौँ । युद्धमा मरेको भए के हुन्थ्यो ? युद्धबाट हामीलाई के क्षति भयो, घर फिर्ता पठाएपछि हामी के गर्छौँ ? घर पठाइँदा हामीलाई सम्मानजनक सुविधा प्रदान गरिएको छ त ? जस्ता विषयमा प्रश्नहरू उठ्दै गए, सजगता बढ्दै गयो । हामीले न्यायोचित मागहरूका लागि, न्यायोचित हकहरूका लागि, हाम्रो इतिहासमा हामीले गरेको योगदान, त्यस बापत हामीले.ब्यहोरेको क्षति, अहिले गरिरहेको योगदान र भोगिरहेको असमानताका सम्बन्धमा यथोचित सम्बोधन हुनुपर्छ भन्ने कुरा आयो । गेसो जस्ता संगठनहरू स्थापित भएपछि र आफ्ना मागहरूलाई क्रमशः संगठित ढंगले प्रस्तुत गर्न थालेपछि यस विषयले अलिकति अग्रता पायो ।

मैले विभिन्न देशमा जाँदा, मलेसिया, बर्मा आदि देशमा जाँदा ३५ हजारसम्मको एउटै नाम लेखेको, हेरेको देखेको छु । हामी विभिन्न महादेशहरूमा गएर लड्यौँ । अर्जेन्टिनाका टापुहरूमा गएर लड्यौँ । अर्जेन्टिनाको टापुलाई ब्रिटिशको टापु बनायौँ । यी सबै कुराहरू गरिरहँदा हामीले पनि न्याय पाउनुपर्छ, समानता पनि पाउनुपर्छ भन्ने कुरा उठायौँ । यी विषयहरूमा गेसोले संगठित र सूत्रबद्ध ढंगले आफ्ना मागहरू संस्थागत रूपमा उठाएको देखिएको छ । केही समयअगाडि यस सम्बन्धमा बेलायतबाट आएका मन्त्रीसित मैले कुरा गरेको थिएँ । 'टेक्निकल रिपोर्ट' आएपछि त्यसको आधारमा वार्ता गरेर टुंग्याउने सन्दर्भमा उहाँसँग केही सकारात्मक कुरा भएको थियो ।

अहिलेको सरकार नेपाल राष्ट्र र नेपाली जनताका निम्ति काम गर्ने सरकार हो । यसले नेपाल राष्ट्रको हितको पक्षमा, गौरव, स्वाभिमानको पक्षमा काम गर्छ । गोर्खा सैनिकको बारेमा या गुर्खाजको पेन्सन अथवा अरू प्रकारका सुविधासम्बन्धमा पनि सरकारले सक्दो सहयोग गर्छ । हामीहरू शान्त रहेको र युद्ध नभएका बेला अलि छिटो निष्कासनमा पनि पर्ने गर्छौँ । केही समयअगाडि मात्रै अनुशासन नमानेको भनेर एउटा टिम नै निष्कासित भयो । निष्कासन नै गर्नुपर्ने तहको र टिम नै निष्कासन गर्नु पर्ने तहको लाग्दैन । यस्ता कुराहरूमा हामी अलिकति सजग पनि हुनुपर्छ । हामीले कस्तो ठाउँमा कस्तो व्यवहार प्रर्दशन गर्ने, कसरी बोल्ने, आफ्नो मर्यादा, प्रतिष्ठालाई कसरी जोगाउने त्यो पनि ध्यान दिनु पर्छ । सानोतिनो कमजोरी नै भयो भने पनि समूहलाई नै कामबाट निष्कासन गर्ने अथवा सेवाबाटै निष्कासन गर्ने कुरो उचित हुँदैनथ्यो । नचाहिएका बेला परेको हुनाले सजिलोसँग निष्कासन गर्न मिल्यो होला तर चाहिएको बेला भए त त्यसरी मिल्दैनथ्यो नि । चाहिएको बेला त अलिकति आलोचना गरेर, अलिकति सम्झाई-बुझाई गरेर राख्ने कुरा हुन्थ्यो नि । लड्नलाई त फोर्स चाहिन्थ्यो । अहिले लड्नका लागि चाहिएको छैन भन्ने भएपछि त्यस्तो बेलामा, बिदा मनाएका बेलामा निष्कासन गर्ने कुरा उचित भएन । अलि 'फिल' हुने कुरा हो ।

जेहोस्, समस्याका बारेमा रिपोर्ट आइसकेको छ । रिपोर्टका आधारमा औपचारिक ढंगले वार्ता गर्ने र समस्यालाई उपयुक्त ढंगले, न्यायोचित ढंगले सधैँका लागि टुंग्याउने काम बाँकी छ । वार्तालाई हामीले अगाडि लैजानुपर्छ । समस्या समाधान गर्ने सवालमा बेलायत सरकार सकारात्मक भएको पनि पाएको छु । लामो समयदेखिको र बेग्लै अभ्यासबाट हुर्किदै आएको सवाल एकैचोटि र भन्ने बित्तिकै नहुनु अनौठो कुरा होइन । हामीले आफ्ना जायज कुरामा अडिएर त्यस विषयलाई दोऱ्याएर-तेऱ्याएर भन्नुपर्छ । तर गोर्खा सैनिकका न्यायोचित कुराहरूलाई क्रमशः सम्बोधन गर्न बेलायत सरकार तयार हुँदै गएको पाइएको छ । म विश्वस्त छु - यस समस्याको समाधान वार्ताको माध्यमबाट उपयुक्त ढंगले गर्न सकिन्छ ।

संस्थागत रूपमा, समुदायगत रूपमा तपाईँहरूले जेजस्ता प्रयासहरू गरिरहनु भएको छ, त्यसमा सरकारको तर्फबाट यथोचित र सकारात्मक सहयोग पुग्छ । सरकारले देशका लागि, न्यायका लागि र जनताका लागि काम गर्ने हो । तपाईँहरूको मुद्दा देशको पक्षमा छ, जनताको पक्षमा छ र न्यायको पक्षमा छ । हामीले न्याय र समानताको कुरा गरिरहेका छौँ । बेलायतको संविधानले आफैँ समानताको प्रत्याभूति गर्छ । बेलायतको कानूनले असमानता र अन्याय उपयुक्त होइन भन्छ । त्यसकारण हामी ब्रिटिश संविधान र ब्रिटिश कानूनअनुसार नै मागिराख्वेका छौँ । मेरो विश्वास छ - हामी दुई पक्षीय कुराकानीबाट यसलाई टुंग्याउन सक्छौँ ।

ब्रिटिस गुर्खाजले कोअपरेटिभको रूपमा कुनै आयोजना चलाएको छ कि छैन, त्यो मलाई थाहा भएन । तर उत्पादनशील क्षेत्रमा गर्ने खर्चतर्फ हामी त्यति सचेत छैनौँ । आएको पैसा अनुत्पादनक क्षेत्रमा गइरहेको छ । एउटा घडेरी किन्यो, घर बनायो । बढी भए भाडामा लगायो । बैंकमा राख्वेको भए छ-सात प्रतिशत आउँथ्यो, भाडामा लगाउँदा एक प्रतिशत पनि आउँदैन । मर्मत-संभार खर्च तीन प्रतिशत लाग्छ । भाडा एक प्रतिशतका हिसाबले मात्रै आउँछ । अथवा तपाईँको दुई प्रतिशत नोक्सानी हुन्छ । अनि बहालकर आदि इत्यादि छँदैछ । अर्थात् हामीले कमाएको पैसा पूर्णतः अनुत्पादक क्षेत्रमा गइरहेको छ । त्यसले. रोजगारीको पनि सिर्जना गर्दैन । खालि घर बनाउञ्जेलसम्म मात्र हो । घर बनाउने केही मान्छेले मात्र काम पाउलान् त्यत्ति हो । त्यसकारण तपाईँहरूले केही उत्पादन दिने खालको, उत्पादनमूलक र रोजगारी अभिवृद्धि गर्ने खालको परियोजनामा लगानी गर्न आवश्यक छ, जसबाट आम्दानी हुन्छ । त्यसबाट उत्पादन बढ्छ, रोजगारी सिर्जना हुन्छ । एउटा मान्छेले रोजगारी पाउने भनेको पाँच जना पालिने हो । एउटा मान्छेले रोजगारी पाउने भनेको दुईजना बालबालिका पढाउने कुरा हो । त्यसकारण तपाईँहरूले एकजनालाई काम दिँदा दुईजना बूढाबूढी पालिन्छन्, दुईजना बच्चाबच्चीले हुर्किने अवसर पाउँछन् अनि

सरकारलाई पनि यथोचित कर बुझाउँछन् । यसर्थ तपाईँहरूको संस्थाले यतातर्फ सोच्नुपर्ने म देख्छु ।

गेसोको मुद्दा केही समयपछि सकिन्छ । त्यसपछि गेसोले के गर्ने त ? त्यसपछि के गर्ने भन्दा देश विकासमा योगदान गर्ने हो । तपाईँहरू उत्पादनमूलक क्षेत्रमा आउनुपर्‍यो । हाइड्रो, कारखाना, कृषि कुनै एउटा गर्दा हुन्छ । त्यसबाट रोजगारी पनि हुन्छ, उत्पादन पनि हुन्छ । मेरो आग्रह छ - आफ्नो पेन्सन वा तलबको केही प्रतिशत रकमले नेपालमा रोजगारी सिर्जना हुने काम गर्नोस् । त्यसलाई अभियानकै रूपमा सञ्चालन गर्नोस् । सानोसानो रकमबाट ठूलो रकम जम्मा हुनसक्छ । त्यसैको माध्यमबाट बेलायतमा नेपालीहरूले चलाएका व्यवसायको वृद्धि र आम्दानीलाई नेपालतिर भित्र्याऔँ । त्यहाँको आम्दानीलाई उतै सक्नेतिर होइन, नेपालमा ल्याई सुरक्षित गर्नेतिर लागौँ । नयाँ पुस्तालाई जिम्मेबार बनाउनेतिर लागौँ ।

कतिपय नयाँ कामलाई अलिकति फरक, सिर्जनात्मक वा उत्पादनमूलक ढंगले सम्पादन गर्न सकिन्छ । अहिलेसम्म अनुत्पादक क्षेत्रमा बढी खर्च भयो । घडेरी आदि इत्यादिमै खर्च भयो । त्यो भन्दा उत्पादनशील र रोजगारीको अवसर सिर्जना गर्ने क्षेत्रमा खर्च हुनसक्यो भने त्यसले बहुआयामिक योगदान गर्नसक्छ । त्यसबाट संस्था वा समुदायलाई पनि लाभ, देशलाई पनि लाभ र जनतालाई पनि लाभ । यस बाटोबाट जानु उपयुक्त हुन्छ जस्तो लाग्छ । मैले छलफलको लागि एउटा विचार राखेको हुँ । निर्णय गेसोको अभियानमा लाग्ने साथीहरूकै हो ।

●

वैशाख ८, २०७५

सन्दर्भ : गोर्खा सैनिकसम्बद्ध 'गेसो' पदाधिकारीसँगको भेटघाट

हामी कसैसँग हेपिन चाहँदैनौँ

हामी, कम्युनिष्ट पार्टीबाट चुनाव लडेर बहुमत पार्टीको रूपमा, बहुमत लोकप्रिय मतसहित केन्द्र, प्रदेश र स्थानीय तहका बहुमत सरकारहरूमा राम्रो पकडका साथ अगाडि बढेको अवस्थामा छौँ । यसमा ध्यान दिनुपर्ने कुरा के छ भने - जनताको अभिमतको माध्यमबाट हामी आएका छौँ । यो नयाँ अभ्यास हो । नेपाली जनताले भोटबाट कम्युनिष्टहरूलाई अत्यधिक मत दिएर सबै तहमा मजबुत सरकार बनाई विकासको जिम्मा दिएका छन् । अर्को विशेषता के छ भने - यो हामी सरकारमा बसेर

गराएको चुनाव होइन । हामीले सरकारबाहिर बसेर चुनावमा भाग लियौँ । तत्कालीन माओवादी केन्द्र सरकारमा थियो तैपनि वस्तुतः थिएन किनभने हामी अर्को चुनावी तालमेलमा गइसकेका थियौँ, असहयोगको आरोप नलागोस् भन्नका निम्ति मात्रै सरकार छोडेको घोषणा नगरेको हो । त्यतिबेला माओवादी केन्द्रका मन्त्रीहरूलाई कुर्सीबाट हटाइएन तर फ्लोरमा बस्न लगाइएको थियो । सरकारको त मन्त्रालय हुन्छ नि । गृह मन्त्रालयले कुर्सीबाट निकालेर फ्लोरमा, अर्को कुर्सीबाट निकालेर फ्लोरमा । फ्लोरमा बस्दा हामीले सरकारमा छैनौँ नभनेको मात्रै हो किनभने आरोप किन व्योहोर्ने असहयोग गऱ्यो भनेर । अन्यथा उनीहरूले हामी चुनाव गराउँथ्यौँ, असहयोग गऱ्यो भन्ने गर्थे । त्यसैले, वस्तुतः हामी सरकारमा थिएनौँ । प्रतिपक्षले गराएको वा हामीभन्दा फरक पक्षले गराएको चुनाबमा जनताको अभिमतबाट हामी यस अवस्थामा आएका छौँ । जनताको यस अभिमतलाई हामीले अत्यन्तै जिम्मेवारीबोधका रूपमा लिई, यसलाई उच्च सम्मान गर्दै, शालीनतापूर्वक ग्रहण गर्नुगर्दछ । राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिहरूको प्रतिकूलतामा पनि जनताले हामीलाई साथ दिए । तसर्थ जनताको अभिमतको उच्च सम्मान किन नगर्ने, जनताको अपेक्षाको कदर गर्दै त्यसलाई पूरा गर्न किन अगाडि नबढ्ने ? समयको आवश्यकता, देशको माग, जनताको चाहना र विकासका निम्ति सुदृढ र सुस्थितिको निर्माण गरेर अगाडि बढ्नका निम्ति आवश्यक पूर्वशर्त नै हाम्रो एकता थियो । यो चीज हामीले पूरा गर्नै पर्दथ्यो, गऱ्यौँ पनि ।

कसैलाई नृत्य सिकाउनु छ भने सिकाउने मान्छे कुर्सीमा बसेर कम्मरमा हात लगाउनु भन्दैमा नाच्ने मान्छेलाई थाहा हुँदैन । कम्मरमा कहाँनिर हात लगाउने हो, त्यो आफैँले पनि गरेर सिकाउनु पर्छ । कम्मर मर्काऊ भनेपछि कतापट्टि मर्काउने ? खुट्टा सारभन्दा कति सार्ने ? त्यसका लागि सिकाउनेले नै आफू अगाडि सरेर गर्नुपर्छ । हामी दुनियालाई एकताको सन्देश दिन चाहन्छौ भने यसरी खुट्टा चाल्ने, यसरी कम्मर मर्काउने भनी आफूले गर्नुपर्छ । दुनियाँको कम्युनिष्ट आन्दोलनलाई हामीले भनेर होइन, गरेर देखाउनुपर्छ । हाम्रा विचारहरू महान् छन्, हाम्रा

उद्देश्यहरू महान् छन् र ती देश, जनता र मानवजातिका निम्ति समर्पित छन् भने हामीले शान्तिपूर्ण बाटो वा प्रतिस्पर्धाको बाटोबाट श्रेष्ठ सावित हुन नसक्ने भन्ने कुरा हुन सक्दैन । हामी श्रेष्ठ सावित हुनसक्छौँ ।

समय गतिशील छ । हामीले समयलाई सही, अनुकूल र सकारात्मक तवरले परिवर्तनको दिशामा अगाडि बढाउनु छ । नयाँ इतिहासको रचना भएको छ । रुखको फेदमा पानी हाल्दियो भने जराजरामा जान्छ । जराका टुप्पाटुप्पामा पानी हाल्दियो भने त्यो जराबाट तानेर पातका टुप्पाटुप्पासम्म पुऱ्याउँछ । हाम्रो सम्बन्ध यस्तो हो । यो स्थिति ल्याउन बहुतै मिहिनेत गर्ने, दुःखकष्टसाथ यो परिस्थिति निर्माण गर्न, यो अनुकूलता निर्माण गर्न योगदान गर्ने तपाईँहरू सबै धन्यवादका पात्र हुनुहुन्छ ।

हाम्रा काँधमा गहन अभिभारा छन् । नेपालीमा एउटा भनाइ छ - मसान जगाउन सजिलो छ, जागेपछि बसाउन कठिन । हामीलाई यस्तो मसान जगाउन वा बसाउन आउँछ । त्यसकारण यसमा केही पीर गरिरहनु पर्ने आवश्यकता नै छैन । मुनामदनमा मदनले 'तिमीले हाँसे म हाँक्न सक्छु इन्द्रको आसन' भनेर भनेका थिए । यहाँ त एउटा मुनामात्रै होइन, हजार मुना र लाखौँ मदनहरू छन् । दृढ अठोटबाट हामी इन्द्रको एउटा आसन होइन कि कतिवटा आसन हाँक्नसक्छौँ । साधरणतया प्लेनहरूमा सिंगल इन्जिन होइन डबल इन्जिन राख्नुपर्छ भन्छन् । एउटामा अलिकति खराबी देखियो भने अर्को चलाइहाल्ने । सोही अनुरुप हामीहरूले पनि एकदम पक्का व्यवस्था गरेका छौँ । कसैले कतै गल्ती गर्छ कि भन्ने ठाउँ नै छैन । एउटाले अलि बढी अगाडि जान खोज्यो भने अर्काले तान्छ, अर्को अलि पछाडि बस्न खोज्यो भने अर्काले अगाडि तान्छ । एकीकृत पार्टी पूरै सन्तुलनका साथ अगाडि बढ्छ । हामी आन्दोलनबाट नै आएका हौँ । उतार-चढाव झेलेर नै आएका छौँ । यो एकतालाई धेरैले आश्चर्य मानेका छन् । कतिका लागि असम्भव कुरा थियो । यो दुनियाँलाई आश्चर्य हो । तर हामीलाईं केही आश्चर्य लागेको छैन । अरूले जेजे लेखे पनि केपी ओली र

प्रचण्ड, हामी दुईजना जन्मिदै पूर्वाग्रह बोकेर, शत्रुताको कसम खाएर आएका थिएनौँ । देश बनाउने उद्देश्यमा कहिलेकाहीँ बाटो मिल्दैनथ्यो । दौडिरहेका दुईओटा चीजहरू छ्वास्स छोइयो भने त्यहाँ झिलिक्क आगो निस्किन्छ । दुईओटा दैडिरहेका छन् । एकैतिर दौडिँदादौडिँदा ठ्याक्क ठक्कर खायो भने त्यो गतिको कारणले झिलिक्क आगो निस्कन्छ । कहिलेकाहीँ हामी एकैतिर दौडिँदादौडिँदै ठक्कर खाएका बेला झिलिक्क हुन्थ्यो । मान्छे छक्क पर्थे । तर यस बिन्दुमा आइपुग्न सम्भव थियो । त्यसलाई हामीले साकार पारेका छौँ ।

हामी सुशोभन समारोहमा लगाइने मानपदक वा तक्मा होइनौँ । त्यसको अर्थ छैन । पुष्पकमल दाहाल प्रचण्ड र केपी ओली प्रतियोगिता जितेर पाइने स्वर्ण पदक, जो टेबलमा सजाएर राख्विन्छ, ती पनि होइनौँ । हाम्रा काँधमा अभिभारा छ, काम गर्नु छ, देश बनाउनु छ । देश बनाउने अभिभारा बोकी अग्रभागमा छौँ हामी । एउटा माझीले डुंगामा एकातिरबाट ख्याएको हुन्छ, अर्कोले अर्कोतिरबाट ख्याएको हुन्छ । हामी दुईतिर बसेर दुईतिरबाट ख्याएर पार्टीलाई तीव्र रफ्तारमा लान्छौँ । यो हाम्रो अठोट हो । हामीले आफ्नो अगाडिका अभिभाराहरू बुझेका छौँ । जेठ ३ गते बिहान हामीले बालुवाटारमा एउटा विरुवा रोप्यौँ - गिनको पाइलोबा । दोश्रो विश्वयुद्धमा अणुबम खसाएपछि सबै चीज खरानी प्रायः भए । गिनको पाइलोबा छ महीनापछि फेरि मौलाएर आयो । गिनको पाइलोबा त पेरिस कम्युनजस्तै पो रहेछ । मार्क्सले भने - थिचेर दबाए फेरि उम्रिन्छ । नेपालमा हेर्दा त यो झ्याम्म भयो नि । बालुवाटारमा गिनको पाइलोबालाई हामीले एकताको वृक्ष भनेर रोपेका छौँ । नेपालमा पीपल भनेजस्तै, तुलसी भनेजस्तै जापानमा यसको पूजा गरिँदो रहेछ । हामीले त्यही वृक्ष रोपेर हाम्रो एकताको शुरुआत गऱ्यौँ ।

आज बिहान कान्तिपुरले हाफ म्याराथुन आयोजना गरेको थियो । मैले त्यसमा भनेँ - करिब पच्चीस सय वर्षअगाडि ग्रीस र पर्सियाको बीचमा लडाईँ भएको थियो । त्यो लडाईँ ग्रीसको म्याराथुन भन्ने शहरमा भएको थियो । त्यस लडाईँमा ग्रीसले जित्यो, पर्सियाले हाऱ्यो । त्यस जीतको खुशियाली सम्प्रेषण गर्न समाचार लिएर 'म्यासिनजर'को रूपमा

एकजना सेना दौडियो । त्यो अत्यन्त खुशी थियो र वेगले दौडियो । उसले ४२ किलोमिटर १ सय ६५ मिटर दौड पूरा गऱ्यो हामीले जित्यौँ भन्ने समाचार सुनायो । बिचरा ऊ त्यहीँ भुक्लुक्क ढल्यो र बित्यो । त्यसको एक सय वर्षपछि त्यस इतिहासलाई ग्रीसेलीहरूले लामोदौडको रूपमा फेरि ब्यूँताए । लामोदौड र दूरीलाई 'म्याराथुन' दूरी भन्ने गरियो । जे होस् यो एउटा विजयको सन्देश थियो ।

हामी पनि 'म्यासिनजर'को रूपमा दौडिएका छौँ । अब दश वर्षपछि कोही विदेशी नेपाल आई फर्किएर घर गएपछि उसलाई आफन्तले सोध्छन् 'यु भिजिटेड नेपाल, हाउ इज नेपाल' ? नेपाल घुमेर गएको मान्छेले जवाफ दिनेछ - 'ओ, नेपाल इज अ हेवेन । जोइन्टली क्रिएटेड बाई द नेचर एण्ड द ह्युमन' । त्यसको व्याख्या लामो हुनसक्छ । अब दश वर्षपछि नेपालबाट फर्किएर जाने पर्यटकले त्यो भन्नुपर्छ । उसले भन्नुपर्छ - त्यहाँ वागमती नामक सानो नदी रहेछ, त्यो मिनरल वाटरको बोतलबाट पानी खनाएजस्तो सङ्लो लाग्छ । उठाएर पिए पनि हुन्छ कि जस्तो पवित्र रहेछ । कति स्वच्छ, सफा छ । तीन दिनमा फर्किने कार्यक्रम बनाएको थिएँ, भिसा बढाएर दश दिन बसेर आएँ, अझै बसौँबसौँ लागिरहेथ्यो ।' उसले अझै भन्नुपर्छ - 'मैले त्यहाँ त हिमाली भेगको चौँरीको दूध, दूधबाट बनेको चिज, त्यसबाट बनेको चक्लेट लगायतका डेरी उत्पादन आदि मन पराएँ' । उसले नेपालमा खाद्यान्य पर्याप्त रहेछ, खानेकुरामा कुनै चिन्ता छैन, पूर्ण खाद्य सुरक्षा रहेछ, पर्याप्त पोषिलो खाना छ भन्ने कुरा पनि गरोस् । नेपालको प्राकृतिक सौन्दर्यको उसले खुलेर प्रशंसा गरोस् । विकासले आश्चर्यलाग्दो फड्को मारेको कुरा उसले सुनाओस् । मुलुकलाई हामीले त्यस ठाउँमा पुऱ्याउनु छ ।

हिजो हामीलाई संगठन गर्दा पुग्थ्यो, आन्दोलन गर्दा पुग्थ्यो, मिटिङ गर्दा पुग्थ्यो । अब त्यसो गरेरमात्र पुग्दैन । हिजो जुलुस निकाल्न बैठक गऱ्यो, प्रस्ताव पास गऱ्यो, साथीहरू बोलायो, जुलुसमा हिँड्यो, भाषण गऱ्यो, काम सकिन्थ्यो । अब धान फलाउन मिटिङ बसेर हुँदैन, प्रस्ताव पास गरेर हुँदैन, काम गर्नुपर्छ । औद्योगिकीकरण, सिँचाइ वा

शिक्षामा नवीकरण गर्न त्यति सजिलो छैन । हाम्रो बैठकले पास गऱ्यो भनेर हुँदैन । हाम्रो बैठकले पास गरेको कुरा पहिला विरुवाले थाहा पाउनुपऱ्यो । विरुवालाई त फेदमा चिसो पुगेपछि मात्र थाहा हुन्छ सिँचाइ गर्ने कुरा पास गरेछन् भनेर । नत्र भने थाहा हुँदैन । उन्नत जातको बीउविजन, प्राविधिक सहयोग सहायताबारे कसरी थाहा पाउने तिनले ? हामी 'लिडर'को रूपमा अघि बढ्नुपऱ्यो । हामीसँग विकासको स्पष्ट खाका हुनुपऱ्यो ।

हाम्रो संकल्प देश बनाउने हो । संकल्प पूरा गर्न छाडेर अर्को बाटो लिन थालियो भने तपाईँहरूले खवरदारी गर्नुपर्छ । त्यो काम जनप्रतिनिधि संस्थाको हो जसले सरकार बनाउँछ, कानून बनाउँछ, कानून संशोधन गर्छ र विकासको बाधक देखिए वा आवश्यक परे संविधान संशोधन गर्छ । देशको अग्रगमनका लागि, जनतालाई अधिकार सम्पन्न बनाउनका लागि, देशलाई अगाडि बढाउनको लागि संविधान संशोधन आवश्यक छ भने संविधान संशोधन नहुने कुरा हुँदैन । संविधान संशोधनीय दस्तावेज हो । यो मूल कानून हो जसले देशलाई सही ढंगले अगाडि बढ्नका निम्ति अनुकूल भूमिका खेल्नुपर्छ, मुख्य रूपमा कानूनी बाटो दिनुपर्छ वा देखाउनुपर्छ, निर्देश गर्नुपर्छ । त्यसकारण संविधान पनि संशोधन हुनसक्छ । संविधान कार्यान्वयनका लागि हामीले नयाँ प्रणाली ल्याएका छौँ ।

प्रादेशिक सरकारको व्यवस्था नयाँ हो । प्रदेशको कुरा, स्थानीय तहको कुरा र संघीय सरकारको कुरा एउटा माग्छ पानी अर्को माग्छ घाट भनेजस्तो छ । यी संरचनाका धेरै पक्षको यवस्थापन गर्नुपर्ने छ । यो अन्तरविरोधको विषय होइन । यसलाई राष्ट्र विकासको साझा संकल्प, साझा उद्देश्य, साझा प्रतिबद्धताको रूपमा लिनुपर्छ । त्यसलाई कुन ठाँउबाट गर्दा सबैभन्दा अनुकूल हुनसक्छ सो यकिन गरी पूरा गर्नुपर्छ । यो अधिकार वा अवसरको लडाईँको प्रश्न होइन । प्रश्न कसो गर्दा छिटो विकास गर्न सकिन्छ भन्ने हो । यी कुराहरूलाई व्यवस्थित गर्नका निम्ति पनि आवश्यक नयाँ कानूनहरूको तर्जुमा, पुराना कानूनहरूको संशोधन गर्दै जान्छौँ । केही स्थानीय तहहरूले आफैँले कानून निर्माण

गरेका छन् । त्यसलाई हामीले सन्तुलित बनाउनु छ । जे बनेको छ ती संविधानसँग, संघसँग र प्रदेशसँग बाझिनु हुँदैन । सबै तहका बीचमा तालमेल मिल्नुपर्छ ।

हामी नयाँ अभ्यास र नयाँ परिस्थितिमा छौँ । यसकारण हामीलाई अलि बढी कामको चाप भएजस्तो छ । अवश्य नै भएको छ किनभने धेरै नयाँ कानूनहरू बनाउनु छ, पुराना संशोधन गर्नुपर्नेछ । यसपटक नीति-कार्यक्रम पनि ल्याउनु पर्नेछ । नीति-कार्यक्रमको कुरा गर्दा हाम्रो दीर्घकालीन नीति के हो ? अल्पकालीन वा मध्यकालीन नीति कस्तो छ ? साधारणतया पाँच वर्षको अवधिमा राजनीतिक, आर्थिक, सामाजिक हिसाबले हामी कसरी अगाडि बढ्छौँ, त्यसको खाका चाहिएको छ । सबै कुरालाई मार्गदर्शन गर्ने नीति-कार्यक्रम के हुन्छ ? राजनीतिमा नीति के हुन्छ ? अर्थतन्त्रमा के हुन्छ ? हामीले आफ्नो गन्तव्य निश्चित गर्नुपर्ने भएको छ । देशको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र स्वतन्त्रतालाई हामीले पहिलो प्राथमिकतामा राख्नुपर्छ । हाम्रो आन्तरिक मामिलामा अरू कसैले निर्णय गर्ने होइन, हामी आफैँ निर्णय गर्छौँ । हाम्रा आन्तरिक नीतिहरू र अन्तर्राष्ट्रियसम्बन्धमा कसैसँग निर्देशित, नियन्त्रित र प्रभावित नभईकन स्वतन्त्र हैसियतले हामी आफैँ निर्णय गर्छौँ । ती सवालमा हामी राष्ट्रियहित र न्यायोचित पक्षलाई ध्यानमा राखेर निर्णय गर्छौँ । हामी हाम्रो भौगोलिक अखण्डतालाई तलमाथि पर्न दिदैनौँ । हाम्रो संसदीय दलले मूलतः हाम्रो पार्टीको यही नीतिलाई नै अवलम्वन गर्छ ।

हामीले हाम्रो राष्ट्रियहितको कुरा गरिरहँदा हामी दुनियाका एक नागरिक बन्छौँ, राष्ट्रियहितलाई ध्यानमा दिइरहँदा न्याय र अन्तर र्राष्ट्रिय जवाफदेहिता अनि जिम्मेवारी लिन्छौँ । राष्ट्रिय स्वाभिमानलाई तलमाथि पर्न दिँदैनौँ । यी कुराहरूमा हाम्रो स्पष्टता छ र रहन्छ । हामी छिमेकीहरूसँग सुमधुर सम्बन्ध कायम गर्छौँ, सन्तुलित सम्बन्ध कायम गर्छौँ । हाम्रो कसैसँग झगडा गर्ने मनसाय वा इच्छा छैन । तर अनावश्यक रूपमा हेपिनचाहिँ मान्दैनौँ । हेप्न खोजेका बेला वा अन्याय गर्न खोजेका बेला त्यो भएन है भन्छौँ । कतिले त्यसलाई अवसरको रूपमा लिन

खोज्छन् वा खोजे । तर हामी अरूबाट हेपिन चाहँदैनौँ, हेपिन मान्दैनौँ र अबका दिनमा हेपिदैनौँ । नहेपिईकन बराबरीको सम्बन्ध कायम गर्छौँ ।

हामी सबैलाई थाहा छ भारतसँग हाम्रो सम्बन्ध संविधान निर्माणका बखत वा त्यसभन्दा पछि धेरै तनावपूर्ण अवस्थामा पुगेको थियो । नाकाबन्दी लगाइयो । हामीले त्यसो गर्नु अनुचित कुरा हो भन्यौँ र नाकाबन्दी खोलेरै छाड्यौँ । अहिले भारत पनि सन् १९५० को सन्धिलाई 'रिभाइज' गर्न तयार देखिएजस्तो छ । त्यस सम्बन्धमा काम भैरहेको छ । अरू कुराहरू हामीले दुई पक्षीय कुराकानी वा संवादको माध्यमबाट टुंग्याउँदै जाने भनेका छौँ । विराटनगरमा रहेको भारतीय अफिस एउटा खास प्रयोजनको लागि राखिएको थियो, त्यो समय-सन्दर्भ समाप्त भैसकेपछि उहिल्यै उठाउनु पर्दथ्यो । उठाऊ भनेपछि उठाउनु पर्दथ्यो । त्यो बेठीक हो, अब त्यो उठ्छ । त्यो अफिस अब रहँदैन, उठ्छ । अरू पनि धेरै समस्याहरू छन् । जुन कुराहरू भएका थिएनन्, सम्झौताअनुसार हुने भनिएको छ । हामीले सार्वभौम समानताका आधारमा सम्बन्ध कायम गर्ने भनेका छौँ । केहीपछि म तपाईँहरूको प्रतिनिधिको हैसियतले, देशको प्रतिनिधिको हैसियतले प्रधानमन्त्रीको रूपमा चीन भ्रमणमा जाँदैछु । मैले अहिले भनेका भावनाअनुसार राष्ट्रियहितको पक्षमा त्यहाँ पनि काम गरिने छ ।

अहिले हामी बिमेस्टेकको अध्यक्ष छौँ । अब नेपालमा बिमेस्टेकको सम्मेलन गर्छौँ । सार्क अहिले अल्मलिएको छ । हामी त्यसको सम्बन्धलाई सामान्यीकरण गर्न खोज्दैछौँ । हामी सार्कलाई कुनै हिसाबले पुनर्जीवन दिने पक्षमा छौँ । सार्कलाई मर्न दिनुहुँदैन, नयाँ जीवन दिनुपर्छ भन्ने हाम्रो धारणा छ । असंलग्न आन्दोलनका मञ्चहरू हुन् अथवा संयुक्त राष्ट्र संघको मञ्च होस् वा संयुक्त राष्ट्र संघ अर्न्तगतका विभिन्न निकाय हुन्, जुनसुकै अन्तर्राष्ट्रिय मञ्चहरूमा हाम्रो काम राष्ट्रियहित, विश्वशान्ति र मानवजातिका निम्ति हुनेछन् ।

लोकतन्त्रको कुरा गर्दा नेपाली कांग्रेस अलि बढी आत्तिएको देखिन्छ । म भन्छु - कांग्रेस आत्तिनु पर्दैन । नेपालमा सबैभन्दा

लोकतान्त्रिक पार्टी नेपाल कम्युनिष्ट पार्टी हो । यो पार्टी अत्यन्त उदार छ । लोकतन्त्रका लागि लड्दै आएको छ । दुईओटा अध्यक्ष कसैले सुनेको थियो ? हामीले बनायौँ । देशको हितको अगाडि दुईओटा अध्यक्ष कुन ठूलो कुरा भो र ? यहाँ देशको हित हुनुपरेको छ । सानातिना कुरामा अल्झिनु हुन्न । हाम्रो एकता विपक्षीलाई दमन गर्नको लागि होइन । यसको शक्तिलाई गलत ठाँउमा प्रयोग गरिँदैन । यसले प्राप्त गरेको ब्रह्मस्त्र अनुचित रूपमा प्रयोग हुँदैन । उहिले गर्भमै रहेका अभिमन्युमाथि प्रहार गर्दा आफैँलाई लागेको थियो रे । किन ? गर्भमा रहेको निर्दोषमाथि प्रहार गर्न पाइँदैन भनेर फर्किएको थियो । कृष्णले त्यसलाई छेकेर फर्काइदिएका थिए । यस्ता शास्त्र हामीले धेरै पढेका छौँ । त्यसकारण हामी कुनै ब्रह्मास्त्र गलत ठाउँमा प्रयोग गर्दैनौँ, गर्दै गर्दैनौँ ।

एकजना व्यक्ति भगवानसँग वर माग्न गएछ र भनेछ - प्रभु मलाई वर दिनुपर्‍यो । भगवानले भनेछन् - तिमीलाई म वर दिन्छु तर तिमीले वर प्राप्त गरेपछि त्यो यस्तो हुन्छ जसले स्वतः दोब्बर बनाइदिन्छ । त्यसपछि उसले यसो विचार गरेछ । विचार गरिसकेपछि उसले भनेछ - त्यसो भए मेरो एउटा आँखो फुटाइदिनपर्‍यो । छिमेकीसँग रीस उठेको रहेछ, केके न मागौँला भनेर गएको थियो, आँखा फुटाइदिने वर माग्यो । एउटा आँखो फुटाउने बित्तिकै उसका दुइटै आँखा जाने भए । हामी त्यस्तो वर माग्न हिँडेका होइनौँ । हामी नेत्रदान गर्नेवाला हौँ । यसर्थ नेपाली कांग्रेस नझस्किए हुन्छ ।

नेपालको सबैभन्दा ठूलो लोकतान्त्रिक पार्टी, लोकतान्त्रिक अभ्यास र आचरण गर्ने पार्टी, लोकतन्त्रप्रति प्रतिबद्धता भएको पार्टी र वैचारिक, सैद्धान्तिक, राजनीतिक, व्यावहारिक, सांगठनिक, आन्तरिक, सामाजिक कुनै पनि हिसाबले सबैभन्दा लोकतान्त्रिक पार्टी नेपाल कम्युनिष्ट पार्टी हो । यो त्यसको संसदीय दल हो । नेपाली कांग्रेसलले हामीलाई देख्दा बाह्र सिंगाजस्तो देख्छ । तर उसलाई थाहा छैन बाह्रसिंगा मांसाहारी होइन, हत्या गर्दैन । नेकपाको संगठनै संगठन ।

झ्याङ्गिएको झयाङ्गियै छ । विशाल छ, पेरिसडाँडामै अफिस, धुम्वाराहीमै अफिस, यतै अफिस, उतै अफिस । यहाँ पनि बहाली, त्यहाँ पनि बहाली । कांग्रेस तिल्मिलाएको छ । मुडुलो भएपनि चितुवाको टाउको चिल्लो हुन्छ । देख्दा डरलाग्दो देखिँदैन तर त्यसको काम नै मार्ने र खाने हो । हामी ठूलो संगठन हौँला, झ्याङ्गिएका हौँला तर हामी कुनै धोकापूर्ण अवतार होइनौँ । हामी लोकतन्त्रका लागि लडेका हौँ र दस्तावेजमा लोकतन्त्रका आधारभूत मूल्य-मान्यतालाई स्वीकार गरेका छौँ । हामी बहुदलीय लोकतान्त्रिक प्रतिस्पर्धात्मक प्रणालीमा विश्वास गछौँ । विश्वास गरेरै आएका छौँ । यसलाई हामीले स्वीकारेका छौँ मात्र भनेर पुग्दैन, स्थापना नै गरेको हौँ । यो व्यवस्था हामीले ल्याएका हो, बलिदान गरेर ल्याएको हो । म फेरि जोड दिएर भन्न चाहन्छु - हामीले स्वीकारेको मात्र होइन, यो त हामीले नै ल्याएको हो । यो प्रणाली अरूले ल्याइदिएको, अरूले दिएको र हामीले स्वीकारेको होइन । हामीले लडेर ल्याएको प्रणाली भएकाले यसको 'प्याटेन्ट राइट' हामीसँग छ । साथीहरू मिलेर लडौँ भन्दा घाँटी जोड्न अन्त गए । अन्तिममा हामीले मिलेर लडौँ भन्ने नीतिलाई नै सफल पारेर यहाँसम्म ल्याएका हौँ । तसर्थ लोकतन्त्रका आधारभूत मूल्य-मान्यता, शक्तिपृथकीकरणको सिद्धान्त, स्वतन्त्र न्यायालय, मानवअधिकार, वातावरणीय सन्तुलन, सामाजिक मूल्य-मान्यता, सामजिक न्याय, महिला बालवालिका, एकल महिला, ज्येष्ठ नागरिकदेखि भिन्न क्षमता भएका व्यक्तिसमेतको हेरविचार, पछाडि परेको समुदायलाई अगाडि बढाउने विशेष नीति प्रबन्धहरूसहित हामी अगाडि बढेका छौँ । लोकतन्त्रलाई हामीले राजनीतिक अधिकार तथा राजनीतिक स्वतन्त्रताको सीमाभित्र होइन, सम्पूर्ण अधिकारयुक्त वृहत्तर लोकतन्त्रको रूपमा स्वीकारेका छौँ । हामीले सामाजिक न्याय र समानताका पक्षमा काम गरेका छौँ, अन्धविश्वासका विरुद्ध काम गरिरहेका छौँ ।

हामी अलिकति सजग हुनुपर्ने के छ भने - कोही जन्मिँदै जनजाति हो ? सधैँभरि केको जनजाति ? अब पनि जनजाति, जातजाति भनिरहेर हुन्छ ? जातका कुराहरू छोडौँ, भूगोलका कुराहरू छोडौँ । अब राष्ट्रका

कुरा गरौँ, राष्ट्र निर्माणका कुरा गरौँ । हामी यति अशक्त र कमजोर छैनौँ कि जातको वा भूगोलको वैशाखी टेकेर अगाडि बढ्नुपरोस् । कुनै वैशाखी टेकिरहनु पर्दैन । हामीले पछाडि परेको समुदायलाई अगाडि बढाउन केही नीतिहरू बनाएका छौँ । अब हामी सुदृढ हुन्छौँ, धेरैं कमजोर हालतमा हुदैनौँ । हाम्रो नेपाल, हामी नेपाली । एक राष्ट्रको हिसाबले हामी अगाडि बढ्छौँ । हाम्रो नीति राष्ट्रिय एकता, सामाजिक सद्भाव, सामाजिक न्याय र समानतामा आधारित हुनेछ । त्यस सद्भावमा आधारित राष्ट्रिय एकता हाम्रा नीति हुन् । हामी सद्भावनायुक्त एकताका साथ राष्ट्र बनाउँछौँ ।

अहिलेको नीति-कार्यक्रमले अहिलेसम्मका हाम्रा बलिदान र तिनबाट प्राप्त उपलब्धि तथा अवसरहरूको प्रयोग गर्दै अब हामी कसरी अगाडि बढ्छौँ भनी मार्ग प्रशस्त गर्नेछ । हाम्रा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक नीतिहरू कस्ता हुनेछन् र कुन नीतिका साथ हामी अगाडि बढ्छौँ भन्ने विषयलाई नीति-कार्यक्रमले अगाडि सार्ने छ । हाम्रो नीति-कार्यक्रम 'समृद्ध नेपाल - सुखी नेपाली' विषयक हाम्रो मूल उद्देश्यतर्फ केन्द्रित एवम् लक्षित हुनेछ ।

म साथीहरूलाई आग्रह गर्न चाहन्छु - कानून र नीतिहरू सबै पढ्न नभ्याइनसक्छ । तपाईँहरू विभिन्न समितिमा रहनुहुन्छ । त्यो समितिअन्तर्गत पर्ने कुराहरू त्यहाँ राम्ररी अध्ययन गरेरै आउनुपर्छ, छलफल गरेरै आउनुपर्छ । समितिबाट ल्याएपछि यता मूलसदनमा आमरूपमा छलफल गरिँदैन । समितिबाट हेरेर ल्याएपछि आमरूपमा संशोधन राखिँदैन । त्यसकारण समितिमा हुने साथीहरूको उपस्थिति, सहभागिता र सजगता अत्यावश्यक छ । तपाईँ जनताको प्रतिनिधि हो, तपाईँ द्वारपाल हो ता कि कानूनमा गलत कुरा छिर्न नपाओस्, सही कुरा जसरी पनि अटाओस् । तसर्थ तपाईँले त्यस समितिमा धेरै रखवारी गर्नुपर्छ । नियम र मर्यादाका कुराहरूमा साथीहरूले ख्याल राख्नुपर्छ । हामी जनप्रतिनिधि हौँ । हामीलाई जनताले हेरिरहेको छ, जनताले हामीबाट अनुसरण गर्छ । अनुसरणमात्रै गर्ने होइन, अनुकरण नै गर्छ । त्यसकारण हाम्रो हिँडाइ, बोलाइदेखि लिएर संसदभित्रका

हाम्रा अभ्यासहरू, हाम्रा अभिव्यक्तिहरू गहन, ओजनदार, सभ्य, शिष्ट र मर्यादित हुनुपर्छ । कहिलेकाहीँ राजनीतिक हिसाबले आक्रोश र उत्तेजना देखिएपनि वास्तवमा त्यस्तो चरित्र सांसदको शोभनीय चरित्र होइन । सांसदले आक्रोश र उत्तेजना देखाउन मिल्दैन । हामीले मर्यादित पोशाक, मर्यादित तरिका, मर्यादित बोलीव्यवहार, मर्यादित अभ्यास गर्नुपर्दछ । जनप्रतिनिधिले जनताले मन नपराउने कुरा गर्नुहुँदैन । हामी सबैले जनताले मन पराउने मात्र काम गरौँ, मन नपराउने काम नगरौँ । हाम्रा आफ्ना वैयक्तिक आनीबानी पनि सुधार गरौँ ।

व्यवस्थापिका संसद जसले संविधान संशोधन गर्छ, कानून निर्माण गर्छ, कानून संशोधन गर्छ, सरकार बनाउँछ, सरकार हेरफेर गर्छ, सरकारलाई मार्गदर्शन गर्छ, नीति-कार्यक्रम बनाउँछ, बजेट बनाउँछ । त्यस अर्थमा हामी सबै विनाप्रमाणपत्रका वकिल हौँ । यहाँ वरिष्ठभन्दा तल कोही पनि हुन पाउँदैन । मैले कानून पढेको थिइनँ भन्न पाइँदैन । पढ्नै पर्छ । सबै बरिष्ठ वकिलभन्दा माथि, विकासको मामिलामा पीएचडीभन्दा तलको कोही छैन । त्यो हुनु पर्‍यो । पढ्नु पर्‍यो, बुझ्नु पर्‍यो र जान्नु पनि पर्‍यो ।

सदनमा हामी आफुखुशी बोल्नेछैनौँ । हाम्रो पार्टी धारणाअनुसार हामी बोल्छौँ, देशको आवश्यकताअनुसार हामी बोल्छौँ, पार्टीको इज्जतलाई ध्यानमा राखेर हामी बोल्छौँ । हामी सबैले पार्टीको समर्थनमा बोल्छौँ । विपक्षीहरूले खराब तर्क पेश गर्छन् र वातावरणलाई उत्तेजित बनाउँछन् । हामी ती तर्कहरूलाई तर्कपूर्ण ढंगले, शालीन ढंगले जवाफ दिन्छौँ, खण्डन गर्छौँ र बहसहरूबाट, तर्कहरूबाट हामी आफ्नो कार्यक्रमको, नीति विचारको औचित्य तथा सहीपना स्थापित गर्छौँ । यसका निम्ति तयार रहन साथीहरूलाई म आग्रह गर्न चाहन्छु । साथीहरूले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका बारेमा प्रश्न गर्नुभएको छ । यसमा प्रस्ट छैन र ? १ सय ६५ ओटा निर्वाचन क्षेत्रको विकास गरेरै छोडिन्छ, यो हाम्रो संकल्प हो । निर्वाचन क्षेत्रमा पूर्वाधार विकास पनि गरेरै छोडिन्छ । बाटाघाटा, पुल, खानेपानी, सिँचाइ, उद्योगका क्षेत्रमा केके

गर्न सकिन्छ, गर्नैपर्छ । पहिलेको शब्द 'सांसद विकास कोष'ले हामीलाई अलिकति बदनाम गरेको छ । त्यो 'सांसद विकास कोष' नै होइन । सांसद कहाँबाट विकास हुनु ? क्षेत्र विकास कोष, पूर्वाधार विकास कार्यक्रम हो । यस पूर्वाधार विकास कार्यक्रमलाई कुन 'मोडालिटी'बाट लाने ? यसमा खासै द्विविधा छैन । विकास कार्यक्रमको 'मोडालिटी' र यसलाई उपयुक्त ढंगले लाने विषयमा गम्भीर छलफल भइराखेको छ । हाम्रो चिन्ता विकास होस्, सांसद बद्नाम नहोस्, अन्तरविरोध नहोस् भन्ने हो । अनेक प्रश्नहरू उठेका छन् । ती प्रश्नहरूको समाधान होस् भन्ने हो । यस कुरालाई ध्यानमा राखेर नै हामी निर्णय गर्नेछौँ ।

●

जेठ ३, २०७५

सन्दर्भ : नेकपाको संसदीय दलको पहिलो बैठक

परराष्ट्र / कूटनीति

पारस्परिक लाभ र सम्मानका आधारमा छिमेक सम्बन्ध

मेरो निमन्त्रणामा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी वैशाख २८ र २९ गते नेपालको राजकीय भ्रमण गरेर गरेर स्वदेश फर्कनुभएको छ । आजको सहज सञ्चार सुविधा, पहुँचको उपलब्धताको समयमा हामी सबैलाई प्रायः सबै कुराहरू जानकारीमा छन् । सबै कुरा पारदर्शी नै छन् । तथापि हाम्रा निम्ति सम्बन्धको निकै धेरै महत्व राख्ने छिमेकी देशको कार्यकारी प्रमुखको औपचारिक र राजकीय भ्रमणको सम्बन्धमा गरिमामय संसदमा औपचारिक रूपमा जानकारी गराउन सान्दर्भिक ठानेको छु ।

मैले आफ्नो भारत भ्रमणभन्दा अगाडि भ्रमणको सम्बन्धमा संसदलाई अवगत गराउन चाहेको थिएँ तर संसदको अधिवेशन चालू थिएन । जतिबेला चालू रह्यो त्यसबेला मैले सबै कुरा संसद समक्ष अगाडि राखेकै हुँ ।

म नेपाली जनताको देशभक्तिलाई, देशप्रतिको सजगतालाई अत्यन्तै प्रशंसा गर्न चाहन्छु र धन्यवाद भन्न चाहन्छु । मोदीजीको यस भ्रमणको क्रममा पनि नेपाली जनताले सरकारलाई लगातार गल्ती तथा कमीकमजोरी नहोस्, कमी नदोहोऱ्योस्, चुक्ने काम नहोस्, विगतका कमीहरू पनि सच्चाउने काम होस्, उजागर भएका समस्यालाई सच्चाइयोस् भनी खबरदारी गर्ने काम गरे । भ्रमण नेपालको मिडिया, बुद्धिजीवी, आमनागरिकहरू समेतको गहन चासो, चिन्ता र सरोकारको विषय रह्यो । यसलाई मैले अत्यन्तै सकारात्मक रूपमा लिएको छु । हामी राष्ट्र, राष्ट्रियता, राष्ट्रको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हितहरू र राष्ट्रिय स्वाभिमानप्रति सजग नरहने हो भने यी कुनै पनि कुराहरूलाई बचाउन सक्ने अवस्थामा नरहन सक्छौँ । नेपाली जनताको त्यो जागरुकताले नै यी कुराहरूलाई सवल बनाउने हो ।

यस भ्रमणभन्दा अगाडि मैले नेपालका पार्टीका प्रबुद्ध नेताहरू, पूर्वप्रधानमन्त्रीहरू, विपक्षी दलका नेता, पूर्वपरराष्ट्र मन्त्रीज्यूहरू, परराष्ट्र मामिलाका विज्ञ महानुभावहरू लगायतसँग व्यापक छलफल गरेँ, सुझावहरू लिएँ । सबैका सुझाव राष्ट्रियहितको पक्षमा, सन्तुलित सम्बन्धको पक्षमा, स्वाभिमान झुक्न नदिई सम्बन्धलाई सुमधुर बनाइयोस्, सुदृढ बनाइयोस् र अगाडि बढाइयोस् भन्ने पक्षमै थिए । म ती सुझावहरूका लागि, परामर्शहरूका लागि सबै मित्रहरूलाई हार्दिक धन्यवाद भन्न चाहन्छु ।

भारतीय प्रधानमन्त्री मोदीजीको भ्रमण जनकपुरबाट शुरु भयो । हामी सबैलाई थाहा छ - त्यहाँ उहाँले रामजानकी मन्दिरमा पूजाअर्चना गर्नुभयो । महत्वपूर्ण कुरा हामीले त्यहीँबाट रामायण सर्किटको शुभारम्भ गऱ्यौँ । रामायणमा वर्णित सन्दर्भहरूका महत्वपूर्ण धार्मिक स्थलहरू समेटेर

रामायण सर्किट निर्माण गर्ने जसमा धनुषाधाम, जनकपुर, वाल्मीकिआश्रम, त्रिवेणीलगायतका स्थानहरू समेटेर लाने टुंगो गरी हामीले जनकपुर-अयोध्या सोझो बस सेवा पनि संयुक्त रूपमा प्रारम्भ गर्‍यौँ । हाम्रा उपमेयर लगायतका जनप्रतिनिधि साथीहरूको नेतृत्वमा पहिलो यात्रा शुरु भयो र अयोध्यामा त्यहाँका मुख्य मन्त्रीले स्वागत पनि गर्नुभयो । जनकपुरमा मित्रता अभिवृद्धि गर्ने सन्दर्भमा सकारात्मक चासो र रुचि देखियो ।

जनकपुरमा मोदीजीको नागरिक अभिनन्दन भयो । नागरिक अभिनन्दनको क्रममा अभिव्यक्त भएका कतिपय कुराहरू राष्ट्रिय मर्यादा, कूटनीतिक मर्यादाको कसीमा कमजोर र अनुपयुक्त रहन गए । साथीहरूमा अनुभवको कमी पनि रहेको होला । आगामी दिनमा त्यो सच्चिनु पर्छ । सबैलाई थाहा छ - नेपाल सरकार, जसले परराष्ट्रसम्बन्ध सञ्चालन गर्छ, सरकारका नीति त्यहाँ भनेजस्ता होइनन् । नेपाल सरकारको परराष्ट्र नीति, परराष्ट्रसम्बन्ध सञ्चालनका सम्बन्धमा स्पस्ट धारणा छ । काठमाडौँमा हामीले उहाँको स्वागत गर्‍यौँ र हाम्रो परराष्ट्रमन्त्रीले उहाँसँग शिष्टाचार भेटघाट गर्नुभयो । त्यसपछि हामीले उहाँलाई औपचारिक स्वागत गर्‍यौँ । उहाँले राष्ट्रपति तथा उपराष्ट्रपतिसँग शिष्टाचार भेटघाट गर्नुभयो । त्यसपछि उहाँ र मेरो बीच एक्लाएक्लै कुराकानी भयो, दुईपक्षीय वार्ता पनि भयो । त्यसै दिन साँझ नै हामीले पूर्वपरराष्ट्र मन्त्रीहरूसँग उहाँको संक्षिप्त भेटघाट आयोजना गर्‍यौँ । त्यसपछि अरुण तेश्रोको शिलान्यास कार्यक्रम पनि संयुक्त रूपमा सम्पन्न गरेपश्चात् हामीले औपचारिक रात्रीभोज आयोजना गर्‍यौँ । भोलिपल्ट बिहानै उहाँ मुक्तिनाथ जानुभयो र पूजाअर्चना गरी फर्कनुभयो । मुस्ताङबासी जनताले पनि उहाँको हार्दिक स्वागत गरे । त्यसपछि उहाँ काठमाडौँमा आएर नागरिक अभिनन्दन लिनुभयो । दलका नेताहरूसँग एक्लाएक्लै तथा सामूहिक रूपमा उहाँले भेटघाट गर्नुभयो ।

यो भ्रमण नेपाल र भारतबीचको मैत्री सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने पुराना मान्यताहरू, पुराना तरिकाहरू, पुराना सोचहरूभन्दा पृथक रह्यो । दुई सार्वभौमसत्ता सम्पन्न राष्ट्र जो एक अर्काका आन्तरिक

मामिलाहरूमा हस्तक्षेप नगर्ने स्वाधीन राष्ट्र हुन्, आआफ्ना आन्तरिक मामिलाहरू र वैदेशिक सम्बन्धका मामिलाहरू स्वतन्त्र ढंगले सञ्चालन गर्ने राष्ट्र हुन् । त्यसै गरेर भौगोलिक अखण्डतालाई सम्मान गर्ने र राष्ट्रिय हितहरूलाई यथोचित ढंगले सम्मान गर्ने यी प्रश्नहरू हाम्रा वक्तव्यहरूमा, कुराकानीका क्रममा र हामीले अन्तिममा जारी गरेको सोह्र बुँदे संयुक्त वतव्यमा पनि आएको छ । उहाँले र मैले ११ गते नै संयुक्त प्रेस मिट पनि गऱ्याँ । त्यसमा पनि धेरै विषय समेटिएका छन् ।

केही विषयमा हामीले सहमति गरेका छौँ । विगतमा गरिएका कतिपय सहमति र सम्झौता कार्यान्वयन गर्नु छ । ती कार्यान्वयनमा ढिलाइ भैराखेको छ । अब ढिलाई हुन नहुने, उपयुक्त समयभित्र कार्यान्वयन गर्नका लागि समयसीमा तोक्ने कुरा भएको छ । औपचारिक मिति सेप्टेम्बरभित्र हो, अनौपचारिक ढंगले भन्दा हाम्रो संविधान दिवसको दिन । त्यस मितिलाई आधार मानेर विगतका सम्झौताअन्तर्गतका कार्यान्वयन गर्न बाँकी रहेका विषय कार्यान्वयन गर्ने भन्ने सहमति गरिएको छ ।

दुई देशका कृषिमन्त्रीका तहमा तत्कालै बैठक बसेर त्यस क्षेत्रमा के-कस्तो प्रकारको सहयोग र सहकार्य अगाडि बढाउने हो सो तय गर्ने सहमति गरेका छौँ । त्यसका निम्ति हाम्रा आवश्यकता अनुसारको कार्ययोजना तय गर्नुपऱ्यो । यी कामहरू तुरुन्तै हुने मन्त्रीस्तरका बैठकहरूबाट गर्ने सहमति गरेका छौँ । काठमाडौँ-रक्सौल रेलवे निर्माणका लागि प्राविधिकहरूको संयुक्त कार्यदल बनाएर सर्वेक्षण शुरु गर्ने र यस सम्बन्धमा छिटै नै समझदारीपत्रमा हस्ताक्षर गर्न भारत सरकारको तर्फबाट कार्यदलको रूपमा एउटा डिभिजनलाई जिम्मा दिइसकेको छ, हाम्रो तर्फबाट हामीले कार्यदल निर्माण गरेर पठाउनु पर्ने छ । दुवै कार्यदलले तुरुन्तै सर्वेक्षण शुरु गर्छन् र छिटै नै समझदारीपत्रमा हस्ताक्षर गर्नेछन् । यो परियोजना भारतकै खर्चमा सर्वे हुने र भारतकै लगानीमा निर्माण हुने हो । मेरो अघिल्लो भ्रमणमा कुरा अगाडि बढाइएको नदीको बाटोबाट जलमार्ग सञ्चालन गर्ने सन्दर्भमा प्राविधिकहरूको संयुक्त कार्यदल बनाएर तुरुन्तै सर्वेक्षण शुरु गर्ने सहमति पनि भएको छ ।

नेपाल-भारत संयुक्त आयोगको विदेशमन्त्रीस्तरीय बैठक तत्काल बसाउने र समग्र दुई पक्षीय सम्बन्धको पुनारावलोकन गरी आर्थिक विकाससम्बन्धी योजनाहरूको कार्यान्वयनलाई कसरी गति दिन सकिन्छ भनी चौतर्फी रूपमा ध्यान दिने समझदारी भएको छ । सबैलाई थाहा छ - नेपाल र भारतका बीचको व्यापारमा हाम्रो असाधारण र चरम व्यापार असन्तुलन छ । त्यस असन्तुलनलाई के कसरी घटाउन सकिन्छ त्यसका निम्ति आगामी तीन महीनाभित्र व्यापारसन्धिको पुनरावलोकन गर्ने र बढ्दो व्यापार घाटाका समस्या समाधान गर्नका लागि भारतीय बजारमा नेपाली उत्पादनको पहुँच बढाउन के के बाटा हुनसक्छन् खोजी गर्ने सहमति भएको छ । त्यस क्रममा चिया, अदुवा, जुट, अलैंचीलगायतका कृषि उत्पादनमा देखिएका समस्याहरू अविलम्व समाधान गर्ने कुराहरूमा सहमति भएको छ ।

भारतबाट नेपाल प्रवेश गर्ने हवाईमार्ग एउटामात्र छ र त्यो अपर्याप्त छ । अहिलेको 'कनेक्टिभिटी'को जमानामा हामीलाई थप प्रवेश मार्ग आवश्यक छ । भारतीय पक्षसँग हामीले थप मार्गका लागि माग गऱ्यौँ । दुवै प्रधानमन्त्रीको तहमा थप चारवटा रूट दिनका लागि प्राविधिक पक्षको अध्ययन गर्न निर्देशन भएको छ । त्यो अध्ययन २२ सेप्टेम्वरसम्म भइसक्ने छ । विगतदेखि हेर्दाहेर्दै गम्भीर समस्याका रूपमा उठेको डुवानको समस्या यथावत् छ । सिमानामा बाँध बाँध्ने, सिमानामा व्यारेज पुल बनाइने, सिमानामा बाटो बनाउने नाममा बाँध बाँधिने कामबाट नेपालको जमीन डुवानमा पर्दैआएको छ । यसले छिमेकसम्बन्ध नसुहाउँदो, अन्यायपूर्ण र अनुचित हुनगएको छ । विगतमा यस्ता गतिविधि भए । मोदीजीको यस भ्रमणमा पनि मैले धेरै गम्भीरतासाथ कुरा उठाएँ । पहिला पनि उठाएको थिएँ । यो समास्या समाधान हुनुपर्छ । असल छिमेकीपनका लागि यो नीति उपयुक्त छैन । भारतको सिमानामा भारतको आफ्नो बचाउ, बस्तीको बचाउ, खेतीको बचाउका लागि हाम्रो जमीन, बस्ती, हाम्रो खेती डुवानमा पार्नु वाञ्छनीय हुँदैन । यसको समाधान हुनैपर्छ, यसमा अहिले दुवै देश समस्याको समाधान गर्न तत्पर भएका छन् । हामी त प्रस्तावक नै हौँ र तत्पर पनि छौँ । भारत पनि यसमा तयार भएको छ ।

अहिलेको समस्यालाई दृष्टिगत गरी यो वर्षाभन्दा अगाडि नै सकेसम्म छिटै संयुक्त कार्यदल बनाएर, समस्याग्रस्त क्षेत्रको भ्रमण गरेर उपयुक्त निर्णय गर्ने र अहिले कति गर्न सकिन्छ तत्काल, कति निकासहरू खोल्न सकिन्छ, कति ठाउँमा कल्भर्ट बनाउन सकिन्छ, कति ठाउँमा प्राकृतिक ढंगले पानी पठाउन सकिन्छ त्यो गरिहाल्ने सहमति भएको छ । बाँकी समस्याहरू कति तीव्रताका साथ समाधान गर्न सकिन्छ, आवश्यक काम शुरु गर्ने कुराहरू भएका छन् ।

ऊर्जा व्यापारको सम्बन्धमा हामीले पहिले नै पावर ट्रेड एग्रिमेन्ट (पीटीए) गरिसकेका हौँ । एग्रिमेन्ट विपरीत सन् २०१४ मा भारतले एकतर्फी रूपमा ५१ प्रतिशत आफ्नो लगानी भएको अवस्थामा मात्र ऊर्जा खरिद गर्ने नीति अगाडि साऱ्यो । हामीले नेपालमा लगानीलाई हतोत्साहित गर्ने र नेपालसँग भएको २०१४ को एग्रिमेन्टसँग बाझिने कुरा एकतर्फी रूपमा भारतले गर्नु उचित होइन, त्यसकारण यसलाई हटाउनुपर्छ भन्यौँ । सो सन्धिअनुरुप दुईपक्षीय ऊर्जा व्यापारलाई अगाडि बढाउनका लागि हामीले काम गर्नुपर्छ र पीटीए विपरीतका कामहरू हुनुहुँदैन भन्ने सवालमा भारत पनि सहमत भएको छ । यसलाई अब पहिलेकै अनुरुप अगाडि बढाइने छ ।

हामीले संयुक्त रूपमा अरुण तेश्रोको शिलान्यास गऱ्यौँ । पाँच वर्षभित्र सो परियोजनाको सबै काम सक्ने कार्ययोजना बनेको छ । त्यसबाट नौ सय मेगावाट विद्युत उत्पादन हुन्छ ।

यसअघि म प्रधानमन्त्री भएको बेला हामीले प्रबुद्ध समूह (इमिनेन्ट पर्सन ग्रुप - इपीजी) निर्माण गरेर पुराना सन्धिसम्झौताको समग्र पुनरावलोकन गर्ने र त्यसमा के कस्ता सुधार, परिवर्तन, खारेज वा के गर्न आवश्यक छ त्यो गर्ने, खासगरी १९५० को सन्धिको सम्बन्धमा विशेष अध्ययन गरी सिफारिस गर्ने सहमति गरेका थियौँ । सो सम्बन्धमा सम्पूर्ण रूपमा अध्ययन गर्नका लागि चार-चार जनाको दुई पक्षीय समूह गठन भई त्यसले काम गरिरहेको छ । समूहको काम अहिले लगभग अन्तिम चरणतिर पुगेको छ । कार्यावधि जुलाईसम्म छ । अहिलेसम्म

इपीजीको काम सन्तोषजनक छ । सो कामका लागि इपीजीलाई धन्यवाद भन्नुपर्छ । त्यसले कतिपय कुरालाई सल्टाउने र समाधानको बाटोमा लाने प्रयास गरेको छ । मैले अपेक्षा गरिरहेको छु कि इपीजीले कम्तीमा पनि समानताको आधारमा नभएको सन् १९५० को सन्धिलाई समयानुकूल बनाउन योगदान गर्नेछ । पञ्चेश्वर बहुउद्देश्य परियोजनाका बारेमा टनकपुरमा १३ सय मिटरको लिंक रोड बनाउने कुरा उहाँहरूले सहमति नै गर्नु भएको छ । त्यसै गरेर लिंकक्यान टनकपुर, दोधारा चाँदनी, शारदा व्यारेज आदिको बारेमा कसरी के गर्ने भन्ने विषयमा निष्कर्ष निस्किसकेको छैन । तैपनि यसमा काम अगाडि बढाउने भन्ने कुराकानी हामीले गरेका छौँ । महाकाली नदीका सिर्सिया, झुलाघाट र दार्चुलामा पुल बनाउने सम्बन्धमा हामीले प्रस्ताव राख्वेका छौँ र उहाँहरू यसमा सकारात्मक हुनुहुन्छ । यस सम्बन्धमा त्यहाँको प्रदेश सरकारसँग पनि कुराकानी गरेर टुङ्ग्याउनु पर्नेछ । महेन्द्रनगरमा चार लेनको पुल निर्माण गरिसकेपछि भारतीय राजमार्ग नेशनल हाइवे (एनएचनाइन) मा जोड्नका लागि ६.८ किलोमिटर बाटो भारततर्फ बनाउन भनेका छौँ । त्यसलाई उहाँहरूले सकारात्मक रूपमा लिनुभएको छ । यद्यपि यो कुनै सम्झौतामा परेको छैन ।

ऊर्जाको आवश्यकता पर्ने समय र ऊर्जा उत्पादन हुने समय; अर्थात हाम्रो ऊर्जा उत्पादन हुने समय र उहाँहरूलाई आवश्यकता पर्ने समय अलिकति फरक पर्छ । उहाँहरूलाई एक समयमा बढी चाहिन्छ, हामीलाई अर्को समयमा बढी चाहिन्छ । उहाँहरूलाई गर्मी समयमा बढी चाहिन्छ, हामीलाई जाडो समयमा बढी चाहिन्छ । यसो भएको हुनाले एउटा ऊर्जा बैंकको व्यवस्था गर्ने र ऊर्जा बैंकको व्यवस्था गरेर ऊर्जाको आपूर्ति र आवश्यकतालाई समायोजन गर्ने कुराहरू हामीले गरेका छौँ । उहाँहरू यसमा पनि सकारात्मक हुनुहुन्छ । यसबारे औपचारिक प्रस्ताव बनाउन बाँकी छ । बुटवल-गोरखपुर प्रसारण लाइनको सन्दर्भमा हामी लगभग सहमतिको बिन्दु नजिक पुगेका छौँ । हुलाकी मार्ग हामीले निर्माण गरिरहेका छौँ । यसका लागि उहाँहरूले ८० करोड उपलब्ध गराउनु भएको छ र त्यसैमा काम भइरहेको छ । हाम्रो तर्फबाट जग्गा

अधिकरणलगायतका काम गर्नुपर्नेछ । दुबै तर्फबाट यसमा तदारुकता दिने भन्ने सहमति भएको छ । हामीले वीरगञ्जमा बनाएजस्तै विराटनगर, भैरहवा, नेपालगञ्जमा एकीकृत चेकपोष्ट (आइसीपी) बनाउने सम्बन्धमा अनौपचारिक सहमति बनेको छ । जुट, एलपीग्यास बुलेट, नेपाली फर्मास्युटिकल आदिका समस्याहरूका सम्बन्धमा हामीले उहाँहरूसँग गम्भीरतासाथ छलफल गरेका छौँ । यी समस्याहरूको तुरुन्तै समाधान गर्न आग्रह गरेका छौँ । यस सम्बन्धमा सघन वार्ता अगाडि बढ्दै छ । भारतको 'डिमन्टाइजेशन'का सन्दर्भमा नेपालका बैंकहरूमा बैकिङ सिस्टममा रहेका र रोकिएका नोटहरूको सटहीका सम्बन्धमा अघिल्लो पटक पनि हामीले कुरा उठाएका थियौँ । यसपटक पनि हामीले कुरा उठायौँ तर स्पष्ट जवाफ प्राप्त भएको छैन । हामीलाई लाग्छ यस सम्बन्धमा उहाँहरू गम्भीरतापूर्वक सोचिरहनु भएको छ । उहाँहरूले सोच्नुपर्छ भनेर हामीहरूले भनिरहेका छौँ ।

अरू थप बन्दरगाहहरू हामीलाई आवश्यक पर्छ र ती वन्दरगाहहरूको बारेमा हामी अध्ययन गर्छौँ भन्ने कुराहरू उहाँसग गरेका छौँ । बलकार्गो र रेलवे सर्भिस सम्झौताहरूको पत्राचार आदि कुराहरू भएका छन् । एमडी एमएस अथवा डिएम आदि पढ्ने मेडिकल विद्यार्थीहरूले भारतका विद्यार्थीले जस्तो सुविधा पाउँछन् त्यस्तो नपाइरहेको स्थितिमा समान व्यवहार गर्न हामीहरूले भनेका छौँ । त्यसमा पनि उहाँहरूले सकारात्मक जवाफ दिनुभएको छ । त्यस्तै, भारतको मेडिकल काउन्सिलले दिएको मान्यता हामीले स्वीकार्ने तर हाम्रो मेडिकल काउन्सिलले दिएको मान्यता वा प्रमाणपत्रलाई त्यहाँको मेडिकल काउन्सिलले नमान्ने अवस्था हुनुहुँदैन भनेर गम्भीरतासाथ कुराहरू उठाएका छौँ ।

यस गरिमामय सदनलाई म यो अवगत गराउन चाहन्छु कि हामीले यसपटक राष्ट्रको सार्वभौमसत्ता अथवा स्वाधीन हैसियत, आफ्ना मामिलामा आफैँ निर्णय गर्ने अधिकारका कुरा, भौगोलिक अखण्डताको प्रश्न वा राष्ट्रिय हितका कुनै पनि पक्षहरूलाई एउटा शब्द वा व्यवहारबाट कमजोर हुन दिएका छैनौँ । हाम्रा सबै भनाइ तथा लिखत पारदर्शी छन् ।

हामीले दिएका वक्तव्यहरू वा सहमति, जहाँ अलिकति पनि द्विविधा रह्यो भने बरु वक्तव्यमा सामेल नगर्ने गरी निर्णय गरेका छौँ । यसर्थ संयुक्त वक्तव्यमा पनि कुनै अस्पष्टता छैन । हाम्रो राष्ट्रिय हित हामी छोड्न सक्दैनौँ । हिजो यो वा त्यो सवालमा चिढ्याउने कामले गर्दा वा राष्ट्रियहितमा नोक्सान पर्ने तीता अनुभवहरूले गर्दा पनि मान्छेलाई यति सजग गराएको होला ।

हामीले राष्ट्रिय हितका प्रश्नहरूमा जे भएपनि विरोध गर्ने र जे भएपनि समर्थन गर्ने खालको तरिका अबलम्बन गर्नु वास्तवमा वाञ्छनीय हुँदैन । कहीँ गलत कुरा बोलिएको छ, त्यसको विरोध हुँदैन । तर कहीँ बिल्कुल ठीक काम भैराखेको छ तर त्यसको पनि विरोध नै भैराखेको हुन्छ । कतिपय मान्छेले 'वान अन वान' कुराकानीको महत्व र यस प्रकारका भिजिट जहाँ ठूलाठूला लेनदेनका कारोवारका सम्झौता भएका छैनन् त्यसको महत्व नबुझेको देखिन्छ । कहिलेकाहीँ लेनदेन वा कारोबारको मात्रै होइन, प्रत्यक्षमा के उपलब्धि भयो भन्ने मात्रै होइन, हिजोको सम्बन्ध आज कुन दिशामा फर्काइयो भन्ने कुराको महत्व हुन्छ । मलाई एक महीना अगाडि भारत भ्रमणका क्रममा त्यहाँका पत्रकारहरूले सोधेका थिए- 'के एग्रिमेन्ट गर्नु भयो, के सम्झौता गर्नु भयो, के कस्ता सम्झौता भए ?' मैले त्यसबेला जवाफ दिएको थिएँ - 'मित्रता । मित्रता कुनै पनि सम्झौता, कुनै पनि सहमति आदिभन्दा महत्वपूर्ण हुन्छ । मित्रता छ भने सम्झौता पनि हुनसक्छ, सहमति पनि हुनसक्छ, मित्रता नै छैन भने त्यो जे भएपनि काम हुँदैन ।' कहिलेकाहीँ सामूहिक रूपमा हुन नसकेका कुराहरू व्यक्तिगत तवरमा गर्नुपर्छ । व्यक्तिगत तवरमा गरेर ती कुराहरूको समाधान गर्न सकिन्छ । एक राउण्डमा भएन भने अर्को राउण्ड, अर्को राउण्डमा भएन भने अर्को राउण्ड कुराकानी गर्नुपर्छ । मलाई खुशी लागेको छ हामी अहिलेभन्दा तीन वर्षअगाडि नेपाल-भारत सम्बन्ध तनावग्रस्त स्थितिमा रहेको र नाकाबन्दी कायम रहेको स्थितिबाट सामान्य र मित्रतापूर्ण अवस्थामा फर्किएका छौँ । अघिल्लो पटक म प्रधानमन्त्री हुँदा नाकाबन्दी लागिराखेको थियो । नाकाबन्दीको अवस्थाबाट आज कमसेकम नाकाबन्दी नहुने मात्रै होइन, नेपालले

स्वतन्त्र रूपले आफ्नो निर्णय गर्न पाउने अवस्थालाई छिमेकी देशले स्वीकार गरिएको अवस्थामा आइपुगेका छौँ । जायज ढंगले बोलेका र अर्थपूर्ण ढंगले बोलिएका कुराहरूलाई हामीले अर्थपूर्ण ढंगले नै लिनुपर्छ । हामीले भन्दै आयौँ - हामी सबैसँग सम्बन्ध गर्न स्वतन्त्र छौँ । हामी हाम्रा छिमेकीहरूसँग राष्ट्रिय लाभ, राष्ट्रियहितका लागि सन्तुलित सम्बन्ध कायम गर्छौँ, सबैतिर सम्बन्ध कायम गर्छौँ । एकातिर कोल्टिने होइन ।

केही समयअगाडि कूटनीतिक मिसनहरूलाई ब्रिफिङ गरिरहँदा मैले भनेको थिएँ - हाम्रो दुश्मनी कसैसँग छैन, सबैसँग मित्रता छ । हामी सबैसँग मित्रता चाहन्छौँ । यो हाम्रो नीति हो । हामी मित्रतासँगै पारस्परिक साथ-सहयोग चाहन्छौँ । कसैसँग पनि शत्रुता चाहदैनौँ । हाम्रो आकांक्षा कसैसँग वैरभाव, शत्रुता र तनाव उत्पन्न गर्ने होइन । यथार्थ के हो भने तीनवर्ष अगाडिको सम्बन्ध तनावयुक्त र तिक्त नै थियो । त्यतिबेला प्रधानमन्त्री हुँदा नाकाबन्दी नखोलीकन म भारत भ्रमणमा जान्न भनेर घोषणा गरेको थिएँ । नाकाबन्दी खोलेपछि भारत गएँ । त्यसपछि सम्बन्ध सुधारको एउटा नयाँ आयाम शुरु भयो । हामीले लगातार भन्दै आयौँ - सम्बन्ध बराबरीको आधार र बराबरीको हैसियतमा हुन्छ, दुईवटा सार्वभौमसत्ता सम्पन्न राष्ट्रका हैसियतमा हुन्छ । हामीले लगातार भन्ने कुराहरू हुन् यी । हामी छिमेकीलाई तिनै आधारमा सम्बन्ध र व्यवहार गर्छौँ ।

मलाई खुशी लागेको छ - यसपटक भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीजीको अभिव्यक्तिमा, हाम्रो अखण्डताको प्रश्न, हाम्रो सार्वभौमसत्ताको प्रश्न, हाम्रा आवश्यकता र हाम्रा प्राथमिकताहरू अनुसार हामी अगाडि बढेकोमा आफूलाई चित्त नदुख्ने र त्यसमा आफू सहयोग गर्न तयार रहेको कुरा खुलस्त रूपमा प्रकटभएको छ । सम्बन्धलाई बराबरीका आधारमा, समुचित आधारमा अगाडि बढाउने कुराको एउटा प्रस्थान बिन्दु हो यो । हामीले देखेका छौँ - कतिपयले हाम्रो अखण्डतामाथि चुनौती दिएर, भारतकै पनि कतिपय व्यक्तिले हाम्रो अखण्डतामाथि चुनौती गरेर बोल्ने अत्यन्तै अनुचित धृष्टता गरे । तर त्यसको जवाफ मैले दिइराख्नु

पर्दैन । भारतकै प्रधानमन्त्रीले नेपालको अखण्डतालाई सम्मान गर्ने कुरा यसै क्रममा नै अभिव्यक्त हुँदा भारतको औपचारिक र आधिकारिक कुरा कुन हो भन्ने स्पष्ट भएको छ । तर पनि त्यस्ता केही तत्व, गैह्रजिम्मेवार व्यक्ति वा प्रवृत्ति देखापर्दा रहेछन् । मोदीजीलाई स्वागतै गर्न हुँदैनथ्यो भन्ने, सम्बन्ध सुधार नै गर्नुहुँदैनथ्यो भन्ने पनि छन् । हामीले सम्बन्ध सुधार्नुपर्छ । हामीले हेपाइ सहनुहुँदैन, अनुचित व्यवहार सहनुहुँदैन, राष्ट्रियहित छोड्नुहुँदैन । राष्ट्रियहित न्यायोचित आधारमा, अन्तर्राष्ट्रिय उत्तरदायित्वका साथ गर्नुपर्छ ।

राष्ट्रिय हितको रक्षा र सम्वर्द्धन हरेक राष्ट्रले गर्नुपर्छ । हामीले पनि त्यही गर्ने हो । हामीले भनेको पनि त्यही हो । विगतमा त्रुटिहरू भए । विगतमा मात्रै अल्झिएर बस्ने कि अगाडि बढ्ने ? मैले अगाडि भनेँ - भारतसँगको तीन वर्षअगाडिको सम्बन्ध तनावपूर्ण थियो । के सधैँ त्यही तनावपूर्ण सम्बन्ध नै राखिरहने ? दक्षिण र उत्तर कोरियाका बीचमा त्यति धेरै तनावका बीच पनि उहाँहरूले वार्ता गर्नुभयो, एक अर्कोलाई स्वागत गर्नुभयो । केही दिनपछि ट्रम्प र वन सिंगापुरमा भेट्दै हुनुहुन्छ । चीनका राष्ट्रपति सी जिन पिङ र भारतका प्रधानमन्त्री नरेन्द्र मोदी पनि आफ्ना टिमसहित भेट्दै हुनुहुन्छ । उहाँहरूका टिमहरूको बीचमा तीन राउण्ड वार्ता भएका छन् । सम्बन्धहरू बिग्रिनु नराम्रो हो । तर दुर्भाग्य, विभिन्न कारणले कहिले सम्बन्धहरूमा तलमाथि पर्दिन्छ, चिसोपन आइदिन्छ । हामीले चिसोपनमा खुशी हुने होइन । चिसोपनलाई हटाउने कोशिश गर्नुपर्दछ । त्यसबेला पनि मैले व्यक्तिगत तवरमा बोल्दा भनेको थिएँ - सम्बन्ध बिग्रिएकोमा हामी खुशी छैनौँ, दुःखी छौँ । बिग्रिएको हाम्रो कारणले छैन, हामी बिग्रिने कारणहरू हटाउन चाहन्छौँ । सम्बन्ध सुधार गर्ने बाटो लिन चाहन्छौँ । त्यो बाटोतर्फ फर्काउन चाहन्छौँ । त्यसमा हामी सफल भयौँ भने त्यो त खुशीको कुरा हो । नेपाली जनताको देशभक्तिप्रतिको सजगता, राष्ट्रवादी अडान, दृष्टिकोण र स्वाभिमानले बिग्रिएको सम्बन्धलाई सुसम्बन्धको दिशामा अगाडि बढाउन यस बिन्दुमा ल्याइपुऱ्याइएको छ । त्यसका लागि म नेपाली जनतालाई जहिल्यै धन्यवाद भनिरहन्छु ।

अब नेपाल-भारत सम्बन्ध एउटा नयाँ दिशामा, नयाँ उचाइमा, नयाँ आयाममा पुगेको छ । यो नयाँ ढंगले, नयाँस्तरमा उठेको छ र नयाँस्तरमा प्रवेश गरेको छ । यसलाई त्यसै समानताको, सार्वभौम समानताको हैसियतमा, बराबरीको हैसियतमा, सार्वभौम राष्ट्रको हैसियतमा, स्वाधीन राष्ट्रको हैसियतमा, हस्तक्षेप शिरोधार्य गर्ने होइन अहस्तक्षेप, पारस्परिक लाभ, पारस्परिक सम्मानका आधारमा अगाडि बढाएर जान सकिने वातावरण निर्माण भएको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीजी नेपाल आएर उहाँले जुन मित्रता अभिवृद्धिको सन्दर्भमा समुचित ढंगले योगदान गर्नुभएको छ त्यसको लागि उहाँलाई धन्यवाद भन्न चाहन्छु । उहाँले कुनै सिमानामा बाँध बाँधेर डुवाउँछु भन्नुभएन, बाँध बाँधिएर डुवान भइरहेको समस्यालाई समाधान गर्ने सहमति गर्नुभएको छ । सहमति गरेर पनि नबनेका कुराहरू बनाउने भन्नुभएको छ । म अपेक्षा गर्छु यी विषयहरूको कार्यान्वयनमा अब हामी रुचिसाथ अगाडि बढ्छौँ । भारत पनि त्यही रुचिका साथ अगाडि बढ्ने छ । जेजति सहमतिहरू भएका छन्, ती सबै सार्वजनिक छन्, 'लाइभ' छन् । कुनै शब्दमा पनि तल-माथि परेको छ भने म जिम्मा लिन्छु । राष्ट्र हितलाई शीरोधार्य गरिएको छ, शिरमा राखिएको छ, मनमा राखिएको छ र कहिले पनि छोडिएको छैन ।

नेपाल एउटा आफ्नै प्रकारको इतिहासको क्रमबाट गुज्रिएको राष्ट्र हो । यो नेपालको स्वाधीनता, स्वाभिमान, सावधानी र सचेत प्रयासको उपज हो । यो सजगता, स्वाभिमान र राष्ट्रिय भावनाको साझा प्रयासको उपज हो । मैले यसलाई बुझेको छु । त्यसकारण म प्रधानमन्त्रीको हैसियतले देशको शिर निहुरिन दिनेछैन, देशलाई नोक्सान पर्न दिनेछैन, नोक्सानीमा पर्न दिनेछैन । हाम्रो मुलुक आकारमा सानो छ, जनसंख्यामा सानो छ, विकासमा पछाडि छ । खेलाँची गर्दा हेपिने सम्भावना हुन्छ । म यस देशको हावामा सास फेरेको, यस देशको पानी पिएको र यस देशको अन्न पानीबाट हुर्किएको, यस देशको एउटा सन्तानको हैसियतले त्यस्तो हुन दिनेछैन । त्यसकारण म सबैलाई बिलकुल आश्वस्त रहन आग्रह गर्न

चाहन्छु । यसपटक भारतका प्रधानमन्त्रीको नेपाल भ्रमण नेपालको पक्षमा भएको छ, त्यसैले उपलब्धिपूर्ण भएको छ । फेरि यो भारतको विपक्षमा भएको छ भन्ने होइन । दुई देशको लाभको पक्षमा भएको छ, दुई देशको स्वाभिमानको पक्षमा भएको छ । यसलाई हामीले अगाडि बढाउनुपर्छ ।

अझै कामहरू गर्न बाँकी छन् । तिनलाई अगाडि बढाउनुपर्छ । इपीजी क्रियाशील छ । हामी विभिन्न चरणमा, विभिन्न ढंगले मन्त्रालयस्तरमा वार्ताहरू गरिरहेका छौँ । यसलाई अगाडि बढाउन जरुरी छ । अब हामीले दुबै छिमेकीसँग सुमधुर, सुदृढ, पारस्परिक, विश्वासिलो र भरपर्दो सम्बन्ध कायम गर्छौँ । यसको अर्थ हामी दुई ओटा छिमेकमै मात्रै अन्तर्राष्ट्रिय सम्बन्धलाई सीमित गर्छौँ भन्ने पनि होइन । विश्वसम्बन्धप्रति हामी सजग छौँ । आजको जमानामा हामीजस्तो मझौला देश, साह्रै सानो हौँ भनेर हीनग्रन्थी पालेर बस्नुपर्ने अवस्था छैन । हामीले असाधारण उपलब्धिहरू हासिल गरेका छौँ । यसबीचमा हामीले जस्तो परिस्थितिको सामना गऱ्यौँ, त्यस परिस्थितिमा जुन असाधारण उपलब्धि हासिल गरेका छौँ, तिनको संरक्षण गर्छौँ । हामी जता जान खोजेका छौँ त्यो बाटो, ती हाम्रा आकांक्षा परिपूर्तिका लागि हामी अरूसँग सहकार्य गर्छौँ । अरूसँग मद्दत पनि लिन्छौँ र अगाडि बढ्छौँ । हामी विश्वशान्तिको पक्षमा, निशस्त्रीकरणको पक्षमा, विकास र समृद्धिको पक्षमा छौँ । तनाव कहीँ नहोओस्, जे हुन्छ वार्ताबाट समाधान होओस् । हामी सधैँ वार्ताको पक्षमा छौँ । जहाँजहाँ वार्ता भैरहेका छन्, समस्या समाधानका प्रयास भएका छन् । जहाँजहाँ तनाव छ, त्यसमा हामी दुःखी छौँ । हाम्रा नीतिहरू स्पष्ट छन् । यसकारण हाम्रो छिमेकसम्बन्ध प्राथमिकताका साथ, सन्तुलित ढंगले, पारस्परिक लाभ र सम्मानका आधारमा अगाडि बढाउँदै छौँ । अन्तर्राष्ट्रिय परिवेशलाई पनि हामी त्यसैगरी जिम्मेवारीपूर्ण ढंगले अगाडि बढाउँछौँ ।

●

वैशाख ३०, २०७५

सन्दर्भ : प्रतिनिधिसभा बैठकमा सम्बोधन

स्वास्थ्य / वातावरण

गुणस्तरमा कुनै सम्झौता हुँदैन

आज हामीले एउटा नयाँ काम थालेका छौँ । त्यो नयाँ कामको शिलान्यास भएको छ । शिलान्यासबाटै काम शुरु हुन्छ । कुनै पनि कुराको निर्माणसम्बन्धी इच्छा, परिकल्पना र लागत अनुमानपछि त्यसले कार्यान्वयनको रूप लिन्छ । शिलान्यास नै त्यसको कार्यान्वयको प्रारम्भिक चरण हो । त्यो चरणबाट अब हामी अगाडि बढ्दैछौँ ।

म यस्ता संस्थाहरूको शुरुआत र विकासको सन्दर्भमा डा. भीष्म प्रसाईलाई सम्झन्छु । पोखरा

क्याम्पस अहिले विश्वविद्यालय भइसकेको छ । जर्ज जोनले शुरु गर्दा त्यहाँ उनले गुन्द्री ओछ्याएर शुरु गरेका थिए । त्यसरी गुन्द्री ओछ्याएर शुरु गरेको पोखरा क्याम्पसलाई कसैले खाट दिए । कसैले डेक्स र बेन्च । केही महीनापछि उहाँ खाटमा सुत्नुभएको थियो । दुईचार वटा डेक्स र बेन्च दिएपछि डेक्स र बेन्चमा पढाइ भएको थियो । कालोपाटीलाई ब्ल्याकबोर्ड भन्दा रहेछन् भन्ने पनि मान्छेले पछिमात्र थाहा पाए । त्यहाँ यसरी पढाइ शुरु भएको थियो ।

कामको शुरुआत यसरी नै हुन्छ । सानो कुराबाट नै शुरु हुन्छ काम । यो संसार धनी भएर आएको होइन, गरीबै थियो । ठूल्ठूला सडक उहिले भएका होइनन् । अहिलेमात्र भत्किएका पनि होइनन् । सडक नभएकै ठाउँबाट हामी आएका हौँ । अब बनाउँदै जान्छौँ । अरू अलि अगाडि गए । हामी अलिकति ढिला भयौँ । ढिला भएपनि केही बनाउनै नसक्ने, अगाडि बढ्नै नसक्ने अवस्थामा हामी छैनौँ । अगाडि बढ्न सकिन्छ । हामी अगाडि बढ्छौँ ।

उहिले थोरै काम हुन्थ्यो तर चर्चा धेरै हुन्थ्यो । अहिले धेरै काम हुँदा पनि र ठूलो काम हुँदा पनि चर्चा हुँदैन । हिजो नर्स थोरै थिए । तीमध्ये फ्लोरेन्स नाइटिङ्गेल बडो राम्रो सर्भिस गर्थिन् । सबैले उनको प्रशंसा गर्थे । कसैले फ्लोरेन्स नाइटिङ्गेलका बारेमा लेख्यो - 'यस्तो पो नर्स हुनुपर्दोरहेछ ।' अब हामीसँग हजारौ नर्स छन्, हजारौँ फ्लोरेन्स नाइटिङ्गेल छन् । कसको चाहिँ प्रशंसामा लेख्ने ? लेख्नेहरू पनि छक्क परे । हामीसँग आविष्कार गर्ने एउटा दुईटामात्र छैनन् । आज मेडम क्युरी एकजना मात्र छैनन् । अहिले विश्व नै आविष्कारमय भएको छ । एउटाले एक चीज आविष्कार गरेको छ भने अर्काले अर्कै चीज । नयाँनयाँ कुराहरू आएका छन् । नयाँनयाँ सोचहरूको, नयाँनयाँ सृजनाहरूको, नयाँनयाँ खोजअनुसन्धानहरूको जमाना हो यो । अलिअलि पुराना कुराहरू पनि छन् । म त्यसमा प्रवेश गर्न चाहन्न । राम्रो चीज फुलोसफलोस भन्छु । तथापि सकेसम्म नयाँतिर जानुपर्छ भन्ने लाग्छ । त्यसो भन्दैमा म दाम्लो चुँडाएर एक्लै कुद्न पनि चाहन्न ।

तर डाक्टरहरूले बिरामीलाई झाँक्रीले निको पार्ने होइन, हामीले निर्को पार्ने हो भनेर भन्नुचाहिँ पर्छ ।

हामीले अत्यन्तै शुभसाइतमा, शुभमुहूर्तमा शिलान्यास गऱ्यौँ तर त्यसपछि काम गरेनौँ भने शुभमुहूर्त जुराइदिने सबै ग्रह-नक्षत्र 'फ्लप' खान्छन् । ग्रह-नक्षत्रलाई आकाशबाट झरेर आउन मिल्दैन, हामी यहाँ काम गर्दैनौँ । हामीले यहाँ काम गर्नुपऱ्यो अनि मात्र हामी अगाडि बढ्न सक्छौँ ।

मुटु रोगको उपचारका क्षेत्रमा डा. भगवान कोइरालाहरूले अनुकरणीय तत्परता लिनुभयो । उहाँले मनमोहन कार्डियोटिक सेन्टर बनाउने मनसाय व्यक्त गर्नुभयो । मलाई सम्झना छ त्यसबेलाका कुरा । मैले उहाँलाई सोधेको थिएँ - 'त्यति कठिन काम गर्न सक्नुहुन्छ ?' उहाँले आँट गर्नुभयो । उहाँले त्यस्तो आँट गरेपछि हामीले पनि उहाँलाई साथ दिने कुरा गऱ्यौँ । उहाँले मनमोहन कार्डियोटिक सेन्टर बनाएरै छोड्नुभयो ।

हामीले नेपालमा प्रतिकूल परिस्थितिमा पनि केही काम गरेका छौँ । २००७ सालदेखि अहिलेसम्म ६७ वर्ष भैसक्यो । ६७ वर्षको समय छोटो समय होइन तर फेरि पनि हामी राजनीतिक उतार-चढावमा अल्झियौँ । लोकतन्त्रलाई विधिको शासनको रूपमा, कानूनी राजको रूपमा, सुशासन दिएर, पारदर्शिताका साथ चलाउनुपर्छ । माथि बस्ने पदाधिकारी भ्रष्ट नभईकन चल्यो भने त्यो अफिस राम्रैसँग चल्नसक्छ । मैले प्रायः पदाधिकारीलाई निर्देशन दिँदा भन्ने गरेको छु - मातहतका मान्छेका नजरमा नगिर्नुस् । त्यति भएपछि कोही भ्रष्ट हुनै सक्दैन, अपवित्र हुनै सक्दैन । म प्रधानमन्त्री छु । म एक्लै घरमा बसेर, योगमा बसेर, भ्रष्ट हुनसक्छु र ? सक्दिनँ नि । अर्कोलाई मिलाउनुपर्छ मैले । कसैलाई लगाउनु पर्छ, कसैमार्फत लिने-दिने गर्नुपर्छ । ठेकेदार, व्यापारी, कमिशनखोर, कुनै एजेण्ट वा कुनै कारोवारीलाई लगाउनु पर्छ । त्यसका लागि मैले मेरो मातहतको मान्छेलाई खटाउनु पर्छ । मातहतको मान्छेले मलाई चिन्छ । त्यस्तो अवस्थामा उसैले 'बाहिरबाहिर ठूला कुरा गर्छ,

भित्र त भ्रष्ट रहेछ नि !' भन्ने गर्छ । मातहतको मान्छेको नजरमा म गिर्छु र भ्रष्ट हुन्छु । त्यसकारण आफूलाई मान-प्रतिष्ठामा राख्ने एउटा सामान्य सूत्र हो - मान्छेको नजरमा गिर्ने काम कहिल्यै नगर्नोस् ।

सफा काम गर्छु भन्ने मान्छे पहिले आफैँ सफा हुनुपर्छ । फोहोर हातले, हिलो लागेको हातले कुनै टेबलको धुलो पुछ्न थालियो भने टेबल सफा हुँदैन । उल्टो टेबल झनै फोहोर बन्नपुग्छ । हातको फोहोरसमेत टेबलमा सर्छ । त्यसैले पहिले त हाम्रा हात सफा हुनुपर्‍यो । म भन्न चाहन्छु - अबको नेपाल स्वच्छ हुन्छ किनभने 'लिडरसिप'लाई केही लिनु छैन । उनीहरू मातहतका मान्छेका नजरमा गिर्दैनन् । नेपालभरिका र दुनियाभरिका मान्छेले सुन्ने गरी सार्वजनिक रूपमा म आँला ठड्याएर भन्न चाहन्छु - 'नो करप्शन' । भ्रष्टाचारमा शून्य सहनशीलता ।

गुणस्तरीय शिक्षा हाम्रो आवश्यकता हो । शिक्षा, स्वास्थ्य क्षेत्रमा हामीलाई कस्तो जनशक्ति, कति चाहिन्छ ? त्यसलाई यकिन गरी योजना बनाउनु पर्छ, पूर्वाधार तयार गरेर अगाडि बढाउनु पर्छ । हामी वस्तुनिष्ठ हुनुपर्छ, भावनमा बगेर हुँदैन । हामीले 'स्पेसिलाइजेशन' गरेका, सुपर 'स्पेसिलाइजेशन' गरेका जनशक्तिको विकास गर्नैपर्छ । मेडिकल कलेजहरूमा खडेबाबा राख्ने प्रचलन सुन्नुभएकै होला । अब त्यो प्रणाली हुँदैन । मेडिकल कलेज चलाउनेहरूलाई म भन्न चाहन्छु - सार्वजनिक गुणस्तरमा कुनै सम्झौता हुँदैन । गुणस्तर कायम भएकै हुनुपर्छ । नजानीकन, नपढीकन सर्टिफिकेट लिएकाले मेरो पेट चिरिदियो भने के गर्ने, गएन जिन्दगी ? एकपटक मरिसकेपछि फेरि फर्किएर आउँदैन । एउटा ट्याब्लेट दिने ठाउँमा अर्को ट्याब्लेट दियो भने के हुन्छ ? फेरि अर्को पटक सिकेर सही ट्याब्लेट देऊ भन्न मिल्छ ? अन्त भए त फेरि राम्रोसँग सिक भने पनि हुन्थ्यो । फूटबल खेलमा एकपटक ठीक ठाउँमा लागेन भनेपनि अर्को पटक राम्रोसँग प्रयास गर्दा ठीक ठाउँमा लाग्छ । तर स्वास्थ्य उपचारका क्षेत्रमा पहिलो पटक नै ठीक ठाउँमा लागेन भने त ज्यान जान्छ । त्यसकारण चिकित्सा शिक्षा र सेवाको गुणस्तरमा सम्झौता हुँदैन । शिक्षा र सेवा दुवै गुणस्तरीय हुनैपर्छ ।

तपाईँहरू चिकित्सा क्षेत्रमा क्रियाशील हुनुहुन्छ, समर्पित भएर लाग्नुभएको छ । म खुशी व्यक्त गर्न चाहन्छु । तपाईँहरूले १३ करोडको निशुल्क उपचार गर्नुभएको छ । म तपाईँहरूलाई धन्यवाद भन्न चाहन्छु । जसले तिर्नसक्छ त्यसले तिर्नुपर्छ । तिर्न नसक्नेलाई छोडिदिनोस् । म मेक्सिकोबाट फर्किँदै गर्दा अमेरिकामा बिरामी परेर एउटा साथीको घरमा पुगेँ । हस्पिटललाई खबर गरियो । हस्पिटलले एम्बुलेन्स पठायो । मलाई भर्ना गरेर उपचार शुरु गरियो । निको हुन केही दिन लाग्छ भनियो । मैले भनेँ - 'मलाई काठमाडौँसम्म पुग्ने गरी उपचार गर्दिनोस्, त्यति भए पुग्छ । काठमाडौँ गएर म उपचार गराउन सकिहाल्छु । यहाँको महँगो उपचारमा मैले खर्चले धान्न सक्दिनँ ।' मलाई काठमाडौँसम्म आइपुग्ने बनाउर्न उनीहरूलाई पाँच दिन लाग्यो । पाँच दिन आइसीयूमा राखेर उपचार गरे । अन्तिममा मलाई सोधे - 'यो उपचार खर्चको जिम्मा कसले लिन्छ ?' मैले भनेँ - 'बिरामी म हुँ । खर्चको जिम्मा लिनुपर्ने मैले नै हो । तर मसँग पैसा छैन, के गर्ने होला ?' केही रकम तिरियो । केही रकम वीमाबाट भयो । थोरै बाँकी रह्यो । जेजस्तो स्थितिमा भएपनि उपचार भने भयो । खर्च छ छैन भनेर उनीहरूले उपचार गर्नुअघि सोधेनन् । उनीहरूले पैसाभन्दा पनि उपचारलाई प्राथमिकता दिए । अस्पतालले म कहाँको, कस्तो मान्छे भनेर मतलब राख्ने । बाटोमा हिँड्ने बटुवा, मेक्सिकोबाट फर्किएर नेपाल जाँदै गरेको, बाटैमा बिरामी परेको । त्यहाँको अस्पतालले पहिला धरौटी राख, नत्र उपचार गर्दिनँ भनेन । टिकट काटियो कि काटिएन, त्यो पनि सोधेन । आवश्यकताअनुसार उसले मलाई पहिले आइसीयूमा लगेर राख्यो र उपचार शुरु गऱ्यो । हिँड्ने बेलामा 'बाँकी खर्चको जिम्मा कसले लिन्छ ?' भनियो । उपचारमा संलग्न एक डाक्टरले भने - 'यो बिल पठाइदिउँला । सक्नुभयो भने तिर्नुहोला, सक्नुभएन भने समस्या भयो, यो चाहिँ सकिनँ भनेर लेखिपठाउनु होला ।' तर त्यसो गरिरहनु परेन । त्यहीँका साथीले जिम्मा लिइदिनु भयो ।

मेरो भनाइको अर्थ हो - 'ट्रिटमेन्ट फस्ट' । अझ इमर्जेन्सी अवस्थामा त अरू कुरा गर्ने स्थिति नै हुनुहुन्न, उपचार नै प्रमुख कुरा हो । अस्पताल उपचारको लागि खोलिएको हो, पैसा धरौटीको लागि खोलिएको हो र ?

पैसा जम्मा गर्न खोलेको हो र ? उपचारका लागि खोलिएको अस्पतालमा त उपचारलाई सबैभन्दा बढी महत्व दिनुपर्‍यो नि । बिरामी गइसकेपछि सबैभन्दा पहिले उपचारकै कुरा आउँछ । एकातिर मान्छे सिकिस्त छ । अर्कोतिर धरौटी छ कि छैन भनेर सोधिन्छ । धरौटी छैन भने भर्ना हुँदैन, त्यसो भए अन्त जाऊ भनिन्छ । अन्तचाहिँ कहाँ जाने ? कहिलेकाहीँ अस्पतालहरूमा यस्ता अप्रिय कुराहरू भएको सुनिन्छ, देखिन्छ । यस्तो परिस्थितिका बीच पनि तपाईँहरूले पैसा तिर्न नसक्नेहरूलाई १३ करोडको निशुल्क उपचार दिनुभएको छ । तपाईँहरूले आफ्नै फार्मेसी राख्नुभएको छ । औषधिहरू पनि दिनुभएको छ । तैपनि यो संस्थाले ६ करोड नाफा गरेको छ । यो तपाईँहरूकै इमानदार मिहिनेत, दक्षता र सेवाको परिणाम हो । तपाईँहरूको यस सेवाको असाधारण अर्थ छ । म तपाईँहरूको यस किसिमको सेवाको प्रशंसा गर्दछु ।

हामी अस्पताल सञ्चालन कसरी हुनुपर्छ भन्ने बुझ्छौँ, व्यवस्थापन कसरी हुनुपर्छ भन्ने बुझ्छौँ, केकस्ता उपकरण, सीप, शिक्षा र उपचारको प्रबन्ध हुनुपर्छ भन्ने पनि बुझ्छौँ । विरामीको उपचार के कसरी गर्ने भन्नेचाहिँ बुझ्दैनौँ । कुन औषधि केका लागि भन्ने बुझ्दैनौँ । विरामीको राम्रोसँग उपचार गर्ने विद्या हामीसँग छैन, तपाईँ डाक्टरहरूसँग मात्र छ । अस्पतालको व्यवस्थापन, अस्पतालले उपलब्ध गराउने सुविधा र डाक्टरहरूको विरामीप्रतिको सेवाजस्ता कुरामा सरकारको प्रत्यक्ष रेख्वदेख्व हुन्छ । सरकारले यसमा पूरा ध्यान दिनेछ ।

अहिलेको सरकार बहुमतको सरकार हो, स्थिर सरकार पनि हो । बहुमत छँदैछ भनेर जेपायो त्यही गर्न पाइँदैन । त्यो छुट कसैलाई छैन । यो बहुमत देशका लागि काम गर्न, जनताप्रति उत्तरदायी भएर काम गर्नका लागि हो । त्यसैले मैले भन्ने गरेको छु - मेरो बाँकी जीवनको हरेक पल यस देशको लागि, यस देशको विकासको लागि, यस देशको समृद्धिको लागि, यस देशका जनताका सुखको लागि समर्पित रहने छ । मेरो बुद्धि, मेरो बर्गत, मेरा हरेक पाइला विकासको बाटोमा, सुधारको बाटोमा, प्रगतिको बाटोमा, देश र जनताको हितको बाटोमा अगाडि बढ्ने छन् ।

देशको अबको बाटो के हो भने हामी हाम्रो समग्र सामर्थ्यलाई अधिकतम रूपमा सदुपयोग गर्छौँ । हामीभित्रको 'पोटेन्सियल'लाई हामी पत्ता लगाउँछौँ । त्यसलाई 'आइडेन्टिफाई' गर्छौँ । त्यसलाई 'एक्सप्लोर' गर्छौँ । जे चाल पाउँछौँ, त्यसको अधिकतम सदुपयोग गर्छौँ । यस सिद्धान्तबाट हामी नेपाललाई विकसित देश बनाउन सक्छौँ । केही वर्षभित्रै हामी देशलाई अल्पविकसितबाट विकासशील देशमा उठाउँछौँ । सबैले महसूस गर्ने गरी काम गर्छौँ ।

मेरो विचारमा देशको विकास भएको हो कि होइन भन्ने कुरा तर्कले सिद्ध गर्ने होइन । विकास त अनुभूतिले चाल पाउने कुरो हो । 'तिम्रो जीवनस्तर उठ्यो' भनेर सरकारले जनतालाई भन्ला । तर जनताले 'म भोकै छु' भन्ने स्थितिमा कसरी विकास भयो भन्ने ? सरकारले 'तिम्रो गरीबी हटिसक्यो' भन्दा नागरिकले 'मैले त लुगा नै लगाउन पाएको छैन' भन्ने स्थितिमा कसरी देशको विकास भइसक्यो भनेर मान्ने ? जनता 'हामीले छोराछोरी पढाउन पाएको छैन' भनिरहेको स्थितिमा सरकारले 'प्रतिव्यक्ति आय धेरै बढिसक्यो' भनेर कसरी भन्ने ? अब तर्कले विकासको दावी गर्ने कुराको काम छैन । तपाईँको खाताको प्रतिव्यक्ति आयले जनताको भोक मर्दैन । त्यसकारण जनताले नै भन्नुपर्‍यो - 'म प्रतिव्यक्ति आम्दानी के हो बुझ्दिनँ, जीडीपी भनेको पनि थाहा छैन तर खान-लाउन पाएँ । उपचार पाएँ । छोराछोरी पढाउन पाएँ । बस्नका लागि छाप्रो पनि थिएन, त्यो पनि पाएँ । अबचाहिँ सुखका दिन शुरु भएजस्तो छ ।'

जब जनताले यसो भन्न थाल्नेछन्, त्यसलाई हामीले देशमा विकास भएको आधार मान्नुपर्छ । त्यही स्थिति नै मुलुकको 'ग्राजुएशन' हो, तथ्यांकको 'ग्राजुएशन' हो, तर्कको 'ग्राजुएशन' हो । एउटा कंगाललाई अर्बपतिहरूसँग मिसाएर सरदर हिसाबमा 'तिम्रो आम्दानी यति भयो, अब तिमी गरीब छैनौ' भनेर बलजफ्ती भन्दैमा गरीबी हट्दैन । हरेक नेपाली, पछाडि परेका हरेक विपन्न परिवार अघिल्लो पंक्तिमा आउनुपर्‍यो । कोही नेपाली भोकै मर्ने स्थिति हुनुहुन्न । गरीबीका कारण कसैले शिक्षा र उपचारबाट वञ्चित हुनुपर्ने स्थिति रहनु हुन्न ।

हामीसँग अठोट छ र आत्मविश्वास पनि छ । त्यसैले हामी आफ्नो देश बनाउन सक्षम छौँ । दुनियाँ अन्धकारमा हुँदा धर्तीको यो भू-भाग ज्योतिर्मय थियो, ज्ञानमय थियो । लिपि यहाँ बन्थ्यो, भाषा यहाँ बन्थ्यो, गीत यहाँ बन्थ्यो र वेदको रचना यहाँ हुन्थ्यो । त्यतिमात्र होइन, आयुर्वेद यहाँ बन्यो, चिकित्साशास्त्र यहाँ बन्यो, औषधि यहाँ चिनियो, उपचार यहीँ शुरु भयो । ओडारबाट मान्छेलाई घरमा ल्याउने काम यहीँ भयो, वस्त्र लगाएर हिँड्नुपर्छ भनेर मानिसलाई यहीँ सिकाइयो, सभ्यता यहीँ सिकाइयो । तर आज हामी आफैँ पछाडि परेका वा पारिएका छौँ । हाम्रो भूमि औषधिमय छ । तर हामी नै उपचारबाट वञ्चित हुनुपरेको छ । हामीसँग उर्वर फाँट र बारीहरू छन् । तर हामी नै भोकै बस्नु परेको छ । अब यस्तो स्थिति रहनुहुन्न । यस्तो स्थितिलाई कायम राख्नुहुन्न, समाप्त गर्नुपर्छ ।

पहिले सबै कुराको शुरुआत यहीँबाट हुन्थ्यो । ज्ञानको ज्योति यहीँबाट बाहिर जान्थ्यो । तर अहिले हामी बाहिरबाट लिँदैछौँ । अब हामी अरूबाट लिने होइन अरूलाई दिने स्थितिमा पुग्नुपर्छ । म आफ्नै भाषामा भन्नेगर्छु - 'हाम्रा विद्वान् पुर्खाका सन्तानहरूमा यसै पनि 'जेनेटिक मेमोरी' असाधारण छ । यो 'जेनेटिक मेमोरी'को अर्थ असाधारण छ । हामी छिटो सिक्न सक्छौँ । त्यही 'जेनेटिक मेमोरी' को जगमा उभिएर हामी देशको उन्नति-प्रगति र समृद्धिमा अगाडि बढ्नसक्छौँ । आज हामीले राम्रो कामको शुरुआत गरेका छौँ । यो काम सफल हुनेछ, अगाडि बढ्ने छ । अगाडि बढ्ने कुरामा कहीँकतै कुनै प्रकारको व्यवधान रहने छैन । व्यवधान आएमा भन्नुहोला, सरकारले त्यसलाई हटाउने छ । 'टिचिङ हस्पिटल' फलोस्-फुलोस् । यसका सबै शाखा फलुन्-फुलुन् । मनमोहन भास्कुलर तथा कार्डियोटिक सेन्टर फलोस्-फुलोस् ।

●

फागुन १८, २०७४

सन्दर्भ : त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, मनमोहन एनेक्स भवन शिलान्यास कार्यक्रम

स्वास्थ्यमा राजनीति गर्न र मुनाफा खोज्न पाइँदैन

वर्तमान परिस्थितिका बारेमा हामी सबैलाई थाहै छ । हामीले अगाडि बढ्नु छ । त्यसका लागि हामीले काम गर्नु छ । अगाडि बढ्नका लागि हामीसँग दृष्टिकोण, संकल्प र एकताबद्ध प्रयास चाहिन्छ । हामीले आफ्नो प्रयासलाई तीब्रताका साथ, कर्तव्य निष्ठताका साथ अगाडि बढाउनु पर्छ । त्यसो गर्नका लागि हामीसँग साधनश्रोत चाहिन्छ । हामीसँग पर्याप्त साधनश्रोत छ त म भन्दिनँ तर गच्छेअनुसार विकासका काम अगाडि बढाउन साधनश्रोत मात्रको कमीले काम रोकिँदैन, रोकिनु हुँदैन । जस्तो -

कर्णाली स्वास्थ्य विज्ञान प्रष्ठिान चलाउन सबैभन्दा पहिला डाक्टर तथा विज्ञहरू चाहिए, स्पेसिलाइजेशन वा सुपरस्पेसिलाइजेशन गरेका विद्वान् एवम् व्यवस्थापनका राम्रा व्यक्तिहरू चाहियो ।

नेपालमा डाक्टरहरू पर्याप्त छैनन् । यहाँ डाक्टर नभएको पैसा नभएर होइन । पैसा मात्रैले पनि सबै कुरा हुने रहेन छ । पैसा नभएर डाक्टर नभएको हो र ? 'भिजन'देखि साधनश्रोतसम्म आवश्यक छ । मुख्य कुरा त हामी देशका लागि केही गर्छौँ भन्ने भावना चाहियो । हामीले अरूबाट सिक्नुपर्छ । एउटा झार विशेषको अध्ययन गर्न एउटा अनुसन्धाताले आफ्नो जिन्दगी खर्च गरेको हुन्छ । तब न त्यो 'रिसर्च' वास्तवमा 'रिसर्च' हुन्छ, न त्यो अनुसन्धानको महत्व हुन्छ । पोखरामा क्याम्पस खोल्ने प्रोफेसर जर्ज जोनले सुविधासम्पन्न ठाउँमा, सुविधासम्पन्न कलेज खोल्न चाहेको भए पनि पाउँथे । तर उनले कुनै कलेज नभएको ठाउँमा आएर २०१८ सालमा पोखरामा कलेज खोली त्यसैलाई आफ्नो कर्मथलो बनाए । आज पोखरामा पोखरा कलेज, पोखरा क्याम्पस हुँदै अब विश्वविद्यालय, मेडिकल कलेजहरू छन् । पोखरा शिक्षाको एउटा केन्द्र बनेको छ ।

हामी कसरी देश बनाउँछौँ, कसरी देशमा परिवर्तन ल्याउँछौँ भन्ने 'भिजन' जरुरी छ । त्यस 'भिजन'लाई अठोटमा बदल्नुपर्‍यो, कार्यक्रममा बदल्नुपर्‍यो, नीतिमा सामेल गर्नुपर्‍यो । हामीलाई साधनश्रोतको आवश्यकता पर्छ । साधनश्रोत सबै मिलेर जुटाउन सकिन्छ । आफू जिम्मेवारीबाट पन्छिँदा हामी जहाँ छौँ, त्यहीँ हुन्छौँ । त्यसमा केही पनि परिवर्तन आउँदैन । हामीले यस कुरामा ध्यान दिनुपर्छ ।

अहिलेसम्म यस स्वास्थ्यविज्ञान प्रतिष्ठानका सम्बन्धमा राम्रा कामहरू भएका छन्, नराम्रा कामहरू पनि भएका होलान् । नेपाल सरकारको तर्फबाट, सिङ्गै नेपाली समाजको तर्फबाट यहाँका स्थानीय जनतालाई म हार्दिक धन्यवाद दिन चाहन्छु । दान भनेको भावनाको कुरो हो । सम्पत्ति धेरै हुँदैमा मात्र दान गरिन्छ भन्ने छैन । पैसा भएका, जमीन

भएका, धन-सम्पत्ति भएका थुप्रै मान्छे हुन्छन् तर सबैले मन फुकाएर दान गरेका हुँदैनन् । जुम्ला उपत्यका धेरै ठूलो उपत्यका होइन । यहाँ धेरै जमीन पनि छैन । हुम्लाका, डोल्पाका सदरमुकाम भन्दा यो अलिकति फराकिलो र अलिकित सुगमचाहिँ छ । तर यसको अर्थ यो पनि कुनै ठूलो ठाउँचाहिँ होइन । यस्तो ठाउँमा पनि सयौँ बिगा जमीन संस्थालाई दान गर्ने दानवीरहरू, स्वेच्छाले दान गर्ने दानवीरहरू निस्कनु भएको छ । यो साधारण कुरा होइन । म उहाँहरूको यस कर्मलाई प्रशंसा गर्न चाहन्छु । यति सानो ठाउँमा पनि उहाँहरूले झण्डै १५ सय रोपनी जग्गा दान गर्नुभएको छ । यो अत्यन्तै प्रशंसायोग्य कुरा हो । यहाँका जनताले शिक्षाप्रेम, स्वास्थ्यप्रेम, विकासप्रेम मात्र प्रस्तुत गर्नुभएको छैन, त्यस प्रेमका लागि कुराबाट होइन कामबाटै, उदात्त भावनाबाटै अग्रसरता लिनुभएको छ ।

प्रतिष्ठानमा कहिलेकाहीँ नराम्रा काम पनि भएका छन् । काम कम, खिचातानी बढी हुने गरेको पाइन्छ । स्वास्थ्य संस्थामा त्यस्तो हुनु शोभनीय कुरा होइन । काममा रुचि नहुने, अरू कुरातिर रुचि बढ्दै जाने प्रवृत्ति राम्रो होइन । त्यस्तो प्रवृत्तिलाई तत्कालै हटाएर संस्थालाई अगाडि बढाउनु पर्छ । काम छोडेर अरू कुरामा रुचि राख्ने समय अब सकियो ।

हामी सबैको जिम्मेवारी हो - देशको विकास गर्नु छ, देशलाई अगाडि बढाउनु छ । अब हामीले यस्ता संस्थाहरूमा राजनीति वा मुनाफा कुनै पनि हिसाबले काम गर्नुहुन्न । हामी राजनीति वा राजनीतिक मुनाफाको लागि यस्ता संस्थामा काम गर्दैनौँ । स्वास्थ्यसंस्था भनेका सेवाका संस्था हुन् । सेवाको काममा मुनाफाको कुरा गर्न मिल्दैन । मुनाफा कमाउने उद्देश्यले काम गर्न पनि मिल्दैन । म भन्छु - अब यस्ता स्वास्थ्य संस्थाहरूमा राजनीति गर्न पनि पाइँदैन र मुनाफा खोज्न पनि पाइँदैन । त्यो संकल्प हामी सबैमा हुनुपर्छ । हामीले यस्ता संस्थालाई साझा सम्पदाको रूपमा लिएर काम गर्नुपर्छ । सञ्चालनको क्रममा, संरक्षणको अभावमा कहिले भवनमा आगलागी हुने, कहिले चर्किने-

भत्किने जस्ता घटना तपाईँहरूले ब्यहोर्नु पर्‍यो । यी सबै कुराहरूबाट हामीले संस्थालाई बचाउनु पर्छ । सम्पत्ति जति भएपनि यसलाई हामीले रक्षा गर्न सकेनौँ भने, उपलब्धि जति भएपनि ती उपलब्धिको रक्षा गर्न सकेनौँ भने अथवा उपलब्धि प्राप्त गर्नका लागि सामूहिक संकल्पका साथ अगाडि बढ्न सकेनौँ भने या त उपलब्धि प्राप्त हुँदैन, भयो भने पनि समाप्त हुन्छ । उपलब्धि नोक्सान भयो वा समाप्त भयो भने त्यसले जनतामा निराशा पैदा गर्छ ।

यहाँ प्रस्तुत प्रगति प्रतिवेदन, समीक्षा आदिमा सर्सरी दृष्टि लगाउँदा तपाईँहरूले गरेको प्रगतिलाई साधारणतया सन्तोषजनक ठान्न सकिन्छ । स्वास्थ्यविज्ञानको क्षेत्रमा यस प्रतिष्ठानलाई अध्ययन प्रतिष्ठान तथा अध्ययन अनुसन्धान केन्द्रको रूपमा क्रियाशील बनाई यसको शाखा पनि विस्तार गर्न सकिन्छ । यसको शाखाले उपचार केन्द्रका साथसाथै जनतालाई निरोगी बनाउने ध्येयसाथ आरोग्य केन्द्र पनि सञ्चालन गर्नसक्छ । राम्रो हावापानी, राम्रो बातावरण भएका ठाउँमा मान्छेलाई उसको दिनचर्यामा परिवर्तन ल्याउने, उसको मानसिकतामा परिवर्तन ल्याउने, उसको खानपानमा परिवर्तन ल्याउने, उसका गतिविधिमा परिवर्तन ल्याउने जस्ता कुराहरूबाट आरोग्यता प्राप्त गर्ने वा आरोग्य कायम राख्ने, प्रतिरोधात्मकभन्दा निरोधात्मक ढंगले बिरामी हुनै नदिने, सामान्य बिरामी भयो भने त्यसलाई सामान्य उपचार विधिबाटै समाधान गर्ने गर्न सकिन्छ । यस सन्दर्भमा पहिला आरोग्य केन्द्र स्थापन गरी पछि उपचार केन्द्रको रूपमा विस्तार गर्न सकिन्छ । पर्यटकहरू आरोग्य केन्द्रहरूमा बस्न र स्वास्थ्यलाभ गर्न रुचाउँछन् पनि किनभने यहाँको हावापानी स्वच्छ छ ।

अहिले नेपाल भनेपछि काठमाडौँ बुझ्ने, नेपाल भनेपछि धुवाँ बुझ्ने, नेपाल भनेपछि धुलो बुझ्ने भइरहेको छ । तर हामी चाहन्छौँ, त्यहाँ पनि वातावरण मैलो र हानिकारक नहोस् । विकास निर्माणसित जोडिएर आएको प्रदूषण कम गर्न त्यहाँ पनि काम भइरहेको छ । यता, मज्जाले सास फेर्दा पनि कीटाणु फोक्सोमा पस्दैन । घण्टौँ सास

फेर्दा पनि धुलोको कण पस्दैन । यो त्यस्तो ठाउँ हो । यस्तो ठाउँलाई धेरै हिसाबले अगाडि बढाउन सकिन्छ भन्ने मलाई लाग्छ । हामीले कतिपय ठाउँमा देखेका छौं - मेडिकल कलेजहरूले पढाउने ठाउँमा विभागीय विशेषज्ञ नै हुँदैन । नेपालमा खडेबाबा भन्ने चलन छ, कतिपय ठाउँमा विशेषज्ञलाई ल्याएर उभ्याउने र देखाउने गरिन्छ । सर्टिफिकेट हेऱ्यो भने भव्य हुन्छ । मेरो बुवाकै पालामा पढेको मान्छे, उसैबेला अक्सफोर्ड, क्याम्ब्रिज, कहाँकहाँ पढेर राम्रै सर्टिफिकेट ल्याएको हुन्छ । तर सर्टिफिकेट उस बेलाको हो । उहाँहरू सबै अहिलेको ज्ञानसँग अद्यावधिक हुनुहुन्न । उहाँहरूलाई न अहिलेको कम्प्युटर थाहा छ, न अहिलेको इन्टरनेट वा अहिलेको स्वास्थ्यसम्बन्धी उपलब्धि थाहा छ । यो मोवाइलमा नम्बर सेभ गरिदेऊ भनेर नातिनीलाई भन्नु पर्छ, त्यो खडेबाबाले । के गर्नु हुन्छ सर्टिफिकेटले ? त्यसकारण आज हामीले जमानाअनुसार अत्याधुनिक प्रविधिसित परिचित हुन ढिला भइसक्यो । चिकित्सा विज्ञान, शैक्षिक प्रविधि, टिचिङ मेथोडलोजी आदि कुराहरू समेतमा हामी सबै अद्यावधिक हुनु आवश्यक छ ।

हामीले अब जाँचको पनि तरिका फेर्नुपर्छ ।१२ कक्षाको 'म्याथ' को जाँच लिनु छ भने जाँचकी 'टिचर' लिएर जानोस् । जाँचकीले भनेअनुसरा प्रत्यक्ष रूपमा विद्यार्थीलाई पढाउन लगाउनोस् । पढाउनसक्यो पास, सकेन अर्को एक वर्ष तयारी गर्न लगाउनोस् । नराम्रो नमान्नु होला, ४० अंक ल्याएर पास हुने अनि पढाउनेले ६० आउने गरी के पढाउला ? उसले जानेको छ ४० अंक बराबर, अर्कोलाई ल्याउनु पऱ्या छ ६० अंक बराबर । यस्तो नमिल्दो कुरालाई मिलाउनेतिर पनि हामीले सोच्नुपर्ने भएको छ । गुणस्तरीय शिक्षा भनेको आजको दुनियाँमा प्रतिस्पर्धा गर्ने शिक्षा हो । त्यो प्रतिस्पर्धामा पनि हामी अगाडि हुनुपर्छ ।

हामी यस ठाउँलाई एजुकेशन हब, हेल्थ हब बनाउन सक्छौँ । आरोग्य र उपचारसँगै अघि बढाउनु पर्छ । आरोग्य शब्द मेडिकल साइन्समा प्रयोग गरिने शब्द 'प्रिभेन्टिव' भन्दा पनि परिष्कृत शब्द हो । यो पूर्वीय विद्याको द्योतक हो ।

प्रतिष्ठानको निर्णयको सवालमा लेखेर पठाउनोस् । सरकारले केके कदम चाल्नु पर्दछ, शिक्षा तथा स्वास्थ्य मन्त्रालयले केके काम गर्नुपर्छ, त्यसका लागि म सहजीकरण गर्छु । यो संस्थालाई योजनाबद्ध ढंगले कसरी अगाडि बढाउने ? स्पष्ट योजना र अलि ठूलो 'टार्गेट' राखी अघि बढाउनोस् । सरकारले तपाईँहरूलाई सहयोग गर्ने छ ।

●

वैशाख १, २०७५

सन्दर्भ : जुम्ला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सिनेट बैठक

हरियाली बढाऔँ – वातावरण सपारौँ

आज जुन ५ तारिख, विश्व वातावरण दिवस । वातावरणका सन्दर्भमा नेपाल सरकारका दृष्टिकोणहरू, हाम्रा प्रयासहरू, हामीले लिनुपर्ने बाटो आदिका बारेमा विस्तृतमा सरकारका दृष्टिकोणहरू प्रस्तुत गर्ने काम हामीले गर्दै आएका छौँ । हामी एउटा नेपालीले एक वर्षमा कम्तीमा पनि एउटा फलफूलको विरुवा रोप्नुपर्छ भन्ने अभियानमा छौँ । आज हामी कम्तिमा एक लाख विरुवा रोप्छौँ र वर्षभरिमा धेरै करोड विरुवा रोप्ने हाम्रो योजना हो ।

हाम्रो देश प्रकृतिले नै हरियालीयुक्त देश हो । वातावरणका दुइटा मुहान छन् - एउटा हिमाल अर्को समुद्र । त्यसमध्ये हामीसित समुद्र छैन । समुद्रभन्दा केही मिटरमाथिको गहिरो भूभाग हामीसँग छ । हामीसँग हिमाल छ । उच्च हिमालहरू र पहाडको असाधारण महत्व छ । हामी गर्व गर्छौं - प्रकृतिले हामीलाई हरियालीपूर्ण वातावरण दिएको छ । प्रकृतिले जलचर, थलचर सबै जीवहरूका र वनस्पतिका लागि यो देशलाई जीवनमय देशको रूपमा बनाएको छ । यस्तो वातावरणलाई बिगार्न नदिईकन यतिबेला हामी विकासका अभियानहरूमा जुट्न लागिरहेका छौं । हामी सुशासन र विकासको मार्गमा अगाडि बढेका छौं । हामी 'समृद्ध नेपाल - सुखी नेपाली' को लक्ष्यमा पुग्न चाहन्छौं । त्यसो गरिरहँदा वातावरणीय सन्तुलन, पर्यावरणीय सन्तुलन, वातावरणको सुरक्षा र संरक्षण, हरियाली र हाम्रो अन्तर्राष्ट्रिय उत्तरदायित्वलाई समेत पालना गर्नुपर्ने हुन्छ । विश्वमा धेरै मरुभूमिका देशहरू छन् । त्यहाँ अक्सिनज उत्पन्न हुँदैन । त्यहाँ पनि हामीले नै अक्सिजन उत्पन्न गरेर पठाउनुपर्छ । हस्पिटलहरूमा अक्सिजन सिलिण्डरमा पठाउने गरे पनि वातावरणमा सिलिण्डरबाट पठाउनु पर्दैन, हावाले आफैँ लैजान्छ । हामीसँग ४५ प्रतिशत वन क्षेत्र छ, ४५ प्रतिशत वन क्षेत्रलाई अब हामी वन क्षेत्रमा सीमित राख्ने होइन, वन नै बनाउँछौं ।

हामीसँग मूलतः दुई प्रकारका वन हुनेछन् । एउटा प्राकृतिक वन, अर्को सामुदायिक वन । यसलाई हामी कबुलियत वनको रूपमा उपयोग गरिरहेका छौं जसलाई हामी एउटा चक्रमा रोप्ने, हुर्काउने, बढाउने, कटान गर्ने, उपयोग गर्ने गरिरहन्छौं । यो बेग्लै उपयोगको वन हो । केही वन प्राकृतिक वन, जसको लडापडा पनि हामी उठाउँदैनौं । लडापडा पनि किन उठाउँदैनौं भने हामीले लगाएका चक्रीय वनमा धमिरा लाग्ने काठै हुँदैन । धमिरालाई नेपालको नागरिकता दिएको हुँदैन । तैपनि तिनीहरू नेपाली धमिरा हुन्, नेपालका वनमा हुर्किएका धमिरा । त्यहाँ कीराफट्यांग्रा होलान्, नागरिकता माग्दैनन् भने पनि ती नेपाली नै हुन् । तिनले पनि यस धर्तीमा उम्रिन पाउनुपर्छ, बँच्न-बाँच्न पाउनुपर्छ, खेल्न पाउनुपर्छ । त्यसकारण प्राकृतिक वन लडापडा पनि नउठाउने गरी केही वनहरू हामी सुरक्षित राख्छौं, यो प्राकृतिक वन । यसको अर्थ इको

सिस्टमसँग सम्बन्धित छ । पर्यावरणीय सन्तुलन र विभिन्न जीवहरूको रक्षा, विभिन्न वनस्पतिको रक्षासँग सम्बन्धित छ । हामीले लगाएका वनहरूमा ती विविधता हुँदैनन्, जो प्राकृतिक वनमा हुन्छ । त्यसकारण एउटा प्राकृतिक वन, जसलाई हामी निश्चित रूपमा ठाउँ तोकेर गर्छौं । अर्को एक ढंगले भन्ने हो भने चक्रीय प्रणालीमा हामीले लगाउँदै जाने, प्रयोग गर्दै जाने, हुर्काउँदै, प्रयोग गर्दै फेरि लगाउँदै हुर्काउँदै जाने त्यो आधुनिक वन हो । त्यसले वातावरण संरक्षणका साथै अरू प्रकारका आम्दानी पनि गर्छ । प्रकृति नमिल्दो, निरर्थक वन हामी लगाउँदैनौं । काठमाडौं वा अन्य शहरबजारमा मान्छेले महँगा घडेरीहरू किन्छन् अनि कहाँबाट सल्लाको विरुवा ल्याएर रोप्नु ? फलफूल रोप्यो भने कमसेकम केटाकेटीले त खान्छन् । केटाकेटीले नखाए चराले खान्छ । चराले पनि नखाए मुसाले खाला । केही न केहीले त खान्छ ।

हामीले थाहा पाउनु पर्दछ यो देश पुतलीहरूको पनि देश हो, यो देश मौरीहरूको पनि देश हो । मौरीले पनि यहाँ रस तान्न पाउनुपर्छ । यो देश सबैका लागि हुनुपर्छ । त्यसकारण जीवजन्तु, केटाकेटी सबैलाई हुने, हाम्रो आम्दानीको श्रोत बन्नसक्ने फलफूल एउटा विशेष आइटम हुनसक्छ । थुप्रै देशमा आँप हुँदैन, लिची हुँदैन । कति देशमा फलफूल नै हुँदैन । कति देशमा रुखविरुवा नै हुँदैन । त्यस्ता देशहरूमा निर्यात गर्नसक्छौं । हामी सन्तुलित खानपिनको कुरा गर्छौं । हाम्रा बालवालिकाको कुपोषण हटाउनको लागि, फलफूल र तरकारीलाई भोजनको अनिवार्य अंग बनाउनको लागि यो जरुरी छ । त्यसकारण हामी फलफूलमय देश बनाऔं, हरियालीमय देश बनाऔं । फलफूलमय नेपाल, हरियालीमय नेपाल, यो बाटो हाम्रो हुन्छ । यस दिशामा हामी सबैले सचेत ढंगले योगदान गर्नुपर्छ । अन्त्यमा म सबैसँग आग्रह गर्न चाहन्छु - वन जोगाऔं - वन बढाऔं, फलफूल लगाऔं - हरियाली बढाऔं, आम्दानी पनि बढाऔं । सारमा म भन्न चाहन्छु : हरियाली बढाऔं - वातावरण सपारौं ।

●

जेठ २२, २०७५

सन्दर्भ : वातावरण दिवस

कला / संस्कृति

कला र ज्ञानको भूमि

नेपाल कला र ज्ञानको भूमि हो । यहाँ उहिल्यै कलाको उत्पत्ति भएको थियो । उहिल्यै ज्ञानको बीजारोपण भएको थियो । ज्ञान, कला र खोज-अनुसन्धानका कुरा गर्दा हामी पहिलेदेखि नै अगाडि थियौँ । कला, अभिनय, संगीत र साहित्यको उत्पत्ति भएको ऐतिहासिक भूमि नै यही हो । अन्वेषक, अनुसन्धाता, सर्जकहरूले जन्म लिएको ठाउँ हो यो । विद्वान्हरू जन्मिएको टाउँ हो यो । संगीत सिर्जना गर्ने, संगीतका सप्तस्वर आरम्भ गर्ने, साहित्यका नवरस सिर्जना गर्ने भूगोल यही

हो । अभिनय कला, कलात्मकता, कलाकारिता यी सबै यसै भूभागबाट शुरु भए । यसैकारण पनि यो पुण्यभूमि, तपोभूमि, ज्ञानभूमि, देवभूमिको रूपमा कहलिएको हो ।

ज्ञानभूमिको अर्थ हो कला, संस्कृति, साहित्य, सभ्यताको केन्द्र । अन्तरिक्ष कसले पत्ता लगायो ? आकाश सबैले देख्थे तर नक्षत्र के हुन्, तिनको गति के छ ? जीवनमा तिनको प्रभाव के छ ? यो कुरा हाम्रा पुर्खालाई थाहा थियो किनभने उनीहरूले ग्रह नक्षत्र गनेका थिए । उनीहरूले गति हेरेका थिए । दुनियाका प्रसिद्ध साहित्यकारले लेख्नुभन्दा अगाडि नै कालिदासले मेघदूत, अभिज्ञान शाकुन्तलम्जस्ता कृति लेखेका थिए । गंगाका तट, वागमतीका तट, कोशीका तटहरूमा वेदका ऋचाहरू तयार हुन्थे । ती स्थानमा ध्यान हुन्थ्यो, तप हुन्थ्यो र ज्ञान प्राप्त गर्ने कोशिश हुन्थ्यो ।

दुई वर्पअगाडि प्रधानमन्त्री भएर भारत जाँदा मैले बम्बैमा भारतीय सिने कर्मीहरूसँग एउटा भेटघाटको मेसो मिलाएँ । मैले उहाँहरूलाई भनेँ - 'अरू देशतिर तपाईँहरू रमाइलो गर्न जानुहुन्छ भने केही छैन तर सुन्दर फिल्म सुटिङ गर्ने हो भने तपाईँहरू नेपालमा आउनोस् । नेपालमा नआएर अन्त कता जानुहुन्छ ?' मैले उहाँहरूलाई भनेँ - 'कला प्रकृतिबाट प्रभावित हुनुपर्छ । प्रकृतिले अंकमाल नगरेको कला कलाजस्तो हुँदैन । चलचित्रमा झन् त्यो आवश्यक छ ।'

चलचित्रमा अभिनयसँगसगै व्याकग्राउण्डतिर पनि मान्छेको ध्यान जान्छ । साँच्चै नेपाललाई प्रकृतिले साथ दिएको छ । नेपाल चलचित्र सुटिङको केन्द्र (हब) पनि हुनसक्छ । प्रकृतिको सुन्दर काखमा कलाको सिर्जना हुनसक्छ । त्यो सुन्दर काख भनेको नेपाल हो ।

चलचित्र उद्योगलाई अगाडि बढाउने सवालमा मेरो ध्यान गएको छ । विकास र समृद्धिको कुरा गरिरहेको अवस्थामा अहिलेको सरकार देशका सम्पूर्ण क्षेत्र र विधाको विकासमा योजनाका साथ अगाडि बढ्दैछ । कसैले साहित्य-कलाका क्षेत्रमा गरेको लगानीलाई अनुत्पादक

भन्नसक्छ । तर सामजिक शिक्षा, जागरण र परिवर्तनको उद्घोष गर्ने प्रभावकारी माध्यम भनेकै साहित्य र कला क्षेत्र हुन् । मनोरञ्जन आफैँमा महत्वपूर्ण विषय हो । कलामा मनोरञ्जनमात्र हुँदैन सूचना, शिक्षा, जागरण र सामाजिक परिवर्तनका सन्देश पनि हुन्छन् भन्ने कुरालाई हामीले बिर्सिनु हुँदैन ।

कलाकारिता वा चलचित्र क्षेत्रको कुरा गर्दा हामीले धेरै बहकिनु जरुरी छैन । हामीले कस्तो चलचित्र बनाउनुपर्ला ? तपाईँहरूका भनाइअनुसार कथाले मागेअनुसार बनाउनुपर्‍यो । तर म भन्छु समयले मागेअनुसार, देशले मागेअनुसार, समाजको आवश्यकताअनुसार चलचित्र बनाउनोस् । परिवर्तनका लागि जस्तो माग छ, त्यस्तै चलचित्र बनाउनोस् । त्यसमा चाहिँ 'ग्ल्यामर' हुँदैन र ? देशले नमागेको कथामा 'ग्ल्यामर' पस्कियो भने कस्तोकस्तो लाग्छ । त्यसकारण मेरो आग्रह के छ भने देशले मागेअनुसार, समयले मागेअनुसार कथा बनाउनोस्, अनि त्यही कथाले मागेअनुसार चलचित्र बनाउनोस् । त्यसमा सरकारले पनि सहयोग पुर्‍याउँछ ।

हामीसँग साधनको सीमितता छ । यसो पनि गर्छु, उसो पनि गर्छु भनेर म भन्न चाहन्नँ । तापनि सरकार कला र कलाकारिताको विकास र संरक्षणप्रति गम्भीर छ । चलचित्रको विकासमा सहयोग पुर्‍याउने कुरामा सरकारले कुनै कञ्जुस्याइँ गर्ने छैन ।

यसबेला देशको अर्थतन्त्रको अवस्था उत्साहजनक नभएको मात्र होइन, अत्यन्तै प्रतिकूल छ । यस प्रतिकूल अवस्थामा पनि हामी अगाडि बढ्नु जरुरी छ । म यति भन्नसक्छु - हाम्रा सामजिक जीवनका सम्पूर्ण क्षेत्रहरूको विकास हुनुपर्दछ । त्यसभित्र साहित्यको क्षेत्र, कलाको क्षेत्र, कलाभित्र पनि संगीत, चलचित्र, अभिनय आदि क्षेत्र पर्छन् । अभिनयलाई उपयुक्त ढंगले प्रस्तुत र परिमार्जित गर्दै लानुपर्ने आजको हाम्रो आवश्यकता हो भन्ने मलाई लाग्छ । हाम्रा कलाकारहरू ओस्कार प्राप्त गर्ने ठाउँमा पुग्न धेरै ढिलो हुनुपर्ने कारण देख्दिनँ । मैले अघिनै पनि भनेँ हामीसँग साधनश्रोतको कमी छ । अन्यथा सुन्दरताको हिसाबले

संसारमा नेपाली जति सुन्दर कोही छन् र ? यसको अर्थ अरू असुन्दर हुन्छन् भनेको होइन । त्यो त शास्त्रमा प्रयोग हुन्छ । उहिले शास्त्रमा हेर्नुभयो भने पनि त्यहाँ मेनका, उर्वशी जस्ता सुन्दरीहरू पाउनुहुन्छ । त्यस्ता सुन्दरी अरू कुन शास्त्रमा, कहाँ छन् ? हाम्रोमा छन् । कृष्ण भनेपछि मानिसहरू कति हुरुक्कै हुन्थे, राम भनेपछि कति हुरुक्कै हुन्थे ? यो त 'ह्याण्डसम' हरूको देश हो । सुन्दर जनताको देश हो । यस ठाउँमा अलिकति कला परिष्कृत गरिदिएपछि निर्णायकले पनि कायल हुनुपर्छ । तसर्थ म चाहन्छु हामीले आफूलाई कलात्मक ढंगले प्रस्तुत गरौँ, आत्मविश्वासका साथ अगाडि बढौँ ।

चलचित्र उद्योगलाई अगाडि बढाउन साथीहरूले जे गरिरहनु भएको छ, त्यसका निम्ति म धन्यवाद भन्न चाहन्छु । गीत-संगीतका क्षेत्रमा पनि राम्रै काम भइराखेको छ । कलाकार साथीहरूले धेरै योगदान गर्नुभएको छ । तपाईँहरू प्रशंसायोग्य हुनुहुन्छ । तपाईँहरूले हामीलाई पनि ऋण लगाउनु भएको छ । तपाईँहरू गीत बनाउनु हुन्छ, संगीत भर्नुहुन्छ र मीठो स्वरमा गाउनु हुन्छ । तर कहाँ, कसले सुन्यो भन्ने थाहा पाउनुहुन्न । हामी सुनिराखेका हुन्छौँ, आनन्द लिइराखेका हुन्छौँ । यसरी तपाईँहरूले गुन लगाउनु भएको छ । तपाईँहरूले लामो समयसम्म अभ्यास गरेर, पसिना बगाएर एउटा प्रस्तुति तयार गर्नुहुन्छ । हामी ती प्रस्तुति आरामले हेरेर मनोरञ्जन लिइराखेका हुन्छौं । त्यसैले तपाईँहरूले हामीलाई गुन लगाउनु भएको छ ।

नेपाली चलचित्र र नेपाली कलाकारिताको विकासका लागि तपाईँहरू लाग्नुभएको छ । तपाईँहरूको समर्पणले नेपाली चलचित्र र कलाकारितालाई अझै परिष्कार गर्ने छ, अझै सफल बनाउने छ । तपाईँहरूको सफलताको अभियान अगाडि बढिरहोस् ।

●

चैत्र १६, २०७४

सन्दर्भ : चलचित्र-अभिनय पुरस्कार वितरण कार्यक्रम

निरन्तर बगिरहेको नदीजस्तो

हामी सबैले हृदयदेखि नै अत्यन्तै आदर गर्ने, अत्यन्तै माया गर्ने र हामी सबैका सम्मानका पात्र हुनुहुन्छ वरिष्ठ जनगायक रामेश । युगीन आवाजको प्रतिनिधित्व गर्ने उहाँ युग गायक हुनुहुन्छ । त्यस्तै, उहाँकै पुराना सहयात्री मञ्जुल र रायन पनि हामी सबैका त्यत्तिकै सम्मानका पात्र हुनुहुन्छ ।

हामी जनगायक रामेशलाई अभिनन्दन गर्न यहाँ उपस्थित भएका छौँ । अभिनन्दन पत्रमार्फत् उहाँलाई हामी सबैले साझा अभिनन्दन गरेका छौँ ।

मलाई लाग्छ - हामीमार्फत आज देशले उहाँलाई अभिनन्दन गरेको छ । हामीमार्फत नै नेपाली जनताले उहाँको अभिनन्दन गरेका छन् ।

रामेशलाई मैले देखेदेखि अहिलेसम्म एउटा आदर्श-स्तम्भको रूपमा बुझेको छु । उहाँलाई देख्दा निरन्तर बगिरहेको नदीजस्तो लाग्छ । उहाँ निरन्तर बगिरहने नदीजस्तै हुनुहुन्छ । मैले सानो हुँदा देखेको नदी अहिले देख्दा पनि उस्तै बगिरहेको छ । कहिलेकाहीँ मौसमअनुसार छालसहित बग्छ, कहिले अलि शान्त बग्छ । रामेशका बगाइहरू पनि कहिले अलि ठूला छालका रूपमा, कहिले अलि सानो छालका रूपमा र कहिले शान्तभावमा प्रवाहित भएको देखेको छु ।

यस समारोहमा म आउँदा उहाँले जुन गीत प्रस्तुत गर्दै हुनुहुन्थ्यो त्यो सुन्दा मैले आफ्नो जेल जीवन सम्झिएँ । जेलमा त्यो गीत हाम्रा लागि अत्यन्तै प्यारो थियो । हामीलाई रासन बापत दैनिक ७५ पैसा दिइन्थ्यो । उसिनेको कुहिएको चामल दिइन्थ्यो । अत्यन्त अमानवीय व्यवहार थियो, अत्यन्तै प्रतिकूल वातावरण थियो । बाँच्ने आशाको एउटै त्यान्द्रो हाम्रो आदर्श थियो, हाम्रो आस्था थियो । 'हामी जित्ने छौँ एकदिन' भन्ने विश्वास थियो । गीत गाउन जाने पनि, नजाने पनि हामी सबै त्यो गीत गाउँथ्यौँ । ती दिनहरू सम्झिँदै जाँदा अलिक अगाडि म फर्किएँ । गोपालप्रसाद रिमाल, गोकुलप्रसाद जोशी र अरू अगुवाहरूले उठाएका साहित्यलाई राल्फाहरूले नेपालमा साहित्य तथा संगीतको माध्यमबाट संगठित रूपमा विद्रोही आवाज दिएका थिए । हामीले झापाबाट आन्दोलन शुरु गर्न थाल्यौँ । आन्दोलन गर्नका निम्ति जेजे साथमा थियो त्यो लिएर जुट्नु पर्दथ्यो । हामीले गीत त लेखेनौँ तर बोध भयो - जे छ त्यो लिएर उठ्नुपर्छ । मान्छेलाई जगाउनको लागि कला चाहिन्छ, संगीत चाहिन्छ, सबै चीज चाहिन्छ । तर त्यसबेला हामीसँग जनता जगाउने खालका गीत थिएनन्, संगीत थिएन । अलिअलि लव प्रधान, जेवी टुहुरेहरूले मोरङको मधुमल्लाबाट शुरु गर्न खोज्नुभएको थियो । २०२६ सालमा म उहाँहरूलाई भेट्न मधुमल्ला गएको थिएँ । त्यहाँ उहाँहरू पढाउँदै हुनुहुन्थ्यो । उहाँहरू गीत रचना गर्ने, संगीत भर्ने, गाउने र त्यसलाई फिँजाउने काम पनि गर्दै हुनुहुन्थ्यो । हामीले कम्युनिष्ट आन्दोलनलाई एकीकृत गरेर अगाडि बढाइरहँदा राल्फा समूहका गीतहरू

पनि सुन्यौँ । हामी ती विद्रोही गीतलाई असाध्यै मन पराउँथ्यौँ । राल्फा समूह राजनीतिक दिशा नभएको समूह हो भन्ने कुरा त छँदैथियो ।

२०२८ सालको शुरुमा हामीले एउटा पत्रिका निकाल्यौँ 'झम्पल' । पहरो फोर्नु छ, त्यसकारण हामीलाई 'झम्पल' चाहिन्छ भनेर त्यस पत्रिकाको नाम राखिएको थियो । 'झम्पल'मा हामीले पनि लेख्यौँ । त्यसमा राल्फाहरूको अलिकति आलोचना पनि थियो । राल्फाहरूका संगीत मीठा छन्, गीतहरू सुन्नमा राम्रा छन्, जागरणमुखी छन्, जनताको पक्षमा छन् तर राजनीतिक धार छैन । यही कुरा लव प्रधानहरूसँग हामीले सल्लाह गरेका थियौँ । त्यहाँ डी. आर. आचार्य हेडमास्टर हुनुहुन्थ्यो । हामीले पनि एउटा अभियान अगाडि बढाउन खोज्यौँ । गीत रचना के हो थाहा थिएन तर गीत रचनाको बाढी चलायौँ । कुन गीत भयो, कुन गीत भएन, कसरी गाउने हो थाहा थिएन तर गाउने कुराको पनि बाढी चलायौँ । के गाइयो गाइयो, तर पनि गाइयो ।

राल्फाले त्यसबेला साहित्यभन्दा बढी गीतमा अभियान केन्द्रित गरेको थियो । त्यतिबेलासम्म हाम्रा लागि रामेश, मञ्जुल र रायनका नामहरू अत्यन्तै प्रिय बनिसकेका थिए । पछि कहिले भँगालो फाट्ने, कहिले जुट्ने पनि भयो होला ।

म तीस सालमा जेल परेँ, हाम्रो आन्दोलन दबाइयो । अघि गाएको गीतजस्तै 'हामी जित्ने छौँ एकदिन' भन्ने हाम्रो विश्वास घटेन । आज म रामेश, मञ्जुल, रायनजस्ता व्यक्तित्वलाई अभिनन्दन गर्न चाहन्छु । उहाँहरूलाई भन्न चाहन्छु - तपाईँहरूले उहिले गाउनु भएको गीतले हामीलाई बल दिएको थियो । हुन त रामेशले भन्न सक्नुहुन्छ अझै जनताले ढुक्कले खान, बस्न, लगाउन पाउने अवस्था भइसकेको छैन । म उहाँलाई भन्न चाहन्छु - जित्ने बित्तिकै परिवर्तन भइहाल्दैन । मैले भन्ने गरेको छु - स्वस्थानी व्रत कथामा जस्तो छाप्रो यसो उघारेर हेर्दा परतिर महल बनिसकेको हुँदैन । तपाईँहरूले हामी जित्ने छौँ एकदिन भनेको साकार भएको छ, तपाईँहरूले जित्नुभएको छ । तपाईँहरूले जागरणका गीत गाउनुभयो । नेपाल जागेको छ । जातजातमा फुटाउन खोज्नेहरूलाई तपाईँहरूले पराजित गर्नुभएको छ । तपाईँहरूका गीतले भाषाका नाममा,

भेषका नाममा, भूगोलका नाममा फुटाउन खोज्नेहरूलाई जितेका छन् । तपाईँहरूले राष्ट्रिय एकता कायम गर्नुभएको छ । तपाईँहरूले संविधान बनाउन नदिनेहरूलाई जित्नुभएको छ । तपाईँहरूले गीत बनाउनु भएको थियो - माथि बढ्नेलाई तल झार्न पाइँदैन, अगाडि बढ्छु भन्नेलाई मार्न पाइँदैन भनेर । त्यही भएर हामी बाँचेका हौँ । देश जागेको थियो र तपाईँहरूले जित्नुभएको छ । ती गीतहरू हाम्रा लागि साँच्चिनै प्रेरणा बनेका छन् । 'अँध्यारोमा पनि वीर हिँड्न छाड्दैन, खडेरीमा पनि फूल फुल्न छाड्दैन' भन्ने गीत सुनेर नै हामी अगाडि बढ्थ्यौँ । तिनै गीतको समेत योगदान हो - आज देशमा ठूलो परिवर्तन भएको छ ।

देशका लागि गीत गाउँदा तपाईँहरूलाई उग्रवादी भएको लेबल लगाइन्थ्यो । आज त्यो मेटिएको छ । तपाईँहरूले गाउनु भएका गीत देशका लागि सदर भएको छ । रामेश, रायन, मञ्जुलहरूले आफ्नै जीवनकालमा 'हामी जित्ने छौँ एकदिन' भन्दै गाएकामा आज हामीले जितेका छौँ भन्न सक्नुहुन्छ । परिवर्तनको शुरुआत जीतबाट हुन्छ । जनताले जितेको छ र नेपालमा परिवर्तनको शुरुआत भएको छ । श्याम तमोटले जित्नुभएको छ । उहाँले गीत बनाउनु भयो । एउटा विद्यालयको कतै कुनामा बसेर गीत बनाउनु भयो - गाउँगाउँबाट उठ । त्यतिखेर उहाँ भर्खर पढाउन थाल्नुभएको थियो । युवा शिक्षक हुनुहुन्थ्यो । उहाँले लेख्नुभयो 'गाउँगाउँबाट उठ, वस्तीवस्तीबाट उठ' । किन उठ्ने ? 'यो देशको मुहार फेर्नलाई उठ' । उठ्दामात्रै केही हुँदैन, के गरेर उठ्ने ? 'हातमा कलम हुनेहरू कलम लिएर उठ, बाजा बजाउन जान्नेहरू बाजा लिएर उठ, साथमा केही नहुनेहरू आवाज लिएर उठ' । २०३६ साल, ०४६ र ०६२/६३ सालमा जनता पटकपटक गाउँगाउँबाट उठ्यो, बस्तीबस्तीबाट उठ्यो र परिवर्तन भयो । श्याम तमोटको त्यो भावना, उहाँले रोपेको त्यो सानो विरुवा सफल र सुन्दर फूलको रूपमा आज प्रस्फुटित छ । म उहाँलाई युगीन रचनाको लागि धन्यवाद भन्न चाहन्छु ।

नेपालमा शहीद तथा अग्रजहरूले देशको निम्ति, जनताको हकअधिकारको निम्ति, अवसरका निम्ति, सुरक्षाका निम्ति, सम्मानका निम्ति, परिस्थितिमा परिवर्तन ल्याउनका निम्ति चिन्तन गर्नुभएको छ,

सोच्नुभएको छ, लेख्नुभएको छ, बोल्नुभएको छ, बलिदान गर्नुभएको छ, ज्यान दिनुभएको छ, शरीरका अंगहरू दिनुभएको छ, सुखहरू दिनुभएको छ, ऐशआराम छोड्नुभएको छ । उहाँहरूले थुप्रै कुराहरू छोडेर, थुप्रै कुराहरूको योगदान गरेकैले आज नेपाल यहाँ आइपुगेको छ । हामीले गर्व गर्नुपर्दछ । आज नेपाल गर्व गर्न लायक छ । रामेशले गाउनुभयो 'मिल्नु पर्छ' भनेर । एकथुकी सुकी, सय थुकी नदी भनेको लाखौँ करौडौँ भएपछि नदी हुन्छ । फुट्यो भने कमजोर हुन्छ, जुट्यो भने बलशाली हुन्छ, शक्तिशाली हुन्छ । त्यस कुरालाई आज हामी व्यवहारमा सफल पारिरहेका छौँ । हामी मिल्दै गएका छौँ, मिलाउँदै गएका छौँ ।

देश नयाँ चरणमा प्रवेश गरेको छ । रामेशहरूले गीत गाउन थाल्दा यस देशमा निरङ्कुश राजतन्त्र थियो । निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्था थियो । लोकतन्त्र चाहिन्छ भन्नेहरू देशमा कुल्चिएका थिए, हत्कडी लगाइएको अवस्थामा थिए । लोकतन्त्रका विरोधीहरू शासनमा थिए । जनताका अधिकारमाथि मजाक उडाउनेहरू, जनताका अधिकारका कुरा गर्दा राजकाज अपराध लगाउनेहरू, परिवर्तन चाहियो भन्दा गोली ठोक्ने र फाँसी दिनेहरू शासनमा थिए । आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा छौँ । यो परिवर्तन हुनुमा सबैको योगदान छ । सबैको योगदानले आज हामी यस ठाउँमा छौँ । संघर्षका मैदानमा लडेर आएका जनताका प्रतिनिधिहरू सरकारमा छौँ जसको आधा शताब्दीभन्दा लामो राजनीतिक इतिहास छ । हाम्रो अगाडि अब कुनै स्वार्थ छैन, हुनु हुँदैन । देशलाई सुशासन दिने र विकास गर्ने हो । यसमा म लामो व्याख्या गर्न चाहन्नँ । हामी समृद्ध नेपाल बनाएरै छोड्छौँ, सुखी नेपाली बनाएरै छोड्छौँ ।

हामी अलि कल्पनाशील पनि हुनुपर्छ । हामीले समाजलाई कस्तो बनाउने, सोच्नु पर्छ । आज हामी त्यो समाज बनाउने ठाउँमा छौँ र बनाउँछौँ । म हाम्रा कलाकार साथीहरूलाई भन्न चाहन्छु अब निराशाका गीत गाइरहनु पर्दैन । नेपाल फेरि पनि जहाँको त्यहीँ, जस्ताको तस्तै, उस्ताको उस्तै छँदैछैन । मुलुक परिवर्तनमा छ । यस देशमा जनताको सरकार छ । अब कोही भोकै पर्दैन, कोही भोकले मर्दैन, सरकारले मर्न दिँदैन । अब कोही जाडोले कठ्याङ्ग्रिएर मर्न पाउँदैन किनभने

यहाँ जनताको सरकार छ । हामी सदुपयोगको सिद्धान्तअर्न्तगत अगाडि बढ्छौँ । हामी यस देशका लागि हौँ, यो देश हामी जनताको लागि हो । विदेश गएका युवाहरूलाई हामी अहिलेको अहिल्यै लाइन लगाएर फर्काइहाल्न त सक्दैनौँ तर फर्काउने बाटो समाउँछौँ । हामी त्यो वातावरण बनाउँछौँ । केही वर्षभित्र नेपालीले रोजगारीका लागि, जीवन बाँच्नका लागि, पेट पाल्नका लागि विदेश जानुपर्ने स्थिति अन्त्य गर्छौँ । पहराको देश कहिले-कहिले इको आउँछ । पहराका फेदमा 'गाउँगाउँबाट उठ' भनेर गीत गायो भने एकछिनपछि अलिपर सुनिन्छ - उठ..उठ..उठ....। हामीले आन्दोलन, क्रान्ति, परिवर्तनका कुरा गर्‍यौँ । आन्दोलन सफल भइसक्यो । गीत गाइसकियो । अब उठ..उठ...उठको इको कताकता सुनिँदैछ । प्रतिध्वनि पनि हुनसक्छ अथवा अरू कुनै उद्देश्य । त्यसमा म जान्न । इको हो भने शान्त हुन्छ । अरू गलत उद्देश्य छन् भने शान्त पार्नुपर्छ । तर अब नेपाल शान्त हुन्छ, शान्त पार्नुपर्छ ।

म कलाकारिता, साहित्य, गायन वा बाद्यवादनको क्षेत्रमा लागेर जनता जगाउँदै हिँड्ने, देश जगाउँदै हिँड्ने, भ्रम भगाउँदै हिँड्ने, त्रास भगाउँदै हिँड्ने वरिष्ठ जनगायक रामेशलाई हृदयदेखि नै अभिनन्दन गर्न चाहन्छु । आजको यस अवसरमा उहाँसँगै सम्पूर्ण जनकलाकारहरूलाई अभिनन्दन गर्दछु । अभिनन्दन होस् त यस्तो होस् जहाँ अभिनन्दन पनि गर्न पाइयो, गीत सुन्न पनि पाइयो र हौसला पनि पाइयो । कति राम्रो संयोजन ! जनगायक रामेशले देशलाई अझ ठूल्ठूला गुनहरू लगाउने आशा मैले गरेको छु । उहाँलाई धेरैधेरै शुभकामना ।

हिजो बेग्लै कारणले उठ्नु परेको थियो । आज बेग्लै कारणले उठ्नु परेको छ । तर हामी सधैँ उठ्नुपर्छ, सधैँ जाग्नुपर्छ । जोसँग जे छ त्यही लिएर अगाडि बढ्नुपर्छ । राष्ट्र निर्माणको यस महाअभियानमा सबै लाग्नुपर्छ । अब देश नयाँ चरणमा प्रवेश गरेको छ । देश बनाउन सबै उठ्नुपर्छ ।

●

जेठ २९, २०७५

सन्दर्भ : जनगायक रामेशको एकल गायन

यस प्रकाशनमा संगृहीत विचारमा तीन महत्वपूर्ण पक्षहरू छन् । पहिलो– देशलाई पछौटेपनबाट विकासतिर लैजाने प्रधानमन्त्रीको विचार र संकल्प । दोश्रो– उहाँका शब्द मुद्रामार्फत प्रस्तुत दर्शक/श्रोताको मनस्थिति । तेश्रो– समाज, राजनीति र अर्थतन्त्रको समसामयिक चित्र । यसमा संगृहीत सामग्रीका दुई भिन्न आयामहरू पनि छन् । पहिलो– पछौटे, अविकसित र गरीबीले पिल्सिएको अवस्थामा रहेको देशलाई अग्रगामी, विकसित र समृद्ध बनाउने मार्गचित्र । दोश्रो– समृद्ध नेपाल, सुखी नेपालीको आधारभूत लक्ष्य प्राप्तिपछिको पुस्ताले समृद्धिको आधारभूमि अध्ययन गर्ने महत्वपूर्ण ऐतिहासिक दस्तावेज ।

Madan Bhandari Foundation
मदन भण्डारी फाउन्डेसन
काठमाडौं–८, गौशाला, नेपाल, फोनः +९७७ १ ४११३६१५
E-mail: info@mbf.org.np, www.mbf.org.np